॥ पूर्ण परमात्मने नमः॥



# ज्ञान गंगा



प्रचार प्रसार समिति
सतलोक आश्रम, हिसार-टोहाना रोड, बरवाला
जिल्ला-हिसार (हरियाणा) भारत

जगत्गुरू तत्त्वदर्शी सन्त रामपाल ज्यू
महाराजको सत्सङ्ग प्रवचनहरूबाट सङ्ग्रहीत अनमोल पुस्तक

# ज्ञान गंगा




धर्मार्थ मूल्य केवलः ने. रू. १५।-/भा. रू. १०।-

**प्रकाशक**

प्रचार प्रसार समिति
सतलोक आश्रम, हिसार-टोहाना रोड, बरवाला
जिल्ला-हिसार (हरियाणा) भारत
नेपालका लागि सम्पर्क मोबाइल नम्बरहरू
(+977) 9851189380, 9851189381, 9851189382
9851189383, 9851189384

**सतलोक आश्रम**
**सतलोक आश्रम, हिसार-टोहाना रोड, बरवाला,**
जिल्ला-हिसार (हरियाणा) भारत
भारतका लागि सम्पर्क मोबाइल नम्बरहरू
Ph. No. (+91) 8222880541, 8222880542, 8222880543,
8222880544, 8222880545

visit us at : www.jagatgururampalji.org
e-mail : jagatgururamapalji@yahoo.com

# विषयसूची


१. भक्ति मर्यादा : प्रस्तावना १-२०
- कुन रामको नाम जप्नु पर्छ ? ६
- नाम (दीक्षा) लिने व्यक्तिहरूका लागि आवश्यक जानकारी ८

२. सृष्टि रचना २१-७४
- आत्माहरू कालको जालमा कसरी फसे? २३
- श्री ब्रह्मा जी, श्री विष्णु जी र श्री शिव जीको उत्पत्ति २७
- तीन गुणहरू के हुन्? प्रमाण सहित ३०
- ब्रह्म (काल) को अव्यक्त रहने प्रतिज्ञा ३१
- आफ्नो बुबा (काल/ब्रह्म) लाई भेट्ने ब्रह्माको प्रयत्न ३३
- आमा (दुर्गा) ले ब्रह्मालाई श्राप दिनु ३४
- आफ्नो बुबा ब्रह्मलाई खोज्न विष्णु निस्कनु र आमाको आशिर्वाद पाउनु ३५
- परब्रह्मका सात शंख ब्रह्माण्डहरूको स्थापना ४२
- पवित्र अथर्ववेदमा सृष्टि रचनाको प्रमाण ४३
- पवित्र ऋग्वेदमा सृष्टि रचनाको प्रमाण ४८
- पवित्र श्रीमद्देवी महापुराणमा सृष्टि रचनाको प्रमाण ५४
- पवित्र शिव महापुराणमा सृष्टि रचनाको प्रमाण ५६
- पवित्र श्रीमद्भगवत गीता जीमा सृष्टि रचनाको प्रमाण ५६
- पवित्र बाईबल तथा पवित्र कुरान शरीफमा सृष्टि रचनाको प्रमाण ५९
- पूज्य कबीर परमेश्वर (कविर् देव) जीको अमृतवाणीमा सृष्टि रचना ६१
- आदरणीय गरीबदास साहेब जीको अमृतवाणीमा सृष्टि रचनाको प्रमाण ६३
- आदरणीय नानक साहेब जीको अमृतवाणीमा सृष्टि रचनाको सङ्केत ६९
- अन्य सन्तहरूद्वारा सृष्टि रचनाको दन्त्य कथा ७३

३. को तथा कस्ता छन् कुलका मालिक? ७५-९२
- आदरणीय धर्मदास साहेब जी कबीर परमेश्वरका साक्षी ७६
- आदरणीय दादू साहेब जी कबीर परमेश्वरका साक्षी ७७
- आदरणीय मलूक दास साहेब जी कविर्देवका साक्षी ७८
- छुडानी, झज्जर जिल्ला, हरियाणाका आदरणीय गरीबदास साहेब जी कबीर परमेश्वरका साक्षी ७८
- आदरणीय नानक जी द्वारा गुरु ग्रन्थ साहेबमा कबीर परमेश्वर को प्रमाण ८०
- प्रभु कबीर जीले स्वामी रामानन्द जीलाई तत्त्वज्ञान सम्झाउनु भयो ८१

४. पवित्र शास्त्र पनि कविर्देव (कबीर परमेश्वर) को साक्षी ९३-१००

५. कवीर साहेब चारै युगमा आउनु हुन्छ १०१-११८
- सत्ययुगमा कविर्देव (कबीर साहेब) सत्सुकृत नामले प्रकट १०१
- त्रेतायुगमा कविर्देव (कबीर साहेब) मुनिन्द्र नामले प्रकट हुनु भयो १०५
- द्वापरयुगमा कविर्देव (कबीर साहेब) करूणामय नामले प्रकट हुनु भयो १०८
- कलियुगमा कबीर साहेब (कविर्देव) प्रकट हुनु भयो ११४

६. पूर्ण सन्तको पहिचान (पवित्र ग्रन्थहरूद्वारा पूर्ण सन्तको परिचय) ११९-१२७
- तीन पटकमा नाम जापको प्रमाण १२२

७. सन्त सताउनेलाई सजाय १२८-१३१

८. बाटो बिराएकाहरूलाई मार्ग विषय १३२-१५१

- प्रभु प्यासा भक्त वसन्त सिंह सैनीले मार्ग प्राप्त गर्नु १३२
- अद्भुत करिश्मा (चमत्कार) १३६
- असम्भव कार्य (अनहोनी) गर्नु भयो परमेश्वरले १३७
- प्रभुले सुन्नु भयो गरीबहरूको पुकार १३९
- भगवान् हुन् त यस्ता १४०
- लुटिने तथा पिटिनेहरूका सहारा १४१
- सन्त हुन् त यस्ता १४२
- आफ्नै भक्तलाई धर्मराजको दरबारबाट मुक्त गराउनु (छुटाउनु) १४४
- पूर्ण परमात्माले साधकलाई भयङ्कर रोगबाट मुक्त गरी आयु बढाइ दिनु हुन्छ १४५
- भक्तमती सुशीलाका आँखा निको पार्नु १४७
- तीन ताप (कष्ट) पूर्ण परमात्माले नै समाप्त गर्न सक्छन् १४८

९. कबीर साहेबको कालसँग वार्ता १५२-१५४

१०. विश्व विजेता सन्त (सन्त रामपाल जी महाराजको अध्यक्षतामा हिन्दूस्तान विश्वधर्म गुरूका रूपमा प्रतिष्ठित हुने छ) १५५-१६९
- सन्त रामपाल महाराज जीको विषयमा नास्त्रेदमसको भविष्यवाणी १५५
- सन्त रामपाल महाराज जीको समर्थनमा अन्य भविष्यवक्ताहरूको भविष्यवाणी १६१
- सन्त रामपाल जी महाराजको संक्षिप्त परिचय १६४

११. प्रमाणका लागि फोटोकपी हेरौं १७०-१८५

१२. यथार्थ ज्ञान प्रकाश (परमेश्वरको विषयमा शास्त्रले के भन्छ?) १८६-२७१
- पवित्र गीता जीको ज्ञान कसले भनेका हुन्? १८७
- श्रीमद्भगवत् गीतासार १९५
- तीन गुणहरू के हुन्? प्रमाण सहित २०१
- पुराणका वाक्यहरूको सार २०३
- त्रिगुण मायाले जीवलाई मुक्त हुन दिँदैनन् २०३
- अन्य देवताहरू (रजगुण-ब्रह्मा, सतगुण-विष्णु र तमगुण-शिव) को पूजा अज्ञानीले नै गर्छन् २०७
- पवित्र चारै वेदअनुसार साधनाको परिणाम केवल स्वर्ग-महास्वर्ग प्राप्ति हो, मुक्ति होइन २१०
- शास्त्रविधि विरूद्धको साधना पतनको कारण २१०
- श्राद्ध (पितृ पूजन) गर्नेहरू पितृ बन्ने छन्, मुक्ति हुँदैनन् २११
- तत्त्वज्ञान प्राप्ति पश्चात् नै भक्ति प्रारम्भ हुन्छ २१६
- गीता ज्ञानदाता ब्रह्मको इष्ट (पूज्यदेव) पूर्णब्रह्म हुन् २१७
- ब्रह्मका साधकले ब्रह्म तथा पूर्णब्रह्मका साधकले पूर्णब्रह्म नै प्राप्त पाउँछन् २१८
- ब्रह्म (क्षर पुरूष) को साधना अनुत्तम (घटिया) हो २१९
- शङ्का समाधान २२२
- गद्दी तथा महन्त परम्पराको जानकारी २२३
- पवित्र तीर्थ तथा धामको जानकारी २२५
- स्वर्गको परिभाषा के हो? २३४
- गीता ज्ञानदाता ब्रह्म (काल) को उत्पत्तिको सङ्केत २४१
- कबीर साहेबद्वारा विभीषण तथा मन्दोदरीलाई शरणमा लिनु २४४
- द्वापर युगमा इन्द्रमतीलाई शरणमा लिनु २४७
- पवित्र पुराणहरूको रहस्य २५२

१३. शास्त्रार्थ विषय २७२-२८९

१४. बाटो बिराएकाहरूलाई सतमार्ग २८९-३१६

# भूमिका

अनादि कालदेखि नै मानव परम शान्ति, सुख तथा अमृत्वको खोजमा आफ्नो सामर्थ्य अनुसार प्रयत्न गर्दै आइ रहेको छ तर उसलाई आफ्नो चाहना तथा इच्छा प्राप्त गर्ने मार्गबारे पूर्ण ज्ञान नभएकाले उसको यो चाहना कहिल्यै पूर्ण हुन पाएको छैन। कुनै काम गर्न नपरोस्, खान स्वादिष्ट भोजन मिलोस्, लगाउन सुन्दर वस्त्रहरू मिलून्, बस्नका लागि आलिशान घर होस्, घुम्नका लागि सुन्दर पार्क होस्, मनोरञ्जनका लागि सुमधुर सङ्गीत होस्, नाचौं-गाऔं, खेलौं-कुदौं मोज-मस्ती गरौं र कहिल्यै बिरामी नपरियोस्, बूढो नभइयोस् र कहिल्यै मृत्यु नहोस् आदि-आदि सबै प्राणीहरू चाहन्छन् तर हामी रहेको संसारमा न त यस्तो कहीँ देखिन्छ, न त यो सम्भव नै छ किनकि यो लोक नाशवान् छ। यस लोकका हरेक वस्तु नाशवान् छन्। यस लोकका राजा ब्रह्म काल हुन् जसले एक लाख मानव सूक्ष्म शरीर खान्छन्। उनले सबै प्राणीहरूलाई कर्म-भ्रम तथा पाप-पुण्य रूपी जालोमा अल्झाएर तीन लोकको पिँजरामा कैद गरेका छन्। कबीर साहेब भन्नु हुन्छ -

कबीर, तिन लोक पिंजरा भया, पाप-पुण्य दो जाल ।
सभी जीव भोजन भये, एक खाने वाला काल।।
गरीब, एक पापी एक पुन्यी आया, एक है सूम दलेल रे।
बिना भजन कोई काम नहीं आवै, सब है जम की जेल रे।।

उनी कुनै प्राणी यस पिंजरारूपी कैदबाट बाहिर निस्कोस् भन्ने चाहँदैन । उनी जीव आत्मालाई आफ्नो निज घर सतलोक हो भन्ने कुरा थाहा होस् भन्ने पनि चाहँदैनन्। त्यसैले उनले आफ्नो त्रिगुणी मायाले हरेक जीवनलाई भ्रमित तुल्याएका छन्। फेरि मानवलाई उपरोक्त चाहना कहाँबाट उत्पन्न भएको हो? यहाँ यस्तो केही पनि छैन। यहाँ हामी सबैले मर्नु पर्छ, सबै दुःखी तथा अशान्त छन्। हामीले यहाँ प्राप्त गर्न चाहेको स्थितिमा नै आफ्नो निजीघर सतलोकमा रहेका थियौं। काल ब्रह्मको लोकमा स्वेच्छाले आएर फस्यौं र आफ्नो निजी घरको बाटो भुल्यौं ! कबीर साहेब भन्नु हुन्छ :-

इच्छा रूपी खेलन आया, तातैं सुख सागर नहीं पाया ।

काल ब्रह्मको लोकमा शान्ति तथा सुखको नाम निशान पनि छैन। त्रिगुणी मायाबाट उत्पन्न काम, क्रोध, लोभ, मोह, अहङ्कार, राग-द्वेष, हर्ष-शोक, नाफा-नोक्सान, मान-सम्मानरूपी अवगुणले जीवलाई हैरान (व्याकुल) बनाएको छ। यहाँ एउटा जीवले अर्को जीवलाई मारेर खान्छ, शोषण गर्छ, इज्जत लुट्छ, धन लुट्छ, शान्ति खोस्छ। यहाँ चारैतिर आगो लागेको छ। यदि तपाईं शान्तसँग रहन चाहनु हुन्छ भने पनि अर्कोले तपाईंलाई शान्तसँग रहन दिदैन । तपाईंले चाहनु हुन्न तर चोरले चोरी गरेर लैजान्छ, डाकुले डकैती गरेर लैजान्छ, दुर्घटना घट्दछ, किसानको खेती बिग्रन्छ, व्यापारीको व्यापार ठप्प हुन्छ, राजाको राज्य खोसिन्छ, स्वस्थ शरीरमा रोग लाग्छ अर्थात् यहाँ कुनै पनि कुरा सुरक्षित छैनन्। राजाहरूको राज्य, इज्जतदारको इज्जत, धनवान्को धन, शक्तिवान्को शक्ति र यहाँसम्म कि सबैको शरीर पनि अचानक खोसिन्छ। आमाबुबाका अगाडि जवान छोराछोरी मर्छन् । दुध पिउँदै गरेको बच्चालाई

रूँदै कराँउदैको अवस्थामा छोडेर आमाबुबा मर्छन्। जवान बहिनी विधवा भएर पहाड समान दुःख भोग्न बाध्य हुन्छे। विचार गरौं, के यो स्थान बस्न लायक छ त? तर हामी विवशताका साथ यहाँ बसि रहेका छौं किनकि यो दुःखको पिंजराबाट बाहिर निस्कने कुनै मार्ग देखिदैन। हामी अरूलाई दुःखी बनाउन तथा दुःख सहन अभ्यस्त भइ सकेका छौं किनभने हामीले आफ्नो निजी घरलाई बिर्सि सकेका छौं। त्यो परम शान्ति तथा सुख यहाँ नभएर निजी घर सतलोकमा छ, जहाँ न जन्म छ न मृत्यु, न बुढ्यौली, न दुःख, न कुनै झै-झगडा छ, न कुनै रोग, न पैसाको लेनदेन, न बिजुलीको बिल तिर्नु, न कुनै मनोरञ्जनको साधन किन्नु छ। त्यहाँ सबै चिज परमात्माद्वारा निःशुल्क र अखण्ड रूपमा पाइन्छ। बन्दी छोड गरीबदास जी को वाणीमा यसको प्रणाम छ :-

बिन ही मुख सारंग राग सुन, बिन ही तंती तार। बिना सुर अलगोजे बजैं, नगर नांच घुमार।।
घण्टा बाजे ताल नग, मंजीरे डफ झांझ। मूरली मधुर सुहावनी, निसबासर और सांझ।।
बीन बिहंगम बाजहिं, तरक तम्बूरे तीर। राग खण्ड नही होत हैं, बंध्या रहत समीर।।
तरक नहीं तोरा नही, नांही कशीस कबाब। अमृत प्याले मध पीवैं, ज्यों भाटी चवैं शराब,।।
मतवाले मस्तानपुर, गली -२ गुलजार। संख शराबी फिरत हैं, चलो तास बजार।।
संख-संख पत्नी नाचैं, गावैं शब्द सुभान। चंद्र बदन सूरजमुखी, नांही मान गुमान।।
संख हिंडोले नूर नग, झूलैं संत हजूर। तख्त धनी के पास कर, ऐसा मुलक जहुर।।
नदी नाव नाले बगैं, छूटैं फुहारे सुन्न। भरे होद सरवर सदा, नहीं पाप नहीं पुण्य।।
ना कोई भिक्षुक दान दे, ना कोई हार व्यवहार। ना कोई जन्मे मरे, ऐसा देश हमार।।

जहां संखों लहर मेहर की उपजैं, कहर जहां नहीं कोई।
दासगरीब अचल अविनाशी, सुख का सागर सोई।।

सतलोकमा केवल एक रस परम शान्ति र सुख छ। हामी सतलोक नगए सम्म परम शान्ति, सुख र अमृत्व प्राप्त गर्न सक्दैनौं। हामीले पूर्ण सन्तबाट उपदेश लिएर पूर्ण परमात्माको भक्ति आजीवन गरेमा मात्र सतलोकमा जान सम्भव छ। यस पुस्तकको माध्यमबाट दिने सन्देशमा कुनै देवीदेवता तथा धर्मको निन्दा छैन। सम्पूर्ण पवित्र धर्मग्रन्थहरूमा लुकेर रहेका गुढ रहस्य उजागर गरेर यथार्थ भक्ति मार्ग बताउन चाहेको छु, जुन वर्तमान समयका सन्त, महन्त तथा आचार्य, गुरू महोदयहरूले ग्रन्थहरूमा लुकेका गुढ रहस्यहरू थाहा पाउन सकेनन्। कबीर साहेब आफ्नो वाणीमा भन्नु हुन्छ :

वेद कतेब झूठे ना भाई, झूठे हैं सो समझे नांही !

जसकारणले भक्त समाजको धेरै हानी भइ रहेछ। सबै आफ्नो अनुमान तथा झूठागुरूद्वारा बताइएको शास्त्र विरूद्ध साधना गर्दछन्। जसबाट मानसिक शान्ति, शारीरिक सुख, घर तथा कारोबारमा लाभ, परमेश्वरको साक्षात्कार एवं मोक्ष केही पनि प्राप्त हुदैन। यी सब सुख कसरी प्राप्त हुन्छ तथा यो जान्नका लागि म को हूँ? कहाँबाट आएको हूँ? किन जन्म लिन्छु? किन मृत्यु हुन्छ? किन दुःख भोग्छु? आखिर यी सब कसले गराउँदै छ? परमेश्वर को हुन्? कस्ता छन्? कहाँ छन्? तथा कसरी प्राप्त हुन्छन्? ब्रह्मा विष्णु र शिवका मातापिता को हुन्? कसरी काल ब्रह्मको जेलबाट छुट्कारा पाएर आफ्नो निजीघर (सतलोक) मा फर्केर जान सकिन्छ? यी सब यस

पुस्तकको माध्यमबाट दर्साइएको छ। त्यसैले यसलाई पढेर आम भक्तात्माको कल्याण सम्भव हुन सकोस्। यो पुस्तक सतगुरू रामपाल जी महाराजको प्रवचनहरूको सङ्ग्रह हो जुन तथ्यमा आधारित छ। जुन पाठकवर्गले रूचि तथा निष्पक्ष भावले पढेर अनुशरण गर्ने छन् भन्ने कुरामा हामीलाई पूर्ण विश्वास छ र उसको कल्याण सम्भव छ।

आत्म प्राण उद्धार ही, ऐसा धर्म नही और। कोटि अश्वमेघ यज्ञ, सकल समाना भौर।।

जीव उद्धार परम पुण्य, ऐसा कर्म नही और । मरूस्थल के मृग ज्यों, सब मर गये दौर-दौर ।।

भावार्थ : यदि एउटा आत्मालाई सद्भक्ति मार्गमा लगाएर उसको आत्म कल्याण गराइ दिएमा करोड अश्वमेघ यज्ञ बराबरको फल मिल्छ। यस बराबरको कुनै धर्म पनि हुँदैन। जीवात्माको उद्धारको लागि गरिएको कार्य अर्थात् सेवाभन्दा श्रेष्ठ कार्य कुनै हुँदैन। आफ्नो पेटको लागि त पशु-पक्षी पनि दिनभर घुमि रहन्छन् । परमार्थको कार्य नगर्ने व्यक्ति पनि त्यस्तै हो । जीव कल्याणको लागि गरिने कर्म सर्वश्रेष्ठ सेवा हो । जीव कल्याणको काम नगरेर सम्पूर्ण मानव मरूभूमिको मृग जसरी दगुर्दै मर्छन् । जसले केही पर पानी देख्छ र ऊ त्यहाँ दौडेर जान्छ तर त्यहाँ पानी हुदैन, जमिन मात्र हुन्छ। फेरि केही पर पानी देखिन्छ, अन्तमा तिर्खाले त्यस हरिणको मृत्यु हुन्छ। ठिक यसरी नै जो प्राणी यस काल लोकमा छन् ती त्यस मृगको जस्तो सुखको आशा गर्दछन्। जस्तो निसन्तान सन्तान भएपछि सुखी हुन्छ भन्ने सोच्छ। सन्तान भएकासँग सोध्यो भने उनीहरूको अनेकौं समस्याहरू सुन्न पाइन्छ। निर्धन व्यक्ति पर्याप्त धन भयो भने सुखी हुन्छु भनेर सोच्दछ तर जब धनीहरूको कुशल मङ्गल बुझ्न प्रश्न गऱ्यो भने थुप्रै समस्याहरू सुन्न पाइन्छ। कोही राज्य प्राप्तिलाई सुख मान्छन्, यो उसको महाभूल हो। राजा (मन्त्री, मुख्य मन्त्री, प्रधानमन्त्री, राष्ट्रपति) लाई सपनामा पनि सुख हुँदैन। जस्तो चार पाँच जना पारिवारिक सदस्य भएका परिवारको मूलीलाई आफ्नो परिवारको व्यवस्था मिलाउन कति गाह्रो हुन्छ। राजा त कुनै ठाउँ (क्षेत्र) को मुखिया हुन् । त्यसको व्यवस्थापनमा सुख सपनामा पनि हुँदैन। राजाहरू रक्सी पिएर केही दुःख बिर्सन्छन्। माया जम्मा गर्नका लागि जनताबाट कर लिन्छन्। अनि पछिल्लो जन्महरूमा जुन राजाले सत्य भक्ति गर्दैनन् ऊ पशु योनीहरूमा जन्मेर प्रत्येक व्यक्तिबाट असुलेको कर पशु बनेर फिर्ता गर्छन्। जो व्यक्ति मनमुखी भएर तथा झुट्टा गुरूहरूबाट दीक्षित भएर भक्ति तथा धर्म गर्छन्। उनीहरू भविष्यमा सुख हुन्छन् भन्ने सोच्छन् तर यसका विपरित दुःख नै प्राप्त हुन्छन्। कबीर साहेब भन्नु हुन्छ : मेरो यो ज्ञान यस्तो छ कि यदि ज्ञानी पुरूष हो भने उसले यो सुनेर हृदयमा स्थान दिन्छ अर्थात् ग्रहण गर्छ र मूर्ख हो भने यो उसको बुद्धि-विवेकभन्दा बाहिर हुन्छ।

कबीर, ज्ञानी हो तो ह्रदय लगाई, मूर्ख हो तो गम ना पाई।

विस्तृत जानकारीका निमित्त कृपया यसै पुस्तक "ज्ञान गंगा" मा प्रवेश गर्नु होस्। यो पुस्तक पढेर सुप्रिम कोर्टका वरिष्ठ अधिवक्ता श्री सुरेश चन्द्रले यस पुस्तकको नाम त "ज्ञान सागर" हुनु पर्छ भनेका थिए।

# कलियुगमा सत्ययुग

(सन्त रामपाल जीको सत्सङ्ग वचनहरूबाट उद्धृत)

सत्ययुग त्यस समयलाई भनिन्छ जुन युगमा अधर्म हुदैन, शान्ति हुन्छ, पिताभन्दा पहिले पुत्रको मृत्यु हुँदैन, स्त्री विधवा हुदैनन्, रोग रहित शरीर हुन्छ, सम्पूर्ण मानवले भक्ति गर्दछन् तथा परमात्मासँग डराउने खालका हुन्छन् किनकि तिनीहरु आध्यात्मिक ज्ञानको सम्पूर्ण कर्मसँग परिचित हुन्छन्। मन, वचन, कर्मले कसैलाई पीडा दिदैनन् र दुराचारी हुँदैनन्। जति-सति, स्त्री पुरूष हुन्छन्। वृक्षहरूको आधिक्यता हुन्छ। सम्पूर्ण मासिनहरु वेदको आधारमा भक्ति गर्छन्। अहिले कलियुग छ। यस युगमा अधर्म बढि सकेको छ। कलियुगमा मानवको भक्तिप्रति आस्था कम हुन्छ या त भक्ति नै गर्दैनन् यदि गरे भने पनि शास्त्रविधि त्यागेर मनोमानी रूपमा भक्ति गर्छन्। जुन श्रीमद्भगवत् गीता अध्याय १६ श्लोक २३-२४ मा निषेध छ। जसकारणले परमात्माबाट प्राप्त हुने लाभ प्राप्त हुँदैन। त्यसैले अधिकतम् मानिसहरु नास्तिक हुन्छन्। धनी बन्नका लागि घुस, चोरी, डकैतीलाई माध्यम बनाउँछन्। तर यो तरिका वा विधि धन लाभको लागि नभएकाले परमात्माको दोषी हुन्छन् तथा प्राकृतिक कष्टहरूको सामना गर्छन्। भाग्यभन्दा अधिक प्राप्त हुँदैन भन्ने परमेश्वरको विधान मानवले भुल्छन्। यदि अन्य गैरकानुनी तरिकाले धन कमाउँदा वा जम्मा गर्दा त्यो रहँदैन।

जस्तो एउटा व्यक्ति आफ्नो पुत्रलाई सुखी देख्नका लागि अवैध तरिकाले सम्पत्ति जम्मा गर्थ्यो। केही दिन पश्चात् उसको पुत्रको दुबै किड्नी खराब भयो। जसो तसो गरेर किड्नी फेर्‍यो, तीनलाख खर्च भयो। जुन सम्पत्ति अवैध रूपमा जम्मा गरेको थियो ती सब खर्च भयो र केही रुपियाँ ऋण लाग्यो। अनि छोराको विवाह गर्‍यो। ६ महिना पछि बस दुर्घटनामा एक्लो छोराको मृत्यु भयो। त्यसपछि न छोरो रह्यो न त अवैध रूपमा आर्जित धन नै। बाँकी के रह्यो त? अवैध रूपमा धन आर्जित गर्दाको पाप, जुन अहिले बाँकी छ, त्यसको भोग गर्नका लागि ज-जसबाट धन अवैध रूपमा लिएको थियो उनीहरूको पशु (गधा, गोरू, गाई आदि) बनेर पूरा गर्ने छ। तर परम अक्षर ब्रह्मको शास्त्रानुकूल साधना गर्ने भक्तको भाग्य परमेश्वरले बदलि दिनु हुन्छ किनकि परमेश्वरको गुणमा परमात्माले निर्धनलाई धनवान बनाइ दिनु हुन्छ भनेर लेखिएको छ।

सत्ययुगमा कुनै पनि प्राणीले मासु, सूर्ती, मदिरा आदिको सेवन गर्दैनन् किनकि तिनीहरु यसबाट हुने पापसँग परिचित रहन्छन्।

- मासु खानु पाप हो? एक समय एक जना सन्त आफ्ना शिष्यसँगै कहीँ गइ रहेका थिए। त्यहाँ एउटा माझी पोखरीमा माछा मारि रहेको थियो। माछाहरु पानी बाहिर तड्पी तड्पी प्राण त्यागि रहेका थिए। शिष्यले सोधे, "हे गुरूदेव ! यस अपराधी प्राणीले के सजाय पाउने छ?" गुरूले पुत्र समय आएपछि सबै बताउने छु भने। चार-पाँच वर्ष पश्चात दुवै गुरू र शिष्य कहीँ जान जङ्गलको बाटो हुँदै गइ रहेका थिए। त्यहाँ एउटा हात्तिको बच्चा कराइ रहेको थियो। उफ्रदै खेल्दा हात्तिको बच्चा दुई नजिक रहेको रूखको बीचमा फँस्यो र बल्ल तल्ल निस्क्यो तर निस्कन प्रयास गर्दा उसको शरीरको छाला खुइलेको तथा शरीरमा घाउ भएको थियो। उसको शरीरभरी औँसा (किरा) हिँडि रहेका थिए। ती किराहरूले

त्यस हात्तिको बच्चालाई लुछि रहेका थिए। त्यो हात्तिको बच्चा नराम्रोसँग कराइ रहेको थियो। शिष्यले गुरूसँग हे गुरूदेव यस प्राणीले कुन पापको दण्ड भोगि रहेको छ भनेर सोधे। गुरूदेवले भने पुत्र यो त्यही माझी हो जो त्यस शहर बाहिरको पोखरीबाट माछा निकालि रहेको थियो।

- मदिरा (रक्सी) पिउनु कति पाप हो? रक्सी पिउनेले सत्तरी जन्मसम्म कुकुरको जीवन भोग्नु पर्छ। मल-मुत्र खाँदै पिउँदै हिड्छ। अन्य धेरै कष्टहरु भोग्नु पर्छ तथा रक्सीले शरीरमा पनि धेरै हानी गर्छ। शरीरका चार महत्वपूर्ण अङ्ग हुन्छन्। रक्सी पिएर मानिस, मानिस नरही पशुतूल्य गतिविधि गर्न थाल्दछ जस्तोः फोहरमा लड्नु, कपडामा दिशा-पिशाव गर्नु तथा छाड्नु। धनहानी, मानहानी, घरमा अशान्ति आदि सब मदिरापानको कारणले हुन्छ। मदिरा सत्ययुगमा प्रयोग हुँदैनथ्यो। सत्ययुगमा सम्पूर्ण मानव परमात्माको विधानसँग परिचित हुन्छन्, जसकारणले सुखको जीवन व्यतित गर्छन्।

  गरीबः मदिरा पीवै कडवा पानी, सत्तर जन्म स्वान के जानी।

- दुराचार गर्नु कति पाप हो?

  पर द्वारा स्त्री का खोलै, सत्तर जन्म अन्धा हो डोलै।

  जो व्यक्ति कुनै परस्त्रीका साथ दुष्कर्म गर्दछ भने उसले सत्तरी वर्षसम्म अन्धाको जीवन भोग्दछ भनेर पूज्य कबीर परमेश्वर जीले बताउनु भएको छ। बुद्धिमान व्यक्तिले यस्तो दुःख तथा सङ्कट अङ्गाल्दैन। आत्मसात् गर्दैन। मूर्खले मात्र यस्तो कार्य गर्छ। जस्तो आगोमा हात हाल्नुको अर्थ मृत्युलाई अङ्गाल्नु हो। जस्तो कुनै व्यक्तिले अरूको खेतमा बिऊ छर्दछ वा रोप्छ भने त्यो मूर्ख हो। बुद्धिमान व्यक्तिले कहिल्यै यसो गर्न सक्दैन। वेश्यागमनलाई धुलो तथा फोहरमैलामा गहुँको बहुमूल्य बिउको थैला भरेर राखेर आएको जस्तो सम्झनु पर्छ। यस्तो कार्य बुद्धिमान व्यक्तिले गर्न सक्दैन। यो त महामूर्ख तथा निर्लज्ज जँड्याहाले अर्थात् घंड (लट्ठक, घामड) व्यक्तिले मात्र गर्दछ। विशेष विचारणीय विषय यो हो कि जुन पदार्थ शरीरबाट नाश भएर आनन्दको अनुभव गराउँछ। यदि त्यस तत्वलाई शरीरमा नै सुरक्षित राख्ने हो भने कति आनन्द दिन्छ? दीर्घायु, स्वस्थ शरीर, स्वस्थ मस्तिष्क, शूरवीरता तथा स्फूर्ति प्रदान गर्दछ। जुन पदार्थबाट अनमोल बच्चा प्राप्त हुन्छ, त्यसको नाश गर्नु बच्चाको हत्या गर्नु तूल्य हो। यसैले दुराचार तथा अनावश्यक भोगविलास निषेध छ।

- सूर्ति सेवन कति पाप हो? परमेश्वर कबीर जीले भन्नु भएको छः

  सुरापान मद्य मांसाहारी, गमन करै भोगै पर नारी।<br>
  सत्तर जन्म कटत हैं शिशम्, साक्षी साहिब है जगदीशम्।।<br>
  पर द्वारा स्त्री का खोलै, सत्तर जन्म अन्धा हो डोलै।<br>
  सौ नारी जारी करै, सुरापान सौ बार।।<br>
  एक चिलम हुक्का भरे, डूबै काली धार।।

जस्तो माथि वर्णन गरिएको छ– एक पटक रक्सी पिउनेले सत्तरी जन्मसम्म कुकुरको जीवन भोग्छ। अनि मल-मुत्र खाँदै पिउँदै हिड्छ। परस्त्री गमन गर्नेले सत्तरी जन्मसम्म अन्धाको जीवन भोग्छ। मासु खाने पनि महाकष्टको भागिदार हुन्छ। उपरोक्त सम्पूर्ण पापकर्म सय-सय पटक गर्नेलाई प्राप्त हुने पाप एक पटक हुक्का पिउने अर्थात् सूर्ति सेवन गर्नेलाई सहयोग गर्नेले पनि प्राप्त गर्छ। हुक्का, सिगरेट, बिंडी या अन्य तरिकाले सूर्ति सेवन गर्नेलाई कस्तो पाप लाग्छ? घोर पापको भागीदार हुने छ। सूर्ति सेवन गर्ने व्यक्तिले हुक्का या बिंडी, सिगरेट पिएर फ्यालेको धुवाँले उसका स-साना बच्चाको शरीरमा प्रवेश गरेर हानी गर्छ। ती बच्चाहरु चाँडै कुलतमा फस्छन् र उनीहरुको स्वास्थ्य पनि बिग्रन्छ।

## "अवतारको परिभाषा"

'अवतार' को अर्थ हो ऊँचो (माथिल्लो) स्थानबाट निचो (तल्लो) स्थानमा उत्रनु। विशेष गरी यो शुभ शब्द ती उत्तम आत्माका लागि गरिन्छ जसले धर्तीमा केही अद्‌भुत कार्य गर्दछन्। जसलाई परमात्माद्वारा पठाइएको मानिन्छ वा स्वयम् परमात्माको नै पृथ्वीमा आगमन मानिन्छ।

श्रीमद्‌भगवत् गीता अध्याय १५ श्लोक १-४ तथा १६,१७ मा तीन पुरूष (प्रभुहरु) को बारेमा ज्ञान छ।

१. क्षर पुरूषः जसलाई ब्रह्म पनि भनिन्छ। जसको साधना ॐ नामले गरिन्छ। यसको प्रमाण गीता अध्याय ८ श्लोक १३ मा छ।

२. अक्षर पुरूषः जसलाई परब्रह्म पनि भनिन्छ। जसको साधनाको मन्त्र तत् हो, जुन साङ्केतिक छ। प्रमाण गीता अध्याय १७ श्लोक २३ मा छ।

३. उत्तम पुरूष जसलाई तूः अन्यः श्रेष्ठ पुरूष परमात्मा त उपरोक्त दुबै पुरूषहरु (क्षर पुरूष तथा अक्षर पुरूष) भन्दा अलग छन्। वहाँ परम अक्षर पुरूष हुनु हुन्छ। जसको बारेमा गीता अध्याय ८ श्लोक १ को उत्तरमा अध्याय ८ श्लोक ३ मा वहाँ परम अक्षर ब्रह्म हुनु हुन्छ भनेर बताइएको छ। उहाँको जाप मन्त्र सत् हो, जुन साङ्केतिक छ। यिनै परमेश्वरको प्राप्तिले साधकले परम शान्ति तथा सनातन परमधाम प्राप्त गर्दछ। प्रमाण गीता अध्याय १८ श्लोक ६२ मा यी परमेश्वर (परम अक्षर ब्रह्म) गीता ज्ञानदाता भन्दा भिन्न छ भनी लेखिएको छ। वृहद् ज्ञानका लागि कृपया सतलोक आश्रम बरवालामा उपलब्ध 'ज्ञान गंगा' नामक पुस्तक पढ्‌नु होस्। अवतार दुई प्रकारको हुन्छ। जस्तो माथि भनिएको छ। अब पाठक तथा श्रोता वर्गलाई मुख्य रूपमा तीन पुरूष (प्रमुखहरू) छन् भन्ने ज्ञात भयो। जसको उल्लेख माथि गरिएको छ। हाम्रा लागि मुख्य रूपमा दुई प्रभुहरुको भूमिका रहन्छ।

१. क्षर पुरूष (ब्रह्म): जसले गीता अध्याय ११ श्लोक ३२ मा स्वयम्‌लाई काल भनेका छन्।

२. परम अक्षर पुरूष (परम अक्षर ब्रह्म): जसको विषयमा गीता अध्याय ८ श्लोक ३ तथा ८, ९, १० मा, गीता अध्याय १८ श्लोक ६२ मा र अध्याय १५ श्लोक १ देखि ४ तथा १७ मा बताइको छ।

## ब्रह्म (काल) को अवतारको जानकारी

**गीता अध्याय ४ को श्लोक ७**

यदा यदा हि धर्मस्य ग्लानिर्भवति भारत।
अभ्युत्थानमधर्मस्य तदात्मानं सृजाम्यहम्॥

यदा, यदा, हि, धर्मस्य, ग्लानिः, भवति, भारत
अभ्युत्थानम्, अधर्मस्य, तदा, आत्मानम्, सृजामि, अहम्॥७॥

अनुवादः (भारत) हे भारत ! (यदा, यदा) जब-जब (धर्मस्य) धर्मको (ग्लानिः) हानि र (अधर्मस्य) अधर्मको (अभ्युत्थानम्) वृद्धि (भवति) हुन्छ (तदा) तब-तब (हि) नै (अहम्) म (आत्मानम्) आफ्नो अंश अवतार (सृजामि) रचना गर्छु अर्थात् उत्पन्न गर्छु।

जस्तो श्रीमद्भगवत् गीता अध्याय ४ श्लोक ७ मा गीता ज्ञानदाताले भनेका छन्ः जब जब धर्ममा घृणा उत्पन्न हुन्छ, धर्मको हानी हुन्छ तथा अधर्मको वृद्धि हुन्छ तब म (काल = ब्रह्म = क्षर पुरूष) आफ्नो अंश अवतार सृजना गर्छु अर्थात् उत्पन्न गर्छु।

**जस्तो श्री रामचन्द्र जी तथा श्री कृष्ण जीलाई काल ब्रह्मले नै पृथ्वीमा उत्पन्न गरेका थिए। स्वयम् विष्णु जी पनि मानिन्छ।**

**यस अतिरिक्त अरू ८ अवतार भनिएको छ। श्री विष्णु स्वयम् आउदैनन् तर आफ्नो लोकबाट आफ्नो कृपापात्र पवित्र आत्मालाई पठाउँछन्। ती पनि अवतार कहलाउँछन्। कहीँ-कहीँ पुराणमा २५ अवतारको उल्लेख पाइन्छ। काल ब्रह्म (क्षर पुरूष) ले पठाएका अवतारले पृथ्वीमा बढेको अधर्मको विनाश अन्धाधुन्ध रूपमा संहार गरेर गर्दछ। उदाहरणः श्री रामचन्द्र, श्री परशुराम तथा श्री निःकलङ्क जी (जो कलियुगको अन्तमा आउने छन्) यी सम्पूर्ण अवतारले घोर संहार गरेर अधर्मको विनाश गर्दछन्। अधर्मीहरूलाई मारेर शान्ति स्थापित गर्ने चेष्ठा गर्दछन्। तर शान्तिको आशामा अशान्ति बढ्छ। जस्तो श्री रामचन्द्र जीले रावणलाई मार्न गरेको युद्धमा करोडौँ धर्मात्मा र अधर्मी दुबै पुरुष मारिए। बाँकी रहेका उनीहरूका पत्नी तथा स-साना बच्चाहरूको जीवन नर्क तुल्य भयो। अन्य व्यक्तिहरूले विधवाहरूलाई आफ्नो तीव्र कामवासनाको शिकार बनाए। अशान्तिका कारणले जीवन निर्वाहमा अनेकौँ समस्याहरु उत्पन्न भए। यही विधि श्री कृष्ण जी तथा श्री परशुराम जीले अपनाएका थिए। यसै विधि अनुसार दसौँ अवतार काल ब्रह्म (क्षर पुरूष) द्वारा उत्पन्न गरिने छ। उनको नाम निःकलङ्क हुने छ। उनी कलियुगको अन्तिम समयमा उत्पन्न राजा हरिश्चन्द्रको आत्मा हुने छन्। सम्भल नगरमा श्री विष्णुदत्त शर्माको घरमा जन्म हुने छ। त्यस समय सम्पूर्ण मानव अत्याचारी तथा अन्यायी हुने छन्। तिनले सबलाई मार्ने छन्। त्यस समय परमात्माको डर भएका तथा सदाचारीहरु बच्ने छन् र बाँकी सबलाई मार्ने छ। यो ब्रह्म (काल, क्षर पुरुष) को अवतारहरूको अधर्म नाश गर्ने तथा शान्ति स्थापना गर्ने विधि हो।**

## परम अक्षर ब्रह्म अर्थात् सत्यपुरूषको अवतारहरूको जानकारी

१. परम अक्षर ब्रह्म स्वयम् पृथ्वीमा प्रकट हुनु हुन्छ। वहाँ सशरीर आउनु हुन्छ। सशरीर फर्कनु हुन्छ। यो लिला ती परमेश्वरले दुई प्रकारले गर्नु हुन्छ।

(क) प्रत्येक युगमा शिशु रूप धारण गरी वनमा रहेको सरोबर (तलाउ) को कमलको फूलमा प्रकट हुनु हुन्छ। त्यहाँबाट निःसन्तान दम्पतिले उठाएर लैजान्छन्। अनि लिला गर्दै हुर्कनु हुन्छ तथा आध्यात्मिक ज्ञान प्रचार गरेर अधर्मको विनाश गर्नु हुन्छ। सरोवरको जलमा भएको कमलको फूलमा अवतरित हुनु भएको कारण परमेश्वर नारायण पनि कहलाउनु हुन्छ। नार-जल, आयण-आउने अर्थात् जलमा निवास गर्ने नारायण कहलाउनु हुन्छ।

(ख) जब चाह्यो साधु सन्त सजीव रूपमा आफ्नो सत्यलोकबाट पृथ्वीमा आउनु हुन्छ। तथा असल आत्मालाई ज्ञान दिनु हुन्छ। अनि ती पुण्य आत्माहरु पनि ज्ञान प्रचार गरेर अधर्म नाश गर्दछन्। ती पनि परमेश्वरद्वारा पठाइएका अवतार हुन्छन्।

कलियुगमा जेष्ठ शुक्ल पूर्णीमा संवत् १४५५ (सन् १३९८) का दिन कबीर परमेश्वर सत्यलोकबाट आएर काशी सहरको लहरतारा नामक सरोबरमा कमलको फूलमा विराजमान हुनु भयो। त्यहाँबाट जुलाहा (कपडा बुन्ने) निरू तथा निमाले घरमा ल्याए। शिशु रूपधारी परमेश्वर कविर्देव (कबीर परमेश्वर) ले २५ दिनसम्म केही आहार गर्नु भएन। निरू र निमा त्यस जन्ममा ब्राह्मण थिए। श्री शिव जीका पूजारी थिए। मुसलमानद्वारा जबर्जस्ती मुसलमान बनाइएकाले कपडा बुन्ने (जुलाहा) काम गरेर जीवन निर्वाह गर्थे। बच्चाको नाजुक (कमजोर) अवस्था देखेर नीमाले आफ्ना इष्टदेव शिव जीको स्मरण गरे। शिव जी साधु भेषमा आएर बालक रूपमा विराजमान कबीर परमेश्वरलाई हेरे। बालक रूपमा कबीर साहेब जीले शिव जी यिनीहरूलाई एउटा कुमारी गाई ल्याउन भन र तिम्रो आशिर्वादले दूध दिन्छ भन्नु भयो। कबीर परमेश्वरको आदेश अनुसार भगवान शिवले कुमारी गाईको कम्मरमा धाप मारे। त्यही क्षण त्यस कुमारी गाईले दूधको धारो झार्न थाल्यो। एक पवित्र (कोरा) माटोको सानो घडा तल राखियो। पात्र भरिएपछि दूध आउन बन्द भयो। त्यसैगरी हरेक दिन पात्र थुनको तल राख्नासाथ बाच्छीको थुनबाट दूध निस्कन्थ्यो। त्यो दूध कबीर जी पिउनु हुन्थ्यो। जुलाहाको घरमा हेरचाह तथा पालनपोषण भएकाले ठूलो भएपछि परमेश्वर (कबीर) ले लुगा बुन्ने काम गर्न थाल्नु भयो। आफ्ना असल आत्माहरूलाई भेटेर तत्वज्ञान सम्झाउनु भयो। आफू स्वयम्ले पनि तत्वज्ञान प्रचार गरेर अधर्म नाश गर्नु भयो। परमेश्वरले सजीव माहात्माका रूपमा भेट्नु भएकाहरूलाई सच्चखण्ड (सतलोक) मा लैजानु भयो र पुनः फर्काउनु भयो साथै आफूसँग परिचित गराएर आध्यात्मिक ज्ञान दिनु भयो। तिनीहरु उनै परमेश्वर (सत्यपुरूष) का अवतार थिए। उनीहरूले पनि परमेश्वरबाट प्राप्त ज्ञानका आधारमा अधर्म नाश गरे। ती अवतार को हो हुन्?

(१) आदरणीय धर्मदास जी, (२) आदरणीय मलूकदास जी, (३) आदरणीय नानक देव साहेब जी (सिख धर्मका प्रवर्तक), (४) आदरणीय दादू साहेब जी, (५) आदरणीय गरीबदास साहेब जी छुडानी गाउँ, जिल्ला झज्जर (हरियाणा), (६) आदरणीय घीसा दास साहेब जी खेखडा गाऊँ, मेरठ जिल्ला (उत्तर प्रदेश)।

यी सम्पूर्ण अवतार परम अक्षर ब्रह्म (सत्य पुरूष) का थिए। आफ्ना कार्य सम्पन्न गरेर गए। अधर्मको विनाश गरे। जसकारणले जनतामा धेरैसम्म विकृति विसङ्गतिको प्रभाव परेन। अहिले सन्तको कमी छैन तर शान्तिको आभाससम्म पनि छैन किनकि यी सन्तहरूको साधना शास्त्रहरु विरूद्ध छन्। जसले गर्दा समाजमा अधर्म बढि रहेछ। यी पन्थ तथा सन्तहरूले ज्ञान प्रचार गरेको सैयौं वर्ष भइ सके पनि अधर्म घट्नुको सट्टा बढ्दै गइ रहेको छ।

## वर्तमानमा सत्यपुरूषको अवतार

जुन सत्य साधना तथा तत्वज्ञानको प्रचार परमेश्वरका पहिलेका अवतार सन्तहरूले गर्ने गर्दथे, जस कारणले आपसी प्रेम थियो, एक अर्काको दुःखमा दुःखी हुन्थे, असहाय व्यक्तिलाई सहयोग गर्थे, त्यही शास्त्रविधि अनुसारको साधना र तिनै आध्यात्मिक यथार्थ ज्ञान सन्त रामपाल दास जी महाराजलाई परमेश्वर कबीर साहेब जीले प्रदान गर्नु भयो। सन् १९९७ को (मार्च) फागुन महिनाको शुक्ल प्रथमाको दिन दश बजे सजीव महात्माको रूपमा सतलोकबाट आएर सन्त रामपाल दास जी महाराजलाई सतनाम तथा सारनाम दान गर्ने आदेश दिएर अन्तर्ध्यान हुनु भयो।

सन्त रामपाल दास जी महाराज पनि आध्यात्मिक ज्ञानको माध्यमले अधर्मको विनाश गर्ने परमेश्वर (परम अक्षर ब्रह्म) का ती अवतारहरूमध्ये एक हुनु हुन्छ। अब विश्वमा शान्ति हुने छ। सम्पूर्ण धर्म तथा पन्थका मानिसहरु एक भएर आपसमा प्रेम सद्भाव बाँडेर बस्ने छन्। राजनेताहरु पनि अभिमान रहित, न्यायका पक्षपाति तथा परमात्माको डर मनमा राखी काम गर्ने खालका हुने छन्। जनताको सेवक बनेर निष्पक्ष रूपमा काम गर्ने छन्। पृथ्वीमा पुनः सत्ययुगको जस्तो स्थिति हुने छ। अहिले धर्तीमा ती अवतार सन्त रामपाल दास हुनु हुन्छ। अब घर-घरमा परमेश्वरको ज्ञानको चर्चा हुने छ। तास खेल्ने, राजनैतिक कुरा गर्ने तथा आफ्ना छोरा-बुहारीका राम्रा या नराम्रा कुरा गर्ने गाऊँ, शहर तथा पार्कहरूमा परमेश्वरको महिमाको चर्चा हुने छ। 'ज्ञान गंगा' पुस्तकमा लेखिएको ज्ञानको बारेमा विचार गर्ने छन्। परमात्माको महिमा गर्नु मात्रले पनि जीव पुण्यको भागिदार बन्दछ। अनि शास्त्र विधि अनुसार साधना गरेर जीवन सुखी बनाउने तथा आत्मकल्याण गराउने छन्। धर्तीमा कलियुगमा सत्ययुगको जस्तो समय आउने छ। सन्त रामपाल दास जी महाराज नै वर्तमानमा यथार्थ रूपमा धर्तीमा अवतार हुनु हुन्छ। विस्तृत जानकारीका लागि कृपया 'धर्तीमा अवतार' नामक पुस्तक पढ्नु होस्। (सम्पूर्ण)

## अमेरिकी महिला भविष्यवक्ता फ्लोरेन्सको महत्वपूर्ण भविष्यवाणी

अमेरिकी विश्व विख्यात भविष्यवक्ता फ्लोरेन्सले आफ्ना भविष्यवाणीहरूमा कैयौं पटक भारतको चर्चा गरेकी छिन्। "द फल अफ सेन्शेसनल कल्चर" नामक आफ्नो पुस्तकमा उनले लेखेकी छिन्– सन् २००० आउँदा नआउँदै प्राकृतिक सन्तुलन भयावह रूपमा बिग्रने छ, मानिसहरूमा आक्रोशको प्रवल भावना हुने छ। दुराचार पराकाष्टामा पुग्ने छ। पश्चिमी देशका विलासी जीवन जिउनेहरूमा निराशा, बेचैनी र अशान्ति बढ्ने छ। अतृप्त अभिलाषाहरू अझ सबल हुने छन्, जसले उनीहरूमा आपसी कटुता बढाउने छ। चारैतिर हिंसा र बर्बरताको वातावरण हुने छ। चारैतिर हाहाकार मच्चिने खालको

वातावरण हुने छ तर भारतबाट जागृत हुने एउटा नयाँ विचारधाराले यस घातक वातावरणलाई समाप्त पार्ने छ। त्यो विचारधाराले वैज्ञानिक दृष्टिबाट सामञ्जस्य र भाइचाराको महत्व सम्झाउने छ। त्यसले धर्म र विज्ञान बीच आपसमा विरोध छैन भन्ने पनि सम्झाउँने छ। आध्यात्मिकताको उच्चता र भौतिकताको खोक्रोपन सबै सामु उजागर गर्ने छ। मध्यम वर्ग त्यस विचारधाराबाट अत्यधिक प्रभावित हुने छन्। यो वर्गले समाजका सबै वर्गलाई असल समाजको निर्माणका लागि उत्प्रेरित गर्ने छ। यस विचारधाराले विश्वमा चमत्कारी परिवर्तन ल्याउने छ।

मलाई आफ्नो छैठौं अतीन्द्रियद्वारा यस विचाधारालाई जन्म दिने ती महान सन्तले भारतमा जन्म लिइ सकेका छन् भन्ने कुराको आभास भइ रहेछ। ती सन्तको आजस्वी व्यक्तित्वको प्रभावले सबलाई चमत्कृत तुल्याउने छ। उनको विचारधाराले अध्यात्मको कम हुदै गइ रहेको प्रभावलाई पुनः नयाँ स्फुर्ति प्रदान गर्ने छ। चारैतिर आध्यात्मिक वातावरण हुने छ।

सन्तका विचारधाराले प्रभावित मानिसहरू विश्व कल्याणका लागि पश्चिम तिर लाग्ने छन्। विस्तार विस्तार एशिया, युरोप र अमेरिकामा पूर्ण रूपले छाउने छ। ती सन्तको विचारधाराले सम्पूर्ण विश्व प्रभावित हुने छ र उनका चरण चिन्हमा हिड्ने छन्। पश्चिमी देशका मानिसहरूले ईसा, मुसलमानहरूले उनलाई एक सच्चा रहनुमा र एशियाका मानिसहरूले भगवानको अवतार मान्ने छन्। ती महान सन्तको विचारधाराले बौद्धिक क्रान्ति हुने छ। बुद्धिजीविहरूको मान्यता परिवर्तन हुने छन्। तिनीहरूमा ईश्वरप्रति श्रद्धा र विश्वासको मुना पलाउने छ। लोरेन्सको अनुसार ती सन्तले भारतमा जन्म लिइ सकेका छन्। उनी सन्तबाट धेरै प्रभावित थिइन्। आफ्नो एउटा अर्को पुस्तक "गोल्डेन लाइट आफ न्यू एरा" मा पनि उनले लेखेकी छिन्– "जब म ध्यानमा हुन्छु तब एउटा सन्त देख्दछु। गोरो वर्णका छन्। सेतो कपाल छ। उनको मुखमा दाऱ्ही-जुङ्गा छैन। ती सन्तको ललाटमा गजबको तेज देखिन्छ। उनको ललाटमा आकाशबाट एउटानक्षत्रको प्रकाशको किरण निरन्तर बर्सि रहन्छ। सन्तले आफ्नो कल्याणकारी विचारधारा तथा आफ्ना सच्चरित्र भएका अनुयायीहरूको प्रवल शक्तिले सम्पूर्ण विश्वमा नयाँ ज्ञानको प्रकाश फैल्याइ रहेको म देख्द छु।

ती सन्तले निरन्तर आफ्नो शक्ति बढाइ रहेछन्। उनमा प्रकृतिक परिवर्तन पनि गर्न सक्ने सामर्थ्य छ। उनले आफ्नो कार्य वैज्ञानिक ढङ्गले गर्ने छन्। उनको कृपा र प्रयत्नले मानवीय सभ्यतामा नयाँ जागृति आउने छ। विश्वका समस्त जनसमुदायमा नयाँ चेतनाको सञ्चार हुने छ। लोकशक्तिको एक नयाँ रूप उम्लेर माथि आउने छ, जसले सत्ताधारीहरूको स्वेच्छाचारिता माथि अङ्कुश लगाउने छ।"

मनोचिकित्सक तथा सम्मोहन कलाका विश्व प्रसिद्ध ज्ञाता डा. मोरे बर्सटीनको फ्लोरेन्ससँग राम्रो मित्रता थियो। एक पटक फ्लोरेन्सले उनीसँग पनि भनेकी थिइन्– "डा. त्यो समय बडो तेज गतिमा नजिक आइ रहेको छ, तब सत्ता लोलुप राजनेताहरूको तुलनामा तपाईं जस्ता समाजसेवीहरूको कुरा समाजले अधिक ध्यानपूर्वक सुन्ने छ। २१ औं शताब्दी आउँदा नआउँदै एउटा नयाँ विचाधाराले सम्पूर्ण विश्वलाई

प्रभावित तुल्याउने छ। हरेक राष्ट्रमा सच्चरित्र धार्मिक मानिसहरूको सङ्गठनले मानिसहरूको मस्तिष्कमा गढेर रहेको गलत मान्यताहरूलाई बदलि दिने छ। यो विचारधारा भारतबाट प्रस्फुटित हुने छ। त्यहींबाट पूरा विश्वमा फैलने छ। म त्यस पवित्र स्थानमा एक पटक प्रचण्ड तपस्वीलाई देखि रहेको छु। जसको तेज बडो तीव्र गतिमा फैलि रहेछ। मनुष्यमा सुतेको देवत्वलाई जगाउन तथा धर्तीलाई स्वर्ग जस्तो बनाउनका लागि ती सन्त रात-दिन प्रयत्न गरि रहेछन्।

एक पत्रकारले सन् १९६४ मा फ्लोरेन्ससँग सोधेका थिए– के त्यस दुनियाको भविष्य बताउन सक्नु हुन्छ ? जवाफमा उनले भनेकी थिइन्– सन् १९७० को शुरूवात व्यापक उथल-पुथल सँगै हुने छ। सन् १९७९-८० पछि यस्तो यस्तो भूकम्प आउने छ जसले न्यूजर्सीको केही भाग तथा युरोप र यशियाका कैयौं देशहरूका स्थान भूकम्पबाट विदीर्ण हुने छन्। केही जलमग्न हुने छन्। तृतीय विश्वयुद्धको आतङ्क सबैको दिमागमा गढ्ने छ र तिनीहरू यस युद्धको तयारी गर्न थाल्ने छन् तर भारतीय राजनेताहरू आफ्नो प्रभाव र बुद्धिले तेश्रो विश्वयुद्ध टार्न सफल हुने छन्। तेश्रो विश्वयुद्ध शुरू हुनु पूर्व भारतको शासनको बागडोर आध्यात्मिक प्रवृत्तिका मानिसहरूको हातमा हुने छ र उनीहरूको प्रभावले विश्वयुद्ध टर्ने छ। ती शासक एक महान सन्तको ओजस्वी तथा क्रान्तिकारी विचारधाराबाट प्रभावित हुने छन्। तिनीहरू ती सन्तप्रति यसरी समर्पित हुने छन्, जसरी वाशिंटन स्वतन्त्रता एवं मानवताप्रति समर्पित थिए।

अमेरिकी शहर न्यूजर्सीको बासिन्दा फ्लोरेन्स साँच्चै एक विलक्षण महिला थिइन्। एक पटक नेबेल नामको व्यक्तिले टी. भी. कार्यक्रमको क्रममा उनलाई भने– तपाईं भारतमा जन्म लिइ सकेका सन्तको बारेमा त बताइ रहनु हुन्छ। म आफ्नो बारेमा केही कुरा जान्न चाहन्छु, बताउनु होस्।

फ्लोरेन्सले उसको दाहिने हात समातेर हेरिन् र भनिन्– तपाईंले चाडै नै कुनै अर्को राज्यबाट प्रसारण गर्नु हुने छ। नेबेल एक प्रसारण सेवाका कर्मचारी थिए। फ्लोरेन्सको यो कुरा सुनेर उनी हाँस्न थाले। केही क्षण पछि भने– तपाईंले मसँग राम्रो मजाक गर्नु भयो। यदि हाम्रो कम्पनीको अधिकारीले यो कार्यक्रम हेरि रहेका छन् भने म अर्को राज्यमा जाऊँ या नजाऊँ तर म कम्पनीबाट भने तत्काल निकालिने छु।

केही मिनेट पश्चात नै टी. भी. कन्ट्रोल रूमको फोनको घण्टी बज्यो। फोन नेबेलको लागि थियो। उनका कम्पनीका जनरल म्यानेजर कुरा गर्न चाहन्थे। नेबेलले फोन उठाएपछि जनरल म्यानेजरले भने– हामीले न्यूयोर्कबाट प्रसारणको काम शुरू गर्ने निर्णय गरेका छौं र त्यहाँ तिमीलाई नै पठाउने निर्णय गरिएको छ। अहिले यो कुरा गोप्य राख्नु, यसको घोषणा भोलि गरिने छ। म टी. भी. मा फ्लोरेन्सका साथ तिम्रो कुराकानी हेरि रहेको थिएँ। फ्लोरेन्सले तिम्रो बारेमा बताएको कुरा पूर्ण रूपमा सही हो। आश्चर्यको कुरा त यो हो कि उनलाई यो कुरा कसरी थाहा भयो। नेबेल फ्लोरेन्सलाई हेरेको हेरै भए।

केही पत्रकारहरूले उनीसँग एक पटक तपाईं कसरी भविष्य देख्नु हुन्छ ? हराएका व्यक्ति या वस्तु कसरी पत्ता लगाउनु हुन्छ? भनेर सोधे। तब फ्लोरेन्सले बताइन्– "म स्वयम्लाई यी सब कसरी हुन्छ थाहा छैन। म भविष्यको विषयमा अति महत्वपूर्ण कुरा बताउँदै छु। २० औं शताव्दीको अन्तमा भारतवर्ष बाट एउटा प्रकाश निस्कने छ। यस प्रकाशले सम्पूर्ण विश्वलाई दैवी शक्तिको विषयमा जानकारी दिने छ, जुन अहिले सम्म हामी सबैका लागि रहस्यको रूपमा रहेको छ। (दैवी शक्तिको जानकारी जुन सन्त रामपाल दास जी महाराज द्वारा बताइएको छ, कृपया यसै पुस्तकको "सृष्टि रचना" पढ्नु होस्।) एक दिव्य महापुरूषद्वारा यो प्रकाश सम्पूर्ण विश्वमा फैलने छ। उनले सबैलाई सतमार्गमा चल्ने प्रेरणा दिने छन्। समस्त दुनियामा एक नयाँ सोचको ज्योति फैलने छ। जब म ध्यानावस्थामा हुन्छु, तब प्रायः ती दिव्य पुरूष म देख्दछु।"

फ्लोरेन्सले पटक-पटक यी सन्त या दिव्य पुरूषको चर्चा गरेकी छिन् साथै उत्तरी भारतवर्षको एक पवित्र स्थानमा उनी रहेका छन् भनेर बताएकी छिन्।

सज्जनहरू ! उपरोक्त भविष्यवाणी तथा वर्तमान वाणी परम सन्त रामपाल महाराजप्रति लक्षित छ तथा यसैको समर्थन अन्य भविष्यवाणीहरूले पनि गरेको छन्। जुन यसै पुस्तकमा लेखिएका छन्।

## भाई बाले वाली जन्म साखीमा प्रमाण

"भाई बाले वाली जन्म साखीमा एक महापुरूषको विषयमा प्रह्लाद भक्तको भविष्यवाणी"

भाइ बालेको जन्म साखीमा लेखिएको विवरणले सन्त रामपाल दास जी महाराज नै त्यो अवतार हुनु हुन्छ, जो परमेश्वर कबीर जी तथा सन्त नानक जी पश्चात् पंजाबको धरतीमा अवतरित हुनु थियो भन्ने कुरा स्पष्ट गर्दछ। सन्त रामपाल दास जी महाराज सन् १९५१ सेप्टेम्बर ८ मा धनाना गाउँ, सोनीपत जिल्ला, हरियाणा प्रान्त (त्यस समय पंजाब प्रान्त) भारतको पवित्र धरतीमा श्री नन्द राम जाटको घरमा जाट वर्णमा श्रीमती इन्द्रादेवीको कोखबाट जन्मनु भयो।

यस विषयमा "जन्म साखी भाई बाले वाली" हिन्दीमा जसको प्रकाशकः भाइ जवाहर सिंह कृपाल सिंह एण्ड कम्पनी पुस्तकां बाले, बाजार माई सेवा, अमृतसर (पंजाब तथा पंजाबी भाषाको प्रकाशकः भाई जवाहर सिंह कृपाल सिंह पुस्तकां वाले गल्ली– ८ बाग रामानन्द अमृतसर (पंजाब)।

यसमा लेखिएको अमरलेख यस प्रकार छः एक समय भाई बाला तथा मरदानालाई साथमा लिएर सतगुरू नानक देव जी भक्त प्रह्लाद जीको लोकमा गए। प्रह्लाद जीको लोक पृथ्वीभन्दा कैयौं लाख कोस पर अन्तरिक्षमा छ। प्रह्लादले भने– हे नानक जी! तपाईंलाई परमात्माले दिव्य दृष्टि दिनु भयो तथा कलियुगमा ठूला भक्त बनाउनु भयो। तपाईंको कलियुगमा ठूलो प्रताप हुने छ। यहाँ (प्रह्लादको लोकमा) पहिले कबीर जी आउनु भएको थियो, आज तपाईं आउनु भएको छ, अझ एक जना आउने छन् जो तपाईं दुई जस्तै महापुरूष हुने छन्। यी तीन बाहेक मेरो लोकमा अरू कोही आउन

सक्दैन। भक्त धेरै बनि सकेका छन् पछि अझ हुने छन् तर मेरो लोकमा ऊ मात्र पुग्न सक्छ जो यस्तै महिमायुक्त हुने छ अरू होइन। यसैले यी तीन अतिरिक्त यहाँ कोही आउन सक्दैनन्। मरदानाले सोधे हे प्रह्लाद जी! कबीर जुलाहा थिए, नानक जी खत्री हुन् तर ती तेस्रो कुन वर्ण (जाति) का तथा कुन धरतीमा अवतरित हुने छन्।

प्रह्लाद भक्तले भने सुनः नानक जी सच्चखण्ड गएको सयौं वर्ष पछि पंजाबको धरतीमा जाट परिवारको वर्णमा जन्म लिने छन् तथा उसको प्रचार क्षेत्र बरवाला हुने छ। (लेख समाप्त)

विवचेनाः सन्त रामपाल दास जी महाराज त्यही अवतार हुनु हुन्छ भन्ने कुरा अन्य प्रमाणहरूका साथसाथ जन्म साखीमा लेखिएको वर्णनमा पनि प्रष्ट छ। जन्म साखीमा 'सय वर्ष पश्चात' लेखिएको छ। यहाँ सयौं वर्ष पश्चात भनिएको थियो जुन कुरा पंजाबी भाषामा लेख्दा सय वर्ष लेखि दिए किनकि मरदानाले उनी कुन युगमा सामुन्ने अर्थात् नजिक आउने छन् भनेर सोधेका थिए। तब भक्त प्रह्लादले भनेका थिए— नानक जीको सयौं वर्ष पश्चात कलियुगमा नै ती सन्त जाट वर्णमा जन्म लिने छन्। यसैले यहाँ सयको स्थानमा सयौं नै न्यायोचित हुन्छ तथा प्रचार क्षेत्र बरवालाको स्थानमा बटाला लेखिएको छ। यसको दुई कारण हुन सक्छः— बरवाला शहर हिसार जिल्ला, हरियाणा (त्यस समय पंजाब) प्रान्तमा प्रसिद्ध थिएन बटाला सहर पंजाब प्रान्तमा प्रसिद्ध थियो। लेखन कर्ताले यसै कारणले बरवालाको स्थानमा बटाला लेखि दियो। दोस्रो प्रिन्ट गर्दाको **'vrvwly '** को स्थानमा **'vtwly '** प्रिन्ट भयो। एउटा अर्को पनि विचारणीय पक्ष छ कि पंजाबको बटाला सहरमा कुनै पनि जाट सन्त भएका छैनन्। जो यी महापुरूषहरू (परमेश्वर कबीर देव जी तथा श्री नानक देव जी) जस्ता महिमायुक्त तथा ज्ञानयुक्त होऊन्। यस आधार, अन्य प्रमाणका आधार तथा यस जन्म साखीका आधारमा त्यो तेस्रो महापुरूष सन्त रामपाल दास जी महाराज हुनु हुन्छ तथा उहाँको आध्यात्मिक ज्ञान पनि यी दुई महापुरूषहरू (परमेश्वर कबीर जी तथा श्री नानक देव जी) सँग मेल खान्छ। तपाईं भाइ बालेको जन्म साखीको फोटोकपी हेर्न सक्नु हुन्छ जुन एउटा पंजाबीभाषामा छ, अर्को हिन्दीमा छ। हिन्दीमा पंजाबी भाषाबाट अनुवादित गरिएको हो। यसमा केही प्रकरण सही रूपमा लेखिएको छैन। जस्तो पंजाबी भाषामा "जो इस जीहा कोई होवेगा तां एथे पहुँचेगा होर दा एथे पहुँचण दा कम नही" तर हिन्दीमा अनुवाद गरिएको जन्म साखीमा यो विवरण छैन जुन महत्त्वपूर्ण छ। यसबाट अनुवाद गर्दा केही प्रकरण परिवर्तन हुन्छ भन्ने सिद्ध हुन्छ।

विशेषः यदि कसैले जन्म साखीमा लेखिएको व्याख्या छुडानी गाउँका सन्त गरीबदास जी का लागि हुन् भन्छ भने यो उचित हुँदैन। सन्त गरीबदास जी पनि जाट जातिका थिए, छुडानी गाउँ पनि पहिले पंजाब प्रान्तमा थियो तर सन्त गरीबदास जीले आफ्नो अमृतवाणी "असुर निकंदन रमैणी" मा "सतगुरू दिल्ली मण्डल आयसी, सूती धरनी सूम जगायसी" भनेका छन्। भावार्थः— सन्त गरीबदास जीका सतगुरू पूज्य कबीर साहेब जी हुनु हुन्थ्यो। पुरानो रोहतक जिल्ला (सोनिपत, रोहतक तथा झज्जर

**मिलाएर एउटा रोहतक जिल्ला थियो) दिल्ली मण्डलमा थियो। यो कुनै राजाको अधिनमा थिएन। अंग्रेजको शासन कालमा दिल्लीको अधिनमा थियो। सन्त गरीबदास जीले सतगुरू (परमेश्वर कबीर जी) दिल्ली मण्डलमा आउनु हुने छ, भक्तिहीन प्राणीहरूलाई जगाउनु हुने छ, सत्यभक्ति गराउनु हुने छ भनेर स्पष्ट पारेका छन्।** (स्मरण रहोस् कबीर सागरमा कालका दूतहरूले मिलावट गरी सत्य नबुझी आफ्नो अड्कलबाजीले असत्य प्रमाण दिएका छन्। तिनलाई नाश गर्नका लागि परमेश्वर कबीर जीले आफ्नो अंशका अवतार सन्त गरीबदास जीद्वारा यथार्थ ज्ञान प्रचार गराउनु भएको छ। जुन सन्त गरीबदास जी को अमृतवाणी रूपमा छ। यसै कुराको पुष्टी" कबीर सागरका सम्पादक कबीर पन्थी श्री युगलानन्द बिहारी जी को त्यस टिप्पणीबाट हुन्छ, जुन उनले अनुराग सागर तथा ज्ञानसागरको भूमिकामा गरेका छन्। यसमा उनले कबीर पन्थीहरूले नै कबीर पन्थको ग्रन्थहरूको नाश गरेका छन्, आ–आफ्ना मत अनुसार फेर-बदल गरेर आफ्नो मत जोडेका छन्। मसँग अनुराग सागर तथा ज्ञान सागरका कयौं प्रतिहरू राखिएका छन् जसमध्ये एक अर्कामा मेल खादैन।)

**सन्त रामपाल दास जीको जन्म श्री नन्द राम जाटको घर मा सन् १९५१ सेप्टेम्बर ८ मा धनाना, गाउँ सोनीपत जिल्ला (त्यतिखेर रोहतक जिल्ला) मा भएको थियो। त्यतिखेर अहिलेको हरियाणा र पंजाब एउटै प्रान्त थियो। परमेश्वर कबीर जीले भन्नु भएको थियो– जब कलियुग ५५०० वर्ष बिति सकेको हुने छ, म गरीबदासको बाह्रौं पन्थमा पछि स्वयम् आउँने छु। सन्त गरीबदास जी द्वारा मेरो (कबीर परमेश्वरको) महिमाको वाणी प्रकट हुने छ तथा गरीबदासको बान्हौं पन्थ सम्मका साधकहरू मलाई आधार बनाएर वाणी सम्झने (बोध गर्ने) कोसिस गर्ने छन् तर वाणी नबुझी सतनाम तथा सारनामबाट बञ्चित रहनाले असङ्ख्य जन्मसम्म सत्यलोक प्राप्त गर्न सक्दैनन्। त्यही बान्हौं पन्थ (गरीबदास जी को पन्थ) मा म (परमेश्वर कबीर जी) नै स्वयम् हिँडेर आउने छु। तब सन्त गरीबदास जीद्वारा प्रकट गरिएको वाणीलाई म (कबीर परमेश्वर) प्रकट भएर सम्झाउने छु।**

**यसबाट जन्म साखीमा जुन जाट सन्तको विषयमा भनिएको छ, निर्विवाद रूपमा वहाँ सन्त रामपाल दास जी महाराज नै हुनु हुन्छ भन्ने सिद्ध हुन्छ। फेरि पनि हामी सन्त गरीबदास जीलाई विशेष आदर गर्दछौं किनकि उहाँले परमेश्वर कबीर जीको अमर सन्देश सुनाउनु भएको छ।**

**यदि कसैको जन्म साखीमा भनिएको कुरा दस शिख साहिबानहरू मध्यै कसैप्रतिको सङ्केत हो भनेर भ्रम उत्पन्न गर्न सक्छन्। तर यसका लागि सबैलाई स्मरण रहोस् दस सिख गुरू साहेबानहरू मध्ये कोही पनि जाट वर्णका थिएनन्। दोस्रो सिख गुरू श्री अंगद देव जी खत्री थिए। तेस्रो गुरू जी श्री अमरदास पनि खत्री थिए। चौथो गुरू जी श्री रामदास जी खत्री थिए तथा पाँचौं गुरू जी श्री अर्जुन देव जी देखि दसौं अर्थात् अन्तिम श्री गुरू गोबिन्द सिंह जीसम्म श्री गुरू रामदास जीका सन्तान सबै खत्री थिए। फेरि पनि हामी सम्पूर्ण सिख गुरू साहिबानहरूलाई विशेष आदर गर्छौं।**

**सन्त रामपाल दास जी महाराज भन्नु हुन्छ :**

जीव हमारी जाति है, मानव धर्म हमारा।
हिन्दू मुस्लिम, सिख, ईसाई, धर्म नही कोई न्यारा।।

**परमेश्वर कबीर जी भन्नु हुन्छ :**

जाति ना पुछो सन्त की, पुछ लीजिए ज्ञान। मोल करो तलवारका, पडी रहन दो म्यान।।

**कृपया प्रमाणका लागि जन्म साखी पंजाबी गुरूमुखी (पंजाबी भाषा) को फोटोकपी हेरौं तथा हिन्दी भाषाको दुबैमा सहजै वास्तविकता थाहा पाउन सकिन्छ। जन्म साखीको प्रकाशक (भाई जवाहर सिंह कृपाल सिंह अमृतसर (पंजाब) हुन्।**

**कृपया जन्म साखी भाई बाले वाली पंजाबी भाषाको पृष्ठ नं. २७२ को फोटोकपी हेर्नु होस्।**

(੨੭੨) ਸਾਖੀ ਪ੍ਰਹਿਲਾਦ ਭਗਤ ਨਾਲ ਹੋਈ

ਕਾਜ ਸਵਾਰਿਆ ॥੪॥ ਤਾਂ ਪ੍ਰਹਿਲਾਦ ਭਗਤ ਕਹਿਆ ਨਾਨਕ ਤਪਾ ਜੀ ਤੈਨੂੰ ਕਲਜੁਗ ਵਿਚ ਰਾਮ ਜੀ ਨੇ ਵਡਾ ਭਗਤ ਕੀਤਾ ਹੈ ਔਰ ਆਪਕੇ ਸੰਜੋਗ ਬਹੁਤਿਆਂ ਕਾ ਉਧਾਰ ਹੋਵੇਗਾ ਤੇਰੀ ਸੂ ਰਾਮ ਨੇ ਵਡੀ ਨਦਰ ਖੋਲੀ ਹੈ ਤੇਰਾ ਵਡਾ ਪ੍ਰਤਾਪ ਹੋਵੇਗਾ ਇਸ ਕਲਜੁਗ ਵਿਚ ਅਗੇ ਕਬੀਰ ਭਗਤ ਏਥੇ ਆਯਾ ਹੈ ਅਤੇ ਜਾਂ ਆਪਕੇ ਕਰਤਾ ਨੇ ਆਂਦਾ ਹੈ ਤਾਂ ਮਰਦਾਨੇ ਪ੍ਰਹਿਲਾਦ ਭਗਤ ਨੂੰ ਪੁਛਿਆ ਹੇ ਭਗਤ ਜੀ ਤੁਸੀਂ ਭੀ ਵਡੇ ਭਗਤ ਹੋ ਅਤੇ ਤੁਸਾਡੇ ਪਿਛੇ ਰਾਮ ਜੀ ਵਡਾ ਚਲਤ ਦਿਖਾਇਆ ਹੈ ਤੇਰੀ ਰਾਮ ਜੀ ਨੇ ਵਡੀ ਨਦਰ ਖੋਲ੍ਹੀ ਹੈ ਭਗਤ ਜੀ ਏਥੇ ਹੋਰ ਕੋਈ ਭੀ ਪਹੁੰਚਿਆ ਹੈ ਕਿ ਕਬੀਰ ਅਤੇ ਨਾਨਕ ਤਪਾ ਹੀ ਪਹੁੰਚਿਆ ਹੈ ਤਾਂ ਪ੍ਰਹਿਲਾਦ ਭਗਤ ਬੋਲਿਆ ਭਾਈ ਨਾਨਕ ਤਪੇ ਪਾਸੋਂ ਪੁਛ ਲੈ ਹੋਰ ਭੀ ਆਵਸੀ ਕਿ ਨਾ ਆਵਸੀ ਕੋਈ ਤਾਂ ਮਰਦਾਨੇ ਕਹਿਆ ਜੀ ਤੁਸੀਂ ਵਡੇ ਭਗਤ ਹੋ ਅਗਲੀ ਤੇ ਪਿਛਲੀ ਸਭ ਆਪ ਨੂੰ ਸਤਿ ਜੁਗ ਥੀਂ ਆਦਿ ਲੈਕੇ ਮਾਲੂਮ ਹੈ ਤਾਂ ਪ੍ਰਹਿਲਾਦ ਭਗਤ ਨੇ ਕਹਿਆ ਸੁਣ ਭਾਈ ਇਸ ਜਿਹਾ ਕੋਈ ਹੋਵੇਗਾ ਤਾਂ ਏਥੇ ਪਹੁੰਚੇਗਾ ਹੋਰਸ ਦਾ ਏਥੇ ਪਹੁੰਚਣਾ ਕੰਮ ਨਾਹੀਂ ਹੋਰ ਅਗੇ ਵਡੇ ਵਡੇ ਭਗਤ ਹੋਏ ਹੈਨ ਅਤੇ ਹੋਵਨਗੇ ਪਰ ਪਹੁੰਚਿਆ ਕੋਈ ਨਾਹੀਂ ਤਾਂ ਫੇਰ ਮਰਦਾਨੇ ਪੁਛਿਆ ਜੀ ਓਹ ਕਦ ਹੋਸੀ ਕਿਤੇ ਨੇੜੇ ਜੁਗ ਵਿਚ ਹੋਸੀ ਤਾਂ ਪ੍ਰਹਿਲਾਦ ਭਗਤ ਕਹਿਆ ਸੁਣ ਭਾਈ ਕਲਜੁਗ ਵਿਚ ਹੋਵੇਗਾ ਜਦ ਨਾਨਕ ਤਪਾ ਸਚਖੰਡ ਜਾਵੇਗਾ ਤਾਂ ਇਸ ਤੋਂ ਪਿਛੇ ਸਉ ਵਰ੍ਹੇ ਹੋਸੀ ਅਤੇ ਏਹਨਾਂ ਤੇਹਾਂ ਤੋਂ ਬਗੈਰ ਹੋਰ ਕੋਈ ਨਾ ਆਵਸੀ ਤਾਂ ਮਰਦਾਨੇ ਪੁਛਿਆ ਜੀ ਤਿੰਨ ਕੇਹੜੇ ਹੈਨ ਤਾਂ ਪ੍ਰਹਿਲਾਦ ਭਗਤ ਕਹਿਆ ਭਾਈ ਅਗੇ ਕਬੀਰ ਹੋਇਆ ਹੈ ਤੇ ਹੁਣ

**कृपया जन्म साखी भाई बाले वाली पंजाबी भाषाको पृष्ठ नं. २७३ को फोटोकपी हेर्नु होस्।**

ਸਾਖੀ ਫਿਰ ਪਹਾੜ ਦੀ ਚਲੀ (੨੭੩)

ਨਾਨਕ ਤਪਾ ਹੂਆ ਹੈ ਅਤੇ ਫੇਰ ਉਹ ਹੋਸੀ ਤਾਂ ਮਰਦਾਨੇ ਪੁਛਿਆ ਜੀ ਕਬੀਰ ਜੁਲਾਹਾ ਹੋਯਾ ਤੇ ਨਾਨਕ ਖਤਰੀ ਹੋਏ ਅਤੇ ਸੋ ਉਹ ਕਿਸ ਵਰਨ ਹੋਵੇਗਾ ਜੀ ਤੇ ਕਿਸ ਧਰਤੀ ਤੇ ਹੋਸੀ ਕੇਹੜੇ ਸ਼ਹਿਰ ਤਾਂ ਪ੍ਰਹਿਲਾਦ ਭਗਤ ਕਿਹਾ ਭਾਈ ਪੰਜਾਬ ਧਰਤੀ ਤੇ ਵਰਨ ਜਟ ਤੇ ਸ਼ਹਿਰ ਚਟਕਲੇ ਵਿਚ ਹੋਸੀਗਾ। ਤਾਂ ਮਰਦਾਨਾ ਸ੍ਰੀ ਗੁਰੂ ਜੀ ਦੇ ਚਰਨਾਂ ਤੇ ਢਹਿ ਪਿਆ ਗੁਰੂ

कृपया जन्म साखी भाई बाले वाली हिन्दी भाषाको पृष्ठ नं. ३०५ को फोटोकपी हेर्नु होस्।

जन्म साखी (३०५) भाई बाले वाली

तब भक्त प्रहलाद ने कहा–हे नानक देव। आप को इस कलियुग में बड़ा भक्त बनाया है। आप की ही संगति से अनेकों प्राणियों का भला होगा। और आप का अनंत प्रताप होगा। तब मरदाने ने कहा–हे प्रहलाद जी! आप भी तो परम भक्त हैं तथा भगवान ने आप के लिये ही अवतार धारन किया था। प्रहलाद जी ने कहा–हे भाई मरदाना। इस स्थान पर या तो कबीर पहुंचा है, और या यह गुरू नानक आया है। यहां आना कोई सुगम कार्य नहीं है। एक और महा पुरुष होगा जो पहुंच सकेगा। मरदाने ने कहा–हे भक्त वर! वह पुरुष कौन और कब होगा। प्रहलाद ने उत्तर दिया, कि जब गुरू नानक देव यहां आयेंगे तो इन के सौ वर्ष पश्चात आयेगा। अर्थात यहां केवल तीन आदमी ही आने हैं। एक तो भक्त कबीर और दूसरे श्री गुरू नानक देव जी इन के पश्चात वह तीसरा आयेगा। तब मर्दाने ने कहा हे प्रहलाद जी! कबीर तो जुलाहा था, और नानक देव–खत्री है। परंतु वह तीसरा किस जाती का होगा, उत्तर में प्रहलाद जी ने कहा–हे मर्दाना! पंजाब की धरती और वहां उस का जाट होगा। तथा नगर बरवाला में होगा। उस समय मर्दाना गुरू जी के चर्णों

प्रश्न : एक जना संस्कृतका विद्वान शास्त्रीले भने– तपाईंका गुरू सन्त रामपाल दास जी महाराजले संस्कृत पढ्नु भएको छैन। तपाईं उहाँले श्रीमद्भगवत् गीताको यथार्थ अनुवाद गरेर भक्तलाई बताउनु हुन्छ भनेर भन्नु हुन्छ। यो कदापी हुन सक्दैन।

उत्तर : सन्त रामपाल दास जी का भक्तले उत्तर दिए। शास्त्री जी उनैलाई परमेश्वरको अवतार भनिन्छ, जो भाषाको ज्ञान नभएर पनि अनुवाद गरि देओस् किनकि परमेश्वर सर्वज्ञ हुनु हुन्छ। तिनै गुणहरूले युक्त हुन्छन् उहाँले पठाएका अवतार। त्यही अवतार हुनु हुन्छ सन्त रामपाल दास जी महाराज। तपाईं त केवल वेदहरू र गीताको अनुवादले अचम्मित हुनु हुन्छ। सन्त रामपाल दास जी महाराजले बाइबल तथा कुर्आन पनि यथार्थ रूपमा बताउनु भएको छ। जुन ईशाइ धर्मका अहिलेका फादर वा पादरी तथा मुसलमान धर्मका मूल्ला वा काजीले पनि जान्न (बुझ्न) सकेनन्। कृपया "ज्ञान गंगा" पढ्नु होस्।

# भक्ति मर्यादा

## जीव हाम्रा जाति हुन्, हाम्रो मानव धर्म।
## हिन्दू-मुस्लिम-शिख-इसाई धर्म एकै, पृथक् छैन मर्म॥

प्रिय भक्तजनहरू!

आजभन्दा लगभग पाँच हजार वर्ष पहिले कुनै पनि धर्म वा अन्य सम्प्रदाय थिएनन्। त्यतिखेर मुस्लिम, सिख, इशाई आदि कुनै पनि धर्म थिएनन्। त्यस समयमा केवल मानव धर्म थियो। सबैको एउटै मानव धर्म नै थियो र हो। कलियुगको प्रभाव बढ्दै गएपछि हामीमा मतभेद हुँदै गयो। शास्त्रहरूमा लेखिएका सत्य-तथ्यलाई धार्मिक कुल गुरूहरूले दबाएकोले गर्दा नै यस्तो मतभेद जन्मिएको हो। यसको कारण स्वार्थ हो वा बाहिरी देखावटीपन बाहेक केही पनि होइन। फलस्वरूप आज एउटै मानव धर्मका चारवटा धर्महरु र अनेकौं सम्प्रदायहरु बनेका छन्, जसले गर्दा एक आपसमा मतभेद हुनु स्वाभाविक नै हो। सबैका प्रभु/भगवान/राम/अल्लाह/रब/गड/खुदा/परमेश्वर एकै हुन्। यी भाषागत रूपमा फरक छन् तर पर्यायवाची शब्द एउटै हुन्। सबैका मालिक एक हुन् भनेर सबै मानिसहरु स्वीकार्छन् तापनि किन त यी अलग अलग धर्म सम्प्रदाय ?

सबैका मालिक रब/खुदा/अल्लाह/गड/राम/परमेश्वर एक हुन् भन्ने कुरा सत्य (ठीक) हो। वहाँको वास्तविक नाम कबीर हो। उहाँ आफ्नो सतलोक/सतधाम/सच्चखण्डमा मानव सदृश स्वरूपमा आकारमा रहनु हुन्छ। हिन्दूहरू हाम्रा राम, मुस्लिमहरू अल्लाह, इशाईहरू ईसामसीह भने सिखहरू गुरू नानक साहेब जी ठूला हुन् भन्छन्। उनीहरू यसरी भन्छन् कि मानौं चार अबोध बालकहरू भनि रहेका छन्- यी मेरा बाबा हुन्, दोस्रोले भन्छ यी तेरा होइनन् मेरा बाबा हुन्, तेस्रोले भन्छ यी मेरा पिता जी हुन् जो सबैभन्दा ठूला छन् र फेरि चौथोले भन्छ अरे नादानहरू यी त मेरा ड्याडी हुन्, तिम्रो होइन। जबकी ती चारै जनाको पिता उनी एक नै हुन्। यिनै नादान बच्चाहरू जसरी नै आज हाम्रा मानव समाज झगडा गरि रहेका छन्।

कोई कहै हमारा राम बडा है, कोई कहे खुदाई रे।
कोई कहे हमारा ईसामसीह बडा, ये बाटा रहे लगाई रे।।

हाम्रा सबै धार्मिक ग्रन्थहरू तथा शास्त्रहरूमा हाम्रो मालिक, प्रभु कबीर साहेब हुनु हुन्छ र वहाँ सत्यलोकमा मानव सदृश स्वरूपमा, आकारमा रहनु हुन्छ तथा वहाँ नै हाम्रो एकमात्र प्रभु/मालिक/रब/खुदा/अल्लाह/राम/साहेब/गड/परमेश्वर हुनु हुन्छ भनी वहाँको नाम प्रत्यक्षतः लेखेर वहाँको महिमाको गुणगान गरिएको छ।

वेद, गीता, कुरान र गुरू ग्रन्थ साहेब यी सबै लगभग मिल्दाजुल्दा नै छन्। यजुर्वेदको अध्याय ५ को श्लोक नं. ३२, सामवेदको सङ्ख्या नं. १४००, ८२२, अथर्ववेदको काण्ड नं. ४ को अनुवाक १ को श्लोक नं. ७ तथा ऋग्वेदको मन्त्र १ अध्याय १ सुक्त ११ श्लोक नं. ४ मा कबीर नाम उल्लेख गरी पूर्ण ब्रह्म कबीर हुनु

हुन्छ र वहाँ सत्यलोकमा आकारमा रहनु हुन्छ भनेर बताइएको छ। गीता जी चारै वेदको सङ्क्षिप्त सार हो। गीता जीले पनि पूर्ण ब्रह्म कबीर नै सत्यपुरूष हुनु हुन्छ भनेर सङ्केत गरेको छ। गीता जीको अध्याय १५ को श्लोक नं. १६ र १७, अध्याय १८ को श्लोक नं. ४६ र ६२, अध्याय ८ को श्लोक नं. ८ देखि १० र २२ तथा अध्याय १५ को श्लोक नं. १, २ र ४ मा वहाँ पूर्ण परमात्माको भक्ति गर्न भनिएको छ। श्री गुरू ग्रन्थ साहेबको पृष्ठ नं. २४ र पृष्ठ नं. ७२१ मा नाम किटेरै कबीर साहेबको महिमाको गुणगान गरिएको छ। यसै प्रकार कुरान र बाईबललाई एकै शास्त्र मान्न सकिन्छ। दुवैले कबीर अल्लाहको महिमा बयान गर्दै वहाँ कै शक्तिले यो सम्पूर्ण सृष्टि गतिशील छ भन्ने लगभग एउटै सन्देश दिएका छन्। कुरान शरीफमा सूरत फूर्कानी नं. २५ को आयत नं. ५२ देखि ५९ सम्ममा कबीरन्, खबीरा, कबीरू आदि शब्द लेखेर वहाँ कबीर अल्लाहको पाकी (पवित्र) बयान गर्दै भनिएको छ– ‘‘ए, पैगम्बर (मुहम्मद) ! कबीर अल्लाहकै पाकी (पवित्र) वर्णन गर जसले छः दिनमा आफ्नो शक्तिले सृष्टि रचना गरी सातौं दिन सिंहासनमा विराजमान हुनु भयो वा सत्यलोकमा गएर विश्राम गर्नु भयो। वहाँ नै अल्लाह (प्रभु) कबीर हुनु हुन्छ।’’ यही प्रमाण बाईबलको प्रारम्भमा उत्पत्ति ग्रन्थको सृष्टिक्रममा सात दिनको रचना १:२०-२:५ मा छ।

तीनवटै नाम भएका र नाम दिने अधिकार पनि भएका पूर्ण गुरूबाट नाम लिएर मात्र जीवले जन्म-मृत्युरूपी रोगबाट मुक्ति पाउन सक्छ भन्ने कुरा सबै सन्त तथा ग्रन्थहरूको सार हो। हाम्रो उद्देश्य पनि तपाईंहरूलाई कालको कारागारबाट निकालेर आफ्नो मूल मालिक कविर्देव (कबीर साहेब) को सत्यलोक प्राप्त गराउनु हो। एउटा जीवलाई काल साधनादेखि हटाएर पूर्ण गुरूबाट सत् उपदेश प्राप्त गराउँदा करोड गाई, बाख्रा आदि प्राणीहरूलाई कसाइबाट छुटाउँदा हुने जतिनै पुण्य पाइन्छ भनेर कविर्देवले आफ्नो वाणीमा बताउनु भएको छ। किनकि गलत गुरूहरूले बताएको शास्त्र विरूद्धका साधनाबाट कालको जालमा फसेर यी अबोध मानव शरीरधारी प्राणीहरूले अन्जानमा नै चौरासी लाख योनीहरूको कष्ट झेलि रहन्छन्। यो जीवात्मा कविर्देव (कबीर साहेब) को शरणमा पूर्ण गुरूको माध्यमबाट आएर नामसँग जोडिएपछि यसको जन्म तथा मृत्युको कष्ट सदाका लागि समाप्त हुन्छ र सत्यलोकमा वास्तविक परम शान्ति प्राप्त गर्छ।

अब प्रश्न आउँछ- आजकलका गुरूहरु धेरैभन्दा धेरै शिष्य बनाएर आफ्नो योग्यताको प्रमाण देखाउँछन् अर्थात् कसैले दुई-चारवटा कथा सिक्छन्, म पनि नाम दिन्छु भन्छन् र सोझा-साझा आत्माहरूलाई कालको जालमा फसाइ दिन्छन्। शास्त्रहरूका विरूद्धमा नाम उपदेश दिने र जप्ने सबै अनिवार्यतः नर्कमै पर्छन्। उनीहरूलाई नरकमा उँधोमुन्टो पारेर झुण्ड्याइन्छ। यो कथन शास्त्र (गीता,वेद तथा सर्वग्रन्थ) मा नै भनिएको छ। यसै कथनलाई सिद्ध गर्नका लागि एउटा कथाको सङ्क्षिप्त चर्चा प्रस्तुत छ :

एक समयको कुरा हो, सातौं दिनमा सर्पले डसेर राजा परिक्षितको मृत्यु हुन्छ भन्ने कुरा सबैले थाहा पाए। अनि यहाँबाट राजाको मोह हटाएर प्रभुको चिन्तनमा लगाउनका लागि सात दिनसम्म राजा परिक्षितलाई भागवत्को कथा सुनाउनु पर्छ भन्ने कुरा सबैले ठहर गरे। मृत्युको समयमा जसको जस्तो भावना हुन्छ, उसले त्यही प्राप्त गर्ने हुनाले सबैले यसलाई अति उत्तम उपाय ठहऱ्याए। तर कथा कसले भन्ने विषयमा टुङ्गो लाग्न सकेन। त्यहाँ उपस्थित सबै महर्षिहरु लगायत श्रीमद्भागवत् सुधासागरका रचनाकार महर्षि वेदव्यास जीले पनि आफूलाई कथा सुनाउन योग्य ठानेनन् किनकि आफूमा त्यो समर्थता नभएको कुरा उनीहरूलाई थाहा थियो। त्यसैले एउटा जीवको जीवन नष्ट गरेर पापको भागिदार किन बन्ने भन्ने निर्णय उनीहरूले गरे। सातौँ दिन त परिणाम आउनु नै थियो। त्यसैले सात दिनसम्म कथा सुनाउने कसैको हिम्मत भएन किनकि सबैलाई आफ्नो योग्यता बारे थाहा थियो। अतः स्वर्गबाट सुकदेव जीलाई भागवत्को कथा वाचनका लागि बोलाइएपछि राजा परिक्षितको मोह यहाँबाट हट्यो र उनले स्वर्ग प्राप्त गरे। स्वर्गमा सुखको भोग गरि सकेपछि नर्कमा गई फेरि चौरासी लाख योनीमा उनले चक्कर काट्नु पऱ्यो। यो यहाँको हार्ड एण्ड फास्ट वा अटल नियम हो। यो उपलब्धि पनि तीन लोकको पूर्ण गुरू बिना प्राप्त हुन सक्दैन।

कुनै ठाउँमा प्रधानमन्त्री आउने कार्यक्रम भएमा उनी आउनु अगाडि दुई-तीनजना धेरै राम्रा वक्ता/गायक तथा वाद्यबादकहरूले धेरै सुरिलो तथा आकर्षक आवाजले दर्शकलाई प्रभावित बनाउँछन्। उनीहरु आफूले भनेकामध्ये एउटा कुरा पनि गर्न सक्षम भने हुँदैनन्। तर प्रधानमन्त्री आएपछि उनले थोरैभन्दा थोरै शब्दमै भए पनि फलानो ठाउँमा अन्तर्राष्ट्रिय महाविद्यालय, ढिस्कनो ठाउँमा अन्तर्राष्ट्रिय विश्वविद्यालय आदि आदि बनाइने छ भन्छन्। यति भनेर प्रधानमन्त्री जान्छन्। उनले भनेको भोलिपल्टदेखि नै त्यो कार्य प्रारम्भ हुन्छ किनकि उनको वचनमा शक्ति हुन्छ तर त्यही कुरा तपाईं र म जस्ता आम व्यक्तिले भन्यौं भने त्यो हाम्रो ठूलो मूर्खता हुन्छ किनकि हाम्रो बोलीमा त्यति शक्ति नै हुँदैन। तर प्रधानमन्त्रीका लागि भने यस्तो गर्नु साधारण कुरा मात्र हो।

यी तथ्यहरूलाई प्रमाणित गर्ने निम्न वाणीहरु अवश्य पढ्नु होस् र गहन विचार गरेर अतिशिघ्र गुरू मन्त्र प्राप्त गर्नु होस् -

कबीर, पंडित और मशालची, दोनों सूझैं नाहिं। औरों ने करैं चांदना, आप अंधेरे माहिं।।
कबीर, करणी तज कथनी कथैं, अज्ञानी दिन रात। कुकर ज्यों भौंकत फिरैं, सुनी सुनाई बात।।
गरीब, बीजक की बातां कहैं, बीजक नाहिं हाथ। पृथ्वी डोबन उतरे, कहै-कहै मीठी बात।।
गरीब, बीजक की बातां कहैं, बीजक नाहिं पास। औरों को प्रमोध हीं, आपन चले निराश।।
गरीब, कथनी के शूरे घने, कथैं अटम्बर ज्ञान। बाहर ज्वाब आवै नहीं, लीद करैं मैदान।।

काखमा ग्रन्थ राखेर म पनि कथा वाचन, रामायण वा गीता जीको पाठ, ग्रन्थ साहेब पाठ, अर्थात् सत्सङ्ग गरि दिन्छु र नाम पनि दिन्छु आदि भनेर कथा

वाचन गर्नु र नाम उपदेश दिनु कुनै बालकको खेल होइन। पूर्ण सन्तलाई मात्र कथा वाचन गर्ने तथा उपदेश दिने अधिकार हुन्छ। त्यस कथाको समापन पनि उनले नै गर्न सक्छन् किनकि पूर्ण सन्तको शब्दमा सुकदेव जीको जस्तो शक्ति हुन्छ। मानौं, कसैले सत्सङ्ग गर्दै आँप धेरै मीठो हुन्छ, आँप फलको राजा हो, यो पहैँलो हुन्छ आदि भनेर आँपको महिमा बताइ रहेको छ। त्यसैबेला कोही आएर आँप मागेमा सत्सङ्ग गर्नेले मसँग आँप छैन भन्छ। आँप माग्ने मानिसले आँप कहाँ पाइन्छ ? भनेर सोध्दा सत्सङ्गकर्ताले मलाई थाहा छैन, आँप त निराकार हुन्छ, यो कहाँ देखिन्छ र भन्ने जवाफ दिन्छ। अनि आँप माग्ने मानिसले भन्छ,– ए मूर्ख ! तिमीसँग आँप पनि छैन र कहाँ पाइन्छ भन्ने पनि थाहा छैन भने व्यर्थमा यो निराकार छ भनेर किन चिच्याउँदै हिँडि रहेछौ ? यसको अभिप्राय तत्वज्ञान नभएका र अधिकार प्राप्त नभएका कथा वाचन गर्ने व्यक्ति र उसको प्रवचन सुन्ने सबै नर्कको अधिकारी अर्थात् भागिदार हुन्छन् भन्ने हो।

आफैं गुरू बनेर शिष्य बनाउने मानिसले आफ्नो शिरमा ठूलो बोझ लियो भन्ने सम्झे हुन्छ किनकि शिष्य पार नहुञ्जेलसम्म गुरूले पटक-पटक जन्म लिइ रहनु पर्छ भन्ने परमेश्वरको नियम छ। अधुरा शिष्यहरूबाट बच्नका लागि पूर्ण गुरूले यस्तो लीला गर्नु हुन्छ, जसबाट अज्ञानी शिष्यहरूमा गुरूप्रति घृणा जाग्दछ। कबीर साहेब काशीमा प्रकट हुनु भएको बेला वहाँका चौसठ्ठी लाख शिष्य थिए। उनीहरूको परीक्षा लिनका लागि कबीर साहेबले काशीको एक प्रसिद्ध वेश्यालाई सत्सङ्ग गरेर ज्ञान सम्झाउन उनको घर जान थाल्नु भयो। त्यो देखेर वा सुनेर चेलाहरूको मनमा गुरूप्रति घृणा उत्पन्न भयो। गुरूप्रति उनीहरूको विश्वास गुम्यो। दुईजना छोडेर त्यसबेलाका सबै शिष्यहरु गुरू विहीन बने। सतगुरू गरीबदास जी महाराजको वाणीमा यसको प्रमाण छ :

गरीब, चंडालीके चौंक में, सतगुरू बैठे जाय। चौसठ लाख गारत गए, दो रहे सतगुरू पाय।।
भडवा भडवा सब कहै, जानत नाहिं खोज। दास गरीब कबीर करम से, बांटत सिर का बोझ।।

म तपाईंलाई सोचविचार गरेर मात्र लेनदेन गर्नु होस् भनेर प्रार्थना गर्न चाहन्छु। सामवेदको श्लोक नं. ८२२ मा तीनवटा नामले जीवको मुक्ति हुन्छ भनिएको छ। पहिलो ॐ, दोस्रो सत्यनाम वा सतनाम (तत्) र तेस्रो सारनाम (सत्)। गीतामा पनि ॐ तत् सत् जप्ने प्रमाण दिइएको छ र श्री गुरू ग्रन्थ साहेबमा पनि सतनाम जप्ने सङ्केत गरिएको छ। 'सतनाम-सतनाम' कुनै जप्ने नाम होइन। यसले त एक साँचो (सत्य) नामतर्फ सङ्केत मात्र गरि रहेको छ। यसरी नै सारनामले पनि। ॐ मन्त्र एक्लैको कुनै अर्थ छैन। कबीर साहेबदेखि पुस्तौं पुस्ता हुँदै आइ रहेका यी तीनै नाम र नाम दिने आज्ञा मलाई मेरा गुरूदेव स्वामी रामदेवानन्द जी महाराजले बक्सनु भएको हो। पहिला सत्सङ्ग सुन्नु होस् र सेवा गर्नु होस्, जसले तपाईंको भक्तिरूपी खेत सम्हालिन्छ।

कबीर, मानुष जन्म पाय कर, नहीं रटै हरि नाम। जैसे कुआँ जल बिना, खुदवाया किस काम।।
कबीर, एक हरि के नाम बिना, ये राजा ऋषभ हो। माटी ढोवै कुम्हार की, घास न डाले को।।

यसपछि आफ्नो भक्तिरूपी जोत-खन गरिएको खेतमा बिऊ छर्नु पर्छ। शास्त्रहरु (कबीर साहेबको वाणी, वेद, गीता, पुराण, कुरान, धर्मदास साहेब आदि सन्तहरूका वाणी) को अध्ययनले मुक्ति हुँदैन। पूर्ण मुक्तिका लागि पूर्ण परमात्मा कबीर साहेबको प्रतिनिधि सन्त (आफ्नो गुरूले नाम दिने आज्ञा पनि दिएका) बाट नाम उपदेश लिएर आत्म कल्याण गराउनु पर्छ भन्ने नै यी शास्त्रहरूको एउटै सार हो। नाम नलिएमा हुने अवस्थालाई गरीबदास महाराज जीले यसरी चित्रण गर्नु भएको छ :

नाम बिना सूना नगर, पडया सकल में शोर।
लूट न लूटी बंदगी, हो गया हंसा भोर।।
अदली आरती अदल अजूनी, नाम बिना है काया सूनी।
भ्रूठी काया खाल लुहारा, इंगला पिंगला सुषमन द्वारा।।
कृतघ्नी भूले नर लोई, जा घट निश्चय नाम न होई।
सो नर कीट पतंग भुजंगा, चौरासी में धर है अंगा।।

बिउ नै छरिएन भने आत्मारूपी खेतको खन-जोत अर्थात् तयारी गर्ने काम व्यर्थ हुन्छ। यसको तात्पर्य यसबाट तपाईंलाई आवश्यक्ताको ज्ञान हुने छ भन्ने हो। यसका साथै पूर्ण गुरूबाट नाम उपदेश लिनु अर्थात् बिउ छर्नु पनि अति आवश्यक छ। नाम पनि त्यही जप्नु पर्छ जुन गुरू नानक, गरीबदास साहेब, धर्मदास साहेब आदि सन्तहरूले जप्नु भएको थियो। यस बाहेक अन्य नामहरूबाट जीवको मुक्ति सम्भव छैन।

अतः तपाईंहरूले पनि नाम उपदेश लिएर आफ्नो भक्तिरूपी धन जम्मा गर्न थाल्नु होस् र अरूलाई पनि छिटोभन्दा छिटो त्यसो गर्न भन्नु पर्छ किनकि कहिले र कतिखेर यो शरीरको समयावधि पूरा हुने हो थाहा छैन। गुरू नानक देव जी भन्छन्:

ना जाने ये काल की कर डारै, किस विधि ढल जा पासा वे।।
जिन्हादे सिर ते मौत खुडगदी, उन्हानूं केडा हांसा वे।।

कबीर साहेब पनि भन्नु हुन्छ :

कबीर, स्वांस-स्वांस में नाम जपो, व्यर्था स्वांस मत खोए।
न जाने इस स्वांस का, आवन हो के ना होए।।
सतगुरू सोई जो सारनाम दृढावै, और गुरू कोई काम न आवै।
"सारनाम बिन पुरूष (भगवान) द्रोही"

जुन गुरूले सारनाम वा सारशब्द दिँदैनन् अथवा उनले आफ्नो गुरूबाट नाम दिने अधिकार (आज्ञा) पाएका छैनन् वा शास्त्रहरूको अध्ययन गरेर कुनै मनमुखी (मनोमानी गर्ने) गुरूले यही नाम दिन्छन् भने पनि त्यस्ता गुरू र उनका शिष्यहरु नर्कमा नै पर्छन्। त्यस्ता गुरू भगवानका शत्रु हुन्, विद्रोही हुन्। तिनलाई भगवानको दरबारमा उँधोमुन्टो पारेर झुण्ड्याइन्छ।

**अहिले, भक्त समाजमा एकपटक गुरू धारण गरेपछि अर्को गुरू फेर्नु हुँदैन भनेर नक्कली गुरूहरु (सन्तहरु) ले एउटा गलत भ्रम फैलाएका छन्। यहाँनेर विचार गरौं- गुरू हाम्रो जन्म-मृत्युरूपी रोग निको पार्ने वैद्य हुन्। एउटा वैद्यबाट हाम्रो रोग निको नभए हामी रोग निको पार्न सक्ने अर्को राम्रो वैद्य कहाँ जान्छौं। धर्मदास साहेबका पहिलो गुरू श्री रूपदास जी थिए। तर ती गुरू पूर्ण मुक्तिदाता होइनन् भन्ने थाहा पाएपछि उनलाई तुरून्तै त्यागेर पूर्ण ब्रह्म परमेश्वर सत्यपुरूष कबीर साहेबलाई आफ्नो गुरू बनाए र पूर्ण मोक्ष (सत्यलोक) प्राप्त गरे। ठीक यसैगरी अधुरा गुरूलाई तत्काल त्याग्नु पर्छ।**

"झुठे गुरू के पक्ष को, तजत न कीजै वारि"

**(गुरू तथा नाम महिमाको बाणी)**

गरीब, बिन उपदेश अचंभ है, क्यों जीवत हैं प्राण। बिन भक्ति कहाँ ठौर है, नर नाहि पाषाण।।१।।
गरीब, एक हरि के नाम बिना, नारि कुतिया हो। गली-२ भौंकत फिरै, टूक ना डालै को।।२।।
गरीब, बीबी पडदे रहैं थी, डयोढी लगती बार। गात उघाडे फिरती है, बन कुतिया बाजार।।३।।
गरीब, नकबेसर नक से बनी, पहरत हार हमेल। सुन्दरी से सुनही (कुतिया) बनी, सुनि साहिब के खेल।।४।।
कबीर, हरि के नाम बिना, राजा ऋषभ होए। माटी लदे कुम्हार कै, घास ना डाले कोए।।५।।
कबीर, राम कृष्ण से कौन बडा, उन्हों भी गुरू कीन्ह। तीन लोक के वे धनी, गुरू आगे आधीन।।६।।
कबीर, गर्भ योगेश्वर गुरू बिना, लागा हरि की सेव। कहै कबीर स्वर्ग से, फेर दिया सुखदेव।।७।।
कबीर, राजा जनक से नाम ले, किन्ही हरी की सेव (पूजा)। कहै कबीर बैकुण्ठ में उल्ट मिले सुखदेव।।८।।
कबीर, सतगुरू के उपदेश का, लाया एक विचार। जै सतगुरू मिलते नही, जाता नरक द्वार।।९।।
कबीर, नरक द्वार में दूत सब, करते खैंचा तान। उनतें कबहु ना छुटता, फिर फिरता चारों खान।।१०।।
कबीर, चार खानी में भ्रमता, कबहु ना लगता पार। सो फेरा सब मिट गया, सतगुरू के उपकार।।११।।
कबीर, सात समुद्र मसि करुं, लेखनी करुं बनराय। धरती का कागद करुं, गुरू गुण लिखा न जाए।।१२।।
कबीर, गुरू बडे गोविन्द से, मन में देख विचार। हरि सुमरे सो रह गए, गुरू भजे हुए पार।।१३।।
कबीर, गुरू गोविन्द दोऊ खडे, काके लागुं पाय। बलिहारी गुरू आपने, जिन गोविन्द दिया मिलाय।।१४।।
कबीर, हरि के रूठतां, गुरू की शरण में जाय। कबीर गुरू जै रूठजां, हरि नही होत सहाय।।१५।।

## कुन रामको नाम जप्नु पर्छ ?

**गीता जीको अध्याय नं. १५ श्लोक नं. १६ :**

द्वौ,इमौ,पुरूषौ,लोके,क्षरः,च,अक्षरः,एव च,क्षरः,सर्वाणि,भूतानि,कुटस्थः,अक्षरः,उच्यते।।

**अनुवाद** :- यस संसारमा दुई प्रकारका भगवान छन् - नाशवान र अविनाशी। यी सम्पूर्ण भूतप्राणीहरूको शरीरलाई नाशवान र जीवात्मालाई अविनाशी भनिन्छ।

**गीता जीको अध्याय नं. १५ को श्लोक नं. १७ :**

उत्तमः,पुरूषः,तु,अन्यः,परमात्मा,इति,उदाहृतः,यः,लोकत्रयम्,आविश्य,बिभर्ति,अव्ययः, ईश्वरः।।

**अनुवाद** :- तीनै लोकमा प्रवेश गरेर सबैलाई पालन पोषण गर्नुहुने उत्तम भगवान त अर्कै हुनु हुन्छ। वहाँ परमेश्वर परमात्मा नै अविनाशी हुनु हुन्छ।

कबीर, अक्षर पुरूष एक पेड है, निरंजन वाकी डार।
त्रिदेवा (ब्रम्हा, विष्णु, शिव) शाखा भये, पात भया संसार।।

कबीर, तीन देवको सब कोई ध्यावै, चौथा देवका मरम न पावै।
चौथा छांडि पँचम ध्यावै, कहै कबीर सो हमरे आवै।।
कबीर, तीन गुणन की भक्ति में, भूलि पर्यौ संसार।
कहै कबीर निज नाम बिन, कैसे उतरै पार।।
कबीर, ओंकार नाम ब्रह्म (काल) का, यह कर्ता मति जानि।
सांचा शब्द कबीर का, परदा माहिं पहिचानि।।
कबीर, तीन लोक सब राम जपत है, जान मुक्ति को धाम।
रामचन्द्र वसिष्ठ गुरू किया, तिन कहि सुनायो नाम।।
कबीर, राम कृष्ण अवतार हैं, इनका नाहीं संसार।
जिन साहब संसार किया, सो किनहु न जनम्यां नारि।।
कबीर, चार भुजाके भजनमें, भूलि परे सब संत।
कबीरा सुमिरै तासु को, जाके भुजा अनंत।।
कबीर, वाशिष्ट मुनि से तत्वेता ज्ञानी, शोध कर लग्न धरै।
सीता हरण मरण दशरथ को, बन बन राम फिरै।।
कबीर, समुद्र पाटि लंका गये, सीता को भरतार।
ताहि अगस्त मुनि पीय गयो, इनमें को करतार।।
कबीर, गोवर्धन कृष्ण जी उठाया, द्रोणगिरि हनुमंत।
शेष नाग सब सृष्टी उठाई, इनमें को भगवंत।।
गरीब, दुर्वासा कोपे तहां, समझ न आई नीच।
छप्पन कोटि यादव कटे, मची रूधिर की कीच।।
कबीर, काटे बंधन विपति में, कठिन किया संग्राम।
चीन्हों रे नर प्राणियां, गरूड बडो की राम।।
कबीर, कह कबीर चित चेतहू, शब्द करौ निरूवार।
श्री रामचन्द्र को कर्ता कहत हैं, भूलि पर्यो संसार।।
कबीर, जिन राम कृष्ण निरंजन किया, सो तो करता न्यार।
अंधा ज्ञान न बूझई, कहै कबीर बिचार।।
कबीर, तीन गुणन (ब्रह्मा, विष्णु, शिव) की भक्ति में, भूल पडयो संसार।
कहै कबीर निज नाम बिना, कैसे उतरो पार।।

**।।शब्द।।**

## (सन्त रामपाल दास जी महाराजको रचना)

युद्ध जीत कर पांडव, खुशी हुए अपार। इन्द्रप्रस्थ की गद्दी पर, युधिष्ठिर की सरकार।।१।।
एक दिन अर्जुन पूछता, सुन कृष्ण भगवान। एक बार फिर सुना दियो, वो निर्मल गीता ज्ञान।।२।।
घमाशान युद्ध के कारण, भूल पडी है मोहें। ज्यों का त्यों कहना भगवन्, तनिक न अन्तर होए।।३।।
ऋषि मुनि और देवता, सबको रहे तुम खाय। इनको भी नहीं छोडा आपने, रहे तुम्हारा ही गुण गाय।।४।।
कृष्ण बोले अर्जुन से, यह गलती क्यों किन्ह। ऐसें निर्मल ज्ञान को भूल गया बुद्धिहीन।।५।।
अब मुझ भी कुछ याद नही भुल पडी नीदान। ज्योंका त्यों उस गीता का मै नही कर सकता गुणगान।।६।।
स्वयं श्री कृष्ण को याद नहीं, और अर्जुन को धमकावे। बुद्धि काल के हाथ है, चाहे त्रिलोकी नाथ कहलावे।।७।।
ज्ञान हीन प्रचारका, ज्ञान कथें दिन रात। जो सर्व को खाने वाला, कहें उसी की बात।।८।।

सब कहें भगवान कृपालु है, कृपा करें दयाल। जिसकी सब पूजा करें वह स्वयं कहै मैं काल।।९।।
मारै खावै सब को, वह कैसा कृपाल। कुत्ते गधे सुअर बनावै है, फिर भी दीन दयाल।।१०।।
बाईबल वेद कुरान है, जैसे चांद प्रकास। सूरज ज्ञान कबीर का, करै तिमर का नाश।।११।।
रामपाल साची कहै, करो विवेक विचार। सतनाम व सारनाम, यही मन्त्र है सार।।१२।।
कबीर हमारा राम है, वो है दीन दयाल। संकट मोचन कष्ट हरण, गुण गावै रामपाल।।१३।।

**।।शब्द।**

**(सन्त रामपाल दास जी महाराजबाट रचित)**

ब्रह्मा विष्णु शिव, है तीन लोक प्रधान। अष्टंगी इनकी माता है, और पिता काल भगवान।।१।।
एक लाख को काल, नित खावै सीना ताण। ब्रह्मा बनावै विष्णु पालै, शिव कर दे कल्याण।।२।।
अर्जुन डर के पूछता है, यह कौन रूप भगवान। कहै निरंजन मैं काल हूँ, सबको आया खान।।३।।
ब्रह्म नाम इसी का है, वेद करें गुणगान। जन्म मरण चौरासी, यह इसका संविधान।।४।।
चार राम की भक्ति में, लग रहा संसार। पाँचवें राम का ज्ञान नहीं, जो पार उतारनहार।।५।।
ब्रह्मा-विष्णु-शिव तीनों गुण है दूसरा प्रकृति का जाल। लाख जीव नित भक्षण करें राम तीसरा काल।।६।।
अक्षर पुरूष है राम चौथा, जैसे चन्द्रमा जान। पाँचवा राम कबीर है, जैसे उदय हुआ भान।।७।।
रामदेवानन्द गुरू जी, कर गए नजर निहाल। सतनाम का दिया खजाना, बरतै रामपाल।।८।।

## नाम (दीक्षा) लिने व्यक्तिहरूका लागि आवश्यक जानकारी

### १. पूर्ण गुरूको पहिचान

**अहिले कलियुगको भक्त समाजका लागि पूर्ण गुरूको पहिचान गर्ने कार्य अत्यन्त जटिल सवाल बनेको छ। तर यसको संक्षिप्त र साधारण उत्तर के हो भने शास्त्र अनुसार भक्ति गर्ने र आफ्ना अनुयायीहरु अर्थात् शिष्यहरूलाई पनि शास्त्रानुसार भक्ति गराउने गुरू नै पूर्ण सन्त हुन्। किनकि भक्तिमार्गको संविधान भनेकै कबीर साहेबका वाणी, नानक साहेबका वाणी, वेद, गीता, पुराण, कुरान, पवित्र बाइबल आदि धार्मिक शास्त्रहरु हुन्। शास्त्रहरु अनुसार भक्ति साधना बताउने र भक्त समाजलाई सो बमोजिम मार्गदर्शन गराउने गुरू मात्र पूर्ण सन्त हुन्। शास्त्र विरूद्ध साधना गराई यो अनमोल मानव जन्मसँग खेलबाड गर्ने भक्त समाजको घोर शत्रु हो। यस्ता गुरू वा सन्तलाई भगवानको दरबारको घोर नरकमा उँधोमुन्टो पारेर झुण्ड्याइन्छ।**

**उदाहरणका लागि, पाठ्यक्रमभन्दा बाहिर रहेर शिक्षा दिने कुनै पनि अध्यापक विद्यार्थीहरूको शत्रु हो।**

**गीता अध्याय नं. ७ को श्लोक नं. १५ :**

न, माम्, दुष्कृतिनः, मूढाः, प्रपद्यन्ते, नराधमाः, मायया, अपहृतज्ञानाः, आसुरम्, भावम्, आश्रिताः।।

**अनुवादः-** मायाले गर्दा ज्ञान हराइ सकेका र आसुर स्वभाव धारण गरेका मानिसहरूमा नीच, दुषित कर्म गर्ने मूर्खहरु मेरो भजन गर्दैनन् अर्थात् तिनीहरु तीन गुणहरु (रजो गुण-ब्रह्मा, सतगुण-विष्णु र तमगुण-शिव) को साधना मात्र गरि रहन्छन्।

**यजुर्वेद अध्याय नं. ४० श्लोक नं. १० (सन्त रामपाल दास जीबाट भाषा भाष्य)**

अन्यदेवाहुः सम्भवादन्यदाहुरसम्भवात्, इति शुश्रुम धीराणां ये नस्तद्विचचक्षिरे।।

**अनुवादः-** परमात्मालाई सामान्यतया निराकार अर्थात् कहिल्यै नजन्मने भनिन्छ। अर्काथरीले आकारमा अर्थात् जन्म लिएर अवतार रूपमा आउने भन्छन्। टिकाऊ अर्थात् पूर्णज्ञानीले मात्र यो तथ्यलाई राम्रोसित बताउँछन् र सही तरिकाले त्यही समरूप अर्थात् यथार्थ रूपमा फरक फरक रूपका आधारमा प्रत्यक्ष ज्ञान गराउँछन्।

**गीता अध्याय नं. ४ को श्लोक नं. ३४**

तत्, विद्धि, प्रणिपातेन, परिप्रश्नेन, सेवया। उपदेक्ष्यन्ति, ते, ज्ञानम्, ज्ञानिनः तत्त्वदर्शिनः।।

**अनुवादः-** पूर्ण परमात्माको ज्ञान भएका र समाधानको रहस्य बुझेका सन्तहरूलाई दण्डवत् प्रणाम गर्नाले, उनीहरूको सेवा गर्नाले र कपट छाडेर नम्रतापूर्वक प्रश्न गर्नाले परमात्म तत्त्वबारे राम्ररी जान्ने ती ज्ञानी महात्माले मात्र तिमीलाई तत्त्व ज्ञानको उपदेश दिने छन्।

## २. नशालु वस्तुहरूको सेवन गर्न निषेध

**हुक्का, जाँड-रक्सी, बियर, सूर्ती, बिडी, सिगरेट, सुँघ्ने नस, गुट्खा, मासु, अण्डा, अफिम, गाँजा र अन्य नशालु चिजहरूको सेवन त परको कुरा कसैलाई नशालु पदार्थ ल्याएर दिनु पनि हुँदैन। यी सबै नशालु पदार्थहरु धेरै हानीकारक हुन् भन्दै बन्दी छोड गरिबदास जी महाराजले आफ्नो वाणीमा बताएका छन् :**

सुरापान मद्य मांसाहारी, गमन करै भोगै पर नारी। सतर जन्म कटत हैं शीशं, साक्षी साहिब है जगदीशं।।
पर द्वारा स्त्री का खोलै, सतर जन्म अंधा होवै डोलै। मदिरा पीवै कडवा पानी, सत्तर जन्म श्वान के जानी।।
गरीब, हुक्का हरदम पिवते, लाल मिलावैं धूर। इसमें संशय है नही, जन्म पिछले सूर।।१।।
गरीब, सो नारी जारी करै, सुरा पान सौ बार। एक चिलम हुक्का भरै, डुबै काली धार।।२।।
गरीब, सूर गऊ कुं खात है, भक्ति बिहुनें राड। भांग तम्बाखू खा गए, सो चाबत हैं हाड।।३।।
गरीब, भांग तम्बाखू पीव ही, सुरा पान सैं हेत। गौस्त मट्टी खाय कर, जंगली बनें प्रेत।।४।।
गरीब, पान तम्बाखू चाब ही, नास नाक में देत। सो तो इरानै गए, ज्यूं भडभूजे का रेत।।५।।
गरीब, भांग तम्बाखू पीव ही, गोस्त गला कबाब। मोर मृग कूं भखत हैं, देगें कहां जवाब।।६।।

## ३. तीर्थस्थानहरूमा जान निषेध

**कुनै प्रकारको पनि ब्रत बस्नु पर्दैन। कुनै तीर्थ यात्रा गर्नु तथा गंगा स्नान गर्नु पनि पर्दैन। कुनै पनि धार्मिक स्थलमा स्नानार्थ र दर्शनार्थ जानु पर्दैन। कुनै मन्दिर तथा धाममा भगवान छन् भनी पूजा र भक्तिको भावले जानु हुँदैन। भगवान कुनै मन्दिरको पुजारीले बाँधेर राख्ने पशु होइनन्। भगवान त कण-कणमा व्याप्त हुनु हुन्छ। त्यसैले यी सबै साधनाहरु शास्त्र विरूद्ध छन्।**

**केही विचार गरेर त हेरौं— यी सबै तीर्थस्थल (जगन्नाथको मन्दिर, बद्रीनाथ, हरिद्वार, मक्का, मदिना, अमरनाथ, वैष्णोदेवी, वृन्दावन, मथुरा, बरसाना, अयोध्याको राम मन्दिर, काशी धाम, छुडानी धाम आदि), मन्दिर, मस्जिद, गुरूद्वारा, चर्च र इष्ट धाम यस्ता ठाउँ हुन्, जहाँ कुनै सन्त बस्दथे। उनीहरूले त्यहाँ आफ्नो भक्ति**

साधना गरी भक्तिरूपी धन जोडे र आफ्नो शरीर छोडी आफ्नो इष्टदेवको लोकमा गए। त्यसपछि उनीहरूको सम्झनालाई प्रमाणित गरी राख्न त्यहाँ कसैले मन्दिर, कसैले मस्जिद, कसैले गुरूद्वारा त कसैले चर्च वा कसैले धर्मशाला बनाए ताकि उनीहरूको सम्झना रहि रहोस् र हामी जस्ता तुच्छ प्राणीहरूलाई यी महान आत्माहरूले गरे झैं हामीले पनि गर्नु पर्छ भन्ने शिक्षा मिलोस्। महान सन्तहरूले गरे जस्तो भक्ति साधना गर भन्ने सन्देश यी सबै धार्मिक स्थलहरूले दिन्छन्। यसका लागि यस्तो साधना गर्ने तथा त्यसको तरिका बताउन सक्ने सन्त खोजी उनले भने जस्तो गर भन्ने शिक्षा तीर्थस्थलहरूले दिन्छन्। तर पछि गएर यिनै स्थानहरूको पूजा प्रारम्भ भयो, जुन नितान्त व्यर्थ र शास्त्र विरूद्ध छ।

यी स्थानहरू कुनै हलुवाइले भट्टी राखेर जेरी, लड्डु आदि बनाई आफूले खाएर आफ्ना साथी सङ्गीहरूलाई पनि खुवाएपछि छोडेको ठाउँ जस्तै त हुन्। त्यसपछि त्यो ठाउँमा न हलुवाइ रहन्छ न त मिठाइ नै, त्यहाँ त भट्टी मात्र रहन्छ। त्यसले न हामीलाई मिठाइ बनाउन सिकाउन, न त हाम्रो पेट नै भर्न सक्छ। कसैले हलुवाइले मिठाइ बनाएको भट्टी देखाउँछु, ल जाऊँ भन्यो। त्यहाँ गएर भट्टी अवलोकन गरी सात फेरा लगाउँदा के मिठाइ पाइन्छ त? यसका लागि पहिले मिठाइ खुवाउने र त्यसपछि बनाउने विधि सिकाउने हलुवाइ नै खोज्नु पर्छ। अनि उनले भने जस्तो मात्र गर्नु पर्छ, अन्यथा होइन।

ठीक यसरी नै तीर्थस्थलहरूको पूजा गर्नुको सट्टा शास्त्र अनुसार पूर्ण परमात्मा कबीर साहेबको भक्ति गर्ने र सो तरिका बताउने सन्तको खोजी गर्नु पर्छ। उनले जसो भन्छन् त्यसो मात्र गर्नु पर्छ, आफ्नो मनोमानी गर्नु हुँदैन।

सामवेद संख्या नं. १४०० उतार्चिक अध्याय १२, खण्ड ३, श्लोक नं. ५ (सन्त रामपाल दास महाराज जीबाट भाषा-भाष्य) :-

भद्रा वस्त्रा समन्याऽवसानो महान् कविर्निवचनानी शंसन्।
आ वच्यस्व चम्वोः पूयमानो विचक्षणो जागृविर्देववीतौ।।५।।

**अनुवाद** :- चलाख व्यक्तिहरूले आफ्ना वचनले पूर्ण परमात्मा (पूर्ण ब्रह्म) को पूजा गर्ने सतमार्गको दर्शन नगरेर अमृत दिनुको सट्टा भूत पूजा, पितृपूजा, श्राद्ध, तीनै गुण (रजगुण, सतगुण र तमगुण) तथा ब्रह्म कालको पूजा र मन्दिर, मस्जिद, गुरूद्वारा, चर्च तथा तीर्थ, व्रत जस्ता उपासना रूपी खटिरा तथा घाउबाट निस्केका पीपलाई आदरसाथ आचमन गराइ रहेका हुन्छन्। उसलाई परमसुखदायक पूर्ण ब्रह्म कबीरले सशरीर साधारण भेष भुषामा (वस्त्रको अर्थ भेषभुषा हो र सन्तको भाषामा यसलाई चोला पनि भनिन्छ, जस्तो कुनै सन्तले शरीर त्यागेर जानु भएमा महात्माले चोला छोडेर जानु भयो भनिन्छ) सत्यलोकको शरीर समान अर्को तेजपुञ्जको शरीर धारण गरी आम व्यक्ति सरह केही दिन संसारमा जीवन बिताएर आफ्ना शब्द साखीहरू (ज्ञान विषयक कविता) का माध्यमले सत्यज्ञानको वर्णन गर्दै पूर्ण परमात्माको लुकेको वास्तविक सत्यज्ञान तथा भक्तिलाई जागृत गराउनु हुन्छ।

**गीता अध्याय नं. १६ को श्लोक नं. २३ :-**

यः,शास्त्रविधिम्,उत्सृज्य,वर्तते,कामकारतः,न,सः,सिद्धिम्,अवाप्नोति,न,सुखम्,न,पराम्, गतिम्।।

**अनुवाद** :- शास्त्र विधिलाई त्यागेर आफ्नो इच्छाले मनोमानी आचरण गर्ने मानिसले न सिद्धि न परम गति न त सुख नै प्राप्त गर्छ।

**गीता अध्याय नं. ६ को श्लोक नं. १६ :-**

न, अति, अश्नतः, तु, योगः, अस्ति, न, च, एकान्तम्, अनश्नतः, न, च, अति, स्वप्नशीलस्य, जाग्रतः, न, एव, च, अर्जुन।।

**अनुवाद**:- हे अर्जुन! यो योग अर्थात् भक्ति न अधिक खानेहरू, न विल्कुलै नखानेहरू, न एकान्त स्थानमा आसन लगाई साधना गर्नेहरू तथा न अधिक शयन गर्ने स्वभाव भएकाहरू र न त सदा जागृत रहनेहरूको सिद्ध हुन्छ।

पूजैं देई धाम को, शीश हलावे जो। गरीबदास साची कहै, हद काफिर है सो।।
कबीर, गंगा काठै घर करै, पीवै निर्मल नीर। मुक्ति नहीं हरि नाम बिन, सतगुरू कहैं कबीर।।
कबीर, तीर्थ कर-कर जग मूवा, उडै पानी न्हाय। राम ही नाम ना जपा, काल घसीटे जाय।।
गरीब, पीतल ही का थाल है, पीतल का लोटा। जड मूरत को पूजतें, आवैगा टोटा।।
गरीब, पीतल चमच्चा पूजिये, जो थाल परोसै। जड मूरत किस काम की, मति रहो भरोसै।।
कबीर, पर्वत पर्वत मैं फिर्या, कारण अपने राम। राम सरीखे जन मिले, जिन सारे सब काम।।

## ४. पितृ पूजा निषेध

**कुनै पनि प्रकारको पितृ पूजा, श्राद्ध आदि गर्नु हुँदैन। गीता ज्ञानदाताले पनि यी पितृहरूको तथा भूतहरूको पूजा गर्न पूर्ण रूपमा मनाही गर्दै गीता जीको अध्याय नं. ९ को श्लोक नं. २५ मा भनेका छन् :-**

यान्ति,देवव्रताः,देवान्,पितृऋन्,यान्ति,पितृव्रताः। भूतानि,यान्ति,भूतेज्याः,मद्याजिनः,अपि,माम्।

**अनुवाद** :- देवताहरूको पूजा गर्नेहरूले देवता नै प्राप्त गर्छन्, पितृहरूको पूजा गर्नेहरूले पितृ नै प्राप्त गर्छन् तथा भूतहरूलाई पूजा गर्नेहरूले भूत नै प्राप्त गर्छन् र मतानुसार पूजा गर्ने भक्तहरु मबाटै लाभान्वित हुन्छन्।

**बन्दी छोड गरीबदास महाराज जी पनि भन्छन् :-**

गरीब, भूत रमै सो भूत है, देव रमै सो देव।
राम रमै सो राम है, सुनो सकल सुर भेव।।

**यसैले, पूर्ण मुक्ति गराउन सक्ने (पूर्ण परमात्मा) परमेश्वरको भक्ति गर। वहाँ परमात्मा पूर्ण ब्रह्म सत्यपुरूष (सत कबीर) हुनु हुन्छ। गीता जीको अध्याय नं. १८ को श्लोक नं ४६ मा यसको प्रमाण छ :-**

यतः प्रवृतिर्भूतानां येन सर्वमिंद ततम्।
स्वकर्मणा तमभ्यर्च्य सिद्धिं विन्दति मानवः।।४६।।

**अनुवाद** :- जुन परमेश्वरबाट सम्पूर्ण प्राणीहरूको उत्पत्ति भएको छ र जसबाट यो समस्त जगत् व्याप्त छ, ती परमेश्वरको आफ्नो स्वाभाविक कर्महरूद्वारा पूजा गरेर मनुष्यले परम सिद्धि प्राप्त गर्दछ।

**गीता अध्याय नं १८ को श्लोक नं. ६२ मा पनि भनिएको छ :-**

तमेव शरणं गच्छ सर्वभावेन भारत।
तत्प्रसादात्परां शान्तिं स्थानं प्राप्स्यसि शास्वतम्।।६२।।

**अनुवाद** :- ए भरतवंशी अर्जुन ! तिमी सर्वभावले ती ईश्वरकै शरणमा जाऊ। वहाँको कृपाले तिमीलाई परम शान्ति र अविनाशी परम (संसारभन्दा माथिको) पद प्राप्त हुन्छ। **सर्वभावको तात्पर्य कुनै अन्य पूजा नगरेर मन-कर्म-वचनले एक परमेश्वरमा आस्था राख्नु हो।**

**गीता अध्याय नं. ८ श्लोक नं. २२ मा भनिएको छ :-**

पुरूषः स परः पार्थ भक्तया लभ्यस्त्वनन्यया।
यस्यान्तः स्थानि भूतानि येन सर्वमिदं ततम्।।२२।।

**अनुवाद** :- हे पृथानन्दन अर्जुन ! सम्पूर्ण प्राणी जसमा अन्तर्निहित छन् र जसबाट यो सम्पूर्ण संसार व्याप्त छ, ती परम पुरूष परमात्मा त अनन्यभक्तिद्वारा प्राप्त हुने योग्य हुनु हुन्छ।

**अनन्य भक्तिको तात्पर्य अरू देवी देवताहरु अर्थात् तीन गुणहरु (रजगुण-ब्रह्मा, सतगुण-विष्णु, तमोगुण-शिव) को नभई एउटै परमेश्वर (पूर्ण ब्रह्म) को भक्ति गर्नु हो।**

**गीताजीको अध्याय नं. १५ श्लोक नं. १ देखि ४ मा यसकै प्रमाण दिइएको छ।**

**गीता अध्याय नं. १५ को श्लोक नं. १ :-**

ऊर्ध्वमूलम्, अधःशाखम्, अश्वत्थम्, प्राहुः अव्ययम्,
छन्दांसि, यस्य, पर्णानि, यः, तम्, वेद, सः, वेदवित्।।१।।

**अनुवाद** :- माथिल्तिर जरा र तलतिर हाँगा भएको अविनाशी विस्तृत संसार रूपि पिपलको वृक्ष हो, जसका स-साना भाग वा हाँगा तथा पातहरु भनिएका छन्, त्यस संसार रूपि वृक्षलाई जसले यस प्रकार जान्दछ त्यो पूर्ण ज्ञानी अर्थात् तत्वदर्शी सन्त हो।

**गीता अध्याय नं. १५ को श्लोक नं. २ :-**

अधः, च, ऊर्ध्वम्, प्रसृताः, तस्य, शाखाः, गुणप्रवृद्धाः, विषयप्रवालाः,
अधः, च, मूलानि, अनुसन्ततानि, कर्मानुबन्धीनि, मनुष्यलोके।।२।।

**अनुवाद** :- त्यस रूखको तल्तिर र माथिल्तिर तीन गुणहरु (ब्रह्मा-रजगुण, विष्णु-सतगुण र शिव-तमगुण) का रूपमा फैलिएका काम, क्रोध, मोह, लोभ, अहंकार जस्ता विकाररूपी पालुवा, हाँगा स्वरूपका ब्रह्मा, विष्णु र शिव नै जीवलाई कर्ममा बाँध्ने मूल

कारण हुन् तथा मनुष्यलोक, स्वर्ग, नरकलोक, पृथ्वीलोकमा तलतिर (चौरासीलाख जुनीमा) र मास्तिर समेत व्यवस्थित गरिएको छ।

**गीता अध्याय नं. १५ को श्लोक नं. ३ :-**

न, रूपम्, अस्य, इह, तथा, उपलभ्यते, न, अन्तः, न, च, आदिः, न, च,
सम्प्रतिष्ठा, अश्वत्थम्, एनम्, सुविरूढमूलम्, असङ्गशस्त्रेण, दृढेन, छित्वा।।३।।

**अनुवाद** :- यस रचनाको न सुरूवात न त अन्त्य नै छ, न त्यस्तो स्वरूप पाइन्छ। यहाँ विचार कालमा वा मैले दिइ रहेको गीताको ज्ञानबारे मलाई पनि पूर्ण जानकारी छैन किनकि सबै ब्रह्माण्डहरूको रचनाको स्थितिसम्बन्धी मलाई राम्रो ज्ञान छैन। राम्रोसँग स्थायी स्थिति भएको, बलियो स्वरूप भएको यो निर्लेप तत्त्वज्ञानरूपी दृढ शस्त्रले अर्थात् निर्मल तत्त्वज्ञानले काटेर अर्थात् निरञ्जनको भक्तिलाई क्षणिक जानेर मात्र यसलाई बुझ्न सकिन्छ।

**गीता अध्याय नं. १५ को श्लोक नं. ४ :-**

ततः पदं तत्परिमार्गितव्यं यस्मिन्गता न निवर्तन्ति भूयः।
तमेव चाद्यं पुरूषं प्रपद्ये यतः प्रतृत्ति प्रसृता पुराणी।।४।।

**अनुवाद**:- त्यसपछि ती परमपद परमात्माको खोज गर्नु पर्छ। जसलाई प्राप्त गरेको मनुष्य फर्केर संसारमा पुनः आउँदैन र जसबाट अनादि कालदेखि चलि आइ रहेको यो सृष्टि विस्तार प्राप्त भएको छ, ती आदि पुरूष परमात्माको नै म शरणागत छु।

**यसै आधारमा स्वयं भगवान श्रीकृष्णले देवी-देवताका राजा इन्द्रको पूजा छोड्न लगाएर परमात्माको भक्ति गर्ने प्रेरणा दिएका थिए। त्यसैले गोवर्धन पर्वत उठाएर इन्द्रको क्रोधबाट ब्रजबासीहरूको रक्षा उनले गरेका थिए।**

गरीब, इन्द्र चढा ब्रिज डुबोवन, भीगा भीत न लेव।
इन्द्र कढाई होत जगत् में, पूजा खा गए देव।।
कबीर, इस संसार को, समझाऊँ कै बार।
पूँछ जो पकडै भेढ की, उतरा चाहै पार।।

**५. गुरूको आज्ञा पालन गर्नु**

**गुरूदेव जीको आज्ञा बिना घरमा कुनै पनि प्रकारको धार्मिक अनुष्ठान गर्नु हुँदैन। बन्दी छोडले आफ्नो वाणीमा भन्नु भएको छ :-**

"गुरू बिन यज्ञ हवन जो करहीं, मिथ्या जावे कवहुँ नहीं फलहिं"
कबीर, गुरू बिन माला फेरते, गुरू बिन देते दान।
गुरू बिन दोनों निष्फल है, पुछो वेद पुराण।।

**६. माता मसानी पुज्न निषेध**

**आफ्नो खेतमा बनेका थान र मठ-मन्दिर वा कुनै अन्य देवताको समाधि पुज्नु हुँदैन। कसैको पनि समाधि पुज्नै हुँदैन। अन्य कुनै उपासना पनि गर्नु हुँदैन।**

**यहाँसम्म कि तीनवटै गुणहरु (ब्रह्मा, विष्णु र शिव) को पूजा पनि गर्नु हुँदैन। गुरूले बताउनु भएको अनुसार मात्र गर्नु पर्छ।**

**गीता अध्याय नं. ७ को श्लोक नं. १५ :-**

न, माम्, दुष्कृतिनः, मूढाः, प्रपद्यन्ते, नराधमाः,
मायया, अपहृतज्ञानाः, आसुरम्, भावम्, आश्रिताः।।

**अनुवाद** :- मायाले ज्ञान हरण गरि सकेका आसुर स्वभाव धारण गरेका नीच कर्म गर्ने मुर्खहरूले मलाई भज्दैनन् अर्थात् तिनीहरु तीनवटै गुणहरु (रजगुण-ब्रह्मा, सतगुण-विष्णु, तमगुण-शिव) को साधना नै गरि हन्छन्।

कबीर, माई समानी शेढ शीतला, भैरव भूत हनुमंत। परमात्मा उनसे दूर है, जो इनको पूजंत।।
कबीर, सौ वर्ष तो गुरू की सेवा, एक दिन आन उपासी। वो अपराधी आत्मा, परै काल की फांसी।।
गुरू को तजै भजै जो आना। ता पसुवा को फोकट ज्ञाना।।

**७. सङ्कट मोचन कबीर साहेब हुनु हुन्छ**

**कर्म कष्ट (सङ्कट) भएमा कुनै पनि इष्ट देवताको या माता मसानी (बोक्सी-डाइनी) आदिको पूजा कहिल्यै गर्नु हुँदैन। कुनै पनि प्रकारको भाकल गर्नु नै हुँदैन। बन्दीछोड कबीर साहेब नै सबै दुःख हरण गर्ने सङ्कट मोचन हुनु भएकोले वहाँलाई मात्र पुज्नु पर्छ।**

**सामवेद संख्या नं. ८२२ उतार्चिक अध्याय ३ खण्ड नं. ५ श्लोक नं. ८ (सन्त रामपाल दासले गर्नुभएको भाषा-भाष्य) :-**

मनीषिभिः पवते पूर्व्यः कविर्नृभिर्यतः परि कोशां असिष्यदत्।
त्रितस्य नाम जनयन्मधु क्षरन्निन्द्रस्य वायुं सख्याय वर्धयन्।।८।।

**नेपाली अनुवाद** :- सनातन अर्थात् अनिवाशी कबीर परमेश्वरलाई हृदयदेखि नै चाहनेहरू तथा श्रद्धापूर्वक भक्ति गर्ने भक्तात्मालाई तीन मन्त्र उपदेश दिएर पवित्र गरेर जन्म तथा मृत्युबाट रहित गर्नु हुन्छ तथा उसको संस्कारवस आफ्नो मित्र अर्थात् भक्तका रूपमा गणना गरी दिइएको प्राण अर्थात् जीवन श्वासहरूलाई आफ्नो भण्डारबाट पूर्ण रूपमा बढाउनु हुन्छ। जस कारणले परमेश्वरको वास्तविक आनन्दलाई आफ्नै आशिर्वाद प्रसादले प्राप्त गराउनु हुन्छ।

कबीर, देवी देव ठाढे भये, हमको ठौर बताओ। जो मुझ (कबीर) को पूजैं नही, उनको लुटो खाओ।।
कबीर, काल जो पीसै पीसना, जोरा है पनिहार। ये दो असल मजूर हैं, सतगुरू के दरबार।।

**८. अनावश्यक दान निषेध**

**कहीं-कसैलाई दानका रूपमा केही दिनु हुँदैन। पैसा र नसिलाइएको कपडा आदि केही पनि दिनु हुँदैन। कसैले दानका रूपमा केही माग्न आए उसलाई खाना तथा चिया, पानी, लस्सी आदि दिनु हुन्छ तर नगद वा नपकाएको जिन्सी वस्तु चाहिँ दिनु हुँदैन। के थाहा त्यस भिक्षुले पैसाको दुरूपयोग पो गर्छ कि? जस्तो : एउटा भिखारीले आफ्नो छोरो उपचार नपाएर छट्पटाइ रहको छ भन्ने झुटो कुरा**

एकजना व्यक्तिलाई सुनायो। झुटो कहानी सुनाएपछि उसले केही पैसा माग्यो। भावनामा बगेर त्यस व्यक्तिले भिखारीलाई १०० रूपियाँ दियो। त्यो भिखारी पहिले एक पाउ रक्सी पिउने गर्थ्यो भने त्यस दिन उसले आधा बोतल रक्सी पियो र श्रीमतीलाई धेरै कुट-पीट गऱ्यो। उसकी श्रीमतीले बालबच्चासहित आत्महत्या गरिन्। त्यो व्यक्तिले गरेको त्यो दान त्यस परिवारको विनाशको कारण बन्यो। यदि तपाई यस्तो दुःखी व्यक्तिलाई मद्दत गर्न चाहनु हुन्छ भने उसको बालकलाई औषधी किनि दिनु होस्, पैसा नदिनु होस्।

कबीर, गुरू बिन माला फेरते, गुरू बिन देते दान। गुरू बिन दोनों निष्फल हैं, पूछो वेद पुरान।।

९. जुठो खान निषेध

जाँड-रक्सी, माछा-मासु, सूर्ती, अण्डा, बियर, अफीम, गाँजा आदि सेवन गर्ने मानिसको जुठो खानु हुँदैन।

१०. सत्यलोक गमन (देहान्त) पछि किरिया-कर्म निषेध

परिवारमा कसैको मृत्यु भएमा घरको कुनै सदस्य वा अन्य कसैले पनि चितामा अग्नि दिनु हुन्छ तर अग्नि प्रज्वलित गर्ने समयमा मङ्गलाचरण वाचन गरि दिनू । तर उसको अस्थि आदि केही पनि उठाउनु हुँदैन। त्यो ठाउँ सफा गर्नु अनिवार्य भएमा ती अस्थिहरु आफूले नै उठाएर कुनै ठाउँमा बगि रहेको पानीमा सेलाइ दिनु र त्यस बेला मङ्गलाचरण गरि दिनु। पिण्ड दिनु पर्दैन तथा तेऱ्हौं, ६ मासिक, बर्खी, आदि कुनै पनि श्राद्ध गर्नु पर्दैन। अरू कोही पनि व्यक्तिबाट हवन आदि गराउनु हुँदैन। शोक व्यक्त गर्न आउने आफन्त तथा नातेदारहरूका लागि कुनै एक दिन छुट्याएर त्यस दिन पनि सँधैं झैं नित्य नियम गरेर ज्योति जागृत गर्नु होस्, अनि सबैलाई खाना खुवाउनु होस्। तपाईं मर्ने व्यक्तिको नाममा कुनै धर्म गर्न चाहनु हुन्छ भने आफ्नो गुरूदेवको आज्ञा लिएर बन्दीछोड गरीबदास जी महाराजको अमृतमयी वाणीको अखण्ड पाठ गराउनु होस्। पाठ गर्ने आज्ञा मिलेन भने त्यो परिवारको उपदेशी (उपदेश प्राप्त) भक्तले चार वा सात दिनसम्म घरमा शुद्ध घिउको एउटा अखण्ड बत्ती बाल्नु होस् तथा प्रतिदिन चारपटक ब्रह्म गायत्री मन्त्र जप गर्नु होस्। उक्त सत्यलोक वासीका लागि तीन वा एक पटकको मन्त्रको दान सङ्कल्प गर्नु होस्। तपाईंलाई उचित लागे अनुसार एक, दुई वा तीन पटकसम्मको मन्त्र जपको फल उसलाई दान गरि दिनु होस्। निम्न कुरा सम्झिँदै प्रतिदिनको जस्तै ज्योति जगाउने तथा आरती गाउने र नाम स्मरण गर्ने कार्य गरि रहनु होस्:-

कबीर, साथी हमारे चले गए, हम भी चालन हार। कोए कागज में बाँकी रह रही, ताते लाग रही वार।।
कबीर, देह पडी तो क्या हुआ, झुठा सभी पटीट। पंक्षी उड्या आकाश कूं, चलता कर गया बिट।।

## कर्म काण्डको विषयमा सत्य कथा

मेरा (सन्त रामपाल दासका) पूज्य गुरूदेव स्वामी राम देवानन्द जी महाराज सोऱ्ह (१६) वर्षको हुँदा एकजना महात्माको सत्सङ्ग सुनेपछि बैरागी हुनु भएको

थियो। एक दिन वहाँ खेतमा जानु भएको थियो। नजिकै वन थियो। वहाँले वनमा गएर एउटा मरेको जनावरको हड्डीहरु भएकै ठाउँमा आफूले लगाएका लुगा च्यातेर फ्याँकि दिनु भयो र महात्मा जीका साथ लागेर जानु भएको थियो।

वहाँको खोजी हुँदा वनमा केही हड्डीहरूसँगै वहाँका फाटेका लुगा भेटिए र कुनै जङ्गली जनावरले वहाँलाई खाएछ भन्ने वहाँका आफन्तहरूले सोचे। ती लुगा तथा हड्डीहरु उठाएर घरमा ल्याई अन्तिम संस्कार गरेर तेन्हौं, ६ मासिक तथा श्राद्ध समेत गर्न थाले।

मेरा पुज्य गुरूदेव धेरै वृद्ध हुनु भएपछि एक पटक घर जानु भएको थियो। अनि वहाँले घर छाडी जानु भएको र वहाँ जिवितै हुनु भएको कुरा आफन्तहरूले थाहा पाए। वहाँले घर छोडेर जानु भएपछि वहाँको खोजी भएको र वनमा केही हड्डीहरूसँगै वहाँको लुगा भेटिएकोले कुनै जङ्गली जनावरले खाएछ भन्ने सोची ती लुगा तथा हड्डीहरु घरमा ल्याएर अन्तिम संस्कार गरि दिएको कुरा उनीहरूले बताए।

अनि मैले (रामपाल दासले) मेरा पुज्य गुरूदेवको कान्छी बुहारी (भाइको श्रीमती) लाई हाम्रा पुज्य गुरूदेव घर छोडेर जानु भएपछि तपाईंले के के गर्नु भयो? भनी सोधेँ। आफ्नो विवाह भएर घरमा आउँदा त वहाँको श्राद्ध भइ रहेको थियो भन्ने कुरा बताउँदै मैले आफ्नै हातले यिनको ६० वटा श्राद्ध गरि सकेकी छु भनिन्। भैंसीले दूध नदिने, थुनमा खराबी आउने र घरमा यस्तै प्रकारका अरू कुनै हानी नोक्सानी हुँदा हामी धामी कहाँ जान्थ्यौं र धामीले तिम्रो घरमा कोही निसन्तान (अविवाहित) मरेकोले दुःख दिइ रहेको छ भन्थे। अनि त्यसलाई शान्त पार्न उसलाई लुगा कपडा आदि दान गर्ने गर्दै आइ रहेका छौं।

अनि मैले (रामपाल जी महाराजले) ती वृद्धालाई वहाँले त संसारको उद्धार गरि रहनु भएको छ, वहाँले कसलाई दुःख दिनु भएको थियो र ? बरू वहाँ त सुखदाता पो हुनु हुन्छ। वहाँ त तपाईंको सामुन्ने नै हुनु हुन्छ, अब यी व्यर्थका श्राद्ध जस्ता साधनाहरु गर्न छोडि दिनु होस् है भने। तब उनले यो त पुरानो रीति-रिवाज हो, यो कसरी छोडौं ?" भनेर जवाफ दिइन् अर्थात् हामी आफ्ना पुराना रिवाजहरूमा यति अभ्यस्त भएका छौं कि हामीले गल्ती गरि रहेको प्रत्यक्ष प्रमाण भएर पनि छोड्न सक्दैनौं। यसबाट श्राद्ध, पितृपूजा आदि जस्ता कार्य गर्नु व्यर्थ हुन् भन्ने प्रमाणित हुन्छ।

११. शिशुको जन्ममा शास्त्र विरूद्ध पूजा निषेध

शिशुको जन्मपछि छैठौं आदिजस्ता कुरा मान्नु पर्दैन। सुतकको कारणले दैनिक रूपमा गरिने पूजा, भक्ति, आरती, ज्योति जगाउने आदि काम रोक्नु पर्दैन।

यस सन्दर्भमा एउटा छोटो कथा भन्छु - एकजना मानिसको विवाह भएको दस वर्षपछि छोरो जन्मियो। छोरो पाएको खुशीमा उसले धेरै हर्क बढाइ गऱ्यो। उसले बीस पच्चीसवटा गाउँका गाउँलेहरूलाई भोजका लागि निम्तो दियो र धेरै नाच

**गान पनि भयो अर्थात् पर्याप्त पैसा खर्च गऱ्यो। अनि एक वर्षपछि उसको त्यो छोरो मऱ्यो। अनि त्यो परिवार टाउको ठोकी ठोकी रोएर आफ्नो दुर्भाग्यलाई सराप्न थाले। यसैले कबीर साहेब बताउनु हुन्छ :**

कबीर, बेटा जाया खुशी हुई, बहुत बजाये थाल। आना जाना लग रहा, ज्यों कीडी का नाल।।
कबीर, पतझड आवत देख कर, बन रोवै मन माहि। ऊंची डाली पात थे, अब पीले हो हो जाहि।।
कबीर, पात झडंता यूं कहै, सुन भई तरुवर राय। अब के बिछुडे नही मिला, न जाने कहाँ गिरेंगे जाय।।
कबीर, तरुवर कहता पात से सुनों पात एक बात। यहाँ की याहे रीति है, एक आवत एक जात।।

**१२. देवीको धाममा कपाल काटेर चढाउन निषेध**

**बालबालिकाको कपाल चढाउन देवीको धाममा जानु हुँदैन। कपाल लामो हुनासाथ काटेर फ्याँक्नु पर्छ। एउटा मन्दिरमा एकजना श्रद्धालु भक्त आफ्नो छोरा वा छोरीको कपाल काटी चढाउन गयो। त्यहाँ भएको नाइले बाहिर चलेकोभन्दा तीनगुना बढी पैसा लियो र एक पटक कैंचीले काटेको कपालको मुठो आमाबुबालाई दियो। उनीहरूले त्यो कपाल श्रद्धापूर्वक मन्दिरमा चढाए। पुजारीले त्यसलाई एउटा थैलोमा राखि दियो र राती उठाएर एकान्त ठाउँमा फ्याँकि दियो। यो त नाटक मात्र हो। पहिलेको जसरी स्वाभाविक तरिकाले कपाल काटौं र फालौं। परमात्मा नामबाट प्रसन्न हुनु हुन्छ, पाखण्डले होइन।**

**१३. नाम जपबाट सुख**

**नाम (उपदेश) दुःख निवारणको दृष्टिकोणले मात्र लिनु हुँदैन, बरू आत्म कल्याणका लागि लिनु पर्छ। अनि स्मरण गर्नाले सबै सुखहरु आफैं आउँछन्।**

कबीर, सुमिरण से सुख होत है, सुमिरण से दुःख जाए।
कहैं कबीर सुमिरण किए, सांई माहिं समाय।।

**१४. व्यभिचार निषेध**

**पराइ स्त्रीलाई आमा, छोरी तथा दिदी-बहिनीको दृष्टिकोणले हेर्नु पर्छ। व्यभिचार महापाप हो। जस्तो :-**

गरीब, पर द्वारा स्त्री का खोलै। सत्तर जन्म अन्धा हो डोलै। सुरापान मद्य मांसाहारी। गवन करें भोगै पर नारी।। सत्तर जन्म कटत हैं शीशं। साक्षी साहिब है जगदीशं।।
पर नारी ना परसियों, मानो वचन हमार। भवन चर्तुदश तास सिर, त्रिलोकी का भार।।
पर नारी ना परसियो, सुनो शब्द सलतंत। धर्मराय के खंभ से, अर्धमुखी लटकंत।।

**१५. निन्दा सुन्न तथा गर्न निषेध**

**आफ्नो गुरूको निन्दा भुलेर पनि गर्नु हुँदैन र सुन्नु पनि हुँदैन। सुन्नु भन्नाले कसैले आफ्नो गुरूको बारेमा मिथ्या कुरा गरेमा झगडा गर्नु भनेको होइन बरू त्यसले विचारै नगरी बोलि रहेको छ अर्थात् झुटो कुरा गरि रहेको छ भन्ने सम्झनु पर्छ।**

गुरू की निंदा सुनै जो काना। ताको निश्चय नरक निदाना।।
अपने मुख निंदा जो करहीं। शुकर श्वान गर्भ में परहीं।।

**निन्दा त कसैको पनि गर्नु हुँदैन र सुन्नु पनि हुँदैन। चाहे ती साधारण व्यक्ति नै किन न हुन्। कबीर साहेबले भन्नु हुन्छ :**

"तिनका कबहू न निन्दीये, जो पावं तले हो। कबहु उठ आखिन पडे, पीर घनेरी हो।।"

**१६. गुरू दर्शनको महिमा**

**सत्सङ्गमा समय पाउनासाथ आउने कोशिस गर्नु पर्छ। सत्सङ्गमा नक्कल (मान-मनितो) गर्नका लागि आउनु हुँदैन। आफूलाई एउटा रोगी सम्झेर आउनु पर्छ। रोगी व्यक्ति चाहे जति नै पैसा भएको वा उच्च पदमा रहेको भएपनि अस्पताल जाने उसको उद्देश्य त रोगमुक्त हुनु नै हो। डाक्टरले सुत्नु भन्दा ऊ सुत्छ, बस्नु भन्दा बस्छ र बाहिर जानु भन्दा बाहिर जान्छ। फेरि भित्र आउनु भनी बोलाउँदा चुपचाप भित्र आउँछ। ठीक यसै प्रकारले तपाई सत्सङ्गमा आउने हो भने मात्र तपाईंलाई सत्सङ्गमा आएको लाभ हुन्छ अन्यथा आगमन निस्फल हुन्छ। सत्सङ्गमा बस्ने ठाउँ जहाँ मिल्यो त्यहीँ बस्नु पर्छ र जे पाइयो त्यो परमात्मा कबीर साहेबको कृपाले पाएको प्रसाद सम्झेर खुशीपूर्वक खानु पर्छ।**

कबीर, संत मिलन कूं चालिए, तज माया अभिमान। जो-जो कदम आगे रखे, वो ही यज्ञ समान।।
कबीर, संत मिलन कूं जाईए, दिन में कई-कई बार। आसोज के मेह ज्यों, घना करे उपकार।।
कबीर, दर्शन साधु का, परमात्मा आवै याद। लेखे में वोहे घडी, बाकी के दिन बाद।।
कबीर, दर्शन साधु का, मुख पर बसै सुहाग। दर्श उन्हीं को होत हैं, जिनके पूर्ण भाग।।

**१७. गुरू महिमा**

**कहीँ पाठ या सत्सङ्ग भइरहेको ठाउँमा जाँदा वा गुरू जीको दर्शन गर्न मात्र जाँदा सबैभन्दा पहिला गुरू जीलाई दण्डवत (सुतेर) प्रणाम गर्नु पर्छ र त्यसपछि सतग्रन्थ साहेब तथा कबीर साहेब, गरीबदास जी, स्वामी रामदेवानन्द जी तथा गुरू जीका मूर्ति वा तस्विरहरूलाई प्रणाम गर्नु पर्छ, जसको उद्देश्य मात्र भावना कायम राख्नु हो। मूर्ति पूजा गर्नु हुँदैन। प्रणाम मात्र गर्नु भनेको पूजा गर्नु होइन। यसले भक्तलाई श्रद्धा कायम गरि राख्न सहयोग गर्छ। पूजा चाहिँ तात्कालीन गुरू तथा नाम मन्त्रको गर्नु पर्छ, जसले मुक्त गराउँछ।**

कबीर, गुरू गोविन्द दोऊ खडे, काके लागुं पाय।
बलिहारी गुरू आपने, जिन गोविन्द दियो मिलाय।।
कबीर, गुरू बडे हैं गोविन्द से, मन में देख विचार। हरि सुमरे सो रह गए, गुरू भजे होय पार।।
कबीर, हरि के रूठतां, गरू की शरण मे जाय। कबीर गुरू जै रूठजां, हरि नही होत सहाय।
कबीर, सात समुद्र की मसि करूं, लेखनि करूं बनिराय।
धरती का कागज करूं, तो गुरू गुन लिखा न जाय।।

## १८. मासु खान निषेध

**अण्डा तथा मासु खानु र जीव हिंसा गर्नु हुँदैन। यी महापाप हुन्। साहेब कबीर जी महाराज तथा गरीबदास जी महाराजले बताउनु भएको छ :**

कबीर, जीव हने हिंसा करे, प्रकट पाप सिर होय। निगम पुनि ऐसे पाप तें, भिस्त गया नहि कोय॥१॥
कबीर, तिलभर मछली खायके, कोटि गऊ दे दान। काशी करौंत ले मरे, तो भी नरक निदान॥२॥
कबीर, बकरी पाती खात है, ताकी काढी खाल। जो बकरीको खात है, तिनका कौन हवाल॥३॥
कबीर, गला काटि कलमा भरे, कीया कहै हलाल। साहब लेखा मांगसी, तब होसी कौन हवाल॥४॥
कबीर, दिनको रोजा रहत है, रात हनत हैं गाय। यह खून वह वंदगी, कहुं क्यों खुशी खुदाय॥५॥
कबीर, कबिरा तेई पीर है, जो जानै पर पीर। जो पर पीर न जानि है, सो काफिर बेपीर॥६॥
कबीर, खूब खाना है खीचडी, माहीं परी टुक लौन। मांस पराया खायकै, गला कटावै कौन॥७॥
कबीर, मुसलमान मारैं करदसो, हिंदू मारैं तरवार। कहै कबीर दोनूं मिलि, जैहैं यमके द्वार॥८॥
कबीर, मांस अहारी मानव, प्रत्यक्ष राक्षस जानि। ताकी संगति मति करै, होइ भक्ति में हानि॥९॥
कबीर, मांस खांय ते ढेड सब, मद पीवैं सो नीच। कुलकी दुरमति पर हरै, राम कहै सो ऊंच॥१०॥
कबीर, मांस मछलिया खात हैं, सुरापान से हेत। ते नर नरकै जाहिंगे, माता पिता समेत॥११॥
गरीब, जीव हिसा जो करते हैं, या आगे क्या पाप। कंटक जुनी जिहान में, सिंह भेडिया और सांप॥
झोटे बकरे मुरगे ताई। लेखा सब ही लेत गुसाई॥ मृग मोर मारे महमंता। अचरा चर है जीव अनंता॥

जिह्वा स्वाद हिते प्राना। नीमा नाश गया हम जाना॥
तीतर लवा बुटेरी चिडिया। खूनी मारे बडे अगडिया॥
अदले बदले लेखे लेखा। समझ देख सुन ज्ञान विवेका॥
गरीब, शब्द हमारा मानियो, और सुनते हो नर नारि।
जीव दया बिन कुफर है, चले जमाना हारि॥

**अनजानमा भएको हिंसाको पाप लाग्दैन। बन्दी छोड कबीर साहेब भन्नु हुन्छः**

"इच्छा कर मारै नही, बिन इच्छा मर जाए। कहै कबीर तास का, पाप नही लगाए ॥"

## १९. गुरूद्रोहीसित सम्पर्क निषेध

**गुरू जीसँग विद्रोह गर्ने (विमुख हुने) भक्त महापापको भागी हुन्छ। कसैलाई मार्ग राम्रो नलागेमा कसैले पनि आफ्नो गुरू फेर्न सक्छ। पूर्व गुरूसँग शत्रुता राख्ने वा पूर्व गुरूको निन्दा गर्नेलाई चाहिँ गुरूद्रोही भनिन्छ। त्यस्तो व्यक्तिसँग भक्ति चर्चा गर्दा उपदेशीलाई दोष लाग्छ। उसको भक्ति समाप्त हुन्छ।**

गरीब, गुरू द्रोही की पैड पर, जे पग आवै बीर। चौरासी निश्चय पडै सतगुरू कहैं कबीर॥
कबीर, जान बुझ साची तजै, करै झुठे से नेह। जाकी संगत हे प्रभु, स्वपन में भी ना देह॥

**अर्थात्, गुरूद्रोहीको सङ्गत गर्नेहरू भक्ति रहित भएर नरक वा चौरासी लाख जुनिमा जान्छन्।**

२०. जुवा निषेध

जुवा, तास कहिल्यै खेल्नु हुँदैन।

कबीर, मांस भखै और मद पिये, धन वेश्या सों खाय। जूआ खेलि चोरी करै, अंत समूला जाय।।

२१. नाच गान निषेध

**कुनै पनि प्रकारको खुशीको अवसरमा नाच्नु वा अश्लील गीत गाउनु भक्तिभावको विरूद्ध हो। उदाहरणका लागि, एकजना विधवा बहिनी कुनै खुसीको अवसरमा आफ्नो नातेदारकहाँ गएकी थिइन्। सबै खुसी मनाउँदै नाचगान गरि रहेका थिए तर ती बहिनी एउटा कुनामा बसेर प्रभु चिन्तनमा लागि रहेकी थिइन्। अनि उनका आफन्तहरूले उनलाई सोधे,– तपाईं किन निराश भएर बसि रहनु भएको छ ? तपाईं पनि हामीहरु जस्तै नाच्नु होस्, गाउनु होस् र खुसी मनाउनु होस् न। यसप्रति ती बहिनीले भनिन्,– के को खुसी मनाऊँ ? म विधवाको एउटा मात्र छोरो पनि भगवानको प्यारो भयो। मेरा निम्ति अब के खुसी छ र ? ठीक यस्तै प्रकारको अवस्था यस लोकको प्रत्येक व्यक्तिको छ। यहाँ गुरू नानक जीको निम्न वाणी स्मरणीय छ :-**

ना जाने काल की कर डारै, किस विधि ढल पासा वे।
जिन्हादे सिर ते मौत खुडगदी, उन्हानूं केडा हांसा वे।।
साध मिलें साडी शादी (खुशी) होंदी, विछड दां दिल गिरि (दु:ख) वे।
अखदे नानक सुनो जिहाना, मुश्किल हाल फकीरी वे।

**कबीर साहेब जी महाराज पनि भन्नु हुन्छ :-**

कबीर, झुठे सुखको सुख कहै, मान रहा मन मोद।
सकल चबीना काल का, कुछ मुख में कुछ गोद।।
कबीर, बेटा जाया खुशी हुई, बहुत बजाये थाल।
आवण जाणा लग रहा, ज्यों कीडी का नाल।।

**विशेष:- स्त्री तथा पुरूष दुवै परमात्मा प्राप्तिका अधिकारी हुन्। महिलाहरूले मासिक धर्म (Mainces) को अवधिमा पनि आफ्नो दैनिक पूजा, ज्योति बाल्नु आदि रोक्नु हुँदैन। कसैको देहान्त तथा जन्ममा पनि दैनिक पूजा कर्म बन्द गर्नु पर्दैन।**

**नोट :- यी एक्काईस सूत्रीय आदेशहरु पालना नगर्ने भक्तको नाम समाप्त हुन्छ। अनजानमा कुनै गल्ती भएको खण्डमा भने त्यो माफ हुन्छ तर कसैले जानि-बुझी कुनै गल्ती गर्दछ भने त्यो भक्त नाम रहित हुन्छ। यसको समाधान गुरूदेव जीबाट क्षमायाचना गरेर पुनः नाम उपदेश लिनु नै हो।**

# सृष्टि रचना

## (सूक्ष्म वेदको निष्कर्ष स्वरूप सृष्टि रचनाको वर्णन)

प्रभुप्रेमी आत्माहरू! पहिलोपटक निम्न सृष्टि रचना पढेपछि दन्त्यकथा जस्तो लागे पनि सर्व पवित्र ग्रन्थहरूको प्रमाणहरू पढेपछि यी वास्तविक आध्यात्मिक अमृत ज्ञान कहाँ लुकेको थियो भनेर आश्चर्य लाग्ने छ। कृपया धैर्यपूर्वक अध्ययन गरी यस अमृतज्ञान सुरक्षित राख्नु होस्। तपाईंको एक सय एक पिढीसम्म काम लाग्ने छ। पवित्र आत्माहरू! कृपया सत्यनारायण (अविनाशी प्रभु अर्थात् सतपुरूष) द्वारा रचिएको सृष्टिको रचना अर्थात् आफूद्वारा निर्मित सर्व लोकहरूको रचनाको वास्तविक ज्ञान पढ्नु होस्।

१. पूर्ण ब्रह्म

यस सृष्टि रचनामा सत्यपुरूष (सत्यलोकका स्वामी वा प्रभु), अलख पुरूष (अलख लोकका प्रभु), अगम पुरूष (अगमलोकका प्रभु) र अनामी पुरूष (अनामीलोकका स्वामी) एउटै पूर्ण ब्रह्म हुनु हुन्छ, जो भिन्न रूप धारण गरी आफ्नो चारै लोकमा बस्नु हुन्छ। वहाँ वास्तवमा अविनाशी प्रभु हुनु हुन्छ। वहाँ अन्तर्गत असङ्ख्य ब्रह्माण्डहरु छन्।

२. परब्रह्म

यी सात शंख ब्रह्माण्डका स्वामी मात्र हुन्। यिनलाई अक्षर पुरूष भनेर पनि चिनिन्छ। तर यिनी तथा यिनका ब्रह्माण्डहरु पनि अविनाशी छैनन्।

३. ब्रह्म

यिनी त २१ ब्रह्माण्डका स्वामी (प्रभु) मात्र हुन्। यिनलाई क्षर पुरूष, ज्योति निरञ्जन, काल आदि उपमाबाट चिनिन्छ। यिनी र यिनका सबै ब्रह्माण्ड नाशवान छन्।

[उपरोक्त तीन पुरूषहरु (प्रभुहरु) को प्रमाण पवित्र श्रीमद्भगवत गीताको अध्याय १५ श्लोक १६-१७ मा पनि छन्।]

४. ब्रह्मा

यिनी ब्रह्मका जेष्ठ सुपुत्र हुन्। विष्णु माहिला अर्थात् दोस्रा र शिव कान्छो अर्थात् तेस्रा पुत्र हुन्। यी तीनै ब्रह्मका पुत्रहरू केवल एक ब्रह्माण्डमा एक विभाग (गुण) का स्वामी (प्रभु) हुन् तथा नाशवान् छन्। विस्तृत विवरणका लागि कृपया निम्न लिखित सृष्टि रचना पढ्नु होस्।

[कविर्देव (कबीर परमेश्वर) ले सुक्ष्म वेद अर्थात् कविर्वाणीमा आफूले रचना गर्नु भएको सृष्टि सम्बन्धी ज्ञान आफैंले बताउनु भएको छ। जुन निम्न अनुसार छ।]

सबैभन्दा पहिला एउटा मात्र स्थान अनामी (अनामय) लोक थियो। यसलाई अकह (अवर्णनीय) लोक पनि भनिन्छ। पूर्ण परमात्मा त्यहाँ एक्लै बस्नु हुन्थ्यो। वहाँको वास्तविक नाम कविर्देव अर्थात् कबीर परमेश्वर हो। सबै आत्माहरु वहाँ पूर्ण धनीको शरीरमा समाहित थिए। कविर्देवको त्यहाँको उपमात्मक (पदको) नाम अनामी पुरूष हो। (पुरूषको अर्थ प्रभु हो। प्रभुले मानिसलाई आफ्नै स्वरूपमा बनाउनु भएकाले मानवको नाम पनि पुरूष राखिएको हो।) अनामी पुरूषको एउटा रोम कुप (रौँको प्वाल) को प्रकाश शंख सूर्यहरूको किरणभन्दा पनि धेरै छ।

विशेषः- कुनै देशको आदरणीय प्रधानमन्त्रीको शारीरिक नाम अर्कै हुन्छ तर पदको उपमात्मक (पदवीको) नाम प्रधानमन्त्री हुन्छ। कतिपय अवस्थामा प्रधानमन्त्रीले केही विभागहरु आफूसँगै राख्छन्। कुनै विभागको दस्तावेजमा हस्ताक्षर गर्नु पर्ने समयमा उनले त्यही पद लेख्छन्। जस्तो : गृहमन्त्रालयको कागजातमा हस्ताक्षर गर्दा उनले आफूलाई गृहमन्त्री भनेर लेख्छन्। एउटै व्यक्ति भए पनि त्यहाँ उनको हस्ताक्षरको शक्ति प्रधानमन्त्रीका रूपमा गरेको हस्ताक्षरको भन्दा कम हुन्छ। यसै प्रकार फरक-फरक लोकहरूमा कबीर परमेश्वर (कविर्देव) को ज्योतिमा पनि अन्तर हुँदै जान्छ।

ठीक यसरी नै पूर्ण परमात्मा कविर्देव (कबीर परमेश्वर) ले शब्द (वचन) द्वारा तलका अरू तीन लोकहरु (अगमलोक, अलखलोक र सत्यलोक) को रचना गरेर अगम लोकमा प्रकट हुनु भयो र वहाँ त्यहाँको पनि स्वामी हुनु हुन्छ। त्यहाँ वहाँको उपमात्मक नाम अगम पुरूष (प्रभु) हो। अगम प्रभुको मानव सदृश शरीर अत्यन्त तेजिलो छ, वहाँको एउटा रोम कुपको प्रकाश खरब सूर्यहरूको प्रकाशभन्दा धेरै छ।

पूर्ण परमात्मा कविर्देव (कबिरदेव = कबीर परमेश्वर) अलख लोकमा प्रकट हुनु भयो। वहाँ अलख लोकको पनि स्वामी हुनु हुन्छ। त्यहाँ वहाँको उपमात्मक नाम अलख पुरूष हो। यी पूर्ण परमेश्वरको मानव सदृश शरीर धेरै तेजिलो, स्वज्योति (स्वयं प्रकाशित) छ। वहाँको एउटा रोम कुपको प्रकाश अरब सूर्यहरूको प्रकाशभन्दा धेरै छ।

पूर्ण प्रभु सत्यलोकमा प्रकट हुनु भयो। सत्यलोकका अधिपति वहाँ नै हुनु हुन्छ। त्यहाँ वहाँको उपमात्मक नाम सत्यपुरूष (अविनाशी प्रभु) हो। वहाँका अन्य नामहरु अकाल मूर्ति, शब्दस्वरूपी राम, पूर्ण ब्रह्म, परम अक्षर ब्रह्म आदि पनि हुन्। सत्यपुरूष कविर्देव (कबीर प्रभु) को मानव सदृश शरीर तेजोमय छ। वहाँको एउटा रोम कुपको प्रकाश करोड सूर्य तथा यत्तिनै चन्द्रमाहरूको प्रकाश भन्दा धेरै छ।

सत्यपुरूषका रूपमा प्रकट भई सत्यलोकमा विराजमान भएर कविर्देवले सत्यलोकमै अन्य लोकहरूको रचना गर्नु भयो।


वहाँले एउटा शब्द (वचन) बाट सोन्ह द्वीपहरूको रचना अनि सोन्ह शब्दहरूबाट सोन्हजना छोराहरु उत्पत्ति गर्नु भयो र एउटा मानसरोवरको रचना गरेर त्यसमा अमृत भर्नु भयो। वहाँका सोह्र छोराहरूको नाम यस प्रकार छः १. कूर्म, २.

ज्ञानी, ३. विवेक, ४. तेज, ५. सहज, ६. सन्तोष, ७. सुरति, ८. आनन्द, ९. क्षमा, १०. निष्काम, ११. जलरंगी, १२. अचिन्त, १३. प्रेम, १४. दयाल, १५ धैर्य तथा १६. योग सन्तायन अर्थात् योगजीत।

सत्यपुरूष कविर्देवले अचिन्तलाई सत्यलोकको अन्य रचनाभार सुम्पिएर रचना गर्न सक्ने शक्ति दिनु भयो। अचिन्तले शब्दबाटै अक्षर पुरूष (परब्रह्म) उत्पत्ति गरी आफूलाई सहयोग गर्न आग्रह गरे। मानसरोवरमा नुहाउन गएका अक्षर पुरूष आनन्द मानेर त्यहीँ निदाए। धेरै समयसम्म पनि नआएपछि उनलाई निन्द्राबाट ब्युँझाउन अचिन्तले कविर्देव (कबीर परमेश्वर) सँग प्रार्थना गरे। कबीर परमेश्वरले मानसरोवरबाटै केही अमृत जल लिएर एउटा अण्डा बनाई एउटा आत्मा प्रवेश गराएर मानसरोवरको अमृत जलमा राखि दिनु भयो। अण्डाको गड्गडाहटले अक्षर पुरूष ब्युँझिए र अण्डालाई रिसाएर हेरेकोले त्यो फुटेर दुई टुक्रा भयो र त्यसबाट ज्योति निरन्जन (क्षर पुरूष) निक्ले, जसलाई पछि 'काल' भनियो। यिनको वास्तविक नाम 'कैल' (क्रिडा) हो। त्यसपछि सत्यपुरूष कविर्देवले तिमीहरु दुवैजना बाहिर आऊ र अचिन्तको द्वीपमा बस भनेर आकाशवाणी गर्नु भयो। वहाँको आज्ञा पाएर अक्षर र क्षर (कैल) पुरूष दुवै अचिन्तको द्वीपमा बस्न थाले (समर्थ नभई कार्य सफल हुँदैन भन्ने बोध गराउन र फेरि प्रभुत्वतर्फ नलागून् भनेर उनीहरूको अयोग्यता देखाइ दिनु भयो)। त्यसपछि पूर्ण धनी कविर्देवले सम्पूर्ण रचना आफैँले गर्नु भयो। आफ्नो शब्द शक्तिले राजेश्वरी (राष्ट्री) शक्ति उत्पन्न गरी समस्त ब्रह्माण्डहरु स्थापित गर्नु भयो। यिनलाई पराशक्ति तथा परानन्दनी पनि भनिन्छ। पूर्ण ब्रह्मले आफ्नो शब्द शक्तिले आफूभित्रबाटै सम्पूर्ण आत्माहरूलाई आफ्नो मानव शरीर सदृश उत्पन्न गर्नु भयो। प्रत्येक हंस आत्माको शरीर परमात्माको जस्तै मानव सदृश छ र तेज सोऱ्ह (१६) सूर्य समान छ। परमेश्वरको शरीरको एक रोम कुप करोडौं सूर्यहरूभन्दा पनि धेरै प्रकाशयुक्त छ। केही समयपछि क्षर पुरूषले हामी तीनैजना (अचिन्त, क्षर पुरूष र अक्षर पुरूष) एउटै टापुमा बसेका छौँ, अरू भने एक-एक द्वीपमा छन्, म पनि साधना गरेर छुट्टै द्वीप प्राप्त गर्छु भनी सोचे। अनि एउटा गोडामा मात्र उभिएर सत्तरी (७०) युगसम्म तपस्या गरे।

## आत्माहरू कालको जालमा कसरी फसे ?

विशेषः जब ब्रह्म (ज्योति निरन्जन) तपस्या गरि रहेका थिए, आज ज्योति निरन्जनको एक्काईस ब्रह्माण्डमा रहेका हामी सबै आत्माहरू यिनको साधनाप्रति आशक्त भयौँ तथा अन्तर आत्मा देखिनै यिनलाई चाहन थाल्यौँ। आफ्नो सुखदाता प्रभुबाट विमुख भयौँ। जसको कारणले पतिव्रता पदबाट झऱ्यौँ। पूर्ण प्रभुले बारम्बार सावधान गराउँदा पनि हाम्रो आशक्तता क्षर पुरूषबाट हटेन। [ आज पनि काल सृष्टिका सबै प्राणीमा यो प्रभाव विद्यमान छ। फिल्म स्टारहरु (अभिनेता र अभिनेत्रीहरु) का बनावटी हाउभाउ तथा आफ्नो रोजगारको उद्देश्यले गरिएका अभिनयमा युवाहरु आशक्त हुन्छन् र जति रोक्न खोज्दा पनि रोकिँदैनन्। कुनै अभिनेता वा अभिनेत्री नजिकको सहरमा


परमेश्वर कबीर साहेबको असङ्ख्य ब्रह्माण्डहरुका लघु चित्र
अनामी लोक यस लोकमा आत्मा र परमात्मा एक रुप भएर कबीर साहेब नै अनामी रुपमा छन्। जस्तो माटोको स-साना डल्लाहरू वर्षा भएपछि एक पृथ्वी बन्छ, अलग अस्तित्व रहदैन।
अगम लोक यस लोकमा पनि कबीर साहेब अगम पुरुष रुपमा रहनु हुन्छ।
अलख लोक यस लोकमा पनि कबीर साहेब अलख पुरुष रुपमा रहनु हुन्छ।
साहेब कबीर (सतपुरुष) को सतलोकमा परम स्थान
कर्मको द्वीप
धैर्यको द्वीप
दयालको द्वीप
ज्ञानीको द्वीप
असङ्ख्य ब्रह्माण्डका कुल मालिक सतगुरु कबीर साहेबको सतलोक
योग संतायनको द्वीप
परब्रह्मको स्थान
अचिन्तको द्वीप
विवेकको द्वीप
प्रेमको द्वीप
परब्रह्मको सात शंख ब्रह्माण्ड
ज्योति निरञ्जन (काल) को एक्काईस ब्रह्माण्ड अर्थात् काल लोक
मानसरोवर
तेजको द्वीप
आनन्दको द्वीप
सन्तोषको द्वीप
क्षमाको द्वीप
सतलोक

आए भने उनीहरूलाई हेर्नका लागि मात्र भए पनि ती अबोध किशोर किशोरीहरूको अत्याधिक भीड एकत्रित हुन्छ। 'लिनु न दिनु' भने जस्तै रोजी-रोटी अभिनेताहरु कमाइ रहेका हुन्छन् भने बालबालिकाहरु चाहिँ ठगिइ रहेका हुन्छन्। आमाबुबा तथा अभिभावकले जति सम्झाए पनि उनीहरु मान्दैनन्। कहीँ न कहीँ, कुनै न कुनै बेला लुकेर भए पनि गइ हाल्छन्। ]

पूर्ण ब्रह्म कविर्देव (कबीर प्रभु) ले क्षर पुरूषलाई तिमी के चाहन्छौ भनेर सोध्नु भयो। उनले पिता जी मलाई यो स्थान सानो भएकाले अलग्ग एउटा द्वीप प्रदान गर्ने कृपा गर्नु होस् भने। हक्का कबीर (सत् कबीर) ले उनलाई एक्साईस ब्रह्माण्ड प्रदान गर्नु भयो। केही समय पश्चात् ज्योति निरन्जनले यसमा केही रचना गर्नु पर्छ, खाली ब्रह्माण्डको के काम भन्ने विचार गरी सत्तरी युग तपस्या गरेर पूर्ण परमात्मा कविर्देव (कबीर प्रभु) सँग रचना सामग्रीको याचना गरे। सतपुरूषले उनलाई तीन गुण तथा पाँच तत्त्व प्रदान गरे, जसबाट ब्रह्म (ज्योति निरन्जन) ले आफ्नो ब्रह्माण्डमा केही रचना गरे। एक्लै मन लाग्दैन यसमा जीव पनि हुनु पर्छ भन्ने कुरा सोचे। यो विचार गरेर फेरि ६४ (चौसठ्ठी) युगसम्म तप गरे पूर्ण परमात्मा कविर देवले सोधे पछि मलाई केही आत्माहरू दिनु होस्, मलाई एक्लै मन लागि रहेको छैन भने। तब सत पुरूष कविरग्नि (कबीर परमेश्वर) ले भन्नु भयो- हे ब्रह्म! तिम्रो तपको प्रतिफल अनुसार म अझै ब्रह्माण्ड दिन सक्छु तर आफ्ना प्रिय आत्माहरू जपतप र साधनाको फलका रूपमा दिन सक्दिन तर यदि कोही स्वेच्छापूर्वक तिमीसँग जान चाहन्छ भने जान सक्छ। युवा कबीर (समर्थ कबीर) को वचन सुनेपछि ज्योति निरन्जन पहिले देखि नै उनीप्रति आशक्त ती आत्माहरू भएको ठाउँमा आए। ती आत्माहरूले ज्योति निरन्जनलाई चारैतिरबाट घेरे। ज्योति निरन्जनले मैले पिता जीबाट अलग्ग एक्काईस ब्रह्माण्ड पाएको छु। त्यहाँ नाना प्रकारका रमणीय स्थल बनाएको छु, के मसँग जान तयार हुनु हुन्छ भनेर सोधे। हामी सर्वहंसहरू २१ ब्रह्माण्डका लागि व्याकुल छौं, हामी जान तयार छौं तर पिता जीले आज्ञा दिनु पर्छ भने। तब क्षरपुरूष पूर्ण ब्रह्म महान् कविर (समर्थ कबीर प्रभु) को सामु गए र सम्पूर्ण कुरा सुनाए। तब कविरग्नि (कबीर परमेश्वर) ले मेरो सामुन्ने स्वीकृति दिनेलाई आज्ञा दिन्छु भन्नु भयो। क्षर पुरूष (कैल) तथा परम अक्षर पुरूष (कविरमितौजा) दुबै ती हंस आत्माहरूको समीपमा गएर बोलाए। सत कविर्देवले ब्रह्मसँग जान चाहने हंसले हात उठाएर स्वीकृति जनाऊ भन्नु भयो। आफ्नो पिताको अगाडि कसैको हिम्मत भएन। कसैले स्वीकृति दिएनन्। लामो समयसम्म शान्ति छाइ रह्यो। तत्पश्चात् एक हंस आत्माले साहस गरेर म जान चाहन्छु भन्यो। तब उसको देखासिकी गरेर (काल ब्रह्मको एक्काईस ब्रह्माण्डमा फसेका) सबै आत्माहरूले स्वीकृत जनाए। परमेश्वर कबीर जीले ज्योति निरन्जनलाई आफ्नो स्थानमा जान भन्नु भयो। जस जसले तिमीसँग जाने स्वीकृति दिएका छन् म ती सर्व आत्माहरूलाई तिमी सामु पठाइ दिन्छु पनि भन्नु भयो। ज्योति निरन्जन आफ्नो

एक्काईस ब्रह्माण्डमा गए। त्यस समयसम्म यी एक्काईस ब्रह्माण्ड सतलोकमा नै थिए।

त्यसपछि पूर्ण ब्रह्मले सर्वप्रथम स्वीकृति दिने हंसलाई केटीको रूप दिनु भयो तर स्त्री इन्द्रिय रचना गर्नु भएन र ती सर्व ज्योति निरन्जन (ब्रह्म) को साथ जाने सहमति दिएका आत्माहरूलाई त्यस केटीको शरीरमा प्रवेश गराउनु भयो तथा उनको नाम आष्ट्रा (आदिमाया प्रकृति देवी/दुर्गा) राख्नु भयो र भन्नु भयो– पुत्री मैले तिमीलाई शब्द शक्ति प्रदान गरेको छु, ब्रह्मले जति जीव उत्पन्न गरि दिनू। पूर्ण ब्रह्म कविर्देव (कबीर साहेब) ले आफ्नो छोरो सहज दासद्वारा प्रकृतिलाई क्षर पुरूषको साथमा पठाइ दिनु भयो। सहज दासले ज्योति निरन्जनलाई पिता जीले यो बहिनीको शरीरमा तपाईंसँग जान सहमति दिने सबै आत्माहरू प्रवेश गराएर वचन शक्ति पनि प्रदान गर्नु भएको छ भन्ने कुरा बताए। तपाईंले चाहे जति जीव प्रकृतिले आफ्नो शब्दबाट नै उत्पन्न गर्ने छिन्। यति भनेर सहजदास आफ्नो द्वीपमा फर्के।

तरूणावस्था हुनाले युवतीको आकर्षक रूपरङ्गप्रति ब्रह्ममा विषय वासना उत्पन्न भयो र प्रकृति देवीसँग अभद्र गतिविधि प्रारम्भ गरे। दुर्गाले आफूसँग पिताले दिनु भएको शब्दशक्ति छ भनेर सुनाइन्। तपाईंले भने जति जीव म वचनबाट नै उत्पन्न गरि दिन्छु। तर मैथुन परम्परा नगर्नु होस्। तपाईं पनि उनै पिताको शब्दको अण्डाबाट उत्पन्न हुनु भएको हो र म पनि उनै परमपिताको वचनबाट उत्पन्न भएको हूँ। दाजु-बहिनी बीचको यो योग महापापको कारण बन्ने छ। तर ज्योति निरन्जनले प्रकृति देवीको एउटा पनि प्रार्थना सुनेनन्। आफ्नो शब्द शक्तिद्वारा नङले प्रकृतिको स्त्री जनेन्द्रिय (भग) बनाएर बलात्कार गर्ने सोच बनाए। त्यसै समय दुर्गाले आफ्नो इज्जत रक्षाका लागि कुनै अरू उपाय नदेखेर आफूलाई सूक्ष्म रूप बनाएर ज्योति निरञ्जनको खुला मुखद्वारा पेटमा प्रवेश गरिन् र पूर्ण ब्रह्म कविर्देव (कबीर परमेश्वर) सँग आफ्नो रक्षार्थ याचना गरिन्। त्यही समय कविर्देव (कविर देव) आफ्नो पुत्र योग संतायन अर्थात् योगजीतको रूप बनाएर त्यहाँ प्रकट हुनु भयो अनि छोरीलाई ब्रह्मको पेटबाट बाहिर निकालेर ज्योति निरन्जनलाई आजदेखि तेरो नाम 'काल' हुने छ, तेरो जन्म मृत्यु भइ रहन्छ, यसैले तेरो नाम क्षर पुरूष हुने छ, एक लाख मानव शरीरधारी प्राणीहरू खाने छस् तथा सवालाख उत्पन्न गर्ने छस्, तिमीहरू दुबैलाई एक्काईस ब्रह्माण्ड सहित निष्कासित गरिन्छ भन्नु भयो र एक्काईस ब्रह्माण्ड विमानको गति समान त्यहाँबाट प्रस्थान गऱ्यो। सहज दासको द्वीप हुँदै सतलोकबाट सोऱ्ह शंख कोस (एक कोस लगभग ३ कि.मी.) दुरीमा आएर रोकियो। विशेष विवरण :- अहिलेसम्म निम्न तीनवटा शक्तिहरूको विवरण प्राप्त भएको छ :

१. पूर्णब्रह्म : जसलाई सत्यपुरूष, अकाल पुरूष, शब्दस्वरूपी राम, परम अक्षर ब्रह्म, परम अक्षर पुरूष आदि अन्य उपमात्मक नामहरूले पनि चिनिन्छ। पूर्ण ब्रह्म नै समस्त ब्रह्माण्डका स्वामी अर्थात् वासुदेव हुनु हुन्छ तथा यथार्थमा अविनाशी हुनु हुन्छ।

२. परमब्रह्म : जसलाई अक्षर पुरूष पनि भनिन्छ। यिनी पनि अविनाशी छैनन्। यिनी सात शंख ब्रह्माण्डका स्वामी हुन्।

३. ब्रह्म : जसलाई ज्योति निरन्जन, काल, कैल, क्षर पुरूष तथा धर्मराय आदि नामले चिनिन्छ। जो केवल एक्काईस ब्रह्माण्डका स्वामी हुन्। अब यिनै ब्रह्मको सृष्टिको एक ब्रह्माण्डको परिचय दिइने छ, जसमा अरू तीन नाम पढ्न पाइने छ-ब्रह्मा, विष्णु र शिव।

ब्रह्म र ब्रह्मा बीच भिन्नता : एक ब्रह्माण्डमा बनेको सर्वोपरि स्थानमा ब्रह्म (क्षर पुरूष) स्वयम् तीन गुप्त स्थानको रचना गरेर ब्रह्मा, विष्णु र शिवका रूपमा रहन्छन् तथा आफ्नी पत्नी (दुर्गा) को सहयोगले तीन पुत्रहरूको उत्पन्न गर्छन्। उनीहरूको नाम पनि ब्रह्मा, विष्णु र शिव नै राख्छन्। ब्रह्मका पुत्र ब्रह्मा एक ब्रह्माण्डमा बनेका केवल तीनलोक (पृथ्वी, स्वर्ग, पाताल) मा एउटा रजोगुण विभागको मन्त्री (स्वामी) मात्र हुन्। यिनलाई त्रिलोकीय ब्रह्मा भनिन्छ र ब्रह्मलोकमा ब्रह्माका रूपमा रहने ब्रह्मलाई चाहिँ महाब्रह्मा वा ब्रह्मलोकीय ब्रह्मा भनिन्छ। यिनै ब्रह्म (काल) लाई सदाशिव, महाशिव र महाविष्णु पनि भनिन्छ।


श्री विष्णु पुराणमा प्रमाणः- चतुर्थ अंश अध्याय १ पृष्ठ २३०-२३१ मा श्री ब्रह्मा जीले भनेका छन्,— ती अजन्मा (नजन्मेका) सर्वमय (व्यापक) विधाता परमेश्वरको आदि, मध्य र अन्त्य तथा स्वरूप, स्वभाव र सार हामी जान्न सक्दैनौं (श्लोक ८३)।

वहाँले मेरो रूप लिएर संसारको रचना गर्नु हुन्छ, स्थिति कालमा पुरूषरूप लिनु हुन्छ, रूद्ररूपले विश्वलाई निल्नु र अनन्तरूपले सम्पूर्ण जगत धारण गर्नु हुन्छ। (श्लोक ८६)

## श्री ब्रह्मा जी, श्री विष्णु जी तथा श्री शिव जीको उत्पत्ति

काल (ब्रह्म, क्षर पुरूष) ले प्रकृति (दुर्गा) सँग अब कसैले मेरो केही बिगार्न सक्दैन त्यसैले मनोमानी गर्छु भने। प्रकृतिले काल ब्रह्मलाई केही शरम त मान भनेर प्रार्थना गर्दै भनिन्,— पहिलो, त तपाईं मेरो दाजु किनकि कबीर पूर्ण परमात्मा (कविर्देव) को शब्द शक्तिले तपाईं अण्डाबाट उत्पन्न हुनु भएको हो र वहाँकै वचन शक्तिले म पनि उत्पन्न भएकी हुँ। अर्को कुरा, म तपाईंको पेटबाट निस्केकी हुनाले म हजुरकी छोरी र हजुर मेरो बुबा हुनु भयो। यो पवित्र नातामा बिगार्नु महापाप हो। बुबाले दिनु भएको शब्दशक्तिले तपाईंले भने जति नै प्राणी उत्पन्न गरि दिन्छु। ज्योति निरन्जनले दुर्गाको कुनै कुरा मानेनन् र मैले पाउनु पर्ने सजाय पाएँ र सत्यलोकबाट निष्काशित भएँ र अब मनोमानी गर्छु भने अनि प्रकृतिसँग जबरजस्ती विवाह गरे। उनले तीन छोराहरु (रजगुणयुक्त-ब्रह्मा, सतगुणयुक्त-विष्णु र तमगुणयुक्त-शिव जी) जन्माएर युवा नहुन्जेलसम्म तीनैजनालाई दुर्गा मार्फत् अचेत गराए। युवा भएपछि श्री ब्रह्मा जीलाई कमलको फूलमा, श्री विष्णु जीलाई शेषनागको शैय्यामा र

# एक ब्रह्माण्डको लघु चित्र



श्री शिव जीलाई कैलाश पर्वतमा सचेत बनाएर एकै ठाउँमा भेला गरी प्रकृतिको मद्दतले यी तीनैजनाको विवाह गराइ दिए। त्यसपछि एउटा ब्रह्माण्डको तीन लोक (स्वर्ग, पृथ्वी र पाताल) मा एक-एकवटा विभागको मन्त्री नियुक्त गरे– ब्रह्मालाई रजोगुण, विष्णुलाई सतोगुण र शिवलाई तमोगुण विभागको प्रमुख बनाएर आफूले मुख्य मन्त्री (महाब्रह्मा, महाविष्णु र महाशिव) को पद गुप्त रूपमा रहे। उनले एउटा ब्रह्माण्डमा एउटा ब्रह्मलोकको रचना गरी त्यहाँ तीन गुप्त स्थान बनाएका छन्। पहिलो, रजोगुण प्रधान स्थानमा ब्रह्म (काल) स्वयं महाब्रह्मा (मुख्यमन्त्री) का रूपमा तथा दुर्गालाई महासावित्रीका रूपमा राख्छन्। यी दुईको संयोगले यहाँ जन्मेको छोरो स्वतः रजोगुणी बन्छ र उसको नाम ब्रह्मा राख्छन्। दोस्रो, सतोगुण प्रधान स्थानमा यी क्षर पुरूष महाविष्णुका रूपमा तथा दुर्गालाई महालक्ष्मीका रूपमा राख्छन्। यी दुईको संयोगले यस स्थानमा जन्मेको सतोगुणयुक्त छोरोको नाम विष्णु राख्छन्। यिनै कालले बनाएको तेस्रो तमोगुणयुक्त स्थानमा स्वयं सदाशिवको रूपमा र दुर्गालाई महापार्वती रूपमा राख्छन्। यी दुईको पति पत्नीको व्यवहारबाट उत्पन्न तमोगुणयुक्त छोरोको नाम शिव राख्छन्। (प्रमाणका लागि ब्रह्मा, विष्णु, रूद्र तथा महेश्वरभन्दा अन्य सदाशिव छन् भनिएको गीता प्रेस गोरखपुरबाट प्रकाशित र अनुवादकर्ता श्री हनुमानप्रसाद पोद्दारबाट अनुवादित पवित्र श्री शिव पुराण, विद्यवेश्वर संहिता पृष्ठ २४-२६ एवं रूद्र संहिता अध्याय ६, ७ र ९ पृष्ठ नं. १०० देखि १०५ सम्म र ११० मा, तथा गीता प्रेस गोरखपुरबाट प्रकाशित एवं श्री हनुमानप्रसाद पोद्दार र चिमनलाल गोश्वामीबाट अनुवादित पवित्र श्रीमद्देवी महापुराण तेस्रो स्कन्ध पृष्ठ नं. ११४-१२३ हेर्नु होस्।) आफूले खानका लागि यिनीहरूलाई धोकामा राखेर श्री ब्रह्मा जीबाट जीवहरूको उत्पत्ति, श्री विष्णु जीबाट स्थिति (एक अर्कालाई मोह ममतामा राखेर कालको जालमा फसाउने) तथा श्री शिव जीबाट सङ्हार गराउँछन्। (किनकि काल पुरूषले एक लाख मानव शरीरधारी प्राणीहरूको सूक्ष्म शरीरबाट मैला निकालेर खानु पर्ने श्राप पाएका छन्। एक्काइसौँ ब्रह्माण्डमा रहेको तप्तशीलामा जीवलाई तताई निक्लेको मयल पगालेर खान्छन्। जीव मर्दैन तर असह्य कष्ट हुन्छ। फेरि प्राणीको कर्म अनुसार वा कर्मको आधारमा अन्य शरीर प्रदान गर्छन्।) उदाहरणका लागि, कुनै घरमा तीनवटा कोठाहरु छन्। एउटा कोठामा अश्लील चित्र टाँगिएको हुनाले त्यसमा पस्नासाथ मनमा त्यस्तै मलीन वा नराम्रो विचार उत्पन्न हुन्छ। दोस्रो कोठामा साधु, सन्त र भक्तहरूको चित्र टाँगिएको हुनाले त्यहाँ पस्दा मनमा असल विचार उत्पन्न हुन्छ तथा प्रभु चिन्तन बनि रहन्छ। तेस्रो कोठामा देशभक्त र सहिदहरूको तस्वीर टाँगिएको हुनाले त्यहाँ जाँदा त्यस्तै जोसिलो विचार उत्पन्न हुन्छ। ठीक यसरी नै (काल) ले आफ्नो बुद्धि प्रयोग गरी उपरोक्त तीन गुण प्रधान स्थानहरूको रचना ब्रह्मलोकमा गरेका छन्।

## तीन गुण के हुन् ? प्रमाण सहित

तीन गुण रजगुण ब्रह्मा जी, सतगुण विष्णु जी र तमगुण शिव जी हुन्। यी तीनैजना ब्रह्म (काल) तथा प्रकृति (दुर्गा) बाट उत्पन्न भएका हुन् तथा नाशवान छन्।

प्रमाणः- श्री हनुमानप्रसाद पोद्दारबाट सम्पादित र गीता प्रेस गोरखपुरबाट प्रकाशित श्री शिवपुराणको पृष्ठ सं. २४-२६, विद्यवेश्वर संहिता तथा पृष्ठ ११०, अध्याय ९ रूद्र संहितामा ब्रह्मा-विष्णु तथा शिव तीनै देवताहरूमा गुण छन् तर शिव (ब्रह्म/काल) लाई गुणातीत (गुणरहित) भनिएको छ।

दोस्रो प्रमाण :- श्री हनुमानप्रसाद पोद्दार र चिमनलाल गोश्वामीबाट सम्पादित र गीताप्रेस गोरखपुरबाट प्रकाशित श्रीमद्देवीभागवत पुराण, तेस्रो स्कन्ध, अध्याय ५, पृष्ठ १२३ मा भनिएको छ : भगवान विष्णुले दुर्गाको स्तुति गर्दै म (विष्णु), ब्रह्मा र शङ्कर तपाईंकै कृपाले विद्यमान छौं, हाम्रो अविर्भाव वा जन्म र तिरोभाव वा मृत्यु हुन्छ, हामी नित्य वा अविनाशी छैनौं, तपाई नै नित्य, जगत् जननी, प्रकृति र सनातनी देवी हुनु हुन्छ भने। भगवान शङ्करले भगवान ब्रह्मा र विष्णु तपाईंबाटै उत्पन्न भएका हुन् भने उनीहरूपछि उत्पन्न हुने म, तमोगुणी लीला गर्ने शङ्कर, के तपाईंको सन्तान होइन ? अर्थात् मलाई पनि उत्पन्न गर्ने तपाई नै हो, यस संसारको सृष्टि-स्थिति-सङ्हारमा तपाईंको गुण सदा सर्वदा रहन्छन्, यिनै तीन गुणहरूबाट उत्पन्न हामी ब्रह्मा, विष्णु र शङ्कर नियमानुसार कार्यमा तत्पर रहन्छौ भने।

**उपरोक्त विवरण हिन्दीमा मात्र अनुवादित श्री देवीमहापुराणबाट निकालिएको हो, जसमा केही तथ्यहरु लुकाइएका छन्। त्यसैले खेमराज श्री कृष्णदास प्रकाशन मुम्बईबाट प्रकाशित श्रीमद्देवीभागवत् महापुराण सभाषटिकम् समहात्यम्मा संस्कृत सहित हिन्दीमा अनुवाद गरिएको छ। यसको तेस्रो स्कन्ध, अध्याय ४, पृष्ठ १० को श्लोक ४२ :**

ब्रह्मा - अहम् ईश्वरः फिल ते प्रभावात्सर्वे वयं जनि युता न यदा तू नित्याः, के अन्ये सुराः शतमख प्रमुखाः च नित्या नित्या त्वमेव जननी प्रकृतिः पुराणा।।४२।।

**अनुवाद** :- हे माता! ब्रह्मा, म तथा शिव हजुरकै प्रभावबाट जन्मेका हौं, नित्य छैनौं अर्थात् हामी अविनाशी छैनौं, फेरि अन्य इन्द्रादि देवताहरू कसरी नित्य हुन सक्छन्। तिमी नै अविनाशी हौ, प्रकृति तथा सनातनी देवी हौ।

**त्यसकै पृष्ठ ११-१२, अध्याय ५, श्लोक ८ मा उल्लेख गरिएको छ :** यदि दयार्द्रमना न सदांऽबिके कथमहं विहितः च तमोगुणः कमलजश्च रजोगुणसंभवः सुविहितः किमु सत्वगुणों हरिः।।८।।

**अनुवाद** :- भगवान् शङ्करले भने- हे माता ! यदि हामीमाथि हजुर दयायुक्त हुनु हुन्छ भने मलाई तमोगुण किन बनाउनु भयो, कमलबाट उत्पन्न ब्रह्मालाई केका

लागि रजोगुण बनाउनु भयो तथा विष्णुलाई सतगुण किन बनाउनु भयो? अर्थात् हामी तीनैलाई जीवहरूको जन्म-मृत्यु रूपी दुष्कर्ममा किन लगाउनु भयो?

**श्लोक १२** : रमयसे स्वपतिं पुरूषं सदा तव गतिं न हि विह विद्म शिवे।।१२।।

**अनुवाद** :- आफ्नो पति पुरूष अर्थात् काल भगवान्सँग सदा भोग विलास गरि रहन्छौ। हजुरको गति कोही जान्दैन।

**निष्कर्ष :- उपरोक्त प्रमाणहरूबाट के प्रमाणित हुन्छ भने रजगुण-ब्रह्मा, सतगुण-विष्णु तथा तमगुण-शिव हुन् र यी तीनैजना नाशवान छन्। दुर्गाका पति ब्रह्म (काल) हुन्। उनी प्रकृतिसँग भोगविलास गर्छन्।**

## ब्रह्म (काल) को अव्यक्त रहने प्रतिज्ञा
## (सुक्ष्म वेदबाट शेष सृष्टि रचना ... ...)

**तीनै छोराहरूको उत्पत्तिपछि ब्रह्मले आफ्नी पत्नी दुर्गा (प्रकृति) लाई म भविष्यमा कसैलाई आफ्नो वास्तविक रूपमा दर्शन नदिने प्रतिज्ञा गर्छु, यसैकारण म अव्यक्त मानिने छु, यस कुराको भेद कसैलाई नभन्नु र म गुप्त रहन्छु भने। दुर्गाले आफ्ना छोराहरूलाई पनि दर्शन दिनु हुन्न भनी सोध्दा ब्रह्मले आफ्ना छोराहरु लगायत कसैले कुनै साधना गरे पनि दर्शन दिन्न र यो मेरो अटल नियम हुने छ भने। दुर्गाले आफ्नै सन्तानबाट लुकेर बस्ने तपाईंको यो नियम उत्तम होइन भनेपछि कालले भने,— यो मेरो विवशता हो। मलाई एक लाख मानव शरीरधारी प्राणीहरूको आहार गर्ने श्राप लागेको छ। यो मेरा छोराहरु (ब्रह्मा, विष्णु र महेश) ले थाहा पाए भने उत्पत्ति, स्थिति तथा सङ्हारको कार्य गर्दैनन् र मेरो यो अनुत्तम नियम सँधै कायम रहने छ। यी तीनै अलि ठूला भएपछि यिनलाई अचेत तुल्याउनु। मेरो विषयमा नबताउनु, नत्र म तिमीलाई पनि दण्ड दिने छु। यही डरले दुर्गाले वास्तविकता बताउँदिनन्। यसैले गीता अध्याय ७ को श्लोक २४ मा भनिएको छ— म कहिल्यै पनि कसैको सामुन्ने प्रकट हुन्न, आफ्नो योगमायाद्वारा अदृश्य रहन्छु भन्ने मेरो अनुत्तम नियमबारे यो बुद्धिहीन जनसमुदाय अपरिचित छ। त्यसैले म अव्यक्तलाई मनुष्य रूपमा आएको अर्थात् कृष्ण मान्छन्।**

(अबुद्धयः) बुद्धिहीन (मम्) मेरो (अनुत्तमम्) अनुत्तम् अर्थात् घटिया (अव्ययम्) अविनाशी (परम् भावम्) विशेष भाव (अजानन्तः) नबुझेर (माम् अव्यक्तम्) म अव्यक्तलाई (व्यक्तिम) मनुष्य रूपमा (आपन्नम) आएको (मन्यन्ते) मान्छन् अर्थात् म कृष्ण होइन। (गीता अध्याय ७, श्लोक २४)

**गीता अध्याय ११ श्लोक ४७ र ४८ मा गीता ज्ञानाताले मेरो यो वास्तविक काल रूप न वेदहरूमा वर्णित विधिले, न जप र तपले, न त कुनै क्रियाबाट यसको दर्शन अर्थात् ब्रह्म प्राप्ति हुन सक्छ भनेका छन्।**

तीनैजना बालकहरु युवा भएपछि माता भवानी (प्रकृति, अष्टङ्गी) ले उनीहरूलाई सागर मन्थन गर्न लगाइन्। पहिलो पटक सागर मन्थन गर्दा निस्केका चारै वेदलाई ब्रम्हाले लिए। (ज्योति निरञ्जनले आफ्नो श्वासले चार वेद उत्पन्न गरेर गुप्त वाणी मार्फत् सागरमा निवास गर्ने आज्ञा दिएका थिए।) त्यो वस्तु लिएर तीनैजना आमाकहाँ जाँदा उनले चारै वेद राख्न र पढ्न ब्रह्मालाई आदेश दिइन्।

नोट :- वास्तवमा पूर्णब्रह्मले ब्रह्म अर्थात् काललाई पाँचवटा वेद दिनु भएको थियो तर ब्रह्मले चारवटा मात्र प्रकट गरे। पाँचौं वेद लुकाइ दिए। त्यसलाई पूर्ण परमात्माले स्वयं प्रकट भएर कविर्गिर्भीः अर्थात् कविर्वाणी (कबीर वाणी) मार्फत् लोकोक्तिहरु तथा दोहा (छन्दवद्ध पद्य) का माध्यमबाट प्रकट गर्नु भयो।

दोस्रो पटक सागर मन्थन गर्दा प्राप्त तीनजना कन्या आमाले तीनैजनालाई बाँडि दिइन्। (प्रकृति वा दुर्गाले आफ्नै तीन रूप सावित्री, लक्ष्मी र पार्वती धारण गरी समुद्रमा लुकाएकी थिइन्। सागर मन्थनको समयमा ती निस्किए। प्रकृतिले लिएका तीन रूपबाट भगवान ब्रह्मालाई सावित्री, भगवान विष्णुलाई लक्ष्मी र भगवान शङ्करलाई पार्वती पत्नीका रूपमा दिइन्।) तीनैजनाका भोग विलासबाट सुर र असुर दुवै जन्मिए।

(तेस्रो पटक सागर मन्थन गरेपछि ब्रह्माले चौध रत्न, विष्णु र देवताहरूले अमृत तथा असुरहरूले मद्य वा रक्सी पाए भने विष चाहिँ परमार्थ शिवले आफ्नो कण्ठमा राखे। तर यो धेरै पछिको घटना हो।) ब्रह्माले वेद पढ्न थालेपछि सम्पूर्ण ब्रह्माण्डहरूको रचना गर्ने कुलका मालिक पुरूष (प्रभु) त अरू नै कोही हुन् भन्ने थाहा पाए। सर्जक त कोही अन्य प्रभु हुन् भन्ने कुरा वेदमा वर्णन गरिएको छ तर यसको रहस्य हामी पनि जान्दैनौं भनी वेदहरूले भन्छन् बरू कुनै तत्वदर्शी सन्तसँग सोध भन्ने सङ्केत दिइएको छ भनेर ब्रह्मा जीले विष्णु तथा शिव जीलाई सुनाए। अनि त्यो कुरा ब्रह्माले आमालाई बताए। आमाले आफू बाहेक कोही छैन भन्ने गर्थिन्। उनले म नै कर्ता हुँ र म नै सर्वशक्तिमान हुँ भनिन् तर ब्रह्माले वेद त ईश्वरले निर्माण गर्नु भएकोले झुटो हुन सक्दैन भने। दुर्गाले तिम्रो बुबाले तिमीलाई दर्शन दिनु हुन्न, उनले प्रतिज्ञा गरेका छन् भनिन्। तब ब्रह्माले आमा! तपाईंका कुरामा विश्वास लागेन, म ती पुरूषलाई पत्ता लगाएरै छाड्छु भने। उनले दर्शन नदिएमा के गर्छौ भनी दुर्गाले सोध्दा जवाफमा ब्रह्माले म तपाईंलाई आफ्नो अनुहार देखाउँदिन भने। ज्योति निरञ्जनले भने कसैलाई दर्शन दिन्न भनेर कसम खाएका छन् अर्थात् २१ ब्रह्माण्डमा कहिले पनि आफ्नो वास्तविक काल रूपमा आउँदिन भनेका छन्।

गीता अध्याय नं. ७ को श्लोक २४ :-

अव्यक्तम, व्यक्तिम्, आपन्नम्, मन्यन्ते, माम्, अबुद्धयः।
परम्, भावम्, अजानन्तः, मम, अव्ययम्, अनुत्तमम्॥२४॥

**अनुवादः-** (अबुद्धयः) बुद्धिहीन मानिस (मम्) मेरो (अनुतमम्) अश्रेष्ठ (अव्ययम्) अटल (परम्) परम (भावम्) भाव (अजानन्तः) लाई नजानेर (अव्यक्तम्) अव्यक्त वा अदृश्यमान (माम्) म काललाई (व्यक्तिम्) आकारमा कृष्ण अवतार (आपन्नम्) भएको (मन्यन्ते) मान्छन्।

**गीता अध्याय नं. ७ को श्लोक २५ :-**

न, अहम्, प्रकाशः, सर्वस्य, योगमायासमावृतः।
मूढः, अयम्, न, अभिजानाति, लोकः, माम्, अजम्, अव्ययम्।।२५।।

**अनुवाद :-** (अहम्) म (योगमाया समावृतः) योगमायाद्वारा लुकेर (सर्वस्य) बस्छु र सबैका सामु (प्रकाशः) प्रत्यक्ष (न) हुन्न अर्थात् अदृश्य अर्थात् अव्यक्त रहन्छु। त्यसैकारण (अजम्) जन्म नलिने (अव्ययम्) अविनाशी अटल भावयुक्त (अयम्) यी (मूढः) अज्ञानी (लोकः) मानिसहरु वा संसारले (माम्) मलाई (न अभिजानाति) जान्दैन वा मलाई अवतारका रूपमा आएको सम्झन्छ। किनकि ब्रह्म आफ्नो शब्द शक्तिले आफूलाई नाना प्रकारको बनाउँछन यी दुर्गाका पति हुन्, त्यसैले यस मन्त्रमा म श्री कृष्ण आदि जसरी दुर्गाबाट जन्म लिन्न भनेका छन्।

## आफ्नो बुबा (काल/ब्रह्म) लाई भेट्ने ब्रह्माको प्रयत्न

**त्यसपछि दुर्गाले ब्रह्मालाई अलख निरञ्जन तिम्रो बुबा हुन् तर वहाँले तिमीलाई दर्शन दिनु हुन्न भनिन्। ब्रह्माले आफू दर्शन गरेरै फर्कने कुरा बताए। दर्शन भएन भने तिमी के गर्छौ भनी सोध्दा बुबाको दर्शन नपाएमा तपाईं सामु आउँदिन भन्ने प्रतिज्ञा ब्रह्माले गरे। अनि ब्रह्मा जी व्याकुल भएर अन्धकार नै अन्धकार भएको उत्तर दिशातर्फ हिंडे। त्यहाँ ब्रह्माले चार युगसम्म ध्यान गरे तर केही पाएनन्। कालले आकाशवाणी गरेर दुर्गालाई किन सृष्टिको रचना नगरेको भनी सोधे। भवानीले तपाईंको जेठो छोरो, ब्रह्मा जिद्दी गरेर तपाईंको खोजमा गएको छ भनेर सुनाइन्। ब्रह्म (काल) ले उसलाई फर्काउनु, म दर्शन दिन्न र ब्रह्मा नभई जीव उत्पत्ति गर्नु असम्भव छ भने। अनि दुर्गाले (प्रकृति) आफ्नो शब्द शक्तिले गायत्री नामको युवती उत्पन्न गरेर ब्रह्मालाई फर्काएर ल्याउन भनिन्। गायत्री ब्रह्मा जीको सामु गइन् तर समाधीमा लीन भएकाले ब्रह्मा जीलाई कुनै आभास नै भएन। अनि आदि कुमारी (प्रकृति) ले गायत्रीलाई ध्यानबाट आदेश दिई ब्रह्माको चरण स्पर्श गर्न लगाइन्, गायत्रीले त्यसै गरिन्। ब्रह्मा जी ध्यान भङ्ग भएकोले रिसले कराए,– मेरो ध्यान भङ्ग गर्ने को पापिनी हो? म त्यसलाई श्राप दिन्छु। गायत्रीले भनिन्,– यसमा मेरो दोष छैन। पहिले मेरा कुरा सुन्नु होस्, अनि श्राप दिनु पर्ने भए दिनु होला। तपाईं नभई जीव उत्पत्ति नहुने भएकोले तपाईंलाई फर्काउन आमाले मलाई पठाउनु भएको हो। ब्रह्माले बुबाको दर्शन नै भएको छैन, म कसरी जाऊँ? यत्तिकै गए मेरो उपहास हुने छ। तिमीले आमासामु ब्रह्माले बुबा (ज्योति निरन्जन) को दर्शन पाए, मैले आफ्नै आँखाले देखेको हुँ भन्यौ भने मात्र म तिमीसँग जान्छु भने। तब गायत्रीले तपाईंले मसँग सम्भोग (सेक्स) गर्नु भयो भने मात्र म झुटो साक्षी**

दिन्छु भनिन्। अनि बुबाको दर्शन नभएकोले त्यतिकै आमा समक्ष गएमा लाज हुने छ भन्ने ब्रह्माले सोचे र अर्को कुनै उपाय नदेखी गायत्रीसँग रतिक्रिया (सम्भोग) गरे।

अनि गायत्रीको अर्को पनि साक्षी तयार गर्ने कुरामा ब्रह्माले पनि सहमति जनाए। गायत्रीले शब्दशक्तिबाट पुहपवती नामको युवती जन्माइन्। दुवैजनाले उनीसित ब्रह्माले पिताको दर्शन गरेका हुन् भनी साक्षी बन्न आग्रह गरे। पुहपवतीले मैले किन त्यसै झुटो बोल्नु ? तपाईं (ब्रह्मा) ले मसँग रतिक्रिया (सम्भोग) गरे मात्र साक्षी बन्ने छु भनिन्। गायत्रीले ब्रह्मालाई त्यो बाहेक कुनै उपाय छैन भनेर सम्झाइन् (उक्साइन्)। अनि ब्रह्माले पुहपवतीसँग सम्भोग गरे र तीनैजना आदिमाया (प्रकृति) कहाँ गए। ब्रह्माले आमालाई हामीले झुटो बोलेको कुरा बताए भने आमाले हामीलाई श्राप दिनु होला भन्ने डरले उनलाई पनि दोषी बनाउन दुवै देवीहरूले त्यो शर्त राखेका थिए।

(यहाँ महाराज गरीबदास जी भन्नु हुन्छ : 'दास गरीब यह चूक धुरों धुर')

## आमा (दुर्गा) ले ब्रह्मालाई श्राप दिनु

बुबाको दर्शन भयो कि भएन भनेर आमाले ब्रह्मालाई सोध्दा उनले बुबाको दर्शन भएको कुरा सुनाए। दुर्गाले साक्षी पेश गर्न भनिन्। ब्रह्माले गायत्री र पुहपवतीलाई देखाएर यिनीहरूको सामुन्ने नै साक्षात्कार हुनु भएको हो भनेर बताए अनि दुवैले आफ्नै आँखाले देखेका हौं भने। ब्रह्मले त कसैलाई दर्शन दिन्न भनेका थिए तर यिनीहरु दर्शन पाइयो भन्छन् भनी भवानी (प्रकृति) लाई शङ्का लाग्यो। अनि अष्टङ्गीले ध्यान गरेर काल/ज्योति निरञ्जनलाई यो कस्तो कहानी हो? भनेर सोधिन्। ज्योति निरञ्जनले यी तीनै झुटो बोल्दै छन् भने। अनि आमाले तिमीहरु झुटो बोल्दै छौ, तिमीले कुनै दर्शन पाएका छैन भनी आकाशवाणी भएको छ भनिन्। आफूले कसम खाएर बुबाको खोजी गरेको हो तर पनि बुबाको दर्शन नभएकोले आमासमक्ष आउन लाज लाग्यो र झुटो बोलेका हौं भनी ब्रह्माले बताए। आमाले अब म तिमीहरूलाई श्राप दिन्छु भनिन्।

<u>ब्रह्मालाई श्राप</u> : संसारमा तेरो पूजा हुने छैन। पछि आउने तेरा वंशहरूले धेरै पाखण्ड गर्ने र झुटा कुरा बताएर संसारलाई ठग्ने छन्। हेर्दा कर्मकाण्ड गरेको देखिए पनि भित्री रूपमा विकार गर्ने छन्। उनीहरूले कथा र पुराणहरु पढेर सुनाए पनि सद्ग्रन्थहरूमा भएका वास्तविकताको ज्ञान भने हुने छैन तर पनि मान-सम्मान र धन प्राप्तिका लागि गुरू बनेर अनुयायीहरूलाई लोकवेद (शास्त्र विरूद्ध दन्त्यकथा) सुनाउने छन्। देवी देवताहरूको पूजा गरेर तथा गराएर अनि अरूको निन्दा गरेर कष्टमाथि कष्ट भोग्ने छन्। उनीहरूका अनुयायीहरूलाई परमार्थबारे बताउने छैनन्। दक्षिणाका लागि संसारलाई पथभ्रष्ट पार्ने छन्। आफूलाई सबैभन्दा राम्रो ठानेर अरूलाई नराम्रो सम्झने छन्। आमाको मुखबाट यी कुरा सुनेपछि ब्रह्मा मूर्छित भएर जमिनमा लडे र धेरै बेरपछि मात्र होसमा आए।

गायत्रीलाई श्रापः तँ मृत्युलोकमा गाई बन्ने छस् र तेरा कैयौं साँढे पति हुने छन्।

पुहपवतीलाई श्राप : तेरो बास फोहोरमा हुने छ। तेरो फूल कुनै पूजामा चढाइने छैन। झुटो साक्षी बनेको कारणले तैंले नरक भोग्नु पर्ने छ। तेरो नाम केवडा वा केतकी हुने छ। (नेपालमा केवरा वा क्यात्तुके भन्छन्। यो फोहोर ठाउँमा हुन्छ।)

यसरी तीनै जनालाई श्राप दिएर माता भवानी धेरै पछुताइन्। {यसरी जीवले पहिला नसोची मन (काल निरञ्जन) को प्रभावबाट गलत कार्य गर्छ र आत्मा (सत्यपुरूषको अंश) को प्रभावबाट ज्ञान पाएपछि पछुताउँछ। आफ्ना बालबालिकाको साना गल्तीमा आमा बुबाले रिसाएर (क्रोधवश) हकारे पछि पछुताउँछन्। मन (काल-निरञ्जन) को प्रभावले सम्पूर्ण जीवहरूमा यही प्रक्रिया क्रियान्वयन भइ रहेछ।} हो, यहाँ एउटा विशेष कुराः कुनै जीवले अर्को कमजोर जीवलाई सताएमा उसले त्यसको प्रतिफल प्राप्त गर्छ भन्ने कानुन निरञ्जन (काल-ब्रह्म) ले पनि बनाएका छन्। आदि भवानी (प्रकृति, अष्टङ्गी) ले ब्रह्मा, गायत्री र पुहपवतीलाई श्राप दिएपछि अलख निरञ्जन (ब्रह्म/काल) ले भवानी यो तिमीले राम्रो गरिनौ भन्दै द्वापर युगमा तिम्रा पनि पाँच पति हुने छन् भनी श्राप दिए। (द्रौपदी नै आदि मायाको अवतार हो।) यो आकाशवाणी सुनेर आदि मायाले ज्योति निरञ्जन! म तिम्रै अधीनमा छु, जसो चाहन्छौ त्यसै गर भनिन्।

## आफ्नो बुबा ब्रह्मलाई खोज्न विष्णु निस्कनु र आमाको आशिर्वाद पाउनु

त्यसपछि, तिमी पनि आफ्नो बुबा पत्ता लगाऊ भनेर प्रकृतिले विष्णुलाई भनिन्। अनि विष्णु आफ्नो बुबा काल (ब्रह्म) को खोजी गर्दै पाताल लोकमा पुगे। त्यहाँ भएको शेषनागले विष्णुलाई आफ्नो सीमाभित्र पसेको देखी रिसाएर विषले भरिएको हुँकार हान्यो। त्यो विषको प्रभावले स्प्रे पेन्टिङ्ग गरे झैं विष्णु जीको रङ् श्याम वर्णको भयो। अनि विष्णुले यस नागलाई मजा चखाउँछु भनेर सोच्दै गर्दा ज्योति निरञ्जनले अब विष्णुलाई शान्त गराउनु पर्छ भन्ने विचार गरी आकाशवाणी गरे,– विष्णु, अब तिमी आमाको समिपमा जाऊ र सबै विवरण साँच्चो सुनाऊ। शेष नागबाट तिमीले पाएको कष्टको प्रतिशोध द्वापर युगमा तिमीले कृष्ण अवतार धारण गरेर लिने छौ, त्यसबेला शेषनागले कालिदहमा कालिन्द्री नाममा अवतार लिने छ।

ऊँच होई के नीच सतावै, ताकर ओएल (बदला) मोही सों पावै।
जो जीव देई पीर पुनी काँहु, हम पुनि ओएल दिवावें ताहूँ।।

त्यसपछि, आमाको समिपमा गई विष्णु जीले बुबाको दर्शन नपाएको सत्य तथ्य कुरा बताएपछि आमा साऱ्है प्रसन्न भएर बाबु, तिमी सत्यवादी हौ अब म आफ्नो शक्तिले तिमीलाई तिम्रो बुबासँग भेट गराएर तिम्रो मनको शंका मेटाइ दिन्छु भनिन्।

कबीर देख पुत्र तोहि पिता भीटाऊँ, तौरै मन का धोखा मिटाऊँ।
मन स्वरुप कर्ता कह जानों, मन ते दूजा और न मानो।
स्वर्ग पताल दौर मन केरा, मन अस्थीर मन अहै अनेरा।
निरंकार मन ही को कहिए, मन की आस निश दिन रहिए।
देख हूँ पलटि सुन्य मह ज्योति, जहाँ पर झिलमिल झालर होती।।

आमा (अष्टङ्गी/प्रकृति) ले विष्णुलाई मन नै संसारको कर्ता हो, यही ज्योति निरञ्जन हो, ध्यानमा देखिने एक हजार ज्योतिहरु नै उनको रुप हो र सुनिने शंख, घण्टा आदि बाजाहरु महास्वर्गमा निरञ्जनको नै बजि रहेको हो भनिन् साथै छोरा, तिमी सबै देवताहरुको श्रीपेच हौ र तिम्रो हरेक कामना तथा कार्य म पूर्ण गरि दिन्छु, तिम्रो पूजा सम्पूर्ण जगतमा हुने छ, तिमीले मलाई सत्य बताएका छौ, (कालको एक्काईस ब्रह्माण्डका प्राणीहरुमा आफ्नो व्यर्थको महिमा गाउने बानी छ)। दुर्गा जीले तिम्रो पूजा संसारभरि हुने छ, मैले तिमीलाई तिम्रो बुबाको दर्शन गराएँ भनी फुर्क्याउँदै प्रकाश मात्र देखाएर श्री विष्णु जीलाई बहकाइन्। श्री विष्णु जीले पनि प्रभुको यही अवस्था अर्थात् परमात्माको प्रकाश मात्र देखिन्छ र वहाँ निराकार हुनु हुन्छ भनेर आफ्ना अनुयायीहरुलाई बताउन थाले। त्यसपछि, रूद्र (महेश) सामु गई आदि भवानीले तिमी पनि आफ्नो बुबाको खोजी गर, तिम्रा दुई दाजुहरुले त वहाँको दर्शन पाएनन्, उनीहरुलाई जे दिनु थियो, त्यो प्रदान गरें, अब तिमी पनि जे माग्नु छ माग भनिन्। अनि महेशले भने,– हे जननी! मेरा दाजुहरुले बुबाको दर्शन नपाएकोले प्रयत्न गर्नु व्यर्थ छ। कृपया मलाई अमर (मृत्युञ्जय) हुने वर दिनु होस्। आमाले जवाफमा म यस्तो त गर्न सक्दिन तर तिम्रो आयु सबैभन्दा लामो भइ रहने जुक्ति भने बताइ दिन्छु र त्यो विधि योग समाधि हो (त्यसैले महादेव प्रायः समाधिमा नै रहन्छन्) भनिन्। यसरी आमा (अष्टङ्गी/प्रकृति) ले तीनैजना छोराहरुको विभाग छुट्याइ दिइन् :-

भगवान ब्रह्मा जीलाई काल लोकमा चौरासी लाखको चोला (शरीर) रचना गर्ने अर्थात् रजोगुणले प्रभावित गरी सन्तान उत्पत्तिका लागि वाध्य पारेर जीव उत्पत्ति गराउने विभाग प्रदान गरिन्।

भगवान विष्णु जीलाई जीवहरुको पालन पोषण (कर्म अनुसार) गर्ने, तथा मोह ममता उत्पन्न गरेर स्थिति कायम गरी राख्ने विभाग प्रदान गरिन्।

भगवान शिव शङ्कर (महादेव) लाई संहार गर्ने विभाग प्रदान गरिन् किनकि यिनका पिता निरञ्जनले एक लाख मानव शरीरधारी जीव प्रत्येक दिन खानु पर्छ।

यहाँ ब्रह्मा, विष्णु तथा शङ्कर जीबाट उत्पत्ति, स्थिति र संहार कसरी हुन्छ भन्ने प्रश्न उठ्छ। यी तीनजना आ-आफ्नो लोकमा बस्छन्। हिजो-आज सञ्चार प्रणाली चलाउन उपग्रहलाई आकाशमा छोडिन्छ र त्यसले पृथ्वीमा सञ्चार प्रणाली सञ्चालन गर्छ। ठीक त्यसरी नै यी तीन देवहरु जहाँ रहे पनि यिनका शरीरबाट

निस्कने सूक्ष्म गुणको तरङ्गले तीनवटै लोकका हरेक प्राणीमा आ-आफ्नो प्रभाव स्वतः पार्दछ।

उपरोक्त विवरण त एक ब्रह्माण्डमा ब्रह्म (काल) को रचनाको हो। क्षर पुरूष वा कालको यस्ता एक्काईसवटा ब्रह्माण्ड छन्।

तर क्षर पुरूष (काल) आफू व्यक्त अर्थात् वास्तविक शारीरिक रूपमा सबैका सामु आउँदैनन्। उनलाई प्राप्त गर्नका लगि तीन देवताहरु (ब्रह्मा, विष्णु र शिव) ले वेदमा वर्णित विधिअनुसार सक्दो साधना गर्दा पनि ब्रह्म (काल) को दर्शन पाएनन्। पछि ऋषिहरूले वेदहरूको अध्ययन गरे। तिनीहरूमा 'अग्नेः तनूर् असि' (पवित्र यजुर्वेद अध्याय १ मन्त्र १५) अर्थात् परमेश्वर सशरीर हुनु हुन्छ तथा 'अग्नेः तनूर् असि विष्णवे त्वा सोमस्य तनूर असि' (पवित्र यजुर्वेद अध्याय ५ मन्त्र १) लेखिएको छ। यी मन्त्रहरूमा वेदले सर्वव्यापक, सर्वपालनकर्ता सत्यपुरूष सशरीर हुनु हुन्छ भन्ने प्रमाण दोहऱ्याएर दिएका छन्। पवित्र यजुर्वेद अध्याय ४० मन्त्र ८ मा सबै प्राणीहरूले चाहेका परमेश्वर कविर अर्थात् कबीर (कविर् मनिषी) हुनु हुन्छ। वहाँको शरीर नाडी-रहित (अस्वाविरम्) र वीर्य (शुक्रम्) बाट निर्मित पाँच तत्त्वले बनेको भौतिक काया-रहित (अकायम्) छ। वहाँ सबैका मालिक हुनु हुन्छ र सर्वोपरि (सबैभन्दा माथिको) सत्यलोकमा विराजमान हुनु हुन्छ। परमेश्वरको स्वयं प्रकाशित तेजपुञ्ज (स्वर्ज्योत्ति) को शरीर छ, जुन शब्द रूप अर्थात् अविनाशी छ। सम्पूर्ण ब्रह्माण्डहरूको रचनाकर्ता (व्यदधाता), स्वयं प्रकट हुनु भएको (स्वयम्भू:) र (यथा तथ्य अर्थात्) वास्तवमा अविनाशी (शाश्वत्) कविर्देव (कबीर परमेश्वर) वहाँ नै हुनु हुन्छ। (यसको प्रमाण गीता अध्याय १५ श्लोक १७ मा पनि छ।) यसको भावार्थः पूर्ण ब्रह्मको शारीरिक नाम कबीर (कविर देव) हो। वहाँ (परमेश्वर) को शरीर प्रकाश (नूर) तत्वबाट निर्मित छ। परमात्माको शरीर अति सूक्ष्म हुनाले दिब्यदृष्टि खुलि सकेको साधकले मात्र देख्न सक्छ। यसरी नै जीवको पनि सूक्ष्म शरीर हुन्छ, जसलाई आमा र बुबाको संयोगले वीर्य (शुक्रम) बाट बनेको पञ्च तत्त्वको खोल वा पाँच तत्त्वको कायाले ढाकेको हुन्छ। शरीर त्यागेपछि पनि जीवको सूक्ष्म शरीर भने रहि रहन्छ। दिव्यदृष्टि खुलि सकेको साधकले नै त्यो सूक्ष्म शरीरलाई देख्न सक्छ। परमात्मा तथा जीवको स्थितिलाई यसरी नै बुझ्नु पर्छ। वेदमा ओ३म् नामको स्मरण गर्ने कुराको प्रमाण छ तर यसबाट ब्रह्मको साधना मात्र हुन्छ। यसै उद्देश्यले ओ३म् नामको जपलाई पूर्ण ब्रह्मको मानेर ऋषिहरूले पनि हठयोग गरी (समाधी लगाई) प्रभु प्राप्तिको प्रयास गरे, तर प्रभुको दर्शन भएन, सिद्धि प्राप्त भयो। तिनै सिद्धिरूपी खेलौनाहरु खेलेर ऋषिहरु पनि जन्म मृत्युको चक्रमै घुमि रहे अनि आफ्नो अनुभवका आधारमा शास्त्रमा परमात्मालाई निराकार भनेर लेखि दिए। ब्रह्म (काल) ले आफ्नो वास्तविक स्वरूपमा कसैलाई दर्शन नदिने र आफूलाई अव्यक्त भनेर चिन्ने छन् भनी बाचा गरेका छन्। (अव्यक्तको अर्थ आकारमा भएता पनि व्यक्तिगत तवरले स्थूल

रूपमा दर्शन नदिने भनेको हो। उदाहरणका लागि आकाशमा बादल लागेपछि दिउँसो पनि सूर्य अदृश्य हुन्छ, सूर्य देखिदैन। वास्तवमा त्यो बादलपारि जस्ताको त्यस्तै रूपमा छ। यस अवस्थालाई नै अव्यक्त भनिन्छ।) प्रमाण निम्ति गीताको अध्याय ७ श्लोक २४-२५ तथा अध्याय ११ श्लोक ४८ र ३२ हेर्नु होस्।

पवित्र गीता जी भन्ने ब्रह्म (काल) श्री कृष्ण जीको शरीरमा प्रेतवत् रूपमा प्रवेश गरी भनि रहेका छन्,– अर्जुन! म ठूलो भएको काल हुँ र सबैलाई खान आएको हुँ। (गीता अध्याय ११ श्लोक नं ३२) यो मेरो वास्तविक रूप हो, यो तिमीबाहेक पहिले न कसैले देख्न सक्यो न त पछि कसैले देख्न सक्ने छ अर्थात् वेदहरूमा वर्णन गरिएका यज्ञ-जप-तप तथा ओ३म् नाम आदि विधिले मेरो वास्तविक स्वरूपको दर्शन हुन सक्दैन। (गीता अध्याय ११ श्लोक नं. ४८) म कृष्ण होइन, यी मूर्ख मानिसहरूले म अव्यक्तलाई कृष्ण रूपमा व्यक्त (मनुष्यरूपको) मानि रहेका छन् किनकि यिनीहरूलाई म वास्तविक काल रूपमा सबैका सामु नआई आफ्नो योगमायाबाट लुकि रहन्छु भन्ने मेरो निकृष्ठ नियम थाहा छैन। (गीता अध्याय ७ श्लोक २४-२५) विचार गर्नु होस्ः आफ्नो लुकेर रहने विधानलाई यिनले किन आफैं निकृष्ट (अनुत्तम) भनि रहेका छन् ?


बुबाले आफ्ना सन्तानलाई दर्शन दिँदैनन् भने त्यसमा केही त्रुटि छ जसकारणले गर्दा उनी लुकेका छन् र सुविधा पनि दिइ रहेका छन्। काल (ब्रह्म) ले श्राप पाएकाले दैनिक एक लाख मानव शरीरधारी प्राणीहरु खानु पर्छ र दैनिक २५ प्रतिशत थप उत्पन्न गरेकालाई व्यवस्थित गर्न र कर्मभोग अनुसारको दण्ड दिनका लागि चौरासी लाख योनीहरूको रचना गरेका छन्। सबैका सामु बसेर कसैको श्रीमती, कसैको छोरा वा आमा-बुबालाई खाएमा सबैले ब्रह्मलाई घृणा गर्ने छन् तथा कुनै बेला पूर्ण परमात्मा कविरग्नि (कबीर परमेश्वर) स्वयं आउनु भयो भने या आफ्नो कोही सन्देशवाहक (दूत) पठाउनु भयो भने सबै प्राणी मिलेर सत्यभक्ति गरी कालको जालबाट निस्कने छन् भनेर उनले सबैलाई धोका दिएर राख्छन्। पवित्र गीता अध्याय ७ श्लोक १८, २४ र २५ मा ब्रह्मको साधानाले हुने मुक्ति (गति) लाई आफैंले अति निकृष्ट (अनुत्तमाम) भनेका छन् तथा आफ्नो विधान (नियम) लाई पनि अश्रेष्ट (अनुत्तम) भनेका छन्।

प्रत्येक ब्रह्माण्डमा बनेका ब्रह्मलोकमा यिनले एउटा महास्वर्ग बनाएका छन्। प्राणीहरूलाई धोका दिनका लागि प्रकृति (दुर्गा/आदि माया) को सहयोगबाट महास्वर्गको एक ठाउँमा नक्कली सत्यलोक, नक्कली अलखलोक, नक्कली अगमलोक र नक्कली अनामीलोकको रचना गराएका छन्। कबीर साहेबको शब्द "कर नैनों दीदार महल में प्यारा है" मा काया भेद किया निरवारा, यह सब रचना पिण्ड मंझारा है। माया अविगत जाल पसारा, सो कारीगर भारा है। आदि माया किन्ही चतुराई, झुठी बाजी पिण्ड दिखाई, अविगत रचना रचि अण्ड माहि वाका प्रतिबिम्ब डारा है। भन्ने वाणी छ।


एउटै ब्रह्माण्डमा अन्य लोकहरु श्री ब्रह्मा जीको लोक, श्री विष्णु जीको लोक, श्री शिव जीको लोक को पनि रचना गरिएका छन्। त्यहाँ बसेर यी तीन प्रभुहरूले तलका तीन लोकहरु (स्वर्ग लोक अथवा इन्द्र लोक, पृथ्वी लोक र पाताल लोक) मा एक-एक विभागको मालिक बनेर प्रभुत्व जमाई आफ्नो बुबा काललाई खुवाउनका लागि प्राणीहरूको उत्पत्ति, स्थिति र संहारको कार्यभार सम्हाल्छन्। यी तीनवटै प्रभुहरूको पनि जन्म र मृत्यु हुन्छ र कालले यिनीहरूलाई पनि खान्छन्। यही ब्रह्माण्डमा एउटा मानसरोवर, धर्मराय (न्यायधीश) को लोक पनि छ अनि प्रत्येक देशको राजदूतावास भएझैं त्यहाँ एउटा गुप्त स्थानमा अर्कै रूप धारण गरी पूर्ण परमात्मा विराजमान हुनु हुन्छ। {(ब्रह्माण्डको बनोट अण्डाकार भएकाले अण्ड पनि भनिन्छ। शरीर (पिण्ड) मा एउटा ब्रह्माण्डको रचनालाई टी.भी. मा जस्तै कमलहरूमा देखिने भएकाले यसलाई पिण्ड पनि भनिन्छ।)} त्यहाँ कोही जान सक्दैन। त्यहाँ सत्यलोकको भक्ति अधुरा भएका आत्माहरु बस्छन्। भक्ति युगको समय आएपछि परमेश्वर कबीर जीले आफ्नो प्रतिनिधिलाई पूर्ण सन्तका रूपमा पठाउनु हुन्छ। त्यसबेला यी पुण्यात्माहरूले पृथ्वीमा मानव शरीर प्राप्त गरी छिटै सतभक्तिमा लागेर सतगुरूबाट दीक्षा पाएर पूर्ण मोक्ष प्राप्त गर्छन्। त्यस ठाउँमा बस्ने हंस आत्माहरूको निजी भक्ति कमाइ खर्च हुँदैन। परमात्माको भण्डारबाट सबै सुविधाहरु उपलब्ध हुन्छन्। ब्रह्म (काल) का उपासकहरूको भक्ति कमाइ स्वर्ग महास्वर्गमा सकिन्छ किनकि यस काल लोक (ब्रह्मलोक) तथा परब्रह्म लोकमा प्राणीहरूले आफूले गरेका कर्मको फल नै प्राप्त गर्छन्। ब्रह्माण्डमा पनि बायाँतर्फ आदिमाया (दुर्गा) द्वारा प्राणीहरूलाई झुक्याउनका लागि नक्कली सत्यलोक, नक्कली अलखलोक, नक्कली अगमलोक र नक्कली अनामीलोकको रचना गराएका छन् तथा दायाँतर्फ बाह्रजना सर्वश्रेष्ठ ब्रह्म साधक (भक्त) हरूलाई राखेका छन्।

अनि प्रत्येक युगमा उनीहरूलाई आफ्नो सन्देशबाहक (सन्त सतगुरू) बनाएर पृथ्वीमा पठाउँछन्। तिनीहरूले शास्त्रविधि रहित साधना र ज्ञान सिकाएर आफैं पनि भक्तिहीन हुन्छन् र अनुयायीहरूलाई पनि कालको जालमा फँसाई नर्कमा जान्छन्। त्यस बाटोको अगाडि काल (ब्रह्म) को निजी लोकमा जाने एउटा ताला (कुलुफ) लगाई राखिएको छ । ब्रह्म (काल) आफ्नो वास्तविक मानव सदृश काल रूपमा रहने यो ठाउँमा आफैं तातो भइ रहने तावाको आकारको (रोटी पकाउने फलामको गोलो भाँडो जस्तो) एउटा ढुङ्गाको टुक्रा छ। जसमा एक लाख मानवधारी प्राणीहरूको सूक्ष्म शरीर भुटेर फोहर निकाली कालले खान्छन्। त्यसबेला प्राणीलाई असाध्य पीडा अनुभव हुन्छ र हाहाकार मच्चिन्छ। केही बेरपछि तिनीहरु बेहोस हुन्छन्। जीव मर्दैन। अनि धर्मराजको लोकमा गएर कर्मको आधारमा अर्को जन्म पाउँछन्। यसरी जन्म-मृत्युको चक्र चलि रहन्छ। माथि उल्लेखित सामुन्नेमा लागेको ताला ब्रह्म (काल) ले आफ्नो आहार हुने प्राणीहरूका लागि केही क्षणका लागि खोल्छन्। पूर्ण परमात्माको

## ब्रह्म लोकको लघु चित्र



## ज्योति निरञ्जन (काल) ब्रह्मको लोक (२१ ब्रह्माण्ड) को लघु चित्र



सत्यनाम तथा सारनामबाट यो ताला आफैं खुल्छ। यसरी कालको जाल बारेमा पूर्ण परमात्मा कविर्देव (कबीर साहेब) आफैंले आफ्नो निजी भक्त धर्मदास जी लाई बताउनु भयो।

## परब्रह्मका सात शङ्ख ब्रह्माण्डहरूको स्थापना

कबीर परमेश्वर (कविर्देव) ले अगाडि परब्रह्म (अक्षर पुरूष) ले आफ्नो कार्यमा बेवास्ता गरेर मानसरोवरमा गएर सुते भनेर बताउनु भयो। परमेश्वर (कबीर साहेब) ले मानसरोवरमा अण्डा राख्नु भएपछि अक्षर पुरूष (परब्रह्म) ले वहाँलाई रिसाएर हेरेका दुवै अपराधका कारण यिनी पनि सात शंख ब्रह्माण्डसहित सत्यलोकबाट बाहिर निकालिए। आफ्नो साथी ब्रह्म (क्षर पुरूष) सित छुटेपछि अक्षर पुरूष (परब्रह्म) व्याकुल भई परमपिता कविर्देव (कबीर परमेश्वर) लाई बिर्सिएर ब्रह्मको स्मरण गर्दै क्षर पुरूष (ब्रह्म) ले धेरै आनन्द मनाइ रहेका होलान्, म चाहिँ पछि परें भन्ने सोचे। त्यसरी नै परब्रह्मसँग सात शंख ब्रह्माण्डहरूमा जन्म-मृत्युको कर्मदण्ड भोगि रहेका केही आत्माहरूले पनि ब्रह्मसँग २१ ब्रह्माण्डहरूमा गएका हंस आत्माहरूसित छुट्टिनु परेकोले उनीहरूको सम्झनामा व्याकुल भएर पूर्ण परमात्मा सुखदायक कविर्देवलाई बिर्सिए। परमेश्वर कविर्देवले पटक-पटक सम्झाउँदा पनि आस्था कम भएन। परब्रह्म (अक्षर पुरूष) ले मैलै पनि छुट्टै ठाउँ पाएँ भने राम्रो हुन्छ भन्ने सोचेर राज्य प्राप्तिको इच्छाले सारनामको जाप प्रारम्भ गरे। परब्रह्मका सात शंख ब्रह्माण्डमा फसेका अन्य आत्माहरूले पनि ब्रह्मसित गएका आत्माहरूले त्यहाँ मोजमस्ती गरि रहेका होलान् र हामी चाहिँ पछि पर्‍यौं भन्ने सोचे। परब्रह्मको मनमा पनि क्षर पुरूष छुट्टिएर सुखी भएका होलान् भन्ने धारणा बनाएर अन्तरआत्मादेखि नै छुट्टै ठाउँ पाउनका लागि दृढ निश्चय गरे। परब्रह्मले हठयोग नगरेर छुट्टै राज्य प्राप्तिका लागि विशेष तीब्रताका साथ सहज ध्यान योग गर्दै रहे र खानपिन पनि त्यागी पागल झैं घुम्न लागे। उनको वैराग्यबाट आशक्त भएर अरू केही आत्माहरूले उनलाई चाहन थाले। पूर्ण प्रभुले सोध्दा परब्रह्मले केही हंस आत्माहरु सहित छुट्टै ठाउँ पाउँ भनी याचना गरे। कविर्देवले तिमीसँग स्वेच्छाले जान चाहने आत्माहरूलाई पठाइ दिन्छु भन्दै परब्रह्मका साथ जान चाहने हंस आत्माहरूलाई सहमति व्यक्त गर्न भन्नु भयो। लामो समयपछि एउटा हंसले सहमति जनायो र देखासिकी गर्दै अन्य आत्माहरूले सहमति व्यक्त गरे। सबैभन्दा पहिला सहमति जनाउने हंस आत्मालाई स्त्रीरूप दिएर उसको नाम ईश्वरी माया (प्रकृति सुरति) राखी अन्य आत्माहरूलाई ईश्वरी मायामा प्रवेश गराई अचिन्तसँग साथ लाएर अक्षर पुरूषकहाँ पठाइ दिनु भयो (पतिव्रता पदबाट झरेकोले सजाय पाए)। कैयौं युगसम्म दुवै सात शंख ब्रह्माण्डमा रहे पनि परब्रह्मले दुर्व्यवहार गरेनन्। ईश्वरी मायालाई उनले स्वेच्छाले अङ्गीकार गरेर शब्द शक्तिबाट नङले स्त्री इन्द्रिय (योनी) बनाई ईश्वरी देवीको सहमतिले सन्तान उत्पन्न गरे। परब्रह्मको लोक (सात शंख ब्रह्माण्डहरु) मा प्राणीहरूले तप्तशीलाको कष्ट भोग्नु पर्दैन। त्यहाँका पशु-पंछीहरु

ब्रह्म लोकका देवताहरूभन्दा असल चरित्रका छन्। प्राणीहरूको आयु धेरै लामो भए पनि जन्म-मृत्यु र कर्मको आधारमा कर्मदण्ड भोग्नु तथा परिश्रम गरेरै पेट पाल्नु पर्छ। त्यहाँ स्वर्ग र नर्क पनि त्यसरी नै बनेका छन्। परब्रह्म (अक्षर पुरूष) लाई उनको इच्छारूपी भक्ति ध्यान अर्थात् सहज समाधी विधिबाट गरेको कमाइको फलस्वरूप सात शंख ब्रह्माण्डहरु परमात्माले प्रदान गर्नु भयो र सत्यलोकभन्दा भिन्दै ठाउँमा गोलाकार परिधिभित्र राखेर सात शंख ब्रह्माण्डहरु सहित अक्षर ब्रह्म तथा ईश्वरी मायालाई निष्काशित गर्नु भयो।

पूर्ण ब्रह्म (सत्यपुरूष) सत्यलोक आदिमा भएका असङ्ख्य ब्रह्माण्डहरु लगायत ब्रह्मका २१ ब्रह्माण्ड र परब्रह्मका सात शंख ब्रह्माण्डहरूको पनि प्रभु (मालिक) हुनु हुन्छ अर्थात् परमेश्वर कविर्देव कुलका मालिक हुनु हुन्छ।

श्री ब्रह्मा, श्री विष्णु तथा श्री शिव जीका ४-४ भुजा तथा १६ कला छन्। प्रकृति देवी (दुर्गा, अष्टंगी) को आठ भुजा तथा ६४ कला छन्। ब्रह्म (क्षर पुरूष) को १००० भुजा र १००० कला छन् तथा एक्काईस ब्रह्माण्डका प्रभु हुन्। परब्रह्म (अक्षर पुरूष) को १०,००० भुजा तथा १०,००० नै कला छन् तथा ७ शंख ब्रह्माण्डका प्रभु हुन्। पूर्ण ब्रह्म (परम अक्षर ब्रह्म) असङ्ख्य भुजा तथा कला छन् र ब्रह्मको एक्काईस तथा परब्रह्मको सात शंख ब्रह्माण्ड सहित असङ्ख्य ब्रह्माण्डका प्रभु हुनु हुन्छ। प्रत्येक प्रभु आफ्ना सम्पूर्ण भुजा समेटेर केवल दुई भुजा मात्र पनि राख्न तथा सम्पूर्ण भुजा प्रकट पनि गर्न सक्छन्। पूर्ण परमात्मा परब्रह्मको प्रत्येक ब्रह्माण्डमा पनि अलग स्थान बनाएर अन्य रूपमा गुप्त अवस्थामा रहनु हुन्छ। मानौं, जस्तो एउटा घुम्ने क्यामेरा भवन बाहिर राखी भवन भित्र टी. भी. राख्दा बाहिरका सम्पूर्ण दृश्य देखिन्छ। त्यस्तै अर्को टी. भी. बाहिर र भित्र क्यामेरा स्थायी रूपमा राखे भित्र बसेका प्रबन्धकको तस्वीर देखिन्छ र सबै कर्मचारी सावधान हुन्छन्।

यस प्रकार पूर्ण परमात्माले आफू आफ्नो सतलोकमा बसेर सबैलाई नियन्त्रण गर्नु भएको छ। प्रत्येक ब्रह्माण्डमा पनि सतगुरू कविर्देव विद्यमान हुनु हुन्छ। जस्तो सूर्य टाढा भए पनि आफ्नो प्रभाव अन्य लोकमा राखि रहन्छ।

## पवित्र अथर्ववेदमा सृष्टि रचनाको प्रमाण

**अथर्ववेद काण्ड नं. ४ अनुवाक नं. १ मन्त्र नं. १**

ब्रह्म जज्ञानं प्रथमं पुरस्ताद् वि सीमतः सुरूचो वेन आवः।
स बुध्न्या उपमा अस्य विष्ठाः सतश्च योनिमसतश्च वि वः।।१।।

ब्रह्म, ज, ज्ञानम्, प्रथमम्, पुरस्तात्, विसिमतः, सुरूचः, वेनः, आवः, सः, बुध्न्याः, उपमा, अस्य, विष्ठाः, सतः, च, योनिम, असतः, च, वि वः

**अनुवाद** :- (प्रथमम्) प्राचीन वा सनातन (ब्रह्म) परमात्मा (ज) प्रकट भई (ज्ञानम्) आफ्नो सुझबुझले (पुरस्तात्) शिखर वा सत्यलोक आदिमा (सुरूचः) स्वेच्छाले खुबै

उत्साहपूर्वक स्वप्रकाशित (विसिमतः) सीमारहित वा विशाल सीमा भएका विभिन्न लोकहरूलाई (वेन) जुलाहाले तानमा लुगा बुने जसरी (आवः) सुरक्षित गर्नु भयो (च) र (स) वहाँ पूर्ण ब्रह्मले नै सबै रचना गर्नु हुन्छ (अस्य) त्यसैले (बुध्न्याः) मुख्य मालिकले (योनिम्) मुख्य स्थान सत्यलोकको रचना गर्नु भएको हो (अस्य) यो (उपमा) सँग मिल्दोजुल्दो वा सदृश (सतः) अक्षर पुरूष वा परब्रह्मको केही स्थायी लोक (च) र (असतः) क्षर पुरूषको अस्थायी लोक (वि वः) स्वरूप भिन्न आवास स्थान (विष्ठः) स्थापित गर्नु भयो।

**भावार्थ :- पवित्र वेद भन्ने ब्रह्म (काल) भनिरहेका छन्– सनातन परमेश्वरले स्वयम् अनामय (अनामी) लोकबाट सत्यलोकमा प्रकट भएर आफ्नो सुझबुझले तानमा लुगा बुने झैं रचना गरेर माथिका सत्यलोक आदिलाई सीमारहित स्वप्रकाशित अजर-अमर अर्थात् अविनाशी रूपमा अवस्थित गर्नु भयो तथा तलका परब्रह्मको सात शंख ब्रह्माण्ड र ब्रह्मका एक्काइस ब्रह्माण्ड तथा तिनमा रहेका सानाभन्दा साना रचना पनि वहाँ परमेश्वरले नै अस्थायी रूपमा स्थापित गर्नु भयो।**

**अथर्ववेद काण्ड नं. ४ अनुवाक नं. १ मन्त्र नं. २**

इयं पित्र्या राष्ट्र्येत्वग्रे प्रथमाय जनुषे भुवनेष्ठाः।
तस्मा एतं सुरूचं ह्वारमह्यं धर्मं श्रीणन्तु प्रथमाय धास्यवे।।२।।

इयम्, पित्र्या, राष्ट्रि, एतु, अग्रे, प्रथमाय, जनुषे, भुवनेष्ठाः, तस्मा, एतम्, सुरचम्, ह्वारमह्यम्, धर्मम्, श्रीणान्तु, प्रथमाय, धास्यवे

**अनुवाद** :- (इयम्) ती (पित्र्या) जगतपिता परमेश्वरले (एतु) यो (अग्रे) सर्वोत्तम (प्रथामाय) सबैभन्दा पहिला माया परानन्दनी (राष्ट्रि) राजेश्वरी शक्ति वा पराशक्ति (अर्थात् आकर्षण शक्ति) लाई (जनुषे) उत्पन्न गरी (भुवनेष्ठाः) लोकहरु स्थापना गर्नु भयो, (तस्मा) उनै परमेश्वरले (सुरूचम्) धेरै रूचीसाथ स्वेच्छाले (एतम्) यो (प्रथमाय) प्रथम उत्पत्तिको शक्ति वा पराशक्तिद्वारा (ह्वारमह्यम्) एक अर्काको वियोगलाई रोक्ने वा आकर्षित गर्ने (श्रीणान्तु) गुरूत्वाकर्षणलाई परमात्माले सँधै रहनु भन्ने आदेश दिनु भयो तथा कहिल्यै पनि समाप्त नहुने (धर्मम्) स्वाभाव (धास्यवे) धारण गराई तानमा कपडा झैं बुनेर तिनीहरूलाई स्थिर गर्नु भयो।

**भावार्थः- जगत्पिता परमेश्वरले आफ्नो शब्दशक्तिले राष्ट्री अर्थात् सबैभन्दा पहिले माया राजेश्वरी उत्पन्न गरी, त्यही पराशक्तिद्वारा एक अर्कोको आकर्षण शक्तिले रोक्ने, कहिल्यै समाप्त नहुने गुणबाट उपरोक्त ब्रह्माण्डहरूलाई स्थापित गर्नु भएको छ।**

**अथर्ववेद काण्ड नं. ४ अनुवाक नं. १ मन्त्र नं. ३**

प्र यो जज्ञे विद्वानस्य बन्धुर्विश्वा देवाना जनिमा विवक्ति।
ब्रह्म ब्रह्मण उज्जभार मध्यान्नीचैरूच्चैः स्वधा अभि प्र तस्थौ।।३।।

प्र, यः, जज्ञे, विद्वानस्य, बन्धुः, विश्वा, देवानाम्, जनिमा, विवक्ति, ब्रह्मः, ब्रह्मणः, उज्जभार, मध्यात्, निचैः, उच्चैः, स्वधा, अभिः, प्रतस्थौ

**अनुवाद** :- (प्र) सबैभन्दा पहिला (देवानाम्) देवताहरु र ब्रह्माण्डहरूको (जज्ञे) उत्पत्तिको ज्ञानलाई (विद्वानस्य) जिज्ञासु भक्तका (यः) यी (बन्धः) वास्तविक साथी पूर्ण परमात्माले आफ्नो निज सेवकलाई (जनिमा) आफूले गरेको रचनाबारे (विवक्ति) आफैंले सही रूपमा विस्तारपूर्वक बताउनु हुन्छ कि (ब्रह्मः) पूर्ण परमात्माले (मध्यात्) आफ्नो मध्यबाट वा शब्द शक्तिले (ब्रह्मः) ब्रह्म/क्षर पुरूष वा काललाई (उज्जभार) उत्पन्न गरेर (विश्वा) सम्पूर्ण संसार वा सबै लोकहरूलाई (उच्चैः) माथि सत्यलोक आदि र (निचैः) तल परब्रह्म तथा ब्रह्मका सम्पूर्ण ब्रह्माण्डहरु (स्वधा) आफूमा धारण गर्ने (अभि) आकर्षण शक्तिबाट (प्र तस्थौ) दुवैलाई राम्रोसँग स्थापित गर्नु भयो।

**भावार्थः- पूर्ण परमात्माले रच्नु भएको सृष्टि तथा सम्पूर्ण आत्माहरूको उत्पत्तिको ज्ञान आफ्नो निजी दासलाई आफैंले सही रूपमा बताउनु हुन्छ,— पूर्ण परमात्माले नै आफ्नो मध्य वा शब्द शक्तिले ब्रह्म (क्षर पुरूष/काल) को उत्पत्ति गरी माथि सत्यलोक, अलखलोक, अगमलोक र अनामीलोक तथा तल परब्रह्मका सात शंख ब्रह्माण्ड र बह्मका २१ ब्रह्माण्डहरु आफूमा धारण गर्ने आकर्षण शक्तिले स्थीर गराउनु भयो।**

**पूर्ण परमात्मा कबीर परमेश्वर (कविर्देव) ले आफ्नो निजी सेवक अर्थात् मित्र धर्मदास जी, आदरणीय गरीबदास जी आदिलाई आफूले रच्नु भएको सृष्टिको ज्ञान आफैंले बताउनु भयो। उपरोक्त वेद मन्त्रले पनि यसलाई समर्थन गरेको छ।**

**अथर्ववेद काण्ड नं. ४ अनुवाक नं. १ मन्त्र नं. ४**

सः हि दिवः सः पृथिव्या ऋतस्था मही क्षेमं रोदसी अस्कभायत्।
महान् मही अस्कभायद् वि जातो द्यां सद्म पार्थिवं च रजः।।४।।

सः, हि, दिवः, स, पृथिव्या, ऋतस्था, मही, क्षेमम्, रोदसी, अस्कभायत्, महान्, मही, अस्कभायद्, विजातः, धाम्, सदम्, पार्थिवम्, च, रजः

**अनुवाद** :- (सः) उनै सर्वशक्तिमान परमात्माले (हि) निःसन्देह (दिवः) माथिका चारैवटा दिव्यलोक अर्थात् सत्यलोक, अलखलोक, अगमलोक तथा अनामीलोक वा अकहलोक अर्थात् दिव्य गुणहरूले युक्त लोकहरूलाई (ऋतस्था) सत्य स्थीर अथवा अजर-अमर रूपले स्थीर गर्नु भयो र (स) त्यही अनुरूप (पृथिव्या) परब्रह्मका सात शंख तथा ब्रह्म/कालका एक्काइस ब्रह्माण्डहरु जस्ता तलको पृथ्वी सम्बन्धी सबै लोकहरूलाई (मही) पृथ्वी तत्त्वले (क्षेमम्) सुरक्षाका साथ (अस्कभायत्) स्थीर गरी (रोदसी) आकाश तत्त्व तथा पृथ्वी तत्त्व दुवैले माथि र तलका लोकहरूलाई (महान्) पूर्ण परमात्माले (पार्थिवम्) पृथ्वीका (वि) भिन्न-भिन्न (धाम्) लोकहरु (च) र (सदम्) आवास स्थानका लागि (मही) पृथ्वी तत्त्व लिएर (रजः) प्रत्येक ब्रह्माण्डमा स-साना लोकहरु (जातः) रचना गरी (अस्कभायत्) स्थिर गर्नु भयो।

**भावार्थ :- पूर्ण ब्रह्मले माथिका चारै लोक- सत्यलोक, अलखलोक, अगमलोक र अनामीलोक अजर-अमर स्थायी अर्थात् अविनाशी रूपमा रच्नु भयो तथा तलका ब्रह्म र परब्रह्मका लोकहरु र अन्य स-साना लोकहरूलाई पनि वहाँ परमेश्वरले नै**

**अस्थायी रूपमा रचना गरेर स्थिर गर्नु भयो। आकाश सूक्ष्म तत्त्व हो र यसको गुण शब्द हुनाले पूर्ण परमात्माले माथिको लोक शब्द रूपले रचेर तेजपुञ्जको बनाउनु भयो तथा तलका परब्रह्म (अक्षर पुरूष) का सात शंख ब्रह्माण्ड र ब्रह्म वा क्षर पुरूषका एक्काइस ब्रह्माण्डहरूलाई पृथ्वीको पृथ्वी तत्त्वबाट अस्थायी रूपमा रच्नु भयो।**

**अथर्ववेद काण्ड नं. ४ अनुवाक नं. १ मन्त्र ५**

सः बुध्न्यादाष्ट्र जनुषोऽभ्यग्रं बृहस्पतिर्देवता तस्य सम्राट्।
अहर्यच्छुक्रं ज्योतिषो जनिष्टाथ द्युमन्तो वि वसन्तु विप्राः।।५।।

सः, बुध्न्यात्, आष्ट्र, जनुषेः, अभि, अग्रम्, बृहस्पतिः, देवता, तस्य, सम्राट, अहः, यत्, शुक्रम्, ज्योतिषः, जनिष्ट, अथ, द्युमन्तः, वि, वसन्तु, विप्राः

**अनुवाद** :- (सः) वहाँ (बुध्न्यात्) मूल मालिकबाट (अभि-अग्रम्) सबैभन्दा पहिलो स्थानमा (आष्ट्र) अष्टङ्गी माया वा दुर्गा अर्थात् प्रकृति देवी (जनुषेः) उत्पन्न भइन् किनकि तलका परब्रह्म र ब्रह्मका लोकहरूको पहिलो स्थान सत्यलोक हो, जसलाई तेस्रो धाम पनि भनिन्छ। (तस्य) यी दुर्गाको पनि मालिक (सम्राट) राजाधिराज नै (बृहस्पतिः) सबैभन्दा ठूला पति अर्थात् जगत् गुरू (देवता) परमेश्वर हुनु हुन्छ। (यत्) वहाँसँग (अहः) सबै छुटे र (अथ) त्यसपछि (ज्योतिषः) ज्योति निरञ्जन वा कालको (शुक्रम्) वीर्य वा बीज शक्तिले (जनिष्ट) दुर्गाको पेटबाट उत्पन्न भएका (विप्राः) भक्त आत्माहरु (वि) लाई अलग अलग रूपमा (द्युमन्तः) मनुष्य लोक तथा स्वर्ग लोकमा ज्योति निरञ्जनको आदेश अनुसार दुर्गाले (वसन्तु) निवास गर भनिन् अर्थात् उनीहरु बसोवास गर्न थाले।

**भावार्थ** :- **पूर्ण परमात्माले माथिका चारै लोकहरूमध्ये तलबाट सबैभन्दा पहिलो वा सत्यलोकमा आष्ट्रा अर्थात् अष्टङ्गी (प्रकृति देवी/दुर्गा) को उत्पत्ति गर्नु भयो। वहाँ राजाधिराज, जगतगुरू नै पूर्ण परमेश्वर (सत्यपुरूष) हुनु हुन्छ जोसँग सबैको बिछोड भएको छ। अनि सबै प्राणीहरु ज्योति निरञ्जन (काल) को (वीर्य) बीजले दुर्गा (आष्ट्रा) को गर्भबाट उत्पन्न भए तथा स्वर्गलोक र पृथ्वीलोकमा निवास गर्न थाले।**

**अथर्ववेद काण्ड नं. ४ अनुवाक नं. १ मन्त्र ६**

नूनं तदस्य काव्यो हिनोति महो देवस्य पूर्व्यस्य धाम।
एष जज्ञे बहुभिः साकमित्था पूर्वे अर्धे विषिते ससन् नु।।६।।

नूनम्, तत्, अस्य, काव्यः, महः, देवस्य, पूर्व्यस्य, धाम, हिनोति, पूर्वे, विषिते, एष, जज्ञे, बहुभिः, साकम्, इत्था, अर्धे, ससन्, नु

**अनुवाद** :- (नुनम्) निःसन्देह (तत्) वहाँ पूर्ण परमेश्वर अर्थात् तत् ब्रह्मले नै (अस्य) यो (काव्यः) पूर्ण परमेश्वरको विधिवत भक्ति गर्ने भक्तात्मालाई (महः) सर्वशक्तिमान (देवस्य) परमेश्वरको (पूर्व्यस्य) पहिलेको (धाम) लोक वा सत्यलोकमा (हिनोति) फर्काउनु हुन्छ। (पूर्वे) पहिला (विषिते) विशेष चाहेको (एष) पूर्ण ब्रह्म परमेश्वरलाई (जज्ञे) सृष्टि उत्पत्तिको ज्ञान जानेपछि (बहुभिः) धेरै आनन्द (साकम्) का साथ (अर्धे) आधा (ससन्) सुतेर (इत्था) यसरी विधिवत् (नु) सत्य आत्माले स्तुति गर्छ।

**भावार्थ** :- **परमेश्वरले सत्य साधना गर्ने साधकलाई छुटेर आएको त्यही पहिलो स्थान (सत्यलोक) मा लैजानु हुन्छ। त्यहाँ वास्तविक सुखदायक प्रभुलाई प्राप्त**

**गरेर खुसीले आत्मविभोर भई मस्तीले स्तुति गर्छ,– हे परमात्मा ! असङ्ख्य जन्महरूमा अल्मलिएकाहरूले बल्ल वास्तविक ठेगाना पायौं। यसको प्रमाण पवित्र ऋग्वेद मण्डल १० सुक्त ९० मन्त्र १६ मा पनि छ।**

**आदरणीय गरीबदास जीलाई यसरी नै पूर्ण परमात्मा कविर्देव (कबीर परमेश्वर) आफैंले सत्यभक्ति दिएर सत्यलोक लानु भएको थियो। आफ्नो अमृतवाणीमा आदरणीय गरीबदास जी महाराजले आँखाले देखेको कुरा यसरी भन्छन् :-**

गरीब, अजब नगर में ले गए, हम कुँ सतगुरू आन। झिलके बिम्ब अगाध गति, सुते चादर तान॥

**अथर्ववेद काण्ड नं. ४ अनुवाक नं. १ मन्त्र ७**

योऽथर्वाणं पित्तरं देवबन्धुं बृहस्पतिं नमसाव च गच्छात्।
त्वं विश्वेषां जनिता यथासः कविर्देवो न दभायत् स्वधावान्॥७॥

यः–अथर्वाणम्–पित्तरम्–देवबन्धुम्–बृहस्पतिम्–नमसा–अव–च–गच्छात्–त्वम्–विश्वेषाम्–जनिता–यथा–सः–कविर्देवः–न–दभायत्–स्वधावान्

**अनुवादः-** (यः) जो (अथर्वाणम्) अचल अर्थात् अविनाशी (पित्तरम्) जगत पिता (देवबन्धुम्) भक्तहरूका वास्तविक साथी वा आत्माको आधार (बृहस्पतिम्) जगतगुरू (च) तथा (नमसा) विनम्र पुजारी अर्थात् विधियुक्त साधकलाई (अव) सुरक्षाका साथ (गच्छात्) सत्यलोक जानेहरूलाई सत्यलोक लैजाने (विश्वेषाम्) सम्पूर्ण ब्रह्माण्डहरूलाई (जनिता) रचना गर्ने जगदम्बा अर्थात् ममतामयी गुणयुक्त तर (न दभायत्) कालले झैं धोका नदिने (स्वधावान्) स्वभाव अर्थात् गुण हुनु भएका तथा (यथा) जस्ताका त्यस्तै अर्थात् उस्तै (सः) हुनु भएका (त्वम्) हजुर नै (कविर्देवः/कविर्देवः) कविर्देव हुनु हुन्छ वा अर्को शब्दमा वहाँलाई नै कबीर परमेश्वर भनिन्छ।

**भावार्थ :- यस मन्त्रमा सम्पूर्ण रचना गर्नु हुने परमेश्वरको नाम कविर्देव अर्थात् कबीर परमेश्वर हो भन्ने कुरा स्पष्ट गरिएको छ।**

**परमेश्वर अचल अर्थात् वास्तवमा अविनाशी जगतगुरू, आत्माका आधार तथा पूर्णमुक्त भएर सत्यलोक जानेहरूलाई सत्यलोक लैजाने, सम्पूर्ण ब्रह्माण्डहरूका रचनहार एवं काल (ब्रह्म) ले जस्तो धोका नदिई जस्ताको त्यस्तै गर्ने वहाँ स्वयं कविर्देव अर्थात् कबीर प्रभु हुनु हुन्छ (यसको प्रमाण गीता अध्याय १५ श्लोक १६ र १७ मा पनि छ)। सम्पूर्ण ब्रह्माण्डहरु र प्राणीहरूलाई आफ्नो शब्द शक्तिले उत्पन्न गर्ने हुनाले वहाँ (जनिता) आमा, (पित्तरम्) बुबा र (बन्धु) दाजुभाइ एवं (देव) परमेश्वर पनि वहाँ नै हुनु हुन्छ। त्यसैले वहाँ कविर्देव (कवीर परमेश्वर) को स्तुति** 'त्वमेव माता च पिता त्वमेव, त्वमेव बन्धु च सखा त्वमेव, त्वमेव विद्या च द्रविणम् त्वमेव, त्वमेव सर्वं मम देव देव।' **भनेर गर्ने गरिन्छ। पवित्र ऋग्वेद मण्डल नं. १ सुक्त नं. २४ मा यिनै परमेश्वरको महिमाको विस्तृत विवरण छ।**

## पवित्र ऋग्वेदमा सृष्टि रचनाको प्रमाण

**ऋग्वेद मण्डल १० सुक्त ९० मन्त्र १ मा निम्न प्रमाण छः**

सहस्रशीर्षा पुरूषः सहस्राक्षः सहस्रपात्।
स भूमिं विश्वतों वृत्वात्यतिष्ठद्दशाङ्गुलम्।।१।।

सहस्रशीर्षा–पुरूषः–सहस्राक्षः–सहस्रपात्–स–भूमिम्–विश्वतः–वृत्वा–अत्यातिठष्त्–दशंगुलम्।

**अनुवाद** :- (पुरूषः) विराटरूप काल भगवान अर्थात् क्षर पुरूष (सहस्रशीर्षा) हजार टाउका, (सहस्राक्षः) हजार आँखा र (सहस्रपात) हजार गोडा भएका छन्। (स) त्यो काल (भूमिम्) पृथ्वी भएका २१ वटा ब्रह्माण्डहरूलाई (विश्वतः) चारैतिरबाट (दशांगुलम्) दशै औंलाले वा पूर्ण नियन्त्रण गरी (वृत्वा) गोलाकार घेरामा घेरेर (अत्यातिष्ठत्) सबैभन्दा ठूलो वा काललोकको सबैभन्दा आकर्षक एक्काइसौं ब्रह्माण्डमा बस्छन्।

**भावार्थ :- यस मन्त्रमा विराट (काल/ब्रह्म) को वर्णन छ। (गीता अध्याय १०-११ मा पनि यस काल/ब्रह्मको यस्तै वर्णन गरिएको छ) अध्याय ११ श्लोक नं. ४६ मा अर्जुनले हे सहस्रबाहु प्रभु, तपाईं आफ्नो चतुर्भुज रूपमा दर्शन दिनु होस् भनेका छन्।**

**हजारौं हात, खुट्टा, आँखा, कान आदि भएका विराटरूप काल प्रभु आफ्नो अधीनमा सम्पूर्ण प्राणीहरूलाई पूर्णरूपमा नियन्त्रण गरी वा २० ब्रह्माण्डहरूलाई गोलाकार परिधिमा राखेर आफू त्यसभन्दा माथि (अलग) एक्काईसौं ब्रह्माण्डमा बसेका छन्।**

**ऋग्वेद मण्डल १० सुक्त ९० मन्त्र २ मा पनि निम्न उल्लेख छ :**

पुरूष एवेदं सर्वं यदभूतं यच्च भाव्यम्।
उतामृतत्त्वस्येशानो यदन्नेनातिरोहति।।२।।

पुरूष-एव-इदम्-सर्वम्-यत्-भूतम्-यत्-च-भाव्यम्-उत-अमृतत्वस्य-इशानः-यत्-अन्नेन-अतिरोहति।

**अनुवाद** :- (एव) यस प्रकार केही सही रूपमा (पुरूष) भगवान हुन्, ती अक्षर पुरूष अर्थात् परब्रह्म हुन् (च) र (इदम्) यो (यत्) जो (भूतम्) उत्पन्न भएको छ र (यत्) जो (भाव्यम्) भविष्यमा हुने छ (सर्वम्) सबै (यत्) प्रयत्न वा मिहिनेतले (अन्नेन) अन्नबाट (अतिरोहति) विकसित हुन्छ। यी अक्षर पुरूष (उत्) सन्देहयुक्त (अमृतत्वस्य) मोक्षका (इशानः) स्वामी हुन् अर्थात् अक्षर पुरूष भगवान हुन् भन्ने केही सत्य भए पनि पूर्ण मोक्षदायक भने होइनन्।

**भावार्थः- यस मन्त्रमा केही भगवानवाला लक्षणहरूले युक्त परब्रह्म (अक्षर पुरूष) को विवरण छ। तर उनको भक्तिबाट पनि पूर्ण मोक्ष नभएकाले उनलाई सन्देहयुक्त मुक्तिदाता भनिन्छ। कालले झैं जीवलाई तप्तशीलामा भुटेर नखानाले उनलाई प्रभुका केही गुणयुक्त भनिएको हो। परब्रह्मको लोकमा पनि प्राणीहरूले कर्माधारमा फल पाउँछन्, अन्नबाटै सम्पूर्ण प्राणीहरूको शरीर विकसित हुन्छ र जन्म-मृत्युको समय कालको भन्दा धेरै भए पनि उत्पत्ति, प्रलय र चौरासी लाख योनीहरूको यातना रहि रहन्छ।**

**ऋग्वेद मण्डल १० सुक्त ९० मन्त्र ३ मा यसरी उल्लेख गरिएको छ :**

एतावानस्य महिमातो ज्यायाँश्च पुरूषः।
पादोऽस्य विश्वा भूतानि त्रिपादस्यामृतं दिवि।।३।।

एतावान्-अस्य-महिमा-अतः-ज्यायान्-च-पुरूषः-पादः-अस्य-विश्वा-भूतानि-त्रि-पाद्-अस्य-अमृतम्-दिवि।

**अनुवाद** :- (अस्य) यी अक्षर पुरूष वा परब्रह्मको त (एतावान्) यति नै (महिमा) प्रभुता छ। (च) तथा (पुरूष) परम अक्षर ब्रह्म वा पूर्ण ब्रह्म परमेश्वर त (अतः) यसभन्दा पनि (ज्यायान्) ठूला हुनु हुन्छ। (विश्वा) समस्त (भूतानि) क्षर पुरूष, अक्षर पुरूष तथा यिनका लोकहरु लगायत सत्यलोक र तिनमा भएका सबै प्राणीहरु (अस्य) यी पूर्ण परमात्मा परम अक्षर पुरूषका (पादः) एउटा गोडा वा एक अंश मात्र हुन्। (अस्य) यी परमेश्वरका (त्रि) तीनवटा (दिवि) दिव्यलोक अर्थात् सत्यलोक, अलखलोक र अगमलोक चाहिँ (अमृतम्) अविनाशी (पाद्) अर्को गोडा हो। अर्थात् सबै ब्रह्माण्डहरूमा उत्पन्न भएका सबै कुरा सत्यपुरूष पूर्ण परमात्माका अंश या अङ्ग हुन्।

**भावार्थः- माथि मन्त्र २ मा चर्चा गरिएको अक्षर पुरूष (परब्रह्म) को महिमा यति नै हो र पूर्ण पुरूष कविर्देव सर्वशक्तिमान हुनु हुन्छ, सम्पूर्ण ब्रह्माण्ड वहाँको अंशमा मात्र अडिएको छ। चौथो अनामी (अनामय) लोक अन्य रचनाभन्दा पहिलेको हुनाले यस मन्त्रमा तीन लोकहरूको वर्णन गरिएको छ। यिनै तीन प्रभुहरु (क्षर र अक्षर पुरूष तथा यीभन्दा अर्कै परम अक्षर पुरूष) को विवरण श्रीभद्भागवत गीता अध्याय १५ श्लोक संख्या १६-१७ मा छ। यसैको प्रमाण आदरणीय गरीबदास साहेब जीले यसरी भनेका छन् :** गरीब, जाके अर्ध रूम पर सकल पसारा, ऐसा पूर्ण ब्रह्म हमारा।।

गरीब, अनन्त कोटि ब्रह्माण्ड का एक रति नही भार। सतगुरू पुरूष कबीर हैं, कुल के सृजनहार।।

**यसकै प्रमाण स्वरूप आदरणीय दादु साहेब जीले भनेका छन्:-**

जिन मोकुं निज नाम दिया, सोई सतगुरू हमार। दादू दूसरा कोए नहीं, कबीर सृजनहार।।

**यसैको प्रमाण आदरणीय नानक साहेब जीले यसरी दिएका छन् :-**

यक अर्ज गुफतम पेश तो दर कून करतार। हक्का कवीर करीम तू, बेऐब परवरदिगार।।

**(श्री गुरू ग्रन्थ साहेब, पृष्ठ नं. ७२१, महला १, राग तिलंग)**

**(कून करतारको अर्थ सम्पूर्णको सर्जक अर्थात् शब्द शक्तिले रचना गर्ने शब्द स्वरूपी प्रभु हो। हक्का कबीरको अर्थ सत् कबीर हो। करीमको अर्थ दयालु र परवरदिगारको अर्थ परमात्मा हो।)**

**ऋग्वेद मण्डल १० सुक्त ९० मन्त्र ४ मा निम्न उल्लेखित छ :**

त्रिपादूर्ध्व उदैत्पुरूषः पादोऽस्येहाभवत्पुनः।
ततो विष्व ङ्व्यक्रामत्साशनानशने अभि।।४।।




माथि जरा तलतिर हाँगा भएको उल्टो झुण्डिएको संसार रुपी वृक्षको चित्र

त्रि-पाद-ऊर्ध्वः-उदैत्-पुरूषः-पादः-अस्य-इह-अभवत्-पूनः-ततः-विश्वङ्-व्यक्रामत्-सः-अशनानशने-अभि।

**अनुवाद** :- (पुरूषः) परम अक्षर ब्रह्म वा अविनाशी परमात्मा (ऊर्ध्वः) माथिका (त्रि) सत्यलोक, अलखलोक र अगमलोक रहेका तीन लोक स्वरूपको (पादः) एउटा गोडामा वा माथिल्लो भागमा (उदैत्) प्रकट हुनु हुन्छ अर्थात् विराजमान हुनु हुन्छ (अस्य) वहाँ परमेश्वर पूर्ण ब्रह्मको (पादः) अर्को गोडा वा भाग जगत रूपमा (पुनर्) फेरि (इह) यहाँ (अभवत्) प्रकट हुन्छ (ततः) त्यसैले (सः) वहाँ अविनाशी पूर्ण परमात्मा (अशनानशने) खाने काल वा क्षर पुरूष र नखाने परब्रह्म वा अक्षर पुरूष (अभि) माथि पनि (विश्वङ्) सर्वत्र (व्यक्रामत्) व्याप्त हुनु हुन्छ अर्थात् वहाँको प्रभुता सम्पूर्ण ब्रह्माण्ड र सम्पूर्ण प्रभुहरूमा निहित छ। वहाँ कुलको मालिक हुनु हुन्छ र वहाँले आफ्नो शक्ति सबैमा फैलाउनु भएको छ।

**भावार्थ :- सम्पूर्ण सृष्टिकर्ता प्रभु आफ्नो रचनाको माथिल्लो भागमा तीनवटै स्थानहरू (सत्यलोक, अलखलोक र अगमलोक) मा तीन रूपमा स्वयं प्रकट हुनु हुन्छ अर्थात् स्वयं नै विराजमान हुनु हुन्छ। अनामी वा अकह (अनामय) लोकमा कुनै रचना नभएको र यो लोक अन्य रचनाभन्दा पहिलेको हुनाले यहाँ अनामी लोकको वर्णन गरिएको छैन। अझ के भनिएको छ भने परमात्माको सत्यलोकबाट छुट्टिएर तलका ब्रह्म र परब्रह्मका लोक उत्पन्न हुन्छन्। पूर्ण परमात्मा त खाने ब्रह्म वा काल (ब्रह्म/कालले विराट श्रापवश एकलाख मानव शरीरधारी प्राणीहरू खान्छन्) र नखाने परब्रह्म वा अक्षर पुरूष (परब्रह्मले प्राणीहरू खाँदैनन् तर जन्म-मृत्यु र कर्मदण्ड भने त्यस्तै रहि रहन्छ) भन्दा माथि सर्वत्र व्याप्त हुनु हुन्छ। अर्थात् पूर्ण परमात्माको प्रभुता सबैमाथि छ, कबीर परमेश्वर नै कुलका मालिक हुनु हुन्छ। वहाँले आफ्नो शक्ति सबैमा फैलाएर प्रभावित पार्नु भएको छ। सूर्यले आफ्नो प्रकाश फैलाएर सबैलाई प्रभावित पारे झैं पूर्ण परमात्माले सम्पूर्ण ब्रह्माण्डहरूलाई नियन्त्रिणका लागि आफ्नो शक्तिरूपी रेन्ज (क्षमता) छोड्नु भएको छ। मोबाइल फोनको टावर एकदेशीय हुँदा हुँदै पनि आफ्नो शक्ति अर्थात् मोबाइल फोनको रेन्ज (क्षमता) चारैतिर फैलाए झैं आफ्नो निराकार शक्तिलाई सर्वव्यापक गरी एक ठाउँमा बसेर पूर्ण परमात्माले सम्पूर्ण ब्रह्माण्डहरूलाई नियन्त्रण गर्नु हुन्छ।**

**यसको प्रमाण आदरणीय गरीबदास जी महाराजले यसरी दिएका छन् (अमृतवाणी राग कल्याण) :-**

तीन चरण चिन्तामणी साहेब, शेष बदन पर छाए।
माता, पिता, कुल न बन्धु, ना किन्हें जननी जाये।।

**ऋग्वेद मण्डल १० सुक्त ९० मन्त्र ५ मा निम्न उल्लेखित छ**

तस्माद्विरा लजायत विराजो अधि पुरूषः।
स जातो अत्यरिच्यत पश्चाद्भूमिमथो पुरः।।

तस्मात्-विराट्-अजायत-विराजः-अधि-पुरूषः-स-जातः-अत्यरिच्यत-पश्चात्-भूमिम्-अथः-पुरः

**अनुवाद** :- (तस्मात्) त्यसपछि परमेश्वर सत्यपुरूषको शब्द शक्तिले (विराट्) विराट अर्थात् ब्रह्म, जसलाई क्षर पुरूष तथा काल पनि भनिन्छ (अजायत) उत्पन्न भएका हुन्। (पश्चात्) अनि (विराजः) विराट पुरूष वा काल भगवानभन्दा (अधि) ठूला (पुरूषः) परमेश्वरले (भूमिम्) पृथ्वी भएको लोक र काल ब्रह्म तथा परब्रह्मको लोकहरूलाई (अत्यरिच्यत) राम्रोसँग रच्नु भयो (अथः) फेरि (पुरः) अन्य स-साना लोकहरू पनि (स) पूर्ण परमेश्वरले नै (जातः) उत्पन्न गर्नु भयो अर्थात् स्थापित गर्नु भयो।

**भावार्थः- उपरोक्त मन्त्र ४ मा वर्णित तीनवटै लोकहरु (अगम, अलख र सत्यलोक) को रचनापछि पूर्ण परमात्माले ज्योति निरंजन (ब्रहम) लाई उत्पत्ति अर्थात् सर्वशक्तिमान परामात्मा पूर्ण ब्रह्म कविर्देव (कबीर प्रभु) ले नै विराट अर्थात् ब्रह्म (काल) को उत्पत्ति गर्नु भयो। यही, परम अक्षर पुरूष अर्थात् अविनाशी प्रभुबाटै ब्रह्म उत्पन्न भए भन्ने प्रमाण गीता अध्याय ३ श्लोक १५ मा पनि छ। अथर्ववेद काण्ड ४ अनुवाक १ सुक्त ३ मा पनि पूर्ण ब्रह्मले ब्रह्मको उत्पत्ति गर्नु भयो भनी प्रमाण दिइएको छ। पूर्ण ब्रह्मले नै (भूमिम्) भूमि आदि साना-ठूला लोकहरु रचना गर्नु भयो। पूर्ण ब्रह्म यी विराट भगवान वा ब्रह्मभन्दा पनि ठूला अर्थात् यिनका पनि मालिक हुनु हुन्छ।**

**ऋग्वेद मण्डल १० सुक्त ९० मन्त्र १५ मा निम्न उल्लेखित छ**

सप्तास्यासन्परिधयस्त्रिः सप्त समिधः कृताः।
देव यद्यज्ञं तन्वाना अबध्नन्पुरूषं पशुम्।।१५।।

सप्त-अस्य-आसन्-परिधयः-त्रिसप्त-समिधः-कृताः-देवा-यत्-यज्ञम्-तन्वानाः-अबध्नन्-पुरूषम्-पशुम्।

**अनुवाद** :- (सप्त) परब्रह्मका सात शंख र (त्रिसप्त) काल ब्रह्मका एक्काईस ब्रह्माण्डहरु (समिधः) त कर्मदण्ड दुःखरूपी आगोले (कृताः) दुःखी बनाउने (परिधयः) गोलाकार घेरारूपी सीमाभित्र (आसन्) छन्। (पुरूषम्) पूर्ण परमात्माको (यज्ञम्) विधिवत् धार्मिक कर्म अर्थात् पूजा (यत्) गर्ने (पशुम्) कालको कर्मबन्धनको जालमा बलीको पशुझैं बाँधिएका (देवा) भक्तात्माहरूलाई (तन्वानाः) कालले रचेको वा फैलाएको पापको कर्मबन्धनरूपी जालबाट पूर्ण परमात्माले (अबध्नन्) बन्धनरहित गर्नु हुन्छ वा वहाँ नै बन्दी छुटाउने बन्दी छोड हुनु हुन्छ।

**भावार्थ :- सात शंख ब्रह्माण्ड परब्रह्मको तथा एक्काईस ब्रह्माण्ड ब्रह्मको हो जसमा गोलाकार सीमामा बन्द पाप कर्मको आगोमा जलि रहेका प्राणीहरूलाई वास्तविक पूजा विधि सिकाएर सही उपासना गराउनु हुन्छ। जसकारणले बलि दिइने पशु जस्तो जन्म मृत्युको कालको खानाका लागि तप्त शिलाको कष्टबाट पीडित भक्त आत्माहरूलाई कालले फैलाएको कर्म बन्धनको जाल तोडेर बन्धन रहित गर्नु हुन्छ अर्थात् बन्धनबाट छुटाउने बन्दी छोड हुनु हुन्छ।**

**यसको प्रमाण पवित्र यजुर्वेद अध्याय ५ मन्त्र ३२ मा यसरी दिइएको छः** कविरंघारिसि (कविर्) कबीर परमेश्वर (अंघ) पापको (अरि) शत्रु (असि) हुनु हुन्छ वा पाप

विनाशक हुनु हुन्छ। वहाँ बम्भारिसि (बम्भारि) बन्धनको शत्रु वा बन्दी छोड कबीर परमेश्वर (असि) हुनु हुन्छ।

**ऋग्वेद मण्डल १० सुक्त ९० मन्त्र १६ मा निम्न उल्लेखित छ**

यज्ञेन यज्ञमयजन्त देवास्तानि धर्माणि प्रथमान्यासन्।
ते ह नाकं महिमानः सचन्त यत्र पूर्वे साध्याः सन्ति देवाः॥१६॥

यज्ञेन-यज्ञम्-अ-यजन्त-देवाः-तानि-धर्माणि-प्रथमानि-आसन्-ते-ह-नाकम्-महिमानः-सचन्त-यत्र-पूर्वे-साध्याः-सन्ति-देवाः।

**अनुवाद** :- (अयज्ञम्) अपुरो गलत धार्मिक पूजाको सट्टामा (यज्ञेन) धार्मिक कर्मको आधारमा सत्यभक्ति र (यजन्त) पूजा गर्ने (देवाः) निर्विकार देवस्वरूप भक्त आत्माहरु (तानि) नै (धर्माणि) धार्मिक शक्ति सम्पन्न (प्रथमानि) मुख्य तथा उत्तम (आसन्) हुन्। (ते ह) उनीहरु नै वास्तवमा (महिमानः) महान भक्तिको शक्तिले युक्त भएर (साध्याः) सफल भक्त बनेर (सचन्त) भक्ति निमित्त कारण वा सत्यभक्तिको कमाइबाट (नाकम्) पूर्ण सुखदायक परमेश्वरलाई प्राप्त गर्छन् र उनीहरु (पूर्वे) सृष्टिभन्दा पहिले (देवाः) पाप रहित देवस्वरूप भक्त आत्माहरु (सन्ति) बस्ने गरेको (यत्र) ठाउँमा जान्छन्।

**भावार्थ :- निर्विकार (मासु, जाँड-रक्सी र सूर्ति सेवन त्यागि दिएका तथा अन्य नराम्रा कामबाट रहित भएका) देवस्वरूप भक्तात्माहरूले शास्त्रविधि रहित पूजालाई त्यागेर शास्त्रानुकुल साधना गरेपछि सत्यभक्तिको कमाइले धनी भएर कालको ऋणबाट मुक्त भई सम्पूर्ण सुखदायक परमात्मालाई प्राप्त गर्दछन् वा सृष्टिमा सबैभन्दा पहिले रचिएका देवस्वरूप वा पापरहित हंस आत्माहरु बस्ने गरेका सत्यलोकमा जान्छन्।**

**केही आत्माहरु कालको जालमा फसेर यहाँ आए र केही परब्रह्मका साथ सात शंख ब्रह्माण्डमा गए पनि असङ्ख्य आत्माहरूको विश्वास पूर्ण परमात्मामा अटल रहेकोले उनीहरु पतिव्रता पदबाट झरेनन् र उनीहरु त्यहीँ रहे। यहाँ पवित्र वेदले पनि त्यही कुरालाई सत्य प्रमाणित गरेको छ। गीता अध्याय ८ को श्लोक संख्या ८ देखि १० मा पनि यसैको प्रमाण दिइएको छ कि शास्त्र विधि अनुसार पूर्ण परमात्माको सत्यसाधना गर्ने साधकले भक्तिको कमाइको बलले पूर्ण परमात्मालाई प्राप्त गर्दछ। यसले के सिद्ध गर्दछ भने प्रभुहरु तीनवटा छन् : ब्रह्म, परब्रह्म र पूर्णब्रह्म। यिनीहरूलाई (१) ब्रह्म/ईश/क्षर पुरूष, (२) परब्रह्म/अक्षर पुरूष/अक्षर ब्रह्म/ईश्वर र (३) पूर्ण ब्रह्म/परम अक्षर ब्रह्म/परमेश्वर/ सत्यपुरूष/आदि पर्यायवाची शब्दहरूबाट पनि जानिन्छ।**

**ऋग्वेद मण्डल ९ सुक्त ९६ मन्त्र १७ देखि २० मा स्पष्ट प्रमाणित गरिएको छ– पूर्ण परमात्मा कविर्देव (कबीर परमेश्वर) शिशुरूप धारण गरेर प्रकट भई आफ्नो निर्मल ज्ञान अर्थात् तत्त्वज्ञान (कविर्गीर्भिः) कबीर वाणीको माध्यमले आफ्ना अनुयायीहरूलाई बोलेर वर्णन गर्नु हुन्छ। ब्रह्म (क्षर पुरूष) र परब्रह्म (अक्षर पुरूष)**

का धामहरु भन्दा भिन्दै पूर्ण ब्रह्म (परम अक्षर पुरूष) तेस्रो ऋतधाम (सत्यलोक) मा कविर्देव (कबीर परमेश्वर) साकाररूपमा विराजमान हुनु हुन्छ र सत्यलोकभन्दा माथिको चौथो अनामी लोकमा पनि अनामी पुरूषका रूपमा मनुष्य सदृश आकारमा विराजमान हुनु हुन्छ।

## पवित्र श्रीमद्देवी महापुराणमा सृष्टि रचनाको प्रमाण

ब्रह्मा, विष्णु र शिवका माता-पिता

(दुर्गा र ब्रह्मको योगबाट ब्रह्मा, विष्णु र शिवको जन्म)

पवित्र श्रीमद्देवी महापुराण तेस्रो स्कन्ध अध्याय १-३ (गीताप्रेस गोरखपुरबाट प्रकाशित, अनुवादकर्ता श्री हनुमान प्रसाद पोद्दार तथा चिमन लाल गोस्वामी जी पृष्ठ नं. ११४ बाट) पृष्ठ नं. ११४ देखि ११८ सम्ममा कयौं आचार्यहरू भवानीलाई सम्पूर्ण मनोरथ पूरा गर्ने भनी बताउँछन् भनेर विवरण दिइएको छ। उनी प्रकृति कहलाउँछिन् तथा ब्रह्मसँग अभेद सम्बन्ध छ। जस्तो पत्नीलाई अर्धाङ्गनी पनि भनिन्छ अर्थात् दुर्गा ब्रह्मकी (कालकी) पत्नी हुन्। एउटा ब्रह्माण्डको सृष्टि रचनाको विषयमा राजा श्री परीक्षितले सोधेपछि श्री व्यास जी भन्नु हुन्छ- मैले श्री नारद जी सँग सोधेको थिएँ— हे देवर्षी! यस ब्रह्माण्डको रचना कसरी भयो? मेरो यस प्रश्नको उत्तरमा श्री नारद जीले भन्नु भयो- मैले आफ्नो पिता ब्रह्मासँग यस ब्रह्माण्डको रचना तपाईँले गर्नु भएको हो कि विष्णु जी यसका रचयिता हुन् या शिव जीले रचेका हुन्? सत्य बताउने कृपा गर्नु होस् भनेर सोधेको थिएँ। तब मेरा पूज्य पिता श्री ब्रह्मा जीले पुत्र नारद, मैले आफूलाई कमलको फूलमा बसेको पाएको थिएँ, मलाई थाहा छैन म यस अगाध जलमा कहाँबाट उत्पन्न भएँ। एक हजार वर्षसम्म पृथ्वीको अन्वेषण गर्दै रहें, कहीं जलको छेउ वा किनारा पाइनँ। अनि तपस्या गर भन्ने आकाशवाणी भयो। एक हजार वर्षसम्म तपस्या गरें। अनि सृष्टि गर्न आकाशवाणी भयो। यत्तिकैमा नै मधु र कैटभ नामका दुई राक्षस आए। उनीहरूको भयले म कमलको डाँठ पक्रेर तल ओर्लें। त्यहाँ भगवान् विष्णु जी शेष शैय्यामा अचेत थिए। उनबाट एक स्त्री (प्रेतवत प्रविष्ट दुर्गा) निस्किइन्। उनी आकाशमा आभुषण पहिरिदै गरेको देखिइन लागिन्। तब भगवान् विष्णु होसमा आए। त्यहाँ म र विष्णु दुई मात्र थियौं। यत्तिकैमा भगवान् शिव पनि आए। देवीले हामीलाई विमानमा बसाइन् तथा ब्रह्म लोकमा लगिन्। त्यहाँ एक ब्रह्मा, एक विष्णु तथा एक शिव अरू देखें अनि एक देवी देखिइन्। उनलाई देखेपछि विष्णु जीले विवेकपूर्वक निम्न वर्णन गरे (ब्रह्म कालले विष्णुलाई चेतना प्रदान गरे उसलाई आफ्नो बाल्य काल याद आयो तब बाल्य कालको कहानी सुनाए।)

पृष्ठ ११९-१२० मा भगवान् विष्णु जीले श्री ब्रह्मा तथा श्री शिव जी सँग यिनी हामी तीनै जनाकी माता हुन्। यिनी जगत् जननी प्रकृति देवी हुन्। मैले यी देवीलाई म सानो बालक हुँदा पालन पोषण गर्दै झोलुङ्गामा हल्लाइ रहेकी देखेको थिएँ।

तेस्रो स्कन्ध पृष्ठ नं. १२३ मा श्री विष्णु जीले दुर्गा जीको स्तुति गर्दै भने,– तपाईं शुद्ध स्वरूपा हुनु हुन्छ। यो सारा संसार तपाईंबाटै उद्‌भासित भइ रहेछ। म (विष्णु), ब्रह्मा र शङ्कर तपाईंको कृपाले नै विद्यमान छौं। हाम्रो अविर्भाव (जन्म) र तिरोभाव (मृत्यु) हुने गर्छ अर्थात् हामी तीनै देव नाशवान छौं, तपाईं नै नित्य (अविनाशी), जगत जननी, प्रकृति देवी हुनु हुन्छ।

भगवान शङ्कर बोले,– देवी, यदि महाभाग विष्णु तपाईंबाटै प्रकट (उत्पन्न) भएका हुन् भने उनी पछि उत्पन्न हुने ब्रह्मा पनि तपाईंकै बालक भए। अनि म तमोगुणी लीला गर्ने शङ्कर के तपाईंको सन्तान होइन ? अर्थात् मलाई उत्पन्न गर्ने पनि तपाईं नै हो।

विचार गर्नु होस् : उपरोक्त विवरणबाट ब्रह्मा जी, विष्णु जी र शिव जी नाशवान् छन्, उनीहरु मृत्युञ्जय (अजर-अमर) र सर्वेश्वर होइनन्, उनीहरु दुर्गा (प्रकृति) का छोरा हुन् र ब्रह्म (काल/सदा शिव) यिनका पिता हुन् भन्ने सिद्ध हुन्छ।

तेस्रो स्कन्ध पृष्ठ नं. १२५ मा ब्रह्मा जीले हे आमा ! वेदमा जुन ब्रह्म भनिएको छ, त्यो तपाईं नै हुनु हुन्छ वा कोही अन्य प्रभु हुन् भनेर सोधे। जवाफमा दुर्गाले म तथा ब्रह्म एकै हौं भनेर बताएकी छिन्। फेरि यसै स्कन्धको अध्याय नं. ६ को पृष्ठ नं. १२९ मा– अब मेरा काम सिद्ध गर्नका लागि विमानमा बसेर तिमीहरु चाँडै जाऊ। कुनै कठिन काम परेमा तिमीहरूले स्मरण गर्नासाथ म सामुन्ने आउने छु। हे देवताहरु हो ! तिमीहरूले मेरो (दुर्गाको) र ब्रह्मको ध्यान सँधै गरि रहनु पर्छ। हामी दुवैको स्मरण गरि रह्यौ भने तिमीहरूको कार्य सिद्ध हुने कुरामा अलिकति पनि सन्देह छैन भनिएको छ।

दुर्गा (प्रकृति) र ब्रह्म (काल) यी तीनै देवताका माता-पिता हुन् तथा ब्रह्मा, विष्णु र शिव नाशवान छन्। पूर्णशक्तियुक्त छैनन् भन्ने उपरोक्त व्याख्याबाट स्वसिद्ध छ।

तीन देवताहरु (श्री ब्रह्मा जी, श्री विष्णु जी र श्री शिव जी) को विवाह दुर्गा (प्रकृती देवी) ले गरि दिइन्। यसको विवरण तेस्रो स्कन्धको पृष्ठ नं. १२८-१२९ मा छ।)

गीता अध्याय नं. ७ को श्लोक नं. १२ मा निम्न उल्लेखित छ

ये, च, एव, सात्विकाः, भावाः, राजसाः, तामसाः, च, ये,
मतः, एव, इति, तान्, विद्धि, न, तु, अहम्, तेषु, ते, मयि।।

अनुवाद :- (च) अरू (एवं) पनि (ये) जुन (सात्विकाः) सत्वगुण विष्णु जीले गर्ने स्थिति (भावा) भाव हो, (ये) जुन (राजसाः) रजोगुण ब्रह्मा जीबाट गर्ने उत्पत्ति (च) तथा (तामसाः) तमोगुण शिवबाट गर्ने संहार (तान्) सबै तिमी (मतः, एव)

मबाट सुनियोजित नियम अनुसार नै हुनेछन् (इति) भन्ने (विद्धि) जान (तु) तर वास्तवमा (तेषु) उनमा (अहम्) म तथा (ते) उनी (मयि) ममा (न) छैनन्।

## पवित्र शिव महापुराणमा सृष्टि रचनाको प्रमाण

(काल ब्रह्म र दुर्गाबाट विष्णु, ब्रह्मा र शिवको उत्पत्ति)

यसको प्रमाण पवित्र श्री शिवपुराण (गीता प्रेस गोरखपुरबाट प्रकाशित, अनुवादकर्ता श्री हनुमानप्रसाद पोद्दार) को अध्याय ६ रूद्र संहिता, पृष्ठ नं. १०० मा के भनिएको छ भने मूर्ति रहित परब्रह्मको मूर्ति नै भगवान सदाशिव हुन्। यिनको शरीरबाट निस्किएको एउटा शक्ति नै अम्बिका, प्रकृति (दुर्गा) र त्रिदेव जननी (श्री ब्रह्मा जी, श्री विष्णु जी र श्री शिव जीलाई उत्पन्न गर्ने आमा) भनेर चिनिइन्। उनका आठ हातहरु छन्। सदाशिवलाई नै शिव, शम्भू र महेश्वर पनि भनिन्छ। (पृष्ठ नं १०१) उनी आफ्नो सम्पूर्ण अङ्गमा खरानी धस्छन्। ती कालरूप ब्रह्मले शिवलोक नामक एउटा क्षेत्रको निर्माण गरे। अनि दुवैले पति पत्नीको व्यवहार गरे, जसबाट एउटा पुत्र उत्पन्न भयो। उनको नाम विष्णु राखियो। (पृष्ठ नं १०२)

रूद्र संहिता अध्याय नं ७ पृष्ठ नं. १०३ मा ब्रह्मा जीले मेरो उत्पत्ति पनि भगवान सदाशिव (ब्रह्म/काल) तथा प्रकृति (दुर्गा) को संयोगबाट अर्थात् पति पत्नीको व्यवहारबाट भएको हो अनि मलाई बेहोस पारि दिए भनेका छन्।

रूद्र संहिता अध्याय नं. ९ पृष्ठ नं ११० मा के भनिएको छ भने यस प्रकार ब्रह्मा, विष्णु र रूद्र यी तीनै देवताहरूमा गुण छ, तर शिव (काल/ब्रह्म) लाई भने गुणातित मानिन्छ। यहाँ चार सिद्ध भए अर्थात् सदाशिव (ब्रह्म/काल) र प्रकृति (दुर्गा) बाटै ब्रह्मा, विष्णु र शिव उत्पन्न भएका हुन्। यी तीनैजना भगवानहरु (श्री ब्रह्मा जी, श्री विष्णु जी र श्री शिव जी) का आमा श्री दुर्गा जी तथा पिता जी श्री ज्योति निरञ्जन (ब्रह्म) हुन्। यी तीनै प्रभु रजगुण-ब्रह्मा, सतगुण-विष्णु र तमगुण-शिव हुन्।

## पवित्र श्रीमद्भगवत गीता जीमा सृष्टि रचनाको प्रमाण

यसको प्रमाण पवित्र गीता जी अध्याय १४ श्लोक ३ देखि ५ सम्ममा छ। ब्रह्म (काल) भनिरहेका छन्,– प्रकृति (दुर्गा) त मेरी पत्नी हुन् तथा म ब्रह्म (काल) यिनको पति हुँ। हामी दुईको संयोगले सम्पूर्ण प्राणीहरु सहित तीनवटै गुणहरु (रजगुण-ब्रह्मा जी, सतगुण-विष्णु जी र तमोगुण-शिव जी) को उत्पत्ति भएको हो। म (ब्रह्म) सम्पूर्ण प्राणीका पिता हुँ र प्रकृति (दुर्गा) यिनीहरूका माता हुन्। म यिनको पेटमा बीज स्थापना गर्छु जसबाट सम्पूर्ण प्राणीहरूको उत्पत्ति हुन्छ। प्रकृति (दुर्गा) बाट उत्पन्न तीनै गुण (रजगुण ब्रह्मा, सतगुण विष्णु र तमोगुण शिव) ले जीवलाई कर्मको आधारले शरीरमा बाँध्दछ।

यसको प्रमाण अध्याय १५ श्लोक १ देखि ४ तथा १६ र १७ मा पनि छ।

**गीता अध्याय नं १५ को श्लोक नं १**

ऊर्ध्वमूलम्, अधःशाखम्, अश्वत्थम्, प्राहुः, अव्ययम्,
छन्दांसि, यस्य, पर्णानि, यः, तम्, वेद, सः, वेदवित्।।

**अनुवाद** :- (ऊर्ध्वमूलम्) माथिल्तिर पूर्ण परमात्मा, आदि पुरूष, परमेश्वररूपी जरा भएको (अद्यःशाखम्) तल्तिर शाखा भएको (अव्ययम्) अविनाशी (अश्वत्थम्) विस्तारित पिपलको रूख छ, (यस्य) जसको (छन्दांसि) स-साना भाग वा हाँगा र (पर्णानि) पातहरू (प्राहुः) रहेका छन् (तम्) त्यो संसाररूपी रूखलाई (यः वेद) सर्वाङ्ग सहित जसले जान्दछ (सः) उनी नै (वेदवित्) पूर्ण ज्ञानी वा तत्त्वदर्शी हुन् ।

**गीता अध्याय १५ को श्लोक नं २**

अधः, च ऊर्ध्वम्, प्रसृताः, तस्य, शाखाः, गुणप्रवृद्धाः,
विषयप्रवालाः, अधः, च, मूलानि, अनुसन्ततानि, कर्मानुबन्धीनि, मनुष्यलोके।।

**अनुवाद** :- (तस्य) त्यस वृक्षको (अधः) तल्तिर (च) र (ऊर्ध्वम) माथिल्तिर (गुणप्रवृद्धाः) तीनै गुणहरु रजगुण-ब्रह्मा, सतगुण-विष्णु र तमोगुण-शिव रूपी (प्रसृता) फैलिएका (विषयाप्रवालाः) काम, क्रोध, मोह, लोभ र अहंकार जस्ता विकाररूपी (शाखाः) ब्रह्मा, विष्णु र शिव स्वरूपका हाँगा नै (कर्मानुबन्धीनि) जीवलाई कर्ममा बाँध्ने (मूलानि) जरा वा मुख्य कारण हुन् (च) तथा (मनुष्यलोके) मनुष्यलोक वा पृथ्वीलोकमा (अधः) तल - नरक, चौरासी लाख जुनीहरूमा (ऊर्ध्वम्) माथि स्वर्गलोक आदिमा (अनुसन्ततानि) व्यवस्थित गरिएको छ।

**गीता अध्याय १५ को श्लोक नं. ३**

न, रूपम्, अस्य, इह, तथा, उपलभ्यते, न, अन्तः, न, च, आदिः, न, च,
सम्प्रतिष्ठा, अश्वत्थम्, एनम्, सुविरूढमूलम्, असंगशस्त्रेण, दृढेन, छित्वा।।

**अनुवाद** :- (अस्य) यो रचनाको (न) न (आदिः) शुरूवात (च) र (न) न त (अन्तः) अन्त्य छ (न) न (तथा) त्यस्तो (रूपम्) स्वरूप (उपलभ्यते) पाइन्छ (च) तथा (इह) यहाँ विचार कालमा अर्थात् मैले दिँदै गरेको गीताज्ञानका बारेमा मलाई पनि पूरा जानकारी (न) छैन (सम्प्रतिष्ठा) किनकि सम्पूर्ण ब्रह्माण्डहरूको रचनाको स्थिति सम्बन्धी राम्रो ज्ञान मलाई पनि छैन। (एनम्) यो (सुविरूढमूलम्) राम्रोसँग स्थायी स्थिति भएको, (अश्वत्थम्) बलियो स्वरूप भएको संसाररूपी रूखको ज्ञानको (असङ्गशस्त्रेण) पूर्ण ज्ञानरूपी (दृढेन) दृढ सुक्ष्म वेद अर्थात् तत्त्वज्ञानले जानेर (छित्वा) त्यसलाई काटेर वा निरञ्जनको भक्तिलाई क्षणिक अर्थात् क्षणभंगुर बुझेर ब्रह्मा, विष्णु, शिव, ब्रह्म र परब्रह्मभन्दा पनि अगाडि पूर्ण ब्रह्मको खोजी गर्नु पर्छ।

**गीता अध्याय १५ को श्लोक नं. ४**

तत्ः, पदम्, तत्, परिमार्गितव्यम्, यस्मिन्, गताः, न, निवर्तन्ति, भूयः,
तम्, एव्, च, आद्यम्, पुरूषम्, प्रपद्ये, यतः, प्रवृतिः, प्रसृता, पुराणी।।

**अनुवाद** :- तत्त्वदर्शी सन्तलाई (ततः) भेटेपछि (तत्) परमात्माको (पदम्) पद स्थान अर्थात् सत्यलोक (परिमार्गितव्यम्) राम्रोसँग खोज्नु पर्छ (यस्मिन्) जहाँ (गताः) गएका साधकहरु (भूयः) फेरि (न, निवर्तन्ति) फर्केर संसारमा आउँदैनन् (च) र (यतः) जुन परमात्मा-परम अक्षर ब्रह्मबाट (पुराणी) आदि (प्रवृतिः) रचना-सृष्टि (प्रसृता) उत्पन्न भएको छ। (तम्) अज्ञात (आद्यम्) आदि यम यानी म काल निरञ्जन पनि (पुरूषम्) पूर्ण परमात्माको (एव) नै (प्रपद्ये) शरणमा छु तथा वहाँकै पूजा गर्छु।

**गीता अध्याय १५ को श्लोक नं. १६**

द्वौ, इमौ, पुरूषौ, लोके, क्षरः, च, अक्षरः, एव, च,
क्षरः, सर्वाणि, भूतानि, कूटस्थः, अक्षरः, उच्यते।।

**अनुवाद** :- (लोके) यस संसारमा (द्वौ) दुई प्रकारका (क्षरः) नाशवान (च) र (अक्षरः) अविनाशी (पुरुषौ) भगवान छन् । (एवं) यसरी (इमो) यी दुई प्रभुहरूका लोकहरूमा (सर्वाणि) सम्पूर्ण (भूतानि) प्राणीहरूको शरीर त (क्षरः) नाशवान छ (च) र (कूटस्थः) जीवात्माहरूलाई (अक्षरः) अविनाशी (उच्यते) भनिन्छ ।

**गीता अध्याय १५ को श्लोक नं १७**

उत्तमः, पुरूषः, तु, अन्यः, परमात्मा, इति, उदाहृतः,
यः, लोकत्रयम्, आविश्य, बिभर्ति, अव्ययः, ईश्वरः।।

**अनुवाद** :- (उत्तमः) उत्तम (पुरूषः) प्रभु (तु) त (अन्यः) माथिका दुवै प्रभुहरु वा क्षर र अक्षर पुरूषभन्दा फरक हुनु हुन्छ (इति) वहाँलाई नै वास्तवमा (परमात्मा) परमात्मा (उदाहृतः) भनिएको छ (यः) जसले (लोकत्रयम्) तीनै लोकहरूमा (आविश्य) प्रवेश गरेर (बिभर्ति) सबैको धारण पोषण गर्नु हुन्छ र (अव्ययः) वहाँ नै अविनाशी (ईश्वरः) प्रभुहरूमा श्रेष्ठ अर्थात् समर्थ प्रभु हुनु हुन्छ।

**भावार्थ :- गीता ज्ञानदाता प्रभुले कतिमात्र बताए भने यो संसारलाई उल्टो झुण्डिएको रूख जस्तो सम्झ। माथिल्तिरको जरा (मूल) लाई पूर्ण परमात्मा र तल्तिरका हाँगाबिँगा आदिलाई अन्य भाग बुझ। यो संसाररूपी रूखको प्रत्येक भागको भिन्न भिन्न विवरण जान्ने सन्त नै तत्त्वदर्शी सन्त हुन्। उनको बारेमा गीता अध्याय ४ श्लोक ३४ मा बताइएको छ। गीता अध्याय १५ श्लोक २ र ३ मा तीन गुणरूपी शाखा छन् भन्ने मात्र बताइएको छ। यहाँ विचार काल अर्थात् गीतामा म (गीता ज्ञानदाता) लाई यो संसारको रचनाको आदि र अन्त्यको ज्ञान नहुनाले तिमीलाई पूर्ण जानकारी दिन सक्दिन भनिएको छ। यसका लागि गीता अध्याय ४ श्लोक नं. ३४ मा कुनै तत्त्वदर्शी सन्तले नै पूर्ण परमात्माको ज्ञान दिन सक्छन् भनिएको छ। यस गीता अध्याय १५ श्लोक नं. १ मा तत्त्वदर्शी सन्तको पहिचान बताउँदै उनले संसाररूपी रूखको प्रत्येक भागको ज्ञान गराउने हुनाले उनैसँगै सोध भनिएको हो। गीता अध्याय १५ श्लोक ४ मा तत्त्वदर्शी सन्त भेटिएपछि परमपद परमेश्वरको खोजी गर्नु पर्छ अर्थात् तत्त्वदर्शी सन्तले बताए अनुसार साधना गरेपछि पूर्ण मोक्ष (अनादि मोक्ष) प्राप्त हुन्छ भनिएको छ। गीता अध्याय १५ को श्लोक नं. १६ र १७ मा तीन प्रभुहरु - पहिलो क्षर पुरुष (ब्रह्म), दोस्रो अक्षर पुरुष (परब्रह्म) र तेस्रो**

परम अक्षर पुरूष (पूर्ण ब्रह्म) मध्ये क्षर पुरूष र अक्षर पुरूष वास्तवमा अविनाशी छैनन्। अविनाशी परमात्मा त यी दुई भन्दा अलग हुनु हुन्छ। वहाँले तीनै लोकमा प्रवेश गरेर सबैलाई भरण पोषण गर्नु हुन्छ भनेर स्पष्ट गरिएको छ।

माथि उल्लेखित श्रीमद्भगवत गीताको अध्याय १५ श्लोक नं. १ देखि ४ तथा १६ र १७ मा यो प्रमाणित भयो कि उल्टो झुण्डिएको संसाररूपी रूखको मूल वा जरा त परम अक्षर ब्रह्म अर्थात् पूर्ण ब्रह्म हुनु हुन्छ जसबाटै सिंगो रूखको पालन हुन्छ। पृथ्वीभन्दा ठीक बाहिर जमिनसँग जोडिएको रूखको भाग वा फेदलाई अक्षर पुरूष वा परब्रह्म भनेर जान। फेदभन्दा माथि निस्कने मोटा हाँगाहरूमध्ये एउटा हाँगोलाई ब्रह्म अर्थात् क्षर पुरूष सम्झ। त्यो मोटो हाँगाबाट निस्केका तीनवटा साना शाखाहरूलाई ब्रह्मा, विष्णु र शिव भनेर बुझ। अनि शाखाहरूबाट निस्केका पातहरूलाई सांसारिक प्राणीहरु भनी बुझ। उपरोक्त गीता अध्याय १५ श्लोक नं. १६ र १७ मा क्षर पुरूष (ब्रह्म) र अक्षर पुरूष (परब्रह्म) लगायत यी दुवैका लोकहरूमा भएका सबै प्राणीहरूको स्थूल शरीर त नाशवान छ तर जीवात्मा भने अविनाशी छ, अर्थात् उपरोक्त दुवै प्रभु र यिनीहरु अन्तर्गत रहेका प्राणी नाशवान छन् भन्ने स्पष्ट हुन्छ। अक्षर पुरूषलाई अविनाशी भनिए पनि वास्तवमा अविनाशी परमात्मा त यी दुईभन्दा भिन्दै हुनु हुन्छ। वहाँ तीनै लोकमा प्रवेश गरेर सबैको पालनपोषण गर्नु हुन्छ। माथिको वयानमा तीन प्रभुहरूको भिन्न भिन्न विवरण दिइएको छ।

## पवित्र बाईबल तथा पवित्र कुरान शरीफमा सृष्टि रचनाको प्रमाण

यसको प्रमाण पवित्र बाइबल र पवित्र कुरान शरीफमा पनि छ। कुरान शरीफमा पवित्र बाइबलको पनि ज्ञान छ, यसैले यी दुई पवित्र सद्ग्रन्थहरूले मिलेर सृष्टिका रचयिता को र कस्ता छन् तथा उनको वास्तविक नाम के हो भन्ने तथ्य प्रमाणित गरेका छन्।

**पवित्र बाइबल (उत्पत्ति ग्रन्थ पृष्ठ नं. २ अ. १:२०-२:५) :-**

छैठौं दिन : प्राणी र मनुष्य

अन्य प्राणीहरूको रचना गरेर (२६) फेरि परमेश्वरले भन्नु भयो मैले मनुष्यलाई आफ्नो स्वरूप अनुसार आफ्नै समानता (सादृश्यता) मा बनाएँ। जसले सबै प्राणीहरु माथि काबु राख्ने छ। (२७) अनि परमेश्वरले मनुष्यलाई आफ्नो स्वरूप अनुसार उत्पन्न गर्नु भयो, आफ्नै स्वरूप अनुसार परमेश्वरले तिनीहरूलाई उत्पन्न गर्नु भयो, नर र नारी गरेर मनुष्यहरूको सृष्टि गर्नु भयो।

(२९) प्रभुले मनुष्यहरूका लागि खानलाई बिउ हुने ससाना बोट बिरूवा तथा जे जत्ति रूखहरूमा बिउ हुने फलहरु छन् ती भोजनका लागि प्रदान गर्नु भएको छ। (मासु खान भन्नु भएको छैन ।)

सातौं दिन : विश्रामको दिन

परमेश्वरले छ दिनमा सम्पूर्ण सृष्टिको उत्पत्ति गरेर सातौं दिन विश्राम गर्नु भयो।

**पवित्र बाइबलले परमात्मा मानव सदृश शरीरमा हुनु हुन्छ र वहाँले छ दिनमा सम्पूर्ण सृष्टिको रचना गरेर विश्राम गर्नु भयो भन्ने कुरा सिद्ध गरेको छ।**

**पवित्र कुरान शरीफ (सुरत फुर्कानि २५, आयत नं ५२, ५८ र ५९)**

आयत ५२ :- फला तुतिअल् - काफिरन् व जहिद्हुम बिही जिहादन् कबीरा (कबीरन्)।।५२।।

**भावार्थ :- हजरत मुहम्मद जीका खुदा (प्रभु) ले भनि रहेछन् कि ए पैगम्बर! तपाईं काफिरहरु (एकमात्र प्रभुको भक्ति त्यागेर अन्य देवी देवताहरु र मूर्ति आदिको पूजा गर्ने) को भनाइ नमान्नु किनकि ती मानिसहरु कबीरलाई पूर्ण परमात्मा मान्दैनन्। तपाईं मैले दिएको यस कुरानको ज्ञानका आधारमा अटल रहनु। कबीर नै पूर्ण प्रभु हुनु हुन्छ र कबीर अल्लाहका लागि संघर्ष गर्नु (लडाईं झगडा गर्नु होइन) अर्थात् अडिग रहनु।**

आयत ५८ :- व तवक्कल अलल् - हय्यिल्लजी ला यमूतु व सब्बिह् बिहम्दिही व कफा बिही बिजुनूबि अिबादिही खबीरा (कबीरा)।।५८।।

**भावार्थ :- हजरत मुहम्मद जीले आफ्नो प्रभु मानेका अल्लाह (प्रभु) ले कुनै अर्को प्रभु तर्फ सङ्केत गर्दै भनि रहेछन्, 'ए पैगम्बर, जिन्दा (लामो कालो चोगा लाउने) महात्माका रूपमा तिमीले आकारमा भेटेको कबीर परमात्मामाथि विश्वास राख। वहाँ कहिल्यै मर्नु हुन्न वा वास्तवमा अविनाशी हुनु हुन्छ। वहाँको प्रशंसा र पवित्रता (पवित्र महिमा) को गुणगान गर्दै जाऊ। कबीर अल्लाह (कविर्देव) पूजा गरिन योग्य हुनु हुन्छ तथा आफ्ना उपासकहरूको सम्पूर्ण पाप विनाश गर्ने हुनु हुन्छ।**

आयत ५९ :- अल्ल्जी खलकस्समावाति वल्अर्ज व मा बैनहुमा फी सित्तति अय्यामिन् सुम्मस्तवा अलल्अर्शि अर्रह्मानु फस्अल् बिही खबीरन् (कबीरन्)।।५९।।

**भावार्थ :- हजरत मुहम्मदलाई कुरान शरीफ बताउने प्रभु (अल्लाह) ले भनि रहेछन्,– कबीर प्रभुले धर्ती तथा आकाशका बीचमा विद्यमान सम्पूर्ण सृष्टिको रचना ६ दिनमा गरेर सातौं दिन माथिको आफ्नो सत्यलोकमा रहेको सिंहासनमा विराजमान हुनु भयो। वहाँको विषयमा जानकारीका लागि कुनै (बाखबर) तत्त्वदर्शी सन्तलाई सोध। पूर्ण परमात्मालाई कसरी पाउन सकिन्छ भन्ने वास्तविक ज्ञान कुनै तत्त्वदर्शी सन्त (बाखबर) लाई सोध, म जान्दिनँ ।**

**उपरोक्त दुवै पवित्र धर्म (इसाई तथा मुसलमान) का पवित्र शास्त्रहरूले पनि मिलेर प्रमाणित गरेका छन्– सम्पूर्ण सृष्टिका रचयिता, सम्पूर्ण पाप विनाशक, सर्वशक्तिमान, अविनाशी परमात्मा मानव सदृश शरीरमा आकारमा सत्यलोकमा बस्नु हुन्छ । वहाँको नाम कबीर हो, वहाँलाई नै अल्लाहु अकबिरू पनि भनिन्छ।**

**आदरणीय धर्मदास जीले पूज्य कबीर प्रभुसँग सोध्नु भयो,– हे सर्वशक्तिमान! आजसम्म यो तत्त्वज्ञान कसैले, वेदका मर्मज्ञ ज्ञानीहरूले पनि बताएनन्। चारै पवित्र वेद र चारै पवित्र कतेब (कुरान शरीफ आदि) झूटा हुन् भन्ने यसबाट सिद्ध हुन्छ।**

**अनि पूर्ण परमात्माले भन्नु भयो :** कबीर, बेद कतेब झूठे नहीं भाई, झूठे हैं जो समझे नाहिं।।

भावार्थ :- चारै पवित्र वेद (ऋग्वेद, अथर्ववेद, यजुर्वेद र सामवेद) तथा चारै पवित्र कतेब (कुरान शरीफ, जबूर, तौरात र इंजिल) गलत छैनन् तर यिनलाई नबुझ्नेहरु त मूर्ख नै हुन्।

## पूज्य कबीर परमेश्वर (कविर् देव) जीको अमृतवाणीमा सृष्टि रचना

विशेषः निम्न अमृतवाणी सन् १४०३ देखि {जब कविर्देव (कबीर परमेश्वर) लीलामय शरीरमा ५ वर्षको हुनु भयो} सन् १५१८ (जब कविर्देव (कबीर परमेश्वर) मगहरबाट सशरीर सतलोक जानु भयो)} को बीचमा लगभग ६०० वर्षपूर्व परम पूज्य कबीर परमेश्वर (कविर्देव) जी द्वारा आफ्नो निजी सेवक (दास भक्त) आदरणीय धर्मदास साहेब जीलाई सुनाउनु भएको थियो तथा धनी धर्मदास साहेब जीले लिपिबद्ध गरेका थिए। तर त्यस समयका पवित्र हिन्दू तथा पवित्र मुसलमानहरूका नादान गुरूहरू (अनुभवहीन पण्डित) ले यो धाणक (जुलाहा, कपडा बुन्ने कारिगर) झूठो हो भने। कुनै सद्ग्रन्थमा श्री ब्रह्मा जी, श्री विष्णु जी तथा श्री शिव जीका माता पिताको नाम छैन। यी तिनै प्रभु अविनाशी छन्, यिनीहरूको जन्म मृत्यु हुँदैन। न पवित्र वेदहरू न त कुरान शरीफ आदिमा कबीर परमेश्वरको प्रमाण छ तथा परमात्मालाई निराकार लेखेको छ। हामी सधैं पढ्छौं। सोझा आत्मा भएकाहरूले ती विचक्षणहरू (चतुर गुरू, तीब्र बुद्धि भएका) प्रति साँच्चै यी कबीर धाणक त अशिक्षित हुन् तथा गुरू जी शिक्षित हुन् र सत्य भनि रहेका होलान् भनी विश्वास गरे। आज त्यही सत्यता प्रकाशमान भइ रहेछ तथा सर्व पवित्र धर्महरूको पवित्र सद्ग्रन्थ साक्षी छन्। यसबाट पूर्ण परमेश्वर, सर्व सृष्टि रचनाकार, कूलको सृष्टिकर्ता तथा सर्वज्ञ काशी (बनारस) मा कमलको फूल माथि प्रकट हुनु भएका कविर्देव (कबीर परमेश्वर) नै हुनु हुन्छ तथा १२० वर्षसम्म वास्तविक तेजोमय (तेजस्वी) शरीरमा मानव सदृश शरीर हल्का तेजको बनाएर रहनु भयो तथा आफूद्वारा रचिएको सृष्टिको वास्तविक ज्ञान दिएर सशरीर सतलोक जानु भयो भन्ने सिद्ध हुन्छ। कृपया प्रेमी पाठक परमेश्वर कबीर साहेब जीद्वारा उच्चारित निम्न अमृतवाणी पढ्नु होस्।

धर्मदास यह जग बौराना। कोइ न जाने पद निरवाना।।
यहि कारन मैं कथा पसारा। जगसे कहियो राम नियारा।।
यही ज्ञान जग जीव सुनाओ। सब जीवोंका भरम नशाओ।।
अब मैं तुमसे कहों चिताई। त्रयदेवनकी उत्पत्ति भाई।।
कुछ संक्षेप कहों गुहराई। सब संशय तुम्हरे मिट जाई।।
भरम गये जग वेद पुराना। आदि रामका का भेद न जाना।।
राम राम सब जगत बखाने। आदि राम कोइ बिरला जाने।।
ज्ञानी सुने सो हिरदै लगाई। मूर्ख सुने सो गम्य ना पाई।।
माँ अष्टंगी पिता निरंजन। वे जम दारूण वंशन अंजन।।

पहिले कीन्ह निरंजन राई। पीछेसे माया उपजाई।।
माया रूप देख अति शोभा। देव निरंजन तन मन लोभा।।
कामदेव धर्मराय सत्ताये। देवी को तुरतही धर खाये।।
पेट से देवी करी पुकारा। साहब मेरा करो उबारा।।
टेर सुनी तब हम तहाँ आये। अष्टंगी को बंद छुडाये।।
सतलोक में कीन्हा दुराचारि, काल निरंजन दिन्हा निकारि।।
माया समेत दिया भगाई, सोलह संख कोस दूरी पर आई।।
अष्टंगी और काल अब दोई, मंद कर्म से गए बिगोई।।
धर्मराय को हिकमत कीन्हा। नख रेखा से भगकर लीन्हा।।
धर्मराय किन्हाँ भोग विलासा। मायाको रही तब आसा।।
तीन पुत्र अष्टंगी जाये। ब्रह्मा विष्णु शिव नाम धराये।।
तीन देव विस्तार चलाये। इनमें यह जग धोखा खाये।।
पुरूष गम्य कैसे को पावै। काल निरंजन जग भरमावै।।
तीन लोक अपने सुत दीन्हा। सुन्न निरंजन बासा लीन्हा।।
अलख निरंजन सुन्न ठिकाना। ब्रह्मा विष्णु शिव भेद न जाना।।
तीन देव सो उनको धावें। निरंजन का वे पार ना पावें।।
अलख निरंजन बडा बटपारा। तीन लोक जिव कीन्ह अहारा।।
ब्रह्मा विष्णु शिव नहीं बचाये। सकल खाय पुन धूर उडाये।।
तिनके सुत हैं तीनो देवा। आंधर जीव करत हैं सेवा।।
अकाल पुरूष काहू नहिं चीन्हां। काल पाय सबही गह लीन्हां।।
ब्रह्म काल सकल जग जाने। आदि ब्रह्मको ना पहिचाने।
तीनों देव और औतारा। ताको भजे सकल संसारा।।
तीनों गुणका यह विस्तारा। धर्मदास मैं कहों पुकारा।।
गुण तीनों की भक्ति में, भूल परो संसार।
कहै कबीर निज नाम बिन, कैसे उतरैं पार।।

**उपरोक्त अमृतवाणीमा परमेश्वर कबीर साहेब जी आफ्ना निजी सेवक श्री धर्मदास साहेब जीलाई भन्नु हुन्छ,– धर्मदास, यो सम्पूर्ण संसार तत्त्वज्ञानको अभावले विचलित छ। कसैलाई पूर्ण मोक्षको मार्ग तथा पूर्ण सृष्टि रचनाको ज्ञान छैन। यसैले म तिमीलाई मैले रचेको सृष्टिको कथा सुनाउँछु। बुद्धिमान व्यक्तिले त तुरून्तै बुझ्छ। तर सम्पूर्ण प्रमाण देखेर पनि नमान्ने अबोध प्राणी कालको प्रभावले प्रभावित छ, ऊ भक्तियोग्य छैन। अब म तीनैजना भगवान (ब्रह्मा जी, विष्णु जी र शिव जी) को उत्पत्ति कसरी भयो भन्ने बताउँछु। यिनीहरूको आमा अष्टङ्गी (दुर्गा) र बुबा ज्योति निरञ्जन (ब्रह्म काल) हुन्। पहिला अण्डाबाट ब्रह्मको उत्पत्ति भयो अनि दुर्गाको उत्पत्ति भयो। दुर्गाको रूपमा आशक्त भएर काल (ब्रह्म) ले गल्ती (दुर्व्यवहार) गरेकोले दुर्गा (प्रकृति) ले उनको पेटमा शरण लिइन्। ज्योति निरञ्जन (काल) भएको ठाउँमा म गएँ र भवानीलाई ब्रह्मको पेटबाट निकालेर एक्काईस ब्रह्माण्डसहित १६ शंख कोस टाढो पठाइ दिएँ। ज्योति निरञ्जन (धर्मराय) ले प्रकृति**

देवी (दुर्गा) सँग भोग-विलास गरी संयोगबाट तीन गुण (रजगुण-ब्रह्मा, सतगुण-विष्णु र तमोगुण-शिव) को उत्पत्ति भयो। यिनै तीन गुणहरूकै साधना गरेर सम्पूर्ण प्राणी कालको जालमा फसेकाले वास्तविक मन्त्र प्राप्त नगरेसम्म पूर्ण मोक्ष कसरी हुन्छ ?

विशेष :- प्रिय पाठक, विचार गरौं : श्री ब्रह्मा, श्री विष्णु र श्री शिव जीको अवस्थालाई अविनाशी भनिएको थियो। सम्पूर्ण हिन्दू समाजले अहिलेसम्म पनि यी तीनै नाशवान परमात्माहरूलाई अजर-अमर तथा जन्म-मृत्युरहित मानि रहेका छन्। यिनका बुबा कालरूपी ब्रह्म र आमा दुर्गा (प्रकृति/अष्टंगी) हुन् भन्ने अगाडि प्रमाणमा पढ्यौं। यो ज्ञान हाम्रो शास्त्रमा पनि विद्यमान छ। तर हिन्दू समाजमा कलियुगी गुरू, ऋषि र सन्तहरूलाई यस कुराको ज्ञान छैन। पाठ्यक्रमबारे नै अपरिचित अध्यापक विद्वान नभएर विद्यार्थीहरूको भविष्यको शत्रु हो। यस्तै अहिलेसम्म श्री ब्रह्मा, श्री विष्णु तथा श्री शिव जीका आमा बुबा को हुन् भन्ने थाहा नभएका गुरू, ऋषि र सन्तहरु पनि ज्ञानहीन हुन् किनकि उनीहरूले सम्पूर्ण भक्त समाजलाई शास्त्रविधि विपरित ज्ञान (लोकवेद र दन्त्य कथा) सुनाएर अज्ञानताले परिपूर्ण गरि दिए। शास्त्रविधि विपरित भक्ति साधना गराएर परमात्माको वास्तविक लाभ (पूर्ण मोक्ष) बाट वञ्चित गरी सबैको मानव जन्म नष्ट गराए। श्रीमद्भगवत गीता अध्याय १६ श्लोक २३ र २४ मा शास्त्रविधि त्यागेर मनोमानी आचरणले पूजा गर्नेलाई कुनै लाभ प्राप्त हुँदैन भन्ने कुराको प्रमाण छ। पूर्ण परमात्मा कबीर जीले सन् १४०३ बाटै सम्पूर्ण शास्त्रयुक्त ज्ञान आफ्नो अमृतवाणी (कविरवाणी) मा बताउन थाल्नु भएको थियो। तर ती अज्ञानी गुरूहरूले यो ज्ञानलाई भक्त समाजसम्म पुग्न दिएनन्। यो कुरा अहिले प्रष्ट हुदै छ। यसबाट कविर्देव (कबीर प्रभु) तत्वदर्शी सन्तका रूपमा स्वयं पूर्ण परमात्मा नै आउनु भएको थियो भन्ने तथ्य सिद्ध हुन्छ।

## आदरणीय गरीबदास साहेब जीको अमृतवाणीमा सृष्टि रचनाको प्रमाण

### आदि रमैणी (सद् ग्रन्थ पृष्ठ नं ६९०-६९२ सम्म)

आदि रमैणी अदली सारा। जा दिन होते धुंधुंकारा।।१।।
सतपुरूष कीन्हा प्रकाशा। हम होते तखत कबीर खवासा।।२।।
मन मोहिनी सिरजी माया। सतपुरूष एक ख्याल बनाया।।३।।
धर्मराय सिरजे दरबानी। चौसठ जुगतप सेवा ठानी।।४।।
पुरूष पृथिवी जाकूं दीन्ही। राज करो देवा आधीनी।।५।।
ब्रह्मण्ड इकीस राज तुम्ह दीन्हा। मन की इच्छा सब जुग लीन्हा।।६।।
माया मूल रूप एक छाजा। मोहि लिये जिनहूँ धर्मराजा।।७।।
धर्म का मन चंचल चित धार्‍या। मन माया का रूप बिचारा।।८।।
चंचल चेरी चपल चिरागा। या के परसे सरबस जागा।।९।।
धर्मराय कीया मन का भागी। विषय वासना संग से जागी।।१०।।
आदि पुरूष अदली अनरागी। धर्मराय दिया दिल सें त्यागी।।११।।
पुरूष लोक सें दीया ढहाही। अगम दीप चलि आये भाई।।१२।।

सहज दास जिस दीप रहंता। कारण कौन कौन कुल पंथा।।१३।।
धर्मराय बोले दरबानी। सुनो सहज दास ब्रह्मज्ञानी।।१४।।
चौसठ जुग हम सेवा कीन्ही। पुरूष पृथिवी हम कूं दीन्ही।।१५।।
चंचल रूप भया मन बौरा। मनमोहिनी ठगिया भौंरा।।१६।।
सतपुरूष के ना मन भाये। पुरूष लोक से हम चलि आये।।१७।।
अगर दीप सुनत बडभागी। सहज दास मेटो मन पागी।।१८।।
बोले सहजदास दिल दानी। हम तो चाकर सत सहदानी।।१९।।
सतपुरूष सें अरज गुजारूं। जब तुम्हारा बिवाण उतारूं।।२०।।
सहज दास को कीया पीयाना। सत्यलोक लीया प्रवाना।।२१।।
सतपुरूष साहिब सरबंगी। अविगत अदली अचल अभंगी।।२२।।
धर्मराय तुम्हरा दरबानी। अगर दीप चलि गये प्रानी।।२३।।
कौंन हुकम करी अरज अवाजा। कहां पठावौ उस धर्मराजा।।२४।।
भई अवाज अदली एक साचा। विषय लोक जा तीन्यूं बाचा।।२५।।
सहज विमाँन चले अधिकाई। छिन में अगर दीप चलि आई।।२६।।
हमतो अरज करी अनरागी। तुम्ह विषय लोक जावो बडभागी।।२७।।
धर्मराय के चले विमाना। मानसरोवर आये प्राना।।२८।।
मानसरोवर रहन न पाये। दरै कबीरा थांना लाये।।२९।।
बंकनाल की विषमी बाटी। तहां कबीरा रोकी घाटी।।३०।।
इन पाँचों मिलि जगत बंधाना। लख चौरासी जीव संताना।।३१।।
ब्रह्मा विष्णु महेश्वर माया। धर्मराय का राज पठाया।।३२।।
यौह खोखा पुर झूठी बाजी। भिसति बैकुण्ठ दगासी साजी।।३३।।
कृतिम जीव भुलानें भाई। निज घर की तो खबरि न पाई।।३४।।
सवा लाख उपजें नित हंसा। एक लाख विनशें नित अंसा।।३५।।
उपति खपति प्रलय फेरी। हर्ष शोक जौरा जम जेरी।।३६।।
पाँचों तत्त्व है प्रलय माँही। सत्वगुण रजगुण तमगुण झांई।।३७।।
आठों अंग मिली है माया। पिण्ड ब्रह्मण्ड सकल भरमाया।।३८।।
या में सुरति शब्द की डोरी। पिण्ड ब्रह्मण्ड लगी हे खोरी।।३९।।
श्वासा पारस मन गह राखो। खोल्हि कपाट अमीरस चाखो।।४०।।
सुनाऊं हंस शब्द सुन दासा। अगम दीप है अग है बासा।।४१।।
भवसागर जम दण्ड जमाना। धर्मराया का है तलबांना।।४२।।
पाँचों ऊपर पद की नगरी। बाट बिहंगम बंकी डगरी।।४३।।
हमरा धर्मराय सों दावा। भवसागर में जीव भरमावा।।४४।।
हम तो कहैं अगम की बानी। जहाँ अविगत अदली आप बिनानी।।४५।।
बंदी छोड हमारा नामं। अजर अमर है अस्थीर ठामं।।४६।।
जुगन जुगन हम कहते आये। जम जौरा सें हंस छुटाये।।४७।।
जो कोई मानें शब्द हमारा। भवसागर नहीं भरमें धारा।।४८।।
या में सुरति शब्द का लेखा। तन अंदर मन कहो कीन्ही देखा।।४९।।
दास गरीब अगम की बानी। खोजा हंसा शब्द सहदानी।।५०।।

उपरोक्त अमृतवाणीको भावार्थः- आदरणीय गरीबदास जी भन्छन्,– यहाँ पहिले अन्धकार मात्र थियो । पूर्ण परमात्मा कबीर साहेब जी सत्यलोकमा सिंहासनमा विराजमान हुनु हुन्थ्यो, हामी दास थियौं। परमात्माले ज्योति निरञ्जनलाई उत्पन्न गरी उनको तपको फलस्वरूप एक्काइस ब्रह्माण्ड प्रदान गर्नु भयो र माया (प्रकृति) को उत्पत्ति गर्नु भयो। युवा दुर्गाको रूपमा मोहित भएर ज्योति निरञ्जन (ब्रह्म) ले दुर्गा (प्रकृति) लाई बलात्कार गर्ने चेष्टा गरेको गलत कामको सजाय स्वरूप सत्यलोकबाट निकालिए र प्रतिदिन एक लाख मानव शरीरधारी प्राणी आहार गर्ने र सवा लाख उत्पन्न गर्ने श्राप पाए। यहाँ सम्पूर्ण प्राणीहरूले जन्म मृत्युको कष्ट उठाइ रहेका छन्। पूर्ण परमात्माको वास्तविक शब्द (साँच्चो नामको जप मन्त्र) मबाट प्राप्त गर्नेलाई कालको बन्धनबाट छुटाइ दिन्छु। मेरो नाम बन्दी छोड हो। आफ्नो गुरू तथा प्रभु कबीर परमात्माको आधारमा आदरणीय गरिबदास जीले भन्छन्,– साँचो मन्त्र अर्थात् सत्यनाम तथा सारशब्द प्राप्त गरेमा पूर्ण मोक्ष हुन्छ। नभए नक्कली नामदान गर्ने सन्त र महन्तहरूका मीठा मीठा कुरामा फसेर शास्त्रविधि रहित साधना गरी कालको जालमा फसेर कष्टमाथि कष्ट उठाउने छौ।

॥ गरीबदास जी महाराजको वाणी॥

(सत ग्रन्थ साहिब पृष्ठ नं. ६९० बाट साभार)

माया आदि निरंजन भाई, अपने जाए आपै खाई।
ब्रह्मा विष्णु महेश्वर चेला, ऊँ सोहं का है खेला॥
सिखर सुन्न में धर्म अन्यायी, जिन शक्ति डायन महल पठाई॥
लाख ग्रास नित उठ दूती, माया आदि तख्त की कुती॥
सवा लाखा घडिये नित भांडे, हंसा उतपति परलय डांडे।
ये तीनों चेला बटपारी, सिरजे पुरूषा सिरजी नारी॥
खोखापुर में जीव भुलाये, स्वपना बहिस्त बैकुंठ बनाये।
यो हरहट का कुआ लोई, या गल बंध्या है सब कोई।
कीडी कुजंर और अवतारा, हरहट डोरी बंधे कई बारा।
अरब अलील इन्द्र हैं भाई, हरहट डोरी बंधे सब आई॥
शेष महेश गणेश्वर ताहिं, हरहट डोरी बंधे सब आहिं।
शुक्रादिक ब्रह्मादिक देवा, हरहट डोरी बंधे सब खेवा॥
कोटिक कर्ता फिरता देख्या, हरहट डोरी कहूँ सुन लेखा।
चतुर्भुजी भगवान कहावैं, हरहट डोरी बंधे सब आवैं॥
यो है खोखापुर का कुआ, या में पडा सो निश्चय मुवा।

ज्योति निरञ्जन (कालबली) को वशमा परेर यी तीनै देवताले (रजगुण-ब्रह्मा जी, सतगुण-विष्णु जी र तमोगुण-शिव जी) आफ्नो महिमा देखाएर जीवहरूलाई स्वर्ग, नरक तथा भवसागर (चौरासी लाख योनीहरू) मा अल्मल्याइ रहन्छन्। ज्योति निरञ्जनले आफ्नो मायाले नागिनीले झैं जीवहरु पैदा गर्छन् र मार्छन्। नागिनीले

अण्डाहरूको चारैतिर आफ्नो पुच्छरको कुण्डली बनाई ती अण्डाहरूमा आफ्नो फणाले हान्छे। जसले गर्दा अण्डा फुट्छन् र तिनीहरूबाट बच्चा निस्कन्छन् अनि तिनीहरूलाई खान्छे। नागिनीका थुप्रै अण्डा हुन्छन् र फणा हान्दा कतिपय अण्डा फुट्छन्। फुटेका अण्डाहरूबाट बच्चा निस्कन्छन्। कुनै बच्चा कुण्डली (सर्पनीको पुच्छरको घेरा) बाट बाहिर निस्के भने मात्र ती बाँच्छन् नत्र कुण्डलीभित्र नागिनीले छोड्दिन। कुडलीभित्रका सबै बच्चाहरूलाई नागिनीले खान्छे।

माया काली नांगिनी, अपने जाये खात। कुण्डली में छोडै नहीं, सौ बातों कि बात।।

यो कालबलीको जाल हो। पूर्ण सन्तबाट नाम लिएर निरञ्जनसम्मको भक्ति गरे पनि निरञ्जनको कुण्डली (एक्काईस ब्रह्माण्डहरू) भन्दा बाहिर निस्कन सकिँदैन। स्वयं ब्रह्मा, विष्णु, महेश र आदि-माया शेराँवाली (दुर्गा) पनि निरञ्जनको कुण्डली भित्रै छन्। यी विचराहरू अवतार धारण गरेर आउँछन् र जन्म मृत्युको चक्रमा घुमि रहन्छन्। ध्रुब, प्रह्लाद र शुकदेव ऋषिले सोहं जप जपेर पनि मुक्त भएनन्, काललोकमा नै रहे। ध्रुव पनि एक कल्प अर्थात् एक हजार चतुर्युगसम्म मात्र मुक्त छन् भनेर श्री विष्णु पुराणको प्रथम अंशको अध्याय १२ को श्लोक ९३ पृष्ठ ५१ मा लेखिएको छ। 'ॐ नमः भगवते वासुदेवाय' मन्त्र जप गर्ने भक्तहरू पनि कृष्णसम्मको भक्ति गरि रहेका हुन्छन् र तिनीहरू चौरासी लाख योनीको चक्रबाट उम्किन सक्दैनन्। परम पुज्य कबीर साहेब जी र आदरणीय गरीबदास साहेब जी महाराजका वाणीले यस तथ्यको प्रत्यक्ष प्रमाण दिन्छः

अनन्त कोटि अवतार हैं, माया के गोविन्द। कर्ता हो हो अवतरे, बहुर पडे जग फंध।।


सत्यपुरूष कबीर साहेब जीको भक्तिले मात्र जीव मुक्त हुन सक्छ। जीव सत्यलोकमा फर्केर नआएसम्म काल लोकमा यसरी नै कर्म गरि रहन्छ। अनि गरिएको नाम र दान धर्मको कमाइ स्वर्गरूपी होटलहरूमा सिध्याएर फेरि फर्की कर्मको आधारमा चौरासी लाख प्रकारका प्राणीको शरीरमा कष्ट भोगी काल लोकमा घुमि रहन्छ। माया (दुर्गा) बाट उत्पन्न भएर करोडौं गोविन्द (ब्रह्मा, विष्णु र शिव) मरि सकेका छन्। उनीहरू भगवानको अवतार लिएर आए र फेरि कर्म बन्धनमा बाँधिएर कर्म भोग गरी चौरासी लाख योनीमा गए। देवर्षि नारदबाट श्राप पाएर भगवान विष्णु श्री रामचन्द्रका रूपमा अयोध्यामा आई बालीको बध गरे। त्यस कर्मको दण्ड भोग्न श्री कृष्ण जीको रूपमा जन्म लिए। बालीको आत्माले शिकारी बनेर प्रतिशोध लिन श्री कृष्ण जीको गोडामा विषाक्त तीर हानेर बध गर्‍यो। महाराज गरीबदास आफ्नो वाणीमा भन्छन् :

ब्रह्मा विष्णु महेश्वर माया, और धर्मराय कहिये।
इन पाँचों मिल परपंच बनाया, बाणी हमरी लहिये।।
इन पाँचों मिल जीव अटकाये, जुगन-जुगन हम आन छुटाये।
बन्दी छोड हमारा नामं, अजर अमर है अस्थिर ठामं।।
पीर पैगम्बर कुतुब औलिया, सुर नर मुनिजन ज्ञानी।

येता को तौ राह न पाया, जमके बंधे प्राणी।।
धर्मरायकी धूमा-धामी, जमपर जंग चलाऊँ।
जोरा को तो जान न दूंगा, बांध अदल घर ल्याऊँ।।
काल अकाल दोहूँ को मोसूं, महाकाल सिर मूंडू।
मै तो तख्त हजुरी हुकमी, चोर खोज कूं ढूंढू।।
मूला माया मग में बैठी, हंसा चुन-चुन खाई।
ज्योति स्वरूपी भया निरंजन, मैं ही कर्ता भाई।।
सहंस अठासी दीप मुनीश्वर, बंधे मुला डोरी।
ऐत्यां में नम का तलबाना, चलिए पुरूष कीशोरी।।
मूला का तो माथा दागूं, सतकी मोहर करूंगा।
पुरूष दीप कूं हंस चलाऊँ, दरा न रोकन दूंगा।।
हम तो बन्दी छोड कहावां, धर्मराय है चकवै।
सतलोक की सकल सुनावां, वाणी हमरी अखवै।।
नौ लख पट्टन ऊपर खेलूं, साहदरे कूं रोकूं।
द्वादस कोटि कटक सब काटूं, हंस पठाऊँ मोखूं।।
चौदह भुवन गमन है मेरा, जल थल में सरबंगी।
खालिक खलक खलक में खालिक, अविगत अचल अभंगी।।
अगर अलील चक्र है मेरा, जित से हम चल आए।
पाँचों पर प्रवाना मेरा, बंधि छुटावन धाये।।
जहाँ ओंकार निरंजन नाही, ब्रह्मा विष्णु वेद नहीं जाहीं।
जहाँ करता नहीं जान भगवाना, काया माया पिण्ड न प्राणा।।
पाँच तत्त्व तीनों गुण नाहीं, जोराकाल दीप नहीं जाहीं।
अमर करुं सतलोक पठाऊँ, तातैं बन्दी छोड कहाऊँ।।

**कबीर परमेश्वर (कविर्देव) को महिमा बताउँदै गरीबदास जी भन्छन्,– हाम्रा प्रभु कविर् (कविर्देव) बन्दी छोड हुनु हुन्छ। बन्दी छोडको अर्थ कालको कारागारबाट छुटाउने हो। काल ब्रह्मको एक्काईस ब्रह्माण्डहरूमा सम्पूर्ण प्राणी पापका कारण कालको बन्दी बनेका छन्। पूर्ण परमात्मा (कविर्देव) कबीर साहेब बाहेक पापको विनाश परब्रह्म, ब्रह्म, ब्रह्म, विष्णु र शिव जी आदिले गर्न सक्दैनन्, कर्म अनुसारको फल मात्र दिन्छन्। यजुर्वेद अध्याय ५ मन्त्र ३२ मा 'कविरंघारिरसि' वा कविर्देव (कबीर परमेश्वर) पापका शत्रु र 'बम्भारिरसि' वा बन्धनको शत्रु अर्थात् बन्दी छोड हुनु हुन्छ भनिएको छ।**

**यी पाँच (ब्रह्मा, विष्णु, शिव, माया र धर्मराय) भन्दा माथिका सत्यपुरूष परमात्मा (कविर्देव) सत्यलोकका मालिक हुनु हुन्छ। परब्रह्म, ब्रह्म, तथा ब्रह्मा, विष्णु, शिव र आदि-माया नाशवान परमात्मा हुन् र महाप्रलयमा यी तथा यिनका लोक समाप्त हुन्छन्। यिनीहरूको आयु आम जीवको भन्दा कैयौं हजार गुणा ज्यादा लामो भए पनि निर्धारित समयमा एकदिन अवश्य पूरा हुन्छ। आदरणीय गरीबदास**




योह हरहट का कुवाँ लोई, या गल बंध्या है सब कोई ।
कीडी कुंजर और अवतारा, हरहट डोरी बंधे कई बारा ।।

**कालको लोकमा जन्म - मरण रूपी हरहट (चक्र)**

**जी महाराज भन्छन् :**

शिव ब्रह्मा का राज, इन्द्र गिनती कहां। चार मुक्ति वैकुण्ठ समझ, येता लह्या।।
संख जुगन की जुनी, उम्र बड धारिया। जा जननी कुर्बान, सु कागज पारिया।।
येती उम्र बुलंद मरैगा अंत रे। सतगुरू लगे न कान, न भैंट संत रे।।

**शंख युग लामो आयु भए पनि एक दिन अवश्य पूरा हुन्छ। सत्यपुरूष परमात्मा (कविर्देव) कबीर साहेबका प्रतिनिधि र नाम दान गर्ने आदेश प्राप्त पूर्ण सन्त (गुरू) ले तीन नाम (ओ३म+तत्+सत् साङ्केतिक) को मन्त्र दिनु हुन्छ। वहाँबाट उपदेश लिएर नामको कमाइ गर्‍यौं भने हामी सत्यलोकको अधिकारी हंस हुन सक्छौं। सत्य साधना बेगरको लामो आयु कुनै कामको हुँदैन किनकि निरञ्जन लोकमा दुःख नै दुःख छ।**

कबीर, जीवना तो थोडा ही भला, जै सत सुमरन होय।
लाख वर्षका जीवना, लेखै धरै ना कोय।।

**कबीर साहेबले आफ्नो (पूर्णब्रह्मको) जानकारी आफैं यसरी दिनु हुन्छ, "यी परमात्माहरूभन्दा माथि असङ्ख्य भुजा वा हात भएका परमात्मा सत्यपुरूष हुन् हुन्छ, वहाँ सत्यलोक (सचखण्ड वा सतधाम) मा बस्नु हुन्छ तथा वहाँ अन्तर्गत सम्पूर्ण लोकहरू [ब्रह्म (काल) का एक्काइस ब्रह्माण्ड र ब्रह्मा, विष्णु, शिव र शक्तिका लोकहरू तथा परब्रह्मको सात शंख ब्रह्माण्ड र अन्य सबै ब्रह्माण्ड] पर्दछन्। पूर्ण गुरूबाट प्राप्त हुने सत्यनाम-सारनामको जपले त्यहाँ जान सकिन्छ। सच्चखण्ड (सत्यलोक) मा जाने आत्माको पुनर्जन्म हुँदैन। सत्यपुरूष (पूर्णब्रह्म) कबीर साहेब (कविर्देव) आफू नै अन्य लोकमा पनि फरक फरक नामले वा अलख लोकमा अलख पुरूष, अगम लोकमा अगम पुरूष र अकह लोकमा अनामी पुरूषका रूपमा विराजमान हुनु हुन्छ। यी त उपमात्मक नाम हुन्, तर पूर्ण पुरूषको वास्तविक नाम कविर्देव (भाषा फरक भएर कबीर साहेब) हो।**

## आदरणीय नानक साहेब जीको अमृतवाणीमा सृष्टि रचनाको सङ्केत

### श्री नानकसाहेब जीको अमृतवाणी, महला १, राग बिलावलु, अंश १
### (गु.ग्र. पृष्ठ ८३९)

आपे सचु कीआ कर जोडि। अंडज फोडि जोडि विछोड।।
धरती आकाश कीए वैसण कउ थाउ। राति दिनंतु कीए भउ-भाउ।।
जिन कीए करि वेखणहारा। (३)
त्रितीआ ब्रह्मा-विसनु-महेसा। देवी देव उपाए वेसा।। (४)
पउण पाणी अगनी बिसराउ। ताही निरंजन साचो नाउ।
तिसु महि मनुआ रहिआ लिव लाई। प्रणवति नानकु कालु न खाई।। (१०)

भावार्थ :- साँच्चो परमात्मा (सत्यपुरूष) ले आफ्नै हातले सम्पूर्ण सृष्टिको रचना गर्नु भएको हो। वहाँले अण्डा बनाउनु भयो र फुटाउनु भयो अनि त्यसबाट ज्योति निरञ्जन निस्किए। पूर्ण परमात्माले सम्पूर्ण प्राणीहरूलाई बस्नका लागि धर्ती, आकाश, हावा, पानी आदि पाँच तत्त्वको रचना गर्नु भयो। आफूले रचेको सृष्टिको साक्षी वहाँ आफू नै हुनु हुन्छ, अरू कसैले यसको सही जानकारी दिन सक्दैन। अण्डा फुटेर निस्केका निरञ्जन पछि श्री ब्रह्मा जी, श्री विष्णु जी र श्री शिव जी तथा अन्य देवी देवता र अनगिन्ती जीवहरु उत्पन्न भए। अनि अन्य देवताहरूको जीवन चरित्र र ऋषिहरूको अनुभवबाट ६ शास्त्र र १८ पुराण बने। पूर्ण परमात्माको साँच्चो नाम (सत्यनाम) को साधना अनन्य मनले गर्दा तथा गुरू मर्यादामा रहने (प्रणवति) लाई कालले खाँदैन भनी नानक जी भन्नु हुन्छ।

राग मारू (अंश) अमृतवाणी महला १ (गु.ग्र. पृष्ठ १०३७)

सुनहु ब्रह्मा, बिसनु, महेसु उपाए। सुने वरते जुग सबाए।।
इसु पद बिचारे सो जनु पुरा। तिस मिलिए भरमु चुकाइदा।। (३)
साम वेदु, रूगु जुजरू अथरबणु। ब्रह्में मुख माइआ है त्रैगुण।।
ता की कीमत कहि न सकै। को तिउ बोले जिउ बुलाईदा।। (९)

उपरोक्त अमृतवाणीको सारांश :- पूर्ण सृष्टि रचना बारे बताउँदै अण्डाको दुई भाग भएर को निस्किए, ब्रह्मलोकको शून्य वा गोप्य स्थानमा कसले ब्रह्मा, विष्णु र शिव जीको उत्पत्ति गरे, ब्रह्म (काल) को मुखबाट चारै वेदहरु (पवित्र ऋग्वेद, यजुर्वेद, सामवेद र अथर्ववेद) को उच्चारण गराउने परमात्मा को हुनु हुन्छ तथा आफूले चाहे जसरी नै प्रत्येक प्राणीलाई बोल्न लगाउने पूर्ण परमात्मा को हुनु हुन्छ भनी बुझाउने सन्तको खोजी गर। यी सम्पूर्ण ज्ञान पूर्ण रूपमा बताउने सन्तको नजिक जाऊ। तिम्रा सबै शंकाहरूको पूर्ण निवारण गर्न सक्ने नै पूर्ण सन्त अर्थात् तत्त्वदर्शी सन्त हुनु हुन्छ।

### श्री गुरू ग्रन्थ साहेब पृष्ठ ९२९ श्री नानक साहेब जी को अमृतवाणी, राग रामकली, महला १ दखणी ओअंकार

ओअंकारि ब्रह्मा उतपति। ओअंकारू कीआ जिनी चित। ओअंकारि सैल जुग भए। ओअंकारि बेद निरमए। ओअंकारि सबदी उधरे। ओअंकारि गुरूमुखि तरे। ओनम अखर सुणहू बीचारू। ओनम अखरू त्रिभवण सारू।

उपरोक्त अमृतवाणीमा श्री नानक साहेब जी भन्छन् : ओंकार अर्थात् ज्योति निरञ्जन (काल) बाट ब्रह्मा उत्पत्ति भए। कैयौं युगसम्म मस्ती गरेर ओंकार (ब्रह्म) ले वेदहरूको उत्पत्ति गरे, जुन ब्रह्माले प्राप्त गरे। तीन लोकको भक्तिका लागि वास्तवमा एक ओ३म् मन्त्र मात्र जप गर्नु पर्छ। यो ओ३म् शब्द पूर्ण सन्तबाट उपदेश लिएर अर्थात् गुरू धारण गरेर जप गर्नाले उद्धार हुन्छ।

**विशेष :- श्री नानक साहेब जीले ठाउँ ठाउँमा तीन मन्त्र (ओ३म् + तत् + सत्) को रहस्यात्मक विवरण दिनु भएको छ। त्यसलाई पूर्ण सन्त (तत्त्वदर्शी सन्त) ले मात्र बुझ्न सक्नु हुन्छ र तीनवटै मन्त्रको जप उपदेशीलाई बुझाउन सक्नु हुन्छ।**

(पृ. १०३८) उत्तम सतिगुरू पुरूष निराले, सबदि रते हरि रस मतवाले।
रिधि, बुधि, सिधि, गिआन गुरू ते पाइए, पूरे भाग मिलाईदा।।१५।।
सतिगुरू ते पाए बीचारा, सुन समाधि सचे घरबारा।
नानक निरमल नादु सबद धुनि, सचु रामैं नामि समाइदा।।१७।।

**भावार्थ :- वास्तविक ज्ञान दिने सत्गुरू अनुपम हुनु हुन्छ। वहाँले नामको जप मात्र जप्नु हुन्छ, अन्य हठयोग साधना बताउनु हुन्न। तपाईंलाई धन-सम्पत्ति, पद, बुद्धि वा भक्ति शक्ति नै चाहिए पनि त्यो भक्ति मार्गको ज्ञान पूर्ण सन्तले पूर्णरूपमा प्रदान गर्नु हुन्छ। यस्ता पूर्ण सन्त त ठूलो भाग्यले मात्र भेटिन्छ। आफ्नो वास्तविक घर (सत्यलोक) माथि शून्य (आकाश) मा परमेश्वरले रच्नु भएको विवरण पूर्ण सन्तले नै बताउछन्।**

**त्यहाँ वास्तविक सार नामको धुन (आवाज) बजि रहेछ। अविनाशी परमेश्वरको सार शब्दले मात्र त्यस आनन्दमा समेटिन सकिन्छ अर्थात् त्यो वास्तविक सुखदायक स्थानमा वास हुन सक्छ, अरू नामहरु र अपूर्ण ज्ञान भएका गुरूहरूबाट हुन सक्दैन।**

**आंशिक अमृतवाणी, महला पहला (श्री गु.ग्र. पृष्ठ ३५९-३६०)**

सिव नगरी महि आसणि बैसउ कलप त्यागी वादं। (१)
सिंडी सबद सदा धुनि सोहै अहिनिसि पूरै नादं। (२)
हरि कीरति रह रासि हमारी गुरू मुख पंथ अतीत। (३)
सगली जोती हमारी संमिआ नाना वरण अनेकं।
कह नानक सुणि भरथरी जोगी पारब्रह्म लिव एकं। (४)

**भावार्थ :- श्री नानक साहेब जी भन्छन्,— हे भरथरी योगी जी! तपाईंको साधना शिवसम्म मात्र छ। उनबाट तपाईंले शिव नगरी (लोक) मा स्थान पाउनु भएको छ। तपाईंको शरीरमा आइ रहेका सिंगी आदि शब्द त यिनै कमलहरूका हुन् जुन टेलिभिजन झैं प्रत्येक देवको लोकबाट आएर शरीरमा सुन्ने गरिन्छ। म त एकमात्र परमात्मा पारब्रह्म अर्थात् सबैभन्दा माथि रहनु हुने पूर्ण परमात्माको नै अनन्य मनले भक्ति गर्छु। म बाहिरिया देखावटी (भस्म लगाउने, हातमा डण्डा लिने) गर्दिनँ। म त सबै प्राणीहरूलाई एकमात्र पूर्ण परमात्मा (सत्यपुरूष) कै सन्तान सम्झन्छु। त्यही शक्तिले सबै चलायमान छन्। मेरो मुद्रा त गुरूबाट साँच्चो नाम प्राप्त गरेर जप गर्नु हो तथा क्षमा गर्नु हाम्रो बाणा (भेषभुषा) हो। म त पूर्ण परमात्माको उपासक हुँ। पूर्ण सतगुरूको भक्ति मार्ग यसभन्दा भिन्न छ।**

### अमृतवाणी, राग आसा, महला १ (श्री गु.ग्र. पृष्ठ ४२०)

।।आसा महला।।१।। जिनी नामु विसारिआ दुजै भरमि भुलाई। मूलु छोडि डाली लगे किआ पावाहि छाई।।२।। साहिबु मेरा एकु है अवरू नहीं भाई। किरपा ते सुखु पाइआ साचे परथाई।।३।। गुरू की सेवा सो करे जिसु आपि कराए। नानक सिरू दे छुटीऐ दरगह पति पाए।।८।।१८।।

**भावार्थः- श्री नानक साहेब भन्छन्,— पूर्ण परमात्माको नाम छोडेर अन्य भगवानहरूको नाम जपको भ्रममा अल्मलिइ रहेकाहरु मूल (पूर्ण परमात्मा) लाई छोडेर हाँगाहरु (तीन गुणरूपका रजगुण-ब्रह्मा, सतगुण-विष्णु र तमगुण-शिव) मा सिँचाई (पूजा) गरि रहेछन्। त्यो साधनाले कुनै सुख पाइँदैन अर्थात् रूख सुक्यो भने छाँयामा बस्न पाउँदैनौं। अर्थात् शास्त्र विधि रहित साधना गर्ने काम व्यर्थ प्रयत्न हुनाले यसबाट कुनै लाभ हुँदैन। यसको प्रमाण पवित्र गीता अध्याय १६ श्लोक २३-२४ मा पूर्ण परमात्मा प्राप्त गर्न मनमुखी (मनोमानी) साधना त्यागेर पूर्ण गुरूदेव प्रति समर्पित हुनै पर्छ। साँच्चो नाम जप गर्नाले नै मोक्ष सम्भव छ, नत्र मृत्युपछि नरक जाने छ भनिएको छ।**

### श्री गुरू ग्रन्थ साहेब, पृष्ठ नं. ८४३ र ८४४

।। बिलावलु महला।।१।। मैं मन चाहु घणा साचि विगासी राम। मोही प्रेम पिरे प्रभु अबिनासी राम।। अविगतो हरि नाथु नाथह तिसै भावै सो थीऐ। किरपालु सदा दइआलु दाता जीआ अंदरि तूं जीऐ।। मैं आधारू तेरा तू खसमु मेरा मै ताणु तकिआ तेरओ। साचि सूचा सदा नानक गुरसबदि झगरू निबेरओ।।४।।२।।

**उपरोक्त अमृतवाणीमा श्री नानक साहेब भन्छन्,— अविनाशी पूर्ण परमात्मा नाथहरूको पनि नाथ वा देवताहरूको पनि देवता (ब्रह्मा, विष्णु, शिव, ब्रह्म र परब्रह्म आदिका पनि नाथ वा स्वामी) हुनु हुन्छ। मैले साँच्चो नाम (सत्यनाम) लाई हृदयमा समेटेको छु। ए परमात्मा! सम्पूर्ण प्राणीको जीवन आधार हजुर नै हुनु हुन्छ। म हजुरमा आश्रित छु, हजुर मेरो मालिक हुनु हुन्छ। हजुरले नै गुरू रूपमा आएर सत्यभक्तिको निर्णायक ज्ञान दिई सबै विवाद अर्थात् सबै शंकाहरु समाधान गर्नु भयो।**

### श्री गुरू ग्रन्थ साहेब, पृष्ठ नं. ७२१, राग तिलंग, महला १

यक अर्ज गुफतम् पेश तो दर कून करतार।
हक्का कबीर करीम तू बेअब परवरदिगार।
नानक बुगोयद जन तुरा तेरे चाकरां पाखाक।

**उपरोक्त अमृतवाणीमा तपाई (हक्का कबीर) सत्कबीर, (कून करतार) शब्द शक्तिबाट रचना गर्ने शब्द स्वरूपी प्रभु अर्थात् सम्पूर्ण सृष्टिको रचनाकार हुनु हुन्छ, हजुर नै (बेअब) निर्दोष निर्विकार र (परवरदिगार) सम्पूर्ण प्राणीहरूको पालनकर्ता**

दयालु प्रभु हुनु हुन्छ। म हजुरको दासको पनि दास हुँ भन्ने तथ्य स्पष्ट गर्नु भएको छ।

**श्री गुरू ग्रन्थ साहेब, पृष्ठ नं. २४, राग सीरी, महला १**

तेरा एक नाम तारे संसार, मैं ऐहा आस ऐहो आधार।
नानक नीच कहै बिचार, धाणक रूप रहा करतार॥

**माथिको अमृतवाणीमा काशीका कपडा बुन्ने जुलाहा (धाणक) का रूपमा नै कुलका सृष्टिकर्ता (करतार) हुनु हुन्छ भन्ने कुराको प्रमाण दिनु भएको छ। अति आधीन भएर श्री गुरू नानक जी भन्छन्,– म साँच्चो भनि रहेछु कि यी धाणक अर्थात् कबीर जुलाहा नै पूर्ण ब्रह्म (सत्यपुरूष) हुनु हुन्छ।**

**विशेषः- उपरोक्त प्रमाणहरूको साङ्केतिक ज्ञानबाट सृष्टि रचना कसरी भयो भन्ने कुरा प्रमाणित भयो। अब पूर्ण परमात्मा प्राप्त गर्नु पर्छ, जुन पूर्ण सन्तबाट नाम लिएर मात्र सम्भव छ।**

## अन्य सन्तहरूले बताएका सृष्टि रचनाको दन्त्य कथा

**अन्य सन्तहरूले बताएको सृष्टि रचनाको ज्ञान कस्तो छ ? सृष्टि रचनाको विषयमा राधास्वामी पन्थका सन्तहरु तथा धन-धन सतगुरू पन्थका सन्तको विचार सम्बन्धमा निम्न तथ्यहरु पढ्नु होस् :-**

**पवित्र पुस्तक जीवन चरित्र परम सन्त बाबा जयमल सिहं जी महाराज, 'सृष्टिको रचना' (सावन कृपाल पब्लिकेसन, दिल्ली) पृष्ठ नं. १०२-१०३ का अनुसार**

सुरूमा सत्यपुरूष निराकार थिए, अनि इजहार (आकार) मा आएपछि माथिका तीनवटा निर्मल मण्डल (सतलोक, अलखलोक र अगमलोक) बने र प्रकाश र मण्डल (लोक) हरु का नाद (धुन) बने।

**पवित्र पुस्तक सारवचन (नसर), प्रकाशक : राधास्वामी सत्संग सभा, दयाल बाग आगरा, 'सृष्टिको रचना' पृष्ठ ८ का अनुसार**

पहिला धून्धूकार (अन्धकार) थियो। त्यहाँ पुरूष शून्य समाधिमा थिए। जब केही पनि रचना भएको थिएन। अनि मौज (इच्छा) भएपछि शब्द प्रकट भयो र त्यसबाट सबै रचना भयो - पहिला सत्यलोक र फेरि सत्यपुरूषको कलाले तीन लोक र अरू सबै विस्तार भयो।

**यो ज्ञान कुनै युवक जागिर खान जाँदाको अन्तरवार्ता जस्तै छ। अन्तरवार्तामा अधिकारीले तपाईंले महाभारत पढ्नु भएको छ भनी सोध्दाँ केटोले महाभारत मुखाग्र पारेको छु भन्यो। अधिकारीले पाँच पाण्डवको नाम बताउन भन्दा केटोले भन्यो,– एउटा भीम थियो, उसको एउटा ठूलो दाजु, एउटा ऊभन्दा सानो, एउटा अर्को पनि**

थियो र एउटाको नाम चाहिँ मैले बिर्से। माथि दिइएका सृष्टि रचनाको ज्ञान पनि यस्तै छ।

सत्यपुरूष तथा सत्यलोकको महिमा बताउनेवाला तथा पाँच नाम (ओंकार, ज्योति-निरञ्जन, ररंकार, सोहं र सत्यनाम) तथा तीन नाम (अकाल मूर्ति, सत्यपुरूष र शब्द स्वरूपी राम) दिने सन्तहरूले लेखेका पुस्तकहरूका केही निष्कर्ष यस प्रकार छन् :-

सन्तमत प्रकाश, भाग ३, पृष्ठ ७६ मा सच्चखण्ड वा सत्यनाम चौथो लोक हो भनी सत्यनामलाई स्थान बताइएको छ। अनि यस पवित्र पुस्तकको पृष्ठ ७९ मा एउटा राम दशरथको छोरा, दोस्रो राम 'मन' तेस्रो राम 'ब्रह्म' र चौथो राम 'सतनाम'- यो नै सही राम हो भनी लेखिएको छ। फेरि, पवित्र पुस्तक सन्तमत प्रकाश, पहिलो भाग, पृष्ठ १७ मा त्यो सत्यलोक हो, त्यसैलाई सत्यनाम भनिन्छ भनेर लेखिएको छ। पवित्र पुस्तक 'सारवचन नसर यानि वार्तिक', पृष्ठ ३ मा 'अब राधास्वामी पद सबैभन्दा उच्च स्थान हो भनेर बुझ्नु पर्छ, जसलाई सन्तहरूले सत्यलोक, सच्चखण्ड, सारशब्द, सत्यशब्द, सत्यनाम र सत्यपुरूष भनेर वर्णन गरेका छन् भनी उल्लेखित छ। आगराबाट प्रकाशित पवित्र पुस्तक 'सार वचन (नसर)', पृष्ठ ४ मा पनि ठीक माथिको झैं वर्णन गरिएको छ। पवित्र पुस्तक 'सच्चखण्ड को सडक' पृष्ठ २२६ मा सन्तहरूको देश सच्चखण्ड वा सत्यलोक हो, त्यसैलाई सत्यनाम, सत्यशब्द वा सारशब्द भनिन्छ भनिएको छ।

विशेषः उपरोक्त व्याख्या यस्तो लाग्यो जस्तो कसैले जीवनमा शहर, कार, पेट्रोल देखेको छैन, ड्राइभर (चालक) कसलाई भनिन्छ भन्ने ज्ञान पनि छैन र त्यो व्यक्तिले अन्य साथीहरूसँग भनोस्– म शहर जान्छु कारमा बसेर आनन्द मनाउँछु। अनि साथीहरूले सोधे कार कस्तो हुन्छ, पेट्रोल कस्तो हुन्छ, चालक कस्तो हुन्छ, शहर कस्तो छ? ती गुरू जीले उत्तर दिए– शहर भन या कार एउटै कुरा हो। शहर पनि कार नै हो, पेट्रोल पनि कार नै हो, ड्राइभर पनि कारलाई नै भनिन्छ, सडक पनि कारलाई नै भनिन्छ।

विचार गरौं :- सतपुरूष त पूर्ण परमात्मा हुनु हुन्छ, सतनाम त्यो दुई मन्त्रको नाम हो जसमा एक ओ३म् + तत् साङ्केतिक छ र यसपछि सारनाम साधकलाई पूर्ण गुरूद्वारा दिइन्छ। सतनाम तथा सारनाम दुबै स्मरण गर्ने नाम हुन्। सतलोक सतपुरूष रहनु हुने स्थान हो। पुण्य आत्माहरू सत्य तथा असत्यको स्वयम् निर्णय गर्नु होस्।

# को तथा कस्ता छन् कुलका मालिक ?

परमात्मा प्राप्त गर्ने पुण्यात्माहरूले कुलका मालिक एउटै हुनु हुन्छ तथा वहाँ मानव सदृश तेजपूर्ण शरीरयुक्त हुनु हुन्छ भनेर बताएका छन्। वहाँको एउटा रोम कुप (रौंको प्वाल) को प्रकाश करोड सूर्य तथा करोड चन्द्रमाहरूको भन्दा धेरै छ। वहाँले विविध रूपहरु बनाउनु भएको छ। परमेश्वरको वास्तविक नाम आ-आफ्ना भाषामा भिन्दा भिन्दै राखिएका छन् : कविर्देव (वेदमा संस्कृत भाषामा), हक्का कबीर (श्री गुरू ग्रन्थ साहेबको पृष्ठ नं. ७२१ क्षेत्रीय भाषामा), सत् कबीर (श्री धर्मदास जीको वाणीमा क्षेत्रीय भाषामा), बन्दी छोड कबीर (सन्त गरीबदास जीको सद्ग्रन्थमा क्षेत्रीय भाषामा) तथा कबीरा, कबीरन्, खबीरा वा खबीरन् (श्री कुरान शरीफ सूरत फुर्कानि नं. २५, आयत नं. १९, २१, ५२, ५८ र ५९ मा क्षेत्रीय अरबी भाषामा)। पूर्ण परमात्माको उपमात्मक नाम अनामी पुरूष, अगम पुरूष, अलख पुरूष, सत्यपुरूष, अकाल मूर्ति, शब्द स्वरूपी राम, पूर्ण ब्रह्म, परम अक्षर ब्रह्म आदि हुन्। देशको प्रधानमन्त्रीको वास्तविक शरीरको नाम एउटा हुन्छ तर उपमात्मक नाम फरक हुन्छ, जस्तै प्रधानमन्त्री, प्राइम मिनिस्टर, आदि। प्रायः प्रधानमन्त्रीले आफूसँग गृह मन्त्रालय राख्दछन्। गृहमन्त्रालयका कागजातहरूमा हस्ताक्षर गर्दा उनले गृहमन्त्रीको भूमिका निर्वाह गर्छन् र आफ्नो पद पनि गृहमन्त्री नै लेख्छन् तर हस्ताक्षर भने प्रधानमन्त्री र गृहमन्त्रीको एउटै नै हुन्छ। ईश्वरीय सत्तालाई पनि यस्तै सम्झिनु पर्छ।

परमात्मा प्राप्त नभएका सन्त र ऋषिहरूले प्रभुको कुनै आकार नभएको हुनाले प्रभुलाई देखिँदैन वहाँको प्रकाश मात्र देख्न सकिन्छ तथा शरीरमा ध्वनि सुन्नु आदि प्रभु भक्तिको उपलब्धि हो भनेर आफ्नो अन्तिम अनुभव बताएका छन्।

विचार गरौं :- कुनै अन्धो अरू अन्धाहरु समक्ष आफू आँखा देख्ने भनी सिद्ध गरेर बसेको छ र उसले राति चन्द्रमाको प्रकाश धेरै सुन्दर मनमोहक हुन्छ र म देख्छु भन्छ। अन्धा शिष्यहरूले गुरू जी चन्द्रमा कस्तो हुन्छ भनी सोध्दा चतुर अन्धोले चन्द्रमा निराकार भएकोले देखिँदैन भन्छ। कसैले सूर्य निराकार भएकोले देखिँदैन, सूर्य स्वप्रकाशित भएकोले यसको प्रकाश मात्र देखिन्छ भन्छन्। गुरू जीले बताए अनुसार शिष्यले २$\frac{1}{2}$ घण्टा बिहान तथा २$\frac{1}{2}$ घण्टा साँझ आकाशमा हेर्छ तर केही देख्दैन। आफैं गुरू जीले त सही भन्नु भएको हो, हाम्रो साधना साँझ-बिहान पूरा २$\frac{1}{2}$ घण्टा नभएकोले हामी सूर्य तथा चन्द्रमाको प्रकाश देख्दैनौं भनेर विचार विमर्श गर्छ। चतुर गुरू जीको व्याख्यानमा आधारित त्यस चतुर अन्धो (ज्ञानहीन) को व्याख्याका अन्य करोडौं अन्धा (ज्ञानहीन) हरु प्रचारक बनेका छन्। तिनीहरूलाई आँखा भएका (तत्त्वदर्शी सन्त) ले बताइ रहनु भएको छ,– हे नेत्रहीनहरु हो ! सूर्यको आकार छ र त्यसैबाट प्रकाश निस्कि रहेको छ। त्यसैगरी चन्द्रमाबाट पनि प्रकाश निस्कि रहेको छ। चन्द्रमा नभई राति प्रकाश कसरी हुन सक्छ? कसैले ट्यूब लाइट देखेको छु भनोस् र कसैले

ट्यूब लाइट कस्तो हुन्छ र त्यसको प्रकाश तिमीले देखेका छौ भनी सोधोस्। उत्तरमा ट्यूब त निराकार हुने भएकाले केवल प्रकाश देख्न सकिन्छ भन्ने मिलोस्। विचार गरौं- ट्यूब बिना प्रकाश कसरी सम्भव छ?

कसैले हीरा स्वप्रकाशित हुन्छ, हीराको प्रकाश मात्र देख्न सकिन्छ किनकि हीरा निराकार भएकोले देखिँदैन भन्छ भने त्यो व्यक्तिले हीरा चिनेकै छैन। त्यो बिनासित्ती जौहरी (बहुमूल्य रत्नहरूको पारखी) बनि टोपलेको छ। परमात्मालाई निराकार भनेर केवल प्रकाश देख्नु तथा ध्वनि सुन्नु नै प्रभु प्राप्ति मान्नेहरु वास्तवमा प्रभु तथा प्रभुको भक्तिबाट पूर्ण रूपमा अपरिचित छन्। तिमीले केही पनि देखेका छैनौ, तिमी आफ्ना अनुयायीहरूलाई भ्रमित पारेर दोषी बनि रहेका छौ, न त तिम्रो गुरूदेवको न त तिम्रो नै तत्त्वज्ञानरूपी नेत्र छन् र यसैले संसारलाई भ्रमित नतुल्याऊ भनेर प्राथना गर्दा यस कुरामा ज्ञानरूपी आँखाका सबै अन्धाहरूले ए! हामी चाहिं झूटो, एकमात्र तँ साँचो भन्दै पाखुरा सुर्कदै छन्। आज सन्त रामपाल जी महाराजका सामु यही स्थिति विद्यमान छ।

कुन सन्तको विचार सही र कसको गलत हो भन्ने विवादको निर्णय कसरी गर्ने? मानौं कुनै अपराधको बारेमा पाँचजना वकिलहरूले आ-आफ्ना विचार व्यक्त गरि रहेछन्। एउटाले यस अपराधका लागि संविधानको धारा ३०१, दोस्रोले ३०२, तेस्रोले ३०४, चौथोले ३०६, र पाँचौंले ३०७ लागु हुने कुरा बताए। यी पाँचैजना त सही हुन सक्दैन। देशको पवित्र संविधानसित मेल खाने एकजनाको व्याख्या मात्र सही हुन सक्छ। यसको निर्णय देशको पवित्र संविधानले गर्छ, जुन सबैका लागि मान्य हुन्छ। यसै प्रकार भिन्न-भिन्न विचारधाराहरु तथा साधनाहरूमध्ये कुन शास्त्र अनुकूल छ वा कुन शास्त्र विरूद्ध छ भन्ने कुराको निर्णय सबैलाई मान्य हुने पवित्र सद्ग्रन्थहरूले गर्छन् (यसको प्रमाण पवित्र श्रीमद्भगवत गीता, अध्याय १६ को श्लोक २३ र २४ मा दिइएको छ)।

सूर्य (पूर्ण परमात्मा) लाई देख्ने आँखा भएका (पूर्ण सन्त) हरूमध्ये केही नामहरु यस प्रकार छन्ः (क) आदरणीय धर्मदास साहेब जी, (ख) आदरणीय दादू साहेब जी, (ग) आदरणीय मलूकदास साहेब जी, (घ) आदरणीय गरीबदास साहेब जी, (ङ) आदरणीय नानक साहेब जी र (च) आदरणीय घीसादास साहेब जी।

### (क) आदरणीय धर्मदास साहेब जी कबीर परमेश्वरका साक्षी

मध्य प्रदेशको बांधवगढका आदरणीय धर्मदास जीसँग पूर्ण परमात्माले जिन्दा महात्माका रूपमा मथुरामा भेटेर सत्यलोक देखाउनु भयो। सत्यलोकमा आफ्नो दुई रूप देखाएर जिन्दा महात्माका रूपमा पूर्ण परमात्माको सिंहासनमा विराजमान हुनु भयो र आदरणीय धर्मदास साहेब जीलाई म नै काशी (बनारस) मा नीरू-नीमाको घरमा गएको छु, त्यहाँ धाणक (कपडा बुन्ने जुलाहा) को कार्य गर्छु र आदरणीय श्री रामानन्द जी मेरा गुरू जी हुनु हुन्छ भनी बताउनु भयो। अनि श्री धर्मदास जीको

**आत्मालाई शरीरमा फर्काउनु भयो। श्री धर्मदास जीको शरीर दुई दिनसम्म बेहोस अवस्थामा थियो, तेस्रो दिन होस आयो। अनि काशीमा खोजी गर्दा काशीमा आएका धाणक नै पूर्ण परमात्मा (सत्यपुरूष) हुनु हुन्छ भन्ने कुरा थाहा पाए। आदरणीय धर्मदास साहेब जीले पवित्र कबीर सागर, कबीर साखी, कबीर बीजक नामक सद्ग्रन्थहरू आँखाले देखेका तथा पूर्ण परमात्माको पवित्र मुख कमलबाट निक्लेका अमृत वचनरूपी विवरणसहित रचना गरे। अमृत वाणीमा प्रमाण :**

आज मोहे दर्शन दियो जी कबीर।। टेक।।
सत्यलोक से चलकर आए, काटन जम की जंजीर।।१।।
थारे दर्शन से म्हारे पाप कटत हैं, निर्मल होवै जी शरीर।।२।।
अमृत भोजन म्हारे सतगुरू जीमैं, शब्द दूध की खीर।।३।।
हिन्दू के तुम देव कहाये, मुस्लमान के पीर।।४।।
दोनों दीन का झगडा छिड् गया, टोहे ना पाए शरीर।।५।।
धर्मदास की अर्ज गोसांई, बेडा लंघाईयो परले तीर।।६।।

## (ख) आदरणीय दादू साहेब जी (अमृतवाणीमा प्रमाण) कबीर परमेश्वरका साक्षी

**जिन्दा महात्माका रूपमा पूर्ण परमात्माले आदरणीय दादू साहेब जीलाई सात वर्षको उमेरमा भेटी सत्यलोक लानु भयो। तीन दिनसम्म दादू जी बेहोस अवस्थामा थिए। होसमा आएपछि परमेश्वरको महिमाको बारेमा आँखाले देखेका थुप्रै अमृतवाणीहरू उच्चारण गरे :**

जिन मोकु निज नाम दिया, सोइ सतगुरू हमार। दादू दूसरा कोई नहीं, कबीर सृजन हार।।
दादू नाम कबीर की, जै कोई लेवे ओट। उनको कबहू लागे नहीं, काल बज्र की चोट।।
दादू नाम कबीर का, सुनकर कांपे काल। नाम भरोसे जो नर चले, होवे न बंका बाल।।
जो जो शरण कबीर के, तरगए अनन्त अपार। दादू गुण कीता कहे, कहत न आवै पार।।
कबीर कर्ता आप है, दूजा नाहिं कोय। दादू पूरन जगत् को, भक्ति दृढावत सोय।।
ठेका पूरन होय जब, सब कोई तजै शरीर। दादू काल गँजे नहीं, जपै जो नाम कबीर।।
आदमी की आयु घटै, तब यम घेरे आय। सुमिरन किया कबीर का, दादू लिया बचाय।।
मेटि दिया अपराध सब, आय मिले छनमाँह। दादू संग ले चले, कबीर चरण की छांह।।
सेवक देव निज चरण का, दादू अपना जान। भृंगी सत्य कबीर ने, कीन्हा आप समान।।
दादू अन्तरगत सदा, छिन-छिन सुमिरन ध्यान। वारू नाम कबीर पर, पल-पल मेरा प्रान।।
सुन-२ साखी कबीर की, काल नवावै माथ। धन्य-धन्य हो तीन लोक में, दादू जोडे हाथ।।
केहरि नाम कबीर का, विषमकाल गज राज। दादू भजन प्रतापते, भागे सुनत आवाज।।
पल एक नाम कबीर का, दादू मनचित लाय। हस्ती के अश्वार को, श्वान काल नहीं खाय।।
सुमरत नाम कबीर का, कटे काल की पीर। दादू दिन दिन ऊँचे, परमानन्द सुख सीर।।
दादू नाम कबीर की, जो कोई लेवे ओट। तिनको कबहुं ना लगई, काल बज्र की चोट।।
और संत सब कूप हैं, केते झरिता नीर।दादू अगम अपार है, दरिया सत्य कबीर।।
अबही तेरी सब मिटै, जन्म मरन की पीर। स्वांस उस्वांस सुमिरले, दादू नाम कबीर।।

कोई सर्गुन में रीझ रहा, कोई निर्गुण ठहराय। दादू गति कबीर की, मोते कही न जाय।।
जिन मोकूं निज नाम दिया, सोई सदगुरू हमार। दादू दूसरा कोई नहीं, कबीर सिरजन हार।।

## (ग) आदरणीय मलूक दास साहेब जी कविर्देवका साक्षी

श्री मलूक दास साहेब जीले ४२ वर्षको उमेरमा पूर्ण परमात्मालाई भेटे। श्री मलूक दास जी दुई दिनसम्म अचेत भए र होस फर्किएपछि निम्न वाणी उच्चारण गरे :

जपो रे मन सतगुरू नाम कबीर।।टेक।।
जपो रे मन परमेश्वर नाम कबीर।
एक समय गुरू बंसी बजाई कालंद्री के तीर।
सुर-नर मुनि थक गए, रूक गया दरिया नीर।।
काँशी तज गुरू मगहर आये, दोनों दीन के पीर।
कोई गाढे कोई अग्नि जरावै, ढूंडा न पाया शरीर।।
चार दाग से सतगुरू न्यारा, अजरो अमर शरीर।
दास मलूक सलूक कहत हैं, खोजो खसम कबीर।।

## (घ) छुडानी, झज्जर जिल्ला, हरियाणाका आदरणीय गरीबदास साहेब जी कबीर परमेश्वरका साक्षी

आदरणीय गरीबदास जीको आविर्भाव (जन्म) सन् १७१७ मा र दस वर्षको हुँदा सन् १७२७ मा नला नामक खेतमा साहेब कबीर जीको दर्शन तथा १७७८ मा सत्यलोक-वास भयो। कबलाना गाउँको सिमानासँग जोडिएको आफ्नो नला नामक खेतमा अन्य गोठाला साथीहरूसँग गाईवस्तु चराइ रहनु भएको बेलामा परमात्मा कबीर साहेबले आदरणीय गरीबदास साहेब जीलाई पनि सशरीर जिन्दा महात्माका रूपमा भेट्नु भएको थियो। गोठालाहरूले खाना खाने अनुरोध गर्दा परमात्माले सत्यलोक गाउँबाट नै खाना खाएर आएको हुँ भन्नु भएको थियो। जिन्दा महात्माका रूपमा प्रकट हुनु भएका कबीर परमेश्वरलाई खाना खानु हुन्न भने दूध ग्रहण गर्नु होस् भनेर उनीहरूले आग्रह गरे। अनि परमेश्वर कबीर जीले म कोरली बाछीको दूध पिउँछु भन्नु भयो। बालक गरीबदास जीले परमेश्वर कबीर जीका सामु एउटा कोरली बाछी ल्याएर बाबा जी यो नब्याएको (कोरली) बाछीले कसरी दूध दिन सक्छ भने। कविदेव (कबीर परमेश्वर) ले कोरली बाछीको ढाडमा हात राख्नु भयो अनि त्यो कोरली बाछी (अध्नया धेनु) को थुनबाट दूध आफैं झर्न थाल्यो र भाँडो भरिएपछि रोक्कियो। त्यो दूध परमेश्वर कबीर जीले पिउनु भयो तथा प्रसादका रूपमा आफ्नो बच्चा गरीबदास जीलाई पिउन दिनु भयो र सत्यलोकको दर्शन गराउनु भयो। सत्यलोकमा आफ्नो दुईवटा रूप देखाएर जिन्दा महात्मा स्वरूप कुल मालिकका रूपमा सिंहासनमा विराजमान हुनु भयो र भन्नु भयो,– म नै १२० वर्षसम्म धाणक (कपडा बुन्ने जुलाहा) का रूपमा काशीमा बसेर आएको हुँ। मलाई नै हजरत मुहम्मद जीले भेटेका थिए। पवित्र कुरान शरीफमा भएका कबीरा, कबीरन्, खबीरा, खबीरन्,

**अल्लाहु अक्बर आदि शब्दले मलाई नै बोध गराउँछ तथा मैले नै श्री नानक जीलाई बेई नदीमा जिन्दा महात्माका रूपमा भेटेको थिएँ। {मुसलमानहरूमा घुँडाभन्दा तलसम्म कालो चोडा वा डांग्री (ओभर कोट जस्तो) र शिरमा चुच्चो भएको कालो टोप लगाउने जिन्दा महात्मा हुन्छन्।)} मैले नै बलख सहरका राजा श्री अब्राहीम सुल्तान अधम जी र श्री दादू जीलाई पनि भेटेको थिएँ। चारै पवित्र वेदहरूमा भएका कविर अग्नि, कविर्देव (कविरंघारिः) आदि नामले मलाई नै बोध गराउँछ।**

"कबीर, बेद हमारा भेद है, मै मिलुं बेदों से नांही।
जौन बेद से मैं मिलूं, वो वेद जानते नांही।।"

**म नै वेदभन्दा पहिले पनि सत्यलोकमा विराजमान थिएँ।**

**(हरियाणाको झज्जर जिल्ला, छुडानी गाउँमा आज पनि पूर्ण परमात्माले मानव शरीरमा सन्त गरीबदास जीलाई साक्षात्कार गर्नु भएको जङ्गलमा एउटा चिनो अझै विद्यमान छ।) आदरणीय गरीबदास जीको आत्मा आफ्ना परमात्मा कबीर बन्दी छोडका साथ गएपछि उनलाई मरेको ठानी चितामा राखेर जलाउने तयारी गर्न लाग्दा उनको आत्मा पूर्ण परमेश्वरले शरीरमा प्रवेश गराइ दिनु भयो। दस बर्षीय बालक गरीबदास जी जिवित भए। त्यसपछि पूर्ण परमात्माको बारेमा आफूले आँखाले देखेको विवरण राखेर आफ्नो अमृतवाणीमा "सद्ग्रन्थ" नामक ग्रन्थको रचना गरे। त्यही अमृतवाणीमा प्रमाण :**

अजब नगर में ले गया, हमकूं सतगुरू आन। झिलके बिम्ब अगाध गति, सूते चादर तान।।
अनन्त कोटि ब्रह्मण्ड का एक रति नहिं भार। सतगुरू पुरूष कबीर हैं कुल के सृजन हार।।
गैबी ख्याल विशाल सतगुरू, अचल दिगम्बर थीर है। भक्ति हेत काया धर आये अविगत सत् कबीर है।।
हरदम खोज हनोज हाजर, त्रिवैणी के तीर हैं। दास गरीब तबीब सतगुरू, बन्दी छोड कबीर हैं।।
हम सुल्तानी नानक तारे दादू कूं उपदेश दिया। जात जुलाहा भेद नही पाया, काशी माहे कबीर हुआ।।
सब पदवी के मूल हैं, सकल सिद्धि हैं तीर। दास गरीब सतपुरूष भजो, अविगत कला कबीर।।
जिंदा जोगी जगत् गुरू, मालिक मुरशद पीर। दहूँ दीन झगडा मंड्या, पाया नहीं शरीर।।
गरीब जिस कूं कहते कबीर जुलाहा। सब गति पूर्ण अगम अगाहा।।

**उपरोक्त वाणीमा आदरणीय गरीबदास साहेब जी महाराजले के स्पष्ट पारेका छन् भने काशीका धाणक (कपडा बुन्ने जुलाहा) ले मलाई पनि नाम दान दिएर मुक्त गराउनु भयो र काशीका धाणक नै (सत्यपुरूष) पूर्ण ब्रह्म हुनु हुन्छ। परमेश्वर कबीर नै सत्यलोकबाट जिन्दा महात्माका रूपमा आएर उनलाई अजब (अद्भूत) नगर अर्थात् सत्यलोकमा लानु भयो। त्यहाँ आनन्द नै आनन्द छ, कुनै चिन्ता छैन, जन्म-मृत्यु, अन्य प्राणीहरूको शरीरमा दुःख-कष्ट आदिको कुनै शोक छैन।**

**काशीमा धाणकका रूपमा आउनु भएको सत्यपुरूषले भिन्न भिन्न समयमा प्रकट भएर आदरणीय श्री अब्राहीम सुल्तान अधम साहेब जी, आदरणीय दादू साहेब जी र आदरणीय नानक साहेब जीलाई पनि सत्यनाम दिएर मुक्त पार्नु भयो। एक रोम कुपमा करोडौं सूर्यहरूको जस्तो प्रकाश भएको र मानव सदृश देखिनु हुने**

**कविर्देवले अति तेजोमय आफ्नो वास्तविक शरीरमा मधुरो तेजपुञ्जको चोला (भद्रावस्त्रा अर्थात् तेजपुञ्जको शरीर) हालेर मृत्युलोक (मनुष्यलोक) मा हामीलाई भेट्नु हुन्छ किनकि परमेश्वरको वास्तविक स्वरूपको प्रकाश हाम्रो चर्म चक्षुले सहन सक्दैन।**

**आदरणीय गरीबदास साहेब जीले आफ्नो अमृतवाणीमा "**सर्व कला सतगुरू साहेब की, हरि आए हरियाणे नुँ" **भन्नु भएको छ अर्थात् पूर्ण परमात्मा कविर हरि (कविर्देव) आउनु भएको क्षेत्रको नाम हरयाणा वा परमात्मा आउनु हुने पवित्र स्थल रह्यो, यसैले गर्दा यस वरपरको क्षेत्रलाई हरिआना (हरयाणा) भन्न थालियो। सन् १९६६ मा पञ्जाब प्रान्तको विभाजन भएपछि यस क्षेत्रको नाम हरिआणा (हरयाणा) रह्यो। समय आएपछि यो क्षेत्र हरयाणा प्रान्त नामबाट विख्यात हुने छ भन्ने लगभग २३६ वर्ष पूर्व भनिएको वाणी सन् १९६६ मा सिद्ध भयो। प्रत्यक्ष प्रमाण स्वरूप यो आज विद्यमान छ।**

## (ङ) आदरणीय नानक जी द्वारा गुरू ग्रन्थ साहेबमा कबीर परमेश्वर को प्रमाण

**गुरू ग्रन्थ साहेबको पृष्ठ ७२१ मा अमृतवाणी महला १ मा श्री नानक जीले भनेका छन्:**

हक्का कबीर करीम तु बेएब परवरदीगार।
नानक बुगोयद जनु तुरा, तेरे चाकरां पाखाक।।

**यसकै प्रमाण गुरू ग्रन्थ साहिबको राग 'सिरी' महला १ पृष्ठ २४ शब्द २९ मा छ :**

शब्द : एक सुआन दुई सुआनी नाल, भलके भौंकही सदा बिआल
कुड छुरा मुठा मुरदार, धाणक रूप रहा करतार।।१।।
मैं पति की पंदि न करनी की कार। उह बिगडै रूप रहा बिकराल।
तेरा एक नाम तारे संसार, मै ऐहो आस एहो आधार।
मुख निंदा आखा दिन रात, पर घर जोही नीच मनाति।।
काम क्रोध तन वसह चंडाल, धाणक रूप रहा करतार।।२।।
फाही सुरत मलूकी वेस, उह ठगवाडा ठगी देस।।
खरा सिआणां बहुता भार, धाणक रूप रहा करतार।।३।।
मैं कीता न जाता हरामखोर, उह किआ मुह देसा दुष्ट चोर।
नानक नीच कह बिचार, धाणक रूप रहा करतार।।४।।

**गुरू ग्रन्थ साहेब, राग आसावरी, महला १ का केही अंश :**

साहिब मेरा एको है। एको है भाई एको है।
आपे रूप करे बहु भांती नानक बपुडा एव कह।। (पृष्ठ ३५०)
जो तिन कीआ सो सचु थीआ, अमृत नाम सतगुरू दीआ।। (पृष्ठ ३५२)
गुरू पुरे ते गति मति पाई। (पृष्ठ ३५३)
बूडत जगु देखिआ तउ डरि भागे।
सतिगुरू राखे से बड भागे, नानक गुरू की चरणों लागे।। (पृष्ठ ४१४)
मैं गुरू पूछिआ अपणा साचा बिचारी राम। (पृष्ठ ४३९)

उपरोक्त अमृतवाणीमा श्री नानक साहेब जी साहिब (प्रभु) एक छन् तथा उनी (श्री नानक जी) को मनुष्य रूपका तत्कालीन गुरू पनि हुनु हुन्थ्यो भन्ने स्वयं स्वीकार्दछन्। त्यस विषयमा उनले पूर्ण गुरूबाट तत्त्वज्ञान प्राप्त गरे र गुरू जीले उनलाई (अमृत ज्ञान) अमर मन्त्र अर्थात् पूर्ण मोक्ष गराउने उपदेश नाम मन्त्र दिनु भयो भन्ने बताए। उनका गुरू जी विविध रूप धारण गर्नु हुने सत्यपुरूष जिन्दा रूप पनि बनाउनु हुन्छ। वहाँ धाणक रूपमा पनि काशी नगरमा विराजमान भएर सर्वसाधारण व्यक्ति वा भक्तको भूमिका निर्वाह गर्नु हुन्छ। शास्त्र विरूद्ध पूजा गरेर सम्पूर्ण जगत जन्म-मृत्यु र कर्म फलको आगोमा पिल्सिँदै गरेको देखी जीवन व्यर्थ हुने डरले दौडदै आएर मैल गुरू जीको चरणमा शरण लिएँ।

बलिहारी गुरू आपणे दिउहाडी सदवार।
जिन माणस ते देवते कीए करत न लागी वार।
आपीनै आप साजिओ आपीनै रचिओ नाउ।
दुयी कुदरति साजीऐ करि आसणु डिठो चाउ।
दाता करता आपि तूं तुसि देवहि करहि पसाउ।
तूं जाणोइ सभसै दे लैसहि जिंद कवाउ करि आसणु डिठो चाउ। (पृष्ठ ४६३)

भावार्थः- पूर्ण परमात्मा जिन्दा रूप बनाएर बेई नदीमा आउनु भयो। वहाँले नै माथि (सत्यलोक आदि) तथा तल (ब्रह्म र परब्रह्मको लोक) दुई दुनिया रचेर माथि सत्यलोकमा आकारमा आसनमा बसी शौखपूर्वक आफैंले रचेको संसारलाई हेरि रहनु भएको छ। वहाँ स्वयम्भू हुनु हुन्छ वा आमाको गर्भबाट जन्म नलिई स्वयं प्रकट हुनु हुन्छ। पवित्र यजुर्वेद अध्याय ४० मं. ८ मा यसको प्रमाण के छ भने 'कविर् मनीषि स्वयम्भूः परिभू व्यवधाता' वा कबीर परमात्मा सर्वज्ञ हुनु हुन्छ (मनीषि भनेको सर्वज्ञ हो) तथा आफैं प्रकट हुनु हुन्छ। वहाँ (परिभू) सनातन अर्थात् सबैभन्दा पहिलो प्रभु हुनु हुन्छ। वहाँ सम्पूर्ण ब्रह्माण्डहरूका (व्यवधाता) फरक फरक वा सबै लोकहरूको सृष्टिकर्ता हुनु हुन्छ।

एहू जीउ बहुते जनम भरमिआ, ता सतिगुरू शबद सुणाइया।। (पृष्ठ ४६५)

भावार्थ :- श्री नानक साहेब जी भन्नु हुन्छ,–मेरो यो जीव लामो समयदेखि जन्म र मृत्युको चक्रमा घुमिरह्यो, बल्ल अहिले पूर्ण सतगुरूले वास्तविक नाम प्रदान गर्नु भयो। श्री नानक जीको पूर्व जन्म सत्ययुगमा राजा अम्ब्रीष, त्रेयायुगमा राजा जनक र फेरि नानक जी हुनु भयो तथा अन्य योनीहरूको जन्मको त लेखाजोखा नै छैन।

## प्रभु कबीर जीले स्वामी रामानन्द जीलाई तत्त्वज्ञान सम्झाउनु भयो

पण्डित स्वामी रामानन्द जी एक विद्वान पुरूष थिए। उनी वेदहरु तथा गीता जीको मर्मज्ञ ज्ञाता पनि मानिन्थे।

## पाँच वर्षको उमेरमा रामानन्द जीलाई गुरू धारण गर्नु

कबीर परमेश्वर (कविर्देव) आफ्नो लीलामय शरीरमा पाँच वर्षको हुनु भएपछि गुरू मर्यादा कायम राख्न लीला गर्नु भयो। अढाई वर्षको बालकको रूप धारण गरेर बिहान अँध्यारोमा पञ्चगंगा घाटको खुड्किलामा गएर वहाँ सुत्नु भयो। स्वामी रामानन्द जी सँधै त्यहाँ नुहाउन जान्थे। श्री रामानन्द जीलाई चारै वेदका ज्ञाता र पवित्र गीता जीको विद्वान मानिन्थ्यो। वहाँको उमेर १०४ वर्षको भएको थियो। काशीमा अरू पण्डितहरूले चलाइ रहेका पाखण्ड पूजालाई वहाँले बन्द गराएका थिए। वहाँले शास्त्रानुकुल साधना बताउँथे र पूरै काशीमा आफ्नो ५२ दरबार (सत्सङ्ग) चलाउँथे। उनले पवित्र गीता र पवित्र वेदहरूका आधारमा विधिवत साधना सिकाउँथे तथा ओ३म् नामको जप गर्ने उपदेश दिन्थे।

त्यो दिन पनि नुहाउनका लागि उनी पञ्चगंगा घाट गए र त्यहाँ कबीर साहेब सुति रहनु भएको थियो। बिहान ब्रह्ममूहुर्तको अँध्यारोमा स्वामी रामानन्द जीले कबीर साहेबलाई देखेनन् र वहाँको गोडाको खराउ कबीर साहेबको टाउकोमा ठोक्कियो। कविर्देव सानो बालक रोए झैं आवाज निकालेर रूनु भयो। रामानन्द जीले बालकलाई चोट लाग्यो भन्ठानी तत्कालै निहुरेर हेरी प्रेमपूर्वक उठाउनु भयो। त्यही बेला रामानन्द जीको घाँटीको कण्ठी (माला) निस्केर कविर्देवको घाँटीमा पऱ्यो। रामानन्द जीले पुत्र, राम-राम भन, रामको नामले दुःख निवारण हुन्छ, पुत्र राम-राम भन भन्दै कबीर साहेबको शिरमा हात राखे। शिशु रूपमा रहेका कबीर साहेब चुप लाग्नु भयो। त्यसपछि रामानन्द जी नुहाउन थाले र त्यस बालकलाई आश्रममा लगेर जसको हो उसकहाँ पठाइ दिनु पर्ला भन्ने सोचे। रामानन्द जीले नुहाइ सकेपछि हेर्दा बालक त्यहाँ थिएन। कबीर साहेब अन्तर्ध्यान भएर आफ्नो झुपडीमा आउनु भएको थियो। बालक कतै गयो होला र अब उसलाई कहाँ खोज्ने भन्ने रामानन्द जीले विचार गर्नु भयो।

## कबीर प्रभुले स्वामी रामानन्द जीको आश्रममा दुई रूप धारण गर्नु

एकदिन सवमी रामानन्द जीका कुनै शिष्य कहीँ सत्सङ्ग गरि हेका थिए। कबीर साहेब त्यहाँ जानु भयो। ती ऋषि जीले श्री विष्णु पुराणको कथा भनि रहेका थिए। उनले भगवान विष्णु सारा सृष्टिको सृष्टिकर्ता र पालनकर्ता हुन्, यिनै राम र कृष्ण रूपमा अवतार लिने परमशक्ति हुन्, अजन्मा हुन्, श्री विष्णु जीका आमाबुबा नै छैनन् भन्दै सुनाइ रहेका थिए। कविरीश्वरले यी सबै चर्चा सुन्नु भयो। सत्सङ्ग सकिएपछि कबीर परमेश्वरले ऋषि ज्यू के म एउटा प्रश्न सोध्न सक्छु ? भन्नु भयो। ऋषि जीले हुन्छ बाबु सोध भने। त्यहाँ सयौंको सङ्ख्यामा भक्तहरु उपस्थित थिए। कविर्देवले भन्नु भयो,–तपाईंले विष्णु पुराणको सत्सङ्ग गर्दा श्री विष्णु परमशक्ति हुन्, यिनैबाट ब्रह्मा र शिवको उत्पत्ति भएका हुन् भन्नु भयो। ऋषि जीले मैले सुनाएका सबै कुरा विष्णु पुराणमा नै लेखिएका छन् भने। कबीर साहेबले ऋषिलाई आग्रह गर्दै मैले त आफ्नो संशय निवारणका लागि प्रार्थना गरको हुँ, तपाईं नरिसाउनु होला भन्नु भयो। एक दिन मैले शिवपुराण सुनेको थिएँ। त्यसमा ती

महापुरूषले भगवान शिवबाट ब्रह्मा र विष्णुको उत्पत्ति भयो भनेर सुनाइ रहेका थिए। (यसको प्रमाण गीता प्रेस गोरखपुरबाट प्रकाशित पवित्र शिवपुराण, रूद्र संहिता, अध्याय ६ र ७ मा छ।) तर देवी भागवतको तेस्रो स्कन्धमा देवी नै यी तीनजना (ब्रह्मा, विष्णु र शिव) की आमा हुन् तथा यी तीनैजना नाशवान् छन्, अविनाशी होइनन् भनिएको छ। ऋषि जी निरूत्तर भए र रिसाएर तिमी को हौ ? कसका छोरा हौ ? भनेर सोधे। कबीर साहेबभन्दा पहिले नै अर्को भक्तले नीरू जुलाहाको छोरो हो भनेर बताए। स्वामी रामानन्द जीका शिष्यले तिमीले किन घाँटीमा कण्ठी लगाएका छौ ? (विष्णु परम्पराबाट उपदेश लिएको प्रमाणित गर्न वैष्णव साधुले तुलसीको एउटा मणियको माला गलामा लगाउँछन्।) तिम्रा गुरूदेव को हुन् ? भनेर सोधे। कबीर साहेबले तपाईंका गुरूदेव नै मेरा गुरूदेव हुनु हुन्छ भनेर जवाफ दिनु भयो। ऋषि धेरै क्रोधित भए र हे नादान! तँ अछुत जुलाहाको बच्चा भएर मेरा गुरूदेवलाई आफ्नो गुरू देव भन्छस्। तँलाई मेरा गुरू को हुन् थाहा छ? श्री श्री १००८ पण्डित रामानन्द जी आचार्य हुन्। तँ जुलहाको सन्तान, उहाँ त तँ जस्तो अछुतको दर्शन पनि गर्नु हुन्न तर तँ मैले उहाँबाट नाम लिएको हूँ भनि रहेछस्। हेर भक्तजनहरू! यो झूठा र कपटी हो। अहिले गुरूदेव कहाँ जान्छु र उहाँलाई तेरो सम्पूर्ण कहानी सुनाउँछु। तँ सानो जातको सन्तान भएर हाम्रा गुरूदेवको बेइज्जत गर्छस् भन्न थाले। ठीक छ गुरूदेवलाई बताऊ कबीर साहेबले भन्नु भयो। ती ऋषिले गएर श्री रामानन्द जीलाई गुरूदेव जुलहा जातिको केटाले हाम्रो नाक काटि दियो भनेर सुनायो। ऊ स्वामी रामानन्द जी मेरा गुरूदेव हुन् भन्छ। हे भगवान्! अब त हामीलाई बाहिर निस्कन पनि गाऱ्हो भयो। स्वामी रामानन्द जीले भोलि बिहान उसलाई बोलाएर ल्याउनु, भोलि हेर्नु तिम्रा सामु म त्यसलाई कति सजाय दिन्छु भनेर आफ्नो शिष्यलाई बताए।

## स्वामी रामानन्द जीको मनको कुरा बताउनु

अर्को दिन बिहान कबीर साहेबलाई दसजना अबोध मानिसहरूले समातेर श्री रामानन्द जीका सामु उपस्थित गराए। आफूले तल्ला जातका मानिसलाई कहिल्यै हेर्दा पनि नहेर्ने गरेको र कबीर साहेबले आफूबाट दीक्षा लिएको कुरा झुटो हो भनेर देखाउन रामानन्द जीले कबीर साहेब र आफू बीच पर्दा हाल्न लगाए। रामानन्द जीले पर्दाको पछाडिबाट नै सोध्नु भयो,–तिमी को हौ र तिम्रो जात के हो ? तिम्रो पन्थ कुन हो ? अर्थात् कुन परमात्माको पूजा गर्छौ ?

रामानंद अधिकार सुनि, जुलहा अक जगदीश। दास गरीब बिलंब ना, ताहि नवावत शीश।।४०७।।
रामानंद कूं गुरू कहै, तनसैं नही मिलात। दास गरीब दर्शन भये, पैडे लगी जुं लात।।४०८।।
पंथ चलत ठोकर लगी, रामनाम कहि दीन। दास गरीब कसर नहीं, सीख लई प्रबीन।।४०९।।
आडा पडदा लाय करि, रामानंद बूझंत। दास गरीब कुलंग छबि, अधर डाक कूदंत।।४१०।।
कौन जाति कुल पंथ है, कौन तुम्हारा नाम। दास गरीब अधीन गति, बोलत है बलि जांव।।४११।।

**कबीर साहेब जीको उत्तर :-**

जाति हमारी जगत्गुरू, परमेश्वर पद पंथ। दास गरीब लिखति परै, नाम निरंजन कंत।।४१२।।

**रामानन्द जीले भने :-**

रे बालक सुन दुर्बुद्धि, घट मठ तन आकार। दास गरीब दरद लग्या, हो बोले सिरजनहार।।४१३।।
तुम मोमन के पालवा, जुलहै के घर बास। दास गरीब अज्ञान गति, एता दृढ विश्वास।।४१४।।
मान बडाई छांडि करि, बोलौ बालक बैंन। दास गरीब अधम मुखी, एता तुम घट फैंन।।४१५।।
तर्क तलूसैं बोलतै, रामानंद सुर ज्ञान। दास गरीब कुजाति है, आखर नीच निदान।।४२३।।

## परमेश्वर कबीर जी (कविर्देव) ले प्रेमपूर्वक उत्तर दिनु भयो

महके बदन खुलास कर, सुनि स्वामी प्रबीन। दास गरीब मनी मरै, मै आजिज आधीन ।।४२८।।
मैं अविगत गति सैं परै, च्यारि बेद सैं दूर। दास गरीब दशौं दिशा, सकल सिंध भरपूर।।४२९।।
सकल सिंध भरपुर हूँ, खालिक हमरा नाम। दास गरीब अजाति हूँ, तैं जूं कह्या बलि जांव।।४३०।।
जाति पाति मेरे नहीं, नहीं बस्ती नहीं गाम। दास गरीब अनिन गति, नहीं हमारे नाम।।४३१।।
नाद बिंद मेरे नहीं, नहीं गुदा नहीं गात। दास गरीब शब्द सजा, नहीं किसी का साथ।।४३२।।
सब संगी बिछरू नहीं, आदि अंत बहु जांहि। दास गरीब सकल वंसु, बाहर भीतर माँहि।।४३३।।
ए स्वामी सृष्टा मै, सृष्टि हमारै तीर। दास गरीब अधर बसूं, अविगत सत्य कबीर।।४३४।।
पौहमी धरणि आकाश मैं, मैं व्यापक सब ठौर। दास गरीब न दुसरा, हम समतुल नही और।।४३६।।
हम दासन के दास हैं, करता पुरूष करीम। दास गरीब अवधूत हम, हम ब्रह्मचारी सीम।।४३९।।
सुनि रामानंद राम हम, मैं बावन नरसिंह। दास गरीब कली कली, हमहीं से कृष्ण अभंग।।४४०।।
हमहीं से इन्द्र कुबेर हैं, ब्रम्हा विष्णु महेश। दास गरीब धरम ध्वजा, धरणि रसातल शेष।।४४७।।
सुनि स्वामी सति भाखहूँ, झुठ न हमरै रिंच। दास गरीब हम रूप बिन, और सकल प्रपंच।।४५३।।
गोता लाऊं स्वर्ग सैं, फिरि पैठूं पाताल। गरीब दास दूंढत फिरुं, हीरे माणिक लाल।।४७६।।
इस दरिया कंकर बहुत, लाल कहीं कहीं ठाव। गरीब दास माणिक चुगैं, हम मुरजीवा नांव।।४७७।।
मुरजीवा माणिक चुगैं, कंकर पत्थर डारि। दास गरीब डोरी अगम, उतरो शब्द अधार।।४७८।।

**मेरो जात सोध्नु भएको हो भने म जगतगुरू हुँ। (वेदमा सम्पूर्ण सृष्टिलाई ज्ञान प्रदान गर्ने कबीर प्रभुलाई जगतगुरू भनिएको छ।) मेरो पन्थ के हो ? (म कुन परमेश्वरको मार्ग-दर्शन गर्छु ?) भन्ने प्रश्नको उत्तरमा कबीर जीले मेरो परमेश्वर पंथ हो भन्नु भयो। ईश, ईश्वर, परमेश्वर (ब्रह्म, परब्रह्म, पूर्णब्रह्म तथा क्षर पुरूष, अक्षर पुरूष, परम अक्षर पुरूष) म सर्वोच्च शक्ति परमेश्वरको मार्ग-दर्शन गर्न आएको हुँ, जो अनन्त कोटि ब्रह्माण्डका रचयिता र धारण-पोषणकर्ता हुनु हुन्छ र जसलाई वेदहरूमा कविर्देव, कविरग्नि आदि नामबाट सम्बोधित गरिएको छ।**

**ईश र क्षर पुरूष ब्रह्मलाई भनिन्छ, उनी एक्काइस ब्रह्माण्डका मात्र स्वामी हुन्। परब्रह्म र अक्षर पुरूषलाई ईश्वर भनिन्छ, उनी सात शंख ब्रह्माण्डहरूका स्वामी हुन्। परम अक्षर पुरूषलाई पूर्ण ब्रह्म वा परमेश्वर भनिन्छ, वहाँ नै असङ्ख्य ब्रह्माण्डहरूका स्वामी हुनु हुन्छ अर्थात् कुलका मालिक हुनु हुन्छ। यसैले स्वामी रामानन्द जीलाई कबीर जीले मेरो पंथ परेमश्वरलाई प्राप्त गर्ने वाला हो भनेर सुनाउनु भयो।**

वास्तवमा अविनाशी परमेश्वर त कोही अरू नै हुनु हुन्छ र वहाँ तीनवटै लोकमा प्रवेश गरेर सबैको भरणपोषण गर्नु हुन्छ तथा वहाँलाई नै अविनाशी परमात्मा परमेश्वर नामले चिनिन्छ (प्रमाण गीता अध्याय १५ श्लोक नं १७ मा छ)। ती परमेश्वर म नै हुँ। यो सुनेर साह्रै क्षुब्ध भई नराम्रा गाली गर्दै स्वामी रामानन्दले भन्नु भयो,– ए गफाडी ! तँ सानो जातको, सानो मुख ठूलो कुरा गर्छस्। तँ आफूले आफैंलाई भगवान ठान्छस् ? कबीर साहेब भन्नु भयो,– गुरूदेव ! हजुर मेरा गुरू जी हुनु हुन्छ। हजुर गाली गरि रहनु भएको छ तर मलाई आनन्द आइ रहेछ। तर म हजुरलाई जे भनि रहेको छु त्यसमा कुनै सन्देह छैन, म नै पूर्ण ब्रह्म हुँ। यो कुरा सुनेर रामानन्द जीले भने,– पख्, तेरो लामो कथा बन्ने छ, तँ यसरी मान्दैनस्। म पहिले आफ्नो पूजा त गरि हालुँ। यसलाई बसाऊ, पहिले म आफ्ना केही क्रियाहरू पूरा गरि हाल्छु अनि यसलाई ठीक पार्छु। स्वामी रामानन्द जी के क्रियाहरू गर्थे भने भगवान विष्णु जीको एउटा काल्पनिक मूर्ति बनाउथे र सामुन्ने मूर्ति देखिन लाग्थ्यो। (कर्मकाण्डमा भगवानको मूर्तिको पहिलेका सबै लुगा खोली, भगवान ठाकुरलाई पानीले नुहाइ दिएर स्वच्छ लुगा, गलामा माला र तिलक तथा शीरमा मुकुट लगाइ दिन्छन्।) रामानन्द जी कल्पना गरि रहेका थिए। कल्पना गरेर भगवानको काल्पनिक मूर्ति बनाए। श्रद्धापूर्वक खालीखुट्टा आफैं गएर गंगाजल ल्याएको जस्तो भाव बनाएर ठाकुर जीको मूर्तिबाट लुगा खोलेर नुहाइ दिई नयाँ लुगा लगाइ दिए। अनि तिलक लगाइ दिएर मुकुट लगाइ दिए तर गलामा माला (कण्ठी) लगाइ दिन बिर्सिए। कण्ठी नलगाउँदा पूजा अपूरो हुन्छ र मुकुट लगाइ सकेपछि फेरि निकाल्न पनि नमिल्ने हुन्छ। फेरि त्यही दिन मुकुट निकाल्दा पूजा खण्डित भएको मानिन्छ। स्वामी रामानन्द जीले आफूले आफैंलाई धिकार्न थाले,– यत्रो जीवन भयो तर कहिल्यै यस्तो गल्ती भएको थिएन। प्रभु आज म पापीबाट के गल्ती भयो ? यदि मुकुट निकालुँ भने पूजा खण्डित हुन्छ। त्यसैले उनले मुकुट माथिबाट नै माला (कण्ठी) लगाइ दिएर हेर्छु भनी विचार गरे। (कल्पनाले गरि रहका थिए, त्यहाँ कुनै मूर्ति थिएन। पर्दा लागेको थियो र कबीर साहेब पर्दा पछाडि हुनु हुन्थ्यो।) मुकुटमा माला फसेर माला लगाउन मिलि रहेको थिएन। अनि रामानन्द जीले अब के गर्ने ? हे भगवान ! आज मेरो पूरा दिन व्यर्थ भयो। आजको मेरो भक्तिको कमाइ व्यर्थ गयो भन्ने विचार गर्न थाले (किनकि परमात्माको कसक वा तीब्र चाहना हुनेलाई एउटा मात्र नित्य नियम पनि बाँकी रह्यो भने असाध्य पीडा हुन्छ। कसैको पाकेट मारिएमा उसले साह्रै पछुतो माने झैं प्रभुको साँचो भक्तको भक्तिमा त्यस्तै लगन वा भाव हुन्छ।) यत्तिकैमा कबीर साहेबले स्वामी जी मालाको गाँठो खोल्नु होस् र माला गलामा लगाइ दिएर गाँठो बाँधि दिनु होस्, मुकुट निकाल्नु पर्दैन भन्नु भयो। अनि त रामानन्द जीले किन मुकुट झिक्नु र किन गाँठो खोल्नु ? कुटी अगाडि लगाएको पर्दा पनि स्वामी जीले आफ्नै हातले निकालेर फ्याँकि दिनु भयो र सम्पूर्ण ब्राह्मण समाजको अगाडि कबीर परमेश्वरलाई अंगालो

हाल्नु भयो। रामानन्द जीले हे भगवन ! हजुरको शरीर त कपास जस्तै कोमल छ तर मेरो शरीर भने ढुङ्गा जस्तो कठोर छ भने। एकातर्फ प्रभु हुनु हुन्छ र अर्कोतर्फ जाति तथा धर्मको पर्खाल छ। प्रभुलाई चाहने पुण्यात्माहरु धर्मको बनावटी पर्खाललाई भत्काइ दिनु नै श्रेयकर ठान्छन्। रामानन्द जीले पनि ठीक त्यस्तै गर्नु भयो। सामुन्नेमा परमात्मालाई पाएर उनले न जाति न त धर्म र छुवाछुतलाई हेरे, आत्मकल्याणलाई मात्र हेरे। यसैलाई ब्राह्मण भनिन्छ।

बोलत रामानंदजी, हम घर बडा सुकाल। गरीब दास पूजा करैं, मुकुट फही जदि माल।।४७९।।
सेवा करौं संभाल करि, सुनि स्वामी सुर ज्ञान। गरीब दास शिर मुकुट धरि, माला अट्की जान।।४८०।।
स्वामी घुंडी खोलि करि, फिरि माला गल डार। गरीब दास इस भजन कूं, जानत है करतार।।४८१।।
ड्यौढी पडदा दूरि करि, लीया कंठ लगाय। गरीब दास गुजरी बौहत, बदनैं बदन मिलाय।।४८२।।

स्वामी रामानन्द जीले हे कबीर प्रभु ! हजुरले किन झुटो बोल्नु भयो ? भने। कबीर साहेबले कस्तो झुटो स्वामी जी भनेर सोध्नु भयो। स्वामी रामानन्द जीले भने,– हजुरलाई मैले नाम दिएको भनि रहनु भएको थियो। हजुरलाई मैले कहिले नाम उपदेश दिएँ र ?" कबीर साहेबले बताउनु भयो,– एक पटक हजुर स्नान गर्नका लागि पञ्चगंगा घाट जानु भएको थियो। म त्यहीं सुतेको थिएँ। हजुरको गोडाको खराउ मेरो टाउकोमा ठोक्किएको थियो। त्यस बेला हजुरले 'बाबु राम नाम भन' भन्नु भएको थियो। रामानन्द जीले स्वीकार्दै अँ, केही सम्झना आयो, तर त्यो त धेरै सानो बालक थियो भने। (किनकि त्यस समयमा पाँच वर्षको बालक निकै ठूलो हुने गर्दथ्यो। पाँच वर्षको बालकको शरीर र अढाई वर्षको बालकको शरीरभन्दा दुई गुणा ठूलो हुन्छ।) कबीर साहेबले स्वामी जी हेर्नु होस् त, म यस्तै थिएँ भनेर दुई रुप बनाउनु भयो। वहाँको एउटा रुप त स्वामी रामानन्द जीका सामुन्ने नै थियो र अर्को अढाई वर्षको बालकको रुप बनाएर त्यहाँ भएको कुनै सेवकको खटियामा विराजमान हुनु भयो। स्वामी रामानन्द जीले छ पटक यता र छ पटक उता हेरे। अनि कतै आँखाले धोका त दिएको होइन भनेर आँखा मिचे। हेर्दाहेर्दै कबीर साहेबको सानो रुप उठेर कबीर साहेबको पाँच वर्ष भएको स्वरुपमा बिलिन भयो। कबीर साहेब पाँच वर्षको स्वरुपमा मात्र रहनु भयो।

मनकी पूजा तुम लखी, मुकुट माल परबेश। गरीब दास गति को लखै, कौन वरण क्या भेष।।४८३।।
यह तौ तुम शिक्षा दई, मानि लई मनमोर। गरीब दास कोमल पुरुष, हमरा बदन कठोर।।४८४।।

अनि रामानन्द जीले भने,– मेरो संशय मेटियो। हे परमेश्वर ! हजुरलाई कसरी चिन्न सकिन्छ ? हजुर कुन जाति तथा भेषभुषामा आउनु हुन्छ ? हामी मूर्ख प्राणीहरु हजुरसँग वादविवाद गरेर दोषी बन्यौं। पूर्ण परमेश्वर कविर्देव क्षमा गर्नु होस्, म त हजुरको अबोध बालक हुँ।

## स्वामी रामानन्द जीलाई सत्यलोक दर्शन

सुनि बच्चा मैं स्वर्ग की कैसैं छांडौं रीति। गरीबदास गुदरी लगी, जनम जात है बीत।।४८६।।
च्यारि मुक्ति बैकुंठ मै, जिन की मोरै चाह। गरीबदास घर अगम की, कैसैं पाऊं थाह।।४८७।।

हेम रूप जहाँ धरणि है, रतन जडे बौह शोभ। गरीबदास बैकुंठ कू, तन मन हमरा लोभ॥४८८॥
शंख चक्र गदा पदम हैं, मोहन मदन मुरारि। गरीबदास मुरली बजै, सुरगलोक दरबारि॥४८९॥
दूधौं की नदियां बगैं, सेत वृक्ष सुभान। गरीबदास मंदल मुक्ति, सुरगापुर अस्थान॥४९०॥
रतन जडाऊ मनुष्य है, गण गंधर्व सब देव। गरीबदास उस धाम की कैसैं छाडूं सेव॥४९१॥
ऋग युज साम अथर्वणं, गावैं चारौं वेद। गरीबदास घर अगम की, कैसैं जानो भेद॥४९२॥
च्यारि मुक्ति चितवन लगी, कैसैं बंचूं ताहि। गरीबदास गुप्तारगति, हमकूं द्यौ समझाय॥४९३॥
सुरग लोक बैकुंठ है, यासैं परै न ओर। गरीबदास षट्शास्त्र, च्यारि बेदकी दौर॥४९४॥
च्यारि बेद गावैं तिसैं, सुरनर मुनि मिलाप। गरीबदास ध्रुव पोर जिस, मिटि गये तीनूं ताप॥४९५॥
प्रह्लाद गये तिस लोककूं, सुरगा परी समूल। गरीबदास हरि भक्ति की, मै बंचत हूँ धूल॥४९६॥
बिंद्रावन गये तिस लोककूं, सुरगा पुरी समूल। गरीबदास उस मुक्ति कूं, कैसैं जाऊं भूल॥४९७॥
नारद ब्रह्मा तिस रटैं, गावैं शेष गणेश। गरीबदास बैकुंठ सैं, और परै को देश॥४९८॥
सहंस अठासी जिस जपैं, और तेतीसौं सेव। गरीबदास जासैं परै, और कौन है देव॥४९९॥
सुनि स्वामी निज मूल गति, कहि समझाऊं तोहि। गरीबदास भगवान कूं, राख्या जगत समोहि॥५००॥
तीनि लोक के जीव सब, विषय वास भरमाय। गरीबदास हमकूं जपैं, तिसकूं धाम दिखाय॥५०१॥
जो देखैगा धाम कूं, सो जानत है मुझ। गरीबदास तोसैं कहूं, सुनि गायत्री गुझ॥५०२॥
कृष्ण विष्णु भगवान कूं, जहडायें हैं जीव। गरीबदास त्रिलोक मैं, काल कर्म शिर शीव॥५०३॥
सुनि स्वामी तोसैं कहूँ, अगम दीप की सैल। गरीबदास पूठे परे, पुस्तक लादे बैल॥५०४॥
पौहमी धरणि आकाश थंभ, चलसी चंदर सूर। गरीबदास रज बिरजकी, कहाँ रहैगी धुर॥५०५॥
तारायण त्रिलोक सब, चलसी इन्द्र कुबेर। गरीबदास सब जात हैं, सुरग पाताल सुमेर॥५०६॥
च्यारि मुक्ति बैकुंठ बट, फना हुआ कई बार। गरीबदास अलप रूप मघ, क्या जानैं संसार॥५०७॥
कहौ स्वामी कित रहौगे, चौदा भुवन बिहंड। गरीबदास बीजक कह्या, चलत प्राण और पिंड॥५०८॥
सुन स्वामी एक शक्ति है, अरधंगी ॐकार। गरीबदास बीजक तहां, अनंत लोक सिंघार॥५०९॥
जैसेका तैसा रहे, परलो फना प्रान। गरीबदास उस शक्तिकूं, बार बार कुरबांन॥५१०॥
कोटि इन्द्र ब्रह्मा जहाँ, कोटि कृष्ण कैलास। गरीबदास शिव कोटि हैं, करौ कौनकी आश॥५११॥
कोटि विष्णु जहाँ बसत है, उस शक्ति के धाम। गरीबदास गुल बौहत हैं, अलफ बस्त निहकाम॥५१२॥
शिव शक्ति जासै हुए, अनंत कोटि अवतार। गरीबदास उस अलफकूं, लखै सो होय करतार॥५१३॥
अलफ हमारा रूप है, दम देही नहीं दंत। गरीबदास गुलसैं परै, चलना है बिन पंथ॥५१४॥
बिना पंथ उस कंतकै, धाम चलन है मोर। गरीबदास गति ना किसी, संख सुरग पर डोर॥५१५॥
संख सुरगपर हम बसैं, सुनि स्वामी यह सैंन। गरीबदास हम अलफ हैं, यौह गुल फोकट फैंन॥५१६॥
जो तै कहया सौ मैं लहया, बिन देखै नही धीज। गरीबदास स्वामी कहै, कहाँ अलफ वौ बीज॥५१७॥
अनंत कोटि ब्रह्मांड फण, अनंत कोटी उदगार। गरीबदास स्वामी कहै, कहां अलफ दीदार॥५१८॥
हद बेहद कही ना कही, ना कहीं थरपी ठौर। गरीबदास निज ब्रह्मकी, कौन धाम वह पौर॥५१९॥
चल स्वामी सर पर चलैं, गंग तीर सुन ज्ञान। गरीबदास बैकुंठ बट, कोटि कोटि घट ध्यान॥५२०॥
तहां कोटि वैकुंठ हैं, नक सरवर संगीत। गरबिदास स्वामी सुनैं, जात अनन्त जुग बीत॥५२१॥
प्राण पिंड पुरमैं धसौ, गये रामानंद कोटि। गरीबदास सर सुरगमैं, रहौ शब्दकी ओट॥५२२॥
तहां वहाँ चित्त चक्रित भया, देखि फजल दरबार। गरीबदास सिजदा किया, हम पाये दीदार॥५२३॥
तुम स्वामी मै बाल बुद्धि, भर्म कर्म किये नाश। गरीबदास निज ब्रह्म तुम, हमरै दृढ विश्वास॥५२४॥
सुन्न-बेसुन्न सैं तुम परै, उरैं से हमरे तीर। गरीबदास सरबंगमैं, अविगत पुरूष कबीर॥५२५॥

कोटि कोटि सिजदे करैं, कोटि कोटि प्रणाम। गरीबदास अनहद अधर, हम परसैं तुम धाम।।५२६।।
सुनि स्वामी एक गल गुझ, तिल तारी पल जोरि। गरीबदास सर गगन मैं, सूरज अनंत करोरि।।५२७।।
शहर अमान अनन्तपुर, रिमझिम रिमझिम होय। गरीबदास उस नगरका, मरम न जानैं कोय।।५२८।।
सुनि स्वामी कैसैं लखौ, कहि समझाऊं तोहि। गरीबदास बिन पर उडैं, तन मन शीश न होय।।५२९।।
रवनपुरी एक चक्र है, तहाँ धनजय बाय। गरीबदास जीते जन्म याकूँ लेत समाय।।५३०।।
आसन पदम लगायकर, भिरंग नाद को खैंचि। गरीबदास अचवन करै, देवदत्त को ऐंचि।।५३१।।
काली ऊन कुलीन रंग, जाकै दो फुन धार। गरीबदास कुरंभ शिर, तास करे उद्‌गार।।५३२।।
चिश्में लाल गुलाल रंग, तीनि गिरह नभ पेंच। गरीबदास वह नागनी कूँ, हौने न देवे रेच।।५३३।।
कुंभक रेचक सब करै, ऊन करत उदगार। गरीबदास उस नागनी कूँ, जीतै कोई खिलार।।५३४।।
कुंभ भरै रेचक करै, फिर टुटत है पौन। गरीबदास गगन मण्डल, नहीं होत है रौन।।५३५।।
आगे घाटी बंद है, ईग्ला-पिंगला दोय। गरीबदास सुषमन खुले, तास मिलावा होय।।५३६।।
ज्यूंका त्यूंही बैठि रहो, तजि आसन सब जोग। गरीबदास पल बीच पद, सर्व सैल सब भोग।।५४७।।
कोटि कोटि बैकुंठ है, कोटि कोटि शिव शेष। गरीबदास उस धाममैं, ब्रह्मा कोटि नरेश।।५५३।।
आवादान अमानपुर, चलि स्वामी तहां चाल। गरीबदास परलो अनंत, बौहरि न झंपै काल।।५५४।।
अमर चीर तहां पहरि है, अमर हंस सुख धाम। गरीबदास भोजन अजर, चल स्वामी निजधान।।५५५।।
बोलत रामानंदजी, सुन कबीर करतार। गरीबदास सब रूपमैं, तुमहीं बोलन हार।।५५६।।
तुम साहिब तुम संत हौ, तुम सतगुरू तुम हंस। गरीबदास तुम रूप बिन और न दुजा अंस।।५५७।।
मैं भगता मुक्ता भया, किया कर्म कुन्द नाश। गरीबदास अविगत मिले, मेटी मन की बास।।५५८।।
दोहूँ ठौर है एक तूं, भया एक से दोय। गरीबदास हम कारणैं, उतर हैं मघ जोय।।५५९।।
गोष्टी रामानंदसैं, कांशी नगर मंझार। गरीबदास जिंद पीरके, हम पाये दीदार।।५६२।।
बोलै रामानंद जी, सुनौं कबीर सुभांन। गरीबदास मुक्ता भये, उधरे पिंड अरू प्राण।।५६७।।

**कबीर साहेब (कविर्देव) ले स्वामी रामानन्द जीलाई के पूजा गर्नु हुन्छ भनेर सोध्नु भयो। स्वामी रामानन्द जीले वेद र गीता अनुसार साधना गर्ने गरेको कुरा बताए। वेद र गीताको आधारमा साधना गरेर कुन लोकमा जाने भनेर कबीर साहेबले सोध्नु भयो। स्वामी रामानन्द जीले म स्वर्गमा जान्छु भने। स्वर्गमा गएर के गर्नु हुन्छ दाता भनेर कबीर परमेश्वरले सोध्नु भयो। त्यहाँ धेरै प्यारा विष्णु जी हुनु हुन्छ, वहाँको दर्शन गरि रहन्छु, त्यहाँ दूधका नदी छन्, केही कुराको चिन्ता र कुनै फिक्री पनि छैन, म त्यहाँ आनन्दसाथ बस्ने छु भनेर रामानन्द जीले जवाफ दिए।**

**स्वर्गमा कति दिन बस्नु हुन्छ भनी कबीर साहेबले स्वामी जीलाई सोध्नु भयो।** (विद्वान पुरूष हुनाले रामानन्द जीले दुई मिनेटमै कुरा बुझ्नु भयो।) **स्वामी जीले जति आफ्नो भक्तिको कमाई छ तबसम्म रहन्छु भने। कबीर साहेबले त्यसपछि कहाँ जानु हुन्छ भनी सोध्नु भयो। रामानन्द जीले कर्मको आधारमा कुन योनीमा कहाँ जन्म हुन्छ के थाहा ?भने। कबीर साहेब जीले बताउनु भयो,– स्वामीजी, हजुरले यो साधना त असङ्ख्य पटक गर्नु भएको छ। यसबाट जीव मुक्त हुन सक्दैन। तपाईं श्री विष्णु जीको साधना गरेर स्वर्गलोकमा जान चाहनु हुन्छ। ब्रह्मलोकमा बनेको महास्वर्ग पनि एक दिन नष्ट हुने भएकोले ब्रह्म साधना गरेर ब्रह्मलोकमा जाने साधकहरू पनि जन्म-मृत्युको चक्रमा नै घुमि रहन्छन् भन्ने कुरा गीता जी अध्याय ८**

को श्लोक १६ ले बताएको छ। स्वामी रामानन्द जी विद्वान हुनाले श्लोकहरू मुखाग्र भन्न सक्नु हुन्थ्यो। स्वामी रामानन्दले हजुरले ठीक भन्नु भयो, यस्तै लेखिएको छ भने। कबीर साहेबले अब कहाँ जानु हुन्छ त ? हजुरका श्री कृष्ण मुरारी पनि रहँदैनन्। यो ब्रह्मालोक, विष्णुलोक आदिका सम्पूर्ण प्राणीहरू र श्री विष्णु जी आदि तीनै देवताहरू पनि नष्ट हुने छन्। अनि तपाईं कहाँ रहनु हुन्छ गुरूदेव ? भनेर सोध्नु भयो। अनि रामानन्द जी विचार गर्न विवश भए। परमेश्वर कबीर साहेब जीले स्वामीजी गीताको ज्ञान कसले भनेको हो भनी सोध्नु भयो। श्री कृष्ण जीले भन्नु भएको भनी स्वामी रामानन्द जीले जवाफ दिए। कबीर साहेब जीले भन्नु भयो,– स्वामीजी, संक्षिप्त महाभारतको द्वितीय खण्ड (पृष्ठ १५३१ पुरानो र ६६७ नयाँ) मा अर्जुन, मलाई अब त्यो गीताको ज्ञान याद छैन, म फेरि त्यो ज्ञान सुनाउन सक्दिन भनी श्री कृष्ण जी भन्नु हुन्छ भनेर लेखिएको छ। अनि परमेश्वर कबीर साहेब जीले सबै प्रमाणहरू दिनु भयो।

गीता अध्याय ८ श्लोक १३ मा गीता ज्ञान दाता (ब्रह्म) भन्छन् :

ओम् इति एकाक्षरम् ब्रह्म, व्याहरन् माम् अनुस्मरन्।
यः प्रयाति त्यजन् देहम् सः याति परमाम् गतिम्।।१३।।

**शब्दार्थ** :- गीता सुनाउने ब्रह्म वा काल भनि रहेका छन् कि (माम् ब्रह्म) म ब्रह्म को (इति) यो (ओम् एकाक्षरम्) एक अक्षर ओम्/ॐ (व्याहरन्) उच्चारण गरेर (अनुस्मरन्) स्मरण गर्ने (यः) साधकले (त्यजन् देहम्) शरीर नत्यागे वा अन्तिम श्वाससम्म (प्रयाति) स्मरण साधना गर्छ भने (सः) उसले मेरो (परमाम् गतिम्) परमगति (याति) प्राप्त गर्छ।

भावार्थ :- मृत्यु पर्यन्त एउटै मात्र ओम् (ॐ) नामले साधना गर्ने साधकले म (ब्रह्म) बाट उपलब्ध हुने लाभ प्राप्त गर्छ, मेरो भक्तिका लागि अर्को कुनै मन्त्र छैन भनेर श्री कृष्ण जीको शरीरमा प्रेतवत प्रवेश गरेका ब्रह्म वा हजार हात भएका ज्योति निरञ्जन काल भनि रहेका छन्।

गीता अध्याय ८ को श्लोक ५, ७ र १३ मा गीता ज्ञानदाताले आफ्नो विषयमा साधना यसरी गर्न बताएका छन् : ओ३म् (ॐ) नामको स्मरण गर्दै मेरो साधना अन्तिम श्वाससम्म गर्ने साधकले मलाई नै प्राप्त गर्छ। यसैले तिमी युद्ध पनि गर र मेरो ओ३म् नाम स्मरण पनि गर। हो-हल्ला गरेर (चर्को स्वरमा कराएर) नै युद्ध गरिने हुनाले ओ३म् (ॐ) नामको उच्चारण (चर्को सोरमा कराएर) गर्दै स्मरणसँगै युद्ध पनि गर।

फेरि, गीता अध्याय ८ श्लोक ६ मा अन्तिम समयमा जुन प्रभुको स्मरण गर्दै शरीर त्याग गर्नेले उनैलाई प्राप्त गर्ने विधान छ भनिएको छ। गीता ज्ञानदाता प्रभु गीता अध्याय ८ श्लोक ८ देखि १० सम्मका तीनैवटा श्लोकहरूमा ब्रह्मभन्दा अर्कै पूर्ण परमात्मा (परम दिव्य पुरूष परमेश्वर वा पूर्णब्रह्म) को विषयमा भनिएका छन्। पूर्ण परमात्मा (परमेश्वर) को साधना गर्दै शरीर त्याग्नेले वहाँलाई नै पाउँछ। वहाँबाटै

पूर्ण मोक्ष, सत्यलोक र परम शान्ति प्राप्त हुन्छ। यसैले वहाँ परमेश्वरकै शरणमा जाऊ (गीता अध्याय १८ श्लोक ६२-६६ र अध्याय १५ श्लोक ४) म (गीता ज्ञानदाता ब्रह्म) पनि वहाँकै शरणमा छु।

रामानन्द जीले सम्पूर्ण प्रमाणहरु आफ्नै आँखाले हेरेर छक्क पर्नु भयो अनि सत्य स्वीकार गर्नु भयो। रामानन्द जीले भन्नु भयो,— हे बालक, तिमीले शास्त्रहरूको कुरा त सही भनि रहेका छौ र त्यही सँच्चो पनि हो। मलाई कसैले यस्तो ज्ञान दिएनन्, म के गरूँ ? कबीर साहेबले पवित्र गीता जीमा पनि लेखिएको छ भनेर बताउनु भयो। कृपया अध्याय ८ को श्लोक नं. ८, ९ र १० तथा अध्याय १८ को श्लोक नं. ६२ पढ्नु होस्।

पवित्र गीता जी र पवित्र वेदहरु बताउने ब्रह्म (काल) भनि रहेका छन् : अर्जुन ! वहाँ परमात्माकै शरणमा जाऊ, तिम्रो फेरि मरण हुने छैन। त्यसका लागि परमात्माको परम तत्त्व बुझेका सन्तहरूको खोजी गर (अध्याय ४ को श्लोक नं. ३४)। उनलाई दण्डवत प्रणाम गरेर विनम्र तथा निष्कपट भावले वहाँको सत्कार गर। तत्त्वदर्शी सन्त प्रसन्न भएपछि वहाँसित दीक्षा (नाम) माग। अनि तिम्रो पुनर्जन्म तथा मरण हुँदैन। यो उल्टो झुण्डिएको संसाररूपी रूख हो, जसको माथिल्तिर मूलमा आदि पुरूष अर्थात् सनातन परमात्मा हुनु हुन्छ भने तल्तिर तीनवटा गुण (रजगुण-ब्रह्मा, सतगुण-विष्णु र तमोगुण-शिव) रूपी शाखाहरु छन्। यो पूर्ण संसाररूपी रूख अर्थात् पूर्ण सृष्टि रचना बारे त म (काल) पनि जान्दिन। (पवित्र गीता अध्याय १५ श्लोक १ देखि ४) यहाँ विचारकाल वा गीता जीको ज्ञान सम्बन्धमा म (ब्रह्म-काल) पूर्ण ज्ञान दिन सक्दिन। त्यसका लागि कुनै तत्त्वदर्शी सन्तको खोजी गर। (गीता अध्याय ४ श्लोक ३४) वहाँले नै सम्पूर्ण सृष्टि रचनाको ज्ञान र सम्पूर्ण प्रभुहरूको स्थिति सही रूपमा बताउनु हुने छ। त्यसपछि वहाँ परमपद परमेश्वरको खोजी गर्नु पर्छ जहाँ गएका साधकको फेरि जन्म-मृत्यु हुँदैन वा पूर्ण मोक्ष हुन्छ। म (ब्रह्म) पनि संसाररूपी रूख अर्थात् सम्पूर्ण ब्रह्माण्डहरूको रचना गर्ने परमेश्वरकै शरणमा छु, त्यसैले वहाँ परमेश्वरको नै पूजा गर। स्वामी रामानन्द जीले भने,— हो, बाबु ! यस्तै लेखिएको छ। तर यो सत्यलोक बारे त कसैबाट सुनेको नहुनाले मेरो मनले त्यो सत्य होला भनेर विश्वास गरि रहेको छैन। अनि कबीर साहेबले तपाईं साधना कसरी गर्नु हुन्छ भनेर सोध्नु भयो। स्वामी रामानन्द जीले मैले सारा शरीरलाई साधेको छु, योग अभ्यास गरेर भित्री कमलबाट हुँदै म त्रिकुटी (त्रिवेणी) सम्म पुग्छु भनी उत्तर दिनु भयो। कबीर साहेबले रामानन्द जीलाई त्रिवेणीसम्म जान भन्नु भएपछि रामानन्द जी समाधिस्थ हुनु भयो (किनकि यो वहाँको प्रत्येक दिनको अभ्यास थियो)। त्रिवेणीमा पुगेपछि तीनवटा बाटो छुट्टिन्छ। प्रत्येक ब्रह्माण्डमा बनेको ब्रह्मलोकमा प्रवेश गर्नासाथ तीनवटा बाटा छुट्टिन्छन्। यसरी नै बीस ब्रह्माण्डहरूको पारी एक्काईसौं ब्रह्माण्डमा पनि यही व्यवस्था छ। एउटा बाटोले सामुन्ने ब्रह्मलोकमा बनेका तीनवटा गुप्त स्थानमा लैजान्छ, जहाँ ज्योति निरञ्जन तीनवटा रूप बनाएर बस्छन्। सामुन्नेको ब्रह्मरन्ध्र हजुरको यो नामले

खुल्दैन, सत्यनामले मात्र खुल्छ। कबीर साहेबले श्वासले आफ्नो सत्यनाम उच्चारण गर्नु भयो र सामुन्नेको ढोका खुल्यो। कबीर साहेबले अब हजुरले निराकार भन्नु हुने काल भगवानलाई देखाउँछु भन्नु भयो। गीतामा उनले म सबैलाई खान्छु, म कसैलाई कहिल्यै दर्शन दिन्न, म कसैका सामु कहिल्यै प्रत्यक्ष प्रकट हुन्न भनेका छन्। अब म हजुरलाई उनै काल देखाउँछु। पहिले त एउटा ब्रह्माण्डमा बनेको ब्रह्मलोकको गुप्त स्थानमा ब्रह्मा, विष्णु र शिवको रूप धारण गरेर बसेको देखाउनु भयो। फेरि ब्रह्मलोक पार गर्ने ढोकाबाट निस्केर एक्काईसौं ब्रह्माण्डमा लानु भयो। जटाकुण्डली तलाउभन्दा माथि रहेको ब्रह्मलोक भन्दा अगाडि जाने मार्गलाई पनि कोही बाहिर ननिस्कोस् भनेर ब्रह्मले आफ्नो नजरमा राख्छन्। एक्काईस ब्रह्माण्डको अन्तिम लोक काल-ब्रह्म (क्षर पुरूष) को आफ्नो स्थान हो। त्यहाँ उनी आफ्नो वास्तविक भयङ्कर रूपमा बसेका छन्। कबीर साहेबले भन्नु भयो,– हेर्नु होस् त, त्यहाँ बसेका छन् हजुरका निराकार भगवान, जसलाई हजुर निराकार भन्नु हुन्छ। (योगीहरूले वेदका आधारमा ओ३म् नामको साधना गरे तर परमात्मा भेटिनु भएन, सिद्धिहरु प्राप्त गरे, स्वर्ग र महास्वर्ग गए अनि फेरि पशु बने। उनी नदेखिने हुनाले नै उनलाई सबैले निराकार मानेका छन् तर वेदहरूमा त भगवान आकारमा हुनु हुन्छ भन्ने लेखिएको छ।) कालको नजिक पुगेपछि कबीर साहेबले आफ्नो सत्यनाम र सारनाम उच्चारण गर्नु भयो। अनि कालको शिर निहुरियो। कालको टाउकोमाथि भएको ढोकाबाट सत्यलोक पुगिन्छ र परब्रह्मको लोकमा प्रवेश गर्न सकिन्छ। त्यसपछि भँवर गुफा सुरू हुन्छ। (एउटा भँवर गुफा कालको लोकमा पनि छ।) कालको टाउकोमा गोडाले टेकेर कबीर जीका हंस (निर्विकारी साधक) हरू माथि जान्छन्। कालले वहाँ (कबीर परमेश्वर) का लागि भऱ्याङको काम गर्छन्। परब्रह्मको लोक तरेपछि कबीर साहेबले श्री रामानन्द जीको आत्मालाई सत्यलोक लिएर जानु भयो। (त्यहाँ पनि एउटा भँवर गुफा छ।) सत्यलोकमा पुगेपछि श्री रामानन्द जीले कबीर साहेब (कविर्देव) लाई आफ्नो वास्तविक रूपमा बसेको देख्नु भयो। त्यहाँ कबीर साहेबको तेज कति छ भने वहाँको एउटा रोमकुप (रौंको प्वाल) मा करोडौं सूर्य र करोडौं चन्द्रमाको संयुक्त प्रकाशभन्दा धेरै छ (तर गर्मी भने छैन)। त्यहाँ पुगेर कबीर साहेबले आफ्नै अर्को स्वरूपमाथि चमर हम्किन थाल्नु भयो। श्री रामानन्द जीले सोचे,– सिंहासनमा विराजमा भएका पो भगवान हुनु हुन्छ, कबीर चाहिँ यहाँका कोही सेवक (गण) हुनु होला तर यो लोक सबैभन्दा अपूर्व छ, परमात्मा अत्यन्त तेजोमय हुनु हुन्छ। रामानन्द जीले यस्तो सोचि रहेको बेला सिंहासनबाट तेजोमय रूपयुक्त परमात्मा उठ्नु भयो र पाँच वर्षको बालकका रूपमा परमेश्वर कबीर सिंहासनमा विराजमान हुनु भयो। रामानन्द जीले देख्नु भएको वास्तविक तेजोमय रूपका परमेश्वरले बालक रूपका कबीर साहेबलाई चमर हम्किन थाल्नु भयो। त्यसपछि, कबीर साहेबको त्यो तेजोमयरूप बालक रूपका कबीर साहेबमा विलय भयो। अनि पाँच वर्षीय बालकका रूपमा कबीर परमेश्वर मात्र सिंहासनमा विराजमान हुनु हुन्थ्यो, चमर आफैं चलि रहेको थियो। यत्तिकैमा रामानन्द जीको

**आत्मालाई शरीरमा फर्काइ दिनु भयो। वहाँको समाधी भङ्ग भयो। सामुन्ने पाँच वर्षीय बालकको शरीरमा बस्नु भएको कबीर साहेबलाई देखेर स्वामी रामानन्द जीले भनेः**

तहां वहाँ चित चक्रित भया, देखि फजल दरबार। गरीबदास सिजदा किया, हम पाये दीदार।।५२३।।
तुम स्वामी मैं बाल बुद्धि, भर्म कर्म किये नाश। गरीबदास निज ब्रह्म तुम, हमरै दृढ विश्वास।।५२४।।
सुन्न-बेसुन्न सैं तुम परै, उरैं से हमरै तीर। गरीबदास सरबंगमें, अविगत पुरूष कबीर।।५२५।।
कोटि कोटि सिजदे करैं, कोटि कोटि प्रणाम। गरीबदास अनहद अधर, हम परसैं तुम धाम।।५२६।।
बोलत रामानंदजी, सुन कबीर करतार। गरीबदास सब रूपमें, तुमहीं बोलन हार।।५५६।।
तुम साहिब तुम संत हौ, तुम सतगुरू तुम हंस। गरीबदास तुम रूप बिन और न दुजा अंस।।५५७।।
मै भगता मुक्ता भया, किया कर्म कुन्द नाश। गरीबदास अविगत मिले, मेटी मन की बास।।५५८।।
दोहूँ ठौर है एक तूं, भया एक से दोय। गरीबदास हम कारणैं, उतरे हैं मघ जोय।।५५९।।
बोलत रामानन्द जी, सुन कबीर करतार। गरीबदास सब रूप में, तू ही बोलनहार।।५६०।।

**रामानन्द जीले हे परमेश्वर ! कबीर परमात्मा ! कबीर करतार (सम्पूर्ण सृष्टिका रचनाकर्ता) ! हजुर नै सर्वव्यापक पूर्ण परमेश्वर हुनु हुन्छ भने।**

दहूँ ठोड है एक तूं, भया एक से दो। गरीबदास हम कारणे, आए हो मग जो।।

**ए परमेश्वर कबीर ! दुवै ठाउँ - सत्यलोकमा र मेरो अगाडि हजुर नै हुनु हुन्छ। एकबाटै दुई रूप बनाएर हामी तुच्छ जीवहरूका लागि यहाँ आउनु भएको हो।**

मै भक्ता मुक्ता भया, कर्म कुण्द भये नाश। गरीबदास अविगत मिले, मिट गई मन की बांस।।

**रामानन्द जी १०४ वर्षीय महापुरूषले पाँच बर्षीय बालक कबीर परमेश्वरलाई भन्छन्,– म, हजुरको दास मुक्त भएँ। मेरो मनका भ्रम र भड्कावहरू समाप्त भए। मलाई परमात्माको वास्तविक स्वरूपको दर्शन भयो। ए पूर्ण परमात्मा कबीर साहेब (कविर्देव)! चारै पवित्र वेद र पवित्र गीता जीले हजुरकै गुणगान गरेका छन्।**

**स्वयं कविर्देव (कविर परमेश्वर) ले पनि भन्नु भएको छ :**

बेद हमारा भेद है, मैं ना बेदन के मांही। जिस बेद से मैं मिलूं, बेद जानते नाहीं।।

**भावार्थः- चारै पवित्र वेदहरूमा भएको ज्ञान पूर्ण परमात्माको तर पूजा विधि चाहिँ ब्रह्म (ज्योति निरञ्जन) सम्मको मात्र हो। परमेश्वर कबीर (कविर्देव) को पूजा विधिको ज्ञान र तत्त्वज्ञान त तत्त्वदर्शी सन्तका रूपमा आउनु हुने परमेश्वर स्वयं वा वहाँले पठाउनु भएको वास्तविक प्रतिनिधिले मात्र बताउन सक्छन् भन्ने पवित्र वेदहरू र पवित्र गीता जीमा उल्लेख छ। उनैबाट उपदेश प्राप्त गरेर मात्र पूर्ण मोक्ष तथा परम शान्ति पाइन्छ।**

# पवित्र शास्त्रहरू पनि कविर्देव(कबीर परमेश्वर)का साक्षी

यसरी नै कविर्देव (कबीर परमेश्वर) ले मुसलमानहरूलाई नराम्रो र पवित्र कुरान शरीफलाई गलत भन्नु भएको छैन, तर कुरान शरीफको वास्तविक ज्ञान विपरीत सिङ्गो समाजलाई मनोमानी रूपमा साधना गराउने काजी र मुल्ला (मुसलमान धर्म गुरू) हरूको मात्र धुलो काड्नु भएको छ।


पवित्र वेदहरु बताउने ब्रह्म भनेका छन्,– पूर्ण परमात्मा कविर्देवलाई कसैले जन्म लिएर अवतार रूपमा आउने तथा कोही चाहिँ कहिले पनि जन्म नलिने निराकार हुनु हुन्छ भन्ने मान्दछन्। वहाँबारे साँचो जानकारी त (धीराणाम्) तत्त्वद्रष्टा सन्तले मात्र दिन सक्छन्, म (ब्रह्म) लाई पनि थाहा छैन। (यजुर्वेद, अध्याय ४०, मन्त्र १०)। यसको प्रमाण पवित्र गीताको अध्याय ४, श्लोक ३४ र अध्याय १५ श्लोक १ देखि ४ मा पनि छ। तत्त्वदर्शी सन्त नभेटुञ्जेलसम्म जीवको कल्याण असम्भव छ। उल्लेखित तत्त्वदर्शी सन्त आइ सक्नु भएको छ, वहाँ रामपाल जी हुनु हुन्छ भन्ने चिनौं।

## पवित्र कुरान शरीफमा प्रमाण

पवित्र कुरान शरीफको अध्याय सूरत फुर्कानी सं. २५, आयत ५२ देखि ५९ मा भनिएको छ,– वास्तवमा (इबादइ कबीरा) पूजा योग्य त कबीर अल्लाह हुनु हुन्छ। कबीर नै पूर्ण परमात्मा हुनु हुन्छ, जसले ६ दिनमा सृष्टि रचना गरेर सातौं दिन सिंहासनमा विराजमान हुनु भयो। वहाँको बारेमा कुनै बाखबर (तत्त्वदर्शी सन्त) लाई सोधी हेर।

पवित्र कुरान शरीफ बताउने अल्लाह स्वयं कोही अर्को कबीर नामक प्रभुतर्फ सङ्केत गरि रहेछन् तथा पूर्ण परमात्मा कबीरको बारेमा म पनि जान्दिनँ, त्यस विषयमा कुनै तत्त्वदर्शी सन्त (बाखबर) सँग सोध भनि रहेछन्।

कविर्देवले भन्नु भएको थियो,– म नै पूर्ण परमात्मा (अल्लाह कबीर/अकबिरू) हुँ। आफ्नो स्वस्थ ज्ञानको सन्देशवाहक रूपमा म आफैं नै आएको हुँ, मलाई चिन। तर यस्तै आचार्यहरूले पहिला पनि परमेश्वरको वास्तविक ज्ञान जनतासम्म पुग्न दिएका थिएनन्। उनीहरूले कबीर अशिक्षित छन्, यिनलाई संस्कृत आउँदैन, हामी शिक्षित छौं भन्ने गर्थे। यस कुराले त्यसबेला भक्तहरू पथभ्रष्ट भएका थिए तर अहिले सारा समाज शिक्षित भएकोले यो मार्गमा भ्रष्ट आचार्यहरूको कुनै जोड चलि रहेको छैन, न चल्छ नै।



सल्लि अला :- ज-स-दि मुहम्मदिन फिल् अज्सादि अल्लाहुम म सल्लि अला कबिर् (कबीर) मुहम्मिद फिल् कुबूरि0 फजाईले जिक्र

५. हुजूरे अक्दस सल्लल्लाहु अलैहि तथा सल्लमको इर्शाद (निर्देश) के छ भने लाइला-ह-इल्लल्लाहह भन्ने बन्दा (भक्त) का लागि आकाशहरूको ढोका नखुल्ने त कुरै छैन। कबीराले पापबाट बचाइ राख्नु भएमा यो कलिमा (नाम) सोझै अर्श (सर्वोच्च) मा पुग्छ।

फ - कति ठूलो फजीलत (गौरव) र कुबुलियत (स्वीकारोक्ति) को इन्तिहा (सीमा) हो भने, यो कलिमा बराहे रास्त (सर्वोच्च मार्ग हुँदै) अर्शे मुअल्ला (सर्वोच्च स्थान) सम्म पुग्छ। र यो पनि थाहा भइ सकेको छ कि यदि अपराध गर्दा गर्दै पनि कबीर भनेमा लाभ नै हुन्छ ।

मुल्ला अली कारी रहमान भन्छन् कि अविलम्ब कुबूल (दीक्षा ग्रहण) गर्ने र आकाशका सबै ढोकाहरु खुल्ने एताबार (विश्वास) नै बच्नका लागि कबाइर (कबीर) को शर्त हो। कबीरको साथ सवाब (सतकर्म) र कूबूल (दीक्षा) बाट खाली छैन।

यस्तो मान्छे मरेपछि उसको रूह (आत्मा) को एजाज (स्वागत) मा आकाशका सबै ढोकाहरु खुल्ने छन् भनेर यस हदीस (वचन) लाई बाज उलेमाले अर्थ्याएका छन्।

एउटा हदिसमा के भनिएको छ भने दुईवटा कलिमा मध्ये एउटाका लागि सर्वोच्च स्थानभन्दा तल कुनै मुन्तहा छैन तथा अर्कोले आकाश र जमिनलाई आफ्नो नूर (तेज) वा अज्र (प्रकाश) ले भरि दिनु हुन्छ। एउटा 'लाइला-ह-इल्लल्लाह' हुन् भने अर्को 'अल्लाहु अकबर' (कबीर) हुनु हुन्छ।

## पवित्र वेदहरूमा प्रमाण

कविर्देव आफ्नो ज्ञानको दूत बनेर आफू नै आउनु हुन्छ तथा आफ्नो स्वस्थ ज्ञान (वास्तविक तत्त्वज्ञान) आफैंले दिनु हुन्छ।

स्वयं कविर्देव (कबीर परमेश्वर) जीले आफ्नो अमृतवाणीमा आफैंले बताउनु भएको छ :

**शब्द** : अविगत से चल आए, कोइ मेरा भेद मर्म नही पाया। (टेक)
न मेरा जन्म न गर्भ बसेरा, बालक हो दिखलाया।
काशी नगर जल कमल पर डेरा, वहाँ जुलाहे ने पाया।।
मात-पिता मेरै कुछ नाहीं, ना मेरा घर दासी (पत्नी)।
जुलहाका सुत आन कहाया, जगत करें मेरी हाँसी।।
पाँच तत्त्व का धड नहीं मेरा, जानुं ज्ञान अपारा।
सत्य स्वरूपी (वास्तविक) नाम साहेब (पूर्ण प्रभु) का सोई नाम हमारा।।
अधर द्वीप (उपर सत्यलोक में) गगन गुफा में तहां निज वस्तु सारा।
ज्योत स्वरूपी अलख निरञ्जन (ब्रह्म) भी धरता ध्यान हमारा।।
हाड जाम लहु ना मेरे कोइ जाने सत्यनाम उपासी।
तारन तरन अभय पददाता, मैं हूँ कबीर अविनाशी।।

**उपरोक्त शब्दमा कबीर परमेश्वर भन्नु हुन्छ,– न मेरो कोही पत्नी छिन्, न मेरो पञ्च तत्त्वको (हाड, छाला, रगत वा नाडीहरु जोड-जाड गरिएको) शरीर हो। म स्वयम्भू हुँ तथा काशीको लहरतारा नामक पोखरीको पानीमा कमलको फूलमाथि स्वयं प्रकट भएर बालक रूप लिएको थिएँ। त्यहाँबाट मलाई नीरू नामक जुलाहाले उठाएर लगेका थिए। परमेश्वरको अर्थात् मेरो जुन वास्तविक नाम छ (वेदहरूमा कविर्देव, गुरू ग्रन्थ साहेबमा हक्का कबीर र कुरान शरीफमा अल्लाह कबीरन्) त्यही नाम मेरो हो। म माथि ऋतधाममा बस्छु र तपाईंका भगवान ज्योति निरञ्जन (ब्रह्म) पनि मेरो पूजा गर्छन्। यसको प्रमाण सत्यार्थ प्रकाश सातौं समुल्लास (पृष्ठ १५२-१५३, दिनानगर, पंजाबबाट प्रकाशित) मा पनि छ। स्वामी दयानन्द जीले यजुर्वेद अध्याय १३ मन्त्र ४ तथा ऋग्वेद मण्डल १० सुक्त ४९ मन्त्र १ को अनुवाद गरेका छन्। त्यस अनुसार (५=ऋग्वेद मण्डल १० सुक्त ४९ मन्त्र १ र ६=यजुर्वेद अध्याय १३ म. ४ मा) वेदहरु बताउने ब्रह्म भनि रहेछन्,–ए मनुष्यहरु, सृष्टिभन्दा पहिला सबै उत्पत्ति गर्ने तथा सबैका स्वामी जो हुनु हुन्थ्यो अहिले पनि वहाँ नै हुनु हुन्छ र भविष्यमा पनि रहि रहनु हुने छ, वहाँले नै सम्पूर्ण सृष्टि गरेर धारण गरि रहनु भएको छ। ती सुख स्वरूप परमात्माको म जसरी भक्ति गर्छु तिमीहरु पनि त्यसरी नै गर (ब्रह्म तथा अन्य देवहरु पनि वहाँकै साधना गर्छन्)।**

**प्रमाण १ : पवित्र यजुर्वेद अध्याय २९ मन्त्र २५**

समिद्धोऽअद्य मनुषो दुरोणे देवो देवान्यजसि जातवेदः।
आ च वह मित्रमहश्चिकित्वान्त्वं दूतः कविरसि प्रचेताः ।।२५।।

समिद्धः–अद्य–मनुषः–दुरोणे–देवः–देवान्–यज्–असि–जातवेदः–आ–च–वह–मित्रमहः–चिकित्वान्–त्वम्–दूतः–कविर्–असि–प्रचेताः।

**अनुवाद** :- (अद्य) अहिले (दुरोणे) शरीररूपी महलमा दुराचारपूर्ण (मनुषः) झुटो पूजामा तल्लीन मननशील मानिसहरूको (समिद्धः) हानीकारक शास्त्र विधि रहित पूजालाई आगोले जलाएर भस्म गरि दिन्छ र यस्ता साधकको जीवनलाई शास्त्रविरूद्ध साधनाले नष्ट गरि दिन्छ। यथार्थमा (देवान्) देवताहरूका पनि (देवः) देवता (जातवेदः) पूर्ण परमात्मा सत्यपुरूषको नै वास्तविक (यज्) पूजा (असि) हो। (आ) दयालु, (मित्रमहः) जीवको वास्तविक साथी पूर्ण परमात्माको (चिकित्वान्) स्वस्थ ज्ञान अर्थात् यथार्थ भक्तिको (दूतः) दूतका रूपमा (वह) सन्देश लिएर आउने (च) तथा (प्रचेताः) बोध गराउने (त्वम्) त हजुर (कविर्देव अर्थात् कबीर परमेश्वर) कबीर (असि) नै हुनु हुन्छ।

**भावार्थ** :- **भक्त समाजलाई शास्त्रविधि त्यागेर मनोमानी आचरण (पूजा) गराइ रहेका बेला नै कविर्देव (कवीर परमेश्वर) ले तत्वज्ञान प्रकट गर्नु हुन्छ।**

**प्रमाण २ : पवित्र सामवेद संख्या १४००**

**संख्या नं. ३५९, सामवेद, अध्याय नं. ४ को खण्ड नं २५ को श्लोक नं ८**

पूरां भिन्दुर्युवा कविरमितौजा अजायत।
इन्द्रो विश्वस्य कर्मणो धर्ता बज्री पुरूष्टुतः।।४।।

पुराम्–भिन्दुः–युवा–कविर्–अमित–औजा–अजायत–इन्द्रः–विश्वस्य–कर्मणः–धर्ता–वज्री–पुरूष्टुतः।

**शब्दार्थ** :- (युवा) पूर्ण समर्थ (कविर्) कविर्देव अर्थात् कबीर परमेश्वर (अमितऔजा) विशाल शक्तियुक्त अर्थात् सर्वशक्तिमान हुनु हुन्छ। (अजायत) तेजपुञ्जको शरीरलाई मायाको बनाई (धर्ता) प्रकट भएर वा अवतार धारण गरेर (वज्री) आफ्नो सत्यशब्द तथा सत्यनामरूपी शस्त्रले (पुराम्) काल ब्रह्मको पापरूपी बन्धनको गढ (भिन्दुः) भत्काएर छिन्न-भिन्न पार्ने (इन्द्रः) सम्पूर्ण सुखदायक परमेश्वर नै (विश्वस्य) सम्पूर्ण जगतका सबै प्राणीहरूले (कर्मणः) मनसा, वाचा, कर्मणा अर्थात् पूर्ण निष्ठाकासाथ अनन्य मनले धार्मिक कर्महरुद्वारा सत्यभक्तिबाट (पुरूष्टुतः) स्तुति उपासना गर्न योग्य हुनु हुन्छ।

**{बालक र वृद्ध सबै काम गर्न समर्थ हुँदैनन् तर जवान व्यक्तिले सबै कार्य गर्ने क्षमता राख्दछ। यसैले परब्रह्म, ब्रह्म र त्रिलोकीय ब्रह्मा, विष्णु र शिव तथा अन्य देवी देवताहरूलाई बालबालिका र वृद्ध जस्तै हुन् भनिएको छ। अतः कबीर परमेश्वरलाई वेदमा युवाको उपमा दिइएको छ।}**

**भावार्थ :- कविर्देव (कवीर परमेश्वर) तत्वज्ञान लिएर संसारमा आउनु हुन्छ। वहाँ सर्वशक्तिमान हुनु हुन्छ र वहाँले नै काल (ब्रह्म) को कर्मरूपी गढ भत्काउनु हुन्छ। वहाँ सम्पूर्ण सुखदाता तथा सबैबाट पुजिन योग्य हुनु हुन्छ।**

**संख्या नं. १४००, सामवेद उतार्चिक, अध्याय नं. १२ को खण्ड नं ३, श्लोक नं ५**

भद्रा वस्त्रा समन्या३वसानो महान् कविर्निवचनानि शंसन्।
आ वच्यस्व चम्वोः पूयमानो विचक्षणो जागृविर्देववीतौ।।५।।

भद्रा–वस्त्रा–समन्या–वसअनः–महान्–कविर्–निवचनानि–शंसन्–आवच्यस्व–चम्वोः–पूयमानः–विचक्षणः–जागृविः–देव–वीतौ।

**अनुवाद** :- (विचक्षणः) चतुर व्यक्तिहरूले (आवच्यस्व) आफ्ना वचनहरूले पूर्ण ब्रह्मको पूजा नबताई शास्त्र विधि विपरित उपासना गर्न लगाई अमृतको सट्टामा {भूत-प्रेत पूजा, पितृपूजा, तीन गुणहरु (रजगुण-ब्रह्मा, सतगुण-विष्णु र तमगुण-शिव) तथा ब्रह्म-काल सम्मको पूजा जस्ता} (पूयमानः) आन उपासनारूपी पीपलाई (चम्वोः) आदरका साथ आचमन गराइ रहेको गलत ज्ञानलाई (भद्रा) परम सुखदायक (महान् कविर्) पूर्ण परमात्मा कबीरले (वस्त्रा) सशरीर साधारण भेषभुषामा [वस्त्रको अर्थ भेषभुषा हो, सन्त भाषामा यसलाई चोला पनि भनिन्छ। चोलाको अर्थ शरीर हो। कुनै सन्तको देहान्त भए चोला छोडेर गए पनि भनिन्छ] (समन्या) आफ्नो सत्यलोककै जस्तो शरीर सदृश अर्को तेजपुञ्जको शरीर धारण गरेर (वसानः) सामान्य मानिसको झैं जीवन बिताई केही दिन संसारमा बसेर (निवचनानि) आफ्ना शब्दावली आदिका माध्यमबाट सत्यज्ञान (शंसन्) वर्णन गर्दै (देव) पूर्ण परमात्माको (वीतौ) लुकेको सर्गुण-निर्गुण ज्ञान (जागृविः) जाग्रत गराउनु हुन्छ।

**भावार्थ :- शास्त्रविधि विरूद्ध साधनारूपी पीप वा घातक साधनामा आधारित भक्त समाजलाई कविर्देव (कबीर परमेश्वर) तत्वज्ञान सम्झाउनका लागि यो संसारमा प्रकट हुनु हुन्छ। त्यस बेला आफ्नो तेजोमय शरीरमा अन्य शरीररूपी वस्त्र (मधुरो**

**तेज भएको) खापेर आउनु हुन्छ। (किनकि परमेश्वरको वास्तविक तेजिलो शरीरलाई चर्म चक्षुले हेर्न सकिँदैन।) केही दिन सामान्य मानिसहरूको जस्तो जीवन बिताएर लीला गर्नु हुन्छ र परमेश्वर (आफैं) लाई प्राप्त गर्ने ज्ञान प्रकाशित गर्नु हुन्छ।**

**ऋग्वेद मण्डल ९ सुक्त ९६ मन्त्र १७**

शिशुं जज्ञानं हर्यतं मृजन्ति शुम्भन्ति वह्नि मरूतो गणेन।
कविर्गीर्भिः काव्येना कविः सन्त्सोमः पवित्रमत्येति रेभन्।।१७।।

शिशुम् जज्ञानम् हर्य तम् मृजन्ति शुम्भन्ति वह्निन मरूतः गणेन। कविर्गीर्भिः काव्येना कविर् सन्त् सोमः पवित्रम् अत्येति रेभन्।।

**अनुवाद** :- पूर्ण परमात्मा (हर्य शिशुम्) विलक्षण मानव शिशुका रूपमा (जज्ञानम्) जानी बुझी प्रकट हुनु हुन्छ र आफ्नो तत्त्वज्ञान (तम्) त्यसबेला (मृजन्ति) निर्मलताका साथ (शुम्भन्ति) बताउनु हुन्छ। (वन्हिः) प्रभु प्राप्ति निम्ति विरहको अग्निले पिल्सि रहेका (मरूतः) भक्त (गणेन) जनका लागि (काव्येना) कविताहरूद्वारा कवित्व पनले (पवित्रम् अत्येति) अत्याधिक निर्मल वाणीका साथ (कविर्गीर्भिः) कविर वाणी अर्थात् कबीर वाणीमा (रेभन्) ठूलो स्वरले कराएर बोल्नु हुन्छ। (कविर् सन्त सोमः) वास्तवमा अमर पुरूष अर्थात् सत्यपुरूष नै सन्त अर्थात् ऋषि रूपमा कविर्देव स्वयं नै हुनु हुन्छ। परमात्मालाई नचिनेर मानिसहरूले कवि भन्न थाल्छन् तर वहाँ त पूर्ण परमात्मा नै हुनु हुन्छ। वहाँको वास्तविक नाम कविर्देव हो।

**भावार्थ :- ऋग्वेद मण्डल नं ९ सुक्त नं ९६ मन्त्र १६ मा आउनुहोस्, पूर्ण परमात्माको वास्तविक नामलाई जानौं भनिएको छ। यस मन्त्र १७ मा परमात्माको वास्तविक नाम तथा परिपूर्ण परिचय दिइएको छ। वेद बताउने ब्रह्म भन्दछन्,– पूर्ण परमात्मा, कविर्देव, विलक्षण मानव बालकका रूपमा प्रकट भई आफ्नो वास्तविक निर्मल ज्ञान कविता र लोकोक्तिहरूका रूपमा आफ्ना कबीर वाणी मार्फत् हंस आत्माहरु अर्थात् पुण्यात्मा अनुयायीहरूलाई सम्बोधन वा उच्चारण गरेर वर्णन गर्नु हुन्छ। तत्त्वज्ञानको अभावले गर्दा त्यस बेला प्रकट हुनु भएका परमात्मालाई नचिनेर ऋषि, सन्त वा कवि मात्र मान्छन् तर परमात्मा आफैंले 'म पूर्ण ब्रह्म हुँ' भन्नु हुँदा पनि लोकवेदको आधारमा परमात्मालाई निराकार मानेर प्रजाहरूले चिन्दैनन्। गरीबदास जी महाराजले काशीमा प्रकट भएका परमात्मालाई पहिचान गरे र उहाँको महिमा भन्न थाले तथा उनै परमेश्वरद्वारा आफ्नो महिमा बताएइको थियो। त्यसको यथावत् वर्णन आफ्नो वाणीमा गरेः**

गरीब, जाति हमारी जगतगुरू, परमेश्वर है पंथ। दासगरीब लिख पडे नाम निरंजन कंत।।
गरीब हम ही अलख अल्लाह है, कुतूब गोस और पीर। गरीबदास खालिक धनी हमरा नाम कबीर।।
गरीब, ऐ स्वामी सृष्टा मैं, सृष्टी हमरे तीर । दास गरीब अधर बसू, अविगत सत कबीर ।।

**यति स्पष्ट गर्दा पनि वहाँलाई कवि वा सन्त, भक्त वा जुलाहा भन्छन्। तर वहाँ त पूर्ण परमात्मा नै हुनु हुन्छ। वहाँको वास्तविक नाम कविर्देव हो। सत्यपुरूष कबीर स्वयं नै ऋषि वा सन्तका रूपमा आउनु हुन्छ। तर अज्ञानी ऋषि, सन्त र**

**गुरूहरूले परमात्मालाई निराकार बताएका हुनाले तत्त्वज्ञानहीन ऋषि र सन्तहरूको अज्ञान सिद्धान्तमा आधारित प्रजाले अतिथि रूपमा प्रकट हुनु भएका परमात्मालाई चिन्दैनन्।**

**ऋग्वेद मण्डल ९ सुक्त ९६ मन्त्र १८**

ऋषिमना य ऋषिकृत्स्वर्षाः सहस्रणीथः पदवीः कवीनाम्।
तृतीयं धाम महिषः सिषासन्त्सोमो विराजमनु राजति ष्टुप्।।१८।।

ऋषिमना य ऋषिकृत् स्वर्षाः सहस्राणीथः पदवीः कविनाम्। तृतीयम् धाम महिषः सिषा सन्त् सोमः विराजमानु राजति ष्टुप्।।

**अनुवाद** :- वेद बताउने ब्रह्म भनि रहेछन् कि (य) विलक्षण बालकका रूपमा आएर पूर्ण परमात्माले (कवीनाम्) प्रसिद्ध कविहरूको (पदवीः) उपाधि प्राप्त गर्नु हुने अर्थात् सन्त वा ऋषिको भूमिका निर्वाह गर्नु हुने (ऋषिकृत्) सन्तका रूपमा प्रकट हुनु भएका प्रभुले रचना गर्नु भएका (सहस्राणीथः) हजारौं वाणीहरु (ऋषिमना) सन्त स्वभाव भएका मानिस वा भक्तहरूका लागि (स्वर्षाः) स्वर्गतुल्य आनन्ददायी हुन्छन्। (सोमः) ती अमर पुरूष अर्थात् सत्यपुरूषले नै (तृतीया) तेस्रो (धाम) मुक्तिलोक अर्थात् सत्यलोकको (महिषः) सुदृढ भूमि (सिषा) स्थापित गरे (अनु) पछि (सन्त्) मानव सदृश सन्तरूप लिएर (ष्टुप) गुम्बजमा उच्च टाकुरामा रहेको सिंहासनमा (विराजमनु राजति) उज्ज्वल स्थूल आकारमा अर्थात् मानव सदृश तेजपूर्ण शरीरमा विराजमान हुनु हुन्छ।

**भावार्थ :- मन्त्र १७ मा भनिएको छ– कविर्देवले शिशुरूप धारण गर्नु हुन्छ र लीला गर्दै हुर्किनु हुन्छ। कविताबाट तत्त्वज्ञान वर्णन गरेकाले कविको पदवी प्राप्त गर्नु हुन्छ अर्थात् ऋषि, सन्त र कविका रूपमा चिनिनु हुन्छ। वास्तवमा वहाँ पूर्ण परमात्मा कविर् नै हुनु हुन्छ। वहाँले रच्नु भएका अमृतवाणीलाई कबीर वाणी (कविर्वाणी) भनिन्छ, जुन भक्तहरूका लागि स्वर्गतुल्य सुखदायक हुन्छ। तेस्रो मुक्तिधाम अर्थात् सत्यलोकको स्थापना गरेर एउटा गुम्बजमा सिंहासनमाथि वहाँ परमात्मा नै तेजोमय मानव सदृश शरीरमा, आकारमा विराजमान हुनु हुन्छ।**

**यस मन्त्रमा तेस्रो धाम भनेर सत्यलोकलाई भनिएको छ। एक्काईस ब्रह्माण्डको क्षेत्र भएको पहिलो ब्रह्मको लोक हो, सात शंख ब्रह्माण्डको क्षेत्र भएको दोस्रो परब्रह्मको लोक हो भने तेस्रो परम अक्षर ब्रह्म अर्थात् पूर्ण ब्रह्मको सत्यलोक हो किनकि पूर्ण परमात्मा नै सत्यलोकमा सत्यपुरूषरूपमा विराजमान भएर तलका लोकहरूको रचना गर्नु भएको हो। यसैले तलका लोकहरूको गणना गरिएको हो।**

**सन्त गरीबदास जीले आँखैले देख्नु भएको यही प्रमाण दिएका छन् :** अर्स कुर्स पर सफेद गुम्बज है जहाँ सतगुरू का डेरा। **यसको भावार्थ के हो भने माथि आकाशको माथिल्लो छेउमा कबीर परमेश्वर जी एउटा सेतो गुम्बजमा बस्नु हुन्छ।**

**ऋग्वेद मण्डल ९ सुक्त ९६ मन्त्र १९**

चमृषच्छ्येनः शकुनो विभृत्वा गोविन्दुर्द्रप्स आयुधानि बिभ्रत्।
अपामूर्मि सचमानाः समुद्रं तुरीयं धाम महिषो विवक्ति।।१९।।

चमूसत् श्येनः शकुनः विभृत्वा गोविन्दुः द्रप्स आयुधानि बिभ्रत्। अपामूर्भिः सचमानः समुद्रम् तुरीयम् धाम महिषः विवक्ति।।

**अनुवाद** :- (चमूसत्) पवित्र (गोविन्दुः) कामधेनुरूपी सम्पूर्ण मनोकामना पूरा गर्ने पूर्ण परमात्मा कविर्देव (विभृत्वा) सबैको पालन गर्ने (श्येनः) सेतो रङ र (शकुनः) शुभ लक्षणले युक्त (चमूसत) सर्वशक्तिमान हुनु हुन्छ। (द्रप्स) दूधबाट दही बनाउने विधि भए झैं शास्त्रानूकुल साधनाबाट दहीरूपका पूर्ण मुक्तिदाता (आयुधानि) काल जाल विनाश गर्ने तत्त्वज्ञानरूपी धनुषयुक्त सांरगपाणी वा कल्याणकारी हुनु हुन्छ। वहाँले नै (सचमानः) वास्तवमा (विभ्रत्) सबैको पालनपोषण गर्नु हुन्छ। (अपामूर्भिः) गहिरो पानी भएको (समुद्रम्) सागरजस्तो गहन गम्भीर अर्थात् विशाल (तुरीयम्) चौथो (धाम) लोक अर्थात् अनामी लोकमा (महिषः) उज्ज्वल सुदृढ भूमिमा (विवक्ति) फरक स्थानमा भिन्न रूपमा रहनु हुन्छ। यस बारेमा कविर्देव आफैंले छुट्याएर विस्तारपूर्वक जानकारी दिनु हुने छ।

**भावार्थ :- मन्त्र १८ मा पूर्ण परमात्मा कविर्देव (कबीर परमेश्वर) तेस्रो मुक्तिधाम अर्थात् सत्यलोकमा एउटा गुम्बजमा बस्नु हुन्छ भनिएको छ। यस मन्त्र १९ मा चाहिँ अत्याधिक सेतो रङका पूर्ण प्रभु कामधेनु जस्तै सबै मनोकामना पूरा गर्ने हुनु हुन्छ, वहाँ नै वास्तवमा सबैको पालनकर्ता हुनु हुन्छ भनिएको छ। मृत्युलोकमा शिशुरूप धारण गरेर आउने कविर्देवले दूधबाट दही बनाउने विधि जस्तै गरी पूर्ण मोक्ष प्राप्त गर्ने शास्त्रविधि अनुसार साधना बताएर पूर्ण मोक्षरूपी दही प्रदान गर्नु हुन्छ। तत्त्वज्ञानरूपी शस्त्र अर्थात् धनुषयुक्त भएकाले वहाँ सारंगपाणी हुनु हुन्छ तथा समुद्र सम्पूर्ण जलको श्रोत भए झैं पूर्ण परमात्माबाटै सम्पूर्ण उत्पत्ति भएको हो। गीताको अध्याय १५, श्लोक ३ मा भनिएको छ,– संसाररूपी रूखलाई तत्त्वज्ञानरूपी शस्त्रले काटेर अर्थात् तत्त्वज्ञानले शंका निवारण गरेर परम पद परमेश्वरको खोजी गर्नु पर्छ, जहाँ गएपछि साधक फर्केर कहिल्यै संसारमा आउँदैनन् अर्थात् पूर्ण मोक्ष हुन्छ। संसाररूपी सिंगो रूखको प्रवृत्तिलाई विस्तार दिनु हुने परमेश्वर, पूर्ण प्रभु चौथो धाम अर्थात् अनामी लोकमा बस्नु हुन्छ। पहिलो सत्यलोक, दोस्रो अलखलोक, तेस्रो अगमलोक र चौथो अनामी लोक हो। यसैले यो मन्त्र १९ मा कविर्देव (कबीर परमेश्वर) नै अनामी पुरूषका रूपमा चौथो धाम अर्थात् अनामी लोकमा पनि अन्य तेजपूर्ण रूप धारण गरेर बस्नु हुन्छ भन्ने प्रष्ट पारिएको छ।**

**ऋग्वेद मण्डल ९ सुक्त ९६ मन्त्र २०**

मर्यो न शुभ्रस्तन्वं मृजानोऽत्यो न सृत्वा सनये धनानाम्।
वृषेव यूथा परि कोशमर्षनकनिक्रदच्चम्बो३रा विवेश ।।२०।।

मर्यः न शुभ्रस्तन्वम् मृजानः अत्यः न सृत्वा सनये धनानाम्। वृषेव यूथा परिकोशम् अर्षन् कनिक्रदत् चम्वोः इरा विवेश।।

**अनुवाद** :- चौथो धाम अर्थात् अनामी लोक र तेस्रो धाम अर्थात् सत्यलोकमा बस्नु हुने पूर्ण परमात्मा कविर्देव (न मर्यः) मनुष्य जस्ता हुनु हुन्छ तर नाशरहित अर्थात् अमर (मृजनः) निर्मल मुखमण्डलयुक्त आकारमा (अत्यः) अत्यन्त (शुभ्रस्तन्वम्) विशाल सेतो शरीर

धारण गरेर माथिका लोकहरूमा विद्यमान हुनु हुन्छ अनि त्यहाँबाट कसैले चाल नपाउने गरी (सृत्वा) गति लिएर वा हिंडेर समरूप परमात्मा (इरा) पृथ्वीमा (विवेश) अन्य भेषभूषा वा भिन्न रूप (चम्वोः) धारण गरेर आउनु हुन्छ। अनि सत्यलोक तथा पृथ्वीलोकमा लीला गर्नु हुन्छ। (यथा) धेरै ठूलो समूहलाई वास्तविक (सनये) सनातन पूजाको (वृषेव) वर्षा गरेर (न धनानाम्) रामनामको कमाइका निर्धनहरूलाई (कनिक्रदत्) मन्द स्वरमा वा श्वास-प्रश्वासले मनै मन उच्चारण गरेर पूजा गराउनु हुन्छ। यसबाट असंख्य अुनयायीहरूको सिंगो संघले (परि कोशम्) पहिलेको सुखसागर रूपी अमृत खजाना वा सत्यलोकलाई (अर्षन्) पूजा गरेर प्राप्त गर्छन्।

**भावार्थ :- पूर्ण परमात्मा कविर्देव (कबीर परमेश्वर) माथिको तेस्रो धाम वा सत्यलोकमा बस्नु हुन्छ र वहाँ नै अर्को मनुष्यरूप धारण गरेर चौथो धाम वा अनामी लोकमा पनि बस्नु हुन्छ। वहाँ परमात्मा नै मानिस समरूप सुन्दर मुखमण्डल भएको सेतो शरीरयुक्त आकारमा यहाँ पृथ्वी लोकमा पनि आउनु हुन्छ र आफ्नो वास्तविक पूजा विधिको ज्ञान दिएर धेरै ठूलो समूह वा पूरा संघलाई सत्यभक्तिको धनी बनाउनु हुन्छ। असंख्य अनुयायीहरूको सिंगो संघले सत्यभक्तिको कमाइ वा साधना गरेर पहिलेको सुखमय लोक वा पूर्ण मुक्तिको खजाना अर्थात् सत्यलोक प्राप्त गराउनु हुन्छ।**

**अथर्ववेद काण्ड नं. ४ अनुवाक नं. १ मन्त्र नं. ७(सन्त रामपाल दासद्वारा भाषा भाष्य)**

योऽथर्वाणं पित्तरं देवबन्धुं बृहस्पतिं नमसाव च गच्छात्।
त्वं विश्वेषां जनिता यथासः कविर्देवो न दभायत् स्वधावान्।।७।।

यः-अथर्वाणम्-पितरम्-देवबन्धुम्-बृहस्पतिम्-नमसा-अव-च-गच्छात्-त्वम्-विश्वेषाम्-जनिता -यथा-सः-कविर्देवः-न-दभायत्-स्वधावान्।

**अनुवाद** :- (यः) वहाँ (अथर्वाणम्) अचल वा अविनाशी (पितरम्) जगत पिता (देवबन्धुम्) भक्तहरूका वास्तविक साथी अर्थात् आत्माका आधार (बृहस्पतिम्) सबैभन्दा ठूला स्वामी ज्ञानदाता जगत गुरू (च) तथा (नमसा) विनम्र पूजारी अर्थात् विधिवत साधकलाई (अव) सुरक्षाका साथ (गच्छात्) सत्यलोक गएका साधकहरूलाई सत्यलोक लैजाने र (विश्वेषाम्) सम्पूर्ण ब्रह्माण्डलाई (जनिता) रच्ने अनि (न दभायत्) कालले झैं धोका नदिने (स्वधावान्) स्वभाव वा गुणहरु भएका (यथा) जस्ताको त्यस्तै (सः) त्यो (त्वम्) हजुर (कविर्देवः कविर्/देवः) कबीर परमेश्वर अर्थात् कविर्देव हुनु हुन्छ।

**भावार्थ** :- 'त्वमेव माता च पिता त्वमेव, त्वमेव बन्धु च सखा त्वमेव, त्वमेव विद्या च द्रविणम्, त्वमेव सर्वम् मम देव देव।' **भनेर चर्चा गरिने अविनाशी परमेश्वर सबैका माता, पिता र बन्धु तथा जगतगुरू रूपमा सबैलाई सत्यभक्ति प्रदान गरेर सत्यलोक लैजाने, कालले झैं धोका नदिने एवं सम्पूर्ण ब्रह्माण्डहरूलाई रचना गर्ने कविर्देव (कबीर परमेश्वर) हुनु हुन्छ।**

# कबीर साहेब चारै युगमा आउनु हुन्छ

सतगुरू पुरूष कबीर है, चारों युग प्रवान।
झूठे गुरूवा मर गए, हो गए भूत मसान।।

### सत्ययुगमा कविर्देव (कबीर साहेब) सत्सुकृत नामले प्रकट हुनु भयो

कबीर जी त विं. सं. १४५५ (सन् १३९८) मा जुलाहाका रूपमा काशीमा आउनु भएको थियो। वेदहरूमा वर्णित कविर्देव यिनै काशीका जुहाला (धाणक) कसरी पूर्ण परमात्मा हुन सक्नु हुन्छ ? भनेर तत्त्वज्ञानको अभावमा श्रद्धालुहरु शङ्का गर्छन्।

यस विषयमा दास (सन्त रामपाल दास) को के प्रार्थना छ भने पूर्ण परमात्मा कविर्देव (कबीर परमेश्वर) त वेदको ज्ञानभन्दा पनि पहिला सत्यलोकमा विद्यमान हुनु हुन्थ्यो अनि आफ्नो वास्तविक ज्ञान (तत्त्वज्ञान) दिनका लागि चारै युगमा स्वयं प्रकट हुनु भएको थियो। सत्युगमा सत्सुकृत, त्रेतायुगमा मुनिन्द्र, द्वापर युगमा करूणामय र कलियुगमा वास्तविक कविर्देव (कबीर प्रभु) नामले प्रकट हुनु भएको थियो। यसका अतिरिक्त अन्य रूप धारण गरी कुनै पनि समयमा प्रकट भई आफ्नो लीला गरेर अन्तर्ध्यान हुनु हुन्छ। त्यस बेला लीला गर्न आउनु भएका परमेश्वरलाई प्रभु चाहने श्रद्धालुहरूले चिन्न सकेनन् किनकि सबै महर्षिहरु र सन्त भनाउँदाहरूले प्रभुलाई निराकार बताएका छन्। वास्तवमा परमात्मा साकार, मनुष्य सदृश शरीरयुक्त हुनु हुन्छ। तर परमेश्वरको शरीर नाडीहरूको योगबाट बनेको पञ्चतत्त्वको भने होइन, नुर (प्रकाश) तत्त्वबाट बनेको छ। पूर्ण परमात्माले चाहनु भएको बेला यहाँ प्रकट हुनु हुन्छ, वहाँ सबैको उत्त्पत्तिकर्ता भएकोले कहिल्यै आमाको कोखबाट जन्म लिनु हुन्न।

पूर्ण प्रभु कबीर जी (कविर्देव) सत्ययुगमा सत्सुकृत नामले स्वयं प्रकट हुनु भएको थियो। त्यस बेला वहाँले गरूड जी, ब्रह्मा जी, विष्णु जी, शिव जी आदिलाई सत्यज्ञान सम्झाउनु भएको थियो। वहाँले श्री मनु महर्षिलाई पनि तत्त्वज्ञान सम्झाउन चाहनु भएको थियो तर मनु जीले परमेश्वरको ज्ञानलाई सत्य नठानी ब्रह्मा जीबाट सुनेको वेदको ज्ञानमा आधारित भएर आफूले निकालेका वेदहरूको निष्कर्षमा नै बुई चढी रहे। अझ उनले त हजुर पूरै उल्टो ज्ञान भनि रहनु भएको छ भनी परमेश्वर सत्सुकृत जीको उपहास गर्न थाले। यसैले परमेश्वर सत्सुकृतको उपनाम वामदेव राखि दिए। (वामको अर्थ उल्टो वा विपरीत हो। बायाँ हातलाई वामा अर्थात् उल्टो पनि भनिन्छ भने दायाँ हातलाई सुल्टो हात पनि भनिन्छ।)

यस प्रकार सत्ययुगमा सत्सुकृत नामबाट आउनु भएको परमेश्वर कविर्देव जीले त्यस बेलाका ऋषि तथा साधकहरूलाई वास्तविक ज्ञान सम्झाउने गर्नु हुन्थ्यो। तर ऋषिहरूले स्वीकार गरेनन्। सत्सुकृत जीको सट्टामा परमेश्वरलाई 'वामदेव' भन्न थाले।

यसैले यजुर्वेद अध्याय १२ मन्त्र ४ मा यजुर्वेदको वास्तविक ज्ञान वामदेव ऋषिले सही अर्थमा बुझेर अरूलाई सम्झाए भन्ने विवरण छ। पवित्र वेदहरूको ज्ञान बुझ्नका लागि कृपया विचार गर्नु होस्– यजुर्वेद एउटा पवित्र पुस्तक हो। यसको विषयमा कुनै ठाउँमा संस्कृत भाषमा विवरण दिएको ठाँउमा यजुः वा यजुम् जस्ता शब्द लेखिएको भए पनि पवित्र पुस्तक यजुर्वेदलाई नै बुझाउँछ। यसै प्रकार पूर्ण परमात्माको वास्तविक नाम कविर्देव हो। यसैलाई भिन्न भिन्न भाषामा कबीर साहेब, कबीर परमेश्वर भन्न थालियो। कैयौं श्रद्धालुहरूले कविर्लाई कसरी कबीर सिद्ध गरियो भनेर शङ्का व्यक्त गर्छन्। व्याकरणको दृष्टिकोणले कविः को अर्थ सर्वज्ञ हुन्छ। यस दासको प्रार्थना छ कि प्रत्येक शब्दको कुनै न कुनै अर्थ त हुन्छ नै। रह्यो कुरा व्याकरणको। भाषा पहिला बन्यो, किनकि वेदको वाणी प्रभुले भन्नु भएको हो, र व्याकरण चाहिँ पछि ऋषिहरूले बनाएका पो हुन्। यो त्रूटियुक्त पनि हुनसक्छ। वेदको अनुवाद (भाषा-भाष्य) मा व्याकरण व्यतय अर्थात् असंगत र विरोधाभासपूर्ण छ। किनकि वेदका वाणी मन्त्रहरूमा आधारित पद्यमा छन्। उदाहरणका लागि, पलवल सहरको छेउछाउका मानिसहरूले पलवललाई परवर भन्छन्। कसैले पलवल कसरी परवर सिद्ध भयो भन्न सक्छ। त्यसरी नै कविर्लाई कसरी कबीर सिद्ध गर्न सकिन्छ भने जस्तै हो। क्षेत्रीय भाषामा पलवल सहरलाई परवर भनेझैं कविर्लाई नै कबीर भनिएको हो। वहाँ नै प्रभु हुनु हुन्छ। महर्षि दयानन्द जीले 'सत्यार्थ प्रकाश' (दयानद मठ, दीनानगर पञ्जाबबाट प्रकाशित), समुल्लास ४ पृष्ठ १०० मा 'देवृकामा' को अर्थ देवरको कामना गर्ने लेखेका छन्। उनले 'देवृ' लाई पूरा 'र' लेखेर देवर बनाएका छन्। कविर्लाई कबिर अनि भिन्न भाषामा कबीर लेख्नु वा बोल्नुमा कुनै आपत्ति वा व्याकरणगत त्रुटी छैन। पूर्ण परमात्मा कविर्देव हुनु हुन्छ, यो प्रमाण यजुर्वेद अध्याय २९ मन्त्र २५ तथा सामवेद संख्या १४०० मा पनि छ।

यजुर्वेदको अध्याय नं २९ को श्लोक नं २५ (सन्त रामपाल दासबाट भाषा-भाष्य)

समिद्धोऽअद्य मनुषो दुरोणे देवो देवान्यजसि जातवेदः।
आ च वह मित्रमहश्चिकित्वान्त्वं दूतः कविरसि प्रचेताः ॥२५॥

समिद्धः-अद्य-मनुषः-दुरोणे-देवः-देवान्-यज्-असि-जातवेदः-आ-च-वह-मित्रमहः-चिकित्वान्-त्वम्-दूतः-कविर्-असि-प्रचेताः।

**अनुवाद** :- (अद्य) आज वा वर्तमान समयमा (दुरोणे) शरीररूपी महलमा दुराचारपूर्वक (मनुषः) झूटो पूजामा लीन मननशील मानिसहरूलाई (समिद्धः) लगाएको आगो वा हानीकारक शास्त्रविधि रहित वर्तमान पूजाको सट्टामा (देवान्) देवताहरूका पनि (देवः) देवता (जातवेदः) पूर्ण परमात्मा सत्यपुरूषको वास्तविक (यज्) पूजा (असि) हो। (आ) दयालु (मित्रमहः) जीवको वास्तविक साथी पूर्ण परमात्मा आफ्नो (चिकित्वान्) स्वस्थ ज्ञान अर्थात् यथार्थ भक्तिको (दूतः) दूतका रूपमा (वह) सन्देश लिएर आउने (च) तथा (प्रचेताः) बोध गराउने (त्वम्) हजुर (कविरसि) कविर्देव अर्थात् कबीर परमेश्वर हुनु हुन्छ।

**भावार्थ :- सम्पूर्ण ऋषि तथा सन्तहरूले शास्त्रविधि त्यागेर मनोमानी आचरण वा पूजा मार्फत् सम्पूर्ण भक्त समाजलाई मार्ग दर्शन गराइ रहेको समयमा पूर्ण**

**परमात्मा प्रकट हुनु हुन्छ। अनि आफ्नो तत्त्वज्ञान अर्थात् स्वस्थ ज्ञानको सन्देशबाहक बनेर स्वयं कविर्देव अर्थात् कबीर प्रभु आउनु हुन्छ।**

**संख्या नं १४०० सामवेद उतार्चिक अध्याय नं १२, खण्ड नं ३, श्लोक नं. ५ (सन्त रामपाल दासबाट भाषा-भाष्य)**

भद्रा वस्त्रा समन्या३वसानो महान् कविर्निवचनानि शंसन्।
आ वच्यस्व चम्वोः पूयमानो विचक्षणो जागृविर्देववीतौ।।५।।

भद्रा, वस्त्रा, समन्या, वसानः, महान्, कविर्, निवचनानि, शंसन्, आवच्यस्व, चम्वोः, पूयमानः, विचक्षणः, जागृविः, देव,वीतौ।

**अनुवाद** :- (विचक्षणः) चलाख मानिसहरूले (आवच्यस्व) आफ्ना वचनहरूमा 'हामीले प्रबचन गरेको कुराको अनुशरण गर' भनेका हुन्छन्। ती चतुर मानिसहरूले पूर्ण ब्रह्मको पूजा नबताई अन्य उपासनाको मार्गदर्शन गरेर अमृतको सट्टामा (पूयमानः) आन उपासना {भूत-प्रेत पूजा, पितृ पूजा र तीनै गुणहरु (रजोगुण-ब्रह्मा, सतगुण-विष्णु र तमोगुण-शिव) तथा ब्रह्म काल सम्मको पूजा} रूपी पीपलाई (चम्वोः) आदरपूर्वक आचमन गराइ रहेका शास्त्रविरूद्ध गलत ज्ञानलाई समाप्त पार्नका लागि (भद्रा) परमसुखदायक (महान् कविर्) महान कविर् वा पूर्ण परमात्मा कबीर (वस्त्रा) सशरीर साधारण भेषभुषा {वस्त्रको अर्थ भेषभुषा हो र सन्त भाषामा यसलाई चोला पनि भनिन्छ, चोलाको अर्थ शरीर हो र कुनै सन्तको देहान्त भएपछि चोला छोडेर गए भनिन्छ} मा (समन्या) आफ्नो सत्यलोकको शरीर अनुरूप अर्को मधुरो तेजपुञ्जको शरीर धारण गरेर (वसानः) आम व्यक्तिको जस्तै जीवन बिताउँदै केही दिन संसारमा पाहुना झैं बसेर (निवचनानि) आफ्नो शब्दावली वा कबीर वाणी आदिका माध्यमबाट सत्यज्ञान (शंसन्) वर्णन गरी (देव) पूर्ण परमात्माको (वीतौ) लुकेका सगुण निर्गुण ज्ञानरूपी धनलाई (जागृविः) जाग्रत गर्नु हुन्छ।

**भावार्थ :- यजुर्वेद अध्याय ५ मन्त्र १ मा भनिएको छ 'अग्नेः तनः असि' = परमेश्वर सशरीर हुनु हुन्छ। 'विष्णवे त्वा सोमस्य तनुः असि' = पालनपोषण गर्नका लागि अन्य शरीर धारण गरी अमर प्रभु अतिथिका रूपमा केही दिन संसारमा आउनु हुन्छ। तत्त्व ज्ञानद्वारा अज्ञानरूपी निन्द्रामा सुतेका प्रभुका प्रेमीहरूलाई जगाउनु हुन्छ। त्यही प्रमाण यस मन्त्रमा छ,– केही समयमा लागि आफ्नो रूप फेरेर सामान्य मानिसको जस्तो बनाई पूर्ण परमात्मा कविर्देव अर्थात् कबीर प्रभु पृथ्वी मण्डलमा प्रकट हुनु हुन्छ तथा कविर्निवचनानि शंसन् अर्थात् कविर्वाणी उच्चारण गरेर त्यसको माध्यमबाट तत्त्वज्ञान जगाउनु हुन्छ। त्यति बेला महर्षि भनाउँदा चतुर प्राणीहरूले मिथ्याज्ञानको आधारमा शास्त्र विधि अनुसार सत्य साधनारूपी अमृतको ठाउँमा शास्त्र विधि रहित पूजारूपी पीपलाई श्रद्धाका साथ आचमन अर्थात् पूजा गराइ रहेका हुन्छन्। त्यस बेला पूर्ण परमात्मा स्वयं प्रकट भएर तत्त्वज्ञानका आधारमा शास्त्र विधि अनुसार साधना गर्ने ज्ञान प्रदान गर्नु हुन्छ।**

**पवित्र ऋग्वेदका निम्न मन्त्रहरूमा पनि वहाँको पहिचान भनिएको छ,– पूर्ण परमात्मा केही समय लीला गर्न संसारमा आउँदा शिशुरूप धारण गर्नु हुन्छ। पूर्ण**

**परमात्माको लालन पालन (अध्न्य धेनवः) कोरली बाछीले गर्छे। अनि लीला गर्दै ठूलो भएर आफूलाई पाउने र सत्यलोक जाने अर्थात् पूर्ण मोक्ष मार्गको तत्त्वज्ञान (कविर्गिभिः) कबीर वाणीमा कविताहरु मार्फत् बताउनु हुन्छ, फलस्वरूप प्रसिद्ध कवि भनेर चिनिनु हुन्छ तर वहाँ कविर्देव स्वयं नै तेस्रो मुक्तिधाम सत्यलोकमा बस्ने पूर्ण परमात्मा हुनु हुन्छ।**

**ऋग्वेद मण्डल ९ सुक्त १ मन्त्र ९**

अभी इमं अध्न्या उत श्रीणन्ति धेनवः शिशुम्। सोममिन्द्राय पातवे।।९।।

अभी इमम् अध्न्या उत श्रीणन्ति धेनवः शिशुम् सोमम् इन्द्राय पातवे।

**अनुवाद** :- (उत) विशेष गरेर (इमम्) यी (शिशुम्) बालक रूप लिएर प्रकट हुनु भएका (सोमम्) पूर्ण परमात्मा अमर प्रभुको (इन्द्राय) सुख सुविधा अर्थात् खानपिनबाट जुन शरीर वृद्धि हुन्छ त्यो (पातवे) वृद्धिका लागि (अभी) पूर्ण रूपमा (अध्न्या धेणवः) साँढे नलागेको अर्थात् कोरली बाछीले (श्रीणन्ति) पालनपोषण गर्छिन्।

**भावार्थ :- पूर्ण परमात्मा अमर पुरूष जब लीला गर्दै बालक रूप धारण गरेर स्वयं प्रकट हुनु हुन्छ। त्यस बेला कोरली बाछीले आफैं दूध दिन्छे, जसबाटै पूर्ण प्रभुको पालन-पोषण हुन्छ।**

**ऋग्वेद मण्डल ९ सुक्त ९६ मन्त्र १७ :-**

शिशुम् जज्ञानम् हर्य तम् मृजन्ति शुम्भन्ति वह्निमरूतः गणेन।
कविर्गीर्भि काव्येना कविर् सन्त् सोमः पवित्रम् अत्येति रेभन्।।१७।।

**अनुवाद** :- पूर्ण परमात्मा (हर्य शिशुम्) मानिसको बालकका रूपमा (जज्ञानम्) जानी-बुझी प्रकट हुनु भई आफ्नो तत्त्वज्ञान (तम्) त्यस बेला (मृजन्ति) निर्मलताका साथ (शुम्भन्ति) उच्चारण गर्नु हुन्छ। (वह्नि) प्रभु प्राप्तिका लागि विरहको अग्नि भएको (मरूतः) वायु जस्ता शितल भक्त (गणेन) समूहका लागि (काव्येना) कविताहरु मार्फत् (रेभन्) ठूलो स्वरले बताउनु हुने (कविर् सन्त् सोमः) अमर पुरूष अर्थात् सत्यपुरूष नै सन्त वा ऋषि रूपमा स्वयं कविर्देव हुनु हुन्छ। तर तिनीहरूले परमात्मालाई नचिनेर कवि भन्ने छन्।

**भावार्थः- वेद बताउने ब्रह्म भनि रहेछन्,— मनिसको विलक्षण बालकका रूपमा प्रकट भएर पूर्ण परमात्मा कविर्देवले आफ्नो वास्तविक निर्मल ज्ञानलाई आफ्नो कविर्गिभिः अर्थात् कबीर वाणी मार्फत् आफ्ना हंसात्माहरु वा पुण्यात्मा अनुयायीहरूलाई कवि रूपमा कविताहरु र लोकोक्तिहरूका माध्यमबाट उच्चारण गरेर वर्णन गर्नु हुन्छ। वहाँ स्वयं सत्यपुरूष कबीर नै हुनु हुन्छ।**

**ऋग्वेद मण्डल ९ सुक्त ९६ मन्त्र १८ :-**

ऋषिमना य ऋषिकृत् स्वर्षाः सहस्राणीथः पदवीः कवीनाम्।
तृतीयम् धाम महिषः सिषा सन्त् सोमः विराजमानु राजति स्टुप्।।१८।।

**अनुवाद** :- वेद बताउने ब्रह्म भन्छन् कि (य) विलक्षण बालकका रूपमा आउने पूर्ण परमात्माले (कवीनाम्) प्रसिद्ध कविको (पदवीः) उपाधि प्राप्त गरेर अर्थात् सन्त वा ऋषिको

भूमिका निर्वाह गर्नु हुन्छ (ऋषिकृत) सन्त रूपमा प्रकट हुनु भएका प्रभुले रच्नु भएका (सहस्राणीथः) हजारौं वाणीहरु (ऋषिमना) सन्त स्वभाव भएका मानिसहरू वा भक्तहरूका लागि (स्वर्षाः) स्वर्गतुल्य आनन्ददायक हुन्छन्। (सन्त् सोमः) ऋषि/सन्त रूपमा प्रकट हुनु भएका अमर पुरूष अर्थात् सत्यपुरूष नै हुनु हुन्छ, वहाँ पूर्ण प्रभुले (तृतीया) तेस्रो (धाम) मुक्तिलोक अर्थात् सत्यलोकको (महिषः) सुदृढ भूमि (सिषा) स्थापित गर्नु भए (अनु) पछि मानव सदृश सन्त रूपमा (स्टुप्) गुम्बजमा उच्च सिंहासनमा (विराजमानु राजति) उज्ज्वल स्थूल आकारमा अर्थात् मानव सदृश शरीरमा विराजमान हुनु हुन्छ।

**भावार्थ :- मन्त्र १७ मा भनिएको छ,– कविर्देवले शिशुरूप धारण गरी लीला गर्दै ठूलो भएर कविताहरु मार्फत् तत्त्वज्ञान वर्णन गर्ने हुनाले कविको पदवी प्राप्त गर्नु हुन्छ वा वहाँलाई कवि भन्छन्, तर वास्तवमा वहाँ पूर्ण परमात्मा कविर् (कवीर प्रभु) नै हुनु हुन्छ। वहाँले रच्नु भएका अमृतवाणीलाई कबीर वाणी (कविर्गिरः अर्थात् कविर्वाणी) भनिन्छ, जुन भक्तहरूका लागि स्वर्गतुल्य सुखदायक हुन्छन्। तेस्रो मुक्तिधाम अर्थात् सत्यलोकको स्थापना गरेर वहाँ परमात्मा नै एउटा गुम्बजमा सिंहासनमाथि तेजपूर्ण मानव सदृश शरीरमा आकारमा विराजमान हुनु हुन्छ।**

**यस मन्त्रमा सत्यलोकलाई तेस्रो धाम भनिएको छ। पहिलो एक्काईस ब्रह्माण्डको क्षेत्र भएको ब्रह्मको लोक हो, दोस्रो सात शंख ब्रह्माण्डको क्षेत्र भएको परब्रह्मको लोक हो र तेस्रो परम अक्षर ब्रह्म अर्थात् पूर्ण ब्रह्मको ऋतधाम अर्थात् सत्यलोक हो।**

## त्रेतायुगमा कविर्देव (कबीर साहेब) मुनिन्द्र नामले प्रकट हुनु भयो

### नल र नीललाई शरणमा लिनु

**त्रेतायुगमा स्वयम्भू (स्वयं प्रकट हुने) कविर्देव परमेश्वर रूपान्तर भएर मुनिन्द्र ऋषिको नामले आउनु भएको थियो। अनल वा नल र अनील वा नील सानिमा-ठूलिमाका छोरा थिए। दुवैका आमा-बुबाको मृत्यु भइ सकेको थियो। नल र नील दुवैजना शारीरिक र मानसिक रोगबाट अत्याधिक पीडित थिए। उनीहरूले कष्ट निवारणका लागि प्रार्थना गर्दा सबै ऋषि तथा सन्तहरूले यो प्रारब्धको पाप कर्मको दण्ड हुनाले भोग्नै पर्छ, यसको कुनै समाधान छैन भने। दुवैजना जीवनबाट निराश भएर मृत्यु पर्खि रहेका थिए।**

**एक दिन मुनिन्द्र नामले प्रकट हुनु भएका पूर्ण परमात्माको सत्सङ्ग सुन्ने अवसर दुवैले पाए। सत्सङ्ग सकिएपछि दुवैले परमेश्वर कविर्देव (कबीर साहेब) अर्थात् मुनिन्द्र ऋषिको चरण स्पर्श गरे र परमेश्वर मुनिन्द्र जीले शिरमा हात राख्नासाथ दुवैजनाको असाध्य रोग तुरून्तै निवारण भयो अर्थात् दुवैजना स्वस्थ भए। यो अद्भुत चमत्कार देखेर प्रभुको चरणमा लडीबुडी गर्दै खोजेको प्रभु प्राप्त गर्‍यौं भन्दै घन्टौंसम्म रोइ रहे अनि प्रभावित भई नाम (दीक्षा) लिएर मुनिन्द्र साहेब जीका साथ मै रहेर सेवा गर्न थाले। त्यसबेला पानीको व्यवस्था मिलाउनका लागि**

सन्तहरूको सत्सङ्ग नदीको किनारामा हुने गर्थ्यो। नल र नील दुवै स्वच्छ आत्मा भएका बडो प्रभुप्रेमी थिए। परमात्मामा अत्यन्त श्रद्धा भएकाले धेरै सेवा गर्दथे। सत्सङ्गमा आएका रोगी, वृद्ध र विकलाङ्ग भक्तहरूको लुगा र भाँडाकुँडा धुने तथा लोहोटा (अंखोरा) र गिलास माझ्ने गर्थे। तर उनीहरु सरल र सोझा दिमागका थिए। लुगा धुने बेलामा सत्सङ्गमा सुनेका प्रभुको कथाबारे चर्चा गर्न थाल्थे। दुवैजना प्रभुको चर्चामा मस्त हुन्थे र लुगा तथा भाँडाकुँडा नदीमा डुबेको उनीहरूले थाहै पाउँदैनथे। कसैको चारवटा वस्तु लिएर जान्थे तर फिर्ता गर्दा दुईवटा मात्र हुन्थ्यो। तपाईंहरु सेवा त धेरै गर्नु हुन्छ तर हाम्रो धेरै काम बिगारि दिनु हुन्छ। हराएका सामाग्रीहरु हामी कहाँबाट ल्याऊँ ? अब हाम्रो सेवा गर्न छाडि दिनु होस्। हामी आफ्नो सेवा आफैं गर्छौं भनी भक्तहरूले गुनासो गरे। अनि नल र नीलले रूँदै हाम्रो सेवा नखोस्नु होस्, अब हामी सामान हराउँदैनौं भन्थे तर पुनः सोही कार्य दोहोऱ्याउँथे। उनीहरू प्रभुको चर्चामा लीन हुन्थे र सामानहरु नदीमा डुब्थे। भक्तहरूले ऋषि मुनिन्द्र जीलाई भने,– कृपा गरी नल र नीललाई सम्झाउनु होस्। यिनीहरु भनेको पनि मान्दैनन् र सेवा नगर्नु भन्दा रून थाल्छन्। हाम्रो आधा सामान पनि फिर्ता ल्याउँदैनन्। यिनीहरु नदी किनारमा सत्सङ्गमा सुनेका कुराहरूको चर्चा गर्न मस्त हुन्छन् र सामानहरु नदीमा डुब्छन्। मुनिन्द्र ऋषिले उनीहरूलाई एक दुई पटक त सम्झाउनु भयो। उनीहरु हाम्रो यो सेवाबाट वञ्चित नगर्नु होस् भन्दै रून थाल्थे। सतगुरू मुनिन्द्र साहेबले आशिर्वाद दिँदै भन्नु भयो,–बाबु नल-नील, अब अझ सेवा गर। आजदेखि तिमीहरूको हातबाट कुनै पनि वस्तु पानीमा डुब्दैन, चाहे त्यो ढुङ्गा वा फलाम नै किन नहोस्।

तपाईंले रामायण सुन्नु भएको छ। एक समयको कुरा हो, सीता जीलाई रावणले हरण गरेर लग्यो। सीता जीलाई कसले लग्यो भन्ने भगवान रामलाई थाहै भएन। श्री रामचन्द्र जीले यताउता खोजे। हनुमान जीले खोजी गरे र सीता माता त लङ्कापति रावण (राक्षस) को कैदमा रहेको कुरा बताए। पत्ता लागि सकेपछि सीतालाई फर्काउन आग्रह गर्दै भगवान रामले रावणकहाँ शान्ति दूत पठाए। तर रावणले मानेन। युद्धको तयारी भयो। अनि कसरी सेनालाई समुद्र पारी लैजाने भन्ने समस्या देखियो।

भगवान श्री रामचन्द्रले तीन दिनसम्म घुँडाघुँडा सम्मको पानीमा उभिएर हात जोडी समुन्द्रसँग बाटो दिन आग्रह गरे। तर समुन्द्रले वास्तै गरेनन्। समुन्द्रले नमानेपछि श्री रामले समुद्रलाई अग्नि वाण हानेर जलाउन चाहे। समुन्द्र डराएर ब्राह्मणको रूपमा सामुन्ने आए र उनले भने,–भगवान, सबैको आ-आफ्नो मर्यादा हुन्छ। मलाई नजलाउनु होस्। म भित्र कैयौं जीवजन्तु बसेका छन्। मलाई जलाउनु नै भयो भने पनि यहाँ धेरै ठूलो खाल्टो बन्ने हुनाले तपाई कहिल्यै पारी जान सक्नु हुन्न।

समुद्रले यस्तो काम गरौं कि सर्प पनि मरोस्, लौरो पनि नभाँचियोस्, मेरो मर्यादा पनि रहोस् र पुल पनि बनोस् भने। भगवान श्री रामले त्यो विधि के हो भनी

सोधे। ब्राह्मण रूपमा उभिएका समुद्रले भने,– तपाईंको सेनामा नल र नील नामका दुई सैनिक छन्। उनीहरूले आफ्नो गुरूदेवबाट कस्तो शक्ति पाएका छन् । उनीहरूको हातबाट पानीमा फ्याँकेका ढुंगा, फलाम वा कुनै पनि वस्तु नडुबी तैरिन्छ। श्री रामचन्द्र जीले बोलाएर उनीहरूसँग भएको शक्तिबारे सोध्दा नल-निलले स्वीकार्दै हाम्रो हातबाट पानीमा राखिएको ढुङ्गा पनि डुब्दैन भनेर बताए। श्री रामले परीक्षण गराउन भन्नु भयो।

ती मूर्खहरु (नल र नील) ले आज सबैका अगाडि हाम्रो ठूलो मान सम्मान हुने छ भन्ने सोचे। त्यस दिन उनीहरूले आफ्नो गुरूदेव (कबीर साहेब) को आराधना गरेनन् किनकि गुरूदेवलाई सम्झँदा यिनीहरु (नल-नील) सँग कुनै शक्ति छैन, यिनीहरु त अरूसँग पो माग्दा रहेछन् भन्ने श्रीरामले ठान्नु हुने छ भन्ने दुवैले सोचे। उनीहरूले ढुङ्गा उठाएर समुद्रमा हाले तर ढुङ्गा पानीमा डुबे। नल र नीलले धेरै कोसिस गरे तर ढुङ्गा तैरिएनन्। अनि श्रीरामले समुद्रलाई तिमी झुटो हौ, यिनीहरूमा त कुनै शक्ति नै छैन भन्न खोजेको जस्तो भावले समुद्रतिर हेरे। समुद्रले नल र नीललाई भने,– मूर्खहरु, आज काम गर्नु अगाडि तिमीहरूले गुरूदेवलाई सम्झेनौ। आफ्नो गुरूदेवको स्मरण गर। ती दुईले आफूहरूले गल्ती गऱ्यौं भन्ने कुरा बुझे। उनीहरूले सतगुरू मुनिन्द्र साहेब जीलाई स्मरण गरे। सतगुरू मुनिन्द्र (कबीर साहेब) त्यहाँ आउनु भयो। भगवान रामचन्द्र जीले भने,– ए ऋषिवर! मेरो दुर्भाग्य हो कि हजुरका सेवकहरूको हातबाट ढुङ्गा तैरि रहेका छैनन्। मुनिन्द्र साहेबले यिनीहरूमा अभिमान आएकोले अब यिनका हातबाट राखिएका ढुङ्गा तैरने छैनन् भन्नु भयो। सतगुरूको वाणीले यसको प्रमाण दिन्छ :

गरीब, जैसे माता गर्भ को, राखे जतन बनाय।
ठेस लगे तो क्षीण होवे, तेरी ऐसे भक्ति जाय।।

त्यस दिनपछि नल र नीलको त्यो शक्ति समाप्त भयो। श्री रामचन्द्र जीले परमेश्वर मुनिन्द्र साहेब जीसँग भने,–ए ऋषिवर! मलाई ठूलो आपत्ति आइ परेको छ।। जसरी भए पनि सेनालाई समुद्र पारी लैजान दया गर्नु होस्। हजुरले आफ्ना सेवकलाई शक्ति दिन सक्नु हुन्छ भने प्रभु ममाथि पनि केही दया गर्नु होस्। मुनिन्द्र साहेबले सामुन्नेको पर्वतको चारैतिर मैले रेखा कोरेको छु, त्यस भित्रका ढुङ्गा ल्याउनु होस्, ती डुब्ने छैनन् भन्नु भयो। श्री रामले परीक्षणका लागि ढुङ्गा मगाए र पानीमा राख्दा तैरियो। नल र नील शिल्पकार पनि थिए। हनुमान जी सँधै भगवानलाई सम्झिने गर्दथे। उनले दैनिक क्रियासँगै ढुङ्गामा राम राम पनि लेख्थे र डाँडाका डाँडै उठाएर ल्याउँथे। नल र नील जोडतोडले पुलमा ढुङ्गा मिलाउँथे। यसरी पुल बनेको थियो। धर्मदास जी भन्छन् :

रहे नल नील जतन कर हार, तब सतगुरू से करी पुकार।
जा सत रेखा लिखी अपार, सिन्धु पर शिला तिराने वाले।
धन-धन सतगुरू सत कबीर, भक्त की पीर मिटाने वाले।

हनुमान जीले ढुङ्गामा रामको नाम लेखेकाले ढुङ्गा पानीमा तैरिएको हो भनी कसैले भन्छन् भने कोही चाहिँ नल र नीलले पुल बनाएका थिए भन्छन्। कसै कसैले त श्री रामले पुल बनाएका थिए पनि भन्छन्। तर साँचो घटना त माथि बताए जस्तै थियो।

**(सत कबीरको साखी - पृष्ठ १७९ देखि १८२ सम्म)**

**-: पीव पिछानको अंग :-**

कबीर - तीन देवको सब कोई ध्यावै, चौथे देव का मरम न पावै।
चौथा छाड पंचम को ध्यावै, कहै कबीर सो हम पर आवै।।३।।
कबीर - ओंकार निश्चय भया, यह कर्ता मत जान।
साचा शब्द कबीर का, परदे मांही पहचान।।५।।
कबीर - राम कृष्ण अवतार है, इनका नांही संसार।
जिन साहेब संसार किया, सो किन्हूं न जन्म्या नार।।१७।।
कबीर - चार भुजा के भजन में, भूलि परे सब संत।
कबीरा सुमिरो तासु को, जाके भुजा अनंत ।।२३।।
कबीर - समुद्र पाट लंका गये, सीता को भरतार।
ताहि अगस्त मुनि पीय गयो, इनमें को करतार ।।२६।।
कबीर - गोवर्धनगिरी धारयो कृष्ण जी, द्रोणागिरी हनुमंत।
शेष नाग सब सृष्टि सहारी, इनमें को भगवंत ।।२७।।
कबीर - काटे बंधन विपति मे, कठिन किया संग्राम।
चिन्हो रे नर प्राणीयां, गरूड बडो की राम ।।२८।।
कबीर - कह कबीर चित चेतहूं, शब्द करौ निरूवार।
श्रीरामहि कर्ता कहत हैं, भुली परयो संसार।।२९।।
कबीर - जिन राम कृष्ण व निरंजन कियो, सो तो करता न्यार।
अधां ज्ञान न बूझई, कहै कबीर विचार।।३०।।

## द्वापरयुगमा कविर्देव (कबीर साहेब) करूणामय नामले प्रकट हुनु भयो

परमेश्वर कबीर (कविर्देव) द्वापर युगमा करूणामय नामले प्रकट हुनु भएको थियो। त्यस बेला वाल्मीक जातिमा उत्पन्न भक्त सुदर्शन सुपच (अनुसूचित जातिको) वहाँको शिष्य थिए। यिनै सुदर्शन जीले पाण्डवहरूको यज्ञ सफल पारेका थिए। श्री कृष्ण जी र तेत्तीस करोड देवताहरू, अठासी हजार ऋषिहरू, बान्ह करोड ब्राह्मणहरू, नौ नाथहरु र चौरासी सिद्धहरु आदिले भोजन गर्नाले पनि त्यो यज्ञ सफल भएको थिएन। भक्त सुदर्शन वाल्मीकले पूर्ण गुरू जीबाट वास्तविक तीन मन्त्र प्राप्त गरी गुरू मर्यादामा रहेर सत साधना गरि रहेका थिए।

द्वापर युगमा इन्द्रमतीलाई शरणमा लिनु

द्वापर युगमा चन्द्र विजय नाम गरेका राजा थिए। उनकी पत्नी इन्द्रमती धेरै नै धार्मिक प्रवृत्ति (स्वभाव) की नारी थिइन्। सन्त महात्माहरूलाई धेरै आदर गर्ने

गर्थिन्। उनले एकजना गुरूदेव पनि बनाएकी थिइन्। उनका गुरूदेवले साधु-सन्तको सेवा गर्नु पर्छ र सन्तलाई भोजन गराउनाले धेरै लाभ हुन्छ भनेका थिए। एकादशीको व्रत, मन्त्रहरूको जप आदि साधनाहरु पनि गुरूदेवले बताएका थिए। भगवत् भक्तिमा निकै दृढतापूर्वक लागेकी थिइन्। सन्तहरूलाई भोजन गरायौ भने पछि पनि रानी बन्ने छौ र स्वर्ग पनि प्राप्त हुने छ भनेर गुरूदेवले बताएका थिए। रानीले प्रत्येक दिन एउटा सन्तलाई अवश्य भोजन गराउँछु भन्ने विचार गरिन्। पहिले सन्तलाई खुवाएपछि मात्र आफूले खाना खाने प्रतिज्ञा पनि उनले मनमनै गरिन्। यसो गरेमा सन्तलाई भोजन गराउने कुरा सँधै सम्झना रहि रहन्छ भन्ने सोच थियो। यस अनुसार रानी पहिले सन्तलाई भोजन गराउँथिन् र पछि आफू खाना खान्थिन्। वर्षौसम्म यो क्रम चलि रह्यो।

एक पटक हरिद्वारमा कुम्भ मेलाको संयोग भयो। त्रिगुण मायाका उपासकहरु सबै गंगा स्नान (परभी लिन) का लागि गए। यसले गर्दा धेरै दिनदेखि रानीले भोजन गराउन कोही सन्त भेटिनन्। रानी इन्द्रमती आफूले पनि प्रतिज्ञावश भोजन गरिनन्। चौथो दिन आफ्नी दासीलाई कुनै सन्त देखिन्छन् कि बाहिर हेर, नत्र आज तिम्री रानी बाँच्दिन भनिन्,। रानीले प्राण जाओस् तर खाना खान्न भन्ने अड्डी लिएकी थिइन्। दीनदयाल कबीर परमेश्वरले आफ्नो पहिलाको भक्तलाई शरणमा लिन के के कारण बनाउनु हुन्छ, कसलाई थाहा ? दासीले महलको छतमाथि चढेर यताउता हेर्दा एकजना सेतो लुगा लगाएका सन्त आइ रहेको देखिन्। द्वापरयुगमा कबीर परमेश्वर करूणामय नाममा आउनु भएको थियो। दासी तल आएर एउटा मान्छे साधुजस्तो देखिन्छ भनेर रानीलाई बताइन्। रानीले छिटो बोलाएर ल्याउन भनिन्। महल बाहिर गएर दासीले करूणामय साहेबलाई हजुरलाई हाम्री रानीले सम्झनु भएको छ भनेर प्रार्थना गरिन्। करूणामय साहेबले रानीले मलाई किन सम्झेको हो? म र रानी बीच के सम्बन्ध? भनी सोध्नु भयो तब दासीले सम्पूर्ण वृत्तान्त सुनाइन्। करूणामय साहेब (कबीर) ले भन्नु भयो,– रानीलाई आवश्यकता परेको छ भने यहीँ आउन्, म यहीँ उभिइ रहन्छु। तिमी दासी र उनी रानी। म त्यहाँ गएपछि यदि उनले कसले बोलाएको हो वा राजाले नै केही भनिदिए भने ? अनि नानी, सन्तको अनादर त धेरै पापदायक पो हुन्छ। दासी फर्केर आई रानीलाई सबै कुरा बताइन्। सबै कुरा सुनि सकेपछि रानीले दासीलाई मेरो हात समातेर हिँड भनी करूणामय नजिक पुगी दण्डवत् प्रणाम गर्दै प्रार्थना गरिन्,– हे परमेश्वर! मेरो चाहना त हजुरलाई आफ्नै काधँमा बसाउने छ। करूणामय साहेबले छोरी! तिमीमा कुनै श्रद्धाभाव पनि छ वा त्यत्तिकै भोकै मरि रहेकी छौ भन्ने म हेर्न चाहन्थे भन्नु भयो। रानी आफैंले खाना बनाइन्। करूणामय रूपमा आएका कविर्देवले मैले खाना खाने गरेको छैन किनकि मेरो शरीर खाना खाने खालको होइन भन्नु भयो। अनि रानीले म पनि खाना खान्न भनिन्। करूणामय साहेबले ठीकै छ नानी, ल्याऊ खाना खान्छु भने किनकि जे चाह्यो त्यो गर्नेलाई नै समर्थ भनिन्छ। करूणामय साहेबले

खाएपछि तिमीले गरि रहेको साधनाहरु तिमीलाई कसले सिकाएको हो भनेर सोध्नु भयो। रानीले मेरो गुरूदेवले आदेश दिएका हुन् भनिन्। कबीर साहेबले तिम्रा गुरूदेवले के आदेश दिएका छन् भनेर सोध्नु भयो। ब्रह्मा, विष्णु र महेशको पूजा, एकादशीको व्रत, तीर्थ यात्रा, देवी पूजा, श्राद्ध गर्नु, मन्दिर जानु, सन्तको सेवा गर्नु भनी इन्द्रमतीले बताइन्। करूणामय साहेबले भन्नु भयो,– तिम्रो गुरूदेवले दिएका साधनाले जन्म-मृत्यु, स्वर्ग-नर्कको चक्रमा राख्छन् र चौरासी लाख योनीहरूको कष्टबाट मुक्त हुन दिदैन। रानीले महाराज जी! सबै सन्तहरूले आ-आफ्नो प्रभुत्व आफैं बनाउन आउँछन्। मेरो गुरूदेवका बारेमा केही पनि नभन्नु होस्, चाहे म मुक्त होऊँ वा नहोऊँ भनिन्।

करूणामय (कबीर) साहेबले यस सोझी जीवलाई कसरी पो सम्झाऊँ भनेर सोच्नु भयो। यिनी अन्धभक्त अनुयायी भएर बनाएको गुरूलाई छोड्नु भन्दा बरू मर्न तयार छिन्। करूणामय साहेबले भन्नु भयो,– नानी, त्यसो त तिम्रो इच्छा हो, मैले निन्दा गरि रहेको छैन। के मैले तिम्रो गुरूदेवलाई गाली गरेको छु वा केही नराम्रो भनेको छु ? मैले त भक्तिमार्गमा यो भक्ति शास्त्र विरूद्ध छ भनेर बताइ रहेको छु। यसले तिमीलाई न मुक्त गराउँछ न त यसबाट तिम्रो कुनै कर्मदण्ड कट्छ। अनि सुन है, पर्सी तिम्रो मृत्यु हुने छ। न तिम्रो गुरूले बचाउन सक्छन्, न त तिम्रा यी नक्कली साधनाले नै बचाउन सक्ने छ। (जब मर्ने समय आउँछ तब जीवलाई डर लाग्छ, त्यत्तिकै मान्दैनन्।) रानीले सन्तहरूले झुटो बोल्दैनन्, कहीँ म पर्सी नै पो मरि हाल्छु कि भन्ने सोचिन्। यो डरले करूणामय साहेबसँग रानीले के म बाँच्न सक्छु भनेर सोधिन्। कबीर साहेबले तिमीले मसित उपदेश लियौ, मेरो शिष्य बन्यौ र पहिले गरेका पूजाहरु त्याग्यौ भने मात्र तिमी बाँच्न सक्छौ भन्नु भयो। इन्द्रमतीले गुरूदेव फेर्नु हुँदैन, पाप लाग्छ भन्ने मैले सुनेकी छु भनिन्। कबीर साहेबले भन्नु भयो,– छोरी, त्यस्तो होइन, यो पनि तिम्रो भ्रम हो। एउटा वैद्य (डाक्टर) को औषधीले काम गरेन भने के हामी अर्को कहाँ जादैनौं ? एउटा पाँचौं कक्षाका अध्यापक हुन्छन् र अर्को उच्च कक्षाको अध्यापक हुन्छन्। त्यसैले नानी, माथिल्लो कक्षामा जानु पर्छ। के सारा उमेर पाँच कक्षामा नै पढि रहन्छौ ? यसलाई छोड्नु पर्छ। तिमी अब अगाडिको पढाइ पढ, म पढाउन आएको छु। रानीले त्यसो त मान्ने थिइनन् तर मृत्युलाई झल्झली देख्न थालिन्। सन्तले भनेका हुन्, कहीँ कुरो नबिग्रोस् भन्ने विचार गरेर इन्द्रमतीले हजुरले भने जस्तै गर्छु भनिन्। करूणामय साहेबले उपदेश दिनु भयो र भन्नु भयो,– पर्सीको दिन मेरो रूपमा काल आउने छ, तिमी उसँग नबोल्नु। मैले दिएको नाम दुई मिनेटसम्म जप्नु। दुई मिनेटपछि उसलाई हेर्नु, त्यसपछि सत्कार गर्नु। त्यसो त गुरूदेव आए भने तुरून्तै गुरूको चरणमा दण्डवत गर्नु पर्छ। यो यसपालीका लागि मात्र मेरो आदेश हो। रानीले हुन्छ भनिन्।

रानीलाई त चिन्ताले सताइ रहेको थियो। उनी श्रद्धापूर्वक जप गरि रहेकी थिइन्। करूणामय (कबीर) साहेबको रूप बनाएर गुरूदेवका रूपमा काल आयो र

'इन्द्रमती, इन्द्रमती' भन्दै बोलायो। उनलाई पहिलेदेखि नै डर भएकोले नाम स्मरण गरि रहेकी थिइन् र काल आएतिर हेरिनन्। दुई मिनेटपछि हेर्दा त कालको स्वरूप नै बद्लियो र कालको वास्तविक अनुहार देखियो, करूणामय साहेबको स्वरूप रहेन। आफ्नो स्वरूप फेरिएको देखेपछि इन्द्रमतीसँग कुनै शक्तियुक्त मन्त्र छ भन्ने कुरा कालले थाहा पायो। उसले अहिले तँ बचिस्, तँलाई फेरि हेरौंला भन्दै गयो। रानी धेरै खुसी भइन्, उनको खुसीको सीमा रहेन। मेरो मृत्यु हुनु पर्ने थियो तर मेरा गुरूदेवले मलाई बचाउनु भयो भनेर उनले आफ्ना दासीहरूलाई सुनाउन थालिन्। रानी राजाका सामु गइन् र आज मलाई लिन काल आएको थियो, मेरो मृत्यु हुनु पर्ने थियो तर मेरा गुरूदेवले रक्षा गर्नु भयो भनेर सुनाइन्। राजाले भने,– तिमी यत्तिकै नाटक गरि रहेकी छौ। काल आएको भए के तिमीलाई छोड्थ्यो ? यी सन्तहरु पनि त्यत्तिकै उकास्छन्। यो कुरा रानीले कसरी मान्न सक्थिन् ? खुसीले प्रफुल्ल भएर रानी सुतिन्। केही समयपछि सर्प बनेर काल पुनः आयो र रानीलाई डस्यो। सर्पले डस्नासाथ रानीले थाहा पाइन् र मलाई सर्पले डस्यो भन्दै जोडले चिच्याइन्। नोकरहरु दौडेर आए। हेर्दा हेर्दै पानीको निकास निम्ति बनाइएको सानो प्वालबाट सर्प बाहिर निस्क्यो। आफ्ना गुरूदेवलाई गुहारेर रानी बेहोस भइन्। करूणामय (कबीर) साहेब त्यहाँ प्रकट हुनु भयो। मानिसहरूलाई देखाउनका लागि मन्त्र उच्चारण गर्न थाल्नु भयो। (उहाँले मन्त्र बिना नै जिवित बनाउन सक्नु हुन्थ्यो, तन्त्रमन्त्रको कुनै आवश्यकता थिएन।) इन्द्रमतीलाई जिवित तुल्याउनु भयो। रानीले हार्दिक कृतज्ञता प्रकट गर्दै हे बन्दी छोड ! आज म हजुरको शरणमा नभएको भए मेरो मृत्यु हुने थियो भनिन्। कबीर साहेबले भन्नु भयो,– इन्द्रमती, यस काललाई तिम्रो घरमा पस्न पनि दिने थिइनँ र तिमीमाथि यो आक्रमण हुने थिएन तर तिमीलाई विश्वास हुने थिएन। तिमीमाथि कुनै आपत्ति आउने नै थिएन, गुरू जीले उकासेर मलाई नाम दिनु भयो भन्ने सोच्ने थियौ। यसैले तिमीलाई सानो झट्का मात्र देखाएको हो, नत्र तिमीलाई विश्वास नै हुने थिएन।

धर्मदास यहाँ घना अंधेरा, बिन परचय जीव जमका चेरा।।

कबीर साहेव (करूणामय) ले अब मैले चाहेको बेलामा मात्र तिम्रो मृत्यु हुने छ भन्नु भयो। गरीबदास जी महाराज भन्छन् :-

गरीब, काल डरै करतार से, जय जय जय जगदीश।
जौरा जौरी झाडती, पग रज डारे शीश।।

यो काल कबीर भगवान (कबीर परमेश्वर) सँग डराउँछ अनि यो मृत्युले त कबीर साहेबको जुत्ता सफा गर्छ अर्थात् नोकरतुल्य छ। अनि हजुरको भक्तकहाँ म जाने छैन भन्दै जुत्ताको धुलो आफ्नो शिरमा लगाउँछ।

गरीब, काल जो पीसै पीसना, जौरा है पनिहार।
ये दो असल मजूर हैं, मेरे साहेब के दरबार।।

काल एक्काइस ब्रह्माण्डका भगवान (ब्रह्म) हुन्, उनी ब्रह्मा, विष्णु र शिवका बुबा हुन्। यसले मेरा कबीर साहेबको पीठो पिस्छ अर्थात् पक्का नोकर हो र जौरा (मृत्यु) ले चाहिँ मेरा कबीर साहेबको पानी भर्छे अर्थात् विशेष नोकर्नी हो। यी दुई मेरा साहेबको दरबारका असल मजदुर हुन्।

केही दिनपछि करूणामय साहेब आएर रानीलाई सत्यनाम प्रदान गर्नु भयो। रानी इन्द्रमतीको श्रद्धा देखेर फेरि केही समयपछि वहाँले सारनाम दिई शब्द उपलब्ध गराउनु भयो। कबीर परमेश्वर रानी इन्द्रमतीलाई दर्शन दिन समय समयमा जानु हुँदा रानीले मालिक, मेरा पति राजालाई पनि सम्झाउनु होस्, उनले पनि मानुन् र राजा हजुरको चरण कमलमा आए भने मेरो जीवन सफल हुने छ भनेर प्रार्थना गर्थिन्। कबीर साहेब (करूणामय) ले राजा चन्द्रविजयलाई तपाईं पनि नाम लिनु होस्। यो त दुई दिनको राज र रवाफ हो। प्राणी त फेरि चौरासी लाख योनीहरूमा जाने छ भन्दै सम्झाउनु भयो। चन्द्रविजयले भगवान म त नाम लिन्न तर हजुरको शिष्यालाई रोक्दिन पनि, उनले सबै ढुकुटी दान गरून् कि कुनै सत्सङ्ग गराऊन्, उनलाई म निषेध गर्दिनँ भने। कबीर साहेबले तपाईंले नाम किन नलिने भनेर सोध्नु भयो। चन्द्रविजयले ठूला ठूला राजाहरूको भोज वा पार्टीमा जानु पर्छ भनेर जवाफ दिए। करूणामयले पार्टीमा जानका लागि नामले के बाधा पुऱ्याउँछ र? सभामा जाऊ, त्यहाँ काजु खाऊ, दुध पिऊ, सरबत पिऊ तर रक्सी प्रयोग नगर किनकि रक्सी पिउनु महापाप हो भन्नु भयो तर पनि राजा मानेनन्।

रानीले पुनः प्रार्थना गरेपछि करूणामय (कबीर) साहेबले राजालाई फेरि पनि नाम बिना यो जीवन व्यर्थै खेर जाने छ, त्यसैले नाम लिनु होस् भनी सम्झाउनु भयो। राजाले पहिलाकै कुरा दोहोऱ्याउँदै गुरू जी मलाई नाम लिनका लागि नभन्नु होस्, हजुरको शिष्यालाई नलिनु भन्दिन, उनले जति नै दान या सत्सङ्ग गरे पनि म रोक्दिन भने। कबीर साहेबले रानीलाई भन्नु भयो,–हेर छोरी, यो दुई दिनको सुख देखेर राजाको बुद्धि भ्रष्ट भइ सकेको छ। तिमी प्रभुको चरणमा लागिराख। आफ्नो आत्मकल्याण गराऊ। यहाँ कोही कसैको पति, पत्नी होइनन्। यी सबै पूर्व जन्मका संस्कारले बनेको दुई दिनको सम्बन्ध हुन्। आफ्नो कर्मलाई बनाऊ। ४० वर्षको उमेरमा नै मर्नु पर्ने इन्द्रमती ८० वर्षकी भइन् र शरीर पनि कमजोरीले गर्दा धर्मराउन थालेपछि करूणामय साहेबले भन्नु भयो,– इन्द्रमती अब भन तिमी के चाहन्छौ ? सत्यलोक जान चाहन्छौ ?" इन्द्रमतीले परमेश्वर, म तयार छु, पूरै तयार छु दाता भनिन्। तिम्रा नाति वा नातिनी प्रति कुनै ममता त छैन भनेर करूणामय साहेबले सोध्नु भयो। रानीले पटक्कै छैन साहेब। हजुरले कति निर्मल ज्ञान दिनु भएको छ भने मलाई यस फोहोर लोकको केही इच्छा छैन भनिन्। कबीर परमेश्वरले ल जाऊँ हिँड छोरी भन्नु भयो र रानीले प्राण त्याग गरिन्। परमेश्वर कबीर बन्दी छोडले रानीको आत्मालाई माथि लानु भयो। यही ब्रह्माण्डमा रहेको एउटा मानसरोवरमा गएर आत्माले नुहाउनु पर्छ। पूर्ण गुरूका स्वरूपमा प्रकट भई कबीर

परमेश्वरले त्यस प्राणीलाई केही समयसम्म त्यहाँ राख्नु हुन्छ। परमेश्वर कबीरले इन्द्रमतीलाई फेरि भन्नु भयो,– यस संसारमा तिम्रो केही इच्छा भएमा त फेरि जन्म लिनु पर्छ। मनमा कुनै इच्छा छ भने सत्यलोक जान सक्दैनौ। इन्द्रमतीले भनिन्,– साहेब, हजुर त अर्न्तयामी हुनु हुन्छ। ममा कुनै इच्छा बाँकी छैन। हजुरको चरण कमलको चाहना मात्र छ। तर मेरो मनमा एउटा शङ्का रहि रहेको छ। मेरा पतिले मेरो कुनै पनि धार्मिक कार्यमा कहिल्यै निषेध गरेनन्। नत्र हिजो आजका पतिहरु त आफ्ना पत्नीहरूलाई बाधा उत्पन्न गरि दिन्छन्। यदि उनले मलाई निषेध गरेको भए म हजुरको चरणमा आउन पाउने थिइन। मेरो कल्याण हुने थिएन। यस शुभकार्यमा गरेको सहयोगका लागि उनले केही लाभ पाउने भए उनलाई पनि दया गर्नु होला, दाता। यो अबोध फेरि यसमै झुण्डिई भन्ने परमेश्वर कबीरले ठहर गर्नु भयो र भन्नु भयो,– ठीक छ छोरी, अझ दुई-चार वर्ष तिमी यहीँ बस।

दुई वर्षपछि राजा पनि मर्न लागे। उनले नाम नलिएका हुनाले यमका दूतहरु आए। चक्कर लागेर राजा चोकमा ढले र यमका दूतहरूले उनको गर्धन थिचे। राजाको दिसा र पिसाब निस्कियो। करूणामय (कबीर) साहेबले रानीलाई हेर तिम्रो राजाको कस्तो हालत भइ रहेछ भनेर मानसरोवरबाट देखाउनु भयो। यी सबै कौतुक देखेर रानीले हे दाता, मेरो भक्तिमा गरेको सहयोग निम्ति उनले केही मात्रामा भए पनि फल पाउने भए दया गर्नु होस् भनिन्। रानीमा थोरै भए पनि अझै माया बाँकी थियो। करूणामयले यो फेरि कालको जालमा फस्ने छे भन्ने सोचेर साहेब कबीर मानसरोवरबाट राजा अचेत भएको ठाउँमा पुग्नु भयो। यमदूतहरु राजाको प्राण झिकि रहेका थिए। कबीर साहेब आउनासाथ यमदूतहरु मुर्दाबाट गिद्ध उडे झैं आकाशमा उडे। राजा चन्द्रविजय होसमा फर्किए। सामुन्ने करूणामय साहेब हुनु हुन्थ्यो। करूणामय साहेबलाई चन्द्रविजयले मात्र देखे अरूले देखेनन्। आफ्नो जीवन समाप्त हुन लागेको देखी राजाले साहेबका चरणमा परेर– माफ गर्नु होस् दाता, मेरो जीवन बचाउनु होस् भन्दै याचना गर्न थाले (उनका आँखा खुल्दा कुरा बिग्रि सकेको थियो)। कबीर साहेबले राजा, हिजो जे कुरा थियो, आज पनि कुरा त्यही नै हो, नाम लिनु पर्छ भन्नु भयो। राजाले नाम लिन्छु, अहिले नै लिन्छु, हजुर भने। कबीर साहेबले नाम उपदेश दिएर अब म तिमीलाई दुई वर्ष आयु थपि दिन्छु, यसमा एक स्वाँस मात्र पनि खाली गयो भने फेरि कर्मदण्ड बाँकी रहने छ भन्नु भयो।

कबीर, जीवन तो थोडा भला, जै सत सुमरण हो। लाख वर्ष का जीवना, लेखे धरे ना को।।

शुभकर्मलाई सहयोग गरेको पछिल्लो कर्म र दुई वर्ष श्रद्धापूर्वक स्मरण गरेको आधारमा तीनवटै नाम प्रदान गरी कबीर साहेबले चन्द्रविजयलाई पनि पार गराएर लैजानु भयो। बोलौं - (कबीर परमेश्वर) कविर्देवको जय। "जय बन्दी छोड"।

परमेश्वर कबीर साहेबले साँच्चो श्रद्धालुको आयु बढाएर उसको परिवारको रक्षा पनि गर्नु हुन्छ भन्ने कुरा उपर्युक्त विवरणबाट सिद्ध हुन्छ। यो प्रमाण धेरै

पहिलेको हो। वर्तमान समयमा साधारण व्यक्तिले विश्वास गर्दैनन्। पूज्य कबीर परमेश्वरको शक्तिले सतगुरू रामपाल जीले गर्नु भएका कष्ट निवारण र आयु वृद्धि सम्बन्धी प्रमाणहरु यसै पुस्तकको 'बाटो बिराएकाहरूलाई सतमार्ग' नामक लेखमा पढ्नु होस् ।

## कलियुगमा कबीर साहेब (कविर्देव) प्रकट हुनु भयो

विक्रम संबत् १४५५ (सन् १३९८) जेष्ठ महिनाको पूर्णिमाको बिहान ब्रह्ममुहुर्तमा पूर्ण परमेश्वर कबीर (कर्विदेव) जी स्वयं आफ्नो मूल स्थान, सत्यलोकबाट आएर बालकको रूप धारण गरी काशीको लहरतारा तलाउभित्र कमलको फूलमा बस्नु भयो।

पहिला म नीरू-नीमाको बारेमा बताउन चाहन्छु। द्वापर युगमा नीरू र नीमा सुपच शुदर्शनका बुबा र आमा थिए। उनीहरूले त्यस बेला कबीर साहेबको कुरा स्वीकार गरेका थिएनन्। अन्त्यमा सुदर्शनले करूणामय रूपमा आउनु भएको कबीर साहेबसँग प्रार्थना गरेका थिए,—प्रभु, हजुरले मलाई उपदेशका रूपमा सबैथोक दिनु भयो। हजुरसँग आजसम्म केही माग्ने आवश्यकता नै परेको छैन किनकि हजुरले सबै मनोकामना पूरा गरि दिई वास्तविक भक्तिधनले परिपूर्ण पारि दिनु भयो। यस दासको प्रार्थना उचित लागेमा स्वीकार गर्नु होला। मेरा आमा बुबाले कुनै जन्ममा मानव शरीर पाउनु भएमा वहाँहरूलाई सम्हाल्नु होला प्रभु। वहाँहरु धेरै पुण्यात्मा हुनु हुन्छ तर आज वहाँहरूको बुद्धि उल्टो भएकोले परमात्माको वाणीलाई स्वीकार गरि रहनु भएको छैन। कबीर साहेबले तिमी चिन्ता नगर, नत्र तिमी आफ्ना आमा बुबाको चक्करमा यहाँ अल्झिने छौ, समय आएपछि यिनीहरूलाई पनि सम्हाल्छु र कालको जालबाट पार गर्छु, तिमी निश्चिन्त भएर सत्यलोक जाऊ भन्नु भयो। सुदर्शन जी सत्यलोक गए।

कलियुगमा नीरू र नीमाको रूपमा जन्मिनुभन्दा अगाडि पनि सुदर्शनका बुबा र आमाको जन्म ब्राह्मणको घरमा भएको थियो र त्यस बेला पनि निसन्तान नै थिए। फेरि उनीहरूको तेस्रो मनुष्य जन्म काशीमा भयो। त्यस बेला पनि उनीहरु ब्राह्मण र ब्राह्मणी (गौरी शङ्कर र सरस्वती नामका) थिए, सन्तान फेरि पनि भएनन्।

नीरू र नीमा दुवै गौरी शङ्कर र सरस्वती नाम भएका ब्राह्मण जातिका थिए र भगवान शिवका उपासक थिए। शिव पुराणबाट भगवान शिवको महिमा निस्वार्थ भावले भक्तात्माहरूलाई सुनाउने गर्दथे। कसैबाट पैसा लिँदैनथे। उनीहरु कति असल आत्मा थिए भने कसैले आफू खुशीले दिएको दक्षिणाबाट आफूलाई खान पुग्ने मात्र राख्थे र बचेको पैसाले भण्डारा (साधुहरूलाई भोजन) गराउँथे।

अन्य स्वार्थी ब्राह्मणहरूले गौरी शङ्कर र सरस्वतीको इर्ष्या गर्थे किनकि गौरी शङ्कर निस्वार्थ रूपमा कथा वाचन गर्थे। पैसाको लोभमा उनले भक्तहरूलाई नअल्मल्याउने भएकोले उनीहरु प्रशंसाको पात्र बनेका थिए। अर्को तर्फ यिनीहरूको पक्षमा कुनै हिन्दू, ब्राह्मण छैनन् भन्ने कुरा मुसलमानहरूले थाहा पाए। त्यसको

फाइदा उठाएर उनीहरूलाई जबरजस्ती मुसलमान बनाइ दिए। मुसलमानहरूले आफ्नो पानी उनीहरूको घरभित्र चारैतिर र सबै लुगामा छर्कि दिए तथा मुखमा पनि हालि दिए। त्यसपछि हिन्दू ब्राह्मणहरूले अब यिनीहरु मुसलमान बने भनेर उनीहरूसँग सबै सम्बन्ध नै तोडि दिए।

## नीरू-नीमालाई जुलाहाको उपाधि तथा परमेश्वर प्राप्ति

विचरा गौरी शङ्कर र सरस्वती विवश भए। मुसलमानहरूले पुरूषको नाम नीरू र महिलाको नाम नीमा राखे। पहिला उनीहरूकहाँ पूजाका लागि मानिसहरु आउँथे र त्यसबाट उनीहरूको गुजारा चलि रहेको थियो र बचेको रूपियाँ-पैसा पनि दुरूपयोग नगरी धर्म-भण्डारा (साधुहरूलाई भोजन) गराउँथे। तर पछि पूजाका लागि मानिसहरु आउन छोडे। उनीहरूले अब के काम गर्ने भनी सोच विचार गरेर एउटा कपडा बुन्ने तान बनाए र जुलाहाको (कपडा बुनेर) जीवन निर्वाह गर्न थाले। कपडा बुनेर आर्जन गरेको पैसाबाट घरखर्च गरेर बचेको रकम भण्डारामा लगाउँथे। तिमीहरु अब मुसलमान भयौ भनेर हिन्दू ब्राह्मणहरूले नीरू नीमालाई गंगाको घाटमा गंगा नदीमा स्नान गर्न पनि रोक लगाइ दिए।

गंगा नदीको पानीको लहर छचल्किएर काशीमा लहरतारा नामक धेरै ठूलो तलाउ बनेको थियो। त्यसमा अति नै निर्मल पानी भरिएको थियो र त्यहाँ कमलका फूलहरु फुलेका थिए। विक्रम संवत १४५५ (सन् १३९८) को जेठ महिना शुद्धि पुर्णिमाको ब्रह्म मुहुर्त (सूर्योदय भन्दा लगभग डेढ घण्टा पहिला) मा परमेश्वर कबीर (कविर्देव) आफ्नो सत्यलोक (ऋतधाम) बाट सशरीर आएर बालक रूप बनाई लहरतारा तलाउमा कमलको फूलमा विराजमान हुनु भयो। त्यही लहरतारा तलाउमा नीरू र नीमा बिहानै नुहाउनका लागि दिनहुँ जान्थे। एउटा अत्यन्त तेजपुञ्जयुक्त चम्किलो गोला (बालक रूपमा परमेश्वर कबीर साहेब जी तेजपूर्ण शरीरमा आउनु भएको थियो, टाढाबाट प्रकाशपुञ्ज झैं देखिएको हो) माथि (सत्य लोक) बाट आएर कमलको फूलमा समेटियो। त्यसले गर्दा लहरतारा तलाउ पूरै झलमल्ल भयो र एउटा कुनामा गएर त्यो अदृश्य भयो। स्वामी रामानन्द जीका शिष्य ऋषि अष्टानन्द जीले आफ्नै आँखाले यो दृश्य देखि रहेका थिए। अष्टानन्द जी पनि स्नान गर्नका लागि एकान्त ठाउँमा त्यही लहरतारा तलाउमा प्रतिदिन जाने गर्दथे। त्यहाँ बसेर उनी साधना, गुरूदेवले दिनु भएको मन्त्रको जप गर्थे र प्रकृतिको आनन्द लिन्थे। त्यति तेजिलो प्रकाश देखेपछि अष्टानन्द स्वामी जीको आँखा नै तिर्मिराएको थियो। कि यो मेरो भक्तिको उपलब्धि हो कि त मेरो मनको भ्रम हो भन्ने ऋषिले सोचेर त्यसको कारण सोध्न आफ्ना गुरूदेवकहाँ गए।

आदरणीय रामानन्द जीलाई सबै कुरा बताउँदै अष्टानन्द जीले भने,– गुरूदेव! मैले आज जीवनमा कहिल्यै नदेखेको प्रकाशपुञ्ज देखेँ। आकाशबाट एउटा प्रकाश समूह आइ रहेको थियो। मेरा आँखाले त्यो प्रकाश सहन गर्न सकेन। मेरा

आँखा बन्द भए र बन्द आँखामा एउटा शिशुको रूप देखियो (जस्तो सूर्यतिर हेरेपछि एउटा गोला देखिन्छ, त्यस्तै बालक देखिन थाल्यो)। यो मेरो भक्तिको कुनै उपलब्धि हो वा दृष्टिदोष ? स्वामी रामानन्द जीले भन्नु भयो,– बाबु, माथिका लोकहरूबाट कुनै अवतार आउँदा यस्तो लक्षण देखा पर्छ। यहाँ कसैकहाँ वहाँ प्रकट भएर कुनै आमाको कोखबाट जन्म लिई लीला गर्नु हुन्छ। (किनकि ऋषिहरूलाई कोखबाट मात्र जन्म हुन्छ भन्ने ज्ञान छ।) ऋषिले आफूसित भएको ज्ञानको आधारमा शिष्यको शङ्का समाधान गरि दिनु भयो।

त्यो दिन पनि नीरू र नीमा सँधै झैं नुहाउन गइ रहेका थिए। बाटोमा नीमाले प्रभुसँग प्रार्थना गरिन्,– हे भगवान शिव! (उनीहरु मुसलमान बनेका भए पनि वर्षौं देखिको साधनालाई हृदयबाट मेटाउन वा बिर्सन सकेका थिएनन्) के तपाईंसित हाम्रो लागि एउटा बच्चा पनि छैन ? हामीलाई पनि एउटा छोरो दिनु होस् ताकि हाम्रो जीवन पनि सफल हुने थियो भन्दै बेस्सरी रून थालिन्। उनका पति नीरूले भने,– नीमा, प्रभुको इच्छामा प्रसन्न रह्यौं भने नै हाम्रो हित हुन्छ। यसरी नै रोइ रह्यौ भने तिम्रो शरीर कमजोर हुन्छ, आँखा देख्न बन्द हुन्छ। हाम्रो भाग्यमा नै सन्तान छैन। यति भन्दाभन्दै उनीहरु लहरतारा तलाउमा पुगे। अलि अलि अँध्यारो थियो। नीमा नुहाएर बाहिर आइन् र लुगा फेरिन्। तलाउमा पसेर नीरूले डुबुल्की मारेर नुहाउन थाले। नुहाउँदा लगाएका लुगा धुन नीमा पुनः तलाउको किनारमा जाँदा अध्याँरो हटि सकेको थियो। सुर्योदय हुनै लागेको थियो। तलाउमा अगाडि रहेको कमलको फूलमा कुनै वस्तु हल्लि रहेको नीमाले देखिन्। शिशु रूपका कबीर साहेबले एउटा गोडाको बुढीऔंला मुखमा राख्नु भएको थियो र अर्को गोडा हल्लाई रहनु भएको थियो। पहिला त नीमाले सायद कुनै सर्प हो कि। कहीं मेरो पतिलाई डस्न त आएको होइन ? भनेर सोचिन् तर ध्यानपूर्वक हेर्दा त्यो बालक हो भनेर ठम्याउन समय लागेन– बालक, त्यो पनि कमलको फूलमा ? नीमाले नीरूलाई बोलाउँदै 'बच्चा डुब्छ' भन्दै चिच्याइन्। नीमालाई तिमी बच्चाको चिन्ताले पागल भएकी छौ, मूर्ख। अब त पानीमा पनि बच्चा देख्न थाल्यौ भन्दै नीरू कराए। नीमाले अँ, ऊ त्यो अगाडिको कमलको फूलमा हेर्नु त भनिन्। नीमाको ठूलो आवाजबाट प्रभावित भएर उनले देखाए तिर नीरूले हेर्दा एउटा कमलको फूलमा नवजात शिशु सुतेको देखे। नीरूले बालकलाई फूलसहित उठाएर ल्याई नीमालाई दिए र आफू चाहिँ नुहाउन लागे। नुहाइ सकेर नीरू बाहिर आए। नीमा शिशुका रूपमा आएका परमेश्वरलाई धेरै माया गरि रहेकी थिइन् तथा (उनी शिव भक्त भएकोले) शिव प्रभुको प्रशंसा तथा स्तुति गरि रहेकी थिइन्,– प्रभु, मेरो वर्षौं देखिको मनोकामना पूरा गरि दिनु भयो। हे शिव प्रभु! आज नै मैले हृदयदेखि पुकार गरेकी थिएँ, आजै सुनि दिनु भयो।

कबीर परमेश्वरको नाम मात्र लिँदा पनि हाम्रो हृदयमा विशेष कम्पन हुन्छ, वहाँको प्रेममा रोम-रोम पुलकित हुन्छ, आत्मा तृप्त भएर आउँछ र जुन आमा, दिदी-

बहिनीले छातीमा टाँसेर पुत्रवत् प्रेम गरे र जुन आनन्द आमालाई भयो होला, त्यो अवर्णनीय छ। कसैले सक्खर खाएर त्यसको आनन्द अरूलाई बताउन सक्दैन, खाने व्यक्तिले मात्र त्यसको अनुभव गर्न सक्छ। आमाले आफ्नो शिशुलाई माया गरेझैं नीमाले शिशु रूपधारी परमेश्वरलाई कहिले मुखमा म्वाईं खाने, कहिले छातीमा टाँस्ने गरिन् अनि पटक-पटक शिशुको मुखमा एकोहोरो हेरि रहन्थिन्। यत्तिकैमा नीरू नुहाएर बाहिर आए। (किनकि मानिसले समाजतर्फ धेरै ध्यान दिन्छ) नीरूले विचार गरे,– न मुसलमानसँग हाम्रो कुनै लगाव छ, न त हिन्दू ब्राह्मणहरूले नै हामीलाई मन पराउँछन्। उनीहरु त हामीसँग ईर्ष्या गर्छन्। पहिला यस अवसरको फाइदा मुसलमानहरूले उठाए र हामीलाई मुसलमान बनाए। हाम्रो कोही साथी छैनन्। हामीले यो शिशुलाई लग्यौं भने मानिसहरूले हामीलाई यसको आमा बुबा को हुन् ? तिमीहरूले कसको बच्चा उठाएर ल्यायौ ? यसको आमा रोइ रहेकी होलिन् ' भनेर सोध्ने छन्। हामीले के जवाफ दिने ? कसरी बताउने ? हामीले यो शिशु कमलको फूलमा थियो भन्दा कसले पो पत्याउँछ र। अनि यत्ति विचार गरी नीरूले यो बालक यहीँ छोडि देऊ भनी नीमालाई भने। नीमाले जवाफ दिइन्,– म यस शिशुलाई यहाँ छोड्न सक्दिन, मेरो प्राण जान सक्छ, म त छट्पटिएरै मर्छु। किन हो, यस बालकले मलाई कस्तो जादू गरेको छ। म यसलाई छोड्न सक्दिन। नीरूले नीमालाई समाजले गर्ने तथा सहनु पर्ने विभिन्न अवस्था बारे सम्झाए। यस बालकका लागि म देशनिकाला जस्तो सजाय भोग्न पनि तयार छु, तर यसलाई छोड्दिन भनेर नीमाले बताइन्। नीमाको अबुझपनलाई देखेर यो पागल भई, यसलाई समाजको पनि ख्याल छैन भनी सोचेर नीरूले नीमालाई भने,– आजसम्म मैले तिम्रो कुनै कुराको अवहेलना गरेको थिइनँ किनकि हाम्रो सन्तान थिएन। तिमीले भनेका सबै कुरा मैले स्वीकार गरें तर आज म तिम्रो यो कुरा मान्दिन। यस बालकलाई यहीँ राखिदेऊ नत्र तिमीलाई दुई थप्पड लगाइ दिन्छु। ती महापुरूषले पहिलोपटक आफ्नो पत्नीमाथि हात उठाउन खोजेका थिए। त्यसै बेला शिशुरूपका कबीर परमेश्वर (कविर्देव) ले नीरू, मलाई घर लैजाऊ, तिमीलाई कुनै आपत्ति आउने छैन भन्नु भयो। शिशुरूपी परमेश्वरको वचन सुनेर नीरू यो बालक त कुनै देवदूत वा सिद्ध पुरूष होला र कुनै आपत्ति पो आइ पर्ला कि भन्ने डरले चुपचाप घर आए।

बालकलाई लिएर घर आएपछि सबैले यो बालक कहाँबाट ल्यायौ भनेर सोध्न नै बिर्से। काशीका महिला र पुरूषहरु बालकलाई हेर्न आउँदा सबै यो त कुनै देवता जस्तो देखिन्छ, यति सुन्दर शरीर, यस्तो तेजोमय शिशु त पहिला कहिल्यै देखेका थिएनौं भन्न थाले। कसैले त यो ब्रह्मा, विष्णु, महेश मध्ये कुनै एक प्रभु हुन् भने। ब्रह्मा-विष्णु-महेशले त यो कुनै माथिल्लो लोकबाट आएको शक्ति हो भन्छन् । यसरी सबैले आ-आफ्नो टिप्पणी गरि रहेका थिए।

गरीब, चौरासी बंधन काटन, कीनी कलप कबीर। भवन चतुरदश लोक सब, टुटैं जम जंजीर।।३७६।।
गरीब, अनंत कोटि ब्रह्माण्ड में, बंदी छोड कहाय। सो तौ एक कबीर हैं, जननी जन्या न माय।।३७७।।
गरीब, शब्द स्वरूप साहिब धनी, शब्द सिंध सब माँहि। बाहर भितर रमि रह्या, जहाँ तहां सब ठांहि।।३७८।।
गरीब, जल थल पृथ्वी गगन में, बाहर भितर एक। पूरणब्रह्म कबीर हैं, अविगत पुरूष अलेख।।३७९।।
गरीब, सेवक होय करि ऊतरे, इस पृथ्वी के माँहि। जीव उधारन जगतगुरू, बार बार बलि जांहि।।३८०।।
गरीब, काशीपुरी कस्त किया, उतरे अधर अधार। मोमन कूं मुजरा हुवा, जगंल मे दीदार।।३८१।।
गरीब, कोटि किरण शशि भान सुधि, आसन अधर बिमान। परसत पूरणब्रह्म कूं, शितल पिंडरू प्राण।।३८२।।
गरीब, गोद लिया मुख चूंबि करि, हेम रूप झलकंत। जगर मगर काया करै, दमकैं पदम अनंत।।३८३।।
गरीब, काशी उमटी गुल भया, मोमन का घर घेर। कोई कहै ब्रह्मा विष्णु हैं, कोई कहै इन्द्र कुबेर।।३८४।।
गरीब, कोई कहै छल ईश्वर नही, काई किंनर कहलाय। कोई कहै गण ईश का, ज्यूं ज्यूं मात रिसाय।।३८८।।
गरीब, कोई कहै वरूण धर्मराय है, कोई काई कहते ईश। सोलह कला सुभांन गति, कोई कहै जगदीश।।३८५।।
गरीब, भक्ति मुक्ति ले ऊतरे, मेटन तिनूं ताप। मोमन के डेरा लिया, कहै कबीरा बाप।।३८६।।
गरीब, दूध न पीवै न अन्न भखै, नही पलने झूलंत। अधर अमान धियान में, कमल कला फूलंत।।३८७।।
गरीब, काशी में अचरज भया, गई जगत की नींद। ऐसे दुल्हे ऊतरे, ज्यूं कन्या वर बींद।।३८९।।
गरीब, खलक मुलक देखन गया, राजा प्रजा रीत। जंबूदीप जिहाँन में, उतरे शब्द अतीत।।३९०।।
गरीब, दुनी कहै योह देव है, देव कहत हैं ईश। ईश कहै पारब्रह्म है, पूरण बीसवे बीस।।३९१।।

**परमेश्वर कबीर जी नै अनादि परम गुरू हुनु हुन्छ। वहाँ नै रूपान्तरण भएर सन्त र ऋषिको भेषमा समय समयमा (स्वयम्भू) स्वयं प्रकट हुनु हुन्छ। कालका दूतहरु (सन्तहरू) ले बिगारेको तत्त्वज्ञानलाई स्वस्थ बनाउनु हुन्छ। कबीर साहेबले नै ब्रह्मा, विष्णु, शिव आदि देवताहरु, ऋषि, मुनि तथा सन्तहरूलाई समय समयमा सत्यलोकबाट आएर नाम उपदेश दिनु भयो। कबीर जीले आफैंले बताउनु भएको कुरालाई आदरणीय गरीबदास महाराजले आफ्नो वाणीमा यसरी लेख्नु भएको छ :**

आदि अंत हमरा नहीं, मध्य मिलावा मूल। ब्रह्मा ज्ञान सुनाईया, घर पिंडा अस्थूल।।
श्वेत भूमिका हम गए, जहाँ विश्वम्भरनाथ। हरियम् हीरा नाम दे, अष्ट कमल दल स्वांति।।
हम बैरागी ब्रह्म पद, सन्यासी महादेव। सोहं मन्त्र दिया शङ्कर कूं, करत हमारी सेव।।
हम सुल्तानी नानक तारे, दादु कूं उपदेश दिया। जाति जुलाहा भेद न पाया, काशी माहे कबीर हुवा।।

सतयुग में सतसुकृत कह टेरा, त्रेता नाम मुनिन्द्र मेरा।
द्वापर में करूणामय कहलाया, कलियुग में नाम कबीर धराया।।
चारों युगों में हम पुकारैं, कूक कहैं हम हेल रे।
हीरे मानिक मोती बरसें, ये जग चुगता ढेल रे।।

**कबीर परमेश्वर नै अविनाशी परमात्मा हुनु हुन्छ भन्ने कुरा उपरोक्त वाणीबाट सिद्ध हुन्छ। वहाँ नै अजर अमर हुनु हुन्छ र वहाँ नै चारै युगमा अतिथि रूपमा केही समयका लागि यस संसारमा स्वयं आएर आफ्नो सद्भक्तिको मार्ग दिनु हुन्छ।**

# पूर्ण सन्तको पहिचान

## (पवित्र सद्ग्रन्थहरूबाट पूर्ण सन्तको पहिचान)

**वेद, गीता जी आदि पवित्र सत्ग्रन्थमा जब जब धर्मको हानी हुन्छ तथा अधर्मको बृद्धि हुन्छ वा अहिलेको नक्कली सन्त, महन्त तथा गुरूहरूद्वारा भक्ति मार्गको स्वरूप बिगारिन्छ अनि परमेश्वर स्वयम् आएर वा आफ्नो परमज्ञानी सन्तलाई पठाएर सच्चा ज्ञानद्वारा धर्मको पुनः स्थापना गर्नु हुन्छ भन्ने प्रमाण पाइन्छ। उहाँले भक्तिमार्ग शास्त्रानुसार सम्झाउनु हुन्छ। ती पूर्ण सन्त तथा परमज्ञानी सन्तको पहिचान तब हुन्छ जब अहिले भएका धर्मगुरूहरू ती सन्तको विरोधमा खडा भएर राजा तथा प्रजालाई अल्मल्याएर उनीमाथि अत्याचार गराउँछन्। कबीर साहेब जी आफ्नो वाणीमा भन्नु हुन्छ :**

जो मम संत सत उपदेश दृढावै (बतावै), वाके संग सभि राड बढावै।
या सब संत महंतन की करणी, धर्मदास मैं तो से वर्णी।।

**कबीर साहेब आफ्नो प्रिय शिष्य धर्मदासलाई यस वाणीमा मेरा सत भक्तिमार्ग बारे बताउने सन्तसँग अन्य सबै सन्त तथा महन्तले झगडा गर्ने छन् भन्ने कुरा सम्झाउँदै यो उसको पहिचान हुने छ भन्नु हुन्छ।**

**दोस्रो पहिचान ती सन्त सम्पूर्ण धर्म ग्रन्थहरूको पूर्ण ज्ञाता हुने छन्। प्रमाण सतगुरू गरीबदास जीको वाणी मा :**

सतगुरू के लक्षण कहूँ, मधूरे बैन विनोद। चार वेद षट शास्त्र, कहै अठारा बोध।।

**सतगुरू गरीबदास जी महाराज आफ्नो वाणीमा पूर्ण सन्तको पहिचान बताउनु हुन्छ- यसरी उनी चारै वेद, छः शास्त्र, अठार पुराणहरू आदि सबै ग्रन्थको पूर्ण ज्ञाता हुने छन्। अर्थात् ती सबको सार निकालेर बताउने छन्। यजुर्वेद अध्याय १९ मन्त्र २५, २६ मा लेखिएको छ– वेदका अधुरा वाक्य अर्थात् साङ्केतिक शब्दहरू तथा एक चौथाइ श्लोकहरूलाई पूरा गरेर विस्तारमा बताउने छ, तीन समयको पूजाको बारेमा बताउने छन्, बिहान पूर्ण परमात्माको पूजा, मध्यान्हमा विश्वका देवताहरूको सत्कार तथा सन्ध्या आरती अलग रूपमा बताउने छन् उनी नै जगत्को उपकारक सन्त हुन्छन्।**

**यजुर्वेद अध्याय १९ मन्त्र २५**

सन्धिछेद : अर्द्ध ऋचैः उक्थानाम् रूपम् पदैः आप्नोति निविदः।
प्रणवैः शस्त्राणाम् रूपम् पयसा सोमः आप्यते ।।२५।।

**अनुवाद** : जुन सन्त (अर्द्ध ऋचैः) वेदका अर्द्ध वाक्यहरू अर्थात् साङ्केतिक शब्दहरू पूर्ण गरेर (निविदः) आपूर्ति गर्दछ (पदैः) श्लोकको चौथौ भागहरूलाई अर्थात् आंशिक वाक्यहरूलाई (उक्थानम्) स्त्रोत्रका (रूपम्) रूपमा (आप्नोति) प्राप्त गर्छ अर्थात् आंशिक विवरणलाई पूर्ण रूपले सम्झन्छन् र सम्झाउँछन् (शस्त्राणाम)

जस्तो शस्त्रहरू चलाउन जान्नेले त्यसको (रूपम्) पूर्ण रूपले प्रयोग गर्छ त्यस्तै पूर्ण सन्त (प्रणवैः) ओंकारहरू अर्थात् ओम्-तत्-सत् मन्त्र पूर्ण रूपमा सम्फेर वा सम्झाएर (पयसा) दूध-पानी छान्छ अर्थात् पानी रहित दूध जस्तो तत्त्व ज्ञान प्रदान गर्छ जसबाट (सोमः) अमर पुरूष अर्थात् अविनाशी परमात्मा (आप्यते) प्राप्त गराउँछ। ती पूर्ण सन्तलाई वेद ज्ञाता भनिन्छ।

**भावार्थ : तत्त्वदर्शी सन्त ऊ हो, जसले वेदको साङ्केतिक शब्दहरूको पूर्ण विस्तार पूर्वक वर्णन गर्दछ र जसबाट पूर्ण परमात्माको प्राप्ति हुन्छ। उसलाई नै वेदज्ञाता भनिन्छ।**

**यजुर्वेद अध्याय १९ मन्त्र २६**

सन्धिछेदः अश्विभ्याम् प्रातः सवनम् इन्द्रेण ऐन्द्रम् माध्यन्दिनम्।
वैश्वदैवम् सरस्वत्या तृतीयम् आप्तम् सवनम् ।।२६।।

**अनुवाद**ः ती पूर्ण सन्तले तीन समयको साधना बताउँछन्। (अश्विभ्याम्) सूर्यको उदय-अस्तबाट बनेको एक दिनको आधारले (इन्द्रेण) प्रथम श्रेष्ठताबाट सम्पूर्ण देवताहरूका मालिक पूर्ण परमात्माको (प्रातः सवनम्) पूजा त प्रातः कालमा गर्न भन्दछ जुन (ऐन्द्रम्) पूर्ण परमात्माका लागि हुन्छ। दोस्रो (माध्यन्दिनम्) दिनको मध्यमा गर्न भन्छन् जुन (वैश्वदेवम्) सम्पूर्ण देवताहरूको सत्कारसँग सम्बन्धित (सरस्वत्या) अमृतवाणीद्वारा साधना गर्न भन्दछ तथा (तृतीयम्) तेस्रो (सवनम्) पूजा साँझ (आप्तम्) प्राप्त गर्छ अर्थात् जसले तीनवटै समयको साधना भिन्न भिन्न रूपमा गर्न भन्छन्, ऊ नै जगत्को उपकारक सन्त हो।

**भावार्थः जुन पूर्ण सन्तको विषयमा मन्त्र २५ मा उनले दिनमा तीन पटक (प्राप्तः दिनको मध्य तथा साँझ) साधना गर्न भन्छन् भनी लेखिएको छ। बिहान पूर्ण परमात्माको पूजा, मध्यान्हमा सम्पूर्ण देवताहरूको सत्कारका लागि तथा साँझ सन्ध्या आरती आदि अमृत वाणीद्वारा गर्न भन्छन् उनै सम्पूर्ण संसारको उपकार गर्ने हुन्छ।**

यजुर्वेद अध्याय १९ मन्त्र ३०
सन्धिछेदः व्रतेन दीक्षाम् आप्नोति दीक्षया आप्नोति दक्षिणाम्।
दक्षिणा श्रद्धाम् आप्नोति श्रद्धया सत्यम् आप्यते।।३०।।

**अनुवाद** : (व्रतेन) दुर्व्यसनको व्रत राख्नाले अर्थात् भाङ, रक्सी, मासु तथा सूर्ती आदिको सेवनबाट संयम् राख्ने साधक (दीक्षाम्) पूर्ण सन्तबाट दीक्षा (आप्नोति) प्राप्त हुन्छ अर्थात् ऊ पूर्ण सन्तको शिष्य बन्छ (दीक्षया) पूर्ण सन्त दीक्षित शिष्यबाट (दक्षिणाम्) दान (आप्नोति) प्राप्त गर्छ अर्थात् सन्त उसैबाट दक्षिणा लिन्छन् जसले उबाट नाम लिन्छ। यसै प्रकार विधिवत् (दक्षिणा) गुरूद्वारा बताइए अनुसार जुन दान-दक्षिणाले धर्म गर्छ उसबाट (श्रद्धाम्) श्रद्धा (आप्नोति) प्राप्त हुन्छ (श्रद्धया) श्रद्धापूर्वक भक्ति गर्दा (सत्यम्) सदा रहने सुख तथा परमात्मा अर्थात् अविनाशी परमात्मा (आप्यते) प्राप्त हुन्छ।

भावार्थ : पूर्ण सन्तले त्यही व्यक्तिलाई शिष्य बनाउँछन्, जो सदाचारी हुन्छ। अभक्ष पदार्थ सेवन तथा नशालु पदार्थको सेवन नगर्ने आश्वासन दिन्छ। पूर्ण सन्त उसैबाट दान ग्रहण गर्छन्, जो उसको शिष्य बन्छ अनि गुरूदेवबाट दीक्षा प्राप्त गरेर फेरि दान दक्षिणा दिन्छ, त्यसले श्रद्धा बढ्छ। श्रद्धापूर्वक सत्य भक्ति गर्नाले अविनाशी परमात्माको प्राप्ति हुन्छ अर्थात् पूर्ण मोक्ष हुन्छ। पूर्ण सन्त भिक्षा तथा चन्दा माग्दै घुमफिर गर्दैनन्।

कबीर,गुरू बिन माला फेरते गुरू बिन देते दान।गुरू बिन दोनों निष्फल है पूछो वेद पुराण।

तेस्रो पहिचान तीन प्रकारको मन्त्र (नाम) तीन पटकमा उपदेश गर्छ, जसको वर्णन कबीर सागर ग्रन्थ पृष्ठ नं. २६५ बोध सागरमा पाइन्छ तथा गीता जीको अध्याय नं १७ श्लोक २३ तथा सामवेद सङ्ख्या नं ८२२ मा पाइन्छ। कबीर सागरमा अमर मूल बोध सागर पृष्ठ २६५

तब कबीर अस कहेवे लीन्हा, ज्ञानभेद सकल कह दीन्हा।।
धर्मदास मैं कहों बिचारी, जिहिते निबहै सब संसारी।।
प्रथमहि शिष्य होय जो आई, ता कहैं पान देहु तुम भाई।।१।।
जब देखहु तुम दृढता ज्ञाना, ता कहैं कहु शब्द प्रवाना।।२।।
शब्द मांहि जब निश्चय आवै, ता कहैं ज्ञान अगाध सुनावै।।३।।

फेरि दोहोऱ्याएर सम्झाउनु भयो -

बालक सम जाकर है ज्ञाना। तासों कहहू वचन प्रवाना।।१।।
जा को सूक्ष्म ज्ञान है भाई। ता को स्मरन देहु लखाई।।२।।
ज्ञान गम्य जा को पुनि होई। सार शब्द जा को कह सोई।।३।।
जा को होए दिव्य ज्ञान परवेशा, ताको कहे तत्त्व ज्ञान उपदेशा।।

उपरोक्त वाणीले कडिहार गुरू (पूर्णसन्त) तीन स्थितिमा सार नामसम्म प्रदान गर्छन् तथा चौथो स्थितिमा सार शब्द प्रदान गर्नु पर्छ भन्ने स्पष्ट गर्छ। किनकि कबीर सागरमा प्रमाण पछि देखिएको हो तर उपदेश विधि पहिले नै पूज्य दादा गुरूदेव तथा परमेश्वर कबीर साहेब जीले हाम्रा पूज्य गुरूदेवलाई प्रदान गर्नु भएको थियो, जसले हामीलाई सुरू देखि नै तीन पटकमा नाम-दानको दीक्षा दिदै आइ रहनु भएको छ।

हाम्रा गुरूदेव रामपाल जी महाराज प्रथम पटकमा श्री गणेश जी, श्री ब्रह्मा सावित्री जी, श्री लक्ष्मी विष्णु जी, श्री शंकर पार्वती जी तथा माता शेरावालीका नाम जाप दिनु हुन्छ। जसको वास हाम्रो मानव शरीरमा बनेका चक्रमा हुन्छन्। मूलाधार चक्रमा श्री गणेश जीको, स्वाद चक्रमा ब्रह्मा सावित्री जीको, नाभी चक्रमा लक्ष्मी विष्णु जीको, हृदय चक्रमा शंकर पार्वती जीको, कण्ठ चक्रमा शेरावाली माताको वास छ र यी देवी देवताहरूको आदि अनादि नाम मन्त्र हुन्छन्, जसको वर्तमानमा (अहिले) भएका गुरूहरूसँग ज्ञान छैन। यी मन्त्रका जापले पाँचै चक्र खुल्छन्। यी

**चक्रहरू खुलेपछि मानव भक्ति गर्न लायक हुन्छ। सतगुरू गरीबदास जी आफ्नो वाणीमा प्रमाण दिन्छन् :**

पाँच नाम गुझ गायत्री आत्म तत्त्व जगाओ। ॐ किलियं हरियम् श्रीयम् सोहं ध्याओ।।

**भावार्थ :- गुझ गायत्री पाँच नाम को जाप गरेर आत्मालाई जागृत तुल्याऊ। दोस्रो पटकमा दुई अक्षरको जाप दिनु हुन्छ जसमा एक ओम् र दोस्रो तत् (जुन गुप्त छ भनेर उपदेशीलाई बताइन्छ।) जुन श्वासका साथ जाप गरिन्छ। तेस्रो पटकमा सारनाम दिनु हुन्छ जुन पूर्ण रूपले गुप्त छ।**

## तीन पटकमा नाम जापको प्रमाण

गीता अध्याय १७ को श्लोक २३

ॐ,तत्,सत्,इति,निर्देशः,ब्रह्मणः,त्रिविधः,स्मृतः,ब्राह्मणाः,तेन,वेदाः,च,यज्ञाः,च,विहिताः,पुरा ।।२३।।

**अनुवाद** : (ॐ) ब्रह्मको (तत्) यो साङ्केतिक मन्त्र परब्रह्मको (सत्) पूर्ण ब्रह्मको (इति) यसरी यो (त्रिविधः) तीन प्रकारको (ब्रह्मणः) पूर्ण परमात्माको नाम सुमरणको (निर्देशः) संकेत (स्मृतः) भनिएको छ (च) र (पुरा) सृष्टिको आदिकालमा (ब्राह्मणाः) विद्वानहरूले बताएका छन् कि (तेन) उनै पूर्ण परमात्माले (वेदाः) वेद (च) तथा (यज्ञाः) यज्ञादि (विहिताः) रचे।

**सङ्ख्या नं. ८२२ सामवेद उतार्चिक अध्याय ३ खण्ड नं. ५ श्लोक नं. ८ (सन्त रामपाल दासद्वारा भाषा-भाष्य)**

मनीषिभिः पवते पूर्व्यः कविर्नृभिर्यतः परि कोशां असिष्यदत्।
त्रितस्य नाम जनयन्मधु क्षरन्निंद्रस्य वायुं सख्याय वर्धयन्।।८।।

मनीषिभिः – पवते–पूर्व्यः - कविर्–नृभि–यतः - परि–कोशान्–असिष्यदत्–
त्रि–तस्य–नाम–जनयन्–मधु–क्षरनः - न–इन्द्रस्य–वायुम्–सख्याय–वर्धयन्।

**शब्दार्थ** : (पूर्व्यः) सनातन अर्थात् अविनाशी (कविर नृभि) कवीर परमेश्वर मानव रूप धारण गरेर अर्थात् गुरू रूपमा प्रकट भएर (मनीषिभिः) हृदयदेखि नै चाहने श्रद्धापूर्वक भक्तिगर्ने भक्तात्मालाई (त्रि) तीन (नाम) मन्त्र अर्थात् नाम उपदेश दिएर (पवते) पवित्र गरेर (जनयन्) जन्म तथा (क्षरनः) मृत्युबाट (न) रहित गर्नु हुन्छ तथा (तस्य) उसको (वायुम्) प्राण अर्थात् जीवन-श्वासलाई जुन संस्कार बस गणना गरि दिएको हुन्छ लाई (कोशान्) आफ्नो भण्डारबाट (सख्याय) मित्रताको आधारले (परि) पूर्ण रूपमा (वर्धयन्) बढाउनु हुन्छ। (यतः) जसकारणले (इन्द्रस्य) परमेश्वरको (मधु) वास्तविक आनन्द (असिष्यदत्) आफ्नो आशीर्वाद प्रसादले प्राप्त गराउनु हुन्छ।

**भावार्थ : यस मन्त्रमा स्पष्ट गरिएको छ– पूर्ण परमात्मा कविर अर्थात् कबीर मानव शरीरमा गुरू रूपमा प्रकट भएर प्रभुका प्रेमीहरूलाई तीन नामको जाप दिएर सत्य भक्ति गराउनु हुन्छ तथा त्यस मित्र भक्तलाई पवित्र बनाएर आफ्नो**

आशिर्वादले पूर्ण परमात्मा प्राप्ति गराएर पूर्ण सुख प्राप्त गराउनु हुन्छ। साधकको आयु बढाउनु हुन्छ। यही प्रमाण गीताको अध्याय १७ श्लोक २३ मा छ कि ओम्-तत्-सत् इति निर्देशःब्रह्मणः त्रिविध स्मृतः भावार्थ : पूर्ण परमात्मा प्राप्ति गर्ने ॐ (१) तत् (२) सत् (३) यो मन्त्र जाप स्मरण गर्ने निर्देशन छ। यो नाम तत्त्वदर्शी सन्तबाट प्राप्त गर। तत्त्वदर्शी सन्तको विषयमा गीता अध्याय ४ श्लोक ३४ मा भनिएको छ तथा गीता अध्याय नं. १५ श्लोक नं. १ देखि ४ मा तत्वदर्शी सन्तको पहिचान बताइएको छ तथा तत्त्वदर्शी सन्तबाट तत्त्व ज्ञान लिएपछि ती परमपद परमेश्वरको खोजी गर्नु पर्छ भनिएको छ। जहाँ गएपछि साधक फर्केर आउँदैनन् अर्थात् पूर्ण मुक्त हुन्छन्। उनै पूर्ण परमात्माबाट संसारको रचना भएको हो।

विशेष : उपरोक्त विवरणबाट पवित्र चारै वेदहरू पनि पूर्ण परमात्मा नै पूजा योग्य हुनु हुन्छ भन्ने कुराको साक्षी छन्। उहाँको वास्तविक नाम कविर्देव (कबीर परमेश्वर) हो तथा तीन मन्त्रको नाम जाप गर्नाले पूर्ण मोक्ष हुन्छ भन्ने स्पष्ट भयो।

धर्मदास जीलाई परमेश्वर कबीर साहेब जीले सार शब्द दिन निषेध गर्नु भएको थियो र यदि सार शब्द कालको कुनै दूतको हातमा पऱ्यो भने बीचका पिढीहरूका हंस मुक्त हुन पाउँदैनन् भन्नु भएको थियो। जस्तो कलीयुगको प्रारम्भमा प्रथम पिढीका भक्तहरू अशिक्षित थिए। तथा कलीयुगको अन्तमा अन्तिम पिढीका भक्त कृतघ्न हुने छन्। वर्तमानमा सन् १९४७ बाट भारत स्वतन्त्र भए पश्चात बीचको पिढी प्रारम्भ भएको छ। सन् १९५१ मा सतगुरू रामपाल जी महाराजलाई पठाइएको हो। अहिले सबै भक्तजन शिक्षित छन्। शास्त्र आफूसँग विद्यमान छ। अब यो सतमार्ग सत साधना पूरा संसारमा फैलने छ तथा नक्कली गुरू तथा सन्त, महन्त लुकेर हिँड्ने छन्।

**कवीर सागर जीव धर्म बोध, बोध सागर पृष्ठ १९३७ मा :**
धर्मदास तोहि लाख दुहाई, सार शब्द कहीं बाहर नहीं जाई।
सार शब्द बाहर जो परि है, बिचली पीढी हंस नहीं तरि है।

पुस्तक 'धनी धर्मदास जीवन दर्शन एवम् वंश परिचय' को पृष्ठ ४६ मा एघारौं पीढीले गद्दी (पद तथा आसन) पाएन भनी लेखिएको छ। जुन महन्तको नाम 'धीरज नाम साहेव' थियो उनी कवर्धामा रहन्थे। त्यसपछि बाह्रौं महन्त 'उग्र नाम साहेब'ले दामाखेडामा गद्दी (पद आसन) स्थापना गरे तथा स्वयम् नै महन्थ बनेर बसे। यसभन्दा पहिले दामाखेडामा आसन थिएन। यसबाट सम्पूर्ण विश्वमा सतगुरू रामपाल जीका अतिरिक्त भक्तिमार्ग कतै छैन भन्ने स्पष्ट हुन्छ। सन्त रामपाल जी महाराज आफ्नो प्रवचनमा पटक-पटक भन्नु हुन्छः सम्पूर्ण प्रभु प्रेमी श्रद्धालुहरूसँग प्रार्थना छ– मलाई प्रभुद्वारा पठाइएका दास सम्झेर आफ्नो कल्याण गराउनु होस्।

यह संसार समझदा नाहीं, कहन्दा श्याम दोपहरे नूं।
गरीबदास यह वक्त जात है, रोवोगे इस पहरे नूं।।

**बाह्रौं पन्थ (सम्प्रदाय) (गरीबदास पन्थलाई बाह्रौं पन्थ लेखिएको छ। कबीर सागर, कबीर चरित्र बोध पृष्ठ १८७०) को विषयमा कवीर वाणी पृष्ठ नं. १३६-१३७ मा लेखिएको वाणी:**

सम्वत् सत्रासै पचहत्तर होई, तादिन प्रेम प्रकटें जग सोई।
साखी हमारी ले जीव समझावै, असंख्य जन्म ठौर नहीं पावै।
बारवें पंथ प्रगट ह्वै बानी, शब्द हमारे की निर्णय ठानी।
अस्थिर घर का मरम न पावैं, ये बारा पंथ हमही को ध्यावैं।
बारवें पंथ हम ही चलि आवैं, सब पंथ मेटि एक ही पंथ चलावें।
धर्मदास मोरी लाख दोहाईं, सार शब्द बाहर नहीं जाई।
सार शब्द बाहर जो परही, बिचली पिढी हंस नहीं तरहीं।
तेतिस अर्ब ज्ञान हम भाखा, सार शब्द गुप्त हम राखा।
मूल ज्ञान तब तक छुपाई, जब लग द्वादश पंथ मिट जाई।

**यहाँ साहेब कबीर जी आफ्नो शिष्य धर्मदास जीलाई वि.सं. १७७५ मा मेरो ज्ञानको प्रचार हुने छ, जुन बाऱ्हौं पन्थ (सम्प्रदाय) हुने छ, बाऱ्हौं पन्थमा मेरो वाणी प्रकट हुने छ तर सही भक्ति मार्ग हुँदैन, अनि बाऱ्हौं पन्थमा म आफै आउँछु र सबै पन्थ मेटाएर केवल एउटा पन्थ चलाउँने छु, तर धर्मदास तिमीलाई लाखौं कसम (बाचा) छ– यो सार शब्द कुनै कुपात्रलाई नदिनु नभए बीचका पिढीका हंस पार (मुक्त) हुन सक्ने छैनन्, त्यसैले जब सम्म बाह्र पन्थ मेटाएर एउटा पन्थ मात्र चल्दैन तब सम्म म यो मूल ज्ञान लुकाएर राख्ने छु भनेर सम्झाउनु भयो। सन्त गरीबदास जीको वाणीमा नामको महत्व :**

नाम अभैपद ऊंचा संतो, नाम अभैपद ऊंचा।
राम दुहाई साच कहत हूं, सतगुरू से पूछा।।
कहै कबीर पुरूष बरियामं, गरीबदास एक नौका नामं।।
नाम निरंजन नीका संतों, नाम निरंजन नीका।।
तीर्थ व्रत थोथरे लागे, जप तप संजम फीका।।
गज तुरक पालकी अर्था, नाम बिना सब दानं व्यर्था।
कबीर, नाम गहे सो संत सुजाना, नाम बिना जग उरझाना।
ताहि ना जाने ये संसारा, नाम बिना सब जम के चारा।।

**सन्त नानक साहेब जीको वाणीमा नाम महत्वः**

नानक नाम चढदी कलां, तेरे भाणे सबदा भला।
नानक दुःखिया सब संसार, सुखिया सोय नाम आधार।।
जाप ताप ज्ञान सब ध्यान, षट शास्त्र सिमरत व्याखान।
जोग अभ्यास कर्म धर्म सब क्रिया, सगल त्यागवण मध्य फिरिया।
अनेक प्रकार किए बहुत यत्ना, दान पूण्य होमै बहु रत्ना।।
शीश कटाये होमै कर राति, व्रत नेम करे बहु भांति।।
नहीं तुल्य राम नाम विचार, नानक गुरूमुख नाम जपिये एक बार।।

## परमपूज्य कबीर साहेब (कविर्देव) को अमृतवाणी

संतो शब्दई शब्द बखाना।। टेक।। शब्द फांस फँसा सब कोई शब्द नही पहचाना।। प्रथमहि ब्रह्म स्वं इच्छा ते पाँचौ शब्द उचारा। सोहं, निरंजन, रंरकार, शक्ति और ओंकारा।। पाँचौ तत्व प्रकृति तीनों गुण उपजाया। लोक द्वीप चारों खान चौरासी लख बनाया।। शब्दइ काल कलंदर कहिये शब्दइ भर्म भुलाया। पाँच शब्द की आशा में सर्वस मूल गंवाया।। शब्दइ ब्रह्म प्रकाश मेंट के बैठे मूंदे द्वारा। शब्दइ निरगुण शब्दइ सरगुण शब्दइ वेद पुकारा।। शुद्ध ब्रह्म काया के भीतर बैठ करे स्थाना। ज्ञानी योगी पंडित औ सिद्ध शब्द में उरझाना।। पाँचइ शब्द पाँच हैं मुद्रा काया बीच ठिकाना। जो जिहसंक आराधन करता सो तिहि करत बखाना। शब्द निरंजन चांचरी मुद्रा है नैनन के माँही। ताको जाने गोरख योगी महा तेज तप माँही।। शब्द ओंकार भूचरी मुद्रा त्रिकुटी है स्थाना। व्यास देव ताहि पहिचाना चांद सूर्य तिहि जाना।। सोहं शब्द अगोचरी मुद्रा भंवर गुफा स्थाना। शुकदेव मुनी ताहि पहिचाना सुन अनहद को काना।। शब्द रंरकार खेचरी मुद्रा दसवें द्वार ठिकाना। ब्रह्मा विष्णु महेश आदि लो रंरकार पहिचाना।। शक्ति शब्द ध्यान उनमुनी मुद्रा बसे आकाश सनेही। झिलमिल झिलमिल जोत दिखावे जाने जनक विदेही।। पाँच शब्द पाँच हैं मुद्रा सो निश्चय कर जाना। आगे पुरूष पुरान निःअक्षर तिनकी खबर न जाना।। नौं नाथ चौरासी सिद्धि लो पाँच शब्द में अटके। मुद्रा साध रहे घट भीतर फिर आंधे मखु लटके।। पाँच शब्द पाँच हैं मुद्रा लोक द्वीप यमजाला। कहैं कबीर अक्षर के आगे निःअक्षर का उजियाला।।

**जस्तो यी शब्द "संतो शब्दई शब्द बखाना" मा सबै सन्तजन शब्द (नाम) को महिमा सुनाउँछन् भनेर लेखिएको छ। पूर्ण ब्रह्म कबीर साहेब जीले शब्द सतपुरूष को पनि छ जुन सतपुरूषको प्रतीक हो तथा ज्योति निरञ्जन (काल) को प्रतीक पनि शब्द नै हो भन्ने बताउनु भएको छ। जस्तो शब्द ज्योति निरञ्जन यसले चाचरी मुद्रा (योगको एक मुद्रा) प्राप्त गराउँछन्। यो गोरख योगीले धैरै तप गरेर प्राप्त गरे जुन आम (साधारण) व्यक्तिको बसको कुरो होइन र गोरखनाथ काल सम्मको साधना गरेर सिद्ध बने तर मुक्त हुन सकेनन्। जब कबीर साहेबले सत्यनाम तथा सार नाम दिए तब गोरखनाथ जीले कालबाट छुट्कारा पाए, यसैले ज्योति निरञ्जनका नामको जाप गर्नेहरू कालको जालबाट बच्न सक्दैनन् अर्थात् सत्यलोक जान सक्दैनन्। शब्द ओंकार (ओ३म्) को जाप गर्नाले भूँचरी (योगको एउटा मुद्रा) मुद्राको स्थितिमा साधक आउँछन्। जुन साधना वेद व्यासले गरे र कालको जालमा नै रहे। सोहं नामको जापले अगोचरी मुद्राको स्थिति हुन्छ र कालको लोकमा बनेको भंवर (जालावत) गुफामा पुग्छ। जसको साधना सुकदेव ऋषिले गरे र केवल श्री विष्णु जीको लोकमा बनेको स्वर्ग सम्म पुगे। शब्द रंरकार खैंचरी मुद्रा दसौं द्वार (सुष्मणा) सम्म पुग्छन्। ब्रह्मा, विष्णु, महेश्वर तीनैले रंरकारलाई सत्य मानेर कालको जालमा अल्मल्लिइ रहे। शक्ति (श्रीयम्) शब्दले उनमनी मुद्रा प्राप्त गराउँछ जुन राजा जनकले प्राप्त गरे तर मुक्ति मिलेन। कति सन्तहरूले पाँच नामहरूमा शक्तिको स्थानमा सत्यनाम जोडि दिएका छन् तर सत्यनाम कुनै जाप होइन। यो त सच्चा नाम तर्फको इशारा हो जस्तो सतलोकलाई सच्च खण्ड पनि भनिन्छ सत्यनाम तथा सच्चा नाम पनि यस्तै हो। केवल सत्यनाम-सत्यनाम जाप गर्नका लागि होइन।**

**यी पाँच शब्दको साधना गर्ने नौ नाथ तथा चौरासी सिद्ध पनि यहीं सम्म सीमित रहे तथा शरीरमा (घटमा) नै धुन (ध्वनि) सुनेर आनन्द लिइ रहे। वास्तविक सतलोक स्थान त शरीर (पीण्ड) तथा ब्रह्माण्ड (अण्ड) भन्दा पारि छ। यसैलै फेरि माताको गर्भमा आए (उल्टो झुण्डिएको) अर्थात् जन्म-मृत्युको कष्ट समाप्त भएन। जुन उपलब्धि शरीर (घट) मा हुन्छ त्यो त काल (ब्रह्म) सम्म को मात्रै हो किनकि पूर्ण परमात्माको निजी स्थान (सत्यलोक) तथा उनैको शरीरको प्रकाश परब्रह्म आदि भन्दा पनि अधिक तथा धेरै पर छ। त्यसका लागि पूर्ण सन्तले नै सम्पूर्ण साधना बताउने छन्। जुन पाँचै नामहरू (शब्द) भन्दा फरक छन्।**

संतो सतगुरू मोहे भावै, जो नैनन अलख लखावै।ढोलत ढिगै ना बोलत बिसरै, सत उपदेश दृढावै।।
आंख ना मूंदे कान ना रूदैं, ना अनहद उरझावै। प्राण पूंज क्रियाओं से न्यारा, सहज समाधी बतावै।।

**घट रामायणका रचयिता आदरणीय तुलसीदास साहेब जी (हाथरस वाला) स्वयम् भन्छन्:- (घट रामायण प्रथम भाग पृष्ठ नं. २७)**

पाँचों नाम काल के जानौ, तब दानी मन संका आनौं।। सुरति निरत लै लोक सिधाऊँ,
आदिनाम ले काल गिराऊँ। सतनाम ले जीव उबारी, अस चल जाऊँ पुरूष दरबारी।
कबीर,कोटी नाम संसार में,इनसे मुक्ति न हो।सार नाम मुक्ति का दाता, वाको जाने न कोए।।
पूरा सतगुरू सोए कहावै, दोय अखर का भेद बतावै।
एक छुडावै एक लखावै, तो प्राणी निज घर जावै।।

**गुरू नानक जीको वाणीमा तिन नामको प्रमाण :-**

जै पंडित तु पढिया, बिना दुउ अखर दुउ नामा।
परणवत नानक एक लंघाए, जे कर सच समावा।
वेद कतेब सिमरित सब सांसत, इन पढि मुक्ति न होई।
एक अक्षर जो गुरूमुख जापै, तिस की निरमल होई।।

**भावार्थ : गुरू नानक जी महाराज आफ्नो वाणीद्वारा पूर्ण सतगुरू उनै हुन्, जसले दुई अक्षरको जापको बारेमा जानेको हुन्छ भनेर सम्झाउन चाहन्छन्। जसमा एउटाले काल तथा मायाको बन्धनबाट छुटाउँछ र दोस्रो परमात्मा देखाउँछ र तेस्रो एक अक्षरले परमात्मासँग साक्षात्कार गराउँछ।**

**सन्त गरिबदास जी महाराजको अमृतवाणीमा श्वासको नामको प्रमाणः**

गरीब, स्वांसा पारस भेद हमारा, जो खोजे सो उतरे पारा।
स्वांसा पारा आदि निशानी, जो खोजे सो होए दरबानी।
स्वांसा ही में सार पद, पद में स्वांसा सार।
दम देही का खोज करो, आवागमन निवार।।
गरिब, स्वांस सुरति के मध्य है, न्यारा कदे नहीं होय।
सतगुरू साक्षी भूत कूं, राखो सुरति समोय।।
गरीब, चार पदार्थ उर में जोवै, सुरति निरति मन पवन समोवै।
सुरति निरति मन पवन पदार्थ (नाम), करो इक्तर यार।
द्वादस अन्दर समोय ले, दिल अंदर दीदार।
कबीर, कहता हूं कहि जात हूं, कहूं बजा कर ढोल।
स्वांस जो खाली जात है, तीन लोक का मोल।।

कबिर, माला स्वांस उस्वांस की, फेरेंगे निज दास।
चौरासी भ्रमे नहीं, कटैं कर्म की फांस।।

**गुरू नानक देव जीको वाणीमा प्रमाण :**

चहऊं का संग, चहऊं का मीत, जामै चारि हटावै नित।
मन पवन को राखै बंद, लहे त्रिकुटी त्रिवैणी संध।।
अखण्ड मण्डल में सुन्न समाना, मन पवन सच्च खण्ड टिकाना।।

**पूर्ण सतगुरू उनै हुन्, जसले तीन पटकमा नाम दिन्छन् र श्वास क्रियाका साथ सुमिरण (स्मरण) को तरिका बताउँछन्। तब मात्र जीवको मोक्ष सम्भव छ। जसरी परमात्मा सत्य छन्। ठीक त्यसरी नै परमात्माको साक्षात्कार तथा मोक्ष प्राप्त गर्ने तरिका पनि आदि-अनादि तथा सत्य हो जुन कहिल्यै बदलिदैन। गरीबदास जी महाराज आफ्नो वाणीमा भन्छन्:**

भक्ति बीज पलटै नहीं, युग जांही असंख। सांई सिर पर राखियो, चौरासी नहीं शंक।।
घीसा आए एको देश से, उतरे एको घाट। समझों का मार्ग एक है, मूर्ख बारह बाट।।
कबीर भक्ति बीज पलटै नहीं, आन पडै बहु झोल। जै कंचन बिष्टा परै, घटै न ताका मोल।।

**धेरैजसो महापुरूषहरू सच्चा नामको बारेमा जान्दैनन्। उनीहरू मनमुखी (मनोमानी) रूपमा नाम दिन्छन्। जसबाट न सुख हुन्छ न मुक्ति हुन्छ। कोही भन्छन् तप, हवन, यज्ञ आदि गर तथा केही महापुरूष आँखा, कान र मुख बन्द गरेर भित्र ध्यान लगाउने कुरा बताउँछन् जो कि यी सब उनीहरूको मनोमानी साधनाको प्रतीक हो। जबकी कबीर साहेब, सन्त गरीबदास जी महाराज, गुरू नानक देव जी आदि परम सन्तहरूले सबै क्रियाहरू निषेध गरी केवल एक नाम जाप गर्न भनेका छन्।**

**एक जना नास्ट्रेदमस नामको भविष्य वक्ताको लगभग चार सय वर्ष पूर्व लेखिएको वा भनिएको सम्पूर्ण भविष्य वाणीहरू सत्य भइ रहेछ। उनले भनेका थिए- सन् २००६ मा एक हिन्दु सन्त प्रकट हुने छन् अर्थात् संसारमा उनको चर्चा हुने छ। ती सन्त न त मुसलमान हुने छन्, न उनी इसाई हुने छन्, उनी केवल हिन्दू हुने छन्, उनीद्वारा बताइएका भक्ति मार्ग सबै भन्दा भिन्न तथा तथ्यमा आधारित हुने छ। ज्ञानमा उनलाई कसैले पराजित गर्न सक्दैन्। सन् २००६ मा ती सन्तको उमेर ५० तथा ६० वर्षको बीचमा हुने छ। (सन्त रामपाल जी महाराजको जन्म ८ सेप्टेम्बर सन् १९५१ मा भयो। जुलाई सन् २००६ मा सन्त जीको उमेर ठीक ५५ वर्षको भयो जुन भविष्यवाणी अनुसार ठीक छ) ती हिन्दू सन्तद्वारा बताइएको ज्ञान सम्पूर्ण संसारले स्वीकार गर्ने छ। तिनै हिन्दू सन्तको अध्यक्षतामा सम्पूर्ण संसारमा भारत वर्षको शासन हुने छ तथा ती सन्तको आज्ञाले सम्पूर्ण कार्य हुने छ। उनको महिमा आकाश भन्दा माथि हुने छ। नास्ट्रेदमसद्वारा बताइएको साङ्केतिक सन्त रामपाल जी महाराज हुनु हुन्छ, जो सन् २००६ मा विख्यात हुनु भएको छ। भलै अन्जानहरूले बद्ख्वाइँ (द्वेष) गरेर प्रसिद्ध गरि दिएका छन् तर सन्तमा कुनै दोष छैन।**

**उपरोक्त बताइएका सबै लक्षण तत्त्वदर्शी सन्त रामपाल जी महाराजमा विद्यमान छन्।**

# सन्त सताउनेलाई सजाय

आदरणीय गरीबदास साहेब जीको जन्म पावन गाउँ छुडानी जिल्ला-झज्जरमा श्री बलराम जी धनखड (जाट) को घरमा भयो। वहाँलाई पूर्णब्रह्म कबीर परमेश्वरले (कविर्देव) सतलोक (ऋतधाम) बाट सन् १७२७, मा सशरीर आएर भेट्नु भयो र उनको जीव (आत्मा) लाई सत्यलोक लैजानु भयो। पछि परिवारहरूले गरीबदास जीलाई मृत सम्झेर चितामा राखे। त्यसै समय कविर्देव जीले उनको जीव (आत्मा) लाई फर्काएर पुनः शरीरमा प्रविष्ट गराउनु भयो। त्यसपछि आदरणीय गरिबदास जीले पनि परम-पूज्य कविर्देव (कबीर परमेश्वर) को आफ्नो आँखाले देखेको कुराहरूको महिमा जन जनलाई सुनाउन थाले। जो कोही पनि दुःखी प्राणी उनीबाट उपदेश प्राप्त गरेपछि सुखी हुन्थे। उनको बढ्दो महिमा तथा तत्त्वज्ञानको सामुन्ने अन्य गुरूहरू (आचार्यहरू) को अधुरो ज्ञानको पोल खुल्नाले आसपासका सम्पूर्ण अधुरा ज्ञानयुक्त गुरूजन (आचार्यजन) उनीसँग अत्यधिक ईर्ष्या गर्न थाले । आसपासका मुख्य मुख्य चौधरी तथा सरदारलाई उल्टो पाल्टो पढाएकाले गाउँ छेउछाउका आम व्यक्ति प्रभु कबीरका प्यारा बच्चाहरू सबैले आदरणीय गरीबदास जीलाई घृणा गर्न थाले। दिल्लीको वाजिदपुर गाउँमा उनको एउटा शिष्य थिए। उनीसँग पनि सारा गाउँ ईर्ष्या गर्थे। शिष्यको अनुरोधमा उनी केही दिन वाजिदपुरमा बसेको समयमा टिड्डी दलले छेउ छाउका क्षेत्रमा जुनेलाको बाली नष्ट गरे। तर उहाँको सेवकको बालीमा कसैले हानी पुऱ्याएनन्। सम्पूर्ण गाउँबासी सन्त गरीबदास जीको महिमाबाट धेरै प्रभावित भई ज्ञान स्वीकार गरेर आफ्नो आत्म कल्याण गराए।

उनको आदेशमा त्यहाँका भक्तहरूले त्यो जुनेलो पूरा गाउँमा बाँडि दिए तथा गरीबदास जीले बारम्बार मनाही (निषेध) गर्दा पनि केही जुनेलो गोरू गाडामा राखि दिए र प्रत्येक पूर्णिमामा हजुर भण्डारा (सन्तलाई भोजन) गराउनु हुन्छ, केही दान हजुरको दासको पनि हुने छ भने। भक्तको श्रद्धा ख्याल गर्दै उनले स्वीकृति प्रदान गरे (आदरणीय गरीबदास जीका चार छोरा तथा दुई छोरी थिए तथा लगभग १३०० एकड जमीनका स्वामी पनि थिए।) त्यही गोरू गाडामा बसेर उनी आफ्नो गाउँ छुडानी तर्फ लागे। बाटोमा काणौंदा गाउँको नजिक गाउँ पुग्ना साथ पहिले देखिनै सुनियोजित षड्यन्त्र स्वार्थी गुरूहरू (आचार्यहरू) ले सन्त गरीबदास जीलाई घेरे, सम्पूर्ण जुनेलो लुटे तथा त्यही गाउँका चौधरी (मुखिया) छाजुराम छिक्कारालाई यो हिन्दू धर्मको द्रोही हो, हामीले समातेका छौं भनेर सूचना पुऱ्याए। चौधरी (मुखिया) छाजुराम जी को आदेशबाट उहाँलाई चौपाडमा बाँधि दिए। चौधरी छाजुराम जीलाई सरकारको तर्फबाट केही कानुनी अधिकार पनि प्राप्त थियो। छ महिना सम्मको सजाय दिन सक्ने पाँच सय रूपियाँ जरिवाना गर्न सक्ने तथा महादोषीलाई काठ (तुरूङ) मा बन्द गर्ने आदि जस्ता अधिकार सम्मिलित थिए।

ती धर्मका अज्ञानी ठेकेदारहरू (गुरूहरू आचार्यहरू) द्वारा पहिले बाट नै उल्टो-पाल्टो पढाइएका चौधरी छाजुराम छिक्कारा जीले परम आदरणीय गरीबदास जी महाराजलाई काठ (तुरूङ) मा राखे। {काठ (तुरूङ) मा बन्द गर्नु एक प्रकारको कठिन कारागारको सजाए थियो दुबै गोडा घुडा भन्दा माथि दुई काठका मोटो काठ (चौकस) बाँधेर दुबै हाथ पछाडि बाँधिन्थ्यो। जस कारणले व्यक्ति बस्न सक्दैनथ्यो। पीडा धेरै हुन्थ्यो र खुट्टा सुन्निन्थ्यो।} गोरू गाडा वालाहरू खाली गाडी लिएर वाजीदपुर गाउँ फर्कर गए। जुन गाउँ काणौंदाबाट लगभग १० कि.मी. टाढा छ सूचना प्राप्त हुना साथ वाजीदपुर गाउँका केही मुख्य व्यक्तिहरू तुरून्त काणौंदा गए तथा चौधरी छाजुरामसँग गरीबदास जी महाराजलाई छोड्न अनुरोध गरे तथा यिनी आम व्यक्ति होइनन्। यिनी परम शक्ति सम्पन्न छन् भनेर सम्झाए। क्षमा याचना गर्नु होस् भने। चौधरी छाजुराम जी धेरै असल, दयालु र नम्र हृदय भएका व्यक्ति थिए। तर ती स्वार्थी तथा प्रभुताका भोका गुरूहरू (आचार्यहरू) ले ती पूण्य आत्मा श्री छाजुराम छिक्कारा जीलाई झूठो कहानी सुनाएर प्रभुको प्यारो बच्चा आदरणीय गरीबदास प्रति अत्यधिक वितृष्णा पैदा गरि राखेका थिए। जस कारणले चौधरी छाजुराम जीले कारण नबुझिकन नै सजाय दिन लागेका थिए। वाजीदपुरका भक्तहरूको अनुरोध मानेर आदरणीय गरीबदास जीलाई चौधरी छाजुरामले छोडि दिए। आदरणीय गरीबदास जी साहेबले केही भनेनन् र आफ्नो गाउँ छुडानी आए। केही दिन पश्चात् चौधरी छाजुराम जी प्रातः काल शौच गर्न जोहड (तलाउ) मा गए तब उनको दुवै हात दुई घोडा चढेर आएका मानिसहरूले काटि दिए र उनैका सामु अदृश्य भए। यो दृश्य तलाउमा उपस्थित कयौं मानिसहरूले देखे। धेरै उपचार गराए तर दुखाई र रक्तश्राव बन्द भएन। कयौं दिनसम्म नराम्रो सँग रोइ रहे अनि एउटा व्यक्तिले उनै सन्त गरीबदास जीका सामु गएर क्षमा याचना गर उनी दयालु छन् भने। परिवारका सदस्यले चौधरीलाई घोडामा बसाएर छुडानी गाउँ लिएर गए। चौधरी छाजुराम जानासाथ आदरणीय गरीबदास जीको चरणमा घोप्टिएर क्षमा याचना गरे।

सन्त गरीबदास जीले आशिर्वाद र नाम उपदेश दिए। आजीवन भक्ति गर्न भने। चौधरी छाजुराम जीले हजुरका बारेमा म अत्यधिक भ्रमित गरिएको थिएँ भनेर सुनाए।

मलाई हजुर पूर्ण परमात्मा आउनु भएको हो भन्ने थाहा थिएन। आदरणीय गरीबदास जीले म पूर्ण परमात्मा कबीर साहेब (कविर्देव) जुलहाद्वारा पठाइएको दास हूँ भने। उहाँकै शक्तिले तपाई ठीक हुनु भएको हो, मैले तपाईंलाई कुनै श्राप दिएको थिइनँ। तपाईंको कर्मको फल तपाईंलाई मिलेको हो। यदि यहाँ नआएको भए तपाईंको परिवारमा अझ पापको प्रभाव थियो। अब त्यो रहने छैन किनकि तपाईंले उपदेश प्राप्त गर्नु भयो। चौधरी छाजुरामले आफ्ना परिवारको सबै सदस्यलाई उपदेश

दिलाए। आज पनि उनै पुण्यात्मा छाजुरामका वशंज आदरणीय गरीबदास जीको परम्परागत पूजा गर्छन्। लगभग सयौं परिवार छ जसलाई छाजुवाडा भनिन्छ। किनकि :

तुमने उस दरगाह का महल ना देख्या। धर्मराय के तिल-२ का लेख।। राम कहै मेरे साध को, दुःख ना दीजो कोए। साध दुखाय मैं दुःखी, मेरा आपा भी दु ःखी होय।। हिरण्यक शिपु उदर (पेट) विदारिया, मैं ही मार्‍या कंश। जो मेरे साधु को सतावै, वाका खो-दुं वंश।। साध सतावन कोटि पाप है, अनगिन हत्या अपराधं। दुवार्सा की कल्प काल से, प्रलय हो गए यादव।।

उपरोक्त वाणीमा सतगुरू गरीबदास साहेबले प्रमाण दिएका छन्। परमेश्वर मेरो सन्तलाई दुःखी नबनाउनू । जसले मेरा सन्तलाई दुःखी बनाउँछ, सम्झ मलाई दुःखी बनाएको हो। जब मेरा भक्त प्रह्लादलाई दुःखी बनाए तब मैले हिरण्यकश्यपुको पेट चिरैं, मैले नै कंशलाई मारेको हूँ त्यसैले जसले मेरा साधुलाई दुःखी बनाउँछ, उसको वंश मेटाइ दिन्छु। यसैले सन्तलाई सताउँदा करोडौं पाप लाग्छ। जस्तो अनगिन्ती (अनन्त) हत्याहरू गरेको होस्। यी अनजान मानिसहरू परमात्माको संविधानबाट परिचित छैनन्, यसैले भयङ्कर भुल गर्छन् र फेरि सजायको भागी बन्छन्। साधुलाई सताउँदा निम्न दण्ड प्राप्त हुन्छ।

यदि एउटा मानिसले अर्को मानिसको हत्या गर्दछ भने उसको अघिल्लो जन्ममा हत्या गरेर पूरा हुन्छ। तर सन्तलाई सताउँदाको धेरै ठूलो दण्ड छ जुन अनन्त जन्ममा पनि पूरा हुँदैन्। सतगुरू आफ्नो वाणीमा भन्नु हुन्छ।

अर्धमुखी गर्भवास में, हरदम बारम्बार। जूनी भूत पिशाच की, जब लग सृष्टि संहार।

यस्तो गल्ती गर्नेलाई परमेश्वरले भिन्न प्राणीहरूको योनीहरूमा बारम्बार आमाको गर्भमा हालि दिन्छन् अर्थात उसले जन्म लिना साथ बारम्बार मृत्युको मुखमा पुग्छ र जब सम्म सृष्टिको प्रलय हुँदैन तबसम्म भूत पिशाचको योनी तथा आमाको गर्भमा महान् कष्ट भोगि रहन्छ जुन धेरै नै दुखदायी हुन्छ र तबसम्म क्षमा प्राप्त हुँदैन जबसम्म सताइएका सन्त स्वयम्ले क्षमा गर्दैनन्।

एकपटक दुर्वासा ऋषिले अभिमानवस अम्ब्रीष ऋषिलाई मार्नका लागि आफ्नो शक्तिले एउटा सुदर्शन चक्र छोडि दिए। सुदर्शन चक्र अम्ब्रीष ऋषिको चरण छोएर दुर्वासा ऋषिलाई नै मार्नका लागि उनै तर्फ फर्कियो। दुर्वासा ऋषिले आफूले धेरै ठूलो गल्ती गरेको महसुस गरे। तर अधिक समय नभएको देखेर दुर्वासा सुदर्शन चक्रको अघि अघि भाग्न थाले। भाग्दै श्री बह्मा जी सामु पुगे र सुर्दशन चक्रबाट आफूलाई बचाउन अनुरोध गरे। यसको जवाफमा ब्रह्मा जीले यो मेरो बसमा छैन भने। आफूमा आएको आपति पन्छाउदै भगवान् शंकर कहाँ जानु होस् उहाँले नै बचाउन सक्नु हुन्छ भने। यो सुन्नासाथ दुर्वासा ऋषि भगवान् शंकर सामु गएर हे भगवान् ! कृपा गरेर

मलाई यस सुदर्शन चक्रबाट बचाउनु होस् भन्दै प्रार्थना गरे। भगवान् शङ्करले पनि ब्रह्मा जीले जस्तै आपत्तिलाई पन्छाउदै श्री विष्णु कहाँ जाऊ, उनैले तिमीलाई बचाउन सक्छन् भनेर बताए। तत्कालै दुर्वासा ऋषि श्री विष्णु कहाँ गए र हे भगवान् मलाई सुदर्शन चक्रबाट बचाउनु होस् नत्र यसले मलाई काटेर मार्छ भने। यो सुनेपछि भगवान् विष्णुले भने- हे ऋषि जी! यो सुदर्शन चक्र किन तपाईंलाई मार्न चाहन्छ? दुर्वासा ऋषिले सम्पूर्ण कहानी बताए तब श्री विष्णु जीले भन्नु भयो हे दुर्वासा ऋषि! तपाईं अम्ब्रीष ऋषिको चरण समातेर माफी माग्नु होस् तब यस सुदर्शन चक्रले तपाईंको जीवन दान दिन सक्छ अन्यथा म त के कुनै पनि देवताले तपाईलाई बचाउन सक्दैन। यसको अर्को विकल्प छैन। मर्न लागेको मानिसले के गर्दैन? तब दुर्वासा ऋषि अम्ब्रीष ऋषिका सामु गएर चरण समाती रून लागे र हृदय देखि नै माफी मागे। तब अम्ब्रीष ऋषिले सुदर्शन चक्र आफ्नो हातले समाते र दुर्वासा ऋषिलाई सन्तहरू/ऋषिहरूका साथ अशिष्टता गर्नु हुँदैन, त्यसको परिणाम सार्है नराम्रो हुन्छ भने।

"श्री कृष्ण गुरू कसनी हुई और बचेगा कौन"

जब श्री कृष्ण जीका गुरू श्री दुर्वासा जस्ता ऋषिहरूको यो हालत छ भने आम मानिस कसरी बच्न सक्छन्।

# बाटो बिराएकाहरूलाई मार्ग विषय

## भक्त समाज प्रभुको वास्तविक भक्तिभन्दा कोशौं टाढा

सतलोक आश्रम करौथा, जिल्ला रोहतक, हरियाणामा कविर्देव (कबीर परमेश्वर) को प्रकट दिवसको उपलक्ष्यमा चलेको पाँच दिवसीय (१८–२२ जुन २००५ सम्म) सत्सङ्ग समारोहमा भक्त वसन्त सिंह सैनीले आफ्नो सुनाएको कहानी यहाँ प्रस्तुत छ, पढ्नु होस् :-

### प्रभु प्यासा भक्त वसन्त सिंह सैनीले मार्ग प्राप्त गर्नु

म वसन्त सिंह सैनी गाउँ गान्धारा, जिल्ला रोहतक हरियाणामा बस्छु तथा पुरानो ठेगाना म.नं. एस १६१ पाण्डव नगर, नजिक मदर डेयरी, यमुनापार, दिल्ली ९२ मा बस्थें। मेरो परिवारमा मानौं दुःखको पहाड नै खसेको थियो। फेरि पनि परमात्मा प्राप्त गर्ने चाहना तथा दुःखहरूको निबृतिका लागि सन्तहरू तथा महन्थहरू कहाँ जाने गर्थौं तर कहीं पनि दुःख निवारण भएन। अन्तमा एक प्रसिद्ध सन्त श्री आसाराम, बापूसँग भेट भयो। त्यस समय बापु जीको संगत (मण्डली दल) मा लगभग एक हजार भएकाले धेरै नजिकबाट भेट्ने मौका मिल्यो। मैले आफ्ना दुःख तथा परमात्मा प्राप्त गर्ने जिज्ञासा उहाँ सामु राखें। उहाँले मलाई सात मन्त्र (ॐ गुरू, हरि ॐ, ॐ ऐ नमः, ॐ नमः शिवायः ॐ नमो भगवते वासुदेवाय, ह्रीं रामाय नमः तथा गायत्री मन्त्र) मध्येबाट एउटा छान्न भन्नु भयो। एक 'सोह' मन्त्र जुन श्वासद्वारा 'सो' भित्र तथा 'हँ' बाहिर निकालेर जाप गर्न भन्नु भयो। एकादशी, पूर्णिमा, सोमबार र अष्टमीको व्रत गर्न भन्नु भयो। बढीभन्दा बढी त्रिबन्ध प्रणायाम तथा सिद्धासनमा बसेर ध्यान लगाउन र अनुष्ठान गर्न भन्नु भयो। मैले मन्त्र लिएपछि आफ्ना दुःख उहाँका सामुन्ने रूदै बताएँ– हाम्रा चालिस वर्ष पहिले मृत्यु भएका ठूलाबुबा ठूला प्रेत बनेर मेरा दुई भाइ, आठ-दस वटा भैंसी, पाँच छ वटा गाई मारि दियो, पशुहरूको कुनै बच्चा जीवित रहदैनन्। घरका सबै सदस्य विरामी परि रहन्छन्। दुःखका कारण बेहाल छु तथा कुनै पनि काम चल्न दिदैन। अब तिम्रो पिता जीलाई लिएर जान्छु भनि रहेको छ। मैले बापू जीसँग मलाई बचाउनु होस् भन्दै प्रार्थना गरैं। तर छ महिना पश्चात् त्यस प्रेतले मेरा पिता जीलाई पनि लग्यो। बापु जीले जे भयो, त्यो त हुनु नै थियो भन्नु भयो, पशु आदि तथा धनको हानी तथा शारीरिक विमारी त पापको भोग हो जुन जीवको प्रारब्धमा लेखिएको हुन्छ, त्यो त भोग्नै पर्छ। तिमी भक्ति गर। म परमात्मा प्राप्तिको लागि लागि रहें बापू जीले सम्झाउनु भएपछि म परमात्मा प्राप्तिका लागि पूर्ण श्रद्धाले लागैं तथा मैले (वसन्त दास) सबैभन्दा पहिले श्री आशाराम बापु आश्रम दिल्लीमा चालीस दिनको अनुष्ठान महन्थ नरेन्द्र ब्रह्मचारीको सल्लाहमा लगाएं। यसपछि चालीस दिनको छ वटा अनुष्ठान आशाराम बापू आश्रम पंचेड रतलाम, मध्यप्रदेशमा महन्त काका जीको रेखदेखमा गरैं। त्यसपछि दुईवटा अनुष्ठान आशाराम आश्रम साबरमती अहमदावाद गुजरातको मौन मन्दिरमा गरैं। जहाँ श्री आशाराम बापू जीसँग राम्रोसँग कुरा गर्ने मौका मिल्यो। तब मैले आशाराम बापू जीसँग सोधें– बापू जी जो परमात्मा प्राप्त गर्नका लागि म तथा सम्पूर्ण भक्त समाज लागेका छन्, ती परमात्मा को हुन्? कस्ता छन्? कहाँ बस्दछन् ? कृपया बताउने कृपा गर्नु होस्।

यो सुनेर बापू जीले भन्नु भयो– तिमी भक्तिमा लागि राख, सबै थाहा हुन्छ र गीताको एक अध्याय प्रति दिन पाठ गर्नु र कहिल्यै मेरा दर्शन गर्ने इच्छा भएमा तीन दिनसम्म एउटा कोठामा बन्द गरेर बस्नु भनेर बताउनु भयो। कोठामा बन्द हुनु भन्दा पहिलो दिन खाना पिना छोडि देऊ ताकी साँझ सम्म शौच (बाथरूम) बाट निवर्ति (छुटकारा) होस्। त्यसपछिको तीन दिन सम्म केही खानु पिउनु हुन्न, न त बाहिर निस्कन नै। कोठामा रहेर त्राटक (हठयोगमा कुनै विन्दुमा ध्यान केन्द्रित गर्नु) गर्नु। घर गएर मैले यो तीन पटक गरेँ तर बापूको दर्शन भएन। अनुष्ठानको समयमा जीवन मृत्युसँग जुधेर बिरामीको सामना गर्नु पर्‍यो। तर पनि परमात्मा प्राप्त गर्न लागि रहेँ।

सेप्टेम्बर २००० मा सन्त रामपालदास जी महाराजको सत्सङ्ग काठमण्डी रोहतकमा सुनेँ। उहाँले तत्त्व ज्ञानको आधारमा गीताको ज्ञान सम्झाउनु भएको थियो। त्यसपछि गीताको पाठ गर्दा गीतामा भगवानले के भनेका छन् र बापु जी के बताउँदै छन् भन्ने कुरा मनमा खेल्न थाल्यो। कहीँ साच्चै नै म भगवान्‌को विरूद्ध साधना गरि रहेको त छुइनँ? सन्त रामपाल जीद्वारा बताइएको गीता जीको अनुवाद सम्झेपछि अन्तरआत्मा रून थाल्यो तथा बापू जीसँग भेटेर सबै सङ्का सोध्न चाहेँ। म बापु जी सामु गीता लिएर गए र गीता जी देखाएर शङ्का लागेका कुरा सोधेँ तर बापु जीले कुनै पनि शङ्का समाधान गरेनन्। मैले बापू जीसँग हजुरलाई परमात्माको बारेमा थाहा छैन भने तपाई भक्त समाजलाई आफूसँग राखेर किन अल्झाइ रहनु हुन्छ भनेर सोधेँ त्यसपछि बापू जी मतिर घुरेर हेर्दै तिमी भक्तिको विषयमा के जान्दछौ भनेर हप्काए? म रूँदै उठेर घर आएँ।

परमात्माको प्राप्ति नहुनाले अल्झेको जीवन देख्दा तथा हठरूपी अनुष्ठान र व्रत गर्नाले शरीर धेरै कमजोर भयो र मृत्यु नजिकै देखिन थाल्यो। अनि अन्य सन्तहरू (राधास्वामी पन्थ, धन-धन सतगुरू, श्री सतपाल जी महाराज, श्री महाराज, श्री बाल योगेश्वर जी महाराज, दिव्यज्योति, ब्रह्मकुमारी, निरङ्कारी मिसन, जय गुरूदेव मथुरा वाला अदि) का सामु भौतारिइ रहेँ तर सन्त रामपाल जी महाराजले बताउनु भएको निर्णायक ज्ञान उपरोक्त कुनै पनि सन्त तथा पन्थसँग छैन। अहिले सायद पृथ्वीमा यस्ता परमात्मा प्राप्ति गरेका कुनै पनि सन्त छैनन्, जसले परमात्मा को हुन्? कस्ता छन्? र कहाँ रहन्छन्? भनेर बताउन सकोस् भन्दै म पश्चाताप् गर्न थालें। यो विचार गरेर म क्वाँ क्वाँ गरेर रात भरि रोइ रहें, सन्तबाट विश्वास उठ्यो। मनमा जब श्री आशाराम जी जस्ता सुप्रसिद्ध सन्त नै शास्त्र विधि त्यागेर मनोमानी आचरण गर्ने तथा गराइ रहेछन् भने कुन सन्त माथि विश्वास गर्नु? सन्त रामपाल जी ज्ञान त श्रेष्ठ दिन्छन् तर यिनका सामु जनसमूह कत्ति पनि छैन। यिनी पूर्ण सन्त कसरी हुन सक्छन्? यो शङ्का मनमा आयो। केही दिन पश्चात् रामपाल जी महाराजका एक शिष्य हाम्रो गाउँका भेटिए र मेरा कुरा सुनेर मलाई फेरि परमात्मा स्वरूप पूर्ण सन्त रामपाल जी महाराजको सत्सङ्गमा ल्याएर बसाए। मैले एक घण्टाको सतङ्ग सुनेँ र सतसङ्ग पश्चात् रूँदै महाराजसँग भेट गरेँ । महाराज जीले मलाई छातीमा टाँसेर जुन सन्तकहाँ तिमी जान्छौ ती शास्त्र विधि त्यागेर मनोमानी आचरण गर्ने गराउने गर्छन् भनेर सुनाउनु भयो। जस्तो यी सब

उहाँलाई पहिले देखि नै अवगत थियो कि मलाई के चाहिएको थियो? अनि यसरी मेरो शङ्काको निवारण सन्त रामपाल जी महाराजले आफ्नो चरणमा बसाएर गर्नु भयो।

तत्वदर्शी सन्त रामपाल जी महाराजले पवित्र गीता जीको अध्याय ९ श्लोक २५ मा पितृ पूजा अर्थात् श्राद्ध गर्नु निषेध गरिएको छ र अन्य देवी देवताहरूको पूजा गर्नेहरूलाई मन्द बुद्धि भएको भनेर लेखिएको छ भन्ने बताउनु भयो। (गीता अध्याय ७ श्लोक १२–१५ तथा २०–२३ सम्म) तर श्री आशाराम जीले 'श्राद्ध महिमा' नामक पुस्तकमा श्राद्ध गर्ने उत्तम विधि बताएका छन्। सन्त श्री आशाराम जीको साबरमति अहमदावाद आश्रमबाट प्रकाशित पत्रिका ऋषि प्रसाद अंक १३५ मार्च २००४ मा भूत पुज्ने, पितृ पुज्ने तथा अन्य देवताहरूलाई पुज्नेहरू के बन्छन्, पत्रिकाको अर्को अङ्कमा पढ्नु होस्— लेखिएको छ। अर्को अङ्कको पत्रिका ऋषि प्रसाद अङ्क १३६ अप्रिल २००४ पृष्ठ १९ मा भूत पुज्नेले भूतलोक तथा पितृ पुज्नेहरू पितृलोक तथा श्रीकृष्णको पुजारीले भगवान् श्री कृष्ण जीको बैकुण्ठ लोक प्राप्त गर्ने छन् भनेर लेखिएको छ।

विचार गर्नुहोस् : श्री आशाराम जीद्वारा प्रकाशित 'श्राद्ध महिमा' नामक पुस्तकमा पितृ पुज्ने उत्तम विधि पनि लेखिएको छ।

कृपया सोच्नुहोस् : कुनै व्यक्तिले कुवाँमा झर्नेले मृत्यु प्राप्त गर्छ भनि रहेको छ र फेरि स्वयम्ले दुवै कदम उठाएर छलाङ् लगाऊ भनेर कुवाँमा झार्ने उत्तम विधि हो भनी बताउँछ। यो कुवाँमा झरेर मर्ने श्रेष्ठ विधि हो। यसो नगर्ने दोषी हो भन्छ।

के ती व्यक्ति असल हुन्? यो भूमिका श्री आशाराम जी सन्त आफैले निर्वाह गरि रहेछन्। एकातर्फ पितृ तथा भूत पुज्नेहरू भूत वा पितृ बनेर भूतलोक तथा पितृलोकमा जाने छ, जहाँ ऊ भोकै प्यासै रहने छ फेरि तिनीहरूलाई श्राद्धद्वारा तृप्त गरिन्छ भनेका छन्। एउटा अर्को विचारणीय विषय जब आफ्ना माता पिता जीवित हुनु हुन्थ्यो तब उहाँले प्रति दिन कमसे कम दुईपटक भोजन गर्नु हुन्थ्यो। मृत्यु पश्चात तिनीहरूले श्री गीता जी विरूद्ध साधना गरेर दुःखदायक भूत तथा पितृ जुनी प्राप्त गरेका हुने छन्। अब एक दिनको श्राद्धले उनीहरू कसरी तृप्त हुन सक्छन्? ३६४ दिन के खान्छन्? जसका लागि सन्त तथा गुरूजन दोषी छन् जो सोझा साझा आत्माहरूलाई अल्मल्याइ रहेछन्।

शास्त्र ज्ञानबाट अपरिचित सन्तले नै यी जीवहरूलाई शास्त्र विधि रहित साधना गराएर दुःखदायी योनीमा पठाउँछन्।

श्री आशाराम जी श्री शिव जीको उपासनाको मन्त्र (ॐ नमः शिवायः) तथा श्री विष्णु जीको मन्त्र (ॐ नमो भगवते वासुदेवायः) सिकाउँछन्। यसका अतिरिक्त शास्त्रमा प्रमाण नभएका हरि ॐ, ॐ गुरू आदि नामहरूमध्ये कुनै एक आफ्नो इच्छानुसार छान्न तथा सोहंलाई दुई भागमा बाँडेर श्वासद्वारा स्मरण गराउने आदि मन्त्र दिन्छन्, जसको प्रमाण कुनै पनि शास्त्रमा छैन ।

विचार गर्नु होस् : कुनै रोगी जसको पेटमा पीडा होस् र ऊ कुनै वैद्यकहाँ गएर उपचारका लागि अनुरोध गरोस्। अनि बैद्यले उसका अगाडि ६ प्रकारका औषधी राखि दिएर त्यसमध्ये कुनै एक जुन तिमीलाई मन पर्छ लेऊ भन्छ भने के ती बैद्य हुन सक्छन्?

पवित्र गीता जी अध्याय ८ श्लोक १३ मा भनिएको छ :

ओम् इति एकाक्षरम् ब्रह्म, व्याहरन् माम् अनुस्मरन्, यः प्रयाति त्यजन् देहम् सः याति परमाम् गतिम्।।१३।।

यसको अर्थ हो गीता उच्चारण गर्ने ब्रह्म अर्थात् काल भनि रहेछन्– (माम् ब्रह्म) म ब्रह्मको त (इति) यो एउटा (ओम् एकाक्षरम्) ओम एक अक्षर हो (व्याहरन्) उच्चारण गरेर (अनुस्मरन्) स्मरण गर्ने (यः) जो साधक (त्यजन देहम्) शरीर न त्यागे सम्म अर्थात् अन्तिम श्वास सम्म (प्रयाति) स्मरण साधना गर्छ (सः) त्यो साधकले नै मसँग भएको (परमाम् गतिम्) परमगति (याति) प्राप्त गर्छ।

भावार्थ : श्री कृष्ण जीको शरीरमा प्रेतवत् प्रवेश गरेर ब्रह्म अर्थात् हजार भुजा भएका ज्योति निरञ्जन कालले भन्छन्- म ब्रह्मको साधन केवल एक ओम् (ॐ) नाम मृत्यु पर्यन्त जाप गर्ने साधकलाई मबाट पाउने लाभ प्राप्त हुन्छ, अन्य कुनै मन्त्र मेरो भक्तिको होइन तथा आफ्नो गतिलाई पनि गीता अध्याय ७ श्लोक १८ मा अनुत्तमाम् अर्थात् घटिया बताएका छन्। यसैको प्रमाण गीता अध्याय ९ श्लोक २० देखि २५ मा भनिएको छ कि जसले तीनै वेद (ऋग्वेद, यजुर्वेद तथा सामवेद) मा वर्णित विधिद्वारा मेरो साधना गर्दछ तथा अन्य देवी देवताहरूको पूजा गर्दछ, उनको जन्म-मृत्यु तथा स्वर्ग-नर्कको चक्र रहि रहन्छ। पितृ पुज्ने (श्राद्ध गर्ने) पितृ बनेर पितृलोक प्राप्त गर्छ। भूत पुज्ने (तेह्रौं, सत्रौं, वर्षी, अस्तु लगेर गंगा अदिमा क्रिया गराएर प्रवाह गर्नु, पिण्ड दिनु अदि भूत पूजा हुन्) भूत बनेर भुतलोकमा जाने छन् अनि फेरि पृथ्वीमा पनि भट्कि रहन्छ। यो पूजा अविधिपूर्वक, अज्ञानपूर्वक मनोमानी आचरण हो। त्यसैले यो व्यर्थ छ, प्रमाण गीता अध्याय १६ श्लोक २३-२४। विशेषः यहाँ चौथो अथर्ववेदको विवरण यस कारणले छैन किनकि यसमा पूजा विधि कम तथा सृष्टि रचना अधिक छ। यसैले गीता अध्याय १८ श्लोक ६२ मा भनिएको छ- ती परमात्माको शरणमा जाऊ, जसबाट तिम्रो पूर्ण मुक्ति हुन्छ तथा परम शान्ति तथा शाश्वत स्थान अर्थात् सत्यलोक प्राप्त हुन्छ। गीता अध्याय १५ श्लोक ४ मा पनि तत्त्व दर्शी सन्त भेटेपछि उनले बताएको शास्त्र विधि अनुसार साधना गर्नपर्छ। अनि ती परमपद परमेश्वरको खोज गर्नु पर्छ जहाँ गए पश्चात् साधकको कहिल्यै जन्म मृत्यु हुँदैन अर्थात् अनादि मोक्ष प्राप्त हुन्छ भनिएको छ। गीता उच्चारण गर्ने काल अर्थात् क्षर पुरूष-ब्रह्म म पनि उनै आदि पुरूष परमेश्वरको शरणमा छु भनि रहेका छन्।

सन्त रामपाल महाराज जीले अन्य सम्पूर्ण सन्तहरू पापको भोग त प्रारब्धमा लेखिएको कारण जीवले भोग्नै पर्छ, भक्ति गरि रहनु पर्छ, आउने अर्को जन्म सुखमय हुने छ भन्दछन् भनेर सुनाउनु भयो।

कृपया विचार गर्नु होस्:- कसैको पैतालामा काँडा गडेर सार्है पीडा भइ रहेको छ। त्यस काँडाको कष्ट निवारणका लागि कसैसँग अनुरोध गर्दा जवाफमा काँडा गडि रहन देऊ, जुत्ता लगाऊ भविष्यमा काँडा गड्दैन भन्छ भने के ती व्यक्तिले सही सल्लाह दिदै छन् त? किनकि काँडा गडेको पैतालामा जुत्ता लगाउन नै सकिदैन। काँडा निस्केपछि पुनः काँडा नगडोस् भन्ने डरले उसले जुत्ता लगाउने छ। ठीक यसरी नै पूर्ण परमात्माको पूर्ण सन्तको

शरणमा आउनाले पापरूपी काँडाको कष्ट समाप्त हुन्छ र साधकले पूर्णप्रभुको शास्त्रविधि अनुसार साधनारूपी जुत्ता फेरि कुनै पापरूपी काँडा कष्टदायक नहोस् भन्ने डरले लगाउछ।

सबै सन्तहरूले पवित्र गीता जीको अनुवादमा अर्थलाई अनर्थ गराएका छन्। गीता अध्याय ७ श्लोक १८ तथा २४ मा अनुत्तमामको अर्थ अति उत्तम तथा गीता अध्याय १८ श्लोक ६६ मा व्रजको अर्थ आउनु गरेका छन्। जबकि अनुत्तमको अर्थ अति घटिया तथा व्रजको अर्थ जानु हुन्छ। तत्त्व ज्ञानको अभावले तथा ज्ञानहीन गुरूहरूका कारणले नै सम्पूर्ण भक्त समाज शास्त्र विधि रहित साधना गरेर मनुष्य जीवन व्यर्थ खेर फालि रहेछन् (पवित्र गीता अध्याय १६ श्लोक २३-२४) सम्पूर्ण पवित्र धर्मको पवित्र आत्माहरू तत्त्व ज्ञानबाट अपरिचित छन्। जसकारणले नक्कली गुरू, सन्त, महन्थ तथा ऋषिहरूले अवसर पाएका छन्। पवित्र भक्त समाज आध्यात्मिक तत्त्व ज्ञानबाट परिचित भएपछि यी नक्कली सन्तहरू गुरूहरू, तथा आचार्यहरूले लुक्ने ठाउँ पनि पाउने छैनन्।

उपरोक्त सच्चाई आफ्नै आँखाले देखेर म तथा अन्य परिवारका सदस्य सन्त रामपाल जी महाराजको चरणमा लागेका छौं। सम्पूर्ण परिवारमा कोही बिरामी छैनन् र जुन भूतले परिवारका कुनै सदस्यलाई माथ्र्यो पशुलाई माथ्र्यो, कामधन्दा चल्न दिदैनथ्यो त्यो घरमात्र होइन् गाउँबाट नै भागेको छ तथा अन्य नातेदारकहाँ गएको छ जो अहिले पनि, श्री आशाराम जीका पूजारी रहेका छन्। त्यहाँ गएर भूतले वसन्त आदिका घरमा परमात्माको बास भएको छ, उनले परमात्मा स्वरूप पूर्ण सन्त प्राप्त गरेका छन्। हामी उनका सामु जान सक्दैनौ भने। सन्त रामपाल जीबाट उपदेश लिए पश्चात हामी पूर्ण रूपमा स्वस्थ तथा सुखी जीवन बाँचि रहेका छौं। हाम्रो परिवार तथा नातेदारहरू लगभग २०० सदस्यहरूले सन्त रामपाल जी महाराजबाट उपदेश प्राप्त गरेका छन् जो पहिले श्री आशाराम जीका शिष्य थिए। सन्त रामपाल जीद्वारा बताइएको तत्त्व ज्ञान बुझेर लगभग दश हजार श्री आशाराम जीका शिष्यहरू पनि सतगुरू रामपाल जी महाराजको शरणमा आइ सकेका छन्। उनीहरू पनि मेरो जस्तै पश्चताप् गरि रहेछन्। मेरो भक्त समाजसँग प्रार्थना छ कि जस कसैलाई परमात्मा पाउने छटपटी छ, खोजी छ, भने परमात्मा स्वरूप पूर्ण सन्त रामपाल जी महाराजको चरणमा आएर आफ्नो जीवनलाई सुखी बनाएर परमात्मा प्राप्त गर्नु होस्।

भक्त वसन्त दास, मो. नं. +९१-९०५३२७५५६९

## अद्भुद करिश्मा (चमत्कार)

पूजनीय गुरूदेव जी दण्डवत प्रणाम,

म आफ्नो परिवारको खुसी आदरपूर्वक सूचित गर्न चाहन्छु कि जनवरी २००० को आरम्भमा हजुरको प्रवचन/ सत्सङ्ग ताजपुर गाउँ देहलीमा श्री मुरारी भक्तको निवासमा चलि रहेको थियो। त्यसै समयमा एक अन्य भक्तकी छोरीले मेरी पत्नी श्रीमती बिमलादेवी (छावला) सँग काकी छिमेकी गाउँमा जुन सत्सङ्ग चलि रहेछ यदि हजुरले ती महाराजबाट नाम (उपदेश) लिनु भयो भने हजुरको असाध्य रोग (मेरूदण्डको हड्डीमा एक इन्चको फरक) ठीक हुन सक्छ भनिन्। तब मेरी पत्नीले ती केटीसँग अल इन्डिया मेडिकल इन्स्टिच्युट अफ रिसर्च सेन्टर अफ साइन्स दिल्लीमा जसको अढाई वर्ष उपचार भएर पनि असफल भएको छ भने त्यो

एउटा नाम वा एक शब्दमा कुन शक्ति छ जसले मेरो असाध्य रोग ठीक हुन्छ भनेर प्रश्न गरिन्? धेरै समयसम्म दुई बीच बहस चलीरह्यो, अन्तमा विस्तारै सत्सङ्गमा जाने निर्णय लिइयो। परम पूज्य सन्त रामपाल जी महाराजको प्रवचन/अमृतवाणी सुनेर अधुरो छुटेको भक्तिको तार पुनः बन्दी छोडसँग जुड्यो र अढाई वर्षको उपचारबाट फाइदा नपाएर केवल नामको सुमिरन (स्मरण) गरेको पाँच दिनभित्र नै असाध्य रोग ठीक भयो। यसपूर्व डाक्टरहरूले उनलाई बस्न वा उभिन मनाही गरेका थिए जुन आज पनि ट्रिटमेन्ट स्लिपमा लेखिएको छ तथा त्यो एक इन्च अन्तर भएको एक्स-रे पनि प्रमाणका रूपमा सुरक्षित छ। सबैभन्दा ठूलो समस्या मेरी पत्नीलाई यो थियो कि उनले बसेर शौच गर्न सक्दिनथिन् र हात धुने समय समयमा १०-१५ मिनेट रूनुपर्थ्यो किनकि ज्यादा झुक्दा बढी पीडा हुन्थ्यो। अहिले ती परम पूज्य सतगुरू रामपाल जी महाराजको आशिर्वादले ५० किलोको भारी/तौल आफैंले उठाउन सक्छिन् र पूर्ण स्वस्थ छिन्। मेरा सम्पूर्ण पाठकहरूसँग प्रार्थना छ कि परमेश्वर तुल्य सन्त रामपाल जी महाराज जो कविर्देव (कबीर परमेश्वर) जीका पूर्ण कृपा पात्र हुनु हुन्छ, उहाँबाट शीघ्रातिशीघ्र सित्तैमा नाम प्राप्त गरेर सपरिवार कल्याण गराउनु होस्। पूर्ण मोक्ष तथा सतलोक (शाश्वतम् स्थानम्) प्राप्त गर्नु होस्।

हजुरको सेवक भक्त नथूराम,
गाउँ, छावला, दिल्ली फोन नं - +९१-९८११९५७९१२

## असम्भव कार्य (अनहोनी) गर्नु भयो परमेश्वरले

म भक्त सुरेन्द्र दास गाउँ गान्धारा, त. सापला, जिल्ला- रोहतकको निवासी हूँ। मेरो उमेर ३१ वर्षको छ तथा बाल्यकाल देखि नै परमात्माको खोजीमा लागेको थिएँ तथा मनमुखी (मनोमानी) पूजा (मन्दिरमा जानु, व्रत आदि गर्नु, श्राद्ध गर्नु आदि) पनि गर्थें। तर शारीरिक कष्ट तथा मानसिक अशान्ति लगातार रहि रहेको थियो। तर पनि परमात्मामा विश्वास तथा परमात्मा पाउने अभिलाषा बाँकी थियो। यही छटपटीले सन् १९९५ मा सन्त आशाराम बापूका संसर्गमा पुऱ्यायो। मैले उहाँबाट नाम उपदेश लिएँ तथा जस्तो भक्तिमार्ग बापू जीले बताउनु भयो, त्यसमा डटेर साधना गरेँ। तर न कुनै शारीरिक कष्ट निवारण भयो न त कुनै आध्यात्मिक उपलब्धि नै, बरू कष्ट अझ बढ्दै गयो। म आशाराम बापूद्वारा बताइए अनुसार साधना गर्दथें। जस्तो २५० ग्राम दूध बिहान पिउँथें र २५० ग्राम साँझ। मेरा मन्त्रमा जति अक्षर थिए त्यति नै लाख मन्त्र जाप गर्ने र समाधी लगाउने गर्थे। चालीस दिनको यो क्रिया थियो, जसलाई एक अनुष्ठान मानिन्थ्यो। यस्तो यस्तो मैले १४ वटा अनुष्ठान गरेँ।

एक पटक मैले बापु जीको सत्सङ्गमा सात दिनसम्म निराहार रहेर मन्त्र जाप गर्नु समाधी लगाउनु तथा प्राणायाम गर्नाले ईश्वर प्राप्त हुन्छ भन्ने सुनेँ। अनि मैले यी वचनहरूलाई सत्य मानेर यस्तै गरेँ तर परमात्मा प्राप्तिका सट्टा भोको रहनाले मृत्युको नजिक पुगें तथा प्राणायम गर्नाले दिमागी सन्तुलन बिग्रियो र म पागल जस्तै भएँ।

त्यही दौरान ममाथि सतगुरू पूर्ण सन्त रामपाल जी महाराजको कृपा दृष्टि पऱ्यो तथा मलाई सेप्टेम्बर २००० मा पूज्य गुरूदेव सन्त रामपाल जी महाराजबाट नाम उपदेश प्राप्त भयो।

उपदेश प्राप्त हुनासाथ मलाई यस्तो लाग्यो जस्तो कसैले दियोमा घिउ हालेको होस् तथा मेरो जीवन शान्त व्यवस्थित रहन थाल्यो।

पूर्ण सन्तले पाप कर्मलाई समाप्त गर्न सक्छन् भन्ने कुराको प्रमाण मेरा जीवनमा स्पष्ट रूपले तब घटित भयो जब म मे, २००४ मा औरङ्गाबाद महाराष्ट्रमा सन्त रामपाल जी महाराजको सतसङ्गका लागि टेन्टको सेवा गर्दै गर्दा २५ फुट माथिबाट पथरिलो जमिनमा खसेँ। यहाँ काललाई कुनै अर्को कुरा मञ्जुर (स्वीकार) थियो तथा मेरो मेरूदण्डको हड्डी टुट्यो र मेरो शरीरको तलको भागमा अधर्ग (पक्षघात) भयो। त्यसै समय मैले आफ्ना सतगुरूदेव सन्त रामपाल जी महाराजको स्मरण गरेँ। मेरा गुरूदेवको दयाले त्यसै समय दुवै गोडाले ठीक काम गर्न थाल्यो।

गरीब, काल डरै करतार से, जै जै जगदीश। जौरा जौरी झाडती, पग रज डारै शीश।।

त्यसपछि मलाई औरङ्गवादको निजी अस्पताल (पटवर्धन हाँस्पीटल) मा लगियो। त्यहाँ डा. डी.जी. पटवर्धनले मेरो शरीर जाँच गरे तथा मेरो मेरूदण्डको हड्डीको एक्स-रे लिए। रिपोर्टमा मेरूदण्डको हड्डी भाँचिएको थाहा भयो। रिपोर्ट हेरेर डा. धेरै हैरान भए तपाईंको मेरूदण्डको हड्डी भाँचिएको छ र त्यसको एक टुक्रा भाँचिएर छुट्टिएको छ भने डा. ले पटक-पटक मेरो गोडालाई हातले छाम्दै हेरिरहे र तपाईंमा परमात्माको विशेष कृपा छ त्यसैले तपाईंका गोडाहरूले ठीक रूपमा काम गरि रहेका छन् भने। किनकि यस रिपोर्ट अनुसार तपाईलाई अधर्ग (पक्षघात) हुनु पर्ने थियो। त्यहाँ त्यस अस्पतालमा म तीन दिनसम्म रहें। त्यसपछि म अस्पतालबाट डिस्चार्ज भएर आफ्नो घर हरियाणा आएँ। यहाँ रोहतकमा मैले आफ्नो उपचार हड्डीका प्रसिद्ध डाक्टर चड्डाबाट गराएँ। डा. चड्डा पनि मेरो रिपोर्ट देखेर चकित भए तथा तपाईं कसरी डिँड्डुल गरि रहनु भएको छ भनेर सोधे। रिपोर्ट अनुसार त तपाईंलाई अद्यर्ग (पक्षघात) हुनु पर्ने थियो। डा. चड्डाले फेरि रङ्गीन एक्स-रे गराए र यसको उपचार सम्भव छैन भने तथा अप्रेसनद्वारा यसको अहिले जुन अवस्था छ त्यही अवस्थामा रोक्न सकिन्छ ताकि हड्डी अझ नटुटोस् भने। त्यसपछि हड्डीलाई तागत दिन इन्जेक्सन लगाए र तीन महिनासम्म पूरा इन्जेक्सन लगाए फेरि उसले अप्रेसन गराउनै पर्छ नत्र बाँकी हड्डी पनि टुट्न सक्छ र अप्रेसन खर्च दुई लाख लाग्छ भनेर सुनाए। फेरि उनै डाक्टरले रिपोर्ट अनुसार तपाईंको तीन महिनाभित्र मृत्यु हुनु पर्ने थियो भनेर बताए। आज तपाईं परमात्माको कृपाले नै जीवित हुनु हुन्छ। अप्रेसनका लागि दुई लाख खर्च दिन म असमर्थ थिएँ त्यसैले म अर्को डाक्टर कहाँ उपचारका लागि गएँ। उनी पनि रिपोर्ट हेरे आश्चर्य चकित परे र अप्रेसनमा ढिलाइ भएमा हड्डी अरू पनि टुट्न सक्छ भने। उनले पनि रिपोर्ट अनुसार तपाईं अधर्ग (पक्षघात) हुनु पर्ने थियो, तपाईं कसरी हिँडि रहनु भएको छ? भनेर सोधे।

आखिर हार खाएर म आफ्ना गुरूदेव सन्त रामपाल जी महाराजको चरणमा पुगें र अनुरोध गरें। तब मेरा पुज्य गुरूदेवले ममाथि दया गर्नु भयो र शिरमा हात राखेर भन्नु भयो पुत्र तिमी बिल्कुल ठीक हुने छौ, यदि आज परमेश्वर कबीर साहेब जीको शरणमा नभएको भए तिमीले कष्ट भोगेर मर्नु पर्ने थियो। तिम्रो आयु शेष (बाँकी) थिएन। तिमी फेरि एकपटक डाक्टरलाई देखाऊ। मैले गुरूदेवको आदेश अनुसार भोलिपल्ट नै डा. लाई देखाएँ। जसले मेरो एक्सरे गरे र रिपोर्ट देखेर डा. आश्चर्य चकित भए र भने– जुन हड्डी भाँचिएर अलग भएको

थियो त्यो आफैं माथि उठेर कसरी जोडियो। डाक्टरले हड्डीको अवस्था यस्तो थियो कि जस्तो कुनै गाडी धेरै ढलान भएको उकालोमा चढि रहेका होस् र त्यसै समयमा इन्जनमा खराबी होस्, त्यो तल पनि खस्न सक्छ या प्रथम गियर लगाएर ढुङ्गा आदि चक्काको पछाडि राखेर त्यही रोक्न सकिन्छ, अगाडि चढ्न सक्दैन भनेर बताए। तपाईंको हड्डी यसरी माथि चढेर जोडिएको छ कि जुन डाक्टरको इतिहास भन्दा बाहिरको कुरा हो। यसबाट मलाई पनि कुनै शक्ति छ जसले असम्भवलाई पनि सम्भव गराउन सक्छ भन्ने महसुस भइ रहेछ। यो त अप्रेसनबाट पनि हुन सक्दैनथ्यो। अप्रेसन (शल्यक्रिया) गरेर यसमा कुनै पदार्थ भरेर त्यो ग्याप (खाली ठाउँ, अन्तर) लाई भर्न सकिन्थ्यो। तर पनि यदि तपाईंले कुनै भारी बोझ उठाउने कार्य गर्दा फेरि हड्डी सरेर ओछ्यान परेर मर्नु हुन्थ्यो। डाक्टर केही विचार गर्न सकि रहेको थिएनन्। मैले भने कि पूर्ण ब्रह्म कबीर साहेबको स्वरूप मेरा पूज्य गुरूदेव सन्त रामपाल जी महाराजले मेरो पापकर्म काटेर तथा मेरो मृत्युलाई पन्छाएर आफ्नो कोटाबाट मलाई नयाँ जिन्दगी दिनु भएको छ। परमेश्वर कबीर साहेबको वाणी छ :

'जो मेरी भक्ति पीछोडी होई, तो हमरा नाम न लेवे कोई।'

अब म बिल्कुल स्वस्थ छु तथा सतगुरूको चरणमा आत्मा कल्याणको उद्देश्यले निःस्वार्थ सेवा गरि रहेको छु। ५० कि.ग्रा. वजन आफैंले उठाएर हिँड्छु। हाम्रो गुरूदेवको वास्तविक उद्देश्य त भक्ति गराएर जीवलाई विकार रहित बनाएर आफ्नो परमधाम सतलोकमा लैजानु हो। यहाँको ससाना सुख त हाम्रा गुरूदेवले आफ्नो भण्डारबाट दिनु हुन्छ, ताकि जीव भक्ति मार्गमा लागि रहून्। अतः सम्पूर्ण समाजसँग प्रार्थना छ कि हाम्रो गुरूदेवको चरणमा आएर सत्यभक्ति गर्नु होस् तथा सांसारिक सुखका साथ साथै आत्म कल्याणको मार्ग पनि प्राप्त गर्नु होस्। सत् साहिब॥

विशेष : ऋग्वेद मण्डल १० सुक्त १६१ मन्त्र २ मा पूर्ण परमात्माले भन्नु भएको छ कि शास्त्रानुकुल साधना गर्ने साधक तिमी सम्पूर्ण भावले मेरो शरण ग्रहण गर अर्थात् संशयरहित भएर मेरो भक्ति गर म तिम्रो असाध्य रोग पनि समाप्त गरि दिन्छु, यदि तिम्रो आयु शेष (बाँकी) छैन भने पनि तिम्रो आयुको श्वास बढाएर सय वर्ष बनाइ दिन्छु। उपरोक्त कथाले प्रभुको समर्थतालाई प्रमाणित गर्दछ।

भक्त सुरेद्र दास मो.नं. +९१-८०५९७०९८१९

## प्रभुले सुन्नु भयो गरीबको पुकार

म कर्मवीर पुत्र श्री घासिरामको नाती श्री छोटुराम, गाउँ भराण, जिल्ला रोहतकको स्थायी निवासी हूँ। सबभन्दा पहिले मैले र पूरा परिवारले सन् १९८६ मा निरङ्कारी बाबा हरदेवसिंह जी महाराजबाट नाम (उपदेश) लियौं। त्यस समय म दिदी बहिनीलाई चुरा पहिराउने काम गर्दथे। आर्थिक अवस्था राम्रो थियो। विस्तारै विस्तारै स्थिति बिग्रँदै गयो। केही समय पश्चात मेरो पत्नीको शरीरमा विभिन्न प्रकारका बिमारीले डेरा जमायो। उसलाई बबासिरको बिरामी तथा पित्तको थैलीमा पत्थरी भयो। डाक्टरले अपरेसनमा २० हजार लाग्छ भन्यो। म र मेरी पत्नी आफ्ना कष्ट सम्झदै दुःखी मनले पैसा त छैन कसरी अप्रेसन हुन्छ, हामी त्यसै मर्छौं

भन्दै एउटा ट्याम्पुमा चढेर बस अड्डा गइरहेका थियौं। त्यसै ट्याम्पुमा एकजना महिला पनि बसेकी थिइन्। उनले हाम्रो सम्पूर्ण कुरा सुनिन् र करौंथा जाऊ भनिन्। त्यहाँ एक महाराज हुनु हुन्छ र बिरामीलाई सित्तैमा दबाई दिनु हुन्छ। मेरी पत्नी भक्तमती मेवा देवी २७-७-२००३ मा सतलोक आश्रम करौंथा गइन् तथा बन्दी छोड सतगुरू रामपाल जी महाराजलाई आफ्नो सम्पूर्ण बिमारी तथा घरको हालत सुनाइन्। सतगुरू देवले धेरै प्रेम भावले सबै कुरा सुन्नु भयो तथा भन्नु भयो– पुत्री यहाँ कुनै औषधी आदि दिंइदैन, केवल आत्म कल्याणको मार्ग सम्झाइन्छ तथा भक्ति गर्ने विधि पवित्र वेदहरू तथा पवित्र गीताको आधारमा शास्त्रानुकुल बताइन्छ। पूर्ण परमात्मा कबीर साहेब जीको कृपाले केवल मन्त्र जाप गर्ना मात्रले नै सम्पूर्ण कष्ट टाढा हुन्छ तथा मूल लाभ त जन्म-मृत्युबाट पूर्ण रूपले जीवलाई छुट्कारा दिलाउनु हो, समाज सुधार तथा अन्य सुख निःशुल्क स्वयम् नै हुन्छ। रामनामको औषधी दिएर मेरो सम्पूर्ण परिवारलाई कृतार्थ गर्नु भयो। अहिले हामी प्रेमपूर्वक जिन्दगी बाँचि रहेका छौं। सम्पूर्ण विमारी केवल नाम स्मरणले तथा गुरूदेवको आशिर्वाद मात्रले समाप्त भयो। हामी बन्दी छोडसँग प्रार्थना गर्दछौं– हे दाता हजुरले जस्तो सुखी जीवन हामीलाई दिनु भएको छ, त्यस्तै सबलाई बक्सनु होस्।

भक्त कर्मबीर दास पुत्र श्री घासिराम, गाउँ भराण, त. महम, जिल्ला-रोहतक

## भगवान् हुन् त यस्ता

म श्री केहर सिंहका पुत्र भक्त महावीर सिंह गाउँ ढराणा जिल्ला झज्जर (हरियाणा) निवासी हूँ। पहिले म शिवको कट्टर भक्त थिएँ। मेरो लिवर र गुर्दे (किडनी) भित्र पीप जमेको थियो र मलाई मेरा दाजु भक्त महेन्द्र सिंहले मेडिकलमा उपचार गराउन लानु भयो, त्यसपूर्व पनि थुप्रै पैसा खर्च भइ सकेको थियो। तर कुनै आराम भएन। मेडिकलमा अल्ट्रासाउण्ड पश्चात् तीन वटा अप्रेसन गर्नु पर्छ भने। म आत्तिएँ। मैले अपरेसन गर्न मानिनँ। म खाना पनि खान सक्दैन थिएँ। हालत सारै नाजुक भइ सकेको थियो। मेरा दाजु महेन्द्रले सन्त रामपाल जीबाट उपदेश लेऊ, उहाँ पूर्ण परमात्माको अवतारका रूपमा आउनु भएको छ। कबीर परमेश्वर पूर्ण ब्रह्म हुनु हुन्छ भन्ने गर्नु हुन्थ्यो। म शिव जी भगवान्‌का सामुन्ने तिम्रा कबीर जुलाहा (धाणक) को के औकात छ भन्ने गर्थें। कबीर त एक कवि थिए, उनी भगवान् हुन सक्दैनन्। मेरो जेठा दाजु महेन्द्र सिंहका पुत्र श्री केहर सिंहका परिवार पनि एकदमै उजाडिएको थियो। सन्त रामपाल जी महाराजको शरणमा जानाले तिनीहरू पूर्ण सुखी छन्। उनीहरूले पहिलेका सम्पूर्ण पूजाहरू त्यागेका छन्। ती फेरि पनि धेरै सुखी छन्। म पनि मान्दथें, तर फेरि पनि आफ्नो भगवान् शिव जी भन्दा ठूलो कसैलाई मान्दैन थिएँ। मेरा ठूला दाजु महेन्द्र मलाई भन्नु हुन्थ्यो 'महावीर यही भुल सबैलाई लागेको छ।' पूर्णब्रह्म कविर्देव (कबीर परमेश्वर) नै हुन्। यिनका शक्ति सामु ब्रह्मा, विष्णु, शिव, ब्रह्म तथा परब्रह्म त धेरै न्यून शक्ति युक्त छन्। जस्तो जुन अन्तर देशको प्रधानमन्त्री तथा राष्ट्रपतिको सामुन्ने प्रान्तको मन्त्रीको शक्तिको हुन्छ, त्यही अन्तर परमेश्वर कबीर जी (राष्ट्रपति वा प्रधानमन्त्री जान) तथा शिव जी (एक विभागीय मन्त्री सम्झ) को शक्तिमा छ। अब स्वयम् नै विचार गर्नु होस् कि 'कहाँ ठांठां (कविर्देव/कबीर परमेश्वर) कहाँ म्याम्या (भगवान् शिव जी) अर्थात् खागड (बलवान्) को तुलनामा बाखा। सन्त रामपाल जी महाराजले सम्पूर्ण सद्ग्रन्थहरूको गहन अध्ययन गर्नु भएको छ तथा भक्ति

शक्तिको स्वानुभवबाट पनि सत्य पाउनु भएको छ तब त आफ्नो जे.ई.को जागिर त्यागेर भक्ति मैदानमा लाग्नु भएको हो। आज सम्पूर्ण सन्त महन्थ तथा आचार्यहरूलाई पछि पार्नु भएको छ। सम्पूर्ण पन्थहरू तथा महर्षि दयानन्द जस्तालाई पनि उनैको आफ्नै लेखद्वारा फेल पार्नु भएको छ। समाचार पत्रमा पनि खुला रूपमा सबैलाई चुनौति तथा हाँक दिनु भएको छ। कोही बोल्दैनन्। आर्य समाजका केही नादानहरूले विरोध गरेका थिए तर मुख भरिको जवाफ खानु पऱ्यो। किनकि महाराज रामपाल जी प्रमाण सहित कुरा गर्नु हुन्छ। अन्य केवल निराधार दन्त कथाहरूको आधारमा मार्ग दर्शन गरि रहेका छन्। सत्यको सामुन्ने असत्य टिक्न सक्दैन।

ठूला दाजु महेन्द्रको उपरोक्त कुरा सुनेर मनमा झगडा गर्न मन लाग्थ्यो तर ठूला भएका नाताले बोल्दैनथेँ। अरु कसैले 'कहाँ ठाँ ठाँ (कबीर परमेश्वर) कहाँ म्याम्या (भगवान् शिव) भनेको भए म (महाबीर) अवश्य झगडा गर्ने थिएँ। तर अहिले साच्चै नै कबीर जी पूर्ण परमेश्वर नै हुनु हुन्छ भन्ने थाहा भयो। मर्नु भन्दा बहुलाउनु निको भनेर दाजुसँग मेरो जीवन बचाइ दिनु होस् भने। मेरा दाजुले करौंथा आश्रममा जाऊँ, त्यहाँ तिम्रो जीवन बच्ने छ भन्नु भयो। मलाई अप्रेसन गर्दा लगाउने कपडा लगाएर अप्रेसन थिएटरमा लैजान ट्रलीमा सुताइएको थियो। म उठेर कपडा खोलेर आफ्नो कपडा लगाएँ र मैले दाजुलाई नाम लिन्छु भनें। हामी गाडी लिएर मेडिकल रोहतकबाट सिधै बन्दी छोड सतगुरू रामपाल जी महाराजको शरणमा आयौं। नाम उपदेश लिएँ, त्यसै समयमा आश्रममा मैले भोजन पाएँ। म फेरि मेडिकलमा गएँ र जाँच गराएँ। डाक्टर आश्चर्यमा परे। ममा कुनै कष्ट थिएन। म स्वस्थ भएँ। मेरो आश्रममा कुनै खर्च भएन। नाम तथा जापको पुस्तिका निःशुल्क प्राप्त भयो। मेरा सारा परिवार अन्य देवी देवताहरूको पूजा पाठ गर्ने गर्दथे तर उपदेश लिए पश्चात सबै त्यागि दिएं। अनि पहिले भन्दा अधिक सुखी र स्वस्थ भएँ। बन्दी छोड पूर्ण परमात्मा सतगुरू रामपाल जी महाराजको रात दिन गुण गान गर्छौं।

सन्त रामपाल जी महाराजको मुख्य उद्देश्य त नाम उपदेश दिएर भक्ति गराएर कालको जालबाट मुक्त गराउनु हो। समाज सुधार तथा अन्य सुख त स्वयम् नै हुन्छ। 'सत साहेब'

भक्त महावीर

## लुटिने तथा पिटिनेहरूका सहारा

म भक्त जीयाराम (राजु) पुत्र श्री गणेशिराम गाउँ, ढराणा निवासी हूँ। म तथा मेरी पत्नीलाई असाध्य रोग थियो। कसैले प्रेत बाधा भन्दथे। डाक्टरहरूले टी.बी. बताए। हामीले डाक्टरबाट पनि धेरै उपचार गरायौं र देवी देवताको पनि धरै पूजा गऱ्यौं। यू.पी., हरियाणा, राजस्थानमा बालाजी आदि ठाउँमा उपचारका लागि गयौं, थुप्रै खर्च भयो। दस बाऱ्ह वर्षसम्म यसरी नै भट्की रह्यौं। हामीले कसमेकम दुई लाख रूपिया खर्च गऱ्यौं होला तर आराम भएन। हामी धेरै हैरान भयौं। म धेरै निर्धन भएँ।

५० रूपियाँ कमाउँथे १०० रूपियाँ खर्च हुन्थ्यो। कयौं पटक आत्म हत्या गर्ने कुरा पनि सोचैं। हवन पनि गराएँ। हवन गर्दा पण्डित पनि डरायो र पण्डितले यस भित्र धेरै ठूलो जिन्द (प्रेत) छ भनेर बताए। पण्डितले म फेरि हवन गर्नेछु र फेरि बताउँने छु भने। भक्त महेन्द्र पुत्र

श्री केहर सिंह (जो मेरा गाउँका हुन्) ले सन्त रामपाल जी महाराजबाट नाम लिएका थिए। मलाई कयौं पटक भन्दथे जीयाराम तिमी कहीं घुम र ठग कहाँ गएर पैसा लुटाऊ, सन्त रामपाल जी महाराज बिना कष्ट निवारण हुन सक्दैन। भक्त महेन्द्रसँग करौंथा आश्रम त भर्खर बनेको हो, म त थुप्रै ठूला मन्दिरमा गइ सकेको छु भन्ने गर्दथें। तर म आजित भइसके पछि भक्त महेन्द्रलाई भेटेको हूँ। म भक्त महेन्द्रसँग गएर भोलिपल्ट नै सतगुरू रामपाल जी महाराजबाट सित्तैमा (निःशुल्क) नाम उपदेश लिएँ र उपदेश लिएपछि हामी एकदमै स्वस्थ भयौं। हामी रातदिन पूर्ण परमात्मा बन्दी छोड सतगुरू रामपाल जी महाराजको गुणगान गर्दछौं।

सन्त रामपाल जी महाराजको मुख्य उद्देश्य त नाम उपदेश दिएर भक्ति गराएर कालको जालबाट मुक्त गराउनु हो। समाज सुधार तथा अन्य सुख त सित्तैमा अर्थात् स्वयम् नै प्राप्त हुन्छ। "सत साहेब"

भक्त जियाराम।

## सन्त हुन् त यस्ता

म शशी प्रभा प्रधानाचार्य (प्रिन्सिपल) राजकीय वरिष्ठ माध्यमिक विद्यालय डिगाना जिल्ला जीन्दमा कार्यरत छु। म आफ्नो घरको लडाइ-झगडा, मानसिक तनावका कारण लगभग ३५ वर्ष देखि हैरान थिएँ। पतिले कुट्ने पनि गर्थे। सम्पूर्ण तलब खोस्ने गर्थे र सकेजति दुःख दिन्थे। ३२ किल्ला जमिनको मालिक हुदा हुदै पनि मलाई सधैं कुकुरलाई जसरी रोटी (खाना) दिन्थे। मैले उनको र मेरा सबै नातेदारसँग पनि सहयोग मागेँ। मैले पन्चायतका मानिसहरूसँग पनि सहयोग मागें तर कसैले साथ दिएनन्। सन्तले बिग्रेको कार्य सम्हाली दिने गर्छन् भन्ने विचार गरेर म आनन्दपुर (बीना) मध्य प्रदेशका सन्तलाई गुरू बनाएँ। तर पनि घरमा त्यही कलह। छोरीहरूलाई परमात्माको दयाले आफ्नै शक्ति तथा भरमा पढाएँ। छोरीहरूको विवाह भइ रहेको थिएन। उनका बुबाले केटा खोज्न छाडि दिए। यसै समस्याका कारण म बाला जी गएँ। बगड (राजस्थान), धौली धार हिमाचल प्रदेश पनि गएँ। ठूला साधु तथा गुरूद्वारको पनि सहयोग लिएँ। घरमा जब एक्लै हुन्थेँ तब धर्तीमा परमात्मा छदै छैनन् भनेर रोइ रहन्थेँ र यातना र अन्याय सहन गर्दा गर्दा अवस्था पागल जस्तो भएको थियो।

अनि एकदिन यो दुःखी आत्मा ती परमात्माको दरवारसम्म पुग्यो जसले दुःख निवारण गर्दछन्। मेरो छिमेकमा पाठ (धार्मिक ग्रन्थ पढ्ने कार्य) भएको थियो। मेरो छिमेकी प्रसाद दिनका लागि मलाई बोलाउन आइन्। त्यहाँ गएपछि कुराकानी भयो। पाठको बारेमा यो परमात्माको सत्य वाणी हो, जसको कारणले दुःख कट्छ भनेर बताइन्। तर यो पाठ केवल सन्त रामपाल जीको आज्ञा अनुसार गराउनाले नै लाभ हुन्छ। अरू कसैबाट पाठ गराउनाले कुनै लाभ हुँदैन। जस्तो राजा परिक्षितलाई कथा सुनाउने समयमा कुनै पनि ऋषिले पाठ (कथा) भन्ने हिम्मत गरेनन् किनकि ती अनाधिकारी थिए तथा सातौं दिन परिणाम प्राप्त हुनु थियो यसैले स्वर्गबाट ऋषि सुकदेव आए, उनले राजा परिक्षितलाई नाम दिएर (शिष्य बनाए) सात दिनसम्म कथा (पाठ) गरे। तब राजा परिक्षितलाई केही राहत मिल्यो। अहिले कोही पनि वास्तविक ज्ञान तथा सत्य साधनासँग परिचित छैनन्। त्यसैले जसले पनि पाठ गरिदिन्छन्। जसले साधकलाई कुनै लाभ हुँदैन। ती महिला जससँग मेरो चर्चा (कुराकानी) भयो, रामपाल जी महाराजको

विचार सुन्ने गर्थिन् अशिक्षित हुँदाहुँदै पनि सन्त रामपाल जी महाराजबाट सुनेका शास्त्र गुढ रहस्य सुनाइन्। म प्रधान आचार्य (प्रिन्सिपल) भएर पनि हैरान थिएँ। यस्तो लाग्यो कि परमात्माले मेरो हात समाउन खोजि रहेछन्। ती महिलाले हाम्रा गुरूजीले दुःख निवारण गर्नु हुन्छ भनेर बताइन्। मैले तपाईं हजुरको गुरूको दर्शन गराउन सक्नु हुन्छ भनेर जिज्ञासा व्यक्त गरें। मालिकको दयाले भोलिपल्ट नै गुरू रामपाल जी महाराजलाई साधारण कुर्सीमा बसेको पाएँ, म सन्त के हुन् र उनको महिमा के हुन्छ जान्दिनथैं। जो जति महान् हुन्छन् ती त्यति नै साधारण देखिन्छन्। हाम्रो स्थान त धर्तीभन्दा पनि तल छ। हामी परमात्माको महिमा के जान्दछौं र? गुरू जीले मेरो व्यथाहरू सुन्नु भयो र नाम उपदेश लेऊ सब ठीक हुन्छ भन्नु भयो। भोलिपल्ट मलाई उपदेश दिनु भयो। एक महिनाभित्र नै छोरीका लागि सम्बन्ध आयो र विवाह भयो। मलाई असम्भव पनि सम्भव भइ रहेछ जस्तो लाग्यो। ती पति जसले छोरीका लागि सम्बन्धको खोजि नै गर्दैनथे उनी आज छोरीको विवाह गरि रहेछन्। फेरि केही समयपछि मेरी ठूली छोरीको पेटमा रिसौलि भयो बच्चा नभएकोले चिन्ता झन बढ्यो। मैले आफ्नो छोरालाई भने कि हामी फिल्म हेर्दा एकातिर परमात्माको प्रार्थना गरि रहेको हुन्छ। अर्कोतिर कुनै व्यक्तिको अप्रेसन (शल्यक्रिया) सफल भइ रहेको हुन्छ। ऊ मेरो कुरामा सहमत भयो र म ताजपुर (दिल्ली) सतगुरूको सतसङ्मा सेवाको लागि गएँ। त्यहाँबाट म छोरी भएको ठाउँ अस्पतालमा गएँ अप्रेसन सफल भयो। जुन क्यान्सरको शङ्का थियो त्यो पनि ठीक भयो। अनि छोरी गर्भवती भइन्। यत्तिकैमा ज्वाइँको ट्र्याक्टरँद्वारा भएको मोटरसाइकल दुर्घटनाको समाचार आयो। मलाई मेरा पूज्य गुरूदेव जी अतिरिक्त केही आउदैन। मालिकको जति महिमा गाऊँ त्यो थोरै हुन्छ। यो जिब्रोले म आफ्नो गुरूदेवको जति महिमा मानिसहरूलाई सुनाए पनि त्यो थोरै हुन्छ। डेढ महिनाभित्र ठीक भएर ज्वाइँ घर आए। मेरो प्रार्थना परमात्माले सुन्नु हुन्छ भन्ने कुरा संसारलाई के थाहा ?

जुन दिनबाट मैले यो उपदेश लिएँ, मैले ती नक्कली सन्तहरूका फोटोहरू, आँगनमा राखेर स्वाहा पारि दिएँ। त्यस दिनबाट मेरो यो जीवनको गाडी सही बाटोमा आयो। २३ सेप्टेम्बर २००३ मा मैले आफ्ना जागृत आँखाले ४-५ बजे एक भयानक आकृति देखें। यति भयङ्कर आकृतिको व्यक्ति थियो कि यदि मैले नाम नलिएको भए मेरो मुटु फुट्ने थियो। तर मलाई त्यस समयमा डर लागेन। तर मलाई यो यमदूत हो भन्ने महसुस भयो। भोलिपल्ट मैले गुरू जीलाई सुनाएँ, उहाँले उक्त दिन मेरो आयु पूरा भएको थियो भन्ने स्पष्ट गर्नु भयो। अब म परमात्मा स्वरूप गुरू जीको दयाले बाँचि रहेकी छु। उहाँको कृपाले सानी छोरीको विवाह एक इन्जिनियरसँग पछिल्लो वर्ष भयो। दुई तीन पटक मेरो जागिर जाने आशङ्का पनि थियो। तर मेरो परमात्माले मलाई सम्हाल्नु भयो, मलाई दुई पदोन्नति दिनु भयो। सन्त रामपाल जी महाराज भन्नु हुन्छ कि राजा पनि प्रभुका बच्चा हुन्छन्। त्यसमा पनि प्रभुको शक्तिले काम गर्छ। परमेश्वरले साधकका लागि राजालाई प्रेरणा दिएर सम्पूर्ण हेरफेर (फेरबदल) गराउनु हुन्छ। गर्ने रूपमा राजा देखिन्छन्, तर गराउने परमात्मा हुन्छन्। कोही मेरा गुरू रामपाल महाराज जीको आश्रय लिएर हेर्नु होस्, आश्रय लिनेहरूको यसरी नै काँडा निस्कने छ, जस्तो मेरो निस्केको

छ। परमात्माले साँचै नै बेसहाराहरूलाई सहारा दिनु हुन्छ। आत्माको पुकार सुन्नु हुन्छ। मेरो जीवनमा यी केही वर्षमा जे भयो त्यो केवल परमात्माले नै गर्न सक्छन्। मेरा गुरू जीको महिमा वर्णन गर्नका लागि मसँग शब्द नै छैनन्। उहाँ स्वयम् नै कबीर साहेबको अवतार हुनु हुन्छ। जो परमात्माको दर्शन गर्न चाहनु हुन्छ करौँथा आउन नभुल्नु होला। म एउटा सानो जीव (प्राणी) लाई उहाँले कसरी उद्धार गर्नु भयो? हजुरप्रति म कृतज्ञ छु, कुन शब्दले म हजुरको महिमा गाऊँ? यिनै शब्दहरू पाठकले आफ्नो हृदयमा हृदयङ्गम गरेर लाभ उठाउनु होस्। अति तुच्छ जीव

भक्तमती शशी +९१-८६८४९००६०७

## आफ्नै भक्तलाई धर्मराजको दरबारबाट मुक्त गराउनु (छुटाउनु)

म भक्त ओम प्रकाश सुपुत्र श्री मातादीन, नजफगढ दिल्ली निवासी हूँ। मैले परम पुज्य सन्त रामपाल जी महाराजबाट नाम लिएको डेढ वर्ष भएको छ। मेरो नजफगढमा हलुवाइको पसल छ। १९ मे २००५ को रात ९:३० बजे मेरो पेटमा ज्यादै पीडा भयो। पीडाको कारण मेरो अवस्था धेरै खराब भयो। म गुरू जीको नाम जप्दै घर गएँ। घरमा पस्नासाथ गुरू जीको तस्वीरका सामु दण्डवत प्रणाम गरेँ। दण्डवत् प्रणाम गरेर उभिएपछि मलाई पेटको दुखाइ महसुस भएन। अनि म खाटमा सुतेँ। खाटमा सुत्नासाथ म बेहोस भएँ। मेरो चारैतर्फ यमका दुतहरू चक्कर लगाउन थाले र मलाई डर देखाउन थाले। म डरले बेहोस भएँ। तब यमका दुतले म माथि सेतो ओढ्ने ओढाए र मलाई यमराजको दरबारमा लिएर गए। यमराजको दरबारमा लाइन लागेको मैले देखेँ। जब मेरो नम्बर आयो तब यमराजले यसलाई तलाउमा फ्याँकि देऊ भने। मैले तलाउतिर हेर्दा त तलाउमा गोही नै गोही देखें। म गोही देखेर डराएँ। तब मैले आफ्ना परमपुज्य गुरूदेव सन्त रामपाल जी महाराजको स्मरण गरेँ, त्यस समय धर्मराजका दुत मलाई तलाउमा फ्याँक्न तयार भएका थिए। मैले गुरू जी मलाई बचाउनु होस् भन्दै पुकारा गरेँ तब मैले मेरा गुरू जी कबीर साहेबका रूपमा आउनु भएको देखें र मलाई तलाउमा खस्नु पूर्व नै बाहिर निकाल्नु भयो। यमराजले कबीर साहेबको चरणमा लम्पसार परेर दण्डवत् प्रणाम गरे। अनि गुरू जी आफ्नो रूपमा आउनु भयो र अब तिमी किन डराइ रहेछौ, म तिम्रो साथमा छु भन्नु भयो। तब मेरो डर भाग्यो। धर्मराजले गुरू जीसँग बहस् गरे कि पटक पटक तपाईँ यसलाई किन बचाउनु हुन्छ। यो त मेरो भोजन हो। हजुरले यसलाई पहिले पनि दुईपटक मृत्युको मुखबाट बचाउनु भएको छ। पहिलो पटक त स्कुटर र जिप आमनेसामने हुँदा पनि मलाई सानो चोटसम्म लागेन। दोस्रो पटक मोटरसाइकल चिप्लेपछि गुडि रहेको ट्रकको तल लडें। गुरूदेवले मलाई त्यस ट्रकको तलबाट पनि बचाउनु भयो।

तब गुरूदेवले धर्मराजसँग भन्नु भयो- यसले मेरो पछिल्लो जन्मको भक्ति गरेको थियो, त्यसैले मैले यसलाई बचाएँ। धर्मराजले फेरि भने- यसपटक किन बचाउनु भयो जबकि मैले यसको नाम खण्डित गरि दिएको थिएँ। फेरि गुरू जीले भन्नु भयो– यसका नाम तपाईंले टुटाउनु भएको हो, यसले आफ्नो इच्छाले तोडेको थिएन। यसैले मैले बचाएँ, यसले मेरो भक्ति

गर्छ। कालले तपाईं यसलाई कहिलेसम्म बचाउनु हुन्छ म हेर्छु भन्दा गुरू जीले म पल-पल उनको साथमा छु, तिमी यसको केही बिगार्न सक्दैनौ भन्नु भयो।

अनि सतगुरूदेवले धर्मराजसँग अबदेखि यसलाई कुनै प्रकारको कष्ट पुऱ्यायौ भने तिमीले मानिसलाई सताएको भन्दा बढी नराम्रो हालत हुने छ भन्नु भयो।

त्यसपछि सतगुरूदेव जीले मलाई धर्मराजको दरबारबाट तल लिएर आउनु भयो र मसँग तिमी छिटो घरका मानिसहरूलाई म एकदम ठीक छु भनेर बताऊ र घर लैजान भन भन्नु भयो। दुईजना डाक्टरले त उपचार गर्नु हाम्रो बसको कुरो होइन भनेर मनाही गरेका थिए। मेरा घरका मानिसहरूले मलाई अस्पताल लगि रहेका थिए मैले घरका सदस्यलाई म ठीक छु, छिटो घर लिएर हिँड भने। जो मेरा साथमा थिए उनीहरू धेरै आश्चर्यमा परे किनकि उनीहरूले म मरि सकेको छु भन्ने ठानेका थिए। यसको होस कसरी आयो? यो यस्तो कुरा कसरी गरि रहेछ? अनि मेरा घरका सदस्यहरू बाटोबाट घरतिर फर्कदा मैले सतगुरूदेव कमलको फूलमा बसेको देखेँ। कहिले गुरू जीका रूपमा त कहिले कबीर साहेबका रूपमा देखिँदै मतिर हात हल्लाउँदै जादै गरेको देखेँ। म ठूलो स्वरमा मेरा गुरू जी जानु भयो, मेरा गुरूजी जानु भयो भन्दै रून थालेँ। मेरा घरका मानिसहरू यसले फेरि यो के गरि रहेछ भनेर अत्तालिए र फेरि अस्पताल तिर लैजान लागे। तब गुरू जीले भन्नु भयो- भक्त तिमी यो के गर्दै छौ, मैले तिमीलाई छिटोभन्दा छिटो घर जाऊ भनेको छु। त्यसपछि मैले मेरा घरका मानिसलाई म ठीक छु, मैले गुरू जी देखेको थिएँ भने। तब मेरा घरका मानिसहरूले मलाई घर लिएर गए र घरका मानिसहरू यो त मरि सकेको थियो कसरी बाँच्यो भनेर आश्चर्यचकित भए। मैले घरका मानिसहरूसँग आफूमा घटेका सम्पूर्ण घटना बताएँ र मेरा सतगुरूदेवले मलाई घरमा छोडेर जानु भयो भने।

भक्त ओम प्रकाश दास, **RZ-15, B Block,** गल्ली नं. २, मकसूदा बाद कलोनी, नजफगढ, नई दिल्ली मोब.नं. +९१-९७१६९२७१९१

## "पूर्ण परमात्माले साधकलाई भयङ्कर रोगबाट मुक्त गरेर आयु बढाइ दिनु हुन्छ"

भक्त डा. ओमप्रकाश हुड्डा (C.M.O) को प्रमाण

प्रमाण ऋग्वेद मण्डल १० सुक्त १६१ मन्त्र १, २ तथा ५ जसमा परमेश्वर भन्नु हुन्छ कि यदि कसैलाई प्रत्यक्ष या गुप्त क्षय रोग तपेदिक (टी.बी.) छ भने त्यो पनि ठीक गर्छु तथा यदि कुनै रोगी व्यक्तिको प्राण शक्ति क्षीण भइ सकेको छ। जसको आयु शेष छैन भने पनि, तिम्रो प्राणको रक्षा गर्छु तथा तिम्रो आयु सय वर्षको प्रदान गर्छु, सम्पूर्ण सुख प्रदान गर्छु। मन्त्र ५ मा भन्नु भएको छ कि हे पुनर्जीवन प्राप्त प्राणी तिमी सम्पूर्ण भावले मेरो शरण ग्रहण गर। यदि पाप कर्म दण्डका कारण तिम्रो आँखा समाप्त भयो भने पुनः आजीवन आँखा दान गरि दिन्छु। तिमीलाई रोग मुक्त गरेर सम्पूर्ण अङ्ग प्रदान गर्छु तथा तिमीलाई प्राप्त हुन्छु अर्थात् भेटिन्छु।

जम जौरा जासे डरें, मिटें कर्म के लेख।

अदली अदल कबीर हैं, कुल के सत गुरू एक ॥

उपरोक्त पङ्तिहरू मेरो जीवनमा पूर्ण रूपले सत्य घटित भयो।

म भक्त डाक्टर ओमप्रकाश हुड्डा (C.M.O., M.B.B.S, M.S (Eye Specialsit), 18 A, सरकुलर रोड रोहतकमा बस्दछु। मेरो मोबाइल नं. ९८१३०४५०५० हो। मेरो जन्म १२ अप्रिल १९५३ मा रोहतक जिल्लाको किलोइ गाउँमा भयो। मेरो ५ देखि १२ सम्मको अध्ययन डी.ए.भी. स्कुल तथा डी.ए.भी. कलेज अमृतसरमा भयो। अमृतसरमा मेरा ठूला दाजु Librarian को पदमा डी.ए.भी. स्कुलमा कार्यरत थिए। त्यहाँका जान्नेबुझ्ने मानिसहरू दाजुलाई मास्टर जी तथा मलाई प्यारपूर्वक छोटे मास्टर भन्ने गर्थे। जब म छैठौं कक्षामा पढ्थेँ एक जना महात्मा (जो दुरग्याना मन्दिरका सेवक थिए) ले मेरो हस्तरेखा हेरेर छोटे मास्टर जी तिमी डाक्टर बन्छौ बन्छौ तथा तिम्रो आयु केवल ५० वर्ष छ भनेर बताए। यसो भनि रहँदा बच्चालाई यो सच्चाइ भनेर गलत गरें भन्ने भय पनि भयो तर मैले महात्माको कुरालाई एक बच्चाले जसरी सुनेको नसुनेझै गरें। म ठूलो भएर डाक्टर बनेँ तथा मैले M.B.B.S. तथा M.S. (Eye Specialist) पनि P.G.I.M.S. रोहतक बाट नै गरेँ।

ठीक पचासौं वर्ष पूरा हुन लागेको थियो । १०/११ अप्रिल २००३ को रात करिब १२ बजे ती दिन म सपरिवार रोहतकमा नै थिएँ तब मेरो दुबै हातमा पीडा तथा छातीमा भारीपन सुरू भयो र उपचारका लागि P.G.I.M.S. गएँ। यसपूर्व मलाई न ब्लडप्रेसर थियो न त सुगर नै। मैले नाम लिनपूर्व २५ वर्ष लगातार धूमपान अवश्य गरेको थिएँ।

त्यहाँ ड्युटीमा रहेका डाक्टरलाई मैले म H.C.M.S.I. (Group A) श्रेणीमा S.M.O. को पदमा बहाल छु भनेर परिचय दिएँ। (त्यस समयको S.M.O अहिलेका C.M.O) परिचय दिएपछि डाक्टरले तुरून्त उचित निरीक्षण पश्चात् मेरो उपचार सुरू गरेर Intensive Care Unit मा सिफ्ट गर्दासम्म मलाई सबै गतिविधि थाहा थियो तर I.C.U मा सिफ्ट गरेको केही समय पश्चात् मलाई के गरियो केही थाहा भएन। लगभग डेढ दुई घण्टापछि मलाई कालका दुतहरू चारैतिरबाट खडा छन् भन्ने महसुस भयो र मलाई तिम्रो समय पूरा भइ सकेको छ, हामी तिमीलाई लिन आएका हौं, हिँड भनि रहेका थिए। म उनीहरूलाई केही भन्न सकि रहेको थिइनँ त्यतिनै खेर पूर्ण परमेश्वर कबीर साहेब मेरा सतगुरू तत्त्वदर्शी सन्त रामपाल जी महाराजका रूपमा मेरो बेडका सामु प्रकट हुनु भयो तब डरलाग्दो अनुहार तथा भयानक शरीर भएका कालका दूत महारज जीलाई देख्नासाथ अदृश्य भए।

मेरा सत गुरूदेवले मलाई आशिर्वाद दिनु भयो र भन्नु भयो कबीर परमेश्वरले तिम्रो आयु आफ्नो कोटाबाट (शक्तिबाट) बढाइ दिनु भएको छ ताकि तिमी आफ्नो भक्ति पूरा गर्न सक र सतलोक जान सक। मैले रूँदै भने मालिक हजुर नै स्वयम् परमेश्वर हुनु हुन्छ, हजुरले यस चोलामा आफूलाई लुकाइ राख्नु भएको छ, परमेश्वर भक्ति पनि हजुरले नै गराउनु हुन्छ। म भक्ति गर्ने को हूँ र? यति भनेर मेरो आँखामा खुल्यो र मेरो आँखामा आँसु सिवाय केही थिएन्। तिन दिनपछि जब I.C.U. बाट मलाई वार्डमा ल्याइदै थियो तब म उठेर हिड्न थालेँ। एउटा डाक्टरले दौडेर मलाई तपाईं यो के गरि रहनु भएको छ, भनी समाते। तपाईं पैदल हिड्नु हुन्न, तपाईंलाई हृदयघात भएको छ भने।

स्पेसल वार्डमा सिफ्ट गरेपछि डाक्टरले १०/११ तारिखको रातको E.C.G./B.P. आदि रिपोर्टले तपाईं बच्ने सम्भावना छैन भन्ने देखायो तर बिहान तपाईको E.C.G. आदि फेरि सामान्य अवस्थामा आयो। यो देखेर हामी आश्चर्य चकित छौं भनेर डाक्टरहरूले मलाई सुनाए।

मैले २५-१२-१९९९ मा तत्त्वदर्शी सन्त रामपाल जी महाराजबाट नाम दान लिएको थिएँ। यसभन्दा पहिले म ब्रह्मकुमारी, जैनी, राधास्वामी को शिष्य थिएँ तथा D.A.V. School/College को छात्र भएकाले आर्य समाजको अमिट छाप ममा थियो। गायत्री मन्त्रको जप कयौं लाखपटक गरें होला। घरमा लगभग सयौं फोटो सबै देवी देवताहरूका थिए। नामदान पश्चात सबै फोटोहरू जल प्रवाह गरि दिएँ, तथा सबै प्रकारका आन उपासना बन्द गरि दिएँ। सतगुरू रामपालजी महाराजको आदेश अनुसार पूर्ण परमात्मा कवीर परमेश्वर (कविर्देव)को भक्ति सुरू गरेँ। किनकि सतगुरूले भन्नु भएको छ कि :

एकै साधै सब सधै, सब साधै सब जाए। माली सींचै मूल को, फले-फूले अघाए।।

एक कबीर परमेश्वरको भक्तिमा आरूढ हुनाले त्यो पनि केवल तत्त्वदर्शी सन्तबाट नाम लिए पश्चात यो लाभ भयो कि सन्त रामपाल जी महाराजले आफ्नो कोटाबाट मेरो उमेर बढाइ दिनु भयो। यो कुरा मैले तथा मेरो परिवारका सदस्यले P.G.I.M.S. मा कार्यरत डाक्टर तथा अरू स्टाफ सदस्यहरूलाई बतायौं तर उनीहरूले कति पनि बुझ्न सकेनन् किनकि यो कुरा उसले मात्र सम्झन सक्छ जसको च्यानल परमेश्वरले अन गरि दिनु भएको छ। अन्यथा कसैले यो ज्ञान सम्झन सम्भव छैन।

मैले २५-१२-१९९९ मा तत्त्वदर्शी सन्त रामपाल जी महाराजबाट नामदान लिएँ तब मलाई पूर्ण ब्रह्म कबीर साहेब जस्ताको त्यस्तै अवतार लिएर आउनु भएको हो भन्ने थाहा थिएन। तर उपरोक्त घटना घटित भएपछि मलाई यो विश्वास भयो :

माँसा घटे न तिल बढे, विधना लिखे जो लेख। साचा सतगुरू मेट कर ऊपर मारें मेख ।।

कबीर परमेश्वर सशरीर सन्त रामपाल जी महाराजका रूपमा आउनु भएको छ जो सच्चा सतगुरू हुनु हुन्छ र विधना (भाग्य) को पाप कर्म रूपी लेखलाई मेटाएर आफ्नो शक्तिले नयाँ लेख लेखि दिनु हुन्छ।

## भक्तमती सुशीलाको आँखा निको पार्नु

यस्तै मेरी धर्मपत्नी श्रीमती सुशीला हुड्डाले ६-१२-२००४ मा दाँया आँखाले एउटा बस्तुलाई दुई वटा देख्न थालिन्। P.G.I.M.S. रोहतकमा सबै खाले परीक्षण M.R.I तथा M.R.I. Angiography आदि गरायौं तथा सबै वरिष्ठ डाक्टरहरूलाई पनि देखाइयो, उपचार पनि गराइयो तर कुनै लाभ भएन। प्राइभेट डाक्टर ईश्वर सिंह अदिलाई पनि देखायौं तर कुनै लाभ भएन। यी सब हामीले सतगुरूबाट आज्ञा लिए पश्चात गरेका थियौं तर जब औषधीले कुनै लाभ नभएपछि हामीले सतगुरूसँग परमेश्वर हजुर आयु त बढाइ दिनु हुन्छ भने हजुरका लागि के यो कठिन कार्य हो र भनेर प्रार्थना गऱ्यौं। कृपया आफ्नो बच्चामाथि यो कृपा पनि गरि दिनु होस्। सतगुरूदेवले कृपा गरि दिनु भयो र शिरमा हात राख्नासाथ आँखा एकदम ठीक भयो र दुई वस्तु देखिन पनि बन्द भयो। पहिलेको जस्तै भयो। अब उहाँलाई पूर्ण परमात्मा पाप कर्मलाई

जलाएर नष्ट गर्ने भगवान् नभनेर के भनूँ? कृपया पाठक स्वयम् पढेर विचार गरी निर्णय लिनु होस् र अति शीघ्र तपाई पनि शास्त्र विधिरहित साधना र मानबढाइ त्यागेर सतलोक आश्रम करौंथामा आएर परमपूज्य सतगुरू रामपाल जी महाराजबाट नाम उपदेश लिएर आफ्नो तथा परिवारको कल्याण गराउनु होस्। "सत साहेब"

प्रार्थी भक्त डा. ओमप्रकाश हुड्डा

## 'तिन ताप (कष्ट) पूर्ण परमात्माले नै समाप्त गर्न सक्छन्'

भक्त रामकुमार ढाका (Ex Headmaster M.A.,B.Ed) को प्रमाण

म रामकुमार ढाका रिटायर हेडमास्टर दिल्ली, सुंडाना गाउँ, रोहतक-जिल्ला, हाल आजाद नजर, रोहतक (मोब. नं. +९१-९८१३८४४७४७) मा निवास गर्दछु। सन् १९९६ बाट मेरी पत्नी र दुबै छोराहरूलाई एक भयानक रोग लाग्यो। यो बिमारीले आजित भएर दुबै छोराले नोकरी गर्न सक्दैनौं भन्न थाले किनकि यो विमारीले घाँटी रोकिएर सास आउन बन्द हुन्थ्यो। तब डाक्टर आएर नशाको सुई लगाइ दिन्थे तर रातमा ड्युटीमा भएको बेलामा कहाँ लैजानु, धेरैं नै दुःख हुन्थ्यो। हाकिमले पनि मलाई बोलाउँथे, म उनलाई सबै कुरा बताउँथे तब उनले उपचार गराऊ भन्थे। घरमा हुँदा डाक्टर रातमा दुई पटक पनि आउनु पर्थ्यो किनकि कहिले घरको कुन सदस्यका लागि त कहिले कसका लागि। यदि कसैलाई शङ्का लाग्छ भने डबल फाटकमा डा. सचदेवाको पसल छ, उहाँसँग मास्टर जीको घरमा के हालत भएको थियो भनी सोध्न सकिन्छ।

जसले जहाँ जान भन्यो म त्यहाँ पनि गएँ, उत्तर प्रदेशमा कराना शामलीका सामु, उत्तर प्रदेश खेखडामा, राजस्थानमा बाला जी कयौं पटक, खाटु श्याम जी तथा कयौं स्थान जन्त्र-मन्त्र गर्नेहरू कहाँ, हरियाणामा त मैले कुनै ठाउँ नै छोडिन, सिकन्दपुर, खिड्वाली आदि अनेक स्थानमा गएँ र लगभग तीन लाख रूपियाँ लाग्यो तर केही काम भएन। म थाकें र मेरो परिवार बर्वाद भयो। मेरी पत्नीले मेरो जीवन समाप्त हुन लागेको छ, त्यसैले महेन्द्रका पुत्र भक्त सुभाष पुलिसवालाले महिमा सुनाउने सन्त रामपालबाट नाम दिलाइ देऊ भनिन्। पहिले म कुनै कुरामा विश्वास गर्दैनथे र गुरू बनाउनु धेरै तुच्छ सम्झन्थें। तिम्रो गुरू त म नै हुँ, म एम.ए.बी.एड. मभन्दा ठूलो को हुन सक्छ? भन्ने गर्थे तर परिस्थितिले मलाई विवश बनायो र मैले नाम लिन पत्नीलाई स्वीकृति दिएँ। तिम्रो जीवन बाँकी छैन किनकि त्यस समय मेरी पत्नीको तौल ५० कि.ग्रा. थियो, पहिले ८० कि.ग्रा. थियो। उठ्न बस्न पनि नसक्ने भएकी थिइन् हिँडडुल गर्नु त परको कुरो।

मैले भने मरी त हाल्यौ अब नाम पनि लिएर आफ्नो मनको यो चाहना पनि पूरा गरेर हेर। अब तिमीलाई रोक्दिन। नाम लेऊ, ठीक छ किनकि सन्त रामपाल जीबाट नाम लिनका लागि भन्न दुई तिन महिनादेखि भतिज सुभाष आएर नाम लिइ हाल नत्र मर्ने छौ भन्थ्यो। कुनै डाक्टर बाँकी छैनन्, बाला जी आदि सबै तान्त्रिकहरू कहाँ शिर ठोकि सकें भने तिम्रा सन्तले के लिएका छन् र? भन्ने गर्थे।

तर कतै केही नभएपछि नाम लिन पठाइ दिएँ किनकि म पनि आफ्नो परिवार आश्रममा जाने कुराको सख्त विरोधमा थिएँ। १६ जनवरी २००३ मा नाम लिइन् र "गहरी नजर गीता मे"

नामक पुस्तक साथमा लिएर आइन्। एक महिनामा नै बत्तीमा तेल राख्न साथ उज्यालो भएजस्तै हरेक महिना तीन किलो वजन बढ्न थाल्यो।

तब ठूलो छोरालाई आमाले नाम लिनाले नै मात्र राम्रो निन्द्रा लाग्न थालेकाले आफ्नी पत्नीलाई नाम दिलायो। अनि मैले "गहरी नजर गीता में" पुस्तक पढेँ। गहिराइमा गएर अध्ययन गर्दा यस्तो ज्ञान कहिल्यै नपढेको न त सुनेको नै पाएँ। मैले पनि अप्रिल २००३ मा नाम लिएँ। आज मेरो घरमा सबैले नाम लिएका छन्।

जब उनी बिमारी हुन्थिन् तब सारा घर कम्पायमान हुन्थ्यो, झै-झगडा, जागिरको विवाद, डा. आउनु जानु या अस्पतालको इमर्जेन्सीमा लैजान्थ्यौं। आज सारा घर स्वर्ग समान छ र सतलोक जाने इच्छा छ।

एक महिना पहिले सपनामा परमेश्वर कबीर साहेब जी गुडगाउँ सेक्टर ५७ मा प्लट बुक गरेर जानु भयो। चिठ्ठा निकाल्दा त्यही प्लटको नम्बर आयो जुन सपनामा कबीर साहेबले बताउनु भएको थियो। बिहान समाचार पत्र पढ्दा त्यही प्लट नं थियो।

हामी कहाँ यस्तो विरामी थियो कि हामी जत्तिको दुःखी अरू कोही थिएनन् होला। अहिले सन्त रामपाल दास जी महाराजबाट उपदेश प्राप्त गरेर थोरै दिनमा नै हामी धेरै सुखी छौँ।

मेरो घरमा जिन्द (प्रेत) प्रकट भयो। उसले भन्यो म तपाईंको आश्रम जाने गर्छु, सब कुरा हेरेर आउँछु तर म जहाँ सन्त जी बसेर सत्सङ्ग गर्छन् त्यहाँ जान्न किनकि मलाई सबै कुरा थाहा छ। म त्यहाँ गएँ भने मेरो पिटाई हुन्छ, त्यसैले म बाहिर रहन्छु, मलाई कोही बाँध्नेवाला छैन। मेरा साथी डरपोक थियो, ऊ भाग्यो तर म भाग्दिन। मलाई मन्त्र पढेर (फुकेर) छाडेको छ। मैले तिम्रो र तिम्रो छोरीको घर भताभुङ्ग पार्नु छ। म यसरी पढेर (मन्त्र पढेर) छोडिएको छु कि एकपछि एक गर्दै सबैको विनाशको नम्बर आउने छ, चाहे कहीं जाऊ । केही दिन पछि त्यही प्रेत घरमा प्रकट भयो र ठूलो ठूलो स्वरमा कराउन थाल्यो कहाँ छ तेरो गुरू रामपाल? कहाँ छ तेरो मालिक कविर्देव (कबीर परमेश्वर)? जब ऊ प्रकट हुन्थ्यो र मानिस जसरी कुराकानी गर्थ्यो। त्यही समयमा मेरी पत्नी हाम्रा घरमा बनाएको पुजा स्थलमा गएर डण्डवत् प्रणाम गर्ना साथ प्रेतको पिटाइ सुरू भयो र भन्न थाल्यो के पिट्छौ, म यी भित्ताहरू भत्काइ दिन्छु। उसको राम्रोसँग धुलाई भयो। उसले यो त भित्ता होइन फलामको जाल हो, फलामको छड हो। यी मालिक रामपाल जी कहाँबाट आइ पुगे, यी त बरवालामा सत्सङ्ग गर्न गएका थिए। त्यस दिन सन्त रामपाल जी महाराज बरवाला जिल्ला हिसारमा सत्सङ्ग गर्न जानु भएको थियो। म मालिक यहाँ छैनन् भनेर आएको थिएँ।

जिन्दले म तिम्रो घर ध्वस्त बनाउन आएको थिएँ, तर म नै ध्वस्त भएँ भन्यो। मलाई नर्कमा राख्ने छन्, म जान्छु, मलाई छुटाइ देऊ। करौथा आश्रममा सन्त रामपाल जी बस्नु भएको छ। उहाँलाई मानिस नठान्नू, पूर्ण परमात्मा आउनु भएको छ। उहाँलाई नछोडनू, नत्र धोका खाने छौ। यस्तै उपचार खेडा कचनीको पण्डितले पनि गर्थे।

जब खेडा कंचनीमा गएँ तब पण्डितले तिम्रो परिवार एक एक गरी खतम हुने छन् भने। मैले यो कुरा मानिनँ तर शाहपुरमा नै भाइकी छोरीको विवाह भएको छ र ती पण्डित पनि

शाहपुरको नै हुन्। अनि पण्डित जीले हाम्रो चौधरी (मुखिया) लाई रोहतकका चौधरी रामकुमारको घरमा सम्पूर्ण परिवार नष्ट हुने खालको धेरै खतरनाक विमारी छ, उनलाई बोलाएर ल्याऊ भने। तब हाम्रा चौधरी साहेबले बटेऊ (ज्वाइँ) लाई मकहाँ पठाए। ज्वाइँले सिंहले मलाई बोलाएको कुरा बताए र साथमा लिएर गए। बोलाउनु त सजिलो थियो तर उपचार ज्यादै मुस्किल भयो। उसको काबुमा आएन। मङ्गलबार तथा शनिबार रातको समयमा पाँच पाँचवटा चौकीहरू आउँथ्यो। तिनीहरूलाई झार्थ्यो र तलाउमा हालि दिन्थ्यो। यो कार्य चारवर्षसम्म चल्यो तर पछि उनले पनि हात उठाए।

म बोहतावाला एक धामी कहाँ पुगें। उसले तपाईंको बिमारी म निको पारि दिन्छु भने। तपाईंको बिरामी के हो मलाई थाहा छ। उनले कयौँ पटक मलाई बाला जी पनि लिएर गए, न त्यस धामीको काबुमा आयो न त त्यसको मन्दिरमा। किनकि मङ्गलबार र शनिबार चौकीहरू आउनाले उसलाई यत्ति आजित (हैरान) पारेको थियो कि उसले पनि हात उठायो किनकि जब चौकीहरू आउँथे तब मलाई पनि सन्देश आउँथ्यो कि राति ९ बजेदेखि २ बजेसम्म आगो बालेर, पानीको लोटा लिएर, र लाट्टी लिएर जागिरहनु पर्छ। यो कार्य सन् १९९६ देखि २००२ सम्म चलि रह्यो। बोताबालका सामु जब त्यो चौकी आयो त्यसमा एउटा पर्ची (कागजको टुक्रा) भेटियो। बोहतावालाले भनेका थिए– बीचबाट हट, तिमीलाई ५० हजार रूपियाँ दिन्छु, नत्र तिम्रो पनि खैर (भलाइ) हुने छैन। उसले डराएर मलाई उपचार गर्न अस्वीकार गऱ्यो। म दिनमा दिल्ली काम गर्न जान्थे र रातमा पहरा दिन्थें। कहिल्यै राती डाक्टर बोलाएर ल्याउथें। मेरो धेरै नै दुर्दशा भयो। म काम तथा सम्पूर्ण परिवारको विरामीले गर्दा हैरान भएँ। कसैलाई भन्दा मजाक गर्थे, कसैले पनि साथ दिएनन्। धेरै पैसा (लगभग ३ लाख) खर्च भयो।

मेरो पत्नी चाँदकौरलाई थाइराइड भएको थियो। जनवरी २००३ मा डा. ओ.पी. गुप्ताले थाइराइडका लागि तिमारपुर दिल्ली अस्पतालमा दाखिल गराउनका लागि मार्क गरिदिए। तर त्यहाँ नगएर मेडिकलमा डा. चुग थाइराइड विशेषज्ञ थिए उनबाट नै उपचार गराएँ। उनले जीवनभर औषधी खानु पर्छ भने तर जब २००३ मा नाम लिएपछि दबाई खानै परेन। मैले डा. चुग लाई पनि परीक्षण गराएँ, डा. चुग आश्चर्य चकित भए, यो कसरी भयो भनेर सोधे र मैले सबै कुरा बताएँ।

अहिले मेरा छोराहरू तथा मेरी पत्नी सबैको बिमारी बन्दी छोडले निको गरि दिनु भयो। ठूलो छोरोको नाम सुरेन्द्र कुमार तथा सानो छोराको नाम मनोज कुमार हो। दुबै हरियाणा पुलिसमा नोकरी गर्छन्। जब ती दुबै त्यो प्रेतबाट ग्रस्त थिए तथा घालले पनि कयौंपटक आक्रमण गरेको थियो तर नाम उपदेश लिएकोले परमात्मा कबीर साहेबले बचाउनु भयो।

तत्त्वदर्शी जगत्गुरू सन्त रामपाल जी महाराज हाम्रा लागि अवतरित हुनु भएको हो किनकि जुन परिवारमा दुई जागिरदार छोरा प्रेतले ग्रस्त हुँदा त्यस घरमा के हुन्छ? जुन आमाको दुबै छोरासँग यस्तो खेलवाड गरिएको होस् र आफूमा पनि प्रेतको प्रभाव होस् त के त्यो जिन्दगी हो? जसले करौथा आश्रमको बारेमा ज्ञान आर्जित गर्दैन ऊ अँध्यारोमा नै छ किनकि पढ्नका लागि दिमाग छ, पढ्नु होस् र सोच्नु होस् कि वास्तविकता के हो?

हाम्रो परिवार बर्वाद भएको थियो। मेरा बच्चाहरू र मेरी पत्नी जब ठीक भए तब नै मैले आफूलाई सतगुरू रामपाल जीको चरणमा समर्पित गरि दिएँ। मेरो केही पनि छैन। यो तन-मन-धन सबै गुरू जीको चरणमा समर्पण गर्दछु।

मेरी छोरी तथा ज्वाइँले पनि नाम लिए। आज मेरी छोरीको घर पनि स्वर्ग भएको छ। मेरा ज्वाइँ रक्सी पिउँथे, उनले रक्सी पनि त्यागे। मेरी छोरीको प्रमोसन, प्लाट, घर अदि केही दिनमा नै प्राप्त भयो तथा सबै आनन्दमा छन्।

सन् २००३ मा बन्दी छोड् सतगुरू रामपाल जी महाराजले हाम्रो पाप कर्मरूपी सुकेको घाँसको रासलाई सतनाम रूपी अग्निले डढाएर नष्ट गरि दिनु भयो। न कुनै जन्त्र, न कुनै माला (डोरी), न खरानी, न बुटी आदि न केही? मात्र बन्दी छोडको मन्त्र (नाम उपदेश) ले सम्पूर्ण रोग नष्ट भयो। मन्त्र त मोक्ष प्राप्तिका लागि सबै बन्धनबाट छुटकारा पाएर सतलोक जानका लागि हो। यी सबै बिमारीहरू त सितैमा कविर्देवको कृपाले नै समाप्त हुन्छ। यदि यस्तो भएन भने भक्तिबाट विश्वास उठ्छ। अब हामी धेरै खुसी छौं। अब चाहे कसैले जे गरून्, हाम्रो घरमा केही हुन सक्दैन किनकि हामी बन्दी छोड कबीर साहेबका हंस (आत्मा) हौं, उहाँको चरणमा छौं। म पनि मान्दैनथेँ, यी कुराहरूलाई पाखण्ड भन्थें तर जब एकपछि अर्कोलाई डा. कहाँ लैजान्थें, विमारीमा पैसा पनि धेरै लाग्यो, हैरान पनि भएँ तब मात्र आँखा खुल्यो कि वास्तवमा नै जालमा फँसि रहेको रहेछु। यसैले आफ्नो भुत प्रेत छैन भन्ने भ्रमलाई बिर्सिनू। यो बकवास होइन, यो त सत्य हो किनकि अहमका कारण मैले आफ्नो घर वर्वाद गरि दिएको हुन्थें होला। यसैले म सबै पाठकहरूलाई अनुरोध गर्दछु– तपाईं पनि आफ्ना समस्त दुःखबाट छुटकारा पाउन तथा सत्यभक्ति गर्नका लागि सतलोक आश्रम करौंथामा परमपूज्य सन्त रामपाल जी महाराजबाट निःशुल्क उपदेश प्राप्त गरेर आफ्नो मनुष्य जीवनलाई सफल बनाउनु होस्।

प्रार्थी हेडमास्टर रामकुमार (एम.ए., बी.एड.)

उपरोक्त केही भक्तात्माहरूको आत्म कथा तपाईंले पढ्नु भयो। यस्ता आफ्ना आत्मकथा लेखाउन चाहने भक्तहरू हजारौं-लाखौं छन् तर स्थानको अभावले केही भक्तहरूको मात्र आत्मकथा प्रस्तुत गर्न सक्यौं। यदि सबै भक्तहरूका आत्मकथा लेख्यौं भने सायद सयौं पुस्तक छापिने छन्। त्यसैले समझदारका लागि इशारा काफी छ।

भक्तिमा भेद : भक्ति भक्ति बीच धेरै भिन्नता हुन्छ। तपाईं चाहे कुनै देव/देवीको भक्ति गर्नु होस्, त्यसको फल अवश्य प्राप्त हुन्छ जुन नाशवान् हुन्छ तर मुक्ति प्राप्त हुँदैन र पाप कर्म पनि समाप्त हुँदैन जसलाई भोग्न पटक पटक जन्म लिइ रहनु पर्छ। मुक्ति त केवल पूर्ण सन्तको शरणमा गएर अर्थात् उहाँबाट नाम उपदेश लिएर पूर्ण परमात्माको भक्ति गर्नाले नै हुन सक्छ अन्यथा हुँदैन।

ये संसार समझदा नांही, कहंदा श्याम दुपहरे नूं ।
गरीबदास ये वक्त जात है, रोवेगो इस पहरे नूं ।

# कबीर साहेबको कालसँगको वार्ता

जब परमेश्वरले सम्पूर्ण ब्रह्माण्डको रचना गरेर आफ्नो लोकमा विश्राम गर्न लाग्नु भयो। त्यसपछि हामी सबै कालको ब्रह्माण्डमा रहेर आफूले गरेको क्रियाकलापहरूको (कर्मको) दण्ड भोग्न थाल्यौं र ज्यादै दुःखी रहन थाल्यौं। सुख तथा शान्तिको खोजमा भौतारिन थाल्यौँ र हामीलाई आफ्नो निजी घर सतलोकको यादले सताउन थाल्यो तथा त्यहाँ जानका लागि भक्ति प्रारम्भ गऱ्यौं। कसैले चारै वेद कण्ठस्थ गरे, त कसैले उग्र तप गर्न लागे र हवन, यज्ञ, ध्यान, समाधी आदि क्रियाहरू प्रारम्भ गरे तर आफ्नो निज घर सतलोक जान सकेनन् किनकि उपरोक्त क्रियाहरू गर्नाले अर्को जन्ममा असल समृद्ध जीवन पाएर (जस्तो, राजा-महाराज, ठूला व्यापारी, अधिकृत, देव-महादेव, स्वर्ग- महास्वर्ग आदि) पुनः लाख चौरासी भोग्न थाले। धेरै आजित भए र परमपिता परमेश्वरसँग प्रार्थना गर्न थाले- हे दयालु ! हामीलाई निज घरको बाटो देखाउनु होस्। हामी हृदयदेखि नै हजुरको भक्ति गर्दछौं। हजुर हामीलाई किन दर्शन दिनु हुन्न।

यी वृतान्त कबीर साहेबले धर्मदास जीलाई बताउँदै भन्नु भयो— धर्मदास यी जीवहरूको पुकार सुनेर म आफ्नो सतलोकबाट जोगजीतको रूप बनाएर काल लोकमा आएँ। तब एक्काईसौं ब्रह्माण्डमा जहाँ कालको निज घर छ, त्यहाँ तप्त शिलामा जीवहरूलाई भुटेर सूक्ष्म शरीरबाट गन्ध निकालि राखिएको थियो। म पुगेपछि ती जीवहरूको जलन समाप्त भयो। उनीहरूले मलाई देखेर भने कि हे पुरूष ! हजुर को हुनु हुन्छ? हजुरको दर्शनले मात्र नै हामीलाई धेरै सुख तथा शान्तिको महसुस भइ रहेको छ। अनि मैले म पारब्रह्म परमेश्वर कबीर हूँ भनेर बताएँ। तिमीहरू सबै जीवहरू मेरो लोकबाट आएर काल ब्रह्मको लोकमा फँसेका छौ। यो काल प्रतिदिन एकलाख मानिसको सुक्ष्म शरीरबाट गन्ध निकालेर खान्छ र पछि नाना प्रकारका योनीमा दण्ड भोग्नका लागि छोडि दिन्छ। तब ती जीवात्माहरूले भन्न थाले कि हे दयालु परमेश्वर! हामीलाई यो कालको जेलबाट छुटाउनु होस्। मैले यो ब्रह्माण्ड कालले तीनपटक भक्ति गरेर मबाट प्राप्त गरेको हो भन्ने कुरा बताएँ। जुन यहाँका वस्तुहरू तिमीहरू प्रयोग गरि रहेका छौ यी सब कालका हुन् र तिमीहरू सबै आफ्नो इच्छाले घुम्नका लागि आएका हौ। यसैले तिमीहरूमाथि काल ब्रह्मको धेरै ऋण भएको छ र ती ऋणहरू मेरो सच्चा नामको जाप बीना समाप्त हुँदैन।

जबसम्म तिमी ऋणमुक्त हुँदैनौ तबसम्म तिमी काल ब्रह्मको जेलबाट बाहिर जान सक्दैनौ। यसका लागि तिमीहरूले मबाट नाम उपदेश लिएर भक्ति गर्नु पर्छ। तब म तिमीहरूलाई छुट्एर लैजान्छु। हामी यो वार्ता गरि रहँदा त्यहाँ काल ब्रह्म

प्रकट भयो र धेरै क्रोधित भएर ममाथि हमला गर्‍यो। मैले आफ्नो शब्द शक्तिले त्यसलाई मुर्छित गरि दिएँ। फेरि केही समय पश्चात ऊ होसमा आयो। मेरो चरणमा गिरेर क्षमा याचना गर्न थाल्यो र हजुर मभन्दा ठूलो हुनु हुन्छ, म माथि दया गर्नु होस् र मेरो लोकमा किन आउनु भएको हो बताउनु होस् भनेर सोध्यो। तब मैले काल पुरूषलाई केही जीवात्माहरू भक्ति गरेर आफ्नो निज घर सतलोकमा फर्केर जान चाहन्छन् भन्ने कुरा बताएँ। उनीहरूलाई सतभक्ति मार्ग मिलि रहेको छैन। त्यसैले उनीहरू भक्ति गरेपछि पनि यसै लोकमा रहन्छन्। म तिनीहरूलाई सतभक्ति मार्ग बताउन र तँ काल होस्, एक लाख जीवको आहार गर्छस्, सवालाख जीवहरू उत्पन्न गर्छस् तथा भगवान् बनेर बसेको छस् भनेर तेरो भेद बताउन आएको हूँ। म यिनीहरूलाई तिमीहरू जसको भक्ति गर्दछौ त्यो भगवान् होइन, काल हो भेनर बताउँछु। यति सुन्नासाथ कालले यदि सबै जीव फर्केर गए भने मेरो भोजन के हुन्छ? म त भोकै मर्छु भन्न थाल्यो। हजुरसँग मेरो प्रार्थना छ– तीन युगमा कम सङ्ख्यामा जीव लैजानु होस् र सबैलाई म काल हूँ र सबलाई खान्छु भन्ने मेरो भेद (रहस्य) नदिनुहोला जब कलियुग आउँछ तब हजुरले चाहे जति जीव लानुहोला। यो वचन कालले मबाट प्राप्त गर्‍यो। कबीर साहेबले धर्मदासलाई अझ अगाडि बताउँदै भन्नु भयो– सत्ययुग, त्रेतायुग, द्वापरयुगमा पनि म आएको थिएँ र धेरै जीवलाई सतलोक लिएर गएँ तर यसको भेद बताइन। अब म कलियुगमा आएको छु र कालसँग मेरो वार्ता भएको छ। कालब्रह्मले मसँग तपाईले जति शक्ति लगाउनु होस्, तपाईंका कुरा कसैले पनि सुन्ने छैनन् भन्यो। पहिलो कुरा त मैले जीवलाई भक्तिको लायक छोडेको छैन। त्यसमा बिडी, सिगरेट, रक्सी, मासु आदि दुर्व्यसनको बानी पारेर यिनीहरूको वृत्तिलाई बिगारि दिएको छु। नाना प्रकारका पाखण्ड पूजामा जीवात्माहरूलाई लगाइ दिएको छु। दोस्रो कुरा यो हुनेछ कि जब तपाईं आफ्नो ज्ञान दिएर आफ्नो लोकमा फर्किनु हुने छ म (काल) आफ्नो दूतलाई पठाएर तपाईंको पन्थसँग मिल्दो जुल्दो बान्ह पन्थ चलाएर जीवलाई भ्रमित गरि दिन्छु। महिमा सतलोकको बताउने छन्, तपाईंको ज्ञान भन्ने छन् तर नाम जाप भने मेरो गर्ने छन्, जसको परिणाम स्वरूप मेरो नै भोजन बन्ने छन्। यो कुरा सुनेर कबीर साहेबले तिमी आफ्नो कोसिस गर्नु म सत्मार्ग बताएर नै फर्कन्छु र जसले मेरो ज्ञान सुन्नेछ, त्यो तिम्रो बहकावमा कहिल्यै आउने छैन भन्नु भयो।

सतगुरू कबीर साहेबले भन्नु भयो– हे निरञ्जन! यदि मैले चाहे भने तिम्रा सारा खेल क्षणभरमा नै समाप्त गर्न सक्छु तर यसो गर्नाले मेरा वचन भङ्ग हुन्छ। यो सोचेर म आफ्ना प्यारा हंसहरूलाई यथार्थ ज्ञान दिएर शब्दको बल प्रदान गरी सतलोक लैजाने छु अनि भन्नु भयो :

सुनो धर्मराया, हम संखो हंसा पद परसाया।
जिन लीन्हा हमरा प्रवाना, सो हंसा हम किए अमाना।।

**(पवित्र कबीर सागरमा जीवहरूलाई भुल भुलैयामा राख्नका लागि तथा आफ्नो भोक मेटाउनका लागि अनेक प्रकारका तरिकाको वर्णन)**

द्वादस पंथ करूं मै साजा, नाम तुम्हारा ले करूं अवाजा।
द्वादस यम संसार पठहो, नाम तुम्हारे पंथ चलैहो।।
प्रथम दूत मम प्रगटे जाई, पीछे अंश तुम्हारा आई।।
यही विधि जीवनको भ्रमाऊं, पुरूष नाम जीवन सम्झाऊं।।
द्वादस पंथ नाम जो लैहे, सो हमरे मुख आन समै है।।
कहा तुम्हारा जीव नहीं माने, हमारी ओर होय बाद बखानै।।
मैं दृढ फंदा रची बनाई, जामें जीव रहे उरझाई।।
देवल देव पाषान पूजाई, तीर्थ व्रत जप-तप मन लाई।।
यज्ञ होम अरू नेम अचारा, और अनेक फंद में डारा।।
जो ज्ञानी जाओ संसारा, जीव न मानै कहा तुम्हारा।।

**(सतगुरू वचन)**

ज्ञानी कहे सुनो अन्याई, काटो फंद जीव ले जाई।।
जेतिक फंद तुम रचे विचारी, सत्य शबद तै सबै बिंडारी।।
जौन जीव हम शब्द दृढावै, फंद तुम्हारा सकल मुकावै।।
चौका कर प्रवाना पाई, पुरूष नाम तिहि देऊं चिन्हाई।।
ताके निकट काल नहीं आवै, संधि देखी ताकहं सिर नावै।।

**उपरोक्त विवरणबाट अहिले चलेका अनेक पन्थहरूसँग कबीर साहेबद्वारा बाताइएको सतभक्ति मार्ग छैन तथा यी सब कालबाट प्रेरित छन् भन्ने सिद्ध हुन्छ। अतः बुद्धिमान्ले सोच विचार गरेर भक्तिमार्ग अपनाउनु पर्छ किनकि मनुष्य जन्म अनमोल छ, यो पटक पटक पाइँदैन। कबीर साहेब भन्नु हुन्छ :**

कबीर मानुष जन्म दुर्लभ है, मिले न बारम्बार।
तरूवर से पत्ता टूट गिरे, बहुर न लगता डारि।

# विश्व विजेता सन्त

## (सन्त रामपाल जी महाराजको अध्यक्षतामा हिन्दुस्तान विश्व धर्मगुरूका रूपमा प्रतिष्ठित हुने छ)

सन्त रामपाल जीका विषयमा नास्ट्रेदमसको भविष्यवाणी

फ्रान्स देशको नास्ट्रेदमस नामक प्रसिद्ध भविष्यवेत्ताले सन् (इ.स.) १५५५ मा एक हजार श्लोकमा भविष्यको साङ्केतिक सत्य भविष्य वाणीहरू लेखेका छन्। सय सय श्लोकको दश शतक बनाएका छन्। जुन अहिले सम्म सर्वसिद्ध भइ सकेको छ। हिन्दुस्तानमा सत्य भइ सकेको भविष्यवाणीहरू मध्ये :

(१) भारतकी प्रथम महिला प्रधानमन्त्री स्व. श्रीमती इन्दिरा गान्धी तथा उनको मृत्यु निकटतम रक्षकद्वारा हुनु लेखिएको थियो, जुन सत्य भयो।

(२) उनी पश्चात उनैका पुत्र उनको उत्तराधिकारी हुने छन् र उसले धेरै कम समयसम्म राज्य गर्ने छन् तथा आकस्मिक मृत्यु हुने छ, जुन सत्य सिद्ध भयो। (पूर्व प्रधानमन्त्री श्री स्व.राजीव गान्धी विषय)

(३) सन्त रामपाल जी महाराजको विषयमा नास्ट्रेदमसद्वारा गरिएको भविष्य वाणीमा विस्तारपूर्वक लेखिएको छ :

(क) आफ्नो भविष्य वाणीको शतक पाँचको अन्तमा तथा ६ को प्रारम्भमा नास्ट्रेदमसले लेखेका छन्– आज अर्थात् ई.स. (सन्) १५५५ को ठीक ४५० वर्ष पछि अर्थात् सन् २००६ मा एक हिन्दू सन्त (शायरन) प्रकट हुने छन् र सम्पूर्ण जगत्मा उनको चर्चा हुने छ। त्यस समय ती सन्तको आयु ५० देखि ६० वर्ष सम्मको हुने छ। परमेश्वरले नास्ट्रेदमसलाई सन्त रामपाल जी महाराजको अधबैंसे उमेरको शरीर साक्षात्कार गराएर चलचित्र जसरी सबै घट्ना देखाएर सम्झाए। श्री नास्ट्रेदमस जीले १६ औँ शताब्दीलाई प्रथम शतक भनेका छन्। यस आधारमा पाँचौ शतक २० औँ शताब्दी भयो। नास्ट्रेदमसले भनेका छन्– ती धार्मिक हिन्दू नेता अर्थात् सन्त (शायरन) पाँचौ शताब्दीको अन्तको वर्षमा अर्थात् सन् (ई.स.) १९९९ मा घर-घर सत्सङ्ग गर्ने कार्य त्यागेर अर्थात् संघार नाघेर बाहिर आउने छन् तथा आफ्ना अनुयायीहरूलाई शास्त्रविधि अनुसार भक्तिमार्ग बताउने छन्। ती महान् सन्तद्वारा बताइने मार्गले अनुयायीहरूलाई अद्वितीय आध्यात्मिक र भौतिक लाभ मिल्ने छ। ती तत्त्व द्रष्टा हिन्दू सन्तद्वारा बताइने शास्त्र प्रमाणित तत्त्व ज्ञान थाहा पाएर परमात्मालाई चाहने श्रद्धालु यसरी अचम्मित हुने छन् मानौं कुनै व्यक्ति गहिरो निन्द्राबाट जागेको होस्। ती तत्त्व द्रष्टा हिन्दू सन्तद्वारा सन् १९९९ मा चलाइने आध्यात्मिक क्रान्ति इ.स. २००७ सम्म चल्ने छ। तबसम्म धेरै सङ्ख्यामा परमात्मा चाहने भक्तहरू तत्त्वज्ञान थाहा पाएर अनुयायी बनेर सुखी भइ सकेका हुने छन्। त्यस पश्चात् त्यस स्थानको संघारबाट पनि बाहिर नाघ्ने छन्। त्यसपछि २००६ बाट स्वर्ण युगको प्रारम्भ हुने छ।

नोट : प्रिय पाठक वर्ग ! कृपया फ्रान्स देशवासी श्री नास्ट्रेदमसको निम्न भविष्यवाणी पढ्नु होस् । जसको विषयमा मद्रासका एक ज्योतिष शास्त्री के. एस. कृष्णमूर्तिले श्री नास्ट्रेदमस जीद्वारा सन् १५५५ मा लेखिएको भविष्यवाणीको यथार्थ अनुवाद "सन् १९९८ मा महाराष्ट्रको एक ज्योतिषशास्त्रीले गर्ने छ। त्यस ज्योतिष शास्त्रीले नास्ट्रेदमसको भविष्यवाणीहरूको साङ्केतिक भाषालाई स्पष्ट पारेर वा पूर्ण व्याख्या गरेर त्यसमा लेखिएका भविष्यमा हुने घटनाहरूको अर्थ दिएर आफ्नै भविष्यग्रन्थ प्रकाशित गर्ने छन्" भनेका छन्। उनै ज्योतिषशास्त्रीद्वारा यथार्थ अनुवाद गरिएको पुस्तकबाट अनुवाद कर्ताको शब्दमा नै पढ्नु होस्:-

(१) (पृष्ठ ३२, ३३ मा) : पर्ख स्वर्ण युग (रामराज्य) आउदै छ। एक अधवैंसे उमेरका औदार्य (उदार) अजोड (अद्वितीय) महासत्ता अधिकारीले भारतमा मात्र होइन सम्पूर्ण पृथ्वीमा स्वर्णयुग ल्याउने छन् र आफ्नो सनातन धर्मको पुनरूत्थान गरेर यथार्थ भक्तिमार्ग बताएर सर्वश्रेष्ठ हिन्दू राष्ट्र बनाउने छन्। तत्पश्चात ब्रह्मदेश, पाकिस्तान, बंगलादेश, श्रीलंका, नेपाल, तिब्बत, अफगानिस्तान, मलाया आदि देशहरूमा उनी नै सार्वभौम धार्मिक नेता हुने छन्। सत्ताधारी चन्डाल धुर्तहरू माथि उनको सत्ता हुने छ। ती नेता (शायरन) संसारका लागि अधाप रूपमा चिनिने छन्, मात्र हेर्दै जाऊ।

(२) (पृष्ठ (४०) चालिसमा फेरि लेखिएको छ) : पर्ख रामराज्य (स्वर्णयुग) आउँदै छ। ई.स. १९९९ जुन देखि ई.स. २००६ सम्म चल्ने उत्क्रान्ति (क्रमिक विकास) मा स्वर्ण युगको उत्थान हुने छ। हिन्दुस्तानमा उदय हुने तारणहार (उद्धार गर्ने) शायरनले संसारमा सुख, समृद्धि तथा शान्ति प्रदान गर्नेछन्। नास्ट्रेदमस जीले निःसन्देह भनेका छन् कि प्रकट हुने शायरनको (सन्त) अहिले ज्ञात छैन तर उनी क्रिश्चियन अथवा मुसलमान भने कदापी हुने छैनन्। उनी हिन्दू नै हुने छन् र म नास्ट्रेदमस उनको लागि अहिले छाती ठोकेर गर्व गर्दछु किनकि त्यो दिव्य स्वतन्त्र सूर्य शायरनको उदय हुनासाथ सबै पहिलेका विद्वान कहलाउने महान् नेताहरूले निष्प्रभ (प्रभा-हीन) भएर उनका सामुन्नेमा नम्र बन्नु पर्ने छ। ती हिन्दुस्तानी महान् तत्त्व द्रष्टा सन्तले सबैलाई अभूतपूर्व राज्य प्रदान गर्ने छन्। उनले समान कायदा, समान नियम बनाउने छन्। स्त्री-पुरूषमा, धनी-गरीबमा, जाति र धर्ममा कुनै भेदभाव राख्ने छैनन्, कसैमाथि अन्याय हुनदिने छैनन्। ती तत्त्वदर्शी सन्तको सबै जनताले विशेष सम्मान गर्ने छन्। माता-पिता त आदरणीय हुन्छन् नै तर आध्यात्मिकता तथा पवित्रताको आधारमा ती शायरन (तत्त्वदर्शी) को माता-पिताको भन्दा अलग श्रद्धाको स्थान हुने छ। नास्ट्रेदमस स्वयम् ज्यूज् वंशका थिए तथा फ्रान्स देशका नागरिक थिए । उनले क्रिश्चियन धर्म स्वीकार गरेका थिए तर पनि नास्ट्रेदमसले निःसन्देह भनेका छन् कि प्रकट हुने शायरन केवल हिन्दू नै हुने छन्।

(३) (पृष्ठ ४१ मा) : सबैलाई समान कायदा, नियम, अनुशासन पालन गराएर सत्य पथमा ल्याउने छन्। म (नास्ट्रेदमस) एउटा कुरा निर्विवाद सिद्ध गर्दछु कि ती शायरन (धार्मिक नेता) ले नयाँ ज्ञान आविष्कार गर्ने छन्। ती सत्य

मार्गदर्शन गराउने तारणहार एशिया खण्डमा जुन देशको नाम महासागर (हिन्द महासागर) हो, त्यही नाम भएको (हिन्दूस्तान) देशमा जन्म लिने छन्। उनी न क्रिश्चियन, न मुसलमान, न ज्यूज् हुने छन्। उनि त निःसन्देह हिन्दू हुने छन्। अन्य भूतपूर्व धार्मिक नेताहरू भन्दा (महत्तर) अधिक महत्व भएका बुद्धिमान् हुने छन् र अजिंकय (विशाल शरीर भएका) हुने छन्। (नास्ट्रेदमस भविष्यवाणीको शतक छ श्लोक ७० मा महत्त्वपूर्ण सङ्केत सन्देश बताएका छन्। उनलाई सबैले प्रेम गर्ने छन्। उसको बोलबाला (मान- प्रतिष्ठा) रहने छ। उसको डर पनि रहने छ। कसैले पनि अपकृत्य (हानी) गर्ने कुरा सोच्ने छैनन्। उसको नाम तथा कीर्ति त्रिखण्डमा गुञ्जने छ। अर्थात् आकाशपछि (स्वर्गमा) उसको माहिमाको बोलबाला हुने छ। अहिलेसम्म अज्ञानको गहिरो निन्द्रामा सुतेको समाजलाई तत्त्वज्ञानको प्रकाशले जगाउने छ। सम्पूर्ण मानव समाज हडबडाएर जाग्ने छ। उनको तत्त्वज्ञानको आधारमा भक्ति साधना गर्ने छन्। सम्पूर्ण समाजद्वारा सत्य साधना गराउने छ। जसकारणले सम्पूर्ण साधकहरूलाई आफ्नो आदि अनादि स्थान (सत्यलोक) मा आफ्ना पूर्वजहरूका सामु लगेर त्यहाँ स्थायी स्थान प्राप्त गराउने छ। (वारिस बनाउने छ)। यो क्रुर भूमि (काललोक) बाट मुक्त गराउने छ, यो शब्द (बोली) बोलिने छ।

(४) (पृष्ठ ४२, ४३) : यी हिंस्रक क्रुरचन्द्र (महाकाल) को हुन्, कहाँ छन्, यो कुरा शायरन (तत्त्व दर्शी सन्त) ले नै बताउने छन्। त्यो क्रुरचन्द्रबाट ती **CHYREN** शायरनले नै मुक्त गराउने छन्। शायरन (तत्त्वदर्शी सन्त) को कारकिर्द (कार्यकालमा) मा यस भूतलको पवित्र भूमिमा (हिन्दुस्तानमा) स्वर्णयुगको अवतरण हुने छ, फेरि त्यो सारा विश्वमा फैलने छ। ती विश्व नेता र उनका सद्गुणहरूको उनको शेषपछि पनि महिमा गाइने छ। उनको मनको शालिनता, विनम्रता, उदारताको यत्ति बोलबाला हुने छ कि यसभन्दा पहिले नमुद (प्रकट) गरिएको शतक ६ श्लोक ७० को अन्तिम पङ्तिमा गरिएको उल्लेख जुन आफ्नो शब्द स्वयम् नै बोल्छ र शायरनको बोली (वाणी) नै बोलि रहेको छ कि शायरनले आफ्नो बारेमा मात्र तीन शब्द बोल्छ, "एक विजयी ज्ञाता"। (भावार्थः सन्त रामपाल दास जी महाराज तीन शब्द अर्थात नाम दिएर सबैलाई मोक्ष प्राप्त गराउनु हुने छ । जस्तो दुई शब्द सतनामको हो जसमा एक "ओम्" तथा दोस्रो 'तत्' जुन साङ्केतिक छ । यो सङ्केत बताउने अधिकार प्राप्त अधिकारी सन्त रामपाल दास जी महाराज मात्र हुनु हुन्छ, अरू कोही होइनन् । तेस्रो आदि नाम जसलाई सारनाम पनि भनिन्छ, यो गुप्त छ । यो पनि सन्त रामपाल दास जी ले नै बताउनु हुने छ।) यो संग अरू विशेषण नजोडियोस्, मलाई स्वीकार्य (मञ्जुर) हुने छैन्। (यो पृष्ठ ४२ बाला ४ उल्लेख वाणी शतक ६ श्लोक ७१ हो।) हिन्दू शायरनले आफ्नो ज्ञानद्वारा देदिप्यमान (जाज्वल्यमान) उन्मुक्त अग्लो स्वरूप (उत्कृष्ट स्वरूप) को विधान (तत्त्व ज्ञान) पुनः विनाशर्त उजागर गराउने छन्। **(The Great Chyren will be chief of the world. Loved feared and unchallanged)** र मानव संस्कृतिलाई निर्धक्कका साथ सम्हाल्ने

छन्, यसमा सन्देह छैन। अहिले कसैलाई अवगत छैन तर आफ्नो समयमा जसरी नरसिंह अचानक प्रकट भएका थिए, त्यसरी नै ती विश्व महान् नेता **(Great Chyren)** आफ्नो तर्कशुद्ध, अचुक आध्यात्मिक ज्ञान र भक्तिको तेजले विख्यात हुने छन्। म (नास्त्रेदमस) अचम्भित छु। म न उसको देश (जहाँबाट अवतरित हुने छन् अर्थात् सतलोक देश) तथा न उनलाई (उनको बारेमा) जान्दछु, म उनलाई आफ्नो सामुन्नेमा देखि रहेको छु, उनको महिमालाई शब्द बद्धमा (शब्दमा लेखेर) कसैले उपमा वा दृष्टान्त दिन सक्दैनन्। मात्र उनलाई **Great Chyren** (महान् धार्मिक नेता) भन्दछु। आफ्नो धर्म बन्धुहरूको सदद्कालिन (रातदिनको) समस्याबाट दयनीय अवस्थाले ग्रसित (विह्वल, चिन्तित) हुँदै स्वतन्त्र ज्ञान सूर्यको उदय गराउदै आफ्नो भक्ति तेजले जगत्का तारणहार (उद्धारकर्ता) पाँचौ शतक (बिसौं शताब्दीको अन्तिम वर्षमा) को अन्तमा ई.स.१९९९ मा अर्धबैंसे उमेरका विश्वका महान् नेता जस्तो तेजस्वी सिंह मानव **(Great Chyren)** उद्विग्न (विह्वल) अवस्थामा घरको संघार (ढोकाको संहार) नाघ्दै मेरो (नास्त्रेदमस) मनको भेद (रहस्य) लिइ रहेका छन् र म उनको स्वागत गर्दै आश्चर्यचकित भइ रहेको छु। उदास पनि भइ रहेको छु किनकि उनको बिषयमा (बारेमा) संसारलाई ज्ञान नभएकाले मेरो शायरन (तत्त्वदर्शी सन्त) उपेक्षाका पात्र बनि रहेछन्।

मेरो (नाष्ट्रेडम्सको) चित्तभेदक (चित्त तथा मन भेदन खालको) भविष्यवाणीको र ती वैश्विक सिंह मानवको उपेक्षा नगर्नु होस्। उनी प्रकट भएपछि तथा उनको तेजस्वी तत्त्व ज्ञानरूपी सूर्य उदय हुनाले आदर्शवादी श्रेष्ठ व्यक्तिहरूको पुनर्उथान तथा स्वर्ण युगको प्रभात शतक ६ मा आज ई.स. १५५५ बाट ४५० वर्षपछि अर्थात् २००६ मा (१५५५+४५०= २००५ पश्चात् अर्थात् २००६ मा) शुरूवात हुने छ। यस कृतार्थ (सन्तुष्ट तथा प्रसन्न) सुरूवातको म (नास्त्रेदमस) द्रष्टा (साक्षी) भइ रहेको छु।

(५) पृष्ठ (४४, ४५, ४६) : (नास्त्रेदमस शतक १ श्लोक ५० मा फेरि प्रमाणित गर्नु हुन्छ)। तीन तिरबाट सागरले घेरेको द्वीप (हिन्दुस्तान देश) मा ती महान् सन्तको जन्म हुने छ। त्यस समय तत्त्व ज्ञानको अभावले अज्ञानको अँध्यारो हुने छ। नैतिकताको पतन भएर हाहाकार मचेको हुने छ। ती शायरन (धार्मिक नेता) गुरूवर अर्थात् गुरू जीलाई वर (श्रेष्ठ) मानेर आफ्नो साधना गर्ने छन् तथा गराउने छन्। ती धार्मिक नेता (तत्त्वदर्शी सन्त) आफ्नो धर्मबल अर्थात् भक्तिको शक्तिले तथा तत्त्वज्ञानद्वारा सम्पूर्ण राष्ट्रहरूलाई नतमस्तक गराउने छन्। एसियामा उनलाई रोक्नु तथा उनको प्रचारमा बाधा पुऱ्याउनु पागलपन हुने छ। (शतक १ श्लोक ५०)।

नोट : (नास्त्रेदमसको भविष्यवाणी फ्रान्स देशको भाषामा लेखिएको थियो। पछि एक पाल ब्रन्टल नामक अङ्ग्रेजले यो (नास्त्रेदमसको) भविष्यवाणी "सेन्चुरी ग्रन्थ" लाई फ्रान्समा केही समयसम्म बसेर बोध गरेर अङ्ग्रेजी भाषामा लेखे उनले गुरूवर शब्दलाई (बृहस्पति) गुरूवार अर्थात् थर्स्डे बुझेर लेखि दिए। कि उनले आफ्नो पूजाको आधार बृहस्पतिवारलाई बनाउने छन्। वास्तवमा गुरूवर शब्द छ,

जसको अर्थ हो सम्पूर्ण गुरूहरू मध्ये एक जो तत्त्वज्ञाता श्रेष्ठ हुन् तथा गुरूलाई मुख्य मानेर साधना गर्नु भन्ने हुन्छ। वेद भाषामा बृहस्पतिको भावार्थ सर्वोच्च स्वामी अर्थात् परमेश्वर, दोस्रो अर्थ वृहस्पतिका जगत्गुरू पनि हुन्छ। जगत्गुरू तथा परमेश्वरले पनि बृहस्पतिको बोध हुन्छ।

उनी (ती) अर्धबैंसेको उमेरमा तत्त्वज्ञानका ज्ञाता तथा ज्ञेय (जुन जान्न योग्य होस्) भएर त्रिखण्डमा किर्तिमान हुने छन्। म (नास्त्रेदमस) लाई नयाँ साधना मन्त्रको उपाय यस्तो जालिम (क्रुर) ज्ञान भइ रहेको छ जस्तो सर्पलाई काबु (अधीन) मा ल्याउने गारूड मन्त्रले महाविषालु सर्पलाई बशमा (काबुमा) ल्याउँदछ। त्यो नयाँ उपाय, नयाँ तरिका बनाउने तत्त्व वेत्ता (तत्त्वको ज्ञाता) संसारसामु उजागर हुने छन्। उनैलाई म (नाष्ट्रेडम्स) आश्चर्य चकित भएर "ग्रेट शायरन" भनि रहेको छु। उनको ज्ञानको दिव्य तेजको प्रभावले त्यो द्वीपकल्प (भारतवर्ष) मा आक्रमण आँधीबेरी, हलचल मच्चिने छ अर्थात् अज्ञानी सन्तहरू-द्वारा विद्रोह गरिने छ। तिनीहरूलाई शान्त पार्ने उपाय पनि उसैलाई थाहा हुने छ। जसरी जालिम (क्रुर) सर्पिनी (सर्पको माउ) लाई बश (काबु) मा गरिन्छ। उनी सिहं समान शक्तिशाली तथा तेजपुञ्ज व्यक्तित्व हुने छन्। यो म (नास्त्रेदमस) स्पष्ट शब्दमा भनि रहेछु। उनले कुण्डलिनी शक्तिधारण गरेका छन्, अझ स्पष्ट शब्द यो हो कि जुन समयमा ती शायरन, जुन महासागरमा द्वीपकल्प छ, त्यसै देशको नाममा महासागरको नाम पनि छ, (हिन्दमहासागर) । यो विशेषता हुने छ कि त्यस देशको भुजङ्ग सर्पिनी शक्ति (कुण्डलीनी शक्ति) को पूर्ण परिचित **True Master** हुने छ। ती **Chyren** (महान् धार्मिक नेता) उदारमत भएको, दयालु, कृपालु, दैदिप्यमान, सनातन साम्राज्य अधिकारी, आदि पुरूष (सत्यपुरूष) को अनुयायी हुने छन्। उनको सत्ता सार्वभौम हुने छ। उनको महिमा, उपाय, गुरू श्रद्धा, गुरू भक्ति, अर्थात् गुरू बिना कुनै साधना सफल हुँदैन भन्ने सिद्धान्तलाई दृढ अर्थात् सबल तुल्याउने छन्। तत्त्व ज्ञानको सत्सङ्ग गरेर प्रथम अज्ञान निन्द्रामा सुतेका आफ्ना धर्म बन्धुहरूलाई (हिन्दूहरू) जागृत गराएर अन्धविश्वासको आधारमा साधना गरि रहेका श्रद्धालुहरूलाई शास्त्रविधि रहित साधनाको नकाब अर्थात् पर्दा च्यातेर गुढ गहन ज्ञान (तत्त्वज्ञान) को प्रकाश छर्ने छन्। आफ्नो सनातन धर्मको पालन गराएर समृद्ध शान्तिको अधिकारी बनाउने छन्। त्यसपछि उनको तत्त्व ज्ञान सम्पूर्ण विश्वमा फैलने छ। उनको (महान् तत्त्व दर्शी सन्तको) ज्ञानको बराबरी कसैले गर्न सक्ने छैन अर्थात् उनी तुल्य (समान) कोही हुने छैन। उनको गूढ ज्ञान (तत्त्व ज्ञान) का सामु सूर्यको प्रकाश पनि कम हुने छ। यसैले मेरो (नास्त्रेदमस) वैश्विक सिंह महामानव यति महान् हुने छन् कि म उनको महिमालाई शब्दहरूमा बाँध्न सक्दिन। म (नास्त्रेदमस) ती ग्रेट शायरनलाई देखि रहेको छु।

उपरोक्त विवरणको भावार्थ : "ती विश्व नेताको ५० वर्षको आयुमा तत्त्वज्ञान शास्त्रहरूमा प्रमाणित हुने छ अर्थात् उनी ५० वर्षको आयुमा सन् २००१ मा सम्पूर्ण

धर्मको शास्त्रहरू पढेर तिनका ज्ञाता (तत्त्व ज्ञानी) हुने छन् तथा त्यसपश्चात त्यस तत्त्वज्ञानका ज्ञेय (जान्न योग्य परमेश्वरको ज्ञान अरूलाई प्रदान गर्ने) हुने छन्। तथा उनको आध्यात्मिक जन्म अमावश्या (औंशी) मा हुने छ। त्यस समय उनको आयु तरूण अर्थात् १६, २०, २५ वर्षको हुने छैन्, उनी प्रौढ हुने छन् तथा जब उनी प्रसिद्ध हुने छन् तब उनको आयु ५० देखि ६० वर्षको मध्य (बीच) हुने छ।

(६) (पृष्ठ ४६, ४७) : नास्त्रेदमस भन्छन्– निःसन्देह विश्वमा श्रेष्ठ तत्त्वज्ञाता (ग्रेट शायरन) को विषयमा मेरो भविष्यवाणी शब्द शब्दलाई कुनै अन्य नेताहरूसँग जोडेर तर्क-वितर्क गरेर हेर्ने छन् तब कोही पनि सही (विशुद्ध) सिद्ध हुने छैन। म (नास्त्रेदमस) छाती ठोकेर शब्द शब्द भनिरहेको छु मेरो शायरनको कृतत्व (कार्य) र उनको गूढ (गुप्त, दुर्बोध्य) गम्भीर ज्ञान (तत्त्वज्ञान) ले नै सबैको छाला काढ्ने छ, मात्र २००६ साल आउन देऊ। यस विधानको एक एक शब्दको कडा तथा दृढ समर्थन शायरनले नै दिने छन् ।

(७) (पृष्ठ ५२) : नास्त्रेदमसले आफ्नो भविष्यवाणीमा भनेका छन्– २१ औं शताब्दीको प्रारम्भमा संसारको क्षितिजमा "शायरन" को उदय हुने छ। त्यतिखेर जे जस्ता परिर्वतन (फेरबदल) हुने छन् त्यो मेरो (नास्त्रेदमसको) इच्छाद्वारा नभएर शायरनको आज्ञा अनुसार नियती (भाग्य) को इच्छाले सम्पूर्ण फेरबदल हुन्छ नै। त्यस नयाँ परिवर्तन मतलब (अभिप्राय) हिन्दुस्तान सर्वश्रेष्ठ राष्ट्र हुने छ। कैयौं शताब्दीदेखि नदेखिएका हिन्दूहरूका सुख साम्राज्य दृष्टिगोचर (स्पष्ट देखिने खालको) हुने छ। त्यस देशमा जन्मेका धार्मिक सन्त नै तत्त्वद्रष्टा तथा सम्पूर्ण जगत्लाई तार्ने अर्थात् उद्धार गराउने, जगत् विजेता हुने छन्। एसिया खण्डमा रामायण, महाभारत आदिको ज्ञान जुन हिन्दुहरूमा प्रचलित छ त्यसभन्दा फरक अगाडिको ज्ञान ती तत्त्वदर्शी सन्तको हुने छ। उनी सत्पुरूषका अनुयायी हुने छन्। उनी अद्वितीय सन्त हुने छन्।

(८) (पृष्ठ ७४) : धेरै सन्त नेता आउने छन् र जाने छन्। सबै परमात्माको द्रोही र अभिमानी हुने छन्। मलाई (नास्त्रेदमस) आन्तरिक साक्षात्कार तिनै शायरनको भएको छ।

हिन्दूस्तानका हिन्दू सन्त आगामी अन्धकारी (भक्तिज्ञानको अभावमा अन्धा) प्रलयकारी (स्वार्थबस दाजु भाइलाई मारि रहेछन्, छोरा बुबासँग विमुख छ, हिन्दू नै हिन्दूको शत्रु, मुसलमान-मुसलमानको दुश्मन बनेका छन्), धुन्धुकारी (मायाको दौडमा धैर्यहीन समाज) जगत्लाई नयाँ प्रकाश दिने सर्वश्रेष्ठ जगत् विजेता धार्मिक विश्व नेताको आफ्नो उदासी सिवाय कुनै अभिलाषा हुने छैन् अर्थात् मानव उद्धारका लागि चिन्ताका अतिरिक्त कुनै पनि स्वार्थ हुने छैन न अभिमान हुने छ। यो मेरो भविष्यवाणीको गौरवको कुरा हुने छ कि वास्तवमा ती तत्त्वदर्शी सन्त संसारमा अवश्य प्रसिद्ध हुने छन्। उनीद्वारा बताइएका ज्ञान सदियौंसम्म छाइ रहने छ। ती सन्तले आधुनिक वैज्ञानिकहरूको आँखा तिरमिर अर्थात आश्चर्य चकित पार्ने छन् यस्ता आध्यात्मिक चमत्कार गर्ने छन् कि वैज्ञानिकहरू आश्चर्यमा पर्ने छन्। उनको

सम्पूर्ण ज्ञान शास्त्रसम्मत रूपमा प्रमाणित हुने छ। म (नास्त्रेदमस) भन्दछु– बुद्धिमान व्यक्तिले उनको उपेक्षा नगरून्। उनलाई सानो ज्ञानदीप नसम्झौं, ती तत्त्ववेत्ता महामानव (शायरन) लाई सिंहासनमा बसाएर (आसनमा बसाएर) आराध्यदेव मानेर पूजा गर्नु होस् ती आदिपुरुष (सतपुरूष) को अनुयायी संसारको उद्धारकर्ता हुने छन्।

**"सन्त रामपाल जी महाराजको समर्थनमा अन्य भविष्यवक्ताहरूको भविष्यवाणी"**

(१) इङ्लेण्डका ज्योतिषि : किरोले सन् १९२५ मा लेखेको पुस्तकमा भविष्यवाणी गरेका छन्- बिसौं शताब्दी अर्थात् सन् २००० ई.को उत्तरार्द्धमा (सन् १९५० पश्चात् उत्पन्न सन्तले) नै विश्वमा "एक नयाँ सभ्यता" ल्याउने छन् जुन सम्पूर्ण विश्वमा फैलिने छ। भारतका ती एक व्यक्तिले सम्पूर्ण संसारमा ज्ञानको क्रान्ति ल्याइ दिने छन्।

(२) भविष्यवक्ता "श्री वेजिलेटिन" का अनुसार २० औं शताब्दीको उत्तरार्द्धमा विश्वमा आपसी प्रेमको अभाव, मानवताको ह्रास, माया संग्रहको प्रतिस्पर्धा, लुट तथा राजनेताहरू अन्यायी हुनु आदि-आदि थुप्रै उत्पात देख्न पाइने छ। तर भारतबाट उत्पन्न हुने शान्ति भातृत्व भावमा आधारित नयाँ सभ्यता, संसारमा देश, प्रान्त र जातिको सीमालाई तोडेर विश्वभरि नै अमन तथा चयन (शान्ति) उत्पन्न गर्ने छ।

(३) अमेरिकी महिला भविष्यवक्ता "जिन डिक्सन" का अनुसार २० औं शताब्दीको अन्तभन्दा पहिले विश्वमा एक घोर हाहाकार तथा मानवताको संहार हुने छ। वैचारिक युद्ध पश्चात् आध्यात्मिकतामा आधारित एउटा नयाँ सभ्यता सम्भवतः भारतको ग्रामीण परिवारको व्यक्तिको नेतृत्वमा दृढतापूर्वक स्थापित हुने छ र संसारबाट युद्धलाई सदा सदाका लागि बिदा गरि दिने छन्।

(४) अमेरिकाको "श्री एन्डरसन" का अनुसार २० औं शताब्दीको अन्त भन्दा पहिले या २१ औं शताब्दीको प्रथम दशकमा विश्वमा असभ्यताको नाङ्गो ताण्डव नृत्य हुने छ। यसबीच भारतको एक देहात (गाउँ) को एक धार्मिक व्यक्ति, एक मानव, एक भाषा र एक झण्डाको रूप रेखाको संविधान बनाएर संसारलाई सदाचार, उदारता, मानवीय सेवा तथा मायाको शिक्षा दिने छ। यी मसिहा (मृतकलाई जीवित र रोगीलाई स्वथ्य गर्ने शक्ति भएको) सन् १९९९ सम्म विश्वमा आउने हजारौं वर्षका लागि धर्म तथा सुख शान्ति भरि दिने छन्।

(५) हलेन्डका भविष्य द्रष्टा "श्री गेरार्ड क्राइसे" का अनुसार २० औं शताब्दीको अन्तभन्दा पहिले या २१ औं शताब्दीको प्रथम दशकमा भयङ्कर युद्धका कारण कैयौं देशका अस्तित्व नै मेटिने छ। तर भारतका एक महापुरूषले सम्पूर्ण विश्वलाई मानवताको एक सुत्रमा बाँध्ने छन् तथा हिंसा, फुट-दुराचार, कपट, आदि संसारबाट सदाका लागि मेटाउने छन्।

(६) अमेरिकाको भविष्यवक्ता "श्री चार्ल्स क्लार्क" का अनुसार २० औं शताब्दीको अन्त भन्दा पहिले एउटा देशले विज्ञानको उन्नतिमा सम्पूर्ण देशहरूलाई

पन्छाउने छ तर भारतको प्रतिष्ठा विशेष गरेर यसको धर्म र दर्शनद्वारा हुने छ, जसलाई सम्पूर्ण विश्वले अपनाउने छ। यो धार्मिक क्रान्तिले २१ औं शताब्दीको प्रथम दशकमा सम्पूर्ण विश्वलाई प्रभावित गर्ने छ र मानवलाई आध्यात्मिकता प्रति लाग्न विवश गर्ने छ।

(७) हङ्गेरीको महिला ज्योतिषी "बोरिस्का" का अनुसार सन् २००० ई. भन्दा पहिले उग्र परिस्थितिहरू, हत्या र लुटमारका बीचबाट नै मानवीय सद्गुणहरूको विकास एक भारतीय देवदूत (लोकोपकारी तथा सात्विक वृत्ति भएको व्यक्ति) द्वारा भौतिकवादसँगको सफल संघर्षको फलस्वरूप हुने छ। जुन चीरस्थायी हुने छ। यी आध्यात्मिक व्यक्तिको धेरै सङ्ख्यामा स-साना (साधारण) मानिसहरू नै अनुयायी बनेर भौतिकवादलाई आध्यात्मिकतामा बदल्ने छ।

(८) फ्रान्सका डा. जुलर्वनका अनुसार सन् १९९० पश्चात् युरोपीय देश भारतको धार्मिक सभ्यता तर्फ तीब्रताका साथ झुक्ने छ/आकर्षित हुने छ। सन् २००० सम्म विश्वको जनसङ्ख्या लगभग ६४० करोडको हुने छ। भारतबाट उठेको ज्ञानको धार्मिक क्रान्ति नास्तिकतालाई नाश गरेर आँधीबेहरी जसरी सम्पूर्ण विश्वलाई ढाक्ने छ। ती भारतीय महान् आध्यात्मिक व्यक्तिका अनुयायीहरू हेर्दा हेर्दै एक संस्थाका रूपमा आत्म शक्तिद्वारा सम्पूर्ण विश्वमा प्रभाव जमाउने छन्।

(९) फ्रान्सको "नास्त्रेदमस" का अनुसार विश्वभरिमा सैनिक क्रान्ति पश्चात् थोरै मात्र असल मानिसहरूले संसारलाई असल बनाउने छन्। जसका महान् धर्मनिष्ठ विश्वविख्यात नेता २० औं शताब्दीको अन्त र २१ औं शताब्दीको शुरूवातमा (प्रारम्भमा) कुनै पूर्वी देशमा जन्म लिएर भ्रातृत्व (भाइचाराको सम्बन्ध) तथा सौजन्यता, सज्जनता) द्वारा सम्पूर्ण विश्वलाई एकताको सुत्रमा बाध्ने छन् (नास्त्रेदमस शतक १ श्लोक ५० मा प्रमाणित गरेको छ। तीनतिरबाट सागरले घेरिएको द्वीपमा ती महान् सन्तको जन्म हुने छ। त्यो समयमा तत्त्वज्ञानको अभावले अज्ञानरूपी अन्धकार हुने छ। नैतिकता पतन भएर हाहाकार मचिएको हुने छ। ती शायरन (धार्मिक नेता) गुरूवार अर्थात् गुरू जीलाई वर (श्रेष्ठ) मानेर आफ्नो साधना गर्ने र गराउने छन्। ती धार्मिक नेता (तत्त्वदर्शी सन्त) आफ्नो धर्मबल अर्थात् भक्तिको शक्तिले तथा तत्त्वज्ञानद्वारा सम्पूर्ण राष्ट्रलाई नतमस्तक तुल्याउने छन्। एशियामा उनलाई रोक्नु अर्थात् उनको प्रचारमा बाधा पुऱ्याउनु पागलपन हुने छ। (शतक १ श्लोक ५०), (सेन्चुरी १ कन्ना ५०)

(१०) इजरायलको प्रोफेसर हरारको अनुसार भारत देशको एक दिव्य महापुरूषले मानतावादी विचारहरूद्वारा सन् २००० ई. भन्दा पूर्व आध्यात्मिक क्रान्तिको जरा बलियो बनाउने छन् तथा सम्पूर्ण विश्व उनको विचार सुन्न विवश हुनु पर्ने छ। भारतको अधिकतम राज्यमा राष्ट्रपति शासन हुने छ तर पछि नेतृत्व धर्मनिष्ठ वीर पुरुषहरूमा निहित रहने छ। जो एक धर्मनिष्ठ संगठनमा आश्रित हुने छन्।

(११) नर्बेका श्री आनन्दाचार्यको भविष्यवाणीका अनुसार सन् १९९८ पश्चात्

एक शक्तिशाली धार्मिक संस्था भारतमा प्रकाशमा आउने छ, जसका स्वामी एक गृहस्थ व्यक्तिको आचार संहिताको पालन सम्पूर्ण विश्वले गर्ने छ। विस्तार-विस्तार भारत औद्योगिक, धार्मिक र आर्थिक दृष्टिले विश्वको नेतृत्व गर्ने छ र उनको विज्ञान (आध्यात्मिक त्वज्ञान) नै सम्पूर्ण विश्वलाई मान्य हुने छ।

उपरोक्त भविष्यवाणीहरूका अनुसार नै आज विश्वमा घट्नाहरू घटि रहेका छन्। युग परिवर्तन प्रकृतिको अटल सिद्धान्त हो। वैदिक दर्शन अनुसार चार युगहरू सत्ययुग, त्रेतायुग, द्वापर युग र कलियुगको व्यवस्था छ। जब पृथ्वीमा पापीहरूको एक छत्र साम्राज्य हुन्छ तब भगवान् पृथ्वीमा मानव रूपमा प्रकट हुन्छन्।

यसै प्रकार युग परिवर्तनको भविष्यवाणी इसाईहरूको पवित्र धार्मिक पुस्तक बाईबल पनि स्पष्ट भाषामा भन्छ। पवित्र आत्मा यीशुले सेन्ट जोहन पुस्तकको १५:२६ एंव १६:७ देखि १५ मा एक सहायक पठाउने भविष्यवाणी गरेका छन्। बाईबलको भविष्यवाणीहरू अनुसार यदि ती सहायक २० औं शताब्दीको अन्तभन्दा पहिले उत्पन्न भएनन् भने बाईबलको भविष्यवाणी स्वंय असत्य प्रमाणित हुने छ तर यो असम्भव छ। किनकि त्यो महान् आत्मा यीशुले ती सहायकलाई पठाउनका लागि नै आफ्नो प्राणको आहुती दिएका थिए। यो तथ्य सेन्ट जोहनको १६:७ बाट स्पष्ट प्रमाणित हुन्छ।" तर पनि म तिमीसँग सत्य भनि रहेको छु कि म जानु तिम्रा लागि सही छ किनकि यदि म गइनँ भने सहायक तिमी कहाँ आउने छैन् तर म गएँ भने उनलाई तिमीहरू कहाँ पठाइ दिन्छु र आफूले भने अनुसार ती पवित्र आत्माले आफ्नो जीवन स्वेच्छाले बली चढाइ दिए।

मानवताको यो पूर्ण विकासको काम अनादि कालदेखि भारतले नै गर्दै आएको छ। यसै पुण्य भूमिमा अवतारहरूको अवतरण अनादिकाल देखि नै हुँदै आइ रहेको छ।

तर कस्तो बिडम्बना हो कि ऋषि-मुनिहरू, महापुरूषहरू तथा अवतारहरूको जीवन कालमा समयको शासन व्यवस्था तथा जनताहरूले उनका दिव्य वचनहरू तथा आदर्शहरू प्रति ध्यान दिएनन् र उनी अर्न्तध्यान भएपछि दोब्बर उत्साहले उनको पूजा सुरू गरेर पुज्न थाले। यो पनि एउटा बिडम्बना हो कि हामी जीवन्त र समय छँदा उनलाई स्विकार्दैनौं, मान्दैनौं मात्र उनको विरोध तथा अपमान मात्र गरि रहन्छौं। केही स्वार्थी तत्त्वले जनतालाई भ्रमित तुल्याएर परम सन्तको बदनाम गरेर बाधक बन्दछन्। यो उक्ति हरेक युगमा चरितार्थ हुँदै आएको छ र आज पनि भइ रहेको छ।

जो महापुरूष हजारौं कष्ट सहेर आफ्नो तपस्या तथा सत्यमा अडिग रहन्छन्। उनको कुरा (वचन) असत्य हुन सक्दैन। सत्यमा अडिग रहंदै ईशा मसिहले आफ्नो शरीरमा किल्ला ठोकिएको भयङ्कर पीडा सहे, सुकरातले बिषको प्याला पिए, श्री राम तथा श्री कृष्ण जी पनि यातनाहरूको शिकार हुनु पर्‍यो।

कबीर परमेश्वर जी ले भन्नुभएको थियो कि, "पृथ्वी र आकाश खत्तम हुन

सक्छ तर सूर्यको अटल सिद्धान्त हो उदय-अस्त त्यो पनि निरस्त (खण्डित) हुन सक्छ तर मेरा कुरा (वचन) कहिल्यै झूठो हुन सक्दैन।"

सज्जनवृन्द! यदि आजका करौंडौ मानव ती परमतत्त्वको ज्ञाता सन्तलाई खोजेर, स्विकारेर, उनले बताएको पथ अनुसार आफ्नो जीवनशैली सुधार गर्ने हो भने सम्पूर्ण विश्वमा सद्भावना, आपसी भाइचारा, दया तथा सद्भक्तिको वातावरण हुने छ। वर्तमानका मानव बुद्धिजीवि छन् त्यसैले ती सन्तका विचारहरूलाई अवश्य स्वीकार्ने छन् र धन्य हुने छन्। ती सन्त हुन् जगत् गुरू तत्त्वदर्शी सन्त रामपाल जी महाराज/कृपया रामपाल जी महाराजको संक्षिप्त जीवनी पढ्नु होस् जो सम्पूर्ण भविष्यवाणी अनुसार खरो रूपमा प्रस्तुत भइ रहेको छन्।

**सन्त रामपाल जी महाराजको संक्षिप्त जीवन परिचय**

सन्त रामपाल दास जी महाराज को जन्म ८ सेप्टेम्बर १९५१ मा धनाना गाऊँ, सोनिपत जिल्ला हरियाणामा एक किसान परिवारमा भयो। पढाइ पूरा गरेर हरियाणा प्रान्तमा सिचाई विभागमा जुनियर इन्जिनियरका पदमा १८ वर्षसम्म कार्यरत रहनु भयो। सन् १९८८ मा परम सन्त रामदेवानन्द जीबाट दिक्षा प्राप्त गर्नु भयो तथा तन-मन देखि सक्रिय भएर रामदेवानन्द जीद्वारा बताए अनुसार भक्तिमार्गद्वारा साधना गर्नु भयो र परमेश्वरसँग साक्षात्कार गर्नु भयो।

सन्त रामपाल दास जी महाराजलाई नाम (उपदेश) दिक्षा १० फेब्रुअरी १९८८ को फागुन महिनाको औंशीको रातमा प्राप्त भयो। त्यस समय सन्त रामपाल जीको उमेर ३७ वर्ष थियो। उपदेश दिवस (दीक्षा दिवस) लाई सन्तको मत अनुसार उपदेशी भक्तको आध्यात्मिक जन्मदिन मानिन्छ।

उपरोक्त विवरण श्री नास्त्रेदमस जीको त्यस भविष्य वाणीसँग पूर्ण रूपमा मेल खान्छ, जुन पृष्ठ सङ्ख्या ४४-४५ मा लेखिएको छ। "जुन समय ती तत्त्वद्रष्टा शायरनको आध्यामिक जन्म हुने छ" त्यस बखत अध्यारो औँसीको रात हुने छ। त्यस समय ती विश्व नेताको आयू १६, २०,२५ वर्ष हुने छैन्, तरूण (युवा) हुने छैन्, बरू उनी प्रौढ हुने छन् र उनी ५० देखि ६० वर्षका बीचको उमेरमा संसारमा प्रसिद्ध हुने छन्। त्यो सन् २००६ मा हुने छन्।

सन् १९९३ मा स्वामी रामदेवानन्द जी महाराजले उहाँलाई सत्संगत गर्ने आज्ञा दिनु भयो तथा सन् १९९४ मा नामदान गर्ने आज्ञा प्रदान गर्नु भयो। भक्तिमार्गमा लीन भएको कारणले जे. ई. को पदबाट राजिनामा गर्ने आज्ञा प्रदान गर्नु भयो जुन हरियाणा सरकारद्वारा १६-५-२००० मा पत्र क्रमाङ्क ३४९२-३५००, तिथि १६-५-२००० अन्तर्गत स्वीकृत छ। सन् १९९४ देखि १९९८ सम्म सन्त रामपाल जी महाराजले घर-घर, गाउँ-गाउँ, नगर-नगरमा गएर सत्संग गर्नु भयो। बहुसङ्ख्यामा अनुयायी भए। साथ साथै ज्ञानहीन सन्तहरूको विरोध पनि बढ्दै गयो। सन् १९९९ मा करौंथा गाउँ, रोहतक जिल्ला (हरियाणा) मा सतलोक आश्रम करौंथाको स्थापना गर्नु भयो तथा १ जुन १९९९ देखि ७ जुन १९९९ सम्म परमेश्वर कबीर जीको प्रकट दिवसमा सात दिवसीय विशाल सत्संग आयोजना गरेर आश्रम

प्रारम्भ गर्नु भयो तथा महिनाको प्रत्येक पूर्णिमामा तीन दिनको सत्संग प्रारम्भ गर्नु भयो। टाढा-टाढाबाट श्रद्धालुहरू सत्संग सुन्न आउन थाले तथा तत्त्वज्ञान बुझेर बहुसङ्ख्यामा अनुयायी बन्न थाले। केही दिनमै सन्त रामपाल महाराज जीका अनुयायीहरूको सङ्ख्या लाखौं पुग्यो। जुन ज्ञानहीन सन्त तथा ऋषिहरूको अनुयायी सन्त रामपाल महाराज जीका समीपमा आउन थाले तथा अनुयायी बन्न थाले अनि ती अज्ञानी आचार्य तथा सन्तहरूसँग तपाईंहरू सम्पूर्ण ज्ञान आफ्ना सद्ग्रन्थहरू विपरीत रूपमा बताइरहनु भएको छ प्रश्न गर्न थाले।

यजुर्वेद अध्याय ८ मन्त्र १३ मा लेखिएको छ– पूर्ण परमात्मा आफ्नो भक्तको सम्पूर्ण अपराध (पाप) नाश (क्षमा) गर्नु हुन्छ। तपाईंको पुस्तक जुन हामीले किनेका छौं। त्यसमा लेखिएको छ कि "परमात्मा आफ्ना भक्तका पाप क्षमा (नाश) गर्दैनन्" तपाईंको पुस्तक सत्यार्थ प्रकाश समुल्लास ७ मा भनिएको छ– सूर्यमा पृथ्वी रहे जसरी मनुष्य तथा अन्य प्राणी बास गर्छन्। यसै प्रकार पृथ्वी जस्तै सम्पूर्ण पदार्थ छन्। फूलबारी बगैंचा, नदी, झरना आदि के यो सम्भव छ? पवित्र यर्जुवेद अध्याय ५ मन्त्र १ मा परमात्मा सशरीर छन् भनेर लेखिएको छ। अग्ने तनुः असि। विष्णवै त्वां सोमस्य तनुर् असी॥ यस मन्त्रमा दुई पटक परमेश्वर सशरीर हुनु हुन्छ भनेर गवाही (साक्षी) दिइएको छ। ती अमर पुरूष परमात्माको शरीर सबैको पालन गर्नका लागि हो अर्थात् परमात्मा जब आफ्नो भक्तलाई तत्त्वज्ञान सम्झाउनका लागि केही समय अतिथिका रूपमा यस संसारमा आउनु हुन्छ तब आफ्नो वास्तविक तेजोमय शरीरमा हल्का तेजपुञ्जको शरीर ओढेर आउनु हुन्छ। यसैले उपरोक्त मन्त्रमा दुईपल्ट प्रमाण दिएको छ। यस्ता तर्कले निरूत्तर भएर आफ्नो अज्ञानको पर्दाफास हुने डरले ती अज्ञानी सन्तहरू, महन्थहरू तथा आचार्यहरूले सतलोक आश्रम करौंथाको आसपासका गाउँहरूमा सन्त रामपाल जी महाराजको बदनाम गर्नका लागि दुष्प्रचार गर्न प्रारम्भ गरे। १२-७-२००६ मा सन्त रामपालको ज्यान मार्ने तथा आश्रम नष्ट गर्नका लागि आफू तथा आफ्ना अनुयायीहरूद्वारा सतलोक आश्रममा आक्रमण गराए। पुलिसले रोक्ने कोसिस गऱ्यो, जुन कारणले केही विध्वशंकारीहरू घाइते भए। सरकारले सतलोक आश्रमलाई आफ्नो अधीनमा लियो तथा सन्त रामपाल जी महाराज तथा केही अनुयायीहरूलाई झुठो मुद्दा बनाएर जेलमा राख्यो। यसरी २००६ मा सन्त रामपाल जी महाराज विख्यात हुनु भयो। यद्यपि अन्जानहरूले झुठो आरोप लगाएर सन्तलाई प्रसिद्ध गरे तर सन्त निर्दोष हुनु हुन्छ। प्रिय पाठकहरू! नास्त्रेदमसको भविष्यवाणी पढेर उनीहरूले सोच्ने छन् - सन्त रामपाल जी को यति बदनाम गरि दिएका छौं, विश्वमा ज्ञान प्रचार प्रसार गर्न कसरी सम्भव छ? उनीहरूलाई परमात्माले पलभरमा परिस्थिति बदल्न सक्नु हुन्छ भन्ने कुराको प्रार्थना छ।

कबिर, साहेब से सब होत है, बंदे से कछु नांही। राई से पर्वत करे, पर्वत से फिर राई ॥

परमेश्वर कबीर जीले आफ्ना बच्चाहरूको उद्धारका लागि शीघ्र (चाडै) नै

समाजलाई तत्त्वज्ञानद्वारा वास्तविकता सित परिचित गराउनु हुने छ, अनि पूरै विश्वले सन्त रामपाल जी महाराजको ज्ञानलाई फलाम स्वीकार्ने छ।

सन्त रामपाल जी महाराज सन् २००३ देखि पत्र पत्रिका तथा टि. भी. का माध्यमले सत्यज्ञानको प्रचार गरेर अन्य धर्म गुरुहरूलाई तपाईंको ज्ञान शास्त्रविरूद्ध अर्थात् तपाई भक्त समाजलाई शास्त्ररहित पूजा गराइ रहनु भएको छ र दोषी बनि रहनु भएको छ भनेर भनि रहनु भएको छ। यदि मैले गलत भनि रहेको छु भने यसको जवाफ दिनु होस् तर आजसम्म कुनै सन्तले जवाफ दिने हिम्मत गरेका छैनन्।

सन्त रामपाल जी महाराजलाई सन् २००१ मा अक्टुवर महिनाको प्रथम बिहिबार अचानक 'सम्पूर्ण धर्मका सद्ग्रन्थहरूको गहिरो अध्ययन गर' भन्ने प्रेरणा मिल्यो। यसै आधारमा सर्वप्रथम पवित्र श्रीमद्भगवद् गीता जीको अध्ययन गर्नु भयो। 'गहरी नजर गीतामे' नामक पुस्तकको रचना गर्नुभयो तथा त्यसै आधारमा सर्वप्रथम राजस्थान प्रान्तको जोधपुर शहरमा मार्च २००२ मा सतसङ्ग प्रारम्भ गर्नु भयो। यसैले नास्ट्रेदमसले भनेका छन्– विश्व धार्मिक हिन्दू सन्त (शायरन) ५० वर्षको आयुमा अर्थात् २००१ ज्ञेय ज्ञाता भएर प्रचार गर्ने छन्। सन्त रामपाल जी महाराजको जन्म पवित्र हिन्दू धर्ममा सन् (ई.सं.) १९५१- ८ सेप्टेम्बरमा धनाना गाउँ, सोनिपत जिल्ला, हरियाणा प्रान्त (भारत) मा एक किसान परिवारमा भयो। यसरी सन् २००१ मा सन्त रामपाल जी महाराजको आयु पचास वर्ष हुन्छ। जो नास्ट्रेदमसका आधारमा पूर्ण रूपमा सही छ। यसैले ती विश्व धार्मिक नेता सन्त रामपाल जी महाराज नै हुनु हुन्छ, जसको अध्यक्षतामा भारत बर्षले सम्पूर्ण विश्वमा राज्य गर्ने छ। सम्पूर्ण विश्वमा एउटा मात्र ज्ञान (भक्तिमार्ग) चल्ने छ। एउटा मात्र कानुन हुने छ, कोही दुःखी रहने छैनन्, विश्वमा पूर्ण शान्ति हुने छ। जसले विरोध गर्ने छन् अन्तमा तिनले पनि पश्चाताप गर्ने छन्। तत्त्वज्ञान स्वीकार गर्न विवश हुने छन् र सम्पूर्ण मानव समाज, मानव धर्मको पालन गर्ने छन् र पूर्ण मोक्ष प्राप्त गरेर सतलोक जाने छन्।

जुन तत्त्वज्ञानको विषयमा नास्ट्रेदमस जीले आफ्नो भविष्यवाणीमा उल्लेख गरेका छन्– ती विश्व विजेता सन्तद्वारा बताइएका शास्त्र प्रमाणित तत्त्वज्ञानका सामु पहिलेका सम्पूर्ण सन्त निष्प्रभ (असफल) हुने छन् तथा सबै नम्र भएर झुक्नु पर्ने छ। उनैका विषयमा परमेश्वर कबीर बन्दी छोड जीले आफ्नो अमृत वाणी पवित्र "कबीर सागर" ग्रन्थमा (जुन सन्त धर्मदास जी द्वारा लगभग ५५० वर्ष पहिले लिपिबद्ध गरिएको छ।) भन्नु भएको छ कि एक समय आउने छ जब सारा विश्वमा मेरो नै ज्ञान चल्ने छ। सारा विश्व शान्तिपूर्वक भक्ति गर्ने छ। आपसमा विशेष प्रेम हुने छ। सत्ययुग जस्तो समय (स्वर्णयुग) हुने छ। परमेश्वर कबीर बन्दी छोडद्वारा बताइएको ज्ञान सन्त रामपाल जी महाराजले बोध गर्नु भएको छ। यसै ज्ञानको विषयमा कबीर साहेबले आफ्नो वाणीमा भन्नु भएको छ :

कबीर, और ज्ञान सब ज्ञानडी, कबीर ज्ञान सो ज्ञान। जैसे गोला तोब का, करता चले मैदान।।

भावार्थ : यो तत्त्वज्ञान यति प्रबल छ कि यसका सामु अन्य सन्तहरू तथा ऋषिहरूको ज्ञान टिक्न सक्दैन। जस्तो तोप यन्त्रको गोला जहाँ झर्दछ। त्यहाँको सबै गढ (किला) डढाएर सफा मैदान बनाइ दिन्छ।

यही प्रमाण सन्त गरीबदास जी (छुडानी, जिल्ला झज्जर, हरियाणा) ले दिनु भएको छ– सतगुरू (तत्त्वदर्शी सन्त परमेश्वर कबीर बन्दी छोडद्वारा पठाइएका) दिल्ली मण्डलमा आउने छन्।

'गरीब, सतगुरू दिल्ली मण्डल आयसी, सूती धरणी सूम जगायसी।।'

परमात्माको भक्तिबिना कन्जुस भएका व्यक्तिहरूलाई जगाउने छ। धनाना गाउँ सोनीपत जिल्ला पहिले दिल्ली शासित क्षेत्रमा पर्थ्यो। यसैले सन्त गरीबदास जी महाराजले भन्नु भएको छ कि सतगुरू (वास्तविक ज्ञान जान्ने सन्त अर्थात् तत्त्वद्रष्टा सन्त) दिल्ली मण्डलमा आउने छ। फेरि गरीबदास जी भन्छन्:

'साहेब कबीर तख्त खवासा, दिल्ली मण्डल लीजै वासा'

भावार्थ : परमेश्वर कबीर बन्दी छोडको तख्त (दरबार) को ख्वास (नोकर) अर्थात् परमेश्वरको नुमायंदा (प्रतिनिधि) दिल्ली मण्डलमा वास गर्ने छन् अर्थात् त्यहाँ उत्पन्न हुने छन्। पहिले आफ्ना हिन्दू बन्धुहरूलाई तत्त्वज्ञानद्वारा परिचित गराउने छन्। बुद्धिमान हिन्दू यसरी जाग्ने छन् जसरी कोही हड्बडाएर जाग्छ अर्थात् ती सन्तद्वारा बताइने तत्त्वज्ञान बोध गरेर अबिलम्ब उनको शरण ग्रहण गर्ने छन्। अनि सारा विश्वले ती तत्त्वदर्शी हिन्दूसन्तको ज्ञानलाई स्वीकार गर्ने छ। यो भविष्यवाणी श्री नास्त्रेदमस जीले पनि गर्नु भएको छ। नास्त्रेदमस जीले यो पनि लेखेका छन्– मलाई दुःख (खेद) यो कुराको छ की उनीसँग परिचित नहुनाका कारण मेरो शायरन (तत्त्वद्रष्टा सन्त) उपेक्षाको पात्र बनेका छन्। हे बुद्धिमान मानव! उनको उपेक्षा नगर। उनी त सिंहासनस्थ गरेर (आसनमा बसेर) आराध्य देव (इष्टदेव) का रूपमा पूजा गर्न योग्य छन्। ती हिन्दू धार्मिक सन्त शायरन आदि पुरूष (पूर्ण परमात्मा) को अनुयायी जगत्को उद्धारकर्ता हुन्।

नास्त्रेदमस जी भविष्यवेत्ताले पुस्तक पृष्ठ ४१-४२ मा तीन शब्दको उल्लेख गरेका छन् भनेका छन्– विश्व विजेता तत्त्वद्रष्टा सन्त क्रुरचन्द्र अर्थात् कालको दुःखद भूमिबाट छुटाएर आफ्नो आदि अनादि पूर्वजहरूका साथ वारिस बनाउने छन् तथा मुक्ति दिलाउने छन्। यहाँ उपदेश मन्त्रतर्फ सङ्केत छ– ती शायरन केवल तीन शब्द (ओम्-तत्-सत्) नै मन्त्र जाप दिने छन्। यी तीन शब्दका साथमा मुक्तिका लागि अन्य कुनै शब्द जोड्ने छैन। यही प्रमाण पवित्र ऋग्वेद मण्डल १० सुत्र ९० मन्त्र १६ मा, सामवेद श्लोक सङ्ख्या ८२२ तथा श्रीमद्भगवत् गीता अध्याय १७ श्लोक २३ मा पनि छ- पूर्ण सन्त (तत्त्वदर्शी सन्त) तीन मन्त्र (ओम्-तत्-सत् जसमा तत् तथा सत् साङ्केतिक छन्) दिएर पूर्ण परमात्मा (आदि पुरूष)को भक्ति गराएर जीवलाई कालको जालबाट मुक्त गराउनु हुन्छ। अनि ती

साधक भक्ति कमाइको बलबाट त्यहाँ जान्छ जहाँ आदि सृष्टिको असल प्राणी रहन्छन्। जहाँबाट यो जीव आफ्ना पुर्वजहरूलाई छोडेर क्रुरचन्द्र (कालप्रभु) का साथ आएर यस दुःखद लोकमा फँसेर कष्टकर जीवन व्यतित गरि रहेका हुन्छन्। नास्ट्रेदमसले यो पनि स्पष्ट पारेका छन्– मध्यकाल अर्थात् बीचका पुस्ता (पिढी) हिन्दू धर्मको आदर्श जीवन जिउने छन्। शायरन (तत्वद्रष्टा सन्त) आफ्नो ज्ञानले दैदिप्यमान गगनस्पर्शी उँचो स्वरूप अर्थात् सर्वश्रेष्ठ शास्त्रानुकुल भक्ति विधान पुनः बिना शर्त उजागर गराउने छन् र मानव संस्कृति अर्थात् मानव धर्मको लक्षण निर्धोक्क (निष्कपट भावले) सम्हाल्ने छन्।

(मधल्या कालात हिन्दू धर्माचे व हिन्दुच्या आदर्शवत् झालेल)-यो मराठी भाषामा पृष्ठ ४२ मा लेखिएको छ। यसको भावार्थ-बीचको पुस्ताको उद्धार शायरनले गर्ने छ। उल्लेखित पृष्ठको हिन्दीमा लेख्न बाँकी थियो, त्यसैले यहाँ लेखिएको छ तथा स्पष्टीकरण पनि दिएको छ। यही प्रमाण स्वयम् पूर्ण परमात्मा कबीर जीले दिनु भएको छ।

धर्मदास तोहे लाख दुहाई, सारज्ञान व सारशब्द कहीं बाहर न जाई ।
सारनाम बाहर जो परही, बिचली पिढी हसं नही तर ही ॥
सारज्ञान तब तक छुपाई, जब तक द्वादस पंथ न मिट जाई ।

जस्तो ई.स. (सन्) १९४७ मा भारतवर्ष अंग्रेजबाट मुक्त भयो। त्यसभन्दा पहिले हिन्दुस्तानमा शिक्षा थिएन। सन् १९५१ मा सन्त रामपाल जी महाराजलाई परमेश्वरले पृथ्वीमा पठाउनु भयो। सन् १९४७ भन्दा पहिले कलियुगको प्रथम पिंढी बुझौं तथा १९४७ देखि बीचको पिढी प्रारम्भ भएको हो। यसले एक हजार वर्षसम्म सत्य भक्ति गर्ने छ, यस अवधीभर (योगकाल) जसले पूर्ण निश्चयका साथ भक्ति गर्ने छ, ऊ सतलोक जाने छ। जो सतलोक जान सकेन तथा कहिल्यै भक्ति गऱ्यो, कहिल्यै छोड्यो तर गुरू द्रोही भएनन्, तिनीहरू फेरि हजारौं मनुष्य जन्म यसै कलियुगमा प्राप्त गर्ने छन् किनकि यो उनीहरूको शास्त्र विधिअनुसार साधनाको परिणाम हुने छ। यसप्रकार कयौं हजार वर्षसम्म कलियुगको समय वर्तमान भन्दा राम्रोसँग चल्ने छ। अनि अन्तिमको पिढी (पुस्ता) भक्तिरहित उत्पन्न हुने छ किनकि भक्ति युगमा गरेको शुभ कमाइ पटक पटक जन्म प्राप्त गरेर खर्च (समाप्त) गरि सकेको हुने छ। यसरी कलियुगको अन्तिमका पिढी कृतघ्नी (उपकार नमान्ने) हुने छन्। तिनीहरू भक्ति गर्न सक्ने छैनन्। यसैले भनिएको छ– अहिले कलियुगको बीचको पिढी चलि रहेको छ, (१९४७ देखि)। सन् २००६ देखि ती शायरन सबका सामु प्रकट भइ सक्नु भएको छ उहाँ हुनु हुन्छ, "सन्त रामपाल जी महाराज"।

उपरोक्त ज्ञान जुन बीचको पिढी तथा प्रथम र अन्तिमलाई सन्त रामपाल जी महाराज आफ्ना प्रवचनहरूमा बर्सौंदेखि बताउदै आइ रहनु भएको छ। जुन नास्ट्रेदमसको भविष्यवाणीले पनि स्पष्ट गरि दिएको छ। यसैले सन्त गरीबदास जी

महाराजले भन्नु भएको छ– कबीर परमेश्वरको भक्ति पूर्ण सन्तबाट उपदेश लिएर गर नभए यो अवसर फेरि आउने छैन।

गरीब, समझा है तो शिर धर पांव, बहुर नहीं रे ऐसा दाव।।

भावार्थ : यदि तपाईंले तत्त्वज्ञान बुझ्नु भएको छ भने टाउकोमा गोडा राख्नु होस् अर्थात् अतिशिघ्रता पूर्वक सन्त रामपाल जी महाराजबाट उपदेश लिएर आफ्नो कल्याण गराउनु होस्। यो शुभ अवसर फेरि प्राप्त हुने छैन। जस्तो यो बीचको पिढी (मध्यकाल) को समय र तपाईंको मानव शरीर तथा तत्त्वद्रष्टा सन्त प्रकट भएका छन्। यदि अब पनि भक्ति मार्गमा नलाग्ने हो भने त्यसको विषयमा यसरी भनिएको छः-

यह संसार समझदा नांही, कहंदा श्याम दुपहरे नूं।

गरीबदास यह वक्त जात है, रोवोगे इस पहरे नूं।।

भावार्थ : सन्त गरीबदास जी महाराज भन्छन्– यो अबोध (सोझो) संसार शास्त्रविधि रहित साधना गरि रहेको छ, जुन अति दुःखद छ, यसैलाई सुखद भनि रहेछन्। जस्तो जून महिनाको मध्यान्न (दिउँसोको बान्ह बजे) को घाममा जलि रहेको छ र यसैलाई साँझ भनेर बताइ रहेको छ। जस्तो कुनै जँड्याहा व्यक्ति जाँड पिएर सडकमा सुति रहेको छ र उसलाई कसैले तपाईं किन मध्यान्नको घाममा जलि रहनु भएको छ? छायाँमा हिड्नु होस् भनोस् तब उसले रक्सीको नशामा लट्ठ भएर भन्छ– होइन यो साँझ हो, कसले भन्छ यो मध्यान्ह हो? यस प्रकार जुन साधक शास्त्रविधि त्यागेर मनोमानी आचरण गरि रहेका छन् उनी आफ्नो जीवन नष्ट गर्दै छन्। त्यसलाई त्याग्न चाहदैनन् बरू त्यसैलाई सर्वश्रेष्ठ मानेर कालको लोकको आगोमा जलि रहे छन्। सन्त गरीबदास जी महाराज भन्नु हुन्छ– यति प्रमाण पाएर पनि सत साधना पूर्ण सन्तले बताए अनुसार गरेनौं भने यो अनमोल मानव शरीर तथा बीचको पिंढीको भक्तियुग हातबाट फुत्कने छ अनि यस समयलाई सम्झेर रूने छौं, धेरै पश्चताप गर्ने छौं। अनि केही पनि हुने छैन। परमेश्वर कबीर जी बन्दी छोडले भन्नु भएको छ :-

आच्छे दिन पाछै गए, सतगुरू से किया ना हेत। अब पछतावा क्या करे, जब चिडिया चुग गई खेत।।

सम्पूर्ण मानव समाजसँग प्रार्थना गर्दछौं– पूर्ण सन्त रामपाल जी महाराजलाई चिन्नु होस्। आफ्नो तथा परिवारको कल्याण गराउनु होस्। आफ्ना इष्टमित्र तथा साथी हरूलाई पनि सम्झाऔं र पूर्ण मोक्ष प्राप्ति गरौं। भनेर स्वर्ण युगको प्रारम्भ भइ सकेको छ। लाखौं पूण्य आत्माहरू सन्त रामपाल जी तत्त्वदर्शी सन्तलाई पहिचान गरी सत्य भक्ति गर्दै छन्, तिनीहरू धेरै सुखी भएका छन्। सम्पूर्ण विकार त्यागेर स्वस्थ जीवन बाँचि रहेछन्।


भारत के उज्ज्वल भविष्य के दर्शन
महायुद्धों से सम्बन्धित उद्घोषणा

होते ही वे फिर से विश्व में योग्यमार्ग से भ्रमण करके शत्रुत्व के भाव से भारत को त्रस्त करेंगे। देखिए, प्रथम मुस्लिम समाज रूप से शुक्र भारत पर आक्रमण करके उस भूमि को तहस-नहस कर देगा। उसके बाद भारत में घुसकर वे सत्ता पर कब्जा करेंगे, अंधश्रद्धालु और दुर्बल भारतीय जनता को सतायेंगे और उन्हें मुस्लिम धर्म की दीक्षा देंगे। उसके कारण महान् भारतमाता मुस्लिमों की दासी बनेगी। भारतीय प्रदेश और समाज भ्रष्ट होगा। यह कार्य इ.स. 1291 से 1999 तक चलेगा।

इसी काल में भारत माता का (कामदुहिता का) बंधु गुरु पिंगल सम शत्रुत्व भाव धारण करके पश्चिम यूरोप के क्रिश्चनों को व्यापारी और नाविक बनाकर भारत की ओर भेज देगा। वे प्रथम व्यापारी बनकर भारतमाता को लूटेंगे। उसके बाद एक– एक प्रदेश हाथ में लेकर उन्हें और यहाँ की जनता को भ्रष्ट क्रिश्चन बनाकर उन पर शासन करेंगे। धीरे-धीरे अपना प्रभाव बढ़ाकर वे संपूर्ण भारत माता को अपने कब्जे में ले लेंगे। उसी समय भारतीय गुलाम दुर्बल जनता मोक्षप्राप्ति के लिए मंदिर बाँधकर देवी-देवता के भजन-कीर्तन करती रहेगी।

इसी काल में धोखेबाज क्रिश्चन गुरु का भ्रष्टाचारी रूप लेकर आयेंगे। यहाँ के प्राचीन ज्योतिष शास्त्रों का अध्ययन कर किरो जैसे यूरोपीयन विश्व प्रसिद्ध ज्योतिषी होंगे। लेकिन भारतीय अंध और झूठे ज्योतिषियों को अपने ज्योतिष-ग्रंथों का अर्थ नहीं समझेगा। वे गुलाम होंगे। उन्हें अप नी मानसिकता और प्रवृत्ति के कारण अंग्रेजी भाषा में मौजूदा ज्ञान ही सत्य लगेगा। लेकिन कीरोसम भारतीय ज्योतिषशास्त्र का अध्ययन करके महान् विद्वताधारक लेखकों द्वारा लिखित अंग्रेजी पुस्तक के आधार पर ज्योतिषशास्त्र नहीं समझेगा अन्त में वे शापित होंगे और उसके कारण उनमें मूर्खता और क्रूरता होगी।

उसके कारण महापरिवर्तन काल का आरंभ होगा। वह काल होगा इ.स. 1905 से 2028 तक। सबसे पहले भारत को स्वातंत्र्य प्राप्त करने के लिए कॉंग्रेस की स्थापना होगी। भारतीय जनता महान् राक्षस कुंभकर्ण के अनुसार गहरी नींद में से जागृत होने लगेगी। झूठा ज्योतिषशास्त्र नष्ट करके अचूक भविष्य ज्ञान देने के लिए मद्रास में के.एस.कृष्णमूर्ति का जन्म होकर वे भारतीय जनता को कृष्णमूर्ति पद्धति का ज्ञान देंगे। 1998 में महाराष्ट्र में एक ज्योतिषशास्त्री नॉस्ट्रेडॅमस की भविष्यवाणी में अंकित सांकेतिक भाषा का स्पष्टीकरण कर उसमें लिखित भविष्य घटनाओं का अर्थ देकर अपना भविष्यग्रंथ प्रकाशित करेगा। उस समय वह भारत में अज्ञात ज्योतिष द्वारा कलियुग के विषय में दिये गए महान् सांकेतिक भाषा में अर्थ को सुलझाकर उसमें लिखित महान् भविष्यवाणी का अर्थ स्पष्ट करेगा। लेकिन भारतीय जनता पर और सत्ताधारियों पर झूठे प्रचंड ज्योतिषियों का प्रभुत्व होगा। वे इन नये महान् ज्ञानी ज्योतिषियों को प्रकाश में नहीं आने देंगे। लेकिन उन पर स्वार्थ के अंधकार से, झूठे धर्म जाति का भूत सवार हुआ होगा। अब भी वे मातंग (गारुड़ी) कार्य में मग्न होकर सत्य का, मानवता धर्म का, ज्योतिष ज्ञान का खून करते रहेंगे।


सर्व श्रेष्ठ भविष्यवेत्ता
नॉस्ट्राडेमस्
यांचे जागतिक स्तरावरचे भविष्य
- डॉ. रामचंद्र ज. जोशी

२१ व्या शतकाकडे झेपावतांना

जगातील सर्वश्रेष्ठ भविष्यवेत्ता!

# मायकेल द नॉत्रदेम (नॉस्ट्राडेमस)

## यांचे जागतिक स्तरावरचे भविष्य

डॉ. रामचंद्र ज. जोशी.

### ग्रंथ मिळण्याचे ठिकाण

| | |
|---|---|
| **जोशी ब्रदर्स**<br>अप्पा बळवंत चौक,<br>पुणे २.<br>फोन: ४४५९४२४ | **श्री गजानन बुक डेपो**<br>भरत नाट्य मंदिरासमोर<br>पुणे ३०.<br>फोन : ४४७३३०४ |
| **श्री गजानन बुक डेपो**<br>कबुतरखाना, दादर,<br>मुंबई २८.<br>फोन: ४२२७५८४ | **श्री गजानन बुक डेपो**<br>बिल्डिंग नं. १३२, पहिला माळा,<br>पंतनगर, घाटकोपर, मुंबई ७५.<br>फोन: ५१३८००९ |

...(32)...

आफ्रिकेला वळसा घालण्याचा द्राविडी-प्राणायाम त्या सुवेज कालव्याच्या निर्मितीने कमी झाला हे खरेच, पण त्या कालव्याच्या निर्मितीची कल्पना नॉस्ट्राडेमसच्या विलक्षण भाकिताने फ्रेंच वास्तुशास्त्रविशारद लेसेप्स याला सुचलेली आहे ही वस्तुस्थिती आहे.

पहिल्या प्रकरणातच स्पष्ट केले आहे की, १९९९ साली छेडल्या जाणाऱ्या तिसऱ्या जागतिक महायुध्दात, आज वरवर पाहता परस्पर विरोधी राष्ट्रे मित्र बनून, अमेरिका व रशिया यांचे एकत्रित बळ प्रचंड असेल. नॉस्ट्राडेमसच्या मृत्यूनंतर २०९ वर्षांनी जन्माला आलेली अमेरिका आपल्या सामर्थ्याच्या शिखरावर असेल असे, शतक २, श्लोक ४९ मध्ये हा द्रष्टा ज्योतिर्विद सांगतो हे सत्य किती चित्तथरारक आहे?

## 'भारत' सर्वश्रेष्ठ हिंदु राष्ट्र?

या पूर्वीच्या लेखात कै. इंदिरा गांधींचा नॉस्ट्राडेमसने केलेला उल्लेख आपण वाचला. त्या संदर्भात हेन्री सी रॉबर्टस 'कंप्लीट प्रोफेसीज ऑफ नॉस्ट्राडेमस' या १९४२ साली प्रसिध्द झालेल्या आपल्या पुस्तकात लिहितो- 'डॉमिनन्ट प्रिमियर' (म्हणजेच प्रभावी पंतप्रधान) इंदिराजी गांधी यांच्या आकस्मिक खुनानंतर दोन बदल होतील. त्यातील क्रमांक पहिल्या बदलाप्रमाणे त्यांचे पुत्र राजीव गांधी जरी पंतप्रधान झाले असले तरी दुसरा जो बदल होणार आहे तो म्हणजे एक मध्यम वयाचा नेता पाकिस्तान, ब्रह्मदेश, बांगला देश, श्रीलंका, नेपाळ, तिबेट, अफगाणिस्तान, मलाया आदी देश जिंकून हिंदुस्थानाला जगातील सर्वश्रेष्ठ हिंदुराष्ट्र म्हणून निर्माण करणार आहे. तो सार्वभौम असेल. औदार्यात अजोड व आपल्या सनातन धर्माला पुनरुज्जीवन देईल आणि भारत खंडातच नव्हे तर साऱ्या पृथ्वीवर सुवर्णयुग आणील. (सेंच्युरी शतक ५, श्लोक ४१ वा). या श्लोकाबद्दल सर्वच भाष्यकारांत एकमत आहे. वरील दोन बदलांच्या दरम्यानच्या काळात सत्ताधारी मंडळीत वावरणारी चांडाळ चौकडी सत्ताकेंद्र आपल्या ताब्यात ठेवून बराच काळ मनमानी करील. वर उल्लेख केलेला नेता फक्त जगाला अद्याप माहीत व्हायचा आहे!

...(33)...

# : ४ :

# थांबा, इ. स. २००६ मध्ये रामराज्य येतेय!

## हिंदु जगज्जेता भूतलावर सुवर्ण-युग आणणार आहे!

### ज्योतिष हे हि एक शास्त्र आहे

'शितावरून भाताची परीक्षा' या वाकप्रचारानुसार नॉस्ट्राडेमस यांनी वर्तविलेल्या अनेक भाकितांचे खरेपण आपण गेल्या प्रकरणात पाहिले. नॉस्ट्राडेमस यांना हे सर्व ज्ञान आगामी पिढीला देणे आवश्यक वाटले; व त्याने 'सेंच्युरी' मध्ये दहा शतके (१००० श्लोक) लिहिलीं व १५५५ साली तें पुस्तक प्रसिध्द झाले. या पुस्तकातील श्लोकांची वर्गवारी केली तर असे आढळते की पहिले सुमारे १०० श्लोक फ्रान्स व युरोपसाठी, म्हणजे नॉस्ट्राडेमसच्या काळातील घटनांबद्दल केलेल्या भाकितांवरच खर्च झाले आहेत. त्यानंतर ३५० - ४०० श्लोक १९ - २० व्या शतकातील घटनांच्या भाकितांचा ऊहापोह करण्यात लागले असून उरलेल्या ४५० - ५०० श्लोकांत २१ व्या शतकापासून इ. स. ३७९२ पर्यंतच्या कालखंडात होऊ घातलेल्या भाकितांचे विवरण आलेले आहे.

-ज्योतिष शास्त्र हे असे चमत्कारिक शास्त्र आहे की सर्वसामान्य माणसांपासून अधिकारी वर्ग, देशा-राष्ट्रांचे शास्ते, धनाढ्य, श्रीमंत, राजेरजवाड्यापर्यंत सर्वांनाच त्याचे आकर्षण आहे. उघडरीत्या त्या शास्त्राचा निषेध, परंतु खाजगीरीत्या त्याची चाचपणीच केवळ नव्हे तर आवर्जून त्या शास्त्राच्या पारंगत ज्योतिर्विदाची मनधरणी करण्याची प्रथा सर्वकाली व सर्व देशांतून रूढ असल्याचे दिसते. ज्योतिष हे शास्त्र आहे, त्याचे आकाशस्थ ग्रहांच्या गतीनुसार ठरलेले आडाखे आहेत. इथून तिथून निसर्ग हा सारखाच असल्याने त्या त्या काळच्या ग्रहस्थितीनुसार व्यक्ति, समाज, देश नि त्यांचे धर्म, संस्कृती यावर परिणाम घडत असतात. ज्योतिषी फक्त त्याने केलेल्या शास्त्राभ्यासाच्या आधाराने मिळविलेल्या ज्ञानाने जे परिणाम घडायचे असतात त्याची आगाऊ माहिती सांगतो, त्याचे आनंददायी, सुखसंवर्धक बदल स्पष्ट करतो. ते बदल केव्हा कसे होतील त्याबद्दल भाकित वर्तवतो. त्याचप्रमाणे दुःख वर्धक उलथापालथी काय होतील त्याचीही नोंद करीत असतो. जे घडायचे असते ते ज्योतिषाला टाळता येत नाही - किंवा तो ते घडवीतही नाही. म्हणून नॉस्ट्राडेमससारखे जगप्रसिध्द ज्योतिर्विद आत्मविश्वासाने म्हणतात की, 'मी लिहिले, सांगितले - त्यात काहीही बदल करण्याची माझी इच्छा नाही.'

...(40)...

गेली नऊ वर्षे इराकबरोबर विध्वंसक युध्दात गेली. जवळ जवळ एक हजार किलोमीटर प्रदेश इराकने सोडलेला नाही. युध्दकैदी सोडविता आले नसल्याने युध्द थांबले, परंतु इराणची मानहानी संपलेली नाही. या युध्दात पेट्रोलियमच्या उद्योगाची महत्त्वाची साधने उद्ध्वस्त झाली, अर्थव्यवस्था, उद्योगधंदे, रोजगार यांची झालेली हानी फार मोठी आहे. शाह यांच्या पदच्युतीच्या सुमारास जी स्थिती होती त्यापेक्षा कितीतरी पटीने सध्याची इराणची आर्थिक स्थिती ढासळली आहे.

आपले घरदार, कौटुंबिक सुख व सुरक्षितता या बाबींचा विचार टाळता येणे अशक्य झाले आहे; आणि त्याबद्दल बहुजनसमाज बोलू लागला आहे. इराणी राष्ट्रांच्या समस्यांना तोंड फुटू लागले आहे आणि त्या समस्यांची सोडवणूक करायला इस्लामची अथवा धर्मांची वाढ पुरेशी पडणार नाही याची जाणीव बहुजन समाजालाच नव्हे तर सत्तारूढ पक्षातल्या मवाळांनाही होऊ लागली आहे.

नॉस्ट्राडेमस यांनी शतक १ श्लोक ७० मध्ये असे स्वच्छ लिहून ठेवले आहे की, खोमेनीच्या कडव्या हेकटपणाला विरोधकच कडवेपणाने मोडून काढतील नि खोमेनी विरोधकांची सरशी होईल; त्यांचा विजय होईल. अखेरीस फ्रान्सच मध्यस्थी करून खोमेनी व त्याचे साथीदार यांना दया दाखवावी असे सांगेल व बंडखोर फ्रान्सचा सल्ला मागतीलही! नॉस्ट्राडेमस या सर्व घडामोडींचे वर्णन करून सांगतोय. 'थांबा, रामराज्य येतंय!' जुलै १९९९ ते इ. स. २००६ पर्यंत चालणाऱ्या या सर्व संहारक युध्दाच्या शेवटी सुवर्णयुग अवतरेल; हिंदुस्थानात उगवणारा तारणहार शायरन व फ्रेंच नेता मार्स यांची युति होईल. त्यानंतर ७५ वर्षे जगात सुख-समृध्दि, व शांतता नांदेल. (१० /८९)

नॉस्ट्राडेमसने निःसंदिग्धपणे म्हटलेय, की नव्याने प्रकट होणारा शायरन (CHYREN) आजच्या घटकेला अज्ञात आहे. परंतु तो ख्रिश्चन वा मुस्लिम नसेल. पाश्चात्य विद्वानांनीही हे विधान मान्य केले आहे.

नॉस्ट्राडेमस स्वतः ज्यू वंशाचा, ख्रिश्चन धर्म स्वीकारलेला, फ्रान्सचा नागरिक. तो ४५० वर्षांनी अवतरणारा विश्वनेता हिंदूच असेल असे छातीठोकपणे सांगतो, त्या हिंदु नेत्याचा गौरव करतो तो ह्याच कारणांनी की त्या स्वातंत्र्यसूर्य शायरनच्या उदयाबरोबर आधीचे नेते निष्प्रभ होऊन नम्र होतील. 'तो' शायरन तिसऱ्या जागतिक युध्दाच्या काळानंतर वाचलेल्या नागरिकांना कायद्याचे राज्य देईल. कुणावरही अन्याय होणार नाही. 'गुणाः पूजास्थानं नच लिंगम् नच वयः' बरोबरच 'नच श्रध्दास्थानः' ही त्या लोकशाही राज्याची वेदी असे. सामाजिक रचना 'गुणकर्मविभागशः' असेल. जन्मदात्या मातापित्याच्या श्रध्दास्थानांवर ती आधारलेली असणार नाही. राखीव जागा, खास हक्क ही भाषा असणार नाही. त्याचप्रमाणे दलित, मागासलेला समाज अशी विभागणीही या साम्राज्यात असणार नाही. प्रत्येकाच्या वैयक्तिक गतिशील प्रयत्नांना प्रोत्साहन दिले जाईल; त्याच्या प्रगमनशील कर्तृत्वाला भरपूर संधि व वाव दिला जाईल, सरसकट आमिषांची खिरापत वाटली जाणार नाही. यामुळे जो मेहनत करील

...(41)...

त्याला 'संधि' मिळेलच मिळेल अशी आश्वासक खात्री पटल्याने राष्ट्रसंवर्धनाला आवश्यक असणारी चढाओढ समाजात मानवाला कार्यप्रवण करील. शासन अमानवी वागणारांना वठणीवर आणीलच, शिवाय त्यांच्यातील अतिरेक्यांचा निःपात केला गेला जाईल. सर्वांना लागू पडणारा समान कायदा राज्यभर कसोशीने पाळण्यात येईल.

आता एक गोष्ट निर्विवादपणे सिध्द झाली आहे की तिसऱ्या अतिसंहारक महायुध्दातून नव्याने दर्शन घडविणारा तारणहार 'आशिया खंडात जन्म घेतलेला असेल, (शतक १० श्लोक २५).' युरोपात नाहीच नाही! तो ख्रिश्चन नसेल, मुसलमान तर नसेलच नसेल. ज्यूही असणार नाही. तर हिंदूच असेल असे जे नॉस्ट्राडेमसने निःसंदिग्धपणे म्हटलेय् ते पाश्चात्य विद्वानांनाहि मान्य आहे. तो हिंदू-नेता अन्य सर्व भूतपूर्व नेत्यांपेक्षा महत्तर असेल, बुध्दिमान असेल, अजिंक्यही! नॉस्ट्राडेमसचा शतक ६ श्लोक ७० फार महत्त्वाचा मानावा लागेल.

The grest CHYREN will be
chief of the world.
Loved feard and unchallenged
even at the death
His name and praise will reach
beyond the skies.
And he will be content to be
known only as Victor.

महान् शायरन जगाचा प्रमुख नियंता होई ल. त्याच्यावर सर्वसामान्य जनता प्रेम करील; त्याचबरोबर त्याचा वचक येवढा असेल की प्रजाजन काहीही अपकृत्य करायला धजणार नाहीत. त्याच्या मृत्युनंतरही त्याचा दबदबा कायम राहील, त्याचे नाव आणि पराक्रम नागरिकांच्या मनावर इतके खोलवर परिणाम करतील की त्याची कीर्ति त्रिखंड पसरेल. सामर्थ्य इतके प्रचंड असेल की शत्रू त्याच्या देशाला बावरतील, त्याच्या राज्याची, नव्हे साम्राज्याची दहशत मानतील. तो सार्वभौम असेल, त्याच्या कर्तृत्वाचा प्रभाव संपूर्ण जगावर पडेल. हा महान् हिंदु नेता भारताला भूमि आणि सागर यावर अजिंक्यपद प्राप्त करून देईल. आतापर्यंत निद्रिस्त असलेल्या हिंदूंना खडबडून जागृत करून त्यांच्याकरवी अशी काही चिरंतन कामगिरी करवील की ज्याने ते आपल्या पूर्वजांचे सार्थ वारस ठरतील.

शतक २, श्लोक ७९ द्वारा फ्रेंच द्रष्टा नॉस्ट्राडेमस स्वच्छपणे सांगतोय की, शायरन क्रूर आणि हिंसक जमातींतल्यांना ठिकाणावर आणिल आणि चंद्रकोरीच्या ताब्यातील भूमि मुक्त करील. त्याचे हे शब्दच पहा किती बोलके आहेत!

फ्रेंच - Subjuguva 10 gent crelle add fiere Le grand chyren ostera du longin Tous les captifs par seline baniact.

...(42)...

इंग्लिशमध्ये स्वैर भाषांतरित शब्दात सांगायचे तर -

1) Will subjugate the cruel and
violent freed,
The great CHYREN will
take from distance,
All those held captive by
crescent moon

वरील श्लोकातील Cruel and Violent held captive by crescent moon म्हणजेच - हिंसक आणि क्रूरचंद्र हे शब्द इतके अर्थवाही आहेत की वरील उल्लेख मुसलमानांना उद्देशूनच आहेत याबाबत दुमत न व्हावे.

थोडक्यात सांगायचे तर शायरनच्या कारकीर्दीत या भूतलावर सुवर्णयुग अवतरेल. त्याच्या मृत्यूनंतरही त्याच्या महानतेचे व सद्गुणांचे आवर्जून गुणगान होत राहिल. पण त्याच्या मनाची शालिनता, विनम्रपणा व औदार्य इतके ठळकठळीतपणे दिसते की यापूर्वी नमूद केलेल्या शतक ६ श्लोक ७० च्या श्लोकाच्या शेवटच्या ओळीत त्याबद्दल केलेला उल्लेख फार बोलका आहे. (शायरन म्हणतोय) 'जनतेने त्याच्याबद्दलचा उल्लेख फक्त एक विजयी नेता या तीन शब्दात करायचा तर करावा आणखी-विशेषणे त्याच्या नावाला चिकटवू नयेत.

मधल्या काळात हिंदूधर्माचे व हिंदूंच्या आदर्शवत् जीवनाचे पुसट झालेले क्षणचित्र, पुन्हा आपल्या देदिप्यमान उत्तुंग स्वरूपात प्रस्थापित होणारच, आणि मानवी संस्कृती निर्धोक बनेल हे नॉस्ट्राडेमसने पुरेशा स्पष्टपणे सुचविले आहे. त्यात संदिग्धता कुठेही नाही. हे सर्व घडवून आणणारा आज अज्ञात असणारा परंतु योग्य समयी प्रकट होणारा महापुरुष तथा शायरन हा हिंदुधर्मीयच असेल असेही नॉस्ट्राडेमस निखालसपणे सांगतो, नव्हे नव्हे, जवळ जवळ साडेचारशे वर्षापूर्वी अक्षरबध्द करतो. त्याने या शायरनच्या मनाचा घेतलेला वेधही इतका काही तर्कशुध्द व अचूक आहे की नॉस्ट्राडेमसच्या द्रष्टेपणाचे आश्चर्य वाटते! नॉस्ट्राडेमसने म्हटलेय की, शायरन बेचैन मनाने खूप प्रवास करील. या बेचैनीचे कारण काय असणे शक्य आहे? आपल्या धर्मबांधवांच्या समस्या आणि त्यांची सद्यःकालीन दयनीय अवस्था हे असू शकेल! त्या बेचैन अस्वस्थ मनाचा कानोसा आपण पुढच्या प्रकरणात घेऊ!

...(43)...

: ५ :

# नॉस्ट्राडेमसच्या भाकितांना दुजोरा देणारी आणखी कांही भाकिते

ज्या आयुष्यात भारताला कधीही भेट न दिलेल्या महर्षी नॉस्ट्राडेमसने, सुमारे ४००-४५० वर्षांपूर्वी,'२००१ साली प्रलयंकारी विनाशाच्या उंबरठ्यावर असलेल्या जगाला शायरन (CHYREN) हा हिंदू नेता आपल्या क्षात्रतेजाने तारणहार होईल.' या स्वातंत्र्यसूर्याच्या आगमनाने बलाढ्य हिंदू राष्ट्राचा उदय होऊन हिंदूंचे पुनरुत्थान होईल, हिंदू साम्राज्य स्थापन होऊन 'सुवर्णयुग अवतरेल' असे भविष्य शब्दबध्द केले आहे.

१९९९ साली सुरू होणाऱ्या व इ. स. २००६ ला संपणाऱ्या महायुध्दासंबंधी अनेक श्लोकात नॉस्ट्राडेमस लिखित, 'सेंच्युरी' मध्ये 'शायरन' या टोपण नावाचा उल्लेख 'विश्वनेता' म्हणून ठिकठिकाणी केलेला आढळतो. गेली जवळ जवळ २०० वर्षे या 'शायनर' चा शोध घेण्याचे काम नॉस्ट्राडेमस विषयातील तज्ञ हिरीरीने करीत आहेत. गेल्या प्रकरणांत या विश्वनेत्याबद्दल नॉस्ट्राडेमसच्या कित्येक अभ्यासकांनी लढविलेले तर्ककुतर्क किती विसंगत आहेत हे दाखविले; आणि त्या संदर्भात सध्याचा इराणचा धर्मनेता आयातुल्ला खोमेनीचे नाव आग्रहाने घेतले जाते ते तर किती असंबध्द आहे त्याचीही चर्चा केली.

नॉस्ट्राडेमसच्या भविष्यवाणीत 'क्रम' नसतो-सकारण नसतो, त्यामुळे हे तर्काधिष्ठित घोटाळे होतात हे जरी खरे असले तरी नॉस्ट्राडेमस वेगवेगळ्या लोकांमधून शायरन् बाबत जे विखुरलेले उल्लेख करतो त्यावरून येऊ पाहाणाऱ्या ३ऱ्या जागतिक युध्दकालातील क्षितिजावर नव्याने उगवणारा पण आज जगाला अज्ञात असलेला जगज्जेता कोण असेल, कुठचा असेल याबाबत सुसंगत तर्ककरायला अडचण पडू नये.

पृष्ठसंख्येचे बंधन लक्षात घेऊन आतापर्यंत नॉस्ट्राडेमसच्या श्लोकांचे 'शतक अमुक व श्लोक क्रमांक अमुक' एवढाच निर्देश करून त्याने वर्तविलेल्या भाकितांचा मागोवा घेत घेत गूढार्थाची उकल केली. परंतु, आता यापुढे महान् शायरनच्या कर्तृत्वाचा प्रकाश पाडणाऱ्या भाकितांबद्दलचे लेखन, नुसतेच शतक 'श्लोक' क्रमांक अशा संदर्भात न देता, आवश्यक तेवढे मूळ श्लोक, जसेच्या तसे, उध्दृत केल्याशिवाय वाचकांचेही समाधान होणार नाही म्हणून ते प्रसिध्द करण्याचे योजिले आहे. मूळ फ्रेंच भाषेतील श्लोक देणे अशक्य नाही. तरी ती भाषा अत्यल्प लोकांना समजणारी असल्याने त्या श्लोकांचे इंग्जीत भाषांतर उध्दृत केले जाईल. त्यावरून नॉस्ट्राडेमसच्या एकेका विधानाचे निरुपण करणे सोपे होईल.

...(44)...

यापूर्वीच्या २ ऱ्या प्रकरणांत नॉस्ट्राडेमसचा जीवनवृतांत देतांना, त्याने गूढ भाषेत भविष्यकथन कसे केले आहे त्याचे उदाहरण म्हणून, 'सेंच्युरी' च्या शतक ४ श्लोक १४ चा पूर्वार्ध मूळ फ्रेंच व त्याचेच इंग्रजीत रुपांतरित भाग उध्दृत करून त्याबद्दल विवरण केले. तिसरे प्रकरण नॉस्ट्राडेमसच्या तंतोतंत खऱ्या झालेल्या भाकितांची ओळख वाचकांना व्हावी म्हणून लिहीले, त्यात पुन्हा वरील शतका-श्लोकाच्या आधारे भारताच्या 'डॉमिनंट प्रिमिअर' कै. इंदिरा गांधी यांच्या अकस्मात (इंग्रजी शब्द आहे Sudden) हत्येने 'भारत' सर्वश्रेष्ठ हिंदुराष्ट्र घडविण्याच्या संभाव्य दोन बदलांचा उल्लेख केला तो असा- इंदिराजींचे पुत्र राजीव गांधी हे पंतप्रधान होतील (श्लोकातील शब्द shall cause change) हा पहिला बदल तर, वरील शब्दांपाठोपाठ त्याच श्लोकात आलेल्या 'and put another in the reign soon' या अधोरेखित शब्दांनी ध्वनित होणारे राजीव गांधींच्या पाठोपाठ २० व्या शतकाचा अस्त होण्याचे काळी उगवणारे दुसरे सत्ताधारी म्हणजेच नॉस्ट्राडेमसना अभिप्रेत असलेला 'शायरन' असेल हे सुसंगत वाटते. हेन्री सी. रॉबर्टस् नामक नॉस्ट्राडेमसचे एक प्रसिध्द भाष्यकार आहेत. यांनीही वरील विधान उचलून धरले आहे.

नॉस्ट्राडेमस येवढ्यावरच थांबत नाही तर जिश्वनेत्याबद्दल आणखी काही महत्त्वाच्या खुणा दाखवतो.

शतक ५ श्लोक ४१ मध्ये नॉस्ट्राडेमसने स्पष्टच सांगितले आहे की, रात्री अंधाऱ्या वेळी (त्यांचे शब्द आहेत - Noctural time) 'तो' जन्माला येईल. तो सर्वभौम असेल आणि औदार्यात त्याच्याशी कुणीही बरोबरी करू शकणार नाही. तो आपल्या सनातन धर्माचे पुनरुज्जीवन करील आणि या अवनीतलावर सुवर्णयुग आणील!

'अंधाऱ्या वेळी' या शब्दाचे अनेक अर्थ संभवतात. पैकी एक म्हणजे श्रीकृष्णाच्या जन्माचे वेळेप्रमाणे 'तो' शायरन रात्रीच केवळ नव्हे तर अमावास्येच्या अंधाःकारमय रात्रीहि जन्म पावला असेल! दुसरा असाही अर्थ होऊ शकतो की, भोवतालचे जगात जेव्हा त्या जगास 'अंधार-युग' म्हणण्याइतकी काळ्या कृत्यांची बेबंदशाही माजली असेल तशा भयंकर कालावधीत 'शायरन'ने या जगात पदार्पण केले असावे. तिसराही अर्थ या 'रात्री'च्या उल्लेखाला चिकटवला जातो, तो म्हणजे, या अवनीतलावर चालू असलेल्या 'जगा'मध्ये आणीबाणी जाहीर होऊन (उदा. २ ऱ्या महायुध्दाचे वेळी जशी अंमलात होती तशी) ब्लॅक आऊट असेल तेव्हा जन्माला आलेले हे मूल असावे! या सर्व लेखनाचा इतकाच इत्यर्थ निघतो की आगामी महासंहारक तिसऱ्या महायुध्दात अमेरिका-रशियाच्या युतिसह 'शायरन' ही तिसरी भारतीय शक्ती महान कार्य करील. आज ती अज्ञात असली तरी ती व्यक्ती आजच्या जगात वावरत असेल. अमावस्येसारख्या कुठल्या तरी अंधेऱ्या रात्री जन्म घेतलेली व आगामी महान नेता ठरणारी ही व्यक्ती तरुण १६ते२०-२५ वर्षांची तरी असेल किंवा पन्नाशीसाठी गाठलेली अनुभवी ध्येयैकशरण प्रौढ व्यक्तीही असू शकेल; यापेक्षा शायरनच्या वयावर प्रकाश पाडणारा उल्लेख नॉस्ट्राडेमसने कुठे केल्याचे आढळत नाही.

...(45)...

नाही म्हणायला नॉस्ट्राडेमस हे मात्र नमुद करतो की या नेत्याच्या नेतृत्वाखाली भारत हा जगातील सर्व-श्रेष्ठ देश बनेल. इतकेच नव्हे तर दूरवर पसरलेले हिंदूंचे साम्राज्य नव्याने आकारास येईल.

शतक १, श्लोक ५० मध्ये त्या पुरुषाचा पुन्हा उल्लेख आढळतो तो असा-

'From Peninsula of three seas will be born one who will make Thursday his day of worship. His fame praise and rule will form mighty by land, sea. There will be a tempest of India.'

तीन सागरांनी बनलेल्या व्यापक द्वीपकल्पात तो जन्म घेईल; त्याचा गुरुवार हा प्रार्थनेचा दिवस असेल. त्याची कीर्ति त्रिखंडात पसरेल. त्याचे सामर्थ्य इतके प्रभावी असेल की त्याच्या आक्रमक घोडदौडीमुळे उत्पन्न झालेल्या त्याच्या प्रभावाने वादळी वातावरण उत्पन्न होईल. द्वीपकल्प, गुरुवार प्रार्थनेचा दिवस (या संदर्भात असेही म्हटले गेले आहे की शायरनचा विश्रांती घेण्याचा दिवस सोमवार असेल). या तिन्ही लाक्षणिक शब्दांद्वारे नॉस्ट्राडेमसला काय सुचवायचे असावे त्याबद्दल यापूर्वीच्या प्रकरणांतून स्पष्टीकरण केलेच आहे. या सर्वांचा निःसंदिग्धपणे आशय स्पष्ट होतो तो हा की शायरन हा महान नेता भारतात जन्मलेला हिंदू नेताच असेल.

वरील भाकिताला दुजोरा देणारे भाष्य नॉस्ट्राडेमसने स्वतःच शतक ५, श्लोक २५ मध्ये केले आहे तेच पहा ना -

The Arab Primer, Mars, Sol, Venus, Leo,Rule of Church will surrender to the sea towards Persia, close to a million, True serpent power invade Turkey and Egypt.'

मागे उल्लेख केलेल्या हेन्री रॉबर्टस्ने याही श्लोकाखाली, आपल्या पुस्तकात टीप दिली आहे की -

'Christian Ideal will be overcome by Oriental Ideology where serpent meaning 'True serpent.....'

(म्हणजेच कुंडलिनी शक्ति धारण करणारी व्यक्ति). नॉस्ट्राडेमस भविष्याचा वेध घेऊन, वरील श्लोकात स्वच्छपणे सांगून टाकतो की सागराच्या नावाचा धर्म ज्याचा आहे (म्हणजेच हिंदी महासागर त्या अनुषंगाने हिंदुधर्म-तथा हिंदुस्थान!) - कुठल्यातरि प्रादेशिक भूमीकडे अंगुली निर्देश करण्याकरिता असा उल्लेख कुठल्याही भौगोलिक वाङ्मयात आढळत नाही-तो ज्याचा आहे त्याच्या पुढाकाराने युरोपमधील नव्हेत तर ख्रिश्चन व यावनी संस्कृतीचा खातमा केला जाईल. त्यांची सारी केन्द्रे ज्या ज्या राष्ट्रात विखुरलेली आहेत ती राष्ट्रेही पादाक्रांत केली जातील. इतर, कोणत्याही धर्मात ज्याप्रमाणे गुरुवार हा प्रार्थनेचा दिवस म्हणून पाळला जात नाही त्याचप्रमाणे कुंडलिनी शक्ति कुणाही बिगर हिंदूला ज्ञात नाही. हिंदूंचे ते खास शक्तिस्थान आहे, ते हिंदुच इजिप्त, तुर्कस्तान इत्यादी मध्यपूर्वेत असलेल्या सत्ताधाऱ्यांना दूर फेकून तिथे हिंदु संस्कृति केवळ नांदू लागेल असे नाही तर तिचा अम्मल सुखेनैव चालू राहील.

...(46)...

वरील भाकितावर आणखी झगझगीत प्रकाश टाकणारे भाकीत नॉस्ट्राडेमसने शतक १०, श्लोक ९६ मध्ये प्रसिध्द केले आहे ते असे - ' Religion of the name of sea will against the sect of Caliphs of the Moon vanquish. The deplorably obstinate sect shall br afraid of wounded by Alef and Alef.'

फ्रेंच द्रष्टया ज्योतिषवर्याने केलेले वरील भविष्य फार महत्त्वाचे आहे. कारण, यात जास्तच स्पष्टपणे सांगितले आहे की समुद्राचे (तथा हिंदी महासागराचे) नाव असलेला देश - हिंदुस्थान - खलिफाच्या प्रशंसित पंथाचा नाश करील. वरच्या श्लोकातील २ ऱ्या ओळीतील Sect हा शब्द महत्त्वाचा व नॉस्ट्राडेमसच्या मार्मिक शब्दयोजनांचा निदर्शक आहे. त्या शब्दाचा एक अर्थ जसा 'पंथ' होऊ शकतो तसाच तो शब्द फ्रेंच भाषेत वापरला जातो तो 'श्रध्दा' या अर्थाने। या दृष्टीने या काव्यपंक्तीचा अर्थ लावावयाचा तर समुद्राचे नाव असलेल्यांची श्रध्दा तथा धर्म, हा सद्धर्म ठ जे तर खलिफा प्रशंसित धर्म ही केवळ अंधश्रध्दा आहे. या वाक्याचा आणखी स्पष्टार्थ करायचा तर नॉस्ट्राडेमसला हिंदू हा 'धर्म' तर इस्लामला तो अंधश्रध्दा म्हणून अभिप्रेत आहे. Obstinate हे विशेषण खलिफाच्या पंथाला लावून नॉस्ट्राडेमसने हेही आडपडदा न ठेवता सांगून टाकले आहे की, 'खलिफ-प्रशंसित पंथ अपरिवर्तनशील, अतिरेकी आहे!'

या पूर्वीच्या प्रकरणात 'शायरन' म्हणून आयातुल्ला खोमेनीबद्दल लिहितांना सध्या जगभर चालू असलेल्या रश्दींच्या 'सॅटॅनिक व्हर्सेस' या कादंबरीवरून उसळलेल्या सैतानी उद्रेकाचा उल्लेख केलाच आहे. त्याला आणखी दुजोरा देणारी बातमी नुकतीच वाचण्यात आली, तीही या संदर्भात बरेच काही सांगून जाते असे वाटते म्हणून येथे तिचा उल्लेख करतो - पॅरिसहून आलेली ही सत्यकथा आहे. प्रसिध्द फ्रेंच गायिका व्हेरोनिक सान्सॉ, आपल्या कार्यक्रमात 'अल्ला' हे गीत सादर करीत असे. (म. गांधी ज्याप्रमाणे त्यांच्या रामनामात - 'ईश्वर अल्ला तेरे नाम' असे खादीचे ठिगळ लावून म्हणत त्याप्रमाणे!) परंतु, गीत - गायकाला ठार मारू अशी धमकी त्यांना देण्यात आल्यावर त्यांनी ते गीत न गाण्याचे ठरविले. नभोवाणीवरील एका मुलाखतीत ही माहिती देऊन पुढे स्पष्टीकरणही केले की, 'वास्तविक या गीतात इस्लामचा अवमान करणारे काहीही नाही, ती एक प्रार्थना आहे. पण 'ज्ञानलव दुर्विदग्धं ब्रह्मापि नरं न रंजयति।।' हे जास्त अनुभवसिध्द वाक्य कुणाच्या खिजगणतीत आहे?

मुस्लिम धर्माच्या तत्त्वांना खोमेनीसारखे धर्मांध त्यांना अभिप्रेत असलेला वेगळाच रंग देण्याचा प्रयत्न करीत असतात. त्यामुळे होते काय तर काही मुस्लिम मूळ ग्रंथ न वाचताच विनाकारण कडवे धर्मांध बनत चाललेले आहेत. मशिदीमध्ये ठिय्या मारून बसलेले मुल्ला - मौलवी नि इमाम आपापले राजकारण पुढे रेटण्याचे मनसुबे उभारण्यात मश्गूल झाले आहेत. भारतीय शिक्षण यंत्रणेतून इस्लाम विरोधी (हेही त्यांनीच ठरवायचे) सारे उल्लेख काढून टाकावेत, पाठ्यपुस्तकांचे शुध्दीकरण (!) केले

...(47)...

जावे अशी मागणी करायला सुरुवात झाली आहे. या सर्वांची परिणती कशात होईल हे सांगणे आतापर्यंतच्या अतिरेकी अनुभवावरून जाणता येण्यासारखे असले तरी ज्या वेगाने १९९९ चा झंझावात समीप येत आहे त्या वेगाशी सुसंगत असा अत्याचारांचा नेहमी उसळणारा डोंब लक्षात आला की हीच जागतिक आगामी तिसऱ्या महायुध्दाची नांदी ठरण्याची शक्यता नाकारता येणार नाही.

१७ व्या शतकात ज्याप्रमाणे मुसलमानांच्या अत्याचारांनी हिंदुस्तानांत मर्यादा गाठली, तेव्हा मूठभर मावळ्यांना एकत्र करून परिस्थितीशी मुकाबला करणे अपरिहार्य झाले.

तेव्हा बाल शिवरायांनी विजापूर सोडून पुण्याच्या आपल्या जहागिरीत राहायला सुरुवात केली व आपल्या सवंगड्यांसह करंगळीचे बोट कापून श्रीशंकरावर (रोहिडेश्वर?) रक्ताचा अभिषेक करून स्वराज्याची मुहूर्तमेढ रोवली. हाताशी असलेले सीमित मनुष्यबळ, युध्दमान शस्त्रांचा तुटवडा, अर्धपोटी जेवण, आणि एकंदर समाजावर मुसलमानी अंमलाची खोलवर रुजलेली दहशत व त्यामुळे रुळलेली अगतिकता यामुळे गनिमी काव्याने या सत्तेशी दोन हात करावे लागले. पारतंत्र्याचा एक अवश्यमेव भाग असा असतो की त्याविरुध्द प्रथम उठाव करणाराला नामोहरम करणे, घरच्यापेक्षा बाहेरचा सत्ताधारी आपलासा वाटणे। घरभेदीपणा सत्कर्माचा रंग घेतो. प्रत्येक कृतीला धर्मांधता म्हणण्यात येते, जातीयतेचा छाप मारला जातो. सूर्याजी पिसाळाची अवलाद उत्तम होऊन फंद - फितुरी वाढते - या सर्वांवर मात करून शिवरायांनी राजगडावर तोरण बांधून, राज्याभिषेक करविला तेव्हाच भूषण कवींनी त्यांचा गौरव केला तो या शब्दांनी - 'शिवाजी न होता तो सब की होती सुन्ता'. इतिहासाची पुनरावृत्ती होत असते असे म्हणतात त्यानुसार आजही शायरनच्या नेतृत्त्वाने हिंदुत्वाची ढाली फिरवण्याची नेमकी वेळ आली आहे. शिवरायांनी अनुसरलेला मार्ग धर्मांधतेचा नव्हता तर 'स्वत्व' टिकविण्याचा होता. त्याकरिता प्राणांची बाजी लावून मराठमोळ्यांनी लढा दिला होता. ती स्फूर्ति नंतर १९ व्या शतकापर्यंत कार्यरत होती. मराठ्यांचा भगवा जरिपटका अटकेपार लागला, दिल्लीचे तक्त फोडून आपल्या शौर्याची मुद्रा भारतभर पसरलेल्या भारतीयावर उमटवली. एवढी मर्दुमकी असूनही दिल्लीच्या सिंहासनावर - तक्तावर - शेवटपर्यंत 'मराठा' न बसविता, मोगल बादशाहीच चालू राहिली. हे विषयांतर एवढ्यासाठीच केले की हिंदूंची युध्दप्रवीणता ते सत्ताधीश होण्याइतकी बलशाली असूनही, त्यांच्या विशिष्ट मानसिक ठेवणीनुसार ते आक्रमक सत्ताधारी केव्हाच झाले नाहीत हे स्पष्ट व्हावे!

भारतीय हिंदू हे निसर्गतः व त्यांना मिळालेल्या धार्मिक व अध्यात्मिक वारसानुसार प्रवृत्तीने सौम्य प्रकृतीचे आहेत, आक्रमक नाहीत. परंतु, या आधी उध्दृत केलेल्या नॉस्ट्राडेमसच्या शतक १, श्लोक ५० प्रमाणे, 'शायरन' हा हिंदू नेता अखिल हिंदुविश्वाला जागृति आणून स्वतःच्या जादळी व्यक्तिमत्वाने, आपल्या भूमि नि सागरी सामर्थ्याचे दर्शन घडविणार आहे. अजिंक्य हिंदुनेता ही आपली प्रतिमा सर्व

[illegible]

भारत [illegible] क्षितीजावर उगवणार आहे. [illegible] बदल घडणार आहे तो नॉस्ट्राडेमसच्या [illegible] [illegible] [illegible] [illegible] हा [illegible] बदल घडणार आहे. त्यातून नवीन जो [illegible] आहे तो म्हणजे हिंदुस्थान हा सर्वश्रेष्ठ देश होणार आहे. आज विकसित शतके न [illegible], दुर्दैवाने झालेले हिंदुंचे साम्राज्य [illegible] आहे.

आजच्या विज्ञानयुगात अणुशास्त्राचा जो [illegible] चालू आहे, [illegible] अणु-अस्त्रे [illegible] या [illegible] [illegible] सर्व आगमन चालू आहे त्यावरून आगामी [illegible] [illegible] [illegible] होत आहे. संयुक्त राष्ट्रसंघातर्फे तज्ज्ञांनी केलेल्या अभ्यासानंतर जो अहवाल प्रसिद्ध झाला आहे त्यावरून निःसंदिग्ध शब्दात मनुष्य ने सांगितले आहे की, आगामी युद्ध हे अणुयुद्ध [illegible] आणि आज, त्या दृष्टीने जी [illegible] [illegible] आहेत त्यानुसार [illegible] हे महायुद्ध अणुयुद्धच होणार याबद्दल दुमत होण्याचा [illegible] नाही. [illegible] परिणाम प्रचंड मनुष्यहानी, उद्ध्वस्त झालेले देश, [illegible] झालेली [illegible] व शेती या दृष्यांनी दिसतील हे [illegible] खरेच, पण त्याहीपेक्षा त्याचे जे [illegible] परिणाम [illegible] कालपर्यंत [illegible] [illegible] भयंकर स्वरूपाचे असतील.

या अणुयुद्धाने जगातील [illegible] बदल होईल. [illegible] गोलार्धातील शहरांवर अणुबॉम्ब किंवा [illegible] [illegible] [illegible] होईल, आणि उत्तर गोलार्धातील मोठ्या शहरांवर [illegible] [illegible] होण्याचा संभव जास्त. [illegible] गोलार्धातील [illegible] शून्य [illegible] सेंटिग्रेडच्या खाली जाईल. सूर्यप्रकाश पुरेसा मिळणार नाही. [illegible] [illegible]. त्यामुळे शेती, [illegible] [illegible] [illegible] होण्यावर [illegible] परिणाम होईल. ओझोनचा संरक्षक थर [illegible] [illegible] आहे, [illegible] [illegible] [illegible] [illegible] आहे तो संरक्षक थरही अणुयुद्धाने [illegible] [illegible] [illegible] [illegible] किरण [illegible] [illegible] प्रमाण [illegible] होईल.

नॉस्ट्राडेमसला हे सर्व [illegible] [illegible] '[illegible]' [illegible] त्याने केलेल्या [illegible] आधारे तो [illegible] की, या [illegible] महायुद्धात अनेक तथाकथित प्रगत देश [illegible] होतील. [illegible] त्यातून [illegible] टिकून राहील, हिंदुस्थान - म्हणजे [illegible] - आणि त्या देशात जन्मलेला [illegible] नेता, [illegible] [illegible] [illegible] [illegible] अनेक

[illegible], श्री [illegible] परमहंस यांचे एक फ्रेंच भक्त रोनबोर्ट नामक लेखक आहेत. [illegible] [illegible] [illegible] [illegible] ते श्री रामकृष्णांचे शब्द उद्धृत करून म्हटले आहे की रामकृष्णांनी [illegible] [illegible] [illegible] नॉस्ट्राडेमसच्या भाकिताला पुष्टीच देते. भगवान रामकृष्ण परमहंस [illegible] [illegible] की [illegible] 'पुढचा जन्म भारताच्या वायव्येला होईल' हेच दुसऱ्या भाषेत विशद करून [illegible] तर परमहंस [illegible] हिंदु संत म्हणून पुनः जन्म [illegible] [illegible] हिंदुत्वाचे पुनरुत्थान होईल. '[illegible]' आदि [illegible] [illegible] [illegible] [illegible] [illegible], [illegible] जीवनपद्धतीचा स्वीकार करील [illegible] [illegible] [illegible] [illegible] [illegible] [illegible] दुसरी जीवनपद्धतीच नाही. तशिवा,

...(74)...

हिंदु संस्कृति, धर्म, व त्यांचे राष्ट्रप्रेम याबद्दल, नॉस्ट्राडेमस स्वतः ज्यू वा ख्रिश्चन असूनहि, जे उत्कटतेने उद्गार काढतो, ते त्याला काही आंतरिक साक्षात्कार झाल्यामुळें काढीत असावा असे वाटण्याइतके खणखणीत आहेत. भारतांतील हिंदु हे खरे हिंदुस्तानचे रहिवासी, भारतांतील मुस्लिम हे घुसखोर तरी किंवा बाटगे मुसलमान, त्यामुळें त्यांना, नॉस्ट्राडेमस, राष्ट्रद्रोही. म्हणतो. हिंदु धर्माशिवाय हिंदुस्तान अशक्य, आणि हिंदुस्तानचीं हिंदु संस्कृतीहि अशक्यच! आगामी प्रलयंकारी युद्धांतून जगाला नवा प्रकाश देणारा जगज्जेता म्हणून हिंदूच नेता असेल याबद्दल 'नॉस्ट्राडेमस' ठाम आहे!

# यथार्थ ज्ञान प्रकाशका विषयमा

## परमेश्वरको बिषयमा शास्त्रहरूले के भनेका छन् ?

प्रभु, स्वामी, ईश, राम, खुदा, अल्लाह, रब, मालिक, साहेब, देव, भगवान, गड यी सबै भिन्न भिन्न भाषामा बोलिने र लेखिने सबै शक्तिबोधक शब्द हुन्।

प्रभुको महिमाबाट प्रत्येक प्राणी प्रभावित भएकाले परम सुखदायक र कष्ट निवारक कुनै शक्ति छ भन्ने महसुस गर्छन्। त्यो को हो? कस्तो छ? कहाँ छ? कसरी भेटिन्छ? यी प्रश्नवाचक चिन्ह अहिलेसम्म पूर्णतया हटि सकेका छैनन्। यस पुस्तकले पूर्णरूपमा यो शङ्काको निवारण गर्ने छ।

जोसित अन्धालाई आँखा, लाटोलाई आवाज, बहिरालाई कानको श्रवणशक्ति, बाँझोलाई सन्तान, निर्धनलाई धन, रोगीलाई स्वास्थ्य प्रदान गर्ने शक्ति छ; जसको दर्शन हुँदा मात्र पनि अति आनन्द हुन्छ; जो सम्पूर्ण ब्रम्हाण्डका सृष्टिकर्ता, पूर्ण शान्तिदायक, जगतगुरू र सर्वज्ञ हुन्; जसको आज्ञाबिना पात पनि हल्लिँदैन, अर्थात् सर्वशक्तिमान जसका लागि केही असम्भव छैन। वास्तवमा यस्तो गुण भएकालाई नै प्रभु (स्वामी, ईश, राम, भगवान, खुदा, अल्लाह, रहिम, मालिक, रब, गड) भनिन्छ।

यहाँ एउटा विशेष विचारणीय कुरा के छ भने कुनै पनि शक्तिको ज्ञान कुनै शास्त्रबाट नै हुन्छ। त्यही शास्त्रको आधारमा गुरुहरूले आफ्ना अनुयायीहरूलाई मार्ग निर्देशन गर्छन्। चारै वेद (ऋग्वेद, सामवेद, यर्जुवेद र अथर्वेद), श्रीमद्भगवत गीता, श्रीमद् भागवत सुधासागर, अठार पुराण, महाभारत, बाईबल, कुरान आदि तिनै प्रमाणित पवित्र शास्त्रहरु हुन्। चारै वेदलाई स्वयं पूर्ण परमात्माको आदेश अनुसार ज्योति निरञ्जन (काल) ले समुद्रभित्र आफ्नो स्वासद्वारा गोप्यरूपमा लुकाए र पहिलो पटक सागर मन्थन गर्दा ब्रह्मा जी (क्षर पुरूषको जेठो छोरो) ले प्राप्त गरे। ब्रह्मा जीले त्यो पढेर आफूले जुन रूपमा बुझे त्यही आधारमा आफ्ना वंश (ऋषि) हरु मार्फत् संसारमा ज्ञानको प्रचार गराए। पूर्ण परमात्माले ब्रह्म (काल) लाई दिनु भएको पाँचौ स्वसम (सूक्ष्म) वेदलाई ज्योति निरञ्जनले आफूसँगै लुकाएर राखे र नष्ट गरि दिए।

केही समय उपरान्त अर्थात् एक कल्प (एक हजार चतुर्युग) पछि तीन लोक (पृथ्वी, स्वर्ग र पाताल लोक) का सम्पूर्ण प्राणी प्रलय (विनाश) हुन्छन्। अनि ज्योति निरञ्जन (काल) को निर्देशनमा ब्रह्माको रात समाप्त भएर दिन प्रारम्भ हुँदा (ब्रह्माको एक रात एक हजार चतुर्युगको हुन्छ र एक दिन पनि त्यत्तिनै हुन्छ) ब्रह्माले रजोगुणले प्रभावित पारेर तीनै लोकमा प्राणीहरूको उत्पत्ति सुरू गर्छन्।

अनि सत्ययुगको सुरूमा काल (ब्रह्म) ले ब्रह्मालाई चारै वेद पुनः प्रदान गर्छन् र फेरि प्राकृतिक उथल-पुथलका कारण चारै पवित्र वेदको ज्ञान समाप्त हुन्छ। त्यसपछि फेरि समयानुसार अन्य ऋषिहरूमा प्रवेश गरेर पुनः लेखाउँछन्। फेरि पनि समय अनुसार प्राकृतिक उथल-पुथलपछि स्वार्थी मानिसहरूले वेदमा परिवर्तन गरेर

वास्तविक ज्ञानलाई संसारबाट लुप्त (लोप) गराउँछन्। तिनै काल (ब्रह्म) ले महाभारत युद्धको बेलामा श्री कृष्णमा प्रवेश गरेर चारै वेदको सङ्क्षिप्त विवरण श्रीमद्भगवत गीताका रूपमा दिँदै भनेका थिए,– अर्जुन मैले यो ज्ञान पहिला सूर्यलाई, उनले आफ्नो छोरा वैवश्वत् अर्थात् मनु र वैवश्वत्ले आफ्नो छोरा इक्ष्वाकुलाई बताएका थिए तर बीचमा यो उत्तम ज्ञान समाप्त जस्तै भएको थियो।

यस काल (ब्रह्म/ज्योति निरञ्जन) ले श्री वेदव्यास ऋषिको शरीरमा प्रवेश गरेर आज सबैका सामु उपलब्ध चारै वेद, महाभारत, अठार पुराण, श्रीमद्भगवत गीता र श्री सुधासागर पुनः लिपिबद्ध (संस्कृत भाषामा) गराए। अहिले यी सबै उत्तम शास्त्रहरूमा कलियुगी ऋषिहरूले भाषा-भाष्य अर्थात् अनुवाद गर्दा आफ्ना विचारहरु मिसाउने कोशिस गरेका छन्। ती अनुवाद स्पष्ट रूपमा गलत छन् र मूल व्याख्यासँग मेल खाँदैनन्। यी सबै शास्त्रहरु महर्षि व्यास जीले लगभग ५३०० (पाँच हजार तीन सय) वर्ष पहिले पुनर्लेखन गर्दा त्यस समय हिन्दू, इसाई, मुसलमान, सिख आदि कुनै पनि धर्म थिएनन्। वेदहरु मान्ने आर्य मात्र थिए। कर्मका आधारमा जाति हुन्थे र चार वर्ण (क्षेत्री, वैश्य, ब्राह्मण र शुद्र) मात्र थिए।

यसबाट यो प्रमाणित हुन्छ कि यी सम्पूर्ण शास्त्रहरु कुनै धर्म या व्यक्ति विशेषका लागि होइनन्। यी त मानव मात्रको कल्याणका लागि हुन्। त्यस्तै, हाम्रा पूर्वज पनि एउटै थिए। जसको संस्कार आपसमा मिल्दाजुल्दा थिए।

सबैभन्दा पहिला पवित्र शास्त्र गीता जी सम्बन्धमा विचार गरौं।

## पवित्र गीता जीको ज्ञान कसले भनेका हुन् ?

महाभारतको युद्ध भइ रहेको समयमा नै पवित्र गीता जीको ज्ञान भनिएको थियो। अजुर्नले युद्ध गर्न अस्वीकार गरेका थिए। युद्ध किन भइ रहेको थियो ? यो दुई परिवारको सम्पत्ति वितरणको विषय भएकाले यस युद्धलाई धर्मयुद्धको संज्ञा पनि दिन सकिँदैन। कौरवहरु र पाण्डवहरूको सम्पति बाँडफाँड हुन सकि रहेका थिएन। कौरवहरूले पाण्डवहरूलाई आधा राज्य दिन पनि चाहदैनथे। दुवै पक्षको बचाउका लागि प्रभु श्री कृष्ण जी तीनपटक शान्तिदूतका रूपमा गए पनि दुवै पक्षले आ-आफ्नो अडान छोडेनन्। श्री कृष्ण जीले युद्धबाट हुने हानीबारे परिचित गराउँदै कैयौं दिदी-बहिनी विधवा तथा अनगिन्ती बालबालिकाहरु अनाथ हुने छन् र युद्धबाट महापापका अतिरिक्त केही प्राप्त हुने छैन, युद्धमा के थाहा को को मर्छन्, को को बाँच्छन् भनेर धेरै सम्झाएका थिए। श्री कृष्ण जी तेस्रो पटक सम्झौता गराउन जाँदा दुवै पक्षले आ-आफ्नो पक्षमा यति यति राजा छन् भनी सेना सहितको सूचिपत्र देखाए। श्री कृष्ण जीले दुवै पक्ष आ-आफ्नो अडानबाट अलिकति पनि पछि नहटी युद्धका लागि तयार भएको देखेपछि आज एउटा जुक्ति अर्को पनि उपयोग गर्छु भन्ने विचार गरे। कहीँ पाण्डवहरु मेरा नातेदार भएकोले श्री कृष्ण हाम्रा साथमा छँदै छन्, त्यसैले विजय हाम्रै हुन्छ भन्ने ठानेर आफ्नो जिद्दीमा अडिग भएका त होइनन् भनी श्री कृष्ण जीले सोचे (श्री कृष्णकी बहिनी सुभद्राको विवाह अर्जुनसँग भएको थियो)।

त्यसपछि कृष्णले एकातर्फ मेरा सम्पूर्ण सेना र अर्कोतर्फ म हुने छु, र म हतियार नउठाउने कुरामा वचनबद्ध पनि हुन्छु भने। यस घोषणाले पाण्डवहरूको पैताला मुनिको जमिन भासियो। उनीहरु अब हाम्रो हार निश्चित छ भन्ने सोचेर हामी केही विचार गर्छौं भनी सभाबाट बाहिरिए र केही समयपछि श्री कृष्णलाई पनि बाहिर आउन अनुरोध गरे। श्री कृष्ण बाहिर आएपछि पाण्डवहरूले हे भगवान! हामीलाई पाँचवटा गाँउ दिलाइ दिनु होस्। हामी युद्ध चाहँदैनौं। हाम्रो इज्जत पनि रहने छ र हजुरले चाहे जस्तै युद्ध पनि टर्छ भने।

पाण्डवहरूको यो निर्णयबाट श्री कृष्ण धेरै खुशी भएर प्रतिकूल समय टऱ्यो भन्ने सोचे। सभामा कौरव र उनीहरूका समर्थकहरु मात्र थिए। श्री कृष्ण जीले दुर्योधनलाई युद्ध टऱ्यो, मेरो पनि त्यही हार्दिक इच्छा थियो, तपाईं पाण्डवहरूलाई पाँचवटा गाउँ दिनु होस्, उनीहरु पनि हामी युद्ध चाहँदैनौं भनि रहेछन् भनेर सुनाए। दुर्योधनले पाण्डवहरूका लागि सियोको टुप्पो बराबर पनि जमिन छैन यदि उनीहरूलाई जमिन चाहिन्छ भने युद्धका लागि कुरूक्षेत्रमा आऊन् भने। यो सुनेर श्री कृष्ण जीले रिसाएर तँ मानव होइनस् दानव होस् दुर्योधन, कहाँ आधी राज्य कहाँ पाँच गाउँ ? मेरो कुरा मान र पाँच गाउँ देऊ भने। श्री कृष्णसँग रूष्ट दुर्योधनले उनलाई समातेर कारागारमा हाल्न सभामा उपस्थित योद्धाहरूलाई आज्ञा दिए। आदेश पाउनासाथ योद्धाहरूले चारैतर्फबाट घेरा हाले पछि श्री कृष्ण जीले आफ्नो विराटरूप देखाए। जसकारणले सबै योद्धा र कौरवहरु डराएर कुर्सी मुनि लुके। श्री कृष्णको शरीरको तेज प्रकाशले उनीहरूका आँखा बन्द भए र उनी त्यहाँबाट निस्किए।

आउनु होस् विचार गरौं- उपरोक्त विराटरूप देखाएको प्रमाण गीता प्रेस गोरखपुरबाट प्रकाशित संक्षिप्त महाभारतमा प्रत्यक्ष छ। कुरूक्षेत्रको मैदानमा पवित्र गीता जीको ज्ञान सुनाउने बेलामा अध्याय ११ श्लोक ३२ मा पवित्र गीता भन्ने प्रभु भनि रहेका छन्,– अर्जुन म बढेको (विशाल) काल हूँ, अहिले सम्पूर्ण लोकलाई खानका लागि प्रकट भएको हुँ। यहाँ थोरै सोचौं श्री कृष्ण जी त पहिलेदेखि नै अर्जुनका साथमा थिए। यदि पवित्र गीता जीको ज्ञान श्री कृष्ण जीले भनेका हुन् भने म अहिले प्रकट भएको हुँ भन्ने थिएनन्। श्री कृष्ण जी काल थिएनन् बरू उनको दर्शन मात्रले मनुष्य, पशु (गाईवस्तु, आदि) खुशी भएर उनको नजिक आएर माया प्राप्त गर्थे। उनको दर्शन नपाए गोपिनीहरूले खान-पिउन नै छोड्थे। त्यसैले काल अर्को कुनै शक्ति हो। उनले श्री कृष्ण जीको शरीरमा प्रेतरूपमा प्रवेश गरेर पवित्र श्रीमद्‌भगवत गीता जीको ज्ञान स्वरूप चारै पवित्र वेदहरूको सार भनेर गए। उनका एक हजार हातहरु छन्। श्री कृष्ण जी त श्री विष्णु जीका अवतार थिए, जसका चार हातहरू मात्र छन्। फेरि, अध्याय ११ श्लोक २१ र ४६ मा अर्जुन भनि रहेका छन्,– हे भगवान! हजुरले त पवित्र वेदका मन्त्रले हजुरकै गुणगान गरि रहेका र आफ्नो जीवन रक्षाका लागि मङ्गल कामना गरि रहेका ऋषिहरु, देवताहरु तथा सिद्ध पुरूषहरूलाई पनि खाइ रहनु भएको छ। केही हजुरको दाह्रीमा झुण्डि रहेछन् भने केही हजुरका मुखभित्र पसि रहेछन्। हे सहस्र बाहु अर्थात् हजार हात भएका

भगवान! हजुर आफ्नै त्यही चर्तुभुज रूपमा आउनु होस्। म हजुरको विकरालरूप देखेर धैर्य धारण गर्न सकि रहेको छैन।

अध्याय ११ श्लोक ४७ मा पवित्र गीता भन्ने प्रभु काल भनि रहेछन्,– हे अर्जुन! यो मेरो वास्तविक काल रूप हो, जुन तिमी बाहेक पहिला कसैले पनि देखेको छैन।

उपरोक्त विवरणबाट श्री कृष्णले कौरवको सभामा विराटरूप देखाएका थिए र युद्ध मैदानमा चाहिँ विराटरूप काल (श्री कृष्ण जीको शरीरमा प्रेतरूपमा प्रवेश गरेर आफ्नो विराट रूप काल) ले देखाएका थिए भन्ने तथ्य सिद्ध हुन्छ। नभए यो विराटरूप तिमी बाहेक पहिले कसैले पनि देखेको छैन भन्ने थिएनन् किनकि श्री कृष्ण जीले आफ्नो विराटरूप त कौरवको सभामा पहिले नै देखाइ सकेका थिए।

यसबाट पवित्र गीता भन्ने श्री कृष्ण नभएर काल (ब्रह्म, ज्योति निरञ्जन) हुन् भन्ने कुरा पनि सिद्ध भयो किनकि श्री कृष्ण जीले पहिले र पछि कहिल्यै म काल हुँ भनेनन्। श्री कृष्ण जी काल हुनै सक्दैनन्। उनको दर्शनका लागि टाढा-टाढाका महिला र पुरूषहरू छट्पटिन्थे।

नोट : विराटरूप भनेको के हो ?

विराट रूपः दिउँसो वा जुनेली रातमा तपाईंको शरीरको छाया सानो, लगभग शरीर जत्रो वा थोरै मात्र ठूलो भएको बेला तपाईंको छायाको छातीमा आँखाबाट आँशु झरे पनि दुई मिनेटसम्म एक टक लाएर हेर्नु होस्। त्यसपछि सामुन्ने आकाशतिर हेर्दा, आकाश छोएको तपाईंको आफ्नै सेतो रङ्को विराटरूप देखिन्छ। यसैगरी प्रत्येक मानिसको आफ्नो विराटरूप हुन्छ। भक्तिशक्ति धेरै हुनेको तेज पनि त्यति नै धेरै हुन्छ।

श्री कृष्ण जी पनि पूर्व भक्ति शक्तिले सिद्धियुक्त भएकाले आफ्नो विराटरूप प्रकट गरि दिए, जुन कालको तेजपूर्ण शरीर (विराट) भन्दा कम तेजयुक्त थियो। यसबाट पवित्र गीता जी भन्ने प्रभु काल सहस्रबाहु अर्थात् हजार हात भएका थिए भने श्री कृष्ण जी त श्री विष्णु जीका अवतार हुनाले चार हात मात्र भएका थिए भन्ने कुरा पनि सिद्ध हुन्छ। श्री विष्णु जी सोऱ्ह कलाले युक्त छन् भने श्री ज्योति निरन्जन काल भगवान एक हजार कलाले युक्त छन्। उदाहरणका लागि, बिजुलीको एउटा बल्ब (चिम) ६० वाटको छ, दोस्रो १०० वाटको छ र तेस्रो १००० वाटको छ, उज्यालो सबै बल्बको हुन्छ तर धेरै अन्तर हुन्छ। ठीक यसरी नै दुवै प्रभुहरूको शक्ति र विराटरूपको तेज फरक फरक थियो।

यो तत्त्वज्ञान प्राप्त हुनुभन्दा अगाडि गीता जीको ज्ञान सम्झाउने महात्माहरूलाई यो दास (रामपाल) ले यस्तो प्रश्न सोध्ने गर्थ्यो,– पहिला त भगवान श्री कृष्ण जी तीनपटक शान्तिदूत बनेर गएका थिए र युद्ध गर्नु महापाप हो भनेका थिए। श्री अर्जुन जीले स्वयं युद्ध गर्न अस्विकार गर्दै भनेका थिए,– हे देवकी नन्दन! म युद्ध गर्न चाहन्न। सामुन्ने उभिएका आफन्तहरु, नातागोताहरु तथा सैनिकहरूको

हुने विनाश देखेर मैले तीन लोकको राज्य प्राप्त भए पनि म युद्ध गर्दिनँ भनेर अटल फैसला गरेको हुँ । मेरो मृत्युले युद्धबाट हुने विनाश रोकिन्छ भने म जस्तो निःशस्त्रलाई दुर्योधन र अरूले बरू तीर हानेर मारे पनि मारून् भन्ने म चाहन्छु। हे श्री कृष्ण! म त युद्ध गर्नु भन्दा भिक्षाको अन्न खाएर नै जीवन निर्वाह गर्नु उचित सम्झन्छु। हे कृष्ण ! आफन्तहरूलाई मारेर त पापको नै भागिदार भइन्छ। मेरो बुद्धिले काम गर्न छोडि सकेको छ। हजुर हाम्रो गुरू हुनु हुन्छ, म हजुरको शिष्य हुँ। हाम्रो हितमा जे हुन्छ हजुरले त्यही सल्लाह दिनु होस्। तर हजुरको कुनै पनि सल्लाहले मलाई युद्ध गर्नका लागि राजी गराउन सक्छ जस्तो मलाई लाग्दैन अर्थात् म युद्ध गर्दिनँ। (प्रमाण पवित्र गीता जी अध्याय १ को श्लोक ३१ देखि ३९ सम्म र ४६ तथा अध्याय २ को श्लोक ५ देखि ८ सम्म)

अनि श्री कृष्ण जीमा प्रवेश गरेका काल बारम्बार अर्जुनलाई कायर नबन, युद्ध गर, युद्धमा मारिए स्वर्ग प्राप्त गर्ने छौ या युद्ध जितेर पृथ्वीको राज्य भोग्ने छौ आदि आदि भनेर यस्तो भयङ्कर विनाश गराए जुन आजसम्मका सन्त, महात्मा र सभ्य मानिसहरूको चरित्रभित्र खोज्दा पनि कहीँ पाइँदैन। त्यसबेला ती नादान गुरूहरु अर्जुनले क्षेत्री धर्म त्यागि रहेका र यसबाट क्षेत्रित्वको हानी र शुरवीरता सदाका लागि विनाश हुने भएकाले अर्जुनलाई क्षेत्रीय धर्म पालन गराउन नै श्री कृष्ण जीले महाभारतको युद्ध गराएका थिए भन्थे। म आफैंलाई पनि ज्ञान नभएकोले पहिले म उनीहरूको मूखर्तापूर्ण कहानी सुनेर चुप लाग्थेँ।

पुनर्विचार गरौं: भगवान श्री कृष्ण जी स्वयं क्षेत्री थिए। कंसबध उपरान्त श्री उग्रसेन जीले मथुराको बागडोर आफ्ना नाति श्री कृष्ण जीलाई सुम्पिए। एक दिन नारद जीले श्री कृष्ण जीलाई बताए,– नजिकैको एउटा गुफामा सिद्धियुक्त राक्षस राजा मुचकन्द सुतेका छन् जो ६ महिना सुत्छन् र ६ महिना जाग्छन्। जागेपछि ६ महिना युद्ध गर्छन्। तर सुतेको समयमा कसैले निन्द्रा भङ्ग गर्‍यो भने उसको आँखाबाट अग्निवाण निस्केर सामुन्ने भएको मान्छे तत्कालै मर्छ। त्यसैले सावधान रहनु होला भनी नारद जी त्यहाँबाट हिडे।

केही समयपछि श्री कृष्णलाई सानो उमेरमा मथुराको सिंहासनमा बसेको देखी काल्यवन नामक राजाले अठार करोड सेनाका साथमा मथुरामाथि आक्रमण गरे। श्री कृष्ण जीले ठूलो संङ्ख्यामा आएको शत्रुको सेना देखी अनगिन्ती सैनिकहरु मर्ने छन् भन्ने सोची काल्यवनको बध मुचकन्दबाट गराउने निश्चय गरी काल्यवनलाई युद्धका लागि चुनौति दिदै युद्ध छोडेर (क्षेत्रीय धर्म बिर्सी विनाश टार्ने सोचेर) भागे र मुचकन्द सुति रहेको गुफामा पसे। मुचकन्दको शरीरमा आफ्नो पिताम्बर ओढाएर उनी गुफाको भित्री भागमा गएर लुके। काल्यवन पनि उनको पछि पछि त्यस गुफामा पसे। मुचकन्दलाई श्री कृष्ण सम्झेर कायर लुकेर बस्छस्, तँलाई त्यसै कहाँ छोड्छु भन्दै मुचकन्दको खुट्टा समातेर बटार्न थाले। खुट्टा दुखेकोले मुचकन्दको निन्द्रा भङ्ग भयो। उसको आँखाबाट अग्निवाण निस्क्यो र काल्यवनको बध भयो। काल्यवनका सैनिक र मन्त्रीहरु आफ्नो राजाको लाश लिएर फर्किए किनकि युद्धमा राजाको मृत्यु

सेनाको हार मानिन्थ्यो। उनीहरु हामी छिटै नयाँ राजा नियुक्त गरेर पुनः युद्ध गर्न आउने छौं र कृष्णलाई छोड्ने छैनौं भन्दै गए।

श्री कृष्ण जीले आफ्नो मुख्य अभियन्ता (चिफ इन्जिनियर) श्री विश्वकर्मा जीलाई बोलाएर तीनतिर समुन्द्र र एउटामात्र बाटो भएको ठाउँ खोजेर अति शीघ्र एउटा द्वारिका (एउटा ढोका भएको) नगर बनाइ देऊ, हामी चाँडै यहाँबाट हिँड्नु पर्छ, यी मूर्खहरूले यहाँ ढुक्क भएर बाँच्न दिँदैनन् भने। यति स्वच्छ आत्मा तथा युद्ध विपक्षी श्री कृष्ण जीले युद्ध टार्नका लागि आफ्नो क्षेत्रित्वलाई समेत दाउमा राखे। के पुनः तिनै श्री कृष्ण जी आफ्ना प्यारा साथी र नातागोताहरूलाई युद्ध गर्नका लागि नराम्रो सल्लाह दिन सक्छन्? अनि आफैं युद्ध नगर्ने वचन दिनेले अरूलाई युद्धका लागि प्रेरित गर्न सक्छन्? कहिले पनि सक्दैनन्। भगवान श्री कृष्णका रूपमा श्री विष्णु जीले नै अवतार लिएर आएका थिए।

एक पटक श्री भृगु ऋषिले आरामसित बसेका भगवान श्री विष्णु जी (श्री कृष्ण जी) को छातीमा लात्तले हाने। श्री विष्णु जीले श्री भृगु जीको गोडा सुम्सुम्याउँदै हे ऋषिवर हजुरको सुकोमल गोडामा चोट त लागेन ? किनकि मेरो छाती त कठोर पत्थर जस्तो छ भने। यदि श्री विष्णु जी (श्री कृष्ण जी) युद्ध प्रिय भएका भए सुदर्शन चक्रले श्री भृगु जीलाई गन्नै नसकिने टुक्रा पारि दिन सक्थे।

वास्तविकता के हो भने एक्काईस ब्रह्माण्डका प्रभु काल भगवानले आफू सशरीर अर्थात् मानव सदृश आफ्नो वास्तविक रूपमा सबैका सामु नआउने प्रतिज्ञा गरेका छन्। उनैले सूक्ष्म शरीर बनाएर प्रेतरूपमा श्री कृष्ण जीको शरीरमा प्रवेश गरी पवित्र गीता जीको ज्ञान (वेदहरूको सार) त सही नै भने तर युद्ध गराउनका लागि उकास्न पनि कुनै कसर छाडेनन्। काल (ब्रह्म) को हुन् ? यो जान्नका लागि यसै पुस्तक "ज्ञान गंगा" को पृष्ठ २१ देखि ७४ सम्मको 'सृष्टि रचना' पढ्नु होस्।

महाभारतको युद्ध समाप्त नभएसम्म ज्योति निरञ्जन (काल ब्रह्म वा क्षर पुरूष) श्री कृष्ण जीको शरीरमा रहे तथा अश्वत्थामा मऱ्यो भन भनेर युधिष्ठिरलाई झुटो बोल्न लगाए। भीमका नाति तथा घटोत्कचका छोरा बबरू भानको शिर कटाए तथा आफैंले रथको पाङ्ग्रालाई हतियारका रूपमा उठाए। यी सबै प्रभु श्री कृष्ण जीले नभई कालले गराएको उपद्रो थियो। महाभारतको युद्ध सकिनासाथ काल भगवान श्री कृष्ण जीको शरीरबाट निस्केपछि श्री कृष्ण जीले श्री युधिष्ठिर जीलाई इन्द्रप्रस्थ (दिल्ली) को राजगद्दीमा आसिन गराएर आफू चाहिँ द्वारिका जाने कुरा बताए। अनि अर्जुन र अरूले हे कृष्ण जी हजुर हाम्रा पूज्य गुरूदेव हुनु हुन्छ, हामीलाई एउटा सत्सङ्ग सुनाएर जानु होला ताकि हामी हजुरको सद्‌वचन अनुसार हिँडेर आफ्नो आत्म-कल्याण गर्ने सकौं भनेर प्रार्थना गरे ।

यो प्रार्थना स्वीकार गरी तिथि, समय र स्थान निश्चित भएको दिन श्री अर्जुन जीले श्री कृष्ण जीसँग आज त्यही पवित्र गीताज्ञान जस्ताको त्यस्तै फेरि सुनाउनु होस् किनकि मैले त बुद्धिको दोषले भुलेँ भनेर प्रार्थना गरे। अनि श्री कृष्ण

**जीले भने– हे अर्जुन! तिमी निश्चय नै श्रद्धाहीन छौ, तिम्रो बुद्धि राम्रो रहेन छ। यस्तो पवित्र ज्ञान तिमीले किन भुल्यौ? म आफू पनि अब त्यो गीता ज्ञान पूरा भन्न सक्दिन अर्थात् मलाई ज्ञान छैन। त्यस समय त म योगयुक्त भएर बोलेको थिएँ। विचारणीय विषयः- यदि भगवान श्री कृष्ण जी युद्धताका योगयुक्त भएका थिए भने शान्ति भएको बेला योगयुक्त हुन कठिन थिएन। जब कि पवित्र श्रीमद्भगवत गीता जीको ज्ञान वर्षौं पछि जस्ताको त्यस्तै श्री व्यास जीको शरीरमा त्यसबेला ब्रह्म (काल-ज्योति निरञ्जन) नै प्रवेश गरेर लिपिवद्ध गरि दिए, जुन अहिले तपाईंहरूको कर कमलमा उपलब्ध छ। जसको संक्षिप्त महाभारतको पृष्ठ नं. ६६७ तथा पुरानोको पृष्ठ १५३१ मा निम्न प्रमाण दिइएको छ :**

न शक्यं तन्मया भूयस्तथा वक्तुमशेषतः।। परं हि ब्रह्म कथितं योगयुक्तेन तन्मया।।
(महाभारत, आश्रव, १६१२-१३)

भगवानले ती सबै कुरा उही रूपमा फेरि दोहऱ्याउनु अब मेरो बस (क्षमता) को कुरा होइन, त्यसबेला मैले योगयुक्त भएर परमात्मतत्त्वको वर्णन गरेको थिएँ भने।
(संक्षिप्त महाभारतको द्वितीय भागको पृष्ठ नं. १५३१ बाट साभार)

(श्रीकृष्णले अर्जुनसँग गीताका विषयमा सोध्नु, सिद्ध महर्षि वैशम्पायन र कश्यपको संवाद): श्री कृष्णसँग बस्न पाएकोमा पाण्डुनन्दन अर्जुन धेरै खुशी थिए। उनले एक पटक त्यो रमणीय सभातिर हेरेर भगवानलाई यी वचन भने,– देवकी नन्दन ! युद्धको बेलामा मलाई हजुरकै महात्म्यको ज्ञान र ईश्वरीय स्वरूपको दर्शन भएको थियो। तर हजुरले स्नेहपूर्वक मलाई पहिला दिनु भएको सबै ज्ञान उपदेश अहिले बुद्धिको दोषले गर्दा बिर्सिएँ। ती विषयका बारेमा सुन्नका लागि बारम्बार मेरो मनमा तीव्र उत्सुकता भइ रहन्छ। यता हजुर चाँडै नै द्वारिका जान लाग्नु भएको छ। अतः ती सबै कुरा मलाई पुनः सुनाउनु होस्।

वैशम्पायन जी भन्नु हुन्छ : अर्जुनले यस्तो भनेपछि वक्ताहरूमा श्रेष्ठ महातेजस्वी भगवान श्री कृष्णले उनलाई अंगालो हालेर उत्तर दिए,– अर्जुन ! त्यसबेला मैले तिमीलाई अत्यन्त गोपनीय विषयका बारेमा सुनाएको थिएँ, आफ्नो स्वरूपभूत धर्म सनातन पुरूषोत्तम तत्त्वको परिचय दिएको थिएँ तथा (शुक्ल-कृष्ण गतिको निरूपण गर्दै) नित्य लोकहरूको वर्णन पनि गरेको थिएँ। तर तिम्रो मूर्खताको कारणले त्यो उपदेश याद राखेनौ, मलाई धेरै दुःख लागेको छ। ती कुराहरु अहिले पूर्ण रूपमा स्मरण गर्नु सक्छु भन्ने मलाई लागि रहेको छैन। पाण्डुनन्दन ! निश्चय नै तिमी श्रद्धाहीन छौ, तिम्रो बुद्धि राम्रो छ भन्ने लाग्दैन। त्यो उपदेश अहिले जस्ताको त्यस्तै दोहऱ्याउनु कठिन छ, किनकि त्यसबेला योगयुक्त भएर मैले परमात्मा तत्त्वको वर्णन गरेको थिएँ। (थप जानकारी निम्ति संक्षिप्त महाभारत दोस्रो भाग पढ्नु होस्)

विचार गरौं- उपरोक्त महाभारत, श्री विष्णु पुराण र श्री मद्भगवत गीता जीका लेखहरूका प्रमाणहरूबाट श्री मद्भगवत गीता जीको ज्ञान श्री कृष्ण जीले भनेका होइनन् भन्ने सिद्ध हुन्छ। यो त कालरूपी ब्रह्म (ज्योति निरञ्जन) अर्थात् महाविष्णु जीले प्रेतरूपमा श्री कृष्ण जीको शरीरमा प्रवेश गरेर पो बोलेका थिए।

**अन्य प्रमाणहरु : १. श्री विष्णु पुराण (गीता प्रेस गोरखपुरबाट प्रकाशित) चौथो अंश दोस्रो अध्याय श्लोक २६ पृष्ठ २३३ मा विष्णु जी (महाविष्णु अर्थात् कालरूपी ब्रह्म) ले देव र दानवबीचको युद्धको समयमा देवताहरूको प्रार्थना स्वीकार**

गरेर म राजऋषि शशादको छोरा पुरन्ज्यको शरीरमा अंश मात्र अर्थात् केही समयका लागि प्रवेश गरेर राक्षसहरूको नाश गरि दिन्छु भनेका थिए।

२. विष्णु पुराण (गीता प्रेस गोरखपुरबाट प्रकाशित) चौथो अंश तेस्रो अध्याय श्लोक ६ पृष्ठ २४२ मा श्री विष्णु जीले गन्धर्व र नागहरूको युद्धमा नागको पक्ष लिँदै म (महाविष्णु अर्थात् कालरूपी ब्रह्म) मानधाताको छोरा पुरूकुत्समा प्रविष्ट भएर ती सम्पूर्ण दुष्ट गन्धर्वहरूको नाश गरि दिने छु भनेका थिए।

अन्य प्रमाणः महाभारतको युद्धको केही समयपछि युधिष्ठिर जीले डरलाग्दा सपना देख्न थाले। श्री कृष्ण जीलाई त्यस्को कारण र समाधानको उपाय सोध्दा तिमीले युद्धमा जुन पाप गरेका थियौ, त्यही नरसंहारको दोष तिम्रा लागि दुःखद साबित भइ रहेको छ। यसको निवारणका लागि एउटा यज्ञ गर भनेर बताए। श्री कृष्ण जीका मुखारविन्दबाट यो वचन सुनेर श्री अर्जुन जीलाई धेरै दुःख लाग्यो। उनले मनमनै के सोच्न थाले भने भगवान श्री कृष्ण जीले पवित्र गीता बताउँदा खेरी त तिमी युद्ध गर, तिमीलाई कुनै पाप लाग्दैन। युद्धमा मारियौ भने पनि स्वर्गको सुख भोग्ने छौ, अन्यथा युद्ध जितेर पृथ्वीको राज्यको आनन्द लिने छौ भनेका थिए (पवित्र गीता अध्याय २ श्लोक ३७-३८)। अर्जुनले विचार गरेः ठूलादाजु युधिष्ठिरको दुःख निवारण निम्ति श्री कृष्ण जीले बताएको समाधानको उपायका लागि त करोडौं रूपिया खर्च हुन्छ। पवित्र गीता जीको ज्ञान दिँदा त तिमीलाई पाप लाग्दैन भन्नु भएको थियो तर अहिले त्यसको उल्टो भनि रहनु भएको छ भनेर यतिखेर श्री कृष्णसँग वादविवाद गरूँ भने दाजु युधिष्ठिरले धेरै रकम खर्च हुने देखेर अर्जुन बहुलायो र मेरो दुःख निवारणबाट खुशी छैन भनेर सोच्नु हुने छ। त्यसैले मौन रहनु उचित हुने ठानेर सहर्ष स्वीकृति दिए। श्री कृष्णले यज्ञको तिथि तय गरे। त्यो यज्ञ पनि श्री सुदर्शन स्वपचले भोजन खाएपछि मात्र सफल भयो।

केही समयपछि श्री दुर्वासा जीको श्रापले सम्पूर्ण यादव कुलको विनाश भयो। श्री कृष्ण भगवानको गोडाको पैतालामा एकजना शिकारी (त्रेतायुगका सुग्रीवको भाइ बालीको आत्मा) ले विषाक्त तीर हान्यो। अनि पाँच पाण्डव घटनास्थल पुगेपछि श्री कृष्ण जीले भने,— तिमीहरु मेरा शिष्य हौ र म तिमीहरूको धार्मिक गुरू पनि हुँ। यसैले मेरा अन्तिम आज्ञा सुन। पहिलो, अर्जुनले द्वारिकाका सबै महिलाहरूलाई इन्द्रप्रस्थ (दिल्ली) लैजानु, किनकि यहाँ कोही पनि पुरुष बचेका छैनन्। दोस्रो, सबै पाण्डवहरूले राज्य त्यागी हिमालयमा साधना गरेर शरीर गलाइ दिनु किनकि तिमीहरूले महाभारत युद्धताका गरेको हत्याका पाप तिमीहरूको शिरमाथि अत्यन्त डरलाग्दो रूपमा विद्यमान छ। त्यस बेला अर्जुनले आफूलाई रोक्न नसकी श्री कृष्णलाई भने,— प्रभु, त्यसो त आज हजुरको यस्तो अवस्थामा यस्ता कुरा गर्नु हुँदैनथ्यो तर प्रभु आज मेरा शङ्काको समाधान भएन भने म आनन्दपूर्वक मर्न पनि पाउँदिन, सारा जीवन रोइ रहने छु। श्री कृष्णले यो मेरो अन्तिम घडी हो, जे सोध्नु छ सोध भने। श्री अर्जुनले गहभरि आँशु पारेर भने,— प्रभु, नराम्रो नमान्नु होला।

हजुरले पवित्र गीता जीको ज्ञान भनि रहनु भएको बेला मैले युद्ध गर्न अस्वीकार गरि रहेको थिएँ। हजुरले अर्जुन तिम्रो दुवै हातमा लड्डु छ। युद्धमा मारियौ भने स्वर्ग प्राप्त हुने छ र विजयी भयौ भने पृथ्वीको राज्य भोग्ने छौ तथा तिमीलाई कुनै पाप लाग्ने छैन भन्नु भएको थियो। हामीले हजुरकै रेखदेख तथा आज्ञा अनुसार युद्ध गऱ्यौं (पवित्र गीता अध्याय २ श्लोक ३७-३८)। हे भगवान! हाम्रो त एउटा हातमा पनि लड्डु छैन। न युद्धमा मरेर स्वर्ग पायौं न त पृथ्वीको राज्यको आनन्द नै भोग्न पायौं। अहिले राज्य त्याग्ने आदेश दिइ रहनु भएको छ। यस्तो छलयुक्त व्यवहार गर्नुका पछाडि हजुरको के स्वार्थ थियो ?" अर्जुनको मुखबाट यस्ता वचन सुनेपछि युधिष्ठिरले अर्जुनलाई झपार्दै भगवानले अन्तिम श्वास फेरि रहनु भएको अवस्थामा शिष्टाचार रहित व्यवहार उपयुक्त छैन भने। श्री कृष्ण जीले अहिले म अन्तिम घडीमा छु, तिमी मेरो अत्यन्त प्रिय हुनाले आज म वास्तविकता बताउँछु भन्दै आँखाभरि आँशु पारेर अर्जुनलाई मलाई यन्त्र झैं नचाइ रहने कुनै खलनायक जस्तो अर्को शक्ति थियो, मैले गीतामा के बोलैँ मलाई केही थाहा छैन तर अहिले म जे भनि रहेको छु त्यो तिम्रो हितमा छ भने र श्री कृष्ण जीले प्राण त्यागे।

उपरोक्त विवरणले पनि पवित्र गीता जीको ज्ञान श्रीकृष्ण जीले नभनेर २१ ब्रह्माण्डका स्वामी ब्रह्म (ज्योति निरञ्जन काल) ले भनेका थिए भन्ने कुरा सिद्ध हुन्छ। काल (ब्रह्म) को हुन् ? यो जान्न यसै पुस्तकको पृष्ठ २१ देखि ७४ सम्म पढ्नु होस्।

श्री कृष्णसहित सम्पूर्ण यादवहरूको अन्तिम संस्कार गरी अर्जुनलाई छोडेर चार भाइ इन्द्रप्रस्थ (दिल्ली) गए। त्यसपछि अर्जुनले द्वारिकाका महिलाहरूलाई लिएर आइ रहेका थिए। बाटोमा जङ्गली मानिसहरूले सबै गोपिनीहरूलाई लुटे र केहीलाई भगाएर लगे अनि अर्जुनलाई पक्रेर कुटे। अर्जुनको हातमा त्यही गाण्डिव धनुष थियो जसले महाभारतको युद्धमा अनगिन्ती हत्या गरेका थिए। त्यसले पनि काम गरेन। अनि अर्जुनले श्री कृष्ण त वास्तवमा झुटो र कपटी रहेछन्, युद्धमा पाप गराउनु पर्दा उनले मलाई शक्ति प्रदान गरे र मैले एउटै तीरले सयौं योद्धाहरूलाई मार्थे तर आज त्यही शक्ति खोसेर लगे अनि केही गर्न नसकी पिटाइ खाइ रहेछु भने। यस विषयमा पूर्ण ब्रह्म कबीर साहेब (कविर्देव) भन्नु हुन्छ,– श्री कृष्ण झुटो वा कपटी थिएनन्। ती सबै अत्याचार त काल (ज्योति निरन्जन) ले गरि रहेका थिए। जबसम्म यी आत्माहरु पूर्ण सन्त (तत्त्वदर्शी) को माध्यमबाट कबीर परमेश्वर (सत्यपुरूष) को शरणमा जाँदैनन् तबसम्म कालले यसरी नै दुःखमाथि दुःख दिइ रहने छ। पूर्ण जानकारी तत्त्वज्ञानबाट हुने छ। यसैले काल को हो ? जान्नका लागि यही पुस्तकको पृष्ठ २१ देखि ७४ सम्म पढ्नु होस्।

विशेष विचार : उपरोक्त प्रमाणहरूबाट श्रीमद्भगवत गीताको ज्ञान श्री कृष्णले भनेका होइनन्, यो त श्री कृष्ण जीको शरीरमा प्रेतवत प्रवेश भएर ब्रह्म (काल, ज्योति निरन्जन) ले बोलेका थिए भन्ने सिद्ध हुन्छ।

## श्रीमद्भगवत गीतासार

तिर्खाएकालाई पानीको प्यास भए झैं, परमात्माको खोजमा आत्माहरु युगौंदेखि लागि परेका छन्। जीवात्माहरु परमात्मासँग छुटेपछि महाकष्ट झेलि रहेका छन्। पूर्णब्रह्म (सतपुरूष) को सत्यलोक (ऋतधाम) मा भएको जस्तो सुख यहाँ काल (ब्रह्म) प्रभुको लोकमा छैन। चाहे कोही करोडपति वा पृथ्वीपति वा सुरपति (स्वर्गका राजा इन्द्र) हुन्, या श्री ब्रह्मा, श्री विष्णु र श्री शिव त्रिलोकपति हुन्, जन्म-मृत्यु तथा गरिएका कर्मको भोग अवश्य नै प्राप्त हुने छ (प्रमाण गीता अध्याय २ श्लोक १२ र अध्याय ४ श्लोक ५)। यसैले श्रीमद्भगवत गीताको ज्ञानदाता प्रभु (काल भगवान) ले अध्याय १५ श्लोक १ देखि ४ तथा अध्याय १८ श्लोक ६२ मा भनेका छन्,– अर्जुन! सम्पूर्ण भावले ती परमेश्वरको शरणमा जाऊ, उनकै कृपाले तिमी परम शान्ति र सत्यलोक (शाश्वतम् स्थानम्) प्राप्त गर्ने छौ। ती परमेश्वरको तत्त्वज्ञान र भक्तिमार्ग म (गीता ज्ञानदाता) जान्दिन। तत्त्वदर्शी सन्तकहाँ गएर वहाँलाई दण्डवत् प्रणाम गरी विनम्र भावले प्रश्न गरेपछि मात्र ती तत्त्वद्रष्टा सन्तले तिमीलाई परमेश्वरको तत्त्वज्ञान बताउने छन्। अनि उनले बताए अनुसारको भक्तिमार्गमा सम्पूर्ण भावले लाग (प्रमाण गीता अध्याय ४ श्लोक ३४)। तत्त्वदर्शी सन्तको पहिचान गीता अध्याय १५ श्लोक १ मा बताउँदै भनिएको छ,– यो संसार मूल (जरा) माथि र हाँगाहरु तलतिर भएको उल्टो झुण्डिएको रूख जस्तै छ। यो संसाररूपी रूखको विषयमा जान्ने नै तत्त्वदर्शी सन्त हुन्। त्यस्तै गीता अध्याय १५ श्लोक २ देखि ४ मा भनिएको छ,– त्यो संसाररूपी रूखका तीन गुण (रजगुण-ब्रह्मा, सतगुण-विष्णु र तमगुण-शिव) रूपी शाखा (हाँगा) छन्। जुन तीनै लोक (स्वर्ग, पाताल र पृथ्वीलोक) हरुमा माथि र तल फैलिएको छ। त्यो संसाररूपी उल्टो झुण्डिएको रूखको विषयमा अर्थात् सृष्टि रचनाको बारेमा म यस गीता जीको ज्ञानमा बताउन सक्दिनँ। यहाँ विचार काल (गीता ज्ञान) मा जुन ज्ञान बताइ रहेको छु, यो पूर्ण ज्ञान होइन। त्यसका लागि गीता अध्याय ४ श्लोक ३४ मा सङ्केत गरिएको छ,– पूर्ण ज्ञान (तत्त्वज्ञान) का लागि तत्त्वदर्शी सन्तकहाँ जाऊ, उनले नै बताउने छन्, मलाई पूर्ण ज्ञान छैन। गीता अध्याय १५ श्लोक ४ मा भनिएको छ,– 'तत्त्वदर्शी सन्त प्राप्त भएपछि ती परमपद परमेश्वर (जसका विषयमा गीता अध्याय १८ श्लोक ६२ मा भनिएको छ) को खोजी गर्नु पर्छ। त्यहाँ गएपछि साधक पुनः फर्केर आउँदैन अर्थात् पूर्ण मोक्ष प्राप्त गर्छ। पूर्ण परमात्माबाटै उल्टो संसाररूपी वृक्षको प्रवृत्ति विस्तार भएको छ। यसको भावार्थ के हो भने म (गीता ज्ञान दाता ब्रह्म) पनि सम्पूर्ण ब्रह्माण्डको रचना गर्नु हुने उनै आदि पुरूष परमेश्वर अर्थात् पूर्ण परमात्माको शरणमा छु। वहाँको साधना गर्नाले नै अनादि (पूर्ण) मोक्ष प्राप्त हुन्छ।

माथिका मूल (जरा) र तलका तीन गुण (रजगुण-ब्रह्मा, सतगुण-विष्णु र तमगुण-शिव) रूपी शाखाहरु तथा ठूलो हाँगाको पूर्ण जानकारी प्रदान गर्नु हुने नै




माथि जरा तलतिर हाँगा भएको उल्टो झुण्डिएको संसार रुपी वृक्षको चित्र

तत्त्वदर्शी सन्त हुनु हुन्छ। (कृपया उल्टो झुण्डिएको संसाररूपी रूखको चित्र हेर्नु होस्)

आफूले रच्नु भएको सृष्टिको ज्ञान (तत्त्वज्ञान) स्वयं पूर्ण परमात्मा कविर्देव (कविर परमेश्वर) ले नै तत्त्वदर्शी सन्तको भूमिका निर्वाह गरी (कविर्गीर्भिः) कबीर वाणीद्वारा भन्नु भएको छ। (प्रमाणः ऋग्वेद मण्डल ९ सुक्त ९६ मन्त्र १६–२०, ऋग्वेद मण्डल १० सुक्त ९० मन्त्र १–५ तथा अथर्ववेद काण्ड ४ अनुवाक १ मन्त्र १–७ मा)

कबीर, अक्षर पुरूष एक पेड है, ज्योति निरंजन वाकी डार।
तीनों देवा शाखा हैं, पात रूप संसार।।

पवित्र गीता जीमा पनि तीन प्रभुहरु (१) क्षर पुरूष अर्थात् ब्रह्म (२) अक्षर पुरूष अर्थात् परब्रह्म र (३) परम अक्षर पुरूष अर्थात् पूर्ण ब्रह्मका विषयमा वर्णन गरिएको छ। यसको प्रमाण गीता अध्याय १५ श्लोक १६ र १७ तथा अध्याय ८ श्लोक १ को उत्तर श्लोक ३ मा वहाँ परम अक्षर ब्रह्म हुनु हुन्छ भनेर दिइएको छ। अनि तीन प्रभुहरूको एउटा अर्को प्रमाण दिँदै गीता अध्याय ७ श्लोक २५ मा गीता ज्ञानदाता काल (ब्रह्म) ले आफ्नो विषयमा म अव्यक्त छु भनेर बताएका छन्। यी पहिलो अव्यक्त प्रभु भए। गीता अध्याय ८ श्लोक १८ मा यो संसार अव्यक्त (परब्रह्म) बाट दिनको समयमा उत्पन्न भएको हो र फेरि रातको समयमा त्यसैमा लीन हुन्छ भनिएको छ। यी चाहिँ दोस्रो अव्यक्त भए।

अध्याय ८ श्लोक २० मा ती अव्यक्त भन्दा पनि अर्को जो अव्यक्त (पूर्णब्रह्म) हुनु हुन्छ, वहाँ नै सम्पूर्ण प्राणी नष्ट भए पनि नष्ट नहुने परम दिव्य पुरूष हुनु हुन्छ। वहाँ तेस्रो अव्यक्त हुनु हुन्छ भनिएको छ। यही प्रमाण गीता अध्याय २ श्लोक १७ मा नाशरहित ती परमात्मालाई चिन (बुझ), जसलाई नाश गर्न कोही समर्थ छैन भनिएको छ। आफ्नो विषयमा गीता ज्ञानदाता (ब्रह्म) प्रभुले अध्याय ४ श्लोक ५ तथा अध्याय २ श्लोक १२ मा म त जन्म मृत्युमा छु अर्थात् नाशवान हुँ भनेका छन्।

उपरोक्त संसाररूपी रूखको मूल (जरा) परम अक्षर पुरूष अर्थात् पूर्ण ब्रह्म कविर्देव हुनु हुन्छ। वहाँलाई तेस्रो अव्यक्त प्रभु भनिएको छ। रूखको मूल (जरा) बाट नै सिंगो रूखले आहार पाउँछ। वास्तवमा परमात्मा त क्षर पुरूष वा ब्रह्म र अक्षर पुरूष वा परब्रह्मभन्दा अर्कै हुनु हुन्छ, जो तीनै लोकहरूमा प्रवेश गरी सबैको पालन-पोषण गर्ने नै वास्तवमा अविनाशी हुनु हुन्छ भनी गीता अध्याय १५ श्लोक १७ मा भनिएको छ।

१. क्षरको अर्थ हो नाशवान। ब्रह्म अर्थात् गीता ज्ञानदाता आफैंले अर्जुनलाई तिमी र म त जन्म र मृत्युको चक्रमा छौं भनेका छन् (प्रमाणः गीता अध्याय २ श्लोक १२ अध्याय ४ श्लोक ५)

२. अक्षरको अर्थ हो अविनाशी। यहाँ परब्रह्मलाई पनि स्थायी अर्थात् अविनाशी भनिएको छ। तर यथार्थमा यी पनि अविनाशी होइनन्, चीरस्थायी चाहिँ हुन्। जस्तै चिया पिउनका लागि सेतो रङ्गको माटोको प्याला पाइन्छ तर त्यो त

झर्नासाथ फुट्छ। ब्रह्म (काल/क्षर पुरूष) को अवस्थालाई ठीक यस्तै बुझ्नु पर्छ। चिया पिउने प्याला इस्पात (स्टील) को पनि हुन्छ र यो माटोको प्यालाको तुलनामा स्थायी (अविनाशी) देखिन्छ। यो केही लामो समय टिके पनि यसमा खिया लाग्छ र नष्ट हुन्छ। त्यसैले यो पनि अविनाशी छैन। तेस्रो प्याला सुनको छ। स्वर्ण धातु वास्तवमा अविनाशी हुनाले कहिल्यै नाश हुँदैन।

परब्रह्म (अक्षर पुरूष) लाई पनि अविनाशी भनिएको छ। तर यथार्थमा अविनाशी त यी दुईभन्दा अर्कै हुनु भएकोले अक्षर पुरूषलाई पनि अविनाशी भनिएको होइन। किनकि सातवटा रजगुण ब्रह्माको मृत्युपछि एउटा सतगुण विष्णुको मृत्यु हुन्छ। सातवटा सतगुण विष्णुको मृत्युपछि एउटा तमगुण शिवको मृत्यु हुन्छ। तमोगुण शिवको ७० हजार पटक मृत्यु हुँदा एउटा क्षर पुरूष (ब्रह्म) को मृत्यु हुन्छ। यो परब्रह्मको एक युग हो। यस्तो एक हजार युग मिलेर परब्रह्मको एक दिन र त्यत्ति नै रात हुन्छ। यस आधारमा, तीस दिन र रातको एक महिना, बान्ह महिनाको एक वर्ष र सय वर्षको परब्रह्मको आयु हुन्छ। अनि यी परब्रह्म र सत्यलोकभन्दा तलका सबै ब्रह्माण्डहरू नष्ट हुन्छन्। तर परम अक्षर पुरूष वा पूर्ण ब्रह्म (सत्यपुरूष) लगायत वहाँको सत्यलोक (ऋतधाम) सहित माथिका अलखलोक, अगमलोक तथा अनामीलोक कहिल्यै नष्ट हुँदैनन्। केही समयपछि पूर्ण ब्रह्म वा परम अक्षर पुरुषले तलका सम्पूर्ण ब्रह्माण्डहरू (ब्रह्म र परब्रह्मका लोकहरू) को रचना गर्नु हुन्छ। यो तत्त्वज्ञानलाई यसरी नै बुझ्नु पर्छ। त्यसैले, गीता अध्याय १५ श्लोक १७ मा के भनिएको छ भने वास्तवमा उत्तम प्रभु वा पुरूषोत्तम त ब्रह्म (क्षर पुरूष) तथा परब्रह्म (अक्षर पुरूष) भन्दा भिन्दै हुनु हुन्छ, वहाँ नै पूर्ण ब्रह्म (परम अक्षर पुरूष) हुनु हुन्छ। वहाँ वास्तवमा अविनाशी हुनु हुन्छ। वहाँ सबैलाई पालन पोषण गर्ने संसारस्वरूप रूखको मूल (जरा) रूपी पूर्ण परमात्मा हुनु हुन्छ। जमिनभन्दा ठीक माथिको रूखको भागलाई फेद भनिन्छ। त्यसलाई अक्षर पुरूष वा परब्रह्म भनेर बुझ। काण्डले आहार त मूलबाटै पाउँछ। काण्डभन्दा माथि रूखका कैयौं हाँगाहरू हुन्छन्, त्यसमध्येको एउटा हाँगा ब्रह्म (क्षर पुरूष) हुन्। हाँगाले पनि जरा वा परम अक्षर पुरूषबाट नै आहार पाउँछ। मानौं त्यस हाँगा (ब्रह्म अक्षर पुरूष) का तीन गुण (रजगुण ब्रह्मा, सतगुण विष्णु र तमगुण शिव) रूपी शाखाहरू छन्। यिनीहरूले पनि मूल जराबाटै आहार पाउँछन्। यी शाखाहरूमा पातका रूपमा अन्य प्राणी आश्रित छन्। तिनीहरूलाई पनि आहार त वास्तवमा मूल (परम क्षर पुरूष वा पूर्ण ब्रह्म) बाटै प्राप्त हुन्छ। पूर्णब्रह्म नै सबैका पूज्य हुनु हुन्छ भन्ने यसबाट सिद्ध हुन्छ। फेरि, पातसम्म आहारा पुऱ्याउनका लागि फेद, हाँगा र शाखाहरूको कुनै योगदान छैन पनि भन्न मिल्दैन। त्यसैले सबै आदरणीय छन् तर पूजनीय त केवल मूल (जरा) नै हो। आदर तथा पूजामा फरक हुन्छ। जस्तो पतिव्रता नारीले सबैको सत्कार गर्छिन्; जेठाजुलाई ठूलो दाजु र देवरलाई सानो भाइ जस्तो मान गर्छिन् तर पूजा आफ्नो पतिको नै गर्छिन् अर्थात् जुन भाव आफ्नो पतिका लागि हुन्छ त्यस्तो भाव अन्य पुरूषका लागि हुँदैन। अर्को उदाहरण हेरौं : एक पटक हरियाणा प्रान्तमा बाढी आएको थियो। त्यस

बेला ६ सय करोडको नोक्सानी भएको थियो। हरियाणा सरकारको वर्षभरिको बजेट नै नौ सय करोडको हुनाले त्यसको क्षतिपूर्ति हरियाणा सरकारले गर्न नसकेकोले भारतका प्रधानमन्त्रीले त्यो क्षतिको पूर्ति गरेका थिए। त्यो छ सय करोड रूपैयाँको वितरण हरियाणा सरकारका अधिकारी र कर्मचारीहरूले गरे। अनभिज्ञ राहत प्राप्तकर्ताहरूले ती वितरणकर्तालाई नै राहतकर्ता माने र उनीहरूबाटै भविष्यमा पनि राहत पाउने आशा राखी उनीहरूको पूजा (घुस आदि दिने) गरि रहे। तर कर्मचारीहरूको कति योगदान छ भन्ने कुरा शिक्षितहरूले जान्ने हुनाले उनीहरूलाई आदर त गरे तर पूजा (घुस आदि दिने) गरेनन् र उनीहरूबाट अन्य कार्यसिद्धिको आशा पनि राखेनन्।

बाढी राहत रकम वितरणपछि त्यस बाढी पीडित क्षेत्रमा प्रान्तका मन्त्री आए। 'मैले तपाईंको क्षेत्रमा दश लाख दिएको थिएँ' भनेर बताउँदै त्यस गाउँको सूचीबाट नाम पढेर सुनाए : १. रामअवतारलाई १० हजार रूपियाँ ... आदि। अनि प्रान्तका मुख्य मन्त्री त्यही गाउँमा आए र मैले तपाईंको गाउँलाई १० लाख दिएको थिएँ भनी त्यही सूची पढ्न थाले : १. रामअवतारलाई १० हजार रूपियाँ ... आदि। फेरि त्यस गाउँमा प्रधानमन्त्री आए। उनले पनि मैले तपाईंको गाउँलाई १० लाख दिएको थिएँ भनेर त्यही सूची पढेर बताए : १. रामअवतारलाई १० हजार रूपियाँ ...। राम अवतार चाहिँ यिनीहरु सबै झुटो बोल्दैछन्, मलाई त पटवारी (लेखापाल) ले पो पैसा दिएका हुन् भनि रहेको थियो। त्यो अनभिज्ञ रामअवतारले अज्ञानतावश गाउँको लेखापालको पूजा गरेरै आफ्ना अन्य सबै कामहरूको सिद्धि (सफलता) चाहन्छ। शिक्षितहरूले बुझेका छन् कि प्रधानमन्त्रीले राहत नदिएका भए मुख्यमन्त्री, मन्त्री र लेखापालले केही दिन सक्दैनथे। मुख्यमन्त्रीले आफ्नो राहत कोषबाट रकम वितरण गरेका भए मुस्किलले सय रूपियाँ मात्र प्रत्येक बाढी पीडितलाई दिनसक्थे जुन नाम मात्रको हुने थियो। कसको कति क्षमता छ भन्ने कुरा समझदार व्यक्तिले जान्दछ र त्यसै आधारमा उनीहरूप्रति आस्था राख्छ। उसका लागि अनादरणीय कोही हुँदैन तर पूजाका लागि उसले सोच विचार गरेर चयन गर्छ। ठीक यसै गरी गीता अध्याय २ श्लोक ४६ मा के भनिएको छ भने अर्जुन! धेरै ठूलो (१० वर्षसम्म पानी नपरे पनि नसुक्ने) ताल भेट्टाएपछि सानो (एकपटक पानी नपर्दा सुक्ने) पोखरी प्रति जस्तो आस्था रहन्छ पूर्ण परमात्माबाट पाइने लाभका बारेमा ज्ञान भएपछि अन्य प्रभुहरूमा तिम्रो आस्था पनि त्यस्तै हुने छ। त्यो सानो पोखरी नराम्रो लाग्दैन तर त्यसको क्षमता काम चलाउ मात्र छ भन्ने थाहा हुन्छ।

गीता अध्याय ७ श्लोक १२ देखि १५ मा भनिएको छ,– तीनै गुणहरूले जे गरि रहेका छन् (रजगुण ब्रम्हाबाट जीवहरूको उत्पत्ति, सतगुण विष्णुबाट स्थिति र तमगुण शिवद्वारा संहार), ती सबैका मुख्य कारण म (ब्रह्म/काल) नै हुँ। यी तीन गुण (रजगुण-ब्रह्मा, सतगुण-विष्णु र तमगुण-शिव) को पूजा गर्ने साधकहरु त राक्षस स्वभाव धारण गरेका, मनुष्यमा नीच दुष्कर्म गर्ने वाला मूर्ख मेरो (ब्रह्मको) भक्ति

पनि गर्दैनन्। फेरि गीता अध्याय ७ श्लोक १८ मा आफ्नो भक्तिलाई पनि अति निकृष्ट (अनुत्तमाम्) भनेका छन्। यसैले गीता अध्याय १५ श्लोक ४ र अध्याय १८ श्लोक ६२ मा पूर्ण परमात्माको भक्ति गर्नाले नै पूर्ण लाभ तथा पूर्ण मोक्ष हुन्छ, जुन शास्त्र विधि अनुसारको भक्ति हो भनिएको छ भने गीता अध्याय १६ श्लोक २३-२४ मा शास्त्र विधिको विरूद्ध हुनाले इष्ट रूपमा अन्य प्रभुहरूको साधना गर्नु व्यर्थ छ भन्ने प्रमाण दिइएको छ।

जस्तो नर्सरीबाट आँपको बिरूवा ल्याएर जमीनमा खनेको खाल्डोमा त्यसको जरालाई गाडिन्छ। अनि जरामा सिँचाई (पूजा) गरेपछि बिरूवा बढेर रूख बन्छ। अनि हाँगाहरूमा फल लाग्छ। कसैले हाँगालाई जमिनमा गाडेर जरालाई माथि पारी बिरूवाको सिँचाई गरेमा विरूवा सुक्छ। कृपया सिधा रोपिएको र उल्टो रोपिएको भक्तिरूपी बिरूवाका चित्र यसै पुस्तकको पृष्ठ नं. २०८ र २०९ मा हेर्नु होस्।

भावार्थ : साधकले इष्टका रूपमा पूर्ण परमात्मा (मूल वा जरा) को साधना (पूज्य) गर्दा ब्रह्मा, विष्णु र शिव (शाखाहरू) ले नै त्यसको फल प्रदान गर्ने छन् किनकि गरेको कर्मका फल भगवानले जस्ताको त्यस्तै दिनु हुन्छ।

कसैलाई कुनै कम्पनीमा जागिर चाहिएको छ भने कम्पनी (फ्याक्ट्री) का मालिकको पूजा गर्नु पर्छ। उसले याचनापूर्ण प्रार्थना पत्र लेखेर जागिर वा नोकरी प्राप्त गर्नु पर्ने हुन्छ। ता पनि जागिर (पूजा) त मालिकको नै गर्नु पर्छ। त्यस नोकरलाई अह्राइएको कुनै काम उसले आफ्नो सेवाकालमा गर्छ। यो पूजा (नोकरी) मालिकको भयो। नोकरी (पूजा) गर्दाको तलब मालिकका अन्य नोकर (कर्मचारी वा अधिकारी) ले दिन्छन्। उसको उपस्थितिको आधारमा सिफ्ट अफिसरले तलब (गरेको कामको फल) तयार गरी खजाञ्ची (क्यासियर) कहाँ पठाउँछन्। त्यहाँबाट त्यस नोकर (सेवक) ले सेवा (पूजा) को फल प्राप्त गर्छ। सिफ्ट अफिसर र क्यासियरले गरेको कर्मको फल मात्रै दिन्छन्। त्यसमा कुनै पनि परिवर्तन गर्न सक्दैनन्। न एक रूपैँया धेरै न त कम नै गर्न सक्छन्। त्यस कम्पनीको मालिकको नोकर (पुजारी) ले असल नियतले मालिकको नोकरी (पूजा) गऱ्यो भने मालिकले नै त्यो धनराशी (तलब) बृद्धि गरि दिन्छन् र इनामका रूपमा धेरै धनराशी थपेर पनि दिन्छन्। तर मालिकलाई छोडेर अरू अधिकारीहरूको नोकरी (पूजा) गर्न थालेमा मालिकले उसलाई दिने धनलाभ बन्द हुन जान्छ। फलस्वरूप, त्यो अबोध मानिस निर्धन हुन पुग्छ। अन्य अधिकारीहरूले त उसलाई मालिकले दिए जति तलब दिन पनि सक्दैनन्। कम्पनीका मालिकको तुलनामा अति कम सुविधा पाउनाले अन्य अधिकारीको सेवक वा एउटै मालिकलाई त्यागेर आन (अन्य) उपासना गर्ने मानिस महादुःखी हुन्छ। कृपया, पवित्र श्रीमद्भगवत गीता जीको ज्ञानलाई तत्वज्ञानको आधारमा बुझ्नु होस्।

पूर्ण ब्रह्म कुल मालिकको पूजा त्यागेर अन्य देवताहरूको पूजा गर्नाले साधकलाई पूर्ण लाभ प्राप्त हुँदैन तथा साधना गर्दा गर्दै पनि उसले महाकष्ट उठाइ रहन्छ।

यसैले पवित्र गीता अध्याय ७ श्लोक १२ देखि १५ तथा २० देखि २३ सम्ममा मेरो (ब्रह्म/क्षर पुरूष वा कम्पनीका मालिकको शिष्ट अफिसरको) पूजा (नोकरी) नगरी तीनै गुणहरु अर्थात् तीनै देवताहरु (रजगुण-ब्रह्मा, सतगुण-विष्णु र तमगुण-शिव) को पूजा गर्नेहरु त राक्षस स्वभाव धारण गरेका, मनुष्यहरूमा नीच र दुष्कर्म गर्ने मूर्ख हुन् भनिएको छ।

भावार्थ : तीनै देवताहरु र अन्य देवताहरूको पूजा (क्यासियरको नोकरी) गर्नेहरु त मूर्ख र दानवी स्वभावका राक्षस हुन्। कसैको आम्दानीको श्रोत थोरै भएमा उसले केही तलमाथि (गलत कार्य) अवश्य गर्छ। उसले कुनै बेला चोरी वा मिसावट गर्ने जस्तो छलकपटको बाटो अपनाउँछ। अतः समाजमा हेलाको पात्र र दरिद्र हुन्छ। यसरी नै तीनवटै देवताहरु (ब्रह्मा, विष्णु र शिव) तथा अन्य देवताहरूको पूजाले पूर्ण लाभ प्राप्त हुँदैन। अनि साधकले झुठ, कपट र अन्य विकारयुक्त काम पनि गर्छ। फेरि पाप कर्मको दण्ड पनि भोग्नु पर्छ। यसैले ब्रह्म वा क्षर पुरूष (सिफ्ट अफिसर) के भनि रहेछन् भने यी अबोध साधकहरु मेरो पूजा (नोकरी) पनि गर्दैनन्। ब्रह्मा, विष्णु र शिवले भन्दा धेरै तलब (गरेको कर्मको धन) म दिन सक्छु। फेरि गीता अध्याय ७ श्लोक १८ मा उनी उनकै पूजा (नोकरी) पनि पूर्ण लाभदायक छैन भन्छन्। यसैले आफ्नो पूजालाई पनि गीता ज्ञानदाता (ब्रह्म क्षरपुरूष) प्रभुले अति निकृष्ठ (अनुत्तमाम्) अर्थात् अति निम्नस्तरको भनेका छन्। त्यसैले गीता अध्याय १५ श्लोक ४ र अध्याय १८ श्लोक ६२ मा के भनिएको छ भने ती परमेश्वरको शरणमा जाऊ जसको कृपाले तिमी परम शान्ति तथा सत्यलोक (शाश्वत् स्थान) प्राप्त गर्ने छौ। त्यहाँ गएपछि साधकको पुनर्जन्म हुँदैन अर्थात् अनादि मोक्ष (पूर्ण मोक्ष) प्राप्त हुन्छ। गीता ज्ञानदाता प्रभु (क्षर पुरूष ब्रह्म) आफू पनि आदि पुरूष परमेश्वरको शरणमा छु भन्छन्। कृपया गीता अध्याय ७ श्लोक १२ देखि १५ र १८ तथा २० देखि २३ सम्म बुझ्नका लागि निम्न विवरण ध्यानपूर्वक पढ्नु होस् :

## तीन गुणहरू के हुन् ? प्रमाण सहित

तीनै गुणहरु रजगुण-ब्रह्मा जी, सतगुण-विष्णु जी र तमगुण शिव जी हुन्। यी ब्रह्म (काल) तथा प्रकृति (दुर्गा) बाट उत्पन्न भएका हुन् र तीनैजना नाशवान छन्।

प्रमाणः- श्री हनुमानप्रसाद पोद्दारको सम्पादनमा गीता प्रेस गोखरपुरबाट प्रकाशित श्री शिव महापुराणको पृष्ठ सङ्ख्या ११० को अध्याय ९ रूद्र संहितामा ब्रह्मा, विष्णु र शिव तीनै देवताहरूमा गुण छन् तर शिव (ब्रह्म/काल) लाई गुणातीत भनिएको छ।

दोस्रो प्रमाण :- श्री हनुमानप्रसाद पोद्दार र श्री चिमनलाल गोस्वामीबाट सम्पादित र गीता प्रेस गोरखपुरबाट प्रकाशित श्रीमद् देवीभागवत पुराणको तेस्रो स्कन्ध अध्याय ५ पृष्ठ सङ्ख्या १२३ः भगवान विष्णुले दुर्गाको स्तुति गर्दै भने,– म

(विष्णु), ब्रह्मा र शङ्कर तपाईंको कृपाले विद्यमान छौं। हाम्रो त आविर्भाव (जन्म) र तिरोभाव (मृत्यु) हुन्छ। हामी नित्य (अविनाशी) छैनौं। हजुर नै नित्य, जगत जननी तथा प्रकृति र सनातनी देवी हुनु हुन्छ। भगवान शङ्करले भने,– यदि भगवान ब्रह्मा र भगवान विष्णु तिमीबाटै उत्पन्न भएका हुन् भने उनीहरु पछि जन्मने म तमोगुणी लीला गर्ने शङ्कर के हजुरको सन्तान होइन? अर्थात् मलाई पनि उत्पन्न गर्ने हजुर नै हुनु हुन्छ। यस संसारको सृष्टि, स्थिति र सङ्हारमा तपाईंको गुण सदा सर्वदा छ। यिनै तीन गुणहरुबाट उत्पन्न हामी ब्रह्मा, विष्णु र शङ्कर नियमानुसार कार्यमा तत्पर रहन्छौं।

उपरोक्त विवरण हिन्दीमा मात्र अनुवादित र केही तथ्यहरु लुकाइएका श्री देवी महापुराणबाट लिइएको हो। यसैले संस्कृत सहित हिन्दी अनुवाद गरिएको श्रीमद्भागवत् महापुराण सभाषटिकम् समहात्यम्, खेमराज श्री कृष्णदास प्रकाशन मुम्बईको प्रमाण हेरौं:

**तेस्रो स्कन्ध, अध्याय ४ श्लोक ४२ पृष्ठ १०**

ब्रह्मा - अहम् महेश्वरः फिल ते प्रभावात्सर्वे वयं जनि युता न यदा तू नित्याः, के अन्ये सुराः शतमख प्रमुखाः च नित्या नित्या त्वमेव जननी प्रकृतिः पुराणा (४२)।

**अनुवादः विष्णु जीले भने,– हे माता! ब्रह्मा, म र शिव तपाईंकै प्रभावबाट जन्मिएका हौं र नित्य छैनौं अर्थात् हामी अविनाशी छैनौं भने अन्य इन्द्रादि अरू देवता कसरी नित्य हुन सक्छन् ? तपाईं नै अविनाशी, हामी सबैकी जननी अर्थात् हामीलाई उत्पन्न गर्ने माता, प्रकृति तथा सनातनी देवी हुनु हुन्छ। (४२)**

**अध्याय ५ श्लोक ८ पृष्ठ ११ र १२**

यदि दयार्द्रमना न सदांऽबिके कथमहं विहितः च तमोगुणः कमलजश्च रजोगुणसंभवः सुविहितः किमु सत्वगुणों हरिः। (८)

**अनुवादः भगवान शङ्करले भने,– हे आमा! यदि तपाईं हामीलाई दया गर्नु हुन्छ भने मलाई तमोगुणी, कमलबाट उत्पन्न ब्रह्मालाई रजोगुणी तथा विष्णुलाई सतोगुणी किन बनाउनु भयो अर्थात् जीवहरूलाई जन्म मृत्युरुपी दुष्कर्ममा किन लगाउनु भयो ?**

**श्लोक १२ :** रमयसे स्वपतिं पुरुषं सदा तव गतिं न हि विद्य वयं शिवे। (१२)

**अनुवाद : आफ्ना पति पुरूष अर्थात् काल भगवानका साथ सदा भोगबिलास गरि रहने तपाईंको गति (रहस्य) कसैले जान्दैनन्।**

तेस्रो स्कन्ध, पृष्ठ १४, अध्याय ५ श्लोक ४३

एकमेवा द्वितीयं यत् ब्रह्म वेदा वदंति वै। सा किं त्वम् वाऽप्यसौ वा किं संदेहं विनिवर्तय। (४३)

**अनुवाद : वेदहरूमा भनिएको अद्वितीय केवल एक पूर्ण ब्रह्म, तपाईं नै हुनु हुन्छ वा अरू कोही? मेरो यो शङ्काको निवारण गर्नु होस्। ब्रह्मा जीको प्रार्थना सुनेर देवी बोलिन् :** देव्युवाच सदैकत्वं न भेदोऽस्ति सर्वदैव ममास्य च।। योऽसौ साऽहमहं योऽसौ भेदोऽस्ति मतिविभ्रमात्।।२।। आवयोरंतरं सूक्ष्मं यो वेद मतिमान्हि सः।। विमुक्तः स तू संसारान्मुच्यते नात्र संशयः।।३।।

अनुवादः देवीले भनिन्,– उनी जो हुन्, म त्यही हुँ र जो म हुँ उनी त्यही हुन्, मति वा बुद्धि भ्रमित हुनाले भेद देखिन्छ।।२।। हामी दुईको सूक्ष्म अन्तर जान्ने नै मतिमान अर्थात् तत्त्वदर्शी हुन्, उनी संसारबाट अलग्ग रहेर मुक्त हुन्छन्, यसमा शङ्कै छैन।।३।।

सुमरणाद्दर्शनं तुभ्यं दास्येऽहं विषमे स्थिते।। स्वर्तव्याऽहं सदा देवाः परमात्मा सनातनः।।८०।। उभयोः सुमरणादेव कार्यसिद्धिर संशयम्।। ब्रह्मोवाच।। इत्युक्त्वा विससर्जास्मान्द त्त्वां शक्तीः सुसंस्कृतान्।।८१।। विष्णवेऽथ महालक्ष्मी महाकालीं शिवाय च।। महासरस्वतीं मह्यं स्थानात्तस्माद्विसर्जिताः।।८२।।

अनुवाद : देवताहरु ! सङ्कट उपस्थित भएपछि स्मरण गर्नासाथ म तिमीहरूलाई दर्शन दिने छु, परमात्मा सनातन देवको शक्तिका रूपमा मेरो सदा स्मरण गर्नु।।८०।। दुवैको स्मरणले अवश्य कार्य सिद्ध हुने छ। ब्रह्मा जीले भने,– यसरी संस्कार गरी शक्ति प्रदान गरेर हामीलाई विदा दिनु भयो।।८१।। विष्णुलाई महालक्ष्मी, शिवलाई महाकाली र मलाई महासरस्वती दिएर विदा गर्नु भयो।।८३।।'

मम चैव शरीरं वै सूत्रमित्याभिधीयते।। स्थुलं शरीरं वक्ष्यामि ब्रह्मणः परमात्मनः।।८३।।

अनुवाद : मेरो शरीरलाई सूत्ररूप भनिएको छ भने परमात्मा ब्रह्मलाई स्थूल शरीर भएका भनिन्छ।।८३।।

## पुराणका वाक्यहरूको सार

श्री ब्रह्मा जी रजगुण, श्री विष्णु जी सतगुण र श्री शिव जी तमगुण हुन् भन्ने स्पष्ट भयो। यी तीनवटै प्रभुहरु नाशवान छन् र यिनीहरूको जन्म-मृत्यु हुन्छ। दुर्गालाई प्रकृति पनि भनिन्छ। दुर्गाका पति ब्रह्म (क्षर पुरूष/काल) हुन्। यिनी उनीसँग पति पत्नीको व्यवहार (रमण/विलास) गर्छन्। दुर्गा र ब्रह्म दुवै स्थूल शरीरमा आकार रूपमा छन्। यही प्रमाण गीता अध्याय १४ श्लोक ३ देखि ५ मा छ। गीता ज्ञानदाता ब्रह्म (क्षर पुरुष/काल) भनि रहेछन्,– प्रकृति (दुर्गा) मेरी पत्नी हुन्। यिनको योनी (गर्भस्थान) मा मैले स्थापना गरेको बीजले सम्पूर्ण प्राणीहरूको उत्पत्ति हुन्छ। म सबै (एककाईस ब्रह्माण्डका प्राणीहरु) को बाबु हुँ र प्रकृति (दुर्गा/अष्टंगी) सबैकी आमा हुन्। यिनै दुर्गाबाट उत्पन्न तीनवटै गुणहरु (रजगुण-ब्रह्मा, सतगुण-विष्णु र तमगुण-शिव) ले अन्य प्राणीहरूलाई कर्मको बन्धनमा बाँध्छन्।

## त्रिगुण माया (रजगुण ब्रह्मा, सतगुण विष्णु र तमगुण शिव जी) ले जीवलाई मुक्त हुन दिँदैनन्

पवित्र गीता जीको अध्याय ७ श्लोक १ तथा २ मा ब्रह्म भन्छन्:- अर्जुन! अब तिमीलाई त्यो ज्ञान सुनाउँछु जुन जानि सकेपछि अरू केही जान्न बाँकी रहँदैन भनि रहेका छन्। त्यस्तै तीनवटै गुणबाट जे जति काम भइ रहेछ त्यो मबाट नै भएको बुझ भनेर गीता अध्याय ७ श्लोक १२ मा गीता ज्ञानदाता ब्रह्म (क्षर पुरूष/काल) भनि रहेका छन्। अर्थात् रजगुण (ब्रह्मा) बाट उत्पत्ति, सतगुण (विष्णु) बाट

पालन-पोषण वा स्थिति र तमगुण (शिव) बाट प्रलय (संहार) को कारण पनि काल भगवान नै हुन्। फेरि, उनले 'म यिनीहरूमा छुइन' पनि भनेका छन् किनकि काल धेरै पर (एक्काईसौं ब्रह्माण्डको निजलोकमा) बस्छन् तर कालले नै मनका रूपमा मोज-मस्ती गर्छन् र रिमोटले सम्पूर्ण प्राणीहरु तथा ब्रह्मा, विष्णु र शिवलाई यन्त्र जसरी चलाउँछन्। गीता बताउने ब्रह्म भन्दछन्,– मेरा २१ ब्रह्माण्डका प्राणीहरूका लागि मेरो पूजाबाट नै शास्त्र अनुकूल साधना प्रारम्भ हुन्छ, जुन वेदमा वर्णित छ। म अन्तर्गत रहेका प्राणीहरूको बुद्धि मेरै हातमा छ। म त २१ ब्रह्माण्डको मात्र मालिक हुँ। यसैले गीता अध्याय ७ श्लोक १२ देखि १५ सम्ममा तीनवटै गुणहरूबाट जे भइ रहेको छ (रजगुण ब्रह्मा जीबाट जीवहरूको उत्पत्ति, सतगुण विष्णु जीबाट स्थिति र तमगुण शिव जीबाट संहार), त्यसको मुख्य कारण म (ब्रह्म/काल) नै हुँ। (किनकि काललाई एक लाख मानव शरीरधारी प्राणीको शरीरलाई मारेर मयल खाने श्राप लागेको छ।) मेरो (ब्रह्मको) साधना नगरेर त्रिगुणमयी माया (रजगुण-ब्रह्मा, सतगुण-विष्णु र तमगुण-शिव) को साधना गर्ने साधकले क्षणिक लाभ प्राप्त गर्छन् र त्यसै कारणले धेरै कष्ट भोगि रहन्छन्। साथै यिनीहरूभन्दा धेरै लाभ त म (ब्रह्म/काल) दिन सक्छु तर तत्त्वज्ञानको अभावमा यी मूर्ख साधकहरूले यिनै तीन गुणहरु (रजगुण-ब्रह्मा, सतगुण-विष्णु र तमगुण-शिव) सम्मको साधना मात्र गरि रहन्छन्। यिनीहरूको बुद्धि यिनै तीन प्रभुसम्म सिमित भएकोले यी राक्षसी स्वभाव धारण गरेका, मानिसहरूमा नीच, र शास्त्रविरूद्ध साधनारूपी दुष्कर्म गर्ने मूर्खहरूले म (ब्रह्म) लाई भज्दैनन् भन्ने कुराको सङ्केत गरिएको छ। यही प्रमाण गीता अध्याय १६ श्लोक ४ देखि २० तथा २३ र २४ एवं अध्याय १७ श्लोक २ देखि १४ तथा १९ र २० मा पनि छ।

विचार गरौंः रावणले भगवान शिव जीलाई मृत्युञ्जय, अजर-अमर, सर्वेश्वर मानेर भक्ति गरेर दश पटक आफ्नै शिर काटेर चढाइ दिए, फलस्वरूप युद्धका बेलामा दशवटा टाउका पाए तर मुक्ति पाएनन्, बरू राक्षस भनिए। यो दोष रावणका गुरूदेवको हो किनकि ती अबोध गुरू (सिकारू वैद्य) ले वेदहरूलाई राम्ररी नबुझी आफ्नै सोचका आधारमा तमोगुणयुक्त भगवान शिवलाई नै पूर्ण परमात्मा बताएका थिए। सोझा आत्मा भएका रावणले झुटो गुरूदेवमा विश्वास गरेर आफ्नो जीवन र वंश नाश गरे।

१. भस्मागिरी नामको एक साधकले शिव जी (तमोगुण) लाई नै इष्ट देवता मानेर १२ वर्षसम्म शीर्षासन (टाउको तल र खुट्टा माथि) गरी साधना गऱ्यो। भगवान शिवलाई वचनबद्ध गराएर भस्मकण्डा (बाला) प्राप्त गऱ्यो। अनि भगवान शिवलाई नै मार्न तम्सियो। भस्मकण्डाले शिव जीलाई मारेर पार्वती जीलाई पत्नी बनाउने त्यसको उद्देश्य थियो। भगवान शिव जी डरले भागे र विष्णु जीले भस्मासुरलाई गण्डहथ नृत्य गराएर त्यही भस्मकण्डाले भस्म गरि दिए। शिव जीको त्यो साधकलाई राक्षस भनियो। हिरण्यकश्यपुले भगवान ब्रह्मा (रजोगुण) को साधना गरे तर पनि राक्षस कहलियो।

२. आज (सन् २००६) भन्दा लगभग ३३५ वर्ष अघि एकपटक हरिद्वारमा हरका पैडीहरूमा (शास्त्रविधिरहित साधना गर्नेहरूको) कुम्भ पर्वको परभि (मेला) को संयोग मिलेको थियो। त्यहाँ सबै (त्रिगुण उपासक) महात्माहरु स्नान गर्न पुगे। गिरी, पुरी, नाथ, नागा आदि भगवान श्री शिव जीका उपासक हुन् भने वैष्णवहरु भगवान श्री विष्णु जी (सतगुण) का उपासक हुन्। कसले पहिला स्नान गर्ने भन्ने निहुँमा नागा र वैष्णव साधुहरूका बीच ठूलो लडाईं भयो र करिब २५,००० त्रिगुण उपासकहरूको मृत्यु भयो। स-साना कुरामा नरसंहार (आम-हत्या) गर्ने साधु हो कि राक्षस ? स्वयं विचार गरौं। साधारण मानिसहरु नुहाइ रहेको ठाउँमा कोही आएर मलाई पनि नुहाउने ठाउँ दिनु होस् भनि अनुरोध गरेमा शिष्टाचारको नाताले उनलाई आउनु होस् तपाईं पनि नुहाउनु होस् भन्छन्। यताउता सरेर भएपनि आउनेलाई ठाउँ दिन्छन्। यसैले पवित्र गीता जीको अध्याय ७ श्लोक १२ देखि १५ सम्ममा मेरा त्रिगुणी माया (रजगुण-ब्रह्मा, सतगुण-विष्णु, तमगुण-शिव) को पूजाद्वारा ज्ञान हराइ सकेका मान मर्यादाको भोका, राक्षसी स्वभाव धारण गरेका, मनुष्यमा नीच अर्थात् जनसाधारणभन्दा पनि पतित स्वभाव भएका, दुष्कर्म गर्ने मुर्खहरूले त मेरो भक्ति पनि गर्दैनन् भनिएको छ। गीता अध्याय ७ श्लोक १६ देखि १८ सम्ममा पवित्र गीता बताउने प्रभु (काल-ब्रह्म) के भनि रहेछन् भने मेरो भक्ति (ब्रह्म साधना) पनि चार प्रकारका साधकहरूले गर्छन्। पहलो अर्थार्थी (धनको लाभ चाहने) हुन्, जसले वेदमन्त्रबाटै तन्त्र मन्त्र, हवन आदि गर्छन्। दोस्रो आर्त्त हुन्, जसले सङ्कट निवारणका लागि वेदका मन्त्रले नै तन्त्र, मन्त्र, हवन आदि गर्छन्। तेस्रो जिज्ञासु जो परमात्माको ज्ञान जान्न इच्छा राख्ने हुन्, उनीहरु केवल ज्ञान सङ्ग्रह गरेर वक्ता बन्छन् र ज्ञानको श्रेष्ठताका आधारमा आफूलाई अरूभन्दा उत्तम वा ज्ञानवान ठानेर अभिमानवश भक्तिहीन हुन्छन्। चौथो ज्ञानी जो मानव शरीर बारम्बार नपाइनाले प्रभु साधना गरिएन भने जीवन व्यर्थ हुन्छ भन्ने ज्ञान पाएका साधक हुन्। अनि वेदहरु पढ्छन् र तीनवटै गुण (ब्रह्मा, विष्णु र शिव) तथा ब्रह्म (क्षरपुरूष) र परब्रह्म (अक्षर पुरूष) भन्दा उत्तम पूर्णब्रह्मको भक्ति गर्नु पर्छ अरु देवताहरूको होइन भन्ने ज्ञान पाउँछन्। ती ज्ञानी उदार आत्माहरूले मलाई मन पराउँछन् र तिनीहरूले तीन गुण (रजगुण-ब्रह्मा, सतगुण-विष्णु र तमगुण-शिव) भन्दा माथि उठेर अन्य देवताहरूको भन्दा राम्रो मेरो (ब्रह्मको) साधना गर्न थाले त्यसैले म तिनीहरूलाई मन पराउँछु। तर वेदमा 'ओ३म्' नाम त ब्रह्मको साधना गर्ने मन्त्र मात्र हो भनिएको भए पनि वेद पढ्ने विद्वानहरु आफैंले विचार विमर्श गरेर पूर्ण ब्रह्मको मन्त्र ठानी वर्षौंसम्म साधना गरि रहे। प्रभु प्राप्ति भएन। अन्य सिद्धिहरु भने पाए। पवित्र गीता अध्याय ४ श्लोक ३४ तथा पवित्र यजुर्वेद अध्याय ४० मन्त्र १० मा वर्णित तीन मन्त्रबाट पूर्णब्रह्मको साधना गर्नु पर्ने कुरा बताउने तत्त्वदर्शी सन्त नभेटेको हुनाले ज्ञानीहरु पनि ब्रह्म (काल) साधना गरेर जन्म-मृत्युको चक्रमा नै घुमि रहे।

एकजना ज्ञानी तथा उदार आत्मा भएका महर्षि चुणक जीले वेदहरू पढे र 'ओ३म्' लाई एकमात्र पूर्णप्रभुको भक्ति मन्त्र ठानेर यसै नामको जपले वर्षौंसम्म साधना गरे। त्यसबेला मानधाता नामका चक्रवर्ती राजा थिए। (सम्पूर्ण पृथ्वीमा शासन हुनेलाई चक्रवर्ती राजा भनिन्छ।) उनले आफू अन्तर्गतका राजाहरूलाई युद्धका लागि चुनौति दिँदै एउटा घोडाको घाँटीमा पत्र बाँधेर सबै राज्यमा घुमाए। त्यस पत्रमा राजा मानधाताको आधीनता स्वीकार नगर्नेले युद्ध गर्नु पर्ने र त्यसका लागि घोडा पक्रेर बाँध्नु पर्ने शर्त लेखिएको थियो। कसैले पनि घोडालाई समातेनन्। राजा धेरै घमण्डी भएछन् भन्ने महर्षि चुणकले बुझेर घोडा सामाते र राजाको युद्धको चुनौति स्वीकार गरे। युद्ध सुरू भयो। मानधाता राजाले आफ्ना ७२ करोड सेनालाई चार समुहमा बाँडेर एक भाग (१८ करोड) सेनाले महर्षि चुणकमाथि आक्रमण गरे। महर्षि चुणकले आफ्नो साधनाको कमाइले चारवटा पुतली (बम) बनाए र राजाका चारै भागका सेना विनाश गरि दिए।

विशेषः श्री ब्रह्मा, श्री विष्णु र श्री शिव जी तथा ब्रह्म र परब्रह्मको भक्तिले पाप र पुण्य दुवैको फल भोग्नु पर्छ। पुण्य स्वर्ग र पाप नर्कमा तथा चौरासी लाख प्राणीहरूको शरीरमा आएर विभिन्न प्रकारका यातना भोग्नु पर्छ। ज्ञानी आत्मा श्री चुणक जीले ओ३म् नामको जापको कमाइ केही सिद्धि शक्ति (चारवटा बम बनाउन) मा खर्च गरेर महर्षि बने। केही साधना फल महास्वर्गमा भोग गरेर फेरि नरकमा जाने छन्। ७२ करोड प्राणी (सैनिक) हरूको वचनले संहार गरेको फल पनि भोग्नु पर्ने छ। हतियार वा वचनरूपी तरवारले हत्या गर्ने दुवैलाई प्रभुले समान दण्ड दिनु हुन्छ। ती महर्षि चुणक जीको आत्मा (जीव) कुकुरको शरीरमा आउँदा टाउकोमा घाउ हुने छ र ती सैनिकहरूका जीव (आत्मा) ले त्यो घाउमा किरा बनेर प्रतिशोध लिने छन्। कहिले त्यस कुकुरको खुट्टा भाँच्चिने छ त कहिले पछाडिको खुट्टामा पक्षघात भएर अगाडिका खुट्टाले घस्रेर हिंड्ने छ तथा गर्मी र जाडोको कष्टको असह्य पीडा विभिन्न प्रकारले भोग्नु पर्ने छ।

पवित्र गीता जी बताउने ब्रह्म (काल) गीता अध्याय ७ श्लोक १८ मा भनि रहेछन्,– यी सम्पूर्ण ज्ञानी आत्माहरु उदार (दयालु) छन् तर पूर्ण परमात्माको तीन मन्त्रको वास्तविक साधना बताउने तत्त्वदर्शी सन्त नभेटिनाले यी सबै मेरो नै (अनुत्तमाम्) अति अश्रेष्ठ मुक्ति (गति) को आशमा आश्रित रहन्छन् अर्थात् मेरो साधना पनि अश्रेष्ठ छ। त्यसैले पवित्र गीता अध्याय १८ श्लोक ६२ मा हे अर्जुन! सम्पूर्ण भावले ती पूर्ण परमात्माको शरणमा जाऊ, वहाँको कृपाले नै तिमीले परम शान्ति र सनातन परमधाम (सत्यलोक) प्राप्त गर्ने छौ भनिएको छ। प्रेत रूपमा श्री कृष्णको शरीरमा पसेर ब्रह्मले पवित्र गीता भने अनि कैयौं वर्षपछि महर्षि ब्यास जीको शरीरमा प्रेतरूपमा प्रवेश गरेर पवित्र गीता र पवित्र चारैवेदलाई स्वयं ब्रह्म (क्षरपुरूष) ले नै लिपिबद्ध गरे। यिनीहरूमा परमात्मा कस्ता छन्, वहाँको भक्ति कसरी गर्नु पर्छ र त्यसबाट कस्तो उपलब्धि हुन्छ आदि ज्ञानको पूर्ण वर्णन गरिएको भए

पनि पूजाको विधि केवल ब्रह्म (क्षरपुरूष) अर्थात् ज्योति निरञ्जन/काल सम्मको मात्र छ।


पवित्र गीता अध्याय ४ श्लोक ३४ मा पवित्र गीता भन्ने (ब्रह्म) प्रभु स्वयंले पूर्ण ब्रह्म वा पूर्ण परमात्माको भक्ति र प्राप्तिका लागि कुनै तत्त्वज्ञानी सन्त खोज र उनले बताएको विधि अनुसार गर, पूर्ण परमात्माको पूर्ण ज्ञान र भक्ति विधि त म पनि जान्दिनँ भनेका छन्। आफ्नै साधनाको विषयमा गीता अध्याय ८ श्लोक १३ मा मेरो भक्तिको त केवल एउटा "ओ३म्" अक्षर मात्र हुनाले अन्तिम स्वास (त्यजन् देहम्) सम्म त्यसको उच्चारण गर्दै जप गर्नेले मेरो लोकको परमगति पाउने छ भनेका छन्। फेरि गीता अध्याय ७ श्लोक १८ मा जुन प्रभु चाहने आत्माहरूले पूर्ण ब्रह्मको साधनाका बारेमा जान्ने तत्त्वदर्शी सन्तलाई भेट्दैनन्, त्यसैले ती उदार आत्माहरू मेरो (अनुत्तमाम्) अति अनुत्तम परमगतिमा आश्रित हुने छन् भन्दै आफ्नो साधना गर्दा पाइने गति अर्थात् मुक्ति पनि अति अश्रेष्ठ (तुच्छ) छ भनि रहेका छन्।

## अन्य देवताहरू (रजगुण-ब्रह्मा, सतगुण-विष्णु र तमगुण-शिव) को पूजा अज्ञानीले नै गर्छन्


अध्याय ७ श्लोक २० मा भनिएको कुराको सम्बन्ध अध्याय ७ को श्लोक १५ देखि लगातार छ- श्लोक १५ मा त्रिगुणी माया (रजगुण-ब्रह्मा, सतगुण-विष्णु र तमगुण-शिव) को पूजासम्म सीमित रहेका र यिनीहरूबाट प्राप्त क्षणिक सुखबाट ज्ञान हराइ सकेका असुर स्वभाव धारण गरेका, नीच, दुष्कर्म गर्ने मूर्खहरु मलाई भज्दैनन्। अध्याय ७ श्लोक २० मा ती भोगहरूको कामनाले गर्दा ज्ञान हराइ सकेकाहरु आफ्नै स्वभावले प्रेरित भएर अज्ञानरूपी अन्धकारको नियममा आश्रित अन्य देवताहरूको पूजा गर्छन् र अध्याय ७ श्लोक २१ मा जो-जो भक्तले जुन-जुन देवताको स्वरूपलाई श्रद्धापूर्वक पूज्न चाहन्छ, उसको श्रद्धालाई म त्यही देवताप्रति स्थिर गरि दिन्छु भनिएको छ।

गीता अध्याय ७ को श्लोक २२ मा उसले जस्तो श्रद्धायुक्त भएर जुन देवताको पूजा गर्छ उनै देवताबाट मैले नै विधान बनाएका केही इच्छित भोगहरु पाउने छ भनिएको छ। उदाहरणका लागि, मुख्य मन्त्रीले तल्ला तहका कर्मचारीहरु त मेरै नोकर हुन्, मैले उनीहरूलाई केही अधिकार दिएको छु, उनीहरूमा आश्रित हुनेहरूले पाउने लाभ पनि मैले नै दिएको हो तर त्यो पूर्ण लाभ भने होइन। गीता अध्याय ७ को श्लोक २३ मा ती मन्दबुद्धि भएकाहरूको त्यो फल नाशवान हुन्छ, देवताहरूलाई पुज्नेहरूले देवतालाई नै प्राप्त गर्छन्, वेदमा वर्णित विधि अनुसार भक्ति गर्ने (मदभक्त) मतावलम्बीहरूले पनि मलाई प्राप्त गर्छन् अर्थात् कालको जालभन्दा बाहिर कोही पनि छैन भनिएको छ।

विशेषः गीता अध्याय ७ को श्लोक २०—२३ सम्ममा के भनिएको छ भने कुनै पनि पितृ, भूत, देवी देवता आदिको स्वभावबस् पूजा गर्ने मन्दबुद्धि भएका मानिस




शास्त्रविरुद्ध साधना अर्थात् उल्टो रोपिएको भक्ति रूपी बिरुवा


गीता अध्याय नं. १५
शस्त्रानुकूल साधना अर्थात् सिधा रोपिएको भक्ति रूपी बिरुवा

(भक्त) हरूलाई म (ब्रह्म,काल) नै ती देवताप्रति आशक्त गराउँछु। मैले नै देवताहरूलाई दिएको केही शक्तिबाट ती अज्ञानी साधुहरूले लाभ पाउने छन्। त्यसैको आधारमा देवताहरूका पूजारीले देवताहरूलाई प्राप्त गर्ने छन्। तर ती बुद्धिहीन साधकहरूको पूजाले तिनीहरूलाई चाँडै चौरासी लाख योनीहरूमा लैजाने छ। मेरो (कालको) भक्ति गर्नेहरु पहिला तातो ढुङ्गा (तप्तशीला) मा र फेरि मेरो महास्वर्गमा (ब्रह्मलोक) मा जाने छन् र त्यसपछि जन्म-मरणको चक्रमा नै घुमि रहने छन्, उनीहरूले मोक्ष प्राप्त गर्ने छैनन्।

भावार्थः देवी देवताहरु तथा ब्रह्मा, विष्णु र शिव एवं माताको भन्दा भगवान ब्रह्मको साधना धेरै लाभदायक छ। महास्वर्गमा गएका साधकहरूको स्वर्ग भोगको समय एक महाकल्पसम्म पनि हुन सक्छ तर महास्वर्गमा शुभकर्महरूको सुख भोगेर फेरि नर्क र अन्य प्राणीको शरीरमा रहेर कष्ट भोगि रहनु पर्छ, पूर्ण मोक्ष अर्थात् कालको जालबाट मुक्ति हुँदैन।

## अन्य प्रमाण

पवित्र गीता र वेदहरूमा अन्य देवताहरूको पूजा र पितृ पूजा (श्राद्ध गर्नु) तथा भूत पूजा (अस्तु सेलाउनु, फूल उठाउनु, पिण्ड दिनु, मसान पूजा गर्नु) आदिको मनाही गरिएको छ।

## पवित्र चारै वेद अनुसारको साधनाले मुक्ति होइन स्वर्ग-महास्वर्गको प्राप्ति मात्र हुन्छ

पवित्र गीता अध्याय ९ को श्लोक २० र २१ मा भनिएको छ,– मनोकामना (सकाम) सिद्धिका लागि मेरो पूजा तीनवटै वेदमा वर्णित शास्त्रानुकुल साधना गर्नेहरु आफ्नो कर्मका आधारमा महास्वर्गमा आनन्द मनाएर पुनः जन्म-मरणमा आउँछन् अर्थात् पूर्ण सन्तबाट तीनवटै मन्त्र (ओ३म्, तत्, र सत् साङ्केतिक) प्राप्त नगरी शास्त्रानुसार यज्ञ गरेको भए पनि त्यसको एकमात्र लाभ सांसारिक भोग, स्वर्ग र फेरि नरक तथा चौरासी लाख जुनी नै हुन्। अध्याय ९ श्लोक २२ मा निष्काम रूपमा मेरो शास्त्रानुसार पूजा गर्नेहरूको पूजाको साधनाको रक्षा म स्वयं गर्छु तर मुक्ति दिन सक्दिन भनिएको छ।

## शास्त्रविधि विरूद्धको साधना पतनको कारण

पवित्र गीता अध्याय ९ को श्लोक २३ र २४ मा के भनिएको छ भने अन्य देवताहरूको पूजा गर्नेहरूले मेरै (कालको जालमा रहने) पूजा गरि रहेका हुन्छन्। उनीहरूका यी पूजा विधिरहित अर्थात् शास्त्र विरूद्ध छन्। (यसको भावार्थ अन्य देवताहरूलाई पुज्नु हुँदैन हो।) किनकि सम्पूर्ण यज्ञहरूको भोग्ता र स्वामी मै हुँ। ती भक्तहरूले मलाई राम्ररी चिन्दैनन् र पतन अर्थात् नरक र चौरासी लाख जुनीहरूको कष्ट भोग्ने छन्। गीता अध्याय ३ श्लोक १४ र १५ मा सबै यज्ञहरूमध्ये प्रतिष्ठित अर्थात् सम्मानित त परमात्मा (सर्व गतम् ब्रह्म) पूर्ण ब्रह्म हुनु हुन्छ, वहाँलाई नै

यज्ञ समर्पण गरिन्छ, वहाँले नै कर्माधार बनाएर सबै प्राणीहरूलाई प्रदान गर्नु हुन्छ तर पूर्ण सन्त प्राप्त नहुन्जेलसम्म सम्पूर्ण यज्ञको भोग काल (मनका रूपमा) ले नै गर्छन् भनिएको छ त्यसैले ब्रह्म/कालले आफूलाई सबै यज्ञहरूको भोग्ता र स्वामी भनि रहेका छन्।

## श्राद्ध (पितृ पूजा) गर्नेहरू पितृ बन्छन्, मुक्त हुँदैनन्

गीता अध्याय ९ को श्लोक २५ मा भनिएको छ,– देवताहरूको पूजा गर्नेहरूले देवताहरु प्राप्त गर्छन्, पितृ पूजा गर्नेहरूले पितृ प्राप्त गर्छन्, भूतको पूजा गर्नेहरु (पिण्डदान गर्नेहरु) ले भूत प्राप्त गर्छन् अर्थात् भूत नै बन्छन्। शास्त्रानुसार (पवित्र वेदहरु तथा गीता अनुसार) पूजा गर्नेहरूले मलाई नै प्राप्त गर्छन् अर्थात् कालले बनाएका स्वर्ग तथा महास्वर्ग आदिमा केही लामो समय आनन्दमा बिताउँछन्।

विशेष : कसैले तहसीलदारकोमा नोकरी (सेवा/पूजा) गरे पनि तहसीलदार भने बन्न सक्दैन। त्यसबाट प्राप्त धन वा कमाइबाट गुजारा चाहिँ चल्छ अर्थात् त्यो व्यक्तिको अधीनमा नै रहन्छ। ठीक त्यसैगरी जसले जुन देवता (ब्रह्मा, विष्णु र महेश अर्थात् त्रिदेव) को पूजा (नोकरी) गर्छ उसले तीनै देवताहरूबाट प्राप्त हुने लाभ पाउँछ। पवित्र गीता अध्याय ७ श्लोक १२ देखि १५ र २० देखि २३ सम्ममा पनि त्रिगुणी माया अर्थात् तीनवटै गुण (रजगुण-ब्रह्मा, सतगुण-विष्णु र तमगुण-शिव) को पूजा गर्न मनाही गरिएको छ। यस्तै पितृको पूजा (नोकरी वा सेवा) गर्नेले सानो पितृ बनेर पितृसँगै बसी कष्ट उठाउने छ। त्यसरी नै भूत (प्रेत) हरूको पूजा (सेवा) गर्ने भूत बन्दछ किनकि जीवनभरी जुन कुरामा आशक्ति हुन्छ अन्त्यमा मन त्यसैमा अल्झि रहने हुनाले उनीहरु आशक्ति भएकाहरूको मै जान्छन् । कसै-कसैले पितृ, भूत र देव पूजाहरु पनि गरि राख्ने र हजुरबाट उपदेश लिएर साधना पनि गरि रहन्छौं भन्छन् तर यस्तो त हुनै सक्दैन। पवित्र गीता र चारै वेदमा मनाही गरिएका साधना गर्नु शास्त्रविरूद्ध हुने छ। यसलाई पवित्र गीता अध्याय १६ श्लोक २३ र २४ मा पनि शास्त्र विधि त्यागेर मनोमानी आचरण (पूजा) गर्नेले सुख वा परम गति प्राप्त गर्दैन । न त कुनै कार्य सफल बनाउने सिद्धि नै प्राप्त गर्छ अर्थात् जीवन व्यर्थै गुमाउँछ, त्यसैले अर्जुन तिम्रो लागि कर्तव्य (जुन साधनाको कर्म गर्नलाई योग्य छ) तथा अकर्तव्य (जुन साधनाको कर्म गर्नलाई योग्य छैन) को व्यवस्था (नियम) मा शास्त्र नै प्रमाणका रूपमा हुनाले अन्य साधना वर्जित छ भनिएको छ।

यही प्रमाण मार्कण्डेय पुराण (गीता प्रेस गोरखपुरबाट प्रकाशित, मार्कण्डेय पुराण र ब्रह्म पुराणांक जोडेर एउटै जिल्दमा राखिएको पुस्तकको पृष्ठ २३७) मा पनि छ। एकजना रूचि नामका साधकले ब्रह्मचर्यमा रहेर वेदहरूका आधारमा साधना गरि रहेका थिए। उनी ४० वर्षका भएपछि शास्त्रविरूद्ध साधना गरेर पितृ बनेका र दुःख भोगि रहेका आफ्ना चार पूर्वजहरूलाई उनले देखे। पितृहरूले रूचिलाई हामी त दुःखमा छौं। त्यसैले विवाह गर र हाम्रो श्राद्ध गर भनेर आग्रह गरे। रूचि ऋषिले भने,– वेदमा कर्मकाण्डको मार्ग (श्राद्ध गर्नु, पिण्ड दिनु आदि) लाई मूर्खहरूको

साधना भनिएको छ तर पनि तपाईंहरू किन मलाई त्यस गलत (शास्त्र विधिरहित) साधनामा लगाउन खोजि रहनु भएको छ ? पितृहरूले भने,– बाबु, तिम्रो कुरा सत्य हो। वेदमा पितृ, भूत र देवी देवताहरूको पूजा (कर्मकाण्ड) लाई अविद्या भनिएको छ। यो अलिकति पनि झुटो हैन। मार्कण्डेय पुराणको यही लेखमा पितृहरूले केही त लाभ दिन्छन् नि भनेर पितृहरूले भनेको उल्लेख छ।

विशेष : यहाँ पितृहरूले आफ्नो अनुमान लगाएका हुन्। त्यसैले यसलाई पालन गर्नु हुँदैन किनकि पुराणमा गर्न भनिएको पितृ, भुत वा अन्य देवी देवताको पूजा कुनै ऋषि विशेषको आदेश हो। तर वेदमा त्यस्ता कुनै प्रमाण नभएकाले प्रभुको आदेश भने होइन। त्यसैले कुनै सन्त या ऋषिको भनाइमा लागेर प्रभुको आज्ञा उल्लङ्घन गर्नाले सजायको भागिदार भइन्छ। एक पटक एउटा व्यक्तिको पुलिस थानेदारसँग मित्रता भयो। त्यस व्यक्तिले आफ्नो थानेदार साथीलाई आफ्नो छिमेकीले धेरै दुःख दिएर सताउने गरेको कुरा भन्यो। थानेदारले त्यसलाई मज्जाले कुट, म छँदै छु नि भने। थानेदार साथीको आड पाएपछि त्यस व्यक्तिले आफ्नो छिमेकीलाई लट्ठीले हिर्कायो र टाउकोमा चोट लागेर छिमेकी मऱ्यो। त्यसै इलाकाको थानेदार भएकाले थानेदारले आफ्नै साथीलाई पक्रेर ल्याई कैदमा राख्यो र त्यस व्यक्तिले मृत्यु दण्डको सजाय पायो। थानेदार साथीले केही सहयोग गर्न सकेन किनकि कसैको हत्या गर्नेलाई मृत्युदण्ड दिने राजाको कानुन थियो। त्यो मूर्ख व्यक्तिले थानेदार साथीको आडमा राजाको कानुन उल्लङ्घन गरेकोले आफ्नो जीवन गुमाउनु पऱ्यो। ठीक त्यसरी नै पवित्र गीता तथा पवित्र वेद प्रभुको संविधान हो। यिनीहरूमा एकमात्र पूर्ण परमात्माको पूजाको विधान छ। पितृ, भूत आदि पूजा गर्न निषेध छ। पुराणहरूमा ऋषि (थानेदार) हरूको आदेश छ, जसको आज्ञा पालन गर्दा प्रभुको संविधान भङ्ग हुनाले अनेकौं कष्टको सामना गर्नु पर्छ। यसैले आन (अन्य) उपासना पूर्ण मोक्षको बाधक हो।

## सत्य कथा

मेरा (सन्त रामपाल दास महाराज जीका) पूज्य गुरूदेव स्वामी रामदेवानन्द जीले लगभग १६ वर्षको उमेरमा पूर्ण परमात्मा प्राप्तिका लागि अचानक घर त्यागेर हिँड्नु भयो। सँधै लगाउने लुगा आफ्नै खेत नजिकको बाक्लो जङ्गलमा कुनै मृत पशुको हाडहरु नजिक फ्याँकि दिनु भयो। साँझपख घरमा नआएकाले घरका मानिसहरु वहाँलाई खोज्न जङ्गलतिर गए। रातको समय थियो। परिवार सदस्यहरूले लुगा चिने र बालक जङ्गलतिर गएको बेला कुनै हिंस्रक जनावरले खायो होला भन्ने सोची पशुका हाडहरूलाई आफ्नो छोराको ठानेर ल्याए। अनि अन्तिम संस्कार गरि दिए र सम्पूर्ण कर्महरु- तेऱ्हौं, बर्खी आदि गरे। श्राद्ध पनि गरि रहन थाले। लगभग १०४ वर्षको उमेरको हुनु भएपछि स्वामी जी अचानक हरियाणाको चरखीदादरी तहसिलको भिवानी जिल्ला स्थित आफ्नो गाउँ बडा पैंतावास पुग्नु भयो। स्वामी जीको बाल्यकालको नाम श्री हरिद्वारी जी थियो र पवित्र ब्राह्मण कुलमा

जन्मिनु भएको थियो। म (रामपाल दास महाराज जी) पनि थाहा पाएर दर्शन गर्नका लागि त्यहाँ पुगें। स्वामी ज्यूकी भाउजू लगभग ९२ वर्षको हुनु हुन्थ्यो। मैले ती वृद्धालाई हाम्रा गुरूज्यूले घर त्यागेर जानु भएपछि के महसुस भयो भनेर सोधें। ती वृद्धाले आफ्नो विवाह भएपछि एउटा देवरलाई जङ्गलमा कुनै हिंस्रक जनावरले खाएको थियो भनेर आफूलाई सुनाइएको कुरा बताइन्। उनको प्रत्येक वर्ष श्राद्ध गरिन्छ। उनलाई पनि श्राद्ध गर्न भनिएकोले वृद्धाले आफ्नै हातले ७० वटा श्राद्ध गरेको कुरा सुनाइन्। अन्न राम्रो नहुँदा वा घरको कुनै सदस्य बिरामी हुँदा कारण सोध्न पुरोहित (गुरू जी) कहाँ जाने गरेको उनले बताइन्। ती पुरोहितले हरिद्वारी पितृ बनेकोले उसैले दुःख दिइ रहेको छ र श्राद्ध गर्दा पनि कुनै अशुद्धी भएको छ। यसपाली सबै कर्म म आफ्नै हातले गर्छु। पहिले एकै पटक एकै दिनमा थुप्रै ठाउँमा श्राद्ध गर्न जानुपर्ने भएकाले समय मिलेको थिएन त्यसैले बच्चालाई पठाएको थिएँ। तबसम्म उसलाई शान्त पार्नका लागि केही भेटी चढाऊ भन्थे। अनि उसलाई २१ वा ५१ जति भन्थे डराउँदै त्यति भेटी चढाउँथें र गुरू जी आफैंले श्राद्ध गरि दिन्थे भनेर बताइन्। अनि मैले आमा अब गीता जी विरूद्धको यो साधना छोडि दिनु होस् नत्र तपाईं पनि प्रेत बन्नु हुने छ भनेर गीता अध्याय ९ श्लोक २५ सुनाएँ। ती वृद्धाले गीता त म पनि पढ्छु भनिन्। मैले भनें,– तपाईंले पढ्नु त भयो, तर बुझ्नु भएन। अब यो मूर्खतापूर्ण साधनालाई छोडि दिनु होस्। वृद्धाले उत्तरमा श्राद्ध त सदियौं पूरानो परम्परा (संस्कार) हो, कसरी छोड्नु भनिन्। वास्तवमा यो दोष ती सोझा आत्माहरूको होइन बरू आफ्ना पवित्र शास्त्रहरु नबुझेर मनोमानी आचरण (पूजा गर्ने तरिका) बताइ दिने मूर्ख (अज्ञानी) गुरूहरूको हो। यसबाट न कुनै कार्य सिद्ध हुन्छ न त परमगति र कुनै सुख नै प्राप्त हुन्छ। (प्रमाण पवित्र गीता अध्याय १६ श्लोक २३-२४)

यो दासको के प्रार्थना छ भने शिक्षित वर्गले अवश्य ध्यान दिनु होला शास्त्रविधि अनुसार साधना गरेर परमात्माको सनातन परमधाम (शाश्वतम् स्थानम्) अर्थात् सत्यलोक प्राप्त गर्नु होस्। यसबाट मात्र पूर्ण मोक्ष र परमशान्ति पाउनु हुन्छ (गीता अध्याय १८ श्लोक ६२) र यसका लागि तत्त्वदर्शी सन्तको खोजी गर्नु होस् (गीता अध्याय ४ श्लोक ३४)।

एक श्रद्धालुले म हजुरबाट उपदेश लिएर हजुरले बताउनु भएको साधना नियमित गर्ने छु र श्राद्ध पनि गरि रहन्छु अनि आफ्ना घरेलु देवी देवताहरूको पनि देखावटी रूपमा पूजा गरि रहन्छु, यसमा के दोष छ भनेर सोधे।

दासको प्रार्थना : संविधानको कुनै पनि धाराको उल्लङ्घन गरेमा सजाय अवश्यै पाइन्छ। यसैले पवित्र गीता तथा पवित्र चारै वेदहरूमा वर्णित र निषेधित गरिएका विधि विपरित साधना गर्नु व्यर्थ छ। (प्रमाण पवित्र गीता अध्याय १६ श्लोक २३-२४)। कसैले देखावटी वा बाहिरी रूपमा कार पञ्चर गरि दिन्छु भन्ला तर

रामनामको गाडी पञ्चर गर्न निषेध छ। ठीक त्यसरी नै शास्त्र विरूद्धको साधना हानिकारक नै छ।

एक श्रद्धालुले गुरू जीसँग भने,– म अरू कुनै विकार (जाँड-रक्सी, मासु आदि) सेवन गर्दिन। मात्र सूर्ती (बिडी, सिगरेट, हुक्का) सेवन गर्छु। हजुरले बताउनु भएका पूजा र ज्ञान अति उत्तम छन्। मैले गुरू जी पनि बनाएको छु, तर यो ज्ञान आजसम्म कुनै सन्तसँग छैन। म २५ वर्षदेखि घुमि रहेको छु र तीनजना गुरूदेव पनि फेरि सकेको छु। कृपया मलाई सूर्ती सेवन गर्ने छुट दिनु होस्, बाँकी सबै शर्तहरु मन्जुर छ। सूर्तीले भक्तिमा कस्तो बाधा पुऱ्याउँछ र ?

दासको प्रार्थनाः शरीरलाई अक्सिजनको आवश्यकता हुन्छ। सूर्तीको धुवाँ कार्बन-डाइ-अक्साइड हुनाले यसले फोक्सोलाई कमजोर र रगतलाई दुषित पार्छ। मानव शरीर प्रभु प्राप्ति र आत्म कल्याणका लागि प्राप्त भएको हो। यसमा परमात्मा प्राप्त गर्ने बाटोको प्रारम्भ सुष्मना (सुषुम्ना) नाडीबाट हुन्छ। नाकका दुई प्वालमध्ये दायाँलाई इडा र बायाँलाई पिंगला भनिन्छ। यी दुवैको बीचमा सुष्मना नाडी हुन्छ, जसमा सानो सियोको धागो छिराउने प्वालजत्रै ढोका हुन्छ। सुर्तीको धुँवाले यो बन्द भएर प्रभु प्राप्तिको मार्गमा अवरोध पुग्छ। प्रभु प्राप्त गर्ने बाटो नै बन्द भयो भने मानव शरीर नै व्यर्थ भयो। त्यसैले प्रभुको भक्ति गर्ने साधकका लागि प्रत्येक नशालु र अखाद्य (मासु आदि) पदार्थहरु सेवन गर्न सदाका लागि निषेध छ।

एक जना श्रद्धालुले भने,– म सूर्ती प्रयोग गर्दिन तर मासु र रक्सी खान्छु। यसबाट भक्तिमा के असर हुन्छ? यी सब त खान पिउनका लागि नै बनाएका हुन्। फेरि, बोटविरूवा पनि त जीव हुन्, तिनलाई खानु पनि त मासु खानु बराबरै हो।

दासको अनुरोधः यदि कसैले हाम्रा आमा-बुबा, भाइ-बहिनी र बालबालिका मारेर खायो भने कस्तो लाग्छ? "जैसा दर्द आपने होवै, वैसा जान बिराने। कहै कबीर वे जाऐं नरक में जो काटे शिश खुरांनें।।" पशुपक्षीलाई मारी खुर तथा टाउको निर्दयतापूर्वक काटेर मासु खाने मान्छे नरकमा पर्ने छ। आफ्ना बालबालिका र आफन्तको हत्या हुँदा दुःख लाग्छ भने अरूलाई पनि त्यस्तै हुन्छ भन्ने बुझ्नु पर्छ। रह्यो कुरा बोटबिरूवाको तथा यी जड जुनीका हुन्, प्रभुले यिनीलाई खाने आदेश दिनु भएको छ। अन्य चेतन प्राणीको हत्या प्रभुको आदेश विरूद्ध हुने अपराध (पाप) हो।

जाँड-रक्सी सेवन गर्न पनि प्रभुको आदेश छैन, पूर्ण निषेध छ। यो सेवन गर्नु भनेको जीवन बर्बाद गर्नु हो। जाँड-रक्सी खाएको मानिसले जे पनि गर्न सक्छ। जाँड-रक्सी पिउने काम धन र जन, पारिवारिक शान्ति र समाज तथा सभ्यताको महाशत्रु हो। यसबाट त प्यारा बालबालिकाहरूको उज्ज्वल भविष्यमाथि नै नराम्रो प्रभाव पर्छ। जाँड-रक्सी पिउने मान्छे जति नै असल भएपनि उसको न इज्जत न त विश्वास हुन्छ।

एक पटक यस दास (सन्त रामपाल जी महाराज) एउटा गाउँमा सत्सङ्ग गर्न गएको थियो। त्यस दिन नशालु पदार्थ निषेध विषयमा सत्सङ्ग गरेको थियो।

सत्सङ्गपछि एघार वर्षकी एउटी केटी बेस्सरी रून थालिन्। कारण सोधेपछि उनले भनिन्,– महाराज मेरो बुबा पालम हवाइ अड्डामा राम्रो जागिर खानु हुन्छ तर सबै पैसा रक्सीमा सिध्याउनु हुन्छ। आमाले रोक्न खोज्दा शरीरभरी नीलडाम हुनेगरी पिट्नु हुन्छ। एक पटक बुबाले आमालाई कुट्न थालेपछि आमामाथि सुतेर जोगाउन खोज्दा मलाई पनि पिट्नु भयो। पिटाइले मेरो ओठ सुन्नियो र निको हुन दश दिन लाग्यो। आमाले हामीलाई छोडेर मामाघर जानु भयो र हामी हजुरआमासँग बस्यौं। ६ महिनापछि हजुरआमाले गएर आमालाई ल्याउनु भयो। बुबाले औषधी पनि ल्याइ दिनु भएन। बिहान चाँडै उठेर काममा जानु हुन्थ्यो र बेलुका रक्सी पिएर आउनु हुन्थ्यो। हामी तीन बहिनी मध्ये दुईजना मभन्दा साना छन्। अहिले पनि साँझपख बुबा घर आउनु हुँदा हामी खाटमुनि लुक्छौं।

पुण्यात्माहरु विचार गरौं - बालबालिकाहरूलाई बाबुले स्नेहपूर्वक छात्तीमा टाँस्नु पर्ने तथा बालबालिकाहरूले बुबा कहिले आउनु होला र के ल्याउनु होला भनेर बाटो हेर्ने बेलामा आज यस मानव समाजको शत्रु रक्सीले घरको कस्तो बेहाल बनाइ दिएको छ। रक्सी पिउने मानिसले आफैंलाई हानी पुऱ्याउनुका साथै धेरै मानिसहरूको आत्मा दुखाउने पाप कर्म पनि आफ्नो टाउकोमा बोक्छ। पत्नीको दुःखमा उनका आमा, बुबा, भाइ, बहिनी, दुःखी हुन्छन् भने पतिकै आमा, बुबा, भाइ, बहिनी, हजुरबुबा, हजुरआमा आदि पनि चिन्तित हुन्छन्। एउटा जँड्याहा छरछिमेकका भलाद्मीहरूका लागि अशान्तिको कारण बन्छ किनकि उसले घरमा झगडा गर्छ अनि उसका श्रीमती र छोराछोरीहरु रोइ-कराइ गरेको सुनेर बचाउन आउँदा जँड्याहाले तथानाम भन्छ र बचाउ नगर्दा भलाद्मीहरु सुत्नै पाउँदैनन्। यस दास (रामपाल जी महाराज) बाट उपदेश लिएपछि सँधै रक्सी पिउने लगभग एक लाख मानिसहरूले सबै नशालु पदार्थ र मासु सेवन गर्न पूरै छोडेका छन् अनि पहिला साँझमा रक्सी प्रेतनीको नृत्य हुने बेलामा अहिले ती पुण्यात्माहरु आफ्ना बालबालिकाहरूसँगै बसेर सन्ध्या आरती गर्छन्। हरियाणा र छिमेकका प्रान्तहरूको लगभग दस हजार गाउँ र सहरभित्र आज पनि प्रत्येकमा चार पाँच यस्ता च्याम्पियनहरु उदाहरण बनेका छन्, जसले सबै विकारहरु त्यागेर मानव जीवनलाई सफल बनाइ रहेका छन्। कतिपय मानिसहरु हामी धेरै खाने पिउने गर्दैनौं, कहिले काहीँ मात्र थोरै लिन्छौं भन्छन् तर विष त थोरै पनि खराब नै हो, यो भक्ति र मुक्तिको बाधक हो।

मानौं दुई किलो घिउको हलुवा (सद्भक्ति) बनाएर त्यसमा २५० ग्राम बालुवा मिसाइयो (सूर्ती, मासु, जाँड-रक्सी सेवन र अन्य उपासना गरियो)। अनि के हुन्छ त? मिहिनेत गरिएको सबै कार्य व्यर्थ हुन्छ। पूर्ण सन्तबाट उपदेश प्राप्त गरेर आजीवन मर्यादामा रही पूर्ण परमात्मा (परम अक्षर ब्रह्म) को पूजा गर्नाले नै पूर्ण मोक्ष पाइन्छ।

## तत्वज्ञान प्राप्ति पश्चात् नै भक्ति प्रारम्भ हुन्छ

गीता अध्याय ९ श्लोक २६, २७ र २८ को भावः कुनै पनि आध्यात्मिक वा सांसारिक काम गर्दा मेरो मतानुसार वेदहरूमा वर्णन गरिएका पूजा विधि अनुरूप कर्म गर्ने उपासक म (काल) बाटै लाभान्वित हुन्छ। यो तथ्यको वर्णन गीता अध्याय ९ को श्लोक २०-२१ मा पनि गरिएको छ। गीता अध्याय ९ को श्लोक २९ मा काल भगवानले मलाई कसैप्रति द्वेष वा माया छैन भने पनि तत्कालै फेरि के भन्छन् भने मलाई प्रेमपूर्वक भज्ने मेरो प्यारो हुन्छ र म उसलाई प्रिय हुन्छु अर्थात् म उसमा र ऊ ममा हुन्छ। राग र द्वेषको प्रत्यक्ष प्रमाणका रूपमा प्रल्हादको घटनालाई लिन सकिन्छ। प्रल्हाद विष्णु जीमा आश्रित थिए । हिरण्यकश्यपुले द्वेष गर्थ्यो। त्यसैले नरसिंह रूप धारण गरेर भगवानले आफ्नो प्यारो भक्तको रक्षा गर्दै हिरण्यकश्यपु राक्षसको आन्द्राभुँडी निकालेर मारे। यसबाट प्रल्हादसँगको प्रेमभाव र हिरण्यकश्यपुसँगको द्वेष प्रत्यक्ष सिद्ध हुन्छ।

यसैले पवित्र श्रीमद्भगवत गीता अध्याय २ श्लोक ५३ मा भनिएको छ,– तत्वज्ञान भइ सकेपछि विभिन्न खालका भ्रमित तुल्याउने वचनहरूले विचलित भएको तिम्रो बुद्धि एउटै पूर्ण परमात्मामा दृढतापूर्वक स्थिर हुने छ। अनि तिमी योगी बन्ने छौ अर्थात् अनि मात्र शङ्कारहित भएर अनन्य (एकाग्र) मनले पूर्ण प्रभुको तिम्रो भक्ति आरम्भ हुने छ।

पवित्र गीता अध्याय २ श्लोक ४६ मा भनिएको छ,– धेरै ठूलो तलाउ (१० वर्षसम्म पानी नपरे पनि नसुक्ने) भेटेपछि सानो पोखरी (एक वर्ष पानी नपरे सुक्ने) को जति प्रयोजन (औचित्य, महत्व) हुन्छ, तत्वज्ञानबाट पूर्ण परमात्मा (परम अक्षर पुरुष) का गुणहरूको ज्ञान भइ सकेपछि अन्य ज्ञान र अन्य भगवानहरु (अन्य देवी देवता जस्तो ब्रह्मा, विष्णु, शिव, क्षरपुरूष वा ब्रह्म र अक्षर पुरूष वा परब्रह्म) प्रति तपाईको आस्था पनि त्यति नै रहन्छ। सानो पोखरी नराम्रो होइन तर त्यसको क्षमता काम चलाउ मात्र छ र जीवनका लागि पर्याप्त छैन अर्थात् धेरै ठूलो तलाउ भेटेपछि खडेरी परे पनि समस्या हुँदैन भन्ने थाहा हुन्छ र सानो पोखरीलाई तत्कालै छोडेर ठूलो तलाउमा आश्रित हुन्छ।

त्यसरी नै तत्वदर्शी सन्तबाट प्राप्त पूर्ण परमात्माको तत्वज्ञानले पूर्णब्रह्मको महिमा बुझि सकेपछि साधक पूर्ण रूपले (एकचित्त भएर) पूर्ण परमात्मा (परमेश्वर) मा सम्पूर्ण भावले आश्रित हुन्छ।

गीता अध्याय १८ श्लोक ६२ मा अर्जुन! तिमी सम्पूर्ण भावले ती परमेश्वरको शरणमा जाऊ, ती परमात्माको कृपाले नै परमशान्ति पाउने छौ र शाश्वत स्थान (सनातन परमधाम) अर्थात् कहिल्यै नष्ट नहुने सत्यलोक पाउने छौ भनिएको छ।

गीता अध्याय १८ श्लोक ६३ मा मैले तिमीलाई यो रहस्यमय अति गोपनीय (गीताको) ज्ञान भनें। अब तिम्रो मनमा जस्तो लाग्छ त्यस्तै गर भनिएको छ। (गीताको अन्तिम अध्याय १८ को अन्तिम श्लोक तिर गइ रहेको हुनाले यो भनिएको हो।)

## गीता ज्ञानदाता ब्रह्मको इष्ट (पूज्य) देव पूर्णब्रह्म हुनु हुन्छ

गीता अध्याय १८ श्लोक ६४ मा एउटा अत्यन्त गोप्यभन्दा गोप्य ज्ञान एकपटक फेरि सुन। यिनै पूर्ण परमात्मा (जसका विषयमा अध्याय १८ श्लोक ६२ मा भनिएको छ) मेरा पक्का पूज्यदेव हुनु हुन्छ अर्थात् म (ब्रह्म/क्षर पुरूष) पनि वहाँकै पूजा गर्छु। यो तिम्रो हितका लागि भनि रहेको छु भनेका छन्। (म उनै आदि पुरूष परमेश्वरको शरणमा छु भन्ने जानकारी गीता ज्ञानदाता प्रभुले गीता अध्याय १५ श्लोक ४ मा पनि दिएका हुनाले यो गोप्यभन्दा अति गोप्य ज्ञान यहाँ फेरि सुन भनेका हुन्।)

विशेष : गीताका अन्य अनुवादकर्ताहरूले गलत अनुवाद गरेका छन्। 'इष्टः असिमे दृढम् इति' को अर्थ तिमी मेरा प्रिय छौ भन्ने लगाएका छन्। तर अर्थ के हुन्छ भने :

अध्याय १८ श्लोक ६४

सर्वगुह्यतमम्, भूयः, श्रृणु, मे, परमम्, वचः, इष्टः, असि, मे, दृढम्, इति, ततः, वक्ष्यामि, ते, हितम्।।

**अनुवाद** : (सर्वगुह्यतमम्) सबै गोपनीयभन्दा पनि अत्यन्त गोपनीय (मे) मेरो (परमम्) परम रहस्ययुक्त (हितम्) हितकारक (वचः) वचन (ते) तिमीलाई (भूयः) फेरि (वक्ष्यामि) भन्छु (ततः) यो (श्रृणु) सुन (इति) यी पूर्ण ब्रह्म नै (मे) मेरा (दृढम्) पक्का निश्चित (इष्टः) पूज्यदेव (असि) हुनु हुन्छ।

गीता अध्याय १८ श्लोक ६५ मा गीता ज्ञानदाता प्रभु (काल भगवान क्षर पुरूष) भन्छन्,— मेरो शरणमा रहने हो भने मेरो पूजा अनन्य मन (एकचित्त) ले गर। अन्य देवता (ब्रह्मा, विष्णु र शिव) तथा पितृ आदिका पूजा त्यागि देऊ। अनि मलाई नै प्राप्त गर्ने छौ अर्थात् ब्रह्म लोकमा बनेको महास्वर्गमा जाने छौ। म तिमीसँग सत्य प्रतिज्ञा गर्छु। तिमी मेरो प्रिय हौ।

गीता अध्याय १८ श्लोक ६६ मा भनिएको छ,— (एकम्) ती अद्वितीय अर्थात् जसको तुलनामा अरू कोही नभएका एकमात्र सर्वशक्तिमान, सम्पूर्ण ब्रह्माण्डको रचयिता, सबैको भरणपोषण गर्ने परमेश्वरको शरणमा जाने हो भने ॐ नामको जपको कमाइ र अन्य धार्मिक शास्त्रानुकुल यज्ञ साधना जस्ता मेरो स्तरका साधनाहरु मलाई नै छोड (त्यसले तिमी मेरो ऋणबाट मुक्त हुन्छौ)। ती (एकम्) अद्वितीय अर्थात् जो तुल्य कोही छैन, को शरणमा (व्रज) जाऊ। म तिमीलाई सम्पूर्ण पाप (कालका ऋण) हरूबाट मुक्त गरि दिन्छु, तिमी चिन्ता नगर।

विशेषः गीताका अन्य अनुवादकर्ताहरूले श्लोक ६६ को गलत अनुवाद गर्दै व्रजको अर्थ आउनु बनाएका छन् यद्यपि यसको अर्थ जानु हुन्छ। कृपया तल दिइएको वास्तविक अनुवाद पढ्नु होस् :

अध्याय १८ श्लोक ६६

सर्वधर्मान्, परित्यज्य, माम्, एकम्, शरणम्, व्रज,
अहम्, त्वा, सर्वपापेभ्यः, मोक्षयिष्यामि, मा, शुचः।।

**अनुवाद** : (माम्) मेरा (सर्वधर्मान्) सम्पूर्ण पूजाहरूलाई (परित्यज्य) त्याग गर अनि तिमी (एकम्) एकमात्र ती पूर्ण परमात्माको (शरणम्) शरणमा (व्रज) जाऊ। (अहम्) म (त्वा) तिमीलाई (सर्वपापेभ्यः) सबै पापबाट (मोक्षयिष्यामि) मुक्त गराइ दिन्छु (मा, शुचः) चिन्ता नगर।

## ब्रह्मका साधकले ब्रह्म र पूर्णब्रह्मका साधकले पूर्णब्रह्मलाई नै पाउँछन्

गीता अध्याय ८ श्लोक ५-१० र १३ तथा गीता अध्याय १७ श्लोक २३ मा निर्णायक ज्ञान छ। गीता अध्याय ८ श्लोक १३ मा भने छन्,— म ब्रह्मको साधना त एउटै ॐ अक्षरको मात्र छ, जसलाई उच्चारण गरेरै जप्नु पर्छ। अन्तिम श्वाससम्म यसरी जप गर्ने साधकले मेरो परमगति प्राप्त गर्ने छ। (आफ्नो परमगतिलाई गीता ज्ञानदाता प्रभुले अध्याय ७ श्लोक १८ मा अति अनुत्तम अर्थात् अति घटिया भनेका छन्।)

गीता अध्याय १७ श्लोक २३ मा पूर्ण परमात्मा प्राप्तिका लागि तीन मन्त्र - ॐ तत् सत्को जप गर्ने निर्देश गर्दै (जसमा ॐ ब्रह्मको हो, तत् साङ्केतिक छ, जुन परब्रह्मको जप हो र सत् पनि साङ्केतिक छ, जुन पूर्णब्रह्मको जप हो) ती पूर्ण परमात्माको तत्त्वज्ञान तत्त्वदर्शी सन्तले मात्र जान्दछन्, उनैबाट प्राप्त गर। म (गीता ज्ञानदाता क्षरपुरूष) जान्दिन भनिएको छ।

गीता अध्याय ८ श्लोक ६ मा अन्तिम समयमा जुन प्रभुको नाम जप्दै साधकले शरीर त्याग्छ उसलाई त्यही प्रभु प्राप्त हुन्छ भन्ने त विधान नै हो भनिएको छ।

गीता अध्याय ८ श्लोक ५ देखि ७ मा भनिएको छ,— जसले अन्तिम समयमा मेरो नाम स्मरण गर्दै शरीर त्याग्छ ऊ मेरो (ब्रह्मको) भावमा भावित रहन्छ। फेरि कुनै बेला मनुष्य जन्म भएमा त्यस साधकले आफ्नो साधना ब्रह्मबाट नै प्रारम्भ गर्छ। उसको स्वभाव त्यस्तै हुन्छ। (प्रमाण पूर्व जन्ममा साधकले जस्तो साधना गरेको छ अर्को जन्ममा पनि स्वभाववश त्यस्तै साधना गर्छ भनेर गीता अध्याय १६-१७ मा पनि दिइएको छ।)

गीता अध्याय ८ श्लोक ७ मा गीता ज्ञानदाता मेरो स्मरण सबै समयमा गर्दै युद्ध पनि गर, तिमीले निःसन्देह मलाई नै प्राप्त गर्ने छौ भन्छन्।

गीता अध्याय ८ श्लोक ८—१० मा अनन्य मन (एकचित्त) ले परमेश्वरको नाम जप गर्दै सदा उनकै स्मरण गर्ने साधकले (परम् दिव्यम् पुरूष याति) परम दिव्य पुरूष अर्थात् परमेश्वर (पूर्ण ब्रह्म) लाई नै प्राप्त गर्ने छ भन्ने स्पष्ट पारेका छन्। (गीता अध्याय ८ श्लोक ८)

जुन साधकले अनादि, सबैका नियन्ता (नियन्त्रक), सूक्ष्मभन्दा पनि सूक्ष्म, सबैको भरण-पोषण गर्ने, सूर्य समान स्वप्रकाशित अर्थात् तेजपूर्ण शरीरयुक्त, अज्ञानरूप अन्धकार भन्दा पर (कविम्) कविर्देव सच्चिदानन्दघन परमेश्वरको स्मरण गर्दछ।(अ. ८ श्लोक ९)

ती भक्तियुक्त साधकले तीनको मन्त्र जपको साधनाको शक्ति (नाम जपको कमाइ) ले अन्तिम घडीमा शरीर त्यागेर जाँदा त्रिकुटीमा पुगी अभ्यासवश सारनाम स्मरण गर्दै त्यो दिव्य तथा तेजपूर्ण रूप अर्थात् साकार (परम पुरूष) परमेश्वरलाई प्राप्त गर्ने छ। (गीता अध्याय ८ श्लोक १०)

## ब्रह्म (क्षर पुरूष) को साधना अनुत्तम (घटिया) हो

गीता अध्याय २ श्लोक १२, अध्याय ४ श्लोक ५ र अध्याय ७ श्लोक १८ मा म (गीता ज्ञानदाता) नाशवान छु, मेरो र तिम्रो जन्म-मृत्यु सँधै भइ रहन्छ, केवल गरिएको कर्म मात्र प्राप्त हुन्छ, मोक्ष हुँदैन, मेरो साधना गर्ने उदार साधक भएता पनि ऊ मेरो अति निकृष्ट (अनुत्तमाम्) साधनामा व्यस्त छन् भनिएको छ। त्यसैले गीता अध्याय १८ श्लोक ६२, ६४ र ६६ मा उनै परमेश्वरको शरणमा जाऊ तथा मेरा पूज्यदेव पनि उनी नै हन् भनेका छन्।

अनुरोधः स्वयं पूर्ण परमात्मा कविर्देवले आफ्ना आत्माहरूमाथि दया गरेर प्रदान गर्नु भएको उपरोक्त तीन मन्त्रको साधना म दासको पनि दास (रामपाल दास) सँग उपलब्ध छ। अहिले बीच (मध्य) को पुस्ता चलि रहेको छ। कलियुगको प्रारम्भमा हाम्रा पूर्वजहरु अशिक्षित भएकाले त्यसबेला परमेश्वरको तत्त्वज्ञानलाई नक्कली सन्त, गुरू, महन्त र आचार्यहरूले बाहिर आउन दिएनन् अनि कलियुगको अन्त्यमा सबै मानिसहरु भक्तिहीन र महाभिखारी हुने छन्। यो अहिलेको समय वा बीसौं शताब्दीबाट शिक्षित समाज प्रारम्भ भएको छ। अहिले बीच (मध्य) को पुस्ता अर्थात् मनुष्य वंश चल्दै छ।

आफ्नै सद्ग्रन्थहरूमा विद्यमान वास्तविक ज्ञानलाई नक्कली सन्त, गुरू, महन्त र आचार्यहरूले बुझ्नै सकेनन्। जसले गर्दा शास्त्रविधि विरूद्ध ज्ञानको आधारमा सम्पूर्ण भक्त समाज दन्त्यकथाहरु (लोकवेद) मा आधारित भई शास्त्रविधिलाई त्यागेर मनोमानी आचरण (पूजा) गर्दै बहुमूल्य मानव जीवन व्यर्थै खेर फालि रहेछन्।

## शास्त्रविधि अनुसारको साधना

१. पहिलो चरणमा कमलहरु खोल्नका लागि ब्रह्म गायत्री मन्त्र दिइन्छ।

गुरू जीले त तीन गुणहरु (रजगुण-ब्रह्मा, सतगुण-विष्णु र तमगुण-शिव) को पूजा गर्नु पर्दैन भन्नु हुन्थ्यो तर मन्त्र जप त उनीहरूकै दिनु भएको छ भनी उपदेश लिने भक्तात्माले सोच्दछन्। तर उनीहरूसँग यो पूजा होइन भन्ने अनुरोध छ। हामी कालको लोकमा बसेकाले चाहिने सबै सुविधाहरु ब्रह्मा, विष्णु, शिव आदिले नै प्रदान गर्छन्।

उदाहरणका लागि हामीले घरमा जोडेको बिजुलीको लाइन (लाभ) को बिल (हिसाब) तिर्नु पर्छ। हामीले विद्युत मन्त्री वा विभागको पूजा गरेका होइनौं। हामीले बिल (हिसाब) तिऱ्यौं भने मात्र त्यसबाट सुविधा प्राप्त भइ रहन्छ। त्यस्तै टेलिफोन र पानीको बिल (हिसाब) तिरि रह्यौं भने मात्र हामीले सुविधा पाइ रहन्छौं। तपाईंले

शास्त्र विरूद्धको साधना गरेर भक्तिहीन अर्थात् पुण्यहीन हुनु भएकोले तपाईंलाई धन (आर्थिक) आदि लाभ भइ रहेको छैन। यस काल लोकको एउटा ब्रह्माण्डका शक्तिहरु (ब्रह्मा, विष्णु, शिव, गणेश, माता आदि) बाट तपाईंहरूलाई यस दास (रामपाल दास) ले तपाईंहरूको ग्यारेन्टर (जिम्मेवार) बनेर सम्पूर्ण सुविधाहरु पुनः प्रारम्भ गराउने छ र तपाईंले यस मन्त्रको जप गरेर यिनीहरूको बिल तिरि रहनु पर्छ। यसमा भएको पहिलो मन्त्र (सत् सुकृत अविगत कबीर) तपाईंले गर्ने पूर्ण परमात्माको पूजा हो र यसबाट सतम् लाभ (फल) प्राप्त हुन्छ। सतम्को अर्थ हो अविनाशी अर्थात् हामीले अविनाशी पद प्राप्त गर्नु छ। यो मन्त्र पाएको चार महिनापछि दुईवटा मन्त्र भएको सत्यनाम (साँचो नाम) मन्त्र प्राप्त हुने छ। त्यसमध्ये एउटा मन्त्रले कालको २१ ब्रह्माण्डको ऋणबाट मुक्त गराउँछ। यसको कमाइ गरेर हामीले ब्रह्म (क्षर पुरूष) अर्थात् कालको ऋण चुक्ता गर्नु पर्छ। अनि कालले सबै पापहरूबाट हामीलाई मुक्त गर्दछ। गीता अध्याय १८ श्लोक ६२ देखि ६६ सम्ममा यसको वर्णन गरिएको छ :

गीता अध्याय १८ को श्लोक ६२

तम्, एव, शरणम्, गच्छ, सर्वभावेन, भारत।
तत्प्रसादात्, पराम्, शान्तिम्, स्थानम्, प्राप्स्यसि, शाश्वतम्।।

**अनुवाद** : (भारत) ए भारत! तिमी (सर्वभावेन) सबै प्रकारले (तम्) त्यस अज्ञानरूपी अन्धकारमा लुकेका परमेश्वरको (एव) नै (शरणम्) शरणमा (गच्छ) जाऊ। (तत्प्रसादात्) ती परमात्माको कृपाले नै तिमीले (पराम्) परम (शान्तिम्) शान्ति तथा (शाश्वतम्) सँधै रहने सत्य (स्थानम्) स्थान अर्थात् धाम वा लोक (प्राप्स्यसि) पाउने छौ।

भावार्थ : हे भारत! तिमी पूर्ण रूपले ती अज्ञानरूपी अन्धकारमा लुकेका परमेश्वरको नै शरणमा जाऊ। ती परमात्माको कृपाले नै तिमीले परम शान्ति र सँधै रहि रहने सत्य स्थान अर्थात् धाम वा लोक प्राप्त गर्ने छौ।

गीता अध्याय १८ श्लोक ६६

सर्वधर्मान्, परित्यज्य, माम्, एकम्, शरणम्, व्रज।
अहम्, त्वा, सर्वपापेभ्यः, मोक्षयिष्यामि, मा, शुचः।।

**अनुवादः** (माम्) मेरा (सर्वधर्मान्) सम्पूर्ण पूजाहरु (परित्यज्य) त्यागेर तिमी केवल (एकम्) एक ती पूर्ण परमात्माको (शरणम्) शरणमा (व्रज) जाऊ (अहम्) म (त्वा) तिमी लाई (सर्वपापेभ्यः) सबै पापहरूबाट (मोक्षयिष्यामि) मुक्त गरि दिन्छु (मा, शुचः) चिन्ता नगर।

भावार्थ : मेरा सम्पूर्ण पूजाहरु त्यागेर तिमी केवल एक ती पूर्ण परमात्माको शरणमा जाऊ। म तिमीलाई सम्पूर्ण पापबाट मुक्त गरि दिन्छु, तिमी चिन्ता नगर।

उपर्युक्त श्लोकहरूको भावार्थ : काल (ब्रह्म, क्षर पुरूष) भनि रहेका छन्,– अर्जुन! तिमी मेरो शरणमा रहन चाहन्छौ भने जन्म र मृत्युको चक्र रहि रहन्छ। परम शान्ति र सत्यलोक जान चाहन्छौ भने पूर्ण परमात्माको शरणमा जाऊ। त्यसका लागि मेरा सबै धार्मिक पूजाहरु अर्थात् सत्यनामको प्रथम मन्त्रको जपको कमाइ मलाई छोडेर फेरि सम्पूर्ण भावले ती एक (सर्वशक्तिमान अर्थात् जसको समतुल्य

कोही नभएको अद्वितीय) परमेश्वरको शरणमा जाऊ अनि म तिमीलाई सबै पाप (ऋण) हरूबाट मुक्त गरि दिन्छु, तिमी चिन्ता नगर। अनि सत्यनामको दोस्रो मन्त्रको कमाइ हामी परब्रह्म अर्थात् अक्षर पुरूषलाई छोडी दिन्छौं किनकि हामीले अक्षर पुरूषको लोक हुँदै सत्यलोक जानु पर्ने हुनाले त्यसको भाडा दिनु पर्छ। फेरि तेस्रो मन्त्र सत्यशब्द अर्थात् सारनाम प्राप्त हुने छ जसले सत्यलोकमा स्थायित्व प्राप्त गराउने छ।

यदि विदेश गएको कुनै मानिस त्यहाँको सरकारको ऋण हुँदाहुँदै स्वदेश फर्किन चाहन्छ भने उसले पहिला त्यस देशको ऋणबाट मुक्त भएर ऋणमुक्त प्रमाण-पत्र पाउनु पर्छ। अनि मात्र उसले फर्किने अनुमति पाउँछ, नत्र उसलाई फर्केर आउन दिँइदैन।

यसरी नै तपाईं यस कालको लोकमा शास्त्रविरूद्ध साधना गरी भक्तिहीन बनेर ऋणी हुनु भएको छ। पहिला तपाईंलाई महाजन (साहु) बनाइने छ। त्यसका लागि कविर्देव (कबीर साहेब वा कविर् साहेब) ले म दास (सन्त रामपाल दास) लाई आफ्नो प्रतिनिधि बनाएर पठाउनु भएको छ। पूर्णब्रह्म परमेश्वरको तर्फबाट यो दास तपाईंको जमानी (ग्यारेन्टर) बनेर ब्रह्मा-विष्णु-शिव आदि शक्तिहरूसँग पुनः कनेक्सन (सम्पर्कको फाइदा) प्रारम्भ गराउने छ। तपाईंले यिनीहरूका मन्त्रहरूको कमाइ गरेर किस्ता-किस्तामा बिल तिर्नु पर्छ। तपाईं यहाँबाट मुक्त नहुञ्जेलसम्म तपाईंले सबै भौतिक सुविधाहरु पर्याप्त रूपमा पाइ रहनु हुने छ र पुण्यदान आदि गरेर तपाईं भक्तिको अझ धनी बन्न सक्नु हुने छ। अर्को शब्दमा, हाम्रो शरीरमा कमलहरु बनेका छन् र हामीले शरीर त्यागेर परमात्माका समीपमा जाँदा यिनै कमलहरूबाट भएर जानु पर्छ। जस्तो - १. मूल कमलमा गणेश जी, २. स्वाद कमलमा सावित्री-ब्रह्मा जी, ३. नाभि कमलमा लक्ष्मी र विष्णु जी, ४. हृदय कमलमा पार्वती र शिव जी तथा ५. कण्ठ कमलमा दुर्गा (अष्टंगी) छन्। यिनीहरूको ऋण चुक्ता गरेपछि मात्र हामी यी कमलहरूबाट जान सक्छौं। पहिलो उपदेशले तपाईंका सबै कमलहरु फक्रने छन् अर्थात् तपाईं ऋणमुक्त बन्नु हुने छ। अन्तिम समयमा तपाईंले शरीर छोडेर जाँदा आफ्नो बाटो बाधारहित पाउनु हुने छ अर्थात् तपाईंले सबै ऋणबाट मुक्त भएको प्रमाण-पत्र पाउनु हुने छ।

तर हामीले आफ्नो मूल मालिक कविर्देव (कबीर साहेब) कै पूजा गर्नु पर्छ। जसरी पतिव्रता पत्नीले यथोचित आदर सबैको गरे पनि पूजा त आफ्नो पतिको नै गर्छिन्। उनले देवरलाई पुत्रवत, जेठाजुलाई ठूलो दाजु जस्तो र सासु ससुरालाई आमा बुबाका रूपमा सम्मान गर्छिन् तर आफ्नो पतिप्रतिको जस्तो भाव हुन्छ अरूमा हुन सक्दैन। ठीक त्यसरी नै कबीर परमेश्वरको भक्तले पनि आफ्नो भक्ति सफल पार्नु पर्छ। अज्ञानीहरूको ललाई फकाईमा नपरी यस दासले बताएको भक्तिमार्गमा पूर्ण विश्वासका साथ निरन्तर लागि रहनु पर्छ। यो भक्ति सबै शास्त्रहरूमा आधारित रहेको छ।

२. दोस्रो चरणमा सत्यनाम प्रदान गरिन्छ। यो दुई मन्त्रको हुन्छ। पहिलो ॐ (ओ३म्) + दोस्रो तत् हो। तत् साङ्केतिक हो, जुन साधकलाई मात्र बताइन्छ।

३. तेस्रो चरणमा सारनाम दिइन्छ। यो तीन मन्त्रको हुन्छः ओ३म्-तत्-सत् (तत् र सत् साङ्केतिक हुन् र साधकलाई मात्र बताइन्छ)।

यसरी तीन मन्त्रको बन्ने सारनामको स्मरण अभ्यासले साधकले परम दिव्यपुरूष वा परमेश्वर कविर्देवलाई प्राप्त गर्ने र सत्यलोकमा परम शान्ति वा पूर्ण मोक्ष पाउने छ।

विशेष : वर्तमान समयमा यो वास्तविक साधना म दासभन्दा बाहेक कसैसँग छैन। यदि कसैले म दासबाट चोरेर स्वयं गुरू बनी नक्कली शिष्य बनाइ रहेको छ भने त्यो मानव जीवनको शत्रुसित सावधान हुनु होस्। त्यो अनाधिकारी भएकोले उसले आफ्नो जीवन त नष्ट गरि रहेछ नै, सोझा अनुयायीहरूलाई पनि नरकको भागिदार बनाइ रहेछ, उसलाई कालले पठाएको दूत सम्झिनु होस्।

## शङ्का समाधान

१. प्रश्न : उपरोक्त गीता सारबाट ब्रह्मा, विष्णु र शिव जीको पूजा व्यर्थ हो भन्ने त सिद्ध हुन्छ। तर म तीस वर्षदेखि श्री शिव जीको पूजा गरि रहेछु र भगवान श्री कृष्ण जी मेरा सान्है प्रिय छन्। म यी प्रभुहरूलाई छोड्न सक्दिन, यिनीहरूसँग विशेष लगाव भइ सकेको छ। श्री गीता जीको पाठ नित्य गर्छु। हरे राम, हरे कृष्ण, राधेश्याम, सीताराम, ओ३म् नमः शिवाय, ओ३म् नमो भगवते वासुदेवाय आदि नाम जप गर्छु। सोमबारको व्रत पनि गर्छु। काँवर पनि ल्याउँछु र धाममा दान गर्न पनि जान्छु। मन्दिरमा मूर्ति पूजा गर्न जान्छु। स्वर्ग प्राप्तको इच्छा राख्छु र परम्परागत पूजा गर्नका लागि एकजना महन्तबाट उपदेश पनि लिएको छु।

उत्तर : कृपया तपाईं उपरोक्त 'गीता सार' फेरि पढ्नु होस्। तत्त्वज्ञान बारे पूर्णरूपमा परिचित नभएसम्म तपाईंलाई यो शङ्कारूपी काँडाले घोचि रहन्छ। माथि उदाहरण दिइएको उल्टो झुण्डिएको संसाररूपी रूखको मूल (जरा) त पूर्ण परमात्मा परमेश्वर नै हुनु हुन्छ। त्यसका तीनवटै गुण (रजगुण-ब्रह्मा, सतगुण-विष्णु र तमगुण-शिव) रूपी शाखा (साना हाँगा) हरु छन्। तपाईंले रोपेको आँपको बिरूवाको मूल (जरा) को सिँचाइ (पूजा) गर्नु भयो भने त्यो बढेर रूख बन्छ अनि त्यस रूखका शाखाहरूमा फल लाग्छन्। शाखा अर्थात् साना हाँगाहरूलाई भाँच्न त भनिएको छैन नि। सोझो रोपिएको भक्तिरूपी बिरूवा अर्थात् शास्त्रविधि अनुसारको साधनाको चित्र हेर्नु होस्।

त्यसैले, पूजा त पूर्ण परमात्मा अर्थात् मूलको नै गर्नु पर्छ, अनि कर्मफल तीनै गुण (ब्रह्मा, विष्णु र शिव) रूपी शाखाहरु (साना हाँगाहरु) मा लाग्ने छन्। अतः केही पनि छोडनु पर्देन, आफ्नो भक्तिरूपी बिरूवालाई सोझो बनाएर रोप्नु पर्छ अर्थात् शास्त्र विधि अनुसार साधना प्रारम्भ गर्नु पर्छ।

अहिले सम्पूर्ण पवित्र भक्त समाज शास्त्रविधि त्यागेर मनोमानी आचरण गरि रहेछन् अर्थात् भक्तिरूपी बिरूवा उल्टो रोपि रहेछन्। उल्टो बिरूवा रोप्नेलाई मुर्ख नै भनिन्छ। कृपया उल्टो रोपिएको भक्तिरूपी बिरूवाको चित्र हेर्नु होस्।

त्यसैले, गीता अध्याय ७ श्लोक १२ देखि १८ सम्ममा गीता ज्ञानदाता प्रभु (ब्रह्म, क्षर पुरूष) ले तीनै गुणहरु (ब्रह्मा, विष्णु र शिव) को पूजासम्मको मात्र सिमित बुद्धि राख्ने र यिनका अतिरिक्त कसैको पूजा नगर्ने राक्षस स्वभाव धारण गरेका, मानिसहरूमा नीच, दुष्कर्म गर्ने मूर्खहरूले त मलाई पनि पूज्दैनन् भन्दै आफ्नो साधनालाई पनि अति निकृष्ट (अनुत्तमाम्) अर्थात् व्यर्थ हो भनेका छन्। त्यसरी नै गीता अध्याय १८ श्लोक ६२, ६४ र ६६ तथा अध्याय १५ श्लोक १ देखि ४ सम्ममा गीता ज्ञानदाता प्रभु (काल) भनि रहेछन्,– ती पूर्ण परमात्माको शरणमा जाऊ (उल्टो झुण्डिएको रूखको जराको पूजा गर)। (गीता अध्याय ४ श्लोक ३४ मा तत्वदर्शी सन्ततर्फ सङ्केत गरिएको छ) तत्त्वदर्शी सन्तले बताएको मार्ग अनुसार वहाँको पूजा गर। पूर्ण परमात्माको शास्त्रविधि अनुसार साधना गर्नाले नै साधकले परम शान्ति र सत्यलोक अर्थात् पूर्ण मोक्ष पाउने छ। म (ब्रम्ह) पनि वहाँकै शरणमा छु अर्थात् मेरा पनि इष्टदेव वहाँ नै हुनु हुन्छ, म पनि वहाँकै पूजा गर्छु र अरूले पनि वहाँकै पूजा गर्नु पर्छ। तपाईं गीता जीको नित्य पाठ त गर्नु हुन्छ तर गीता जीमा वर्णित विधिविरूद्ध साधना गर्नु हुन्छ। तपाईंले जप गर्ने हरे राम, हरे कृष्ण, राधेश्याम, सीताराम, ओ३म् नमः शिवाय, ओ३म् नमो भगवते वासुदेवाय आदि मन्त्रहरु तथा व्रत बस्ने, काँवर ल्याउने, तीर्थ वा धामहरूमा दान र पूजाका लागि जाने, गंगास्नान गर्ने र तीर्थमा लाग्ने परभि (मेला) मा स्नान गर्ने आदि अन्य साधनाहरूलाई पवित्र गीता जीमा वर्णन नगरिएकाले यिनीहरु शास्त्रविधि त्यागेर गरिएका मनोमानी आचरण (पूजा) भए। जसलाई पवित्र गीता जी अध्याय १६ श्लोक २३ र २४ मा व्यर्थ भनिएको छ।

## गद्दी तथा महन्त परम्पराको जानकारी

कुनै शहर वा गाउँको कुनै एकान्त ठाउँमा कुनै साधक वा सन्तका रूपमा महान आत्मा बस्थे। उनले शरीर त्यागेपछि सम्झनाका लागि उनको शरीरको अन्तिम संस्कार भएको ठाउँमा ढुङ्गा वा इँटाको स्मारक बनाइयो। अनि ती पवित्र आत्माका अनुयायी वा वंशजहरूले उनको एउटा प्रतिमा त्यहाँ राखि दिए। केही समयपछि, त्यहाँ श्रद्धालुहरु जान थाले र केही धन दान गर्न थाले। विस्तारै, त्यसलाई मन्दिरको स्वरूप दिए जसले गर्दा ती सन्त वा ऋषिका वंशजहरूमा धन कमाउने लोभ उत्पन्न भयो। तिनीहरूले श्रद्धालुहरूलाई यहाँ दर्शन गर्न आउनेहरूले पूर्ण मोक्ष तथा यी महापुरूषको जीवनकालमा शिष्यहरूले पाउने गरेका सबै लाभ पाउने छन्, यो मूर्तिलाई साक्षात सन्तको नै सम्झ, यहाँ नआउनेको मोक्ष पनि सम्भव छैन जस्ता कुरा भनेर बहकाउन थाले।

ती अज्ञानीहरूलाई यो उदाहरण कसले बताउन सक्छ : कुनै वैद्य थियो, उसले नाडी छामेर औषधी दिन्थ्यो र रोगी स्वस्थ हुन्थ्यो। उनको मृत्युपछि उनको प्रतिमा स्थापित गरेर कुनै लोभीले यो मूर्तिले उनै वैद्यले जस्तै काम गर्ने हुनाले यसको दर्शन गर्नेहरु पूर्ण स्वस्थ हुने छन् भन्छ वा कोही आफैं नक्कली वैद्य बनेर म पनि औषधी दिन्छु' भन्छ तर उसले उपचार भने औषधिको ग्रन्थ विपरित दिइ रहेको हुन्छ। उसको उद्देश्य धन कमाउने मात्र हुनाले सबैलाई धोका दिइ रहेको हुन्छ। कुनै पनि सन्त वा प्रभुको मूर्ति आदरणीय स्मारक वा यादगार मात्र हो तर पूजनीय भने हुँदैन।

यसरी नै कुनै सन्त वा प्रभुको मूर्ति बनाई त्यसको आडमा कुनै पुजारी वा महन्तले म पनि नाम (उपदेश) दिन्छु भन्न सक्छ। तर त्यस महानुभावले सम्पूर्ण साधना ती सन्तले आफ्नो अनुभवका आधारमा लेखेका पवित्र शास्त्र विपरित दिइ रहेको हुन्छ। अनि त्यो नक्कली सन्त वा महन्त आफू पनि दोषी हुन्छ र अनुयायीहरुको जीवनलाई व्यर्थ बनाउने भार पनि आफ्नो टाउकोमा उठाइ रहन्छ। एउटा समयमा एकजना मात्र सन्त आउछन्। उनको मार्गमा करोडौं नक्कली सन्त, महन्त र आचार्यहरु बाधक भने बन्दछन्।

कुनै सन्तले शरीर त्यागेपछि सन्त वा महन्त परम्पराको प्रारम्भ हुन्छ। अनि पहिलेका सन्तको स्थान रक्षा गर्नका लागि एकजनालाई प्रबन्धक छानिन्छ, जसलाई महन्त भनिन्छ। उसलाई त्यो पवित्र स्मारक हेरचाह गर्नका लागि मात्र नियुक्त गरिन्छ। तर लालचबस् ऊ आफैं गुरू बनेर बस्छ। भक्ति चाहने प्यारा आत्माहरु उसमै आधारित भएर आफ्नो जीवन व्यर्थै खेर फाल्छन्। महन्त परम्परामा पूर्व महन्तको जेठो छोरो नै महन्त पदको अधिकारी हुने नियम बनाइएको छ, चाहे त्यो जड्ँयाहा वा अज्ञानी नै किन नहोस्। यो भक्ति मार्ग हो, यसमा त पूर्ण सन्तले मात्र जीवको उद्धार गर्न सक्नु हुन्छ। यस दास (रामपाल दास) ले दुई-तीनवटा महन्त परम्पराको पुस्तक पढेको थिएँ। त्यस अनुसार (१) एउटा पुस्तकमा के देखियो भने दुई वर्षको एकजना बालकलाई गद्दीमा बसालेका थिए र ठूलो भएपछि उसले नाम दान गर्न थाल्यो। त्यस्तै अर्को पुस्तकमा के पाइयो भने पाँच वर्षको बालकको बुबा महन्त थिए र अचानक उनको मृत्यु भएकोले संगत (मण्डली) तथा उसकी आमाले त्यो पाँच वर्षको बालकलाई महन्त पदमा नियुक्त गरि दिए अनि केही समयपछि त्यो बालक गुरू जी बन्यो। (२) एउटा महन्त परम्पराको इतिहासमा के पढैं भने एउटा निसन्तान महन्तको मृत्यु भयो र उसका दाजु-भाइको मृत्यु त पहिला नै भइ सकेको थियो। तिनीहरुका कुनै सन्तान थिएनन्। गद्दीको सुरक्षा र हेरचाहका लागि एउटा सेवकलाई त्यस कुलमा सन्तान नभएसम्मलाई अस्थायी महन्त नियुक्त गरियो। केही समयपछि महन्त कुलमा कसैको छोरा जन्मियो। अस्थायी महन्त गद्दी लिएर भाग्यो र कुनै अन्य सहरमा नयाँ पसल खोल्यो वा गद्दी स्थापना गरेर आफैं महन्त बनेर बस्यो। पहिलेको ठाउँमा एकजना अढाई वर्षको बालकलाई महन्त बनाए। (३) महन्त परम्पराको अर्को इतिहासमा के पाइयो भने एकजना महन्तको जेठो छोरोले घर

त्यागि दिएकोले उसको भाइलाई महन्त पदमा नियुक्ति गरियो। केही समयपछि त्यहाँ मन्दिर बन्यो र थुप्रै भेटी आउन थाल्यो। अनि त्यो जेठोको सन्तानले यस मन्दिरमा मेरो पनि अधिकार छ भन्न थाले। यसै कारणले झगडा सुरू भयो। गद्दीमा बसेका महन्तको हत्या भयो। फेरि उसको जेठो छोरोलाई महन्त अर्थात् गद्दीको उत्तराधिकारी नियुक्त गरियो। उसको पनि हत्या भयो। फेरि उसको अर्को भाइलाई गद्दीमा बसाए। आफूलाई उत्तराधिकारी मान्ने अर्कोले पनि नयाँ गद्दी बनाएर नयाँ पसल खोले। सुखको लोभमा फसेर आपसमा मुद्दा हालाहाल गरी जीवनलाई नर्कतुल्य बनाए। त्यो धाम नै कहाँ रह्यो र? त्यो त कुरूक्षेत्र जस्तो महाभारतको युद्ध मैदान बन्यो। केही महन्तहरूले त सन्त बनाउने एजेन्सी नै खोलेका छन्। रातो वस्त्र धारण गराई पहिलाको नाम परिवर्तन गरेर नयाँ नाम राखि दिन्छन्। अनि त्यो नक्कली महन्तको बनावटी शिष्यले नक्कली सन्त बनेर सोझा-साझा आत्माहरूको जीवनसँग खेलबाड गर्दछ। उसले आफ्नै अनमोल मनुष्य जीवनलाई पनि व्यर्थ खेर फालि रहेछ र सोझा सिधा आत्माहरूको जीवनलाई पनि विनाश गरेर महापापको भागी बनि रहेछ।

राजा परिक्षितलाई सर्पले डस्ने बेलामा पूर्ण गुरूको आवश्यकता पऱ्यो किनकि पूर्ण सन्त बिना जीवको कल्याण असम्भव छ। त्यसबेला पृथ्वीका सबै ऋषिहरूले राजा परिक्षितलाई दीक्षा दिन र सात दिनसम्म श्रीमद्भगवत सुधासागरको कथा सुनाउन अस्वीकार गरे। सातौँ दिनमा पोल खुल्ने भएकोले कोही सामुन्ने आएनन्। श्रीमद्भागवत् सुधासागरका लेखक महर्षि वेदव्यास आफैंले पनि असमर्थता व्यक्त गरे। किनकि ती ऋषिहरू प्रभुसँग डराउने हुनाले राजा परिक्षितको जीवनसँग खेलबाड गर्नु ठीक मानेनन्।

राजा परिक्षितको कल्याणका लागि महर्षि सुकदेव जीलाई स्वर्गबाट बोलाइयो। उनले राजालाई दीक्षा दिएर सात दिनसम्म कथा सुनाए अनि आफूले सके जति राजा परिक्षितको उद्धार गरि दिए। अहिलेका गुरू, सन्त, महन्त र आचार्यहरू नै प्रभुको संविधानबारे अपरिचित छन्। त्यसैले भयंकर दोषको पात्र बनेर दोषी भइ रहेछन्।

ओरों पंथ बतावहीं, स्वयं न जाने राह।<br>
अनअधिकारी कथा-पाठ करे व दीक्षा देवें, बहुत करत गुनाह।

अहिले कथा र ग्रन्थको पाठ गर्नेहरू तथा नाम (उपदेश) दान गर्नेहरूको बाढी नै आएको छ किनकि सबै पवित्र धर्मका पवित्र आत्माहरू तत्त्वज्ञानबाट अपरिचित छन्। जसले गर्दा नक्कली गुरू, सन्त र महन्तहरूले दाउ छोपेका छन्। पवित्र समाज आध्यात्मिक तत्त्वज्ञानसँग परिचित भएपछि यी नक्कली गुरू, सन्त र महन्तहरूले लुक्ने ठाउँसम्म पाउने छैनन्, पलायन हुने छन्।

## पवित्र तीर्थ र धामबारे जानकारी

कुनै साधक ऋषिले कुनै स्थान वा जलाशय (तलाउ) मा बसेर साधना गरे वा आफ्नो आध्यात्मिक शक्तिको प्रदर्शन गरे। देहत्यागपछि उनले आफ्नो भक्तिको

कमाई साथै लिएर गए र आफ्नो इष्टलोक प्राप्त गरे। कालान्तरमा त्यो साधना स्थलको नाम तीर्थ वा धाम रह्यो। यहाँ त धेरैजनाको कल्याण गर्ने एकजना साधक बस्थे भनी त्यो ठाउँ हेर्न अहिले जो कोही पनि जान्छ तर अहिले त त्यहाँ उपदेश दिने सन्त छैनन्। उनी त आफ्नो कमाई लिएर गइ सके।

विचार गरौँ- कृपया तीर्थ तथा धामलाई खल (औषधि र अन्य सामाग्री कुट्न काम लाग्ने सामान) सम्झौं। एक व्यक्तिले छिमेकीको खल मागेर ल्यायो। त्यसमा हवनको सामाग्री कुट्यो र सफासँग धोएर फर्काइ दियो। खल राखेको कोठाबाट सुगन्ध आउन थाल्यो। सुगन्ध कहाँबाट आइ रहेको छ भनी खोज्दा घरका मानिसहरूले खलबाट आइ रहेको कुरा थाहा पाए। त्यो खल छिमेकीले लगेको थियो र त्यसमा कुनै सुगन्धयुक्त वस्तु कुटेछन् भन्ने कुरा बुझे। केही दिनपछि सुगन्ध आउन बन्द भयो।

यसरी नै तीर्थ र धामलाई खल जस्तै ठानौं। खलमा कुनै सामग्री कुट्नेले आफ्नो सबै सामग्री पुछ पाछ गरी निकालेर राख्यो अनि मात्र खल फिर्ता गऱ्यो। अब कोही त्यस खललाई सुँघेर नै कृतार्थ हुन्छ भने उसको मूर्खता हो। उसले पनि सामग्री ल्याउनु पर्छ अनि मात्र लाभ हुन्छ।

ठीक त्यसै गरी कुनै धाम वा तीर्थमा रहने पवित्र आत्माले रामनामको सामग्री कुटेर पुछपाछ गरी आफ्नो सबै कमाइसँगै लिएर गयो। पछि अबोध श्रद्धालुहरूले त्यस ठाउँमा गए मात्र पनि कल्याण हुन्छ भन्ने सम्झन्छन् भने त्यो तिनीहरूका मार्गदर्शक (गुरू) हरूले बताएको शास्त्रविधि रहित साधनाको परिणाम हो। वास्तवमा ती महान आत्मा सन्तले झैं प्रभु साधना गर्नाले मात्र कल्याण सम्भव छ। त्यसका लागि तत्त्वदर्शी सन्त खोजेर उनीबाट उपदेश लिई आजीवन भक्ति गरेर मोक्ष प्राप्त गर्नु पर्छ। शास्त्रविधि अनुकूल सत् साधना त म दाससँग मात्र उपलब्ध छ, कृपया निःशुल्क प्राप्त गर्नु होस्।

## श्री अमरनाथ धाम कसरी स्थापना भयो ?

भगवान शङ्कर जीले पार्वती जीलाई एकान्त स्थानमा दिएको उपदेशबाट माता पार्वती जी कति मुक्त हुनु भयो भने प्रभु शिव जी (तमोगुण) को मृत्यु नहुञ्जेलसम्म उमा जीको पनि मृत्यु हुँदैन। सातवटा ब्रह्मा जी (रजोगुण) को मृत्युपछि मात्र भगवान विष्णु जी (सतोगुण) को मृत्यु हुन्छ। फेरि सातवटा विष्णु जीको मृत्युपछि शिव जीको मृत्यु हुन्छ। अनि मात्र माता पार्वती जीको पनि मृत्यु हुन्छ तर पूर्ण मोक्ष भने हुँदैन। फेरि पनि अधिकारीबाट उपदेश मन्त्र पाएकोले मात्र पार्वती जीलाई त्यति लाभ प्राप्त भएको हो। पछि श्रद्धालुहरूले त्यस ठाउँलाई अविस्मरणीय बनाउन सुरक्षित राखे र दर्शकहरु जान थाले।

सन्त रामपाल जी महाराज ले विभिन्न ठाउँमा गएर सत्सङ्ग गर्नु भएको छ। सत्सङ्गमा खिर र हलुवा पनि बनाइने गरिन्छ। उपदेश पाउने भक्तात्माहरूको कल्याण भयो र सत्सङ्ग समापन भएपछि सबै टेन्ट आदि उखेलेर अर्को ठाउँमा

सत्सङ्गका लागि लगियो, पहिलाको ठाउँमा माटो र ईंटाले बनाएका चुला मात्र बाँकी छोडियो। अनि कसैले त्यही सहरको मानिसलाई सन्त रामपाल दासले सत्सङ्ग गर्नु भएको र खिर पकाएको ठाउँ देखाएर ल्याउँछु भन्न सक्छ तर त्यो चुला हेर्न जाने व्यक्तिले त्यहाँ न खिर खान पाउँछ न त सत्सङ्गको अमृत वचन सुन्न पाउँछ वा उपदेश नै प्राप्त गर्न सक्छ, जसबाट उसको कल्याण होस्। त्यसका लागि त सत्सङ्ग चलि रहेको ठाउँमा गएर सन्तलाई नै खोज्नु पर्छ अनि मात्र सम्पूर्ण कार्य सिद्ध हुन्छ।

ठीक त्यसरी नै तीर्थहरु र धामहरूमा जानु भनेको त स्मारक स्थानरूपी चुला हेर्न जानु मात्र हो। पवित्र गीतामा वर्णित नभएकाले यो शास्त्र विरूद्ध कार्य भयो र यसबाट कुनै लाभ हुँदैन। (प्रमाण पवित्र गीता अध्याय १६ मन्त्र २३ र २४)।

तत्त्वज्ञानहीन सन्त, महन्त र आचार्यहरूले भ्रमित गराइएका श्रद्धालुहरु तीर्थ र धामहरूमा आत्म कल्याणका लागि जान्छन्। श्री अमरनाथ जीको यात्रामा गएका श्रद्धालुहरु तीन-चार पटक हिम आँधीमा परेर पुरिएर मरे। प्रत्येक पटक मर्नेहरूको सङ्ख्या हजारौं हुन्थ्यो। यहाँ के कुरा विचारणीय छ भने श्री अमरनाथ जीको दर्शन र पूजा लाभदायक भएको भए के भगवान शिवले ती श्रद्धालुहरूको रक्षा गर्ने थिएनन्? अर्थात् प्रभु शिव जी पनि शास्त्र विरूद्ध साधनाबाट अप्रसन्न छन्।

## वैष्णो देवीको मन्दिर कसरी स्थापना भयो ?

आफ्नो बुबा, राजा दक्षको हवन कुण्डमा हाम फाली सती जी (उमादेवी) को जलेर मृत्यु भएपछि भगवान शिवले उनका हाडहरूको कंकाललाई मोहवश सती जी सम्झेर १० हजार वर्षसम्म काँधमा बोकेर पागल झैं घुमि रहे। भगवान विष्णु जीले सुदर्शन चक्रले सती जीको कंकाल टुक्रा टुक्रा पारी छिन्न-भिन्न गरि दिए। जहाँ-जहाँ शरीर खस्यो, त्यहाँ त्यसलाई जमीनमा गाडि दिए र यो धार्मिक घटनालाई स्मरणीय बनाउन त्यहाँ मन्दिर जस्तो स्मारक बनाइ दिए ताकि आउने समयमा कसैले पुराणमा गलत लेखिएको छ भनेर भन्न नपाऊन्। त्यस मन्दिरमा एउटा स्त्रीको चित्र राखि दिए र त्यसलाई वैष्णोदेवी भन्न थाले। त्यसको रेखदेख गर्न र श्रद्धालु दर्शकहरूलाई त्यस स्थानको कथा बताउनका लागि एकजना असल व्यक्तिलाई नियुक्त गरियो। उसलाई अन्य धार्मिक व्यक्तिहरूले केही तलब दिन्थे। पछि उसका वंशजहरूले भेटी (दान) लिन सुरू गरे र एकजनाको व्यापार ठप्प भएकोले मातालाई १०० रूपियाँ सङ्कल्प गरेर एउटा नरिवल चढाएपछि ऊ धेरै धनी भयो, एउटा निसन्तान दम्पतीले मातालाई २०० रूपियाँ सहित एउटा साडी र एउटा सुनको गलाको हार चढाउने सङ्कल्प गरेपछि उनीहरूले छोरा पाए भन्ने जस्ता विभिन्न मनगढन्ते कथा सुनाउन थाले।

यसरी सोझा आत्माहरूले यी दन्त्यकथाहरूमा आधारित भएर आफ्ना पवित्र गीता जी र पवित्र वेदहरूलाई बिर्सिए। जसमा ती सम्पूर्ण साधनाहरु शास्त्रविधि रहित

हुन् भनेर लेखिएको छ। जसकारण न कुनै सुख न कुनै कार्य सिद्धि हुन्छ, न त परम गति अर्थात् मुक्ति नै हुन्छ। (यसको प्रमाण पवित्र गिता अध्याय १६ श्लोक २३ र २४ मा छ।) यसै प्रकारले जहाँ देवीको आखाँ खस्यो त्यहाँ नैना देवीको मन्दिर भयो, जहाँ जिब्रो खस्यो त्यहाँ श्री ज्वाला जीको मन्दिर भयो, तथा जहाँ शरीर खस्यो त्यहाँ वैष्णोदेवीको मन्दिर स्थापना भयो।

## पुरीमा श्री जगन्नाथ जीको मन्दिर अर्थात् धाम कसरी बन्यो ?

उडिसा प्रान्तमा इन्द्रदमन नामका राजा थिए। उनी भगवान श्री कृष्ण जीका अनन्य भक्त थिए। एक रात श्री कृष्ण जीले राजालाई सपनामा दर्शन दिएर जगन्नाथ नामको मेरो एउटा मन्दिर बनाइ दिनु, यस मन्दिरमा मूर्ती पूजा नगर्नू र पवित्र गीतानुसार ज्ञान प्रचार गर्ने एकजना सन्तलाई मात्र नियुक्त गर्नु भने। अनि उनले समुन्द्रको किनारमा मन्दिर बनाउका लागि ठाउँ पनि देखाइ दिए। बिहान उठेर इन्द्रदमनले आफ्नी पत्नीलाई राति भगवान श्री कृष्णको दर्शन भएको कुरा सुनाए। रानीले भनिन्,– शुभ कार्यमा किन ढिला गर्नु ? सबै सम्पति उनैले दिएका हुन्, उनैलाई समर्पित गर्न के सोच्नु पर्छ ? श्री कृष्ण जीले सपनामा समुन्द्रको किनारामा देखाएकै ठाउँमा राजाले मन्दिर बनाए। मन्दिर बनेपछि समुद्री आँधी आयो र मन्दिर भत्काइ दियो। यहाँ मन्दिर थियो भन्ने कुनै पनि चिन्ह बचेन। राजाले पाँच पटक मन्दिर बनाए र पाँचै पटक समुद्री आँधीले भत्काइ दियो।

राजाले निराश भएर मन्दिर नबनाउने निर्णय गरे। समुन्द्रले कुन जन्मको प्रतिशोध लिइ रहेको छ भन्ने सोमा परे। कोष रित्तो भयो तर पनि मन्दिर बनेन। केही समयपछि पूर्ण परमेश्वर (कविर्देव) ज्योति निरञ्जन (काल) लाई दिनु भएको वचन अनुसार राजा इन्द्रदमनका सामु आउनु भयो र राजालाई मन्दिर बनाउनु होस्, अब समुद्रले मन्दिर भत्काउँदैन भन्नु भयो। राजाले भने,– सन्त जी मलाई विश्वास छैन। मैले भगवान श्री कृष्ण (विष्णु) जीको आदेशले मन्दिर बनाएको हो। श्री कृष्ण जीले पनि समुन्द्रलाई रोक्न सकि रहनु भएको छैन। भगवानले परीक्षा लिइ रहनु भएको होला भनेर पाँचपटक मन्दिर बनाउन लगाएँ। अब त म परीक्षा दिन योग्य पनि छैन किनकि कोष रिति सकेको छ। अब मन्दिर बनाउनु मेरो क्षमताको कुरो होइन। परमेश्वरले भन्नु भयो,– इन्द्रदमन सम्पूर्ण ब्रह्माण्डको रचना गर्नु हुने परमेश्वर मात्र सम्पूर्ण कार्य गर्न समर्थ हुनु हुन्छ अन्य प्रभु सक्षम छैनन्। मैले वहाँ परमेश्वरको वचन-शक्ति प्राप्त गरेको छु। म समुन्द्रलाई रोक्न सक्छु। (यहाँ वहाँले आफ्नो वास्तविक परिचय लुकाएर आफैलाई सन्त भन्नु भएको थियो।) राजाले भने,– सन्त जी, श्री कृष्ण जीभन्दा पनि अरू कोही प्रबल छन् भन्ने कुरा म मान्न सक्दिनँ। उनले त समुन्द्रलाई रोक्न सकेनन् भने तपाईं को हो र? मलाई विश्वास छैन। अब त मेरो वित्तीय (आर्थिक) अवस्था पनि मन्दिर (महल) बनाउन सक्ने छैन। सन्तरूपमा आउनु भएको कविर्देव (कबीर परमेश्वर) ले राजालाई मन्दिर बनाउने इच्छा जाग्यो

भने मलाई भेट्न आउनु अब समुन्द्रले मन्दिर भत्काउने छैन भन्नु भयो र आफू बस्ने ठाउँ बताएर त्यहाँबाट जानु भयो।

त्यही रात श्री कृष्ण जीले राजा इन्द्रदमनलाई सपनामा दर्शन दिएर भने,– एकपटक फेरि मन्दिर (महल) बनाऊ, तिमी कहाँ आएका सन्तसँग सम्पर्क गरेर सहायताका लागि याचना गर, वहाँ यस्तो उस्तो सन्त होइन, वहाँको भक्ति शक्तिको कुनै वार-पार छैन।

राजा इन्द्रदमन निन्द्राबाट बिउँझे। सपनाको सबै वृत्तान्त रानीलाई सुनाए। रानीले प्रभुले भन्नु भएको छ भने तपाईं यस कामबाट नचुक्नु होस्, प्रभुको महल फेरि बनाइ दिनु होस् भनिन्। रानीको सद्भावनायुक्त वाणी सुनेर राजाले अब त कोष पनि खाली भइ सकेको छ, मन्दिर बनाइएन भने त प्रभु अप्रसन्न हुनु हुने छ, म त धर्म सङ्कटमा फसेँ भनेपछि रानीले मैले राखेका गहनाले सजिलै मन्दिर बन्ने छ, तपाईं गहना लिनु होस् र प्रभुको आदेश पालना गर्नु होस् भनिन्। अनि रानीले घरमा राखेका र आफूले लगाएका गहना निकालेर प्रभुका निमित्त आफ्नो पतिको चरणमा समर्पित गरिन्। परमेश्वरले सन्तरूपमा आएर बताउनु भएको ठाउँमा राजा गए। राजाले कबीर प्रभु अर्थात् अपरिचित सन्तलाई खोजेर समुन्द्रलाई रोक्ने अनुरोध गरे। प्रभु कबीर जी (कविदेव) ले समुन्द्र उठेर आउनेपट्टि समुन्द्रको किनारमा एउटा चाक्लो चौतारो बनाइ दिनु र त्यहाँ बसेर म प्रभुको भक्ति गर्छु र समुन्द्रलाई रोक्छु भन्नु भयो। राजाले कारीगरलाई एउटा ठूलो ढुङ्गाको चौतारो जस्तो बनाउन लगाए र परमेश्वर कबीर त्यसमा बस्नु भयो। अनि छैठौं पटक मन्दिर बन्न सुरू भयो। त्यसैबेला नाथ सम्प्रदायका एकजना सिद्ध महात्मा त्यहाँ आइ पुगे। नाथ जीले राजालाई भने,– राजा, धेरै राम्रो मन्दिर बनाइ रहनु भएको छ, यसमा मूर्ति पनि स्थापित गर्नु पर्छ। मूर्ति बिनाको मन्दिर कस्तो हुन्छ ? यो मेरो आदेश हो। राजा इन्द्रदमनले हात जोडेर भने,– नाथ जी प्रभु श्री कृष्णले सपनामा दर्शन दिएर मन्दिर बनाउने आदेश दिनु हुँदा मन्दिरमा मूर्ति राख्नु र कुनै पाखण्ड पुजा गर्नु पर्दैन भन्नु भएको थियो। राजाको कुरा सुनेर नाथजीले सपना पनि कहीँ सत्य हुन्छ? मेरो आदेशको पालना गर्नु होस् र चन्दनको काठको मूर्ति अवश्य स्थापित गर्नु होस् भने। अनि नाथ केही खानेकुरा पनि ग्रहण नगरी उठे। राजा डराए र उनले चन्दनको काठ मगाई कारीगरलाई मूर्ति बनाउने आदेश दिए। श्री नाथ जीले श्री कृष्ण जीको एउटा मूर्तिस्थापना गर्ने आदेश दिएका थिए। फेरि अन्य गुरू र सन्तहरूले प्रभु एक्लै कसरी रहनु हुन्छ भनेर राय दिन थाले। श्री कृष्ण जीले त सँधै श्री बलराम जीलाई साथमा राख्नु हुन्थ्यो। एकजनाले बहिनी सुभद्रा त श्री कृष्ण जीकी अत्यन्तै प्यारी थिइन्, उनी कसरी आफ्नो दाजु बिना रहन सक्छिन् भने। त्यसैले तीनवटा मूर्ति बनाउने निर्णय भयो। राजाले तीनजना कालिगढ नियुक्त गरे। मूर्तिहरु बनि सक्नासाथ टुक्रिए। यसरी मूर्तिहरु तीन पटक टुक्रिए। राजा धेरै चिन्तित भएर सोच्न लागे,– मेरो भाग्यमा यो यश र पुण्य कर्म छैन। मन्दिर बनाउँछु तर

भक्तिन्छ। अहिले चाहिँ मूर्तिहरू टुक्रा भइ रहेछन्। नाथजी रूष्ट भएर गए। मूर्तिहरू टुक्रा-टुक्रा हुन्छन् भनुँ भने राजाले बहाना बनाए भनेर कतै मलाई श्राप पो दिने हुन् कि ? चिन्ताग्रस्त राजाले न खाना नै खाए, न त उनलाई रात भरि निन्द्रा लाग्यो। बिहान व्याकुल अवस्थामा राजा दरबारमा गए। त्यही बेला पूर्ण परमात्मा (कविर्देव) कबीर प्रभु ८० वर्षीय कालिगढको रूप बनाएर राजदरबारमा उपस्थित हुनु भयो। वहाँको कम्मरमा एउटा थैला झुण्डिएको थियो जसमा आरी (करौंती) बाहिर स्पष्ट देखिन्थ्यो, मानौं नबताईकन नै शिल्पीको परिचय दिइ रहनु भएको थियो र बसिला, बर्मा आदि औजारहरूले थैला भरिएको थियो। कारीगर भेषका प्रभुले राजालाई भन्नु भयो,– मैले सुनेको छु कि प्रभुको मन्दिरका लागि मूर्तिहरू पूर्ण भइ रहेका छैनन्। म ८० वर्षको वृद्ध भइ सकेको छु र मसित ६० वर्षको अनुभव छ। चन्दनको काठको मूर्ति सबै कारीगरले बनाउन सक्दैनन्। यदि तपाईंको आज्ञा हुन्छ भने सेवक उपस्थित छ। राजाले भने,– हे कारीगर, तपाईं त मेरो लागि भगवान नै कारीगर बनेर आए जस्तो लागेको छ। म धेरै चिन्तित थिएँ। कुनै अनुभवी कालिगढ भेटिए त समस्या समाधान हुन्थ्यो भन्ने नै सोचि रहेको थिएँ। तपाईं चाडैं मूर्ति बनाइ दिनु होस्। बृद्ध कालिगढ रूपमा आउनु भएको कविर्देव (कबीर प्रभु) ले भन्नु भयो,– राजन, प्रभुको मूर्ति तयार गर्नका लागि मलाई बसेर काम गर्ने एउटा कोठा दिनु होस्। म भित्रबाट ढोका बन्द गरेर स्वच्छतापूर्वक मूर्ति बनाउँछु। यी मूर्तिहरू तयार भएपछि मात्र ढोका खुल्ने छ, बीचैमा कसैले ढोका खोल्यो भने मूर्ति जति बन्छ, त्यति नै रहन्छ। राजाले जस्तो तपाईं उचित ठान्नु हुन्छ, त्यस्तै गर्नु होस् भने।

मूर्ति बनाउन थालेको बान्ह दिन भएपछि नाथ जी आए। नाथ जीले इन्द्रदमन मूर्तिहरू बनायौ त भनेर सोधे। राजाले हात जोडेर भने,– महात्मा जी, हजुरको आज्ञाको पूर्ण पालना गरिएको छ। तर मेरो दुर्भाग्य मूर्ति बनि रहेको छैन। आधा हुनासाथ टुक्रा टुक्रा हुन्छन्। अनि टुक्रिएका मूर्तिहरू ल्याउन लगाएर विश्वास दिलाउन नाथ जीलाई देखाए। नाथ जीले मूर्ति त बनाउनै पर्छ भने। अब बनाउन लगाऊ त, म हेर्छु मूर्ति कसरी टुक्रिन्छ ?' राजाले नाथ जी, प्रयत्न जारी छ भने। प्रभुले पठाउनु भएको ८० वर्षीय अनुभवी कालिगढ बन्द कोठामा मुर्ति बनाइ रहेछन्। उनले मूर्ति बनेपछि म आफैं ढोका खोल्छु, बीचमै कसैले ढोका खोलेमा मूर्तिहरू जति बनेका हुन्छन् त्यति नै रहन्छन् भनेका छन्। आज उनले मूर्ति बनाएको बान्ह दिन भयो, न बाहिर निस्केका छन् न त खान-पिन नै गरेका छन्। नाथजीले भने,– मूर्तिहरू त हेर्नु पर्छ नि। कस्तो बनि रहेछ ? बनेपछि त के हेर्नु ? राम्रो बनेको छैन भने राम्रो बनाउनु पर्छ। यति भनेर नाथ जीले राजालाई लिएर मूर्ति बनाइ राखेको कोठा अगाडि पुगेर कालिगढ ढोका खोल भनेर बोलाए। कैयौं पटक बोलाए तर ढोका खुलेन र आइ रहेको ठक-ठक आवाज पनि बन्द भयो। नाथ जीले भने,– ८० वर्षका बृद्ध र बान्ह दिनदेखि खानपिन पनि गरेको छैन भनि रहेथ्यौ। अब त आवाज पनि बन्द भयो। कहीं मरेको त छैन ?' धक्का लगाएर ढोका भत्काउँदा तीनवटा

मूर्तिहरु देखिए तर तीनवटै मूर्तिका हात र गोडाका पन्जा बनेका थिएनन्। कालिगढ चाहिँ अन्तर्ध्यान थिए।

मन्दिर बनेर तयार भयो र कुनै उपाय नदेखेर आफ्नो जिद्दीमा अडिग नाथ जीले यस्तै मूर्तिहरु स्थापित गर किनकि प्रभुलाई यही स्वीकार भएको हुन सक्छ, स्वयं श्री कृष्णले नै मूर्तिहरु बनाएर जानु भए जस्तो लाग्छ भने।

मुख्य पण्डाले शुभ मुहुर्त निकालेर अर्को दिन नै मूर्तिहरुको स्थापना गरि दिए। सबै पण्डाहरु, मुख्य पण्डा, राजा, सैनिक र श्रद्धालुहरु मूर्तिहरुमा प्राण प्रतिष्ठा गर्नका लागि गए। पूर्ण परमेश्वर (कविर्देव) ले शुद्रको रुप धारण गरेर मन्दिरको मुख्य ढोकाको बीचमा मन्दिरतिर मुख फर्काएर उभिनु भयो। पछाडिबाट प्रभुको प्राण प्रतिष्ठाका लागि सेनाहरु आइ रहेका छन् भन्ने ज्ञान नै छैन भने जस्तो लीला वहाँले गरि रहनु भएको थियो। अघि अघि मुख्य पण्डा हिँडि रहेका थिए। परमेश्वर फेरि पनि ढोकाको बीचमै उभिइ रहनु भयो। नजिक आएर मुख्य पण्डाले शुद्ररुपमा उभिनु भएको परमेश्वरलाई यस्तो धक्का दिए कि परमेश्वर पर गएर लड्नु भयो र एकान्त स्थानमा शुद्र लीला गर्दै बस्नु भयो। राजासहित सबै श्रद्धालुहरुले मन्दिरभित्र गएर हेर्दा त सबै मूर्तिहरुले ढोकामा उभिएका शुद्ररुप परमेश्वरको रुप पो धारण गरेको देखे। यो चमत्कार देखेर उपस्थित सबै आश्चर्यचकित भए। मुख्य पण्डा कराउन थाले,– मुख्य ढोकालाई त्यस शुद्रले अशुद्ध गरि दिएकोले प्रभु क्षुब्ध हुनु भएको छ। यसैले सबै मूर्तिहरुले शुद्ररुप धारण गरेका छन्। घोर अनिष्ट भयो। केही समयपछि मूर्तिहरुको वास्तविक रुप देखियो। अनि गंगाजलले कैयौंपटक स्वच्छ पारेर प्राण प्रतिष्ठा गरे। (कविर्देव भन्नु हुन्छ,– अज्ञानता र पाखण्डवादको चरम सीमा हेर्नु होस्। कालिगढले मूर्तिलाई भगवान बनाउँछन् अनि पुजारी र अन्य सन्त त्यस मूर्तिरुपी प्रभुमा प्राण हाल्छन्। अर्थात् प्रभुलाई जीवनदान दिन्छन्। अनि त्यो माटो वा काठको प्रभुले कार्य सिद्ध गर्दछन्। वाह! हे पाखण्डीहरु, खुब मूर्ख बनायौ प्रभु प्रेमी आत्माहरुलाई।)

मूर्ति स्थापना भएको केही दिन पछि समुन्द्रको पानी लगभग ४० फिट माथि उठेर समुन्द्री आँधीको रुप लिई धेरै बेगसाथ मन्दिरतिर बढ्यो। सामुन्ने कबीर परमेश्वर चौतारोमा बस्नु भएको थियो। वहाँले आशिर्वाद दिएजस्तै गरी आफ्नो एउटा हात उठाउनु भयो। समुन्द्र उठेको उठ्यै भयो र पर्वत जस्तै बन्यो, अगाडि बढ्न सकेन। समुन्द्रले विप्र (ब्राह्मण) रुप बनाएर आयो र चौतारोमा बस्नु भएको प्रभुलाई भन्यो,– भगवान! मलाई बाटो दिनु होस्। म मन्दिरलाई भत्काउन जान्छु। प्रभुले यो मन्दिर होइन महल (आश्रम) हो, यसमा विद्वान मानिसहरु बसेर पवित्र गीता जीको ज्ञान दिने छन्, तिमीले यसलाई भत्काउनु सुहाउँदैन भन्नु भयो। समुन्द्रले म यसलाई अवश्य भत्काउँछु भन्यो। प्रभुले जाऊ कसले रोकेको छ र भन्नु भयो । समुद्रले म विवश छु, हजुरको शक्ति अपार छ, मलाई बाटो छोडि दिनु होस् प्रभु भन्यो। परमेश्वर कबीर साहेब जीले यस्तो किन गरेको भनेर समुन्द्रलाई सोध्नु भयो। विप्र

रूपको समुन्द्रले भन्यो,– श्री कृष्ण जी त्रेता युगमा श्री रामचन्द्र रूपमा आएको बेला मलाई अग्निवाण देखाई जथाभावी भनेर अपमानित गर्दै बाटो मागेका हुनाले मैले त्यसको प्रतिशोध लिन खोजेको हुँ।

परमेश्वर कविर जीले प्रतिशोध त तिमीले पहिले नै द्वारिकालाई डुबाएर लिइ सकेका छौ भन्नु भयो। समुन्द्रले अहिले पूर्ण रूपमा डुबाउन पाएको छैन, आधि नै बाँकी छ भनेर जवाफ दियो। त्यहाँ पनि प्रबल शक्तियुक्त सन्त अगाडि आउनु भएकोले द्वारिकालाई पूर्ण रूपमा डुबाउन पाइनँ। अहिले जति नै कोशिस गर्दा पनि उत्ता जान सकि रहेको छैन। उताबाट मलाई बाँधेर राखेको छ।

कबीर परमेश्वरले भन्नु भयो,–त्यहाँ पनि म नै पुगेको थिएँ। मैले नै त्यो अवशेष बचाएको थिएँ। अब जाऊ र बाँकी रहेको द्वारिकालाई पनि निल तर श्री कृष्ण जीको शरीरको अन्तिम संस्कार गरिएको स्मारकलाई चाहिँ छोडि दिनू। (श्री कृष्ण जीको अन्तिम संस्कार भएको ठाउँमा धेरै ठूलो मन्दिर बनाइयो। वास्तवमा श्री कृष्ण जीको मृत्यु भएको थियो र उनले पञ्चभौतिक शरीर छोडेर गएका थिए भन्ने प्रमाणका रूपमा यो स्मारक रहने छ। नभए पछि आउने समयमा त श्री कृष्ण जीको मृत्यु नै भएको थिएन भन्न बेर लाउने छैनन्।) आज्ञा पाएर द्वारिकाको बाँकी रहेको भागलाई पनि समुन्द्रले डुबायो। परमेश्वर कबीर जी (कविर्देव) ले अबदेखि कहिल्यै पनि यस जगन्नाथ मन्दिर भत्काउने प्रयत्न नगर्नु र यस महलबाट पर जानु भन्नु भयो। प्रभुको आज्ञा मानेर समुन्द्रले प्रणाम गरी मन्दिरभन्दा लगभग डेढ किलोमिटर पर गयो। यसरी श्री जगन्नाथ जीको मन्दिर अर्थात् धाम स्थापित भयो।

### श्री जगन्नाथको मन्दिरमा प्रारम्भदेखि नै छुवाछुत थिएन

केही दिनपछि शुद्ररूप कबीर जीलाई धकेलेर लडाउने पण्डालाई कुष्ट रोग लाग्यो। सबै खालका औषधी गरे पनि निको भएन। कुष्ट रोगको पीडा झन्-झन् बढ्दै गयो। उसले सबै खालका उपासना पनि गर्‍यो। श्री जगन्नाथसँग रोइकराई गरेर सङ्कट निवारणका लागि प्रार्थना गर्‍यो। तर सबै निष्फल भए। सपनामा श्री कृष्ण जीले उसलाई दर्शन दिएर भने,– पण्डा, तिमीले मन्दिरको मुख्य ढोकामा धकेलेर लडाएको सन्तको चरण धोएर चरणामृत पान गर। वहाँको आर्शिवादले मात्र तिम्रो कुष्ट रोग ठीक हुन सक्छ। वहाँले हृदयबाटै क्षमा गर्नु भयो भने मात्र निको हुने छ अन्यथा हुँदैन। डुब्न लागेकोलाई परालको त्यान्द्रो पनि सहारा बन्छ।

त्यो मुख्य पण्डा सबेरै उठ्यो। धेरै सहयोगी पण्डाहरूलाई साथमा लिएर त्यस ठाउँमा गयो जहाँ प्रभु शुद्ररूपमा विराजमान हुनु हुन्थ्यो। प्रभुको छेउमा पण्डा आउँदा परमेश्वर उठेर हिँड्नु भयो र हे पण्डा ! म त अछुत हुँ, म भन्दा पर बस। अपवित्र हुनु होला नि भन्नु भयो। पण्डा नजिक गयो र परमेश्वर अझ पर जानु भयो। अनि पण्डा हे परमेश्वर! मेरो दोष क्षमा गरि दिनु होस् भन्दै डाँको छोडेर रून थाल्यो। अनि दयालु प्रभु अडिनु भयो। पण्डाले आदरसाथ एउटा सफा लुगा जमिनमा ओछ्याएर प्रभुलाई बस्न प्रार्थना गर्‍यो। प्रभु त्यसमा बस्नु भयो र पण्डाले वहाँको

चरण (पाउ) धोएर चरणामृत एउटा भाँडोमा राखे। प्रभु कबीर जीले चालिस दिनसम्म यो पिउनु र नुहाउने पानीमा थोरै राखेर नुहाउनु पनि, चालीसौं दिनमा तिम्रो कुष्ठरोग निको हुने छ र भविष्यमा जगन्नाथ जीको मन्दिरमा छुवाछुत गर्नेले पनि दण्ड पाउने छ भन्नु भयो। उपस्थित सबै व्यक्तिहरूले आज उप्रान्त यस पवित्र स्थानमा कुनै छुवाछुत गरिने छैन भन्ने प्रतिज्ञा गरे।

विचार गरौं - जगन्नाथ हिन्दुस्थानको एउटा मात्र यस्तो मन्दिर हो जहाँ सुरूदेखि नै छुवाछुत छैन। सन्त रामपाल जी महाराज पनि केही प्रमाण जुटाउन थुप्रै सेवकहरूसँग त्यो स्थान हेर्न जानु भएको थियो। समुन्द्र रोकेर मन्दिर बचाउनका लागि कबीर परमेश्वर जी बस्नु भएको ढुङ्गा (चौतारो) आज पनि विद्यमान छ। त्यहाँ स्मारकका रूपमा गुम्बज बनाइएको छ। त्यहाँ धेरै पुरानो महन्त (हेरचाह गर्ने) परम्पराको एउटा आश्रम पनि विद्यमान छ। त्यहाँ लगभग ७० वर्षीय वृद्ध महन्त जीसँग मन्दिरलाई समुन्द्रबाट कसरी सुरक्षित गरिएको थियो भन्ने जानकारी माग्दा उनले पनि माथिकै विवरण बताए तथा उनका पूर्वजहरु कैयौं पुस्तादेखि नै यहाँको महन्त (हेरचाह गर्ने) थिए भनेर पनि सुनाए। यहाँ नै श्री धर्मदास साहेब र वहाँकी पत्नी भक्तमती आमनी देवीले शरीर त्याग्नु भएको थियो। दुवै जनाको समाधी पनि साथसाथै बनेको पाइयो।

त्यसपछि हामी श्री जगन्नाथ जीको मन्दिरमा गयौं। त्यहाँ मूर्तिको पूजा गरिँदैन तर प्रदर्शनी चाहिँ गरिएको छ। भगवान श्री कृष्ण जी, श्री बलराम जी र बहिनी सुभद्राको मन्दिरभित्र स्थापित गरिएका तीनवटा मूर्तिका दुवै हातका पञ्जा छैनन्, दुवै हात डुँडा छन्। ती मूर्तिहरूको पनि पूजा हुँदैन दर्शनका लागि मात्र राखिएका छन्। त्यहाँ एउटा गाइड पण्डालाई रामपाल जी महाराजले यो मन्दिर पाँचपटक समुद्रले भत्कायो र पुनः बनाइयो, समुन्द्रले किन भत्काएको थियो ? फेरि कसले समुन्द्रलाई रोक्यो ? भनेर सोध्नु भयो। पण्डाले मलाई त्यति धेरै त थाहा छैन, यो सबै जगन्नाथ जीको कृपा थियो, वहाँले नै समुन्द्रलाई रोक्नु भएको थियो, मैले त समुन्द्रले तीन पटक मन्दिर भत्काएको भन्ने सुनेको थिएँ भने। महाराज जीले पहिलो पटकमा नै प्रभुले किन समुन्द्रलाई रोक्नु भएन त भनेर फेरि सोध्नु भयो। पण्डाले लीला जगन्नाथको भन्दै उत्तर दिए। महाराज जीले फेरि यस मन्दिरमा छुवाछुत छ कि छैन भनेर सोध्नु भयो। उनले यो मन्दिर बनेदेखि नै छुवाछुत छैन, मन्दिरमा शुद्र र पण्डित एउटै थाली वा पातमा खाना खान सक्छन्, कसैले मनाही गर्दैनन् भन्ने बताए। रामपाल जी महाराजले पण्डा जी अरू हिन्दू मन्दिरहरूमा त पहिला छुवाछुत धेरै हुन्थ्यो, यसमा किन छैन प्रभु त एकै हुन् भनेर फेरि सोध्नु भयो। पण्डाले जगन्नाथको लीला नै हो भन्ने उत्तर दिए।

पुण्यात्माहरु विचार गरौं - जगन्नाथको लीला भनेर सत्य कसरी लुकाइएको छ? पवित्र स्मारकहरु आदरणीय छन् तर आत्मकल्याण त पवित्र गीता जी र पवित्र वेदहरूमा वर्णन गरिएको तथा परमेश्वर कबीर जीले दिनु भएको तत्त्वज्ञान अनुसार



समुद्रले जगन्नाथ मन्दिर भत्काउन खोज्दा परमेश्वर कबीर जीले रोकाउनुभयो।

भक्ति साधना गर्नाले मात्र सम्भव छ, अन्यथा शास्त्र विरूद्ध हुनाले मानव जीवन व्यर्थ खेर जान्छ। (प्रमाण गीता अध्याय १६ श्लोक २३ र २४)। श्री जगन्नाथ जीको मन्दिरमा प्रभुको आदेश अनुसार पवित्र गीता जीको ज्ञानको महिमा बारे गुणगान हुनु नै श्रेयकर छ तथा श्रीमद्भगवत गीतामा बताइएको भक्तिको विधि अनुसार साधना गर्नाले मात्र आत्मकल्याण सम्भव छ। अन्यथा जगन्नाथजीको दर्शन र खिचडी प्रसाद खानाले मात्र कुनै लाभ हुँदैन किनकि यो क्रिया गीता जीमा वर्णित नभएकाले शास्त्र विरूद्ध हुन्छ भन्ने प्रमाण गीता अध्याय १६ श्लोक २३ र २४ मै दिइएको छ।

## स्वर्गको परिभाषा के हो ?

उदाहरणका लागि स्वर्गलाई एउटा होटल (रेस्टोरेन्ट) सम्झौं । कुनै धनी मान्छे गर्मीको मौसममा शिमला वा कुल्लु मनाली जस्तो चिसो ठाउँमा जान्छ। त्यहाँ कुनै होटलमा बस्छ। उसले कोठाको भाडा र खाना खर्च तिर्नु पर्ने हुन्छ। दुई तीन महिनामा २०-३० हजार रूपैंया खर्च गरेर पुनः आफ्नै कर्म क्षेत्रमा फर्किन्छ। फेरि दस महिना मेहनत मजदूरी गर अनि दुई महिना आफ्नो कमाई खर्च गरी फर्केर आऊ। कुनै वर्ष राम्रो कमाई भएन भने त त्यो दुई महिनाको सुख पनि नपाउनाले छटपटी हुन्छ।

स्वर्गलाई पनि यस्तै सम्झौं - यस पृथ्वीलोकमा साधना गरेर जीव केही समय स्वर्गरूपी होटलमा जान्छ। अनि आफ्नो कमाइ खर्च गरी फर्केर नरक तथा चौरासी लाख प्राणीहरूको शरीरमा आएर पाप कर्मको आधारमा कष्ट भोग्छ।

तत्त्वदर्शी सन्त प्राप्त नहुञ्जेलसम्म उपर्युक्त जन्म-मृत्यु, स्वर्ग-नर्क र चौरासी लाख योनीहरूको कष्ट रहि रहन्छ किनकि पूर्ण परमात्माको सत्यनाम तथा सारनामले मात्र पाप नाश गर्छ, अन्य प्रभुहरूको पूजाले पाप नष्ट हुँदैन। सबै कर्मको जस्ताको त्यस्तै (यथावत) फल पाइन्छ।

यसैले गीता अध्याय ८ श्लोक १६ मा भनिएको छ - ब्रह्मलोक (महास्वर्ग) सम्मका सबै लोकहरु नाशवान छन्। अतः स्वर्ग र महास्वर्ग नै रहँदैनन् भने साधकहरु कहाँ गएर बस्छन् ? कृपया विचार गरौं।

प्रश्न : के गीता जीको नित्य पाठ गर्नाले कुनै लाभ हुँदैन ? कुकुरलाई खाना, भोकोलाई भोजन, कमिलालाई पिठो, तीर्थहरूमा भण्डारा (साधुहरूलाई भोज) आदि, जस्ता दानहरु के व्यर्थ हुन् त ?

उत्तर : धार्मिक ग्रन्थहरूको पठनपाठनले ज्ञान यज्ञको फल पाइन्छ। यज्ञको फल स्वरूप केही समय स्वर्ग वा जुन उद्देश्यले यज्ञ गरिएको थियो त्यो पाइन्छ, तर मुक्ति भने पाँइदैन। नित्य पाठ गर्नुको तात्पर्य सद्ग्रन्थहरूले कुन साधना गर्ने र कुन नगर्ने भनी दिएको निर्देशनलाई सम्झि राख्नका लागि हो। कहीँ कुनै गल्ती भइ नहालोस्। जसले गर्दा हामीले वास्तविक उद्देश्यलाई त्यागेर लापरवाही गरी शास्त्रविधि विरूद्ध मनोमानी आचरण (पूजा) गर्न नपुगौं र मनुष्य जीवनको मूल उद्देश्य आत्मकल्याण नै हो जुन शास्त्र अनुकूल साधनाबाट मात्र सम्भव छ भनेर सम्झना भइ रहोस्।

जस्तै एउटा किसानको वृद्धावस्थामा छोरा जन्मियो। किसानले छोरो जवान भएर खेतीपाति सम्हाल्न योग्य नहुदै कहीँ म मरि पो हाल्छु कि भन्ने सोचेर आफ्नो अनुभव लेख्यो र छोरालाई जवान भएपछि खेतबारीका कामहरु कसरी गर्ने भनी जान्नका लागि मेरो अनुभवको लेख प्रत्येक दिन पढ्नु र त्यसै अनुसार कृषि कार्य गर्नु भनेर सम्झायो। बुबाको मृत्युपछि छोरोले बुबाको अनुभवको लेख सँधै पढ्थ्यो तर त्यसमा गर्नु भने अनुसार काम चाहिँ गर्दैनथ्यो। के त्यस किसानको छोरो यसरी धनी हुन सक्छ? कदापि सक्दैन। उसको बुबाको अनुभवमा लेखिए अनुसार गरेमा मात्र ऊ धनी हुन सक्छ। ठीक यसरी नै श्रद्धालुहरु पवित्र गीताको पाठ त नित्य गर्छन् तर साधना चाहिँ सद्ग्रन्थको विपरित गर्दछन्। गीता अध्याय १६ श्लोक २३ र २४ अनुसार यस्तो साधना त व्यर्थ हो।

तीन गुणहरु (रजगुण-ब्रह्मा जी, सतगुण-विष्णु जी र तमगुण-शिव जी) को पूजा गर्नु गीता अध्याय ७ श्लोक १२ देखि १५ तथा २० देखि २३ मा निषेध गरिएको छ तथा पवित्र गीता अध्याय ९ श्लोक २५ मा श्राद्ध अर्थात् पितृ पूजा, पिण्डदान, गंगामा अस्थी सेलाउने, तेन्हौं, मासिक, छमासिक, बर्खी आदि गर्नु निषेध छ। गीता अध्याय ६ श्लोक १६ मा व्रत गर्नु निषेध गर्दै लेखिएको छ हे अर्जुन ! योग (भक्ति) न त केही पनि नखाने (व्रत बस्ने) को सिद्ध हुन्छ, ......' अर्थात् व्रत गर्नु मनाही छ।

भोकोलाई भोजन दिनु, कुकुर आदि जीव जन्तु र पशुहरूलाई आहार दिनु नराम्रो होइन तर पूर्ण सन्तका माध्यमले वहाँको आज्ञानुसार दान र यज्ञ आदि गर्दा मात्र पूर्ण लाभ प्राप्त हुन्छ।

जस्तो कुनै कुकुर कारभित्र मालिकको सिटमा बसेर यात्रा गर्छ र त्यस कुकुरको ड्राइभर मान्छे हुन्छ। त्यस पशुले मानिसभन्दा धेरै सुविधा पाएको हुन्छ, त्यसको छुट्टै कोठा, खाना, पङ्खा आदि हुन्छ। त्यो अबोध प्राणी मानव शरीरमा हुँदा दान गरेको थियो तर मनोमानी आचरण (पूजा) का माध्यमबाट वा शास्त्र विधि विपरित गरेको हुनाले लाभदायक भएन। प्रभुको विधान अनुसार मानिसले जस्तोसुकै कर्म गरेपनि त्यसको फल अवश्य पाउँछ। तत्त्वदर्शी सन्तले पूर्ण परमात्माको मार्ग दर्शन नगराउञ्जेलसम्म यो विधान लागु हुन्छ।

प्राणीले जस्तो कर्म गर्छ त्यस्तै फल पाउँछ। यस विधान अनुसार तीर्थ तथा धामहरूमा वा अन्य स्थानमा भण्डारा गर्ने (साधुहरूलाई भोज खुवाउने) अनि कुकुर आदिलाई खाना दिने गरेको कर्मको आधारमा उसले कुकुरको योनी पायो। त्यहाँ उसले पूर्वजन्ममा गरेको कर्मको फल स्वरूप ऐश आरामको जीवन पायो। कुकुरको जीवनमा पूर्व जन्मको शुभ कर्मको कमाइ सकिएपछि ऊ गधाको योनीमा जान्छ। गधाको जीवनमा सबै सुविधा खोसिन्छ। दिनभरी माटो र काँचो-पाकेको इँटा ओसार्ने छ। त्यसपछि अन्य प्राणीहरूको शरीर लिएर आई कष्ट उठाउने र नर्क पनि भोग्नु पर्ने छ। चौरासी लाख योनीहरूको कष्ट भोगेपछि बल्ल पुनः मनुष्य जीवन प्राप्त गर्छ। फेरि के थाहा, भक्ति हुन्छ कि हुँदैन। तीर्थ वा धाम जानेहरूको गोडा वा उनीहरु चढेको सवारीको चक्काले कुल्चिएर मर्ने सबै जीवजन्तुको पाप तीर्थयात्रीले भोग्नै पर्छ। पूर्ण परमात्माको सत्य-साधना बताउने पूर्ण सन्त नभेटिएसम्म पाप नाश (क्षमा) हुन सक्दैन किनकि ब्रह्मा, विष्णु र महेश तथा ब्रह्म (क्षर पुरूष/काल) र परब्रह्म (अक्षर पुरूष) को साधना गर्नाले पाप नाश (क्षमा) नहुने भएकोले पाप र पुण्य दुवैको फल भोगि रहनु पर्छ। त्यस प्राणीले गीता ज्ञान अनुसार पूर्ण सन्तको शरण प्राप्त गरेर पूर्ण परमात्माको साधना गरेको भए सत्यलोक जान्थ्यो कि त पुनः मनुष्य शरीर पाउँथ्यो। पूर्व पुण्यको आधारमा फेरि कुनै सन्त भेटिएमा त्यो प्राणी फेरि शुभ कर्म गरेर पार हुन्छ। त्यसैले उपरोक्त मनोमानी आचरण लाभदायक छैनन्।

प्रश्नः- गीता अध्याय ३ श्लोक ३५ र अध्याय १८ श्लोक ४७ मा भनिएको छ,— असल तरिकाले आचरण गरिएको अर्काको धर्मभन्दा गुणरहित भए पनि आफ्नो धर्म नै अति उत्तम हुन्छ। आफ्नो धर्ममा मर्नु पनि कल्याणकारी हुन्छ, तर अर्काको धर्म भय उत्पन्न गर्ने खालको हुन्छ। त्यसैले जसले जस्तो पूजा गरि रहेको भए पनि त्याग्नु हुँदैन भन्ने सिद्ध हुन्छ। आफ्नो धर्ममा मर्नु पनि कल्याणकारी हुन्छ।

उत्तर - गीता अध्याय ३ श्लोक ३५ र अध्याय १८ श्लोक ४७ को अर्थ 'जसले जस्तो पूजा गर्छ गरी राख, त्यसलाई नत्याग' हुन्थ्यो भने पवित्र श्रीमद्भगवद् गीताको ज्ञानको आवश्यकता नै किन हुन्थ्यो ? यही एउटै श्लोक पर्याप्त हुन्थ्यो। श्री गीता जीका यी श्लोकहरूको भावार्थ सही छ, तर अनुवादकहरूले विपरित अर्थ

**बनाएका छन्। कृपया माथिका दुवै श्लोकहरूको वास्तविक अर्थ तल पढ्नु होस् :-**

गीता, अध्याय ३ श्लोक ३५

श्रेयान्, स्वधर्मः, विगुणः, परधर्मात्, स्वनुष्ठितात्,
स्वधर्मे, निधनम्, श्रेयः, परधर्मः, भयावहः।।

**अनुवाद** : (विगुणः) गुणरहित अर्थात् शास्त्र विधि त्यागेर (स्वनुष्ठितात्) आफैंले मनोमानी रूपमा राम्रो आचरणमा ल्याएको (परधर्मात्) अरूहरूको धार्मिक पूजा भन्दा (स्वधर्मः) आफ्नो शास्त्र अनुसारको पूजा (श्रेयान्) अति उत्तम छ। शास्त्रानुकुल (स्वधर्मे) आफ्नो पूजामा त (निधनम्) मर्नु पनि (श्रेयः) कल्याणकारी हुन्छ भने (परधर्मः) अरूको पूजा (भयावहः) भय उत्पन गर्ने खालको हुन्छ।

गीता, अध्याय १८ श्लोक ४७

श्रेयान्, स्वधर्मः, विगुणः, परधर्मात्, स्वनुष्ठितात्,
स्वभावनियतम्, कर्म, कुर्वन्, न, आप्नोति, किल्बिषम्।।

**अनुवाद** : (विगुणः) गुण रहित (स्वनुष्ठितात्) आफ्नै मनोमानी अर्थात् शास्त्र विधि रहित राम्ररी आचरण गरिएको (परधर्मात्) अरूको धर्म अर्थात् धार्मिक पूजा भन्दा (स्वधर्मः) आफ्नो धर्म अर्थात् शास्त्र विधि अनुसारको धार्मिक पूजा (श्रेयान्) श्रेष्ठ छ (स्वभावनियतम्) आफैं आफ्नो स्वभाव अनुसार बनाएको मनोमानी आचरणले (कर्म) भक्ति कर्म (न) न (कुर्वन्) गर (किल्बिषम्) जसले पाप (आप्नोति) प्राप्त हुन्छ।

विशेष : **यसको प्रमाण गीता अध्याय १७ को श्लोक १ देखि ६ मा स्पष्ट छ।**

**उपरोक्त श्लोकहरूमा अरूको तडक-भडकयुक्त साधना जति नै सुनियोजित देखिए पनि हानिकारक हुनाले आफ्नो शास्त्रविधि अनुसारको साधना नै श्रेष्ठ हुन्छ भनिएको छ।**

**जस्तै माताको जागरण गर्नेहरूले सुरिलो आवाजमा गीत गाएर माताको स्तुति गान मनगढन्ते भजन कीर्तनले बाजा-गाजासहित गर्छन्। त्यस्तो (स्वनुष्ठितात्) स्वयं निर्मित शास्त्र विधिरहित साधनामा आकर्षित भएर आफ्नो शास्त्रानुकुल साधना त्याग्नु हुँदैन। कुनै साधक सत्य साधनामा लाग्दा उसले पितृ पूजा, मन्दिर जाने आदि जस्ता शास्त्र विरूद्ध पूजाहरूलाई त्याग गरि दिन्छ। अनि शास्त्रविधि विरूद्ध साधना गर्नेहरूले भन्छन्,– तपाईंले त पहिला गर्ने सबै पूजाहरु त्याग्नु भयो। तपाईंसँग सबै देवताहरु रूष्ट हुने छन्। एकजना मानिसले यस्तै गरेको थियो। उसको एक्लो छोरो मऱ्यो। यसरी अरूका शास्त्र विरूद्ध साधनाले भय उत्पन्न गराउँछ तर आफ्नो शास्त्रानुकुल साधना अन्तिम श्वाससम्म गरि रहनु नै कल्याणकारी हुन्छ।**

**प्रश्न : म गीता अध्याय ६ श्लोक १० देखि १५ मा वर्णित विधि अनुसार एउटा आसनमा बसी टाउको आदि सबै अङ्गलाई सम (सिधा) राखेर ध्यान गर्छु, एकादशीको व्रत पनि गर्छु। के यसरी शान्ति प्राप्त हुन्छ?**

उत्तर : **कृपया गीताको अध्याय ६ श्लोक १६ पनि पढ्नु होस्। जसमा हे अर्जुन! न धेरै खाने न त केही पनि नखाने (व्रत गर्ने), न धेरै जाग्ने न त धेरै सुत्ने (शयन) तथा न त एकै ठाउँमा बसेर साधना गर्नेहरूको योग (साधना) सिद्ध हुन्छ**

भनेको छन्। गीता अध्याय ६ श्लोक १० देखि १५ मा वर्णित विधिको खण्डन गीता अध्याय ३ श्लोक ५ देखि ९ मा सबै कर्मेन्द्रीयहरूलाई हठपूर्वक रोकेर अर्थात् एक ठाउँमा बसेर चिन्तन गर्ने मूर्खलाई पाखण्डी भनिन्छ, अतः कर्मयोगी (कार्य गर्दागर्दै साधना गर्ने साधक) नै श्रेष्ठ हो लेखिएको छ। गीता अध्याय ४ श्लोक ३४ मा गीता ज्ञानदाता प्रभु (ब्रह्म) ले वास्तविक भक्ति विधिका लागि कुनै तत्त्वदर्शीको खोजी गर भन्छन्। गीता ज्ञानदाता (ब्रह्म) ले बताएको भक्ति विधि पूर्ण छैन भन्ने यसबाट पनि सिद्ध हुन्छ। त्यसैले गीता अध्याय ६ श्लोक १०–१५ सम्म ब्रह्म (क्षर पुरूष, काल) ले आफ्नै साधनाको वर्णन गरेका छन् र गीता अध्याय ७ श्लोक १८ मा आफ्नो (कालको) साधनाले प्राप्त हुने शान्तिलाई अति निकृष्ट (अनुत्तमाम्) भनेका छन्। उपरोक्त अध्याय ६ श्लोक १० देखि १५ मा मन र इन्द्रियलाई नियन्त्रणमा राख्ने साधकले न धेरै अग्लो न त होचो एउटा विशेष आसन तयार गर्नु पर्छ, त्यस आसनमा बसेर चित्त र इन्द्रियहरूलाई नियन्त्रणमा राखेर मनलाई एकाग्र गरी अभ्यास गर्नु पर्छ, सिधा बसेर ब्रह्मचर्य पालना गर्दै मनलाई रोकेर प्रयाण गर्नु पर्छ। यस प्रकारको साधनामा संलग्न साधकले मसित भएको (निर्वाणपरमाम्) निर्जीवजस्तै अर्थात् मरेसरह (नाममात्र) को शान्ति प्राप्त गर्दछ भनेका छन्, यसैले गीता अध्याय ७ श्लोक १८ मा आफ्नो (कालको) साधनाले प्राप्त हुने गति (लाभ) लाई अति निकृष्ट (अनुत्तमाम्) भनेका छन्। यसैगरी गीताको अध्याय १८ श्लोक ६२ र अध्याय १५ श्लोक ४ मा अर्जुन! तिमीले परम शान्ति र सत्यलोक प्राप्त गर्ने छौ, फेरि पुनर्जन्म हुने छैन, पूर्ण मोक्ष प्राप्त हुने छ। म (गीता ज्ञानदाता प्रभु) पनि उनै आदि नारायण पुरूष परमेश्वरको शरणमा छु, यसैले दृढ निश्चयी भएर उनकै साधना र पूजा गर्नु पर्छ भनेका छन्।

**आफ्नो साधनाको अनुमानित ज्ञानको आधारमा बताइएको मार्गलाई गीता अध्याय ६ श्लोक ४७ मा स्वयंले** युक्ततमः मतः **अर्थात्** अज्ञानको अन्धकारयुक्त विचार **भनेका छन्। अन्य अनुवादकहरूले** मे युक्ततमः मतः **को अर्थ** परम श्रेष्ठ मान्य छ **गरेका छन्, जबकि यो मेरो अड्कल लगाइएको अज्ञानरूपी अन्धकारको आधारमा दिइएको मत हो हुनु पर्ने हो किनकि उनले यथार्थ ज्ञान कुनै तत्त्वदर्शी सन्तबाट मात्र जान्न सकिन्छ भनेका छन् (गीता अध्याय ४ श्लोक ३४)। गीता अध्याय ६ श्लोक ४७ को वास्तविक अनुवाद :**

गीता अध्याय ६ श्लोक ४७

योगिनाम्, अपि, सर्वेषाम्, मद्गतेन, अन्तरात्मना,
श्रद्धावान्, भजते, यः, माम्, सः, मे, युक्ततमः, मतः॥

**अनुवाद** : मैले अड्कल लगाएर दिएको भक्ति विचार, उपरोक्त श्लोक १० देखि १५ सम्ममा वर्णित मैले अनुमानले बताएको पूजाविधि, पूर्ण ज्ञान होइन किनकि (सर्वेषाम्) सबै (योगिनाम्) साधकहरूमा (यः) जो (श्रद्धावान्) पूर्ण आस्थाले (अन्तरात्मना) साँच्चो लगनका साथ (मद्गतेन) मैले दिएको भक्ति मतानुसार (माम्) मलाई (भजते) भज्दछ (सः) ऊ (अपि) पनि (युक्ततमः) अज्ञानरूपी अन्धकारको कारणले जन्म-मरण, स्वर्ग, नरक भएको साधानामा नै लीन छ। यो (मे) मेरो (मतः) विचार हो।

यही प्रमाण पवित्र गीता अध्याय ७ श्लोक १८, अध्याय ५ श्लोक २९ र अध्याय ६ श्लोक १५ मा स्पष्ट छ। यसैले गीता अध्याय १८ श्लोक ६२ मा हे भारत ! तिमी सम्पूर्ण भावले ती परमात्माको शरणमा जाऊ, उनको कृपाले नै तिमीलाई परमशान्ति र सनातन परमधाम अर्थात् सत्यलोक प्राप्त हुन्छ भनिएको छ। गीता अध्याय १५ श्लोक ४ मा पनि तिमीले गीता अध्याय ४ श्लोक ३४ मा वर्णित तत्त्वदर्शी सन्त भेटेपछि ती परमपद परमेश्वरलाई राम्रोसँग खोज्नु पर्छ, जहाँ गएका साधक पुनः फर्केर यस संसारमा आउँदैनन् अर्थात् जन्म मृत्युबाट सदाका लागि मुक्त हुन्छन्, म पनि संसाररूपी रूखको रचना गर्नु हुने आदि पुरूष परमेश्वरकै शरणमा छु, उनैकै भक्ति गर्नु पर्छ भनिएको छ।

गीता अध्याय ३ श्लोक ५ देखि ९ मा पनि गीता अध्याय ६ श्लोक १० देखि १५ को ज्ञानलाई गलत साबित गरिएको छ। अर्जुनले प्रभु मनलाई रोक्नु कठिन छ भनेर सोधे। भगवानले अर्जुन! मनलाई रोक्नु भनेको वायुलाई रोक्नु समान हो भने। फेरि भने,– निःसन्देह कुनै पनि व्यक्ति कुनै पनि समयमा क्षण मात्र पनि कर्म बिना रहन सक्दैन। महामूर्ख मनुष्यले समस्त कर्मेन्द्रियहरूलाई बाहिरबाट हठपूर्वक रोकेर मनमा चाहिँ केही न केही सोचि रहेको हुन्छ। यसैले एक ठाउँमा हठयोग गरेर नबसी संसारिक कार्य (कर्मयोग) गर्दै साधना गर्नु नै (उत्तम) श्रेष्ठ हो। कर्म नगरी वा हठयोगले एक ठाउँमा बसेर साधना गर्नु भन्दा कर्म गर्दा गर्दैको साधना नै उत्तम हुन्छ। एक ठाउँमा बसेर साधना (अकर्मणा) गर्नाले तिम्रो जीवन निर्वाह कसरी हुन्छ? शास्त्रविधिलाई त्यागेर साधना (एकै आसनमा बसेर हठयोग) गर्नाले कर्मबन्धनको कारण बन्ने हुनाले शास्त्र अनुकुल कर्म गर्दा गर्दै साधना गर्नु नै उत्तम हो। यसैले सांसारिक कार्य गर्दै साधना गर। गीता अध्याय ८ श्लोक ७ मा युद्ध पनि गर र मेरो स्मरण पनि गर, यसरी मलाई नै प्राप्त गर्ने छौ भनिएको छ। गीता अध्याय ७ श्लोक १८ र अध्याय १८ श्लोक ६२ मा तर मेरो साधनाले हुने (गति) लाभ अति निकृष्ठ (अनुत्तमाम्) छ। यसैले ती परमेश्वरको शरणमा जाऊ, उनैको कृपाले मात्र तिमीले परमशान्ति र (शाश्वतम् स्थानम्) सत्यलोक प्राप्त गर्ने छौ। कुनै तत्त्वदर्शी सन्तलाई खोजेर परमेश्वरको भक्ति विधि र पूर्ण ज्ञान (तत्त्वज्ञान) का बारेमा वहाँलाई नै सोध, म (गीता ज्ञान दाता ब्रह्म/क्षर पुरूष) पनि जान्दिन भनिएको छ।

प्रश्नः- गीता अध्याय १५ श्लोक १८ मा म संसारमा र वेदमा पुरूषोत्तम नामले प्रसिद्ध छु भनिएको छ। यसबाट त गीता ज्ञानदाता प्रभु नै सर्वशक्तिमान हुन् भन्ने सिद्ध हुन्छ तथा गीता अध्याय १२ मा पूर्णरूपमा गीता ज्ञानदाताको नै महिमा बताइएको छ।

उत्तरः- गीता जीमा गीता ज्ञानदाता प्रभुले आफ्नो साधना र समर्थता बताएका छन् अनि पूर्ण परमात्माको महिमा पनि बताएका छन् तथा परमेश्वरको साधनाका लागि तत्त्वदर्शी सन्ततर्फ सङ्केत पनि गरेका छन्। गीता अध्याय १२ पूर्णरूपमा ब्रह्म (क्षर पुरूष, काल) को महिमाले परिपूर्ण छ तथा अध्याय १३ चाहिँ पूर्णरूपमा पूर्ण

परमात्मा अर्थात् आदि पुरूष परमेश्वरको महिमाले परिपूर्ण छ। गीता अध्याय १५ श्लोक १ देखि ४ तथा १६ र १७ मा पूर्ण परमात्मा तथा परब्रह्म, ब्रह्म आदिका निर्णायक ज्ञान छन्।

श्लोक १६ मा भनिएको छ,– पृथ्वी तत्वले निर्मित लोकमा दुई प्रभुहरु छन् (पृथ्वी तत्वले बनेको हुनाले ब्रह्मको २१ ब्रह्माण्ड र परब्रह्मको सात शङ्ख ब्रह्माण्डलाई एकै लोक पनि भनिन्छ)। पहिलो क्षर पुरूष वा ब्रह्म र देस्रो अक्षर पुरूष वा परब्रह्म। यी दुवै प्रभुहरु तथा यिनीहरु अर्न्तगत रहेका सबै प्राणीहरूको स्थुल शरीर नाशवान छन् तर जीवात्मालाई अविनाशी भनिएको छ।

श्लोक १७ मा भनिएको छ- वास्तवमा पुरूषोत्तम अर्थात् सर्वशक्तिमान परमेश्वर त उपरोक्त दुईजनाभन्दा फरक छन्, उनलाई नै परमात्मा भनिन्छ। तीनै लोकमा प्रवेश गरेर उनैले सबैको भरण पोषण गर्छन्। उनलाई वास्तवमा अविनाशी परमेश्वर भनिन्छ।

अध्याय १५ को श्लोक १८ मा गीता ज्ञानदाता (क्षर पुरूष/ब्रह्म) आफ्नो स्थिति बताउँदै मलाई त लोकवेद (दन्त्यकथा) का आधारमा पुरूषोत्तम भन्छन् किनकि मेरो २१ ब्रह्माण्डमा मेरो अधीनमा भएका सबै, स्थुल शरीरका नाशवान र आत्मा रूपका अविनाशी, प्राणीहरूमध्ये म नै उत्तम हुँ। यसैले म लोकवेदका आधारमा पुरूषोत्तम  प्रसिद्ध छु। वास्तवमा पुरूषोत्तम त अर्के परमेश्वर छन्, जसका बारेमा गीता अध्याय १५ श्लोक १७ मा बताइएको छ भनेका छन्।

प्रश्नः- गीता अध्याय १० श्लोक २ र ३ मा मेरो उत्पत्तिबारे कसैले जान्दैन, मलाई अनादि अजन्मा तत्वका रूपमा जान्ने नै सम्पूर्ण पापबाट मुक्त हुन्छ भनिएको छ। यसबाट ब्रह्मको जन्म हुँदैन र उनले सम्पूर्ण पाप नष्ट गरि दिन्छन् भन्ने स्पष्ट हुन्छ।

उत्तरः- गीता अध्याय १० श्लोक २ लाई पुनः पढ्नु होस् जसमा मेरो उत्पत्तिका बारेमा न देवता (ब्रम्हा, विष्णु र शिव) न त महर्षिहरु जान्दछन् किनकि ती मबाट उत्पन्न भएका हुन् भनिएको छ।

यस श्लोकबाट के स्वतः सिद्ध हुन्छ भने गीता ज्ञानदाता प्रभुको उत्पत्ति अर्थात् जन्म त भएको हो तर देवता र ऋषिहरु उनको जन्मबारे जान्दैनन् किनकि तिनीहरु सबै काल (ब्रह्म) बाटै उत्पन्न भएका हुन्। बुबाको जन्मको बारेमा छोराछोरीहरूलाई थाहा हुँदैन तर बुबाका बुबा अर्थात् हजुरबुबाले नै बताउनु हुन्छ। पूर्ण परमात्माले आफैं कालको लोकमा प्रकट भएर ब्रह्मको उत्पत्तिको विषयमा बताउनु भएको छ। कृपया यही पुस्तक 'ज्ञान गंगा' को पृष्ठ २१ देखि ७४ सम्ममा दिइएको "सृष्टि रचना" पढ्नु होस्।

गीता अध्याय १० श्लोक ३ को अनुवाद गलत गरिएको छ। गीता अध्याय २ श्लोक १२ र अध्याय ४ श्लोक ५ मा उनले आफूलाई नाशवान र बारम्बार जन्म-मुत्यु हुने भनेका छन् तथा अध्याय २ श्लोक १७ तथा अध्याय ८ श्लोक ३, ८ देखि

**१० तथा २० एवं अध्याय १५ श्लो ४, १६-१७ मा कुनै अन्य अविनाशी अनादि परमात्माको विषयमा भनिएको छ।**

**यसैले गीता अध्याय १० श्लोक ३ मा मलाई र ती अनादि वास्तवमा जन्मरहित, सम्पूर्ण लोकका महेश्वर अर्थात् परमेश्वरलाई तत्त्वले जान्ने मनुष्यहरूमा विद्वान अर्थात् तत्त्वदर्शी सन्तले बताए अनुसार सत्यज्ञानको सत्य साधना गर्ने मात्र पापबाट मुक्त हुन्छ भनिएको छ। यसकै प्रमाण गीता अध्याय ४ श्लोक ३४ मा पनि छ। कृपया गीता अध्याय ४ श्लोक ३४ मा पनि छ। कृपया अध्याय १० श्लोक ३ को यथार्थ अनुवाद पढ्नु होस्ः**

गीता अध्याय १० को श्लोक २

न, मे, विदुः, सुरगणाः, प्रभवम्, न, महर्षयः,
अहम्, आदिः, हि, देवानाम्, महर्षीणाम्, च, सर्वशः।।

**अनुवाद** : (मे) मेरो (प्रभवम्) उत्पत्ति (न) न (सुरगणाः) देवताहरूले जान्दछन् (न) न त (महर्षयः) महर्षिहरूले नै (विदुः) जान्दछन्, (हि) किनकि (अहम्) म नै (सर्वशः) सबै प्रकारले (देवानाम्) देवताहरु (च) र (महर्षीणाम्) महर्षिहरूका पनि (आदि) आदि अर्थात् उत्पत्तिको कारण हुँ।

गीता अध्याय १० श्लोक ३

यः, माम्, अजम्, अनादिम, च, वेत्ति, लोकमहेश्वरम्,
असम्मूढः, सः, मर्त्येषु, सर्वपापैः, प्रमुच्यते।।

**अनुवाद** : (यः) जुन विद्वान मानिसले (माम्) मलाई (च) तथा (अनादिम्) सदा रहने अर्थात् पुरातन (अजम्) जन्म नलिने (लोक महेश्वरम्) सम्पूर्ण लोकहरूका महान ईश्वर अर्थात् सर्वोच्च परमेश्वरलाई (वेत्ति) जान्दछ (सः) ऊ (मर्त्येषु) शास्त्रहरु सही रूपमा बुझ्ने अर्थात् वेदहरूका अनुसार ज्ञान राख्ने (असम्मूढः) अर्थात् तत्त्वदर्शी विद्वानले (सर्वपापैः) सम्पूर्ण पापहरूका बारेमा (प्रमुच्यते) विस्तृत वर्णन गरेर भन्छन् अर्थात् उनले नै सृष्टिज्ञान तथा कर्महरूको सही वर्णन गर्छन् अर्थात् पूर्ण रूपले अज्ञानबाट मुक्त गरि दिन्छन्। अतः तत्त्वदर्शी सन्तले बताएका वास्तविक साधनाको आधारमा भक्ति गर्नेहरूको सम्पूर्ण पापहरु नष्ट हुन्छन्।

## गीता ज्ञानदाता ब्रह्म (काल) को उत्पत्तिको सङ्केत

**गीता अध्याय १० को श्लोक २ मा गीता ज्ञानदाताले भनेका छन्,– अर्जुन, मेरो उत्पत्ति न देवताहरु जान्दछन् न त महर्षिहरूले जान्दछन्, किनकि यी सबै मबाट जन्मेका हुन्। यसबाट ब्रह्मको उत्पत्ति त भएकै हो तर देवता र ऋषिहरूले जान्दैनन् भन्ने कुरा स्वयंसिद्ध हुन्छ। बुबाको जन्मका बारेमा छोराछोरीले भन्न सक्दैनन् तर हजुरबुबाले बताउन सक्नु हुन्छ। यसै प्रकारले २१ ब्रह्माण्डका सबै देवता, ऋषि आदि ज्योति निरञ्जन (ब्रह्म वा काल) र प्रकृति (दुर्गा) को संयोगबाट उत्पन्न भएका हुन्। त्यसैले कालले उनको उत्पत्तिका बारेमा २१ ब्रह्माण्डका कसैले केही पनि जान्दैनन् किनकि सबैको उत्पत्ति उनीबाटै भएको हो भनि रहेछन्। ब्रह्म (काल) को उत्पत्ति परम अक्षर ब्रह्म (पूर्ण ब्रह्म) बाट भएको हुनाले पूर्ण ब्रह्मले**

मात्र काल (ब्रह्म) को उत्पत्तिका बारेमा बताउन सक्नु हुन्छ। यसको प्रत्यक्ष प्रमाण गीता अध्याय ३ श्लोक १४ र १५ मा छ। गीता अध्याय १० को श्लोक ३ मा के भनिएको छ भने म र कहिल्यै जन्म नलिने सम्पूर्ण लोकका महेश्वर अर्थात् अविनाशी परमात्माको बारेमा जान्नु हुने तत्त्वदर्शी वा विद्वान मानिसले तीनै वेदहरु (ऋग्वेद, सामवेद र यजुर्वेद) लाई पनि जान्नु हुन्छ र वहाँ नै तत्त्वदर्शी सन्त हुनु हुन्छ। तत्त्वदर्शी सन्तले बताउनु भएको भक्ति मार्ग अनुसार साधना गर्नाले सबै पापहरु नष्ट हुन्छन्। गीता जीको अध्याय १५ को श्लोक १६, १७ र १८ मा अविनाशी पूर्ण परमात्मा त अरू नै छन्, उनले नै तीनै लोकमा प्रवेश गरेर सबैको भरण-पोषण गर्छन्। एक्काईस ब्रह्माण्डका मेरो अधीनमा रहेका स्थुल शरीर भएका नाशवान प्राणीहरु र अविनाशी जीवात्माहरुमध्ये चाहिँ म उत्तम हुँ। त्यसैले म (काल) लाई पुरूषोत्तम भन्छन्। मलाई लोकवेद वा दन्त्य कथाहरुका आधारमा पुरूषोत्तम भनेका हुन् तर वास्तवमा म अविनाशी वा पालनकर्ता होइन भनेर वर्णन गरिएको छ। गीता अध्याय ३ श्लोक १४ र १५ मा सम्पूर्ण जीवहरु अन्नबाट उत्पन्न हुन्छन् भने अन्न वर्षाबाट, वर्षा यज्ञबाट, यज्ञ शुभ कर्महरुबाट र कर्म ब्रह्मबाट उत्पत्ति हुन्छ। अनि ब्रह्म चाहिँ अविनाशी परमात्माबाट उत्पन्न भए। उनै अविनाशी सर्वव्यापक परमात्मा नै यज्ञहरुमा प्रतिष्ठित हुन्छन्, यज्ञहरुमा पूज्य छन् र यज्ञको फल पनि उनले नै दिन्छन् अर्थात् वास्तवमा अधियज्ञ (प्रमुख यज्ञ) पनि उनी नै हुन् भनिएको छ।

फेरि गीता जीको अध्याय १० श्लोक २ मा मेरो उत्पत्ति (प्रभवम्) बारे कसैले जान्दैनन् भनेका छन्। यसबाट काल (ब्रह्म) पनि उत्पन्न भएका हुन् भन्ने सिद्ध हुन्छ। यसैले यिनी कहीँ आकारमा पनि छन्। नत्र भए कृष्ण जी त अर्जुनका सामुन्नेमा नै उभिएका थिए। उनले त आफूलाई 'अनादि अजम' (अजन्मा) हुँ भनेर भन्नै सक्दैनथे। यी सबै काल (अदृश ब्रह्म) ले नै श्री कृष्ण जीको शरीरमा जीवस्थ (प्रेत) रुपमा प्रवेश गरेर आफ्नो प्रतिष्ठा (स्थिति) को सही जानकारी गीताका रुपमा दिएर गए।

उपरोक्त विवरणबाट गीता जीले ब्रह्मको उत्पत्ति पूर्ण ब्रह्मबाट भएको हो भन्ने सिद्ध गरेको छ। यही प्रमाण अथर्ववेदमा पनि छ, कृपया पढ्नु होस् :

**अथर्ववेद काण्ड ४ अनुवाक नं. १ मन्त्र ३**

प्र यो जज्ञे विद्वानस्य बन्धुर्विश्वा देवानां जनिमा विवक्ति।
ब्रह्म ब्रह्मण उज्जभार मध्यान्नीचैरूच्चैः स्वधा अभि प्र तस्थौ।।३।।

प्र-यः-जज्ञे-विद्वानस्य-बन्धुः-विश्वा-देवानाम्-जनिमा-विवक्ति-ब्रह्मः-ब्रह्मणः-उज्जभार-मध्यात्-नीचैः-उच्चैः-स्वधा-अभि-प्रतस्थौ।

**अनुवाद** : (प्र) सर्वप्रथम (देवानाम्) देवताहरु र ब्रह्माण्डहरुको (जज्ञे) उत्पत्तिको ज्ञान (विद्वानस्य) जिज्ञासु भक्तका (यः) जो (वन्धुः) वास्तविक साथी अर्थात् पूर्ण परमात्माले नै आफ्नो निज सेवकलाई (जनिमा) सबैको उत्पत्तिकर्ता आफूले नै सृजना गरेका कुरा (विवक्ति) स्वयं नै सही-सही रुपमा विस्तारपूर्वक बताउनु हुन्छ कि (ब्रह्मणः) पूर्ण परमात्माले (मध्यात्) आफ्नो मध्यबाट वा शब्दशक्तिले (ब्रह्मः) ब्रह्म वा क्षर पुरूष वा काललाई (उज्जभार) उत्पन्न गरेर (विश्वा) सम्पूर्ण संसार अर्थात् सम्पूर्ण लोकहरुभन्दा (उच्चैः) माथि

सत्यलोक आदि (निचैः) तल परब्रह्म र ब्रह्मका सबै ब्रह्माण्डहरूलाई (स्वधा) आफ्नो धारण गर्ने (अभि) आकर्षण शक्तिले (प्रतस्थौ) दुवैलाई राम्रोसँग स्थित गर्नु भयो।

**भावार्थः पूर्ण परमात्माले आफूद्वारा रचिएको सृष्टिको ज्ञान र सम्पूर्ण आत्माहरूको उत्पत्ति सम्बन्धी ज्ञान आफ्नो निजी दासलाई स्वयं नै सही रूपमा यसरी बताउनु हुन्छ- पूर्ण परमात्माले आफ्नो मध्य अर्थात् आफ्नो शरीरबाट आफ्नै शब्दशक्तिले ब्रह्म (क्षर पुरुष वा काल) को उत्पत्ति गर्नु भयो र सबै ब्रह्माण्डहरूको माथि सत्यलोक, अलखलोक, अगमलोक र अनामीलोक तथा तल परब्रह्मका सात शंख र ब्रह्मका २१ ब्रह्माण्डहरूलाई आफ्नो धारण गर्ने आकर्षण शक्तिले स्थित गर्नु (अड्याउनु) भयो।**

**पूर्ण परमात्मा कबीर परमेश्वर (कविर्देव) ले आफ्नो निजी सेवक अर्थात् सखा श्री धर्मदास जी, आदरणीय गरीबदास जी आदिलाई आफूले रचना गरेका सृष्टिको ज्ञान आफूले नै बताउनु भयो। उपरोक्त वेद मन्त्रले पनि यही तथ्यलाई समर्थन गरेको छ।**

**अथर्ववेद काण्ड नं. ४ अनुवाक नं. १ मन्त्र ७**

योऽथर्वाणं पितरं देवबन्धुं बृहस्पति नमसाव च गच्छात्।
त्वं विश्वेषां जनिता यथासः कविर्देवो न दभायत् स्वधावान्।।७।।

यः-अथर्वाणम्-पितरम्-देवबन्धुम्-बृहस्पतिम्-नमसा-अव-च-गच्छात्-त्वम्-विश्वेषाम्-जनिता-यथा-सः-कविर्देवः-न-दभायत्-स्वधावान्।

**अनुवाद** : (यः) जो (अथर्वाणम्) अचल अर्थात् अविनाशी (पितरम्) जगतपिता (देवबन्धुम्) भक्तहरूका वास्तविक साथी अर्थात् आत्माका आधार (बृहस्पतिम्) जगतगुरू (च) र (नमसा) विनम्र पूजारी अर्थात् विधिवत् साधकलाई (अव) सुरक्षाका साथ (गच्छात्) सत्यलोक गएकाहरूलाई सत्यलोक लैजाने (विश्वेषाम्) सम्पूर्ण ब्रह्माण्डको (जनिता) रचना गर्ने जगदम्बा अर्थात् मातृगुणले पनि युक्त भएका र (न दभायत्) कालले झैं धोका नदिने (स्वधावान्) स्वभाव वा गुण भएका (यथा) जस्ताका त्यस्तै वा उस्तै (सः) त्यो (त्वम्) तपाईं (कविर्देवः कविर्-देवः) कविर्देव हुनु हुन्छ अर्थात् भिन्न भाषामा वहाँलाई कबीर परमेश्वर पनि भनिन्छ।

**भावार्थ : यस मन्त्रमा वहाँ परमेश्वरको नाम कविर्देव अर्थात् कबीर परमेश्वर हो र वहाँले नै सबै रचना गर्नु भएको हो भन्ने कुरा पनि स्पष्ट पारिएको छ। (यो प्रमाण गीता अध्याय १५ श्लोक १६ र १७ मा पनि दिइएको छ।) जुन परमेश्वर अचल अर्थात् वास्तवमा अविनाशी, जगतगुरू र आत्माका आधार तथा पूर्ण मुक्त भएर सत्यलोक गएकाहरूलाई सत्यलोक लैजाने, सबै ब्रह्माण्डका रचयिता, काल (ब्रह्म) ले झैं धोका नदिने जस्ताका त्यस्तै वहाँ स्वयं कविर्देव अर्थात् कबीर प्रभु हुनु हुन्छ। यिनै परमेश्वरले सम्पूर्ण ब्रह्माण्ड र प्राणीहरूलाई आफ्नो शब्दशक्तिले उत्पन्न गर्नु भएकोले वहाँलाई जनिता (आमा) पनि भनिन्छ र (पितरम्) बुबा तथा (बन्धु) दाजुभाइ पनि वास्तवमा वहाँ नै हुनु हुन्छ एवं (देव) परमेश्वर पनि वहाँ नै हुनु हुन्छ। यसैले वहाँ कविर्देव (कबीर परमेश्वर) को स्तुति यसरी पनि गर्ने गरिन्छ :**

'त्वमेव माता च पिता त्वमेव, त्वमेव बन्धु च सखा त्वमेव, त्वमेव सर्वं मम् देव देव।' **वहाँ परमेश्वरको महिमाका बारेमा पवित्र ऋग्वेद मण्डल नं. १ सुक्त नं. २४ मा विस्तृत विवरण छ।**

प्रश्नः- वेदहरूमा कविर् अर्थात् कबीर नामको विवरण कसरी आयो ? वेद त सृष्टिको प्रारम्भमा प्राप्त भएको थियो। कविर्देव (कबीर परमेश्वर) त सन् १३९८ मा उत्पन्न भएका हुन्।

उत्तरः- पूर्ण परमात्माको वास्तविक नाम कर्विदेव हो तथा उपमात्मक नाम सत्यपुरूष, परम अक्षर ब्रह्म, पूर्ण ब्रह्म आदि हुन्। देशको प्रधानमन्त्रीको शरीरको नाम अर्कै हुन्छ तर प्रधानमन्त्री, प्राइम मिनिस्टर आदि भने पदका नाम हुन्। पूर्ण परमात्मा कविर्देव नै नामान्तरण गरेर चारै युगमा आउनु भएको हो। सृष्टि तथा वेदहरूको रचनाभन्दा अगाडि पनि अनामी (अनामय) लोकमा मानव सदृश शरीरमा कविर्देव नामले विद्यमान हुनु हुन्थ्यो। तिनै कविर्देव फेरि सत्यलोकको रचना गरेर सत्यलोकमा विराजमान हुनु भयो। त्यसपछि परब्रह्म र ब्रह्मका सम्पूर्ण लोकहरु तथा वेदहरूको रचना गर्नु भयो। यसैले वेदहरूमा कविर्देवको विवरण छ।

## कबीर साहेबले विभीषण र मन्दोदरीलाई शरणमा लिनु

परमेश्वर मुनिन्द्र अनल अर्थात् नल र अनील अर्थात् नीललाई शरणमा लिएपछि लङ्का जानु भयो। त्यहाँ एक भाट जातिमा उत्पन्न पुण्यकर्मी परमभक्त चन्द्रविजयका सोऱ्ह सदस्यहरूको पुण्य परिवार थियो। परमेश्वर मुनिन्द्र (कविर्देव) जीको उपदेश सुनेर पूरै परिवारले नामदान प्राप्त गरे। परमभक्त चन्द्रविजयकी पत्नी भक्तमती कर्मवती लङ्काकी रानी मन्दोदरीकहाँ नोकरी (सेवा) गर्थिन्। रानी मन्दोदरीलाई ठट्टा र हाँस उठ्दा चुट्किला सुनाएर मनोरञ्जन गराउँथिन्। भक्त चन्द्रविजय पनि राजा रावणको दरबारमा नोकरी (सेवा) गर्दथे। राजालाई उनकै प्रशंसाको गीत सुनाएर प्रसन्न गराउँथे।

भक्त चन्द्रविजयकी पत्नी भक्तमती कर्मवतीले परमेश्वरबाट उपदेश प्राप्त गरेपछि रानी मन्दोदरीलाई प्रत्येक दिन प्रभु चर्चा (आफ्ना सतगुरूदेव मुनिन्द्र जीबाट सुनेको सृष्टि रचना) बताउन थालिन्।

भक्तमती मन्दोदरी रानीलाई अति आनन्द आउन थाल्यो। कैयौं घण्टासम्म भक्तमती कर्मवतीले प्रभुको सत्यकथा सुनाउँथिन् र मन्दोदरीका आँखाबाट आँसु झरि रहन्थ्यो। एक दिन रानी मन्दोदरीले कर्मवतीसँग सोधिन्,– यो ज्ञान तिमीले कसबाट सुनेकी हौ ? तिमी त धेरै उटपट्याङ र निरर्थक कुरा गर्थ्यौ। यस्तो परिवर्तन त परमात्मातुल्य सन्त बिना हुन सक्दैन।' अनि कर्मवतीले भर्खर मात्र एकजना परमसन्तबाट उपदेश लिएका छौं भनेर बताइन्। रानी मन्दोदरीले सन्तको दर्शनको अभिलाषा व्यक्त गर्दै तिम्रो गुरू यसपटक आउनु भयो भने वहाँलाई हाम्रो घरमा बोलाएर ल्याउनु भनिन्। आफ्नो मालिक्नीको आदेश पाएपछि टाउको निहुऱ्याएर आदरपूर्वक जो हजुरको आज्ञा, हजुरको सेविकाले त्यही गर्ने छिन् तर म के बिन्ती

गर्छु भने सन्तलाई आदेश पूर्वक नबोलाउनु, आफैं गएर दर्शन गर्नु श्रेयकर हुन्छ भन्छन्, हजुरको जो आज्ञा भनिन्। महारानी मन्दोदरीले यसपटक तिम्रो गुरूदेव आउनु भयो भने मलाई भन्नु म स्वयं गएर दर्शन गर्छु भनिन्। परमेश्वरले फेरि लङ्कालाई कृपा गरी त्यहाँ जानु भयो। मन्दोदरी रानीले उपदेश प्राप्त गरिन्। केही समयपछि आफ्नो प्रिय देवर भक्त श्री विभीषणलाई पनि उपदेश लिन लगाइन्। भक्तमती मन्दोदरीले उपदेश प्राप्त गरेर अहर्निश (रातदिन) प्रभु स्मरणमा लीन रहन थालिन्। आफ्ना पति रावणलाई पनि सद्‌गुरू मुनिन्द्र जीबाट उपदेश प्राप्त गर्न कैयौंपटक अनुरोध गरिन् तर रावणले मानेन। मैले परमशक्ति महेश्वर मृत्युञ्जय शिव जीको भक्ति गरेको छु, यिनी तुल्य कुनै शक्ति छैन। तिमीलाई कसैले ललाई फकाई गरि रहेको छ भन्ने गर्दथे।

केही समयपछि वनवास प्राप्त श्री सीता जीको अपहरण गरेर रावणले आफ्नो नौ लखा बगैंचामा कैद गरे। भक्तमती मन्दोदरीले पटक-पटक अनुरोध गरे पनि रावणले माता सीतालाई छोडेर आउन अस्वीकार गरे। अनि भक्तमती मन्दोदरीले आफ्ना गुरूदेव मुनिन्द्र जीलाई भनिन्,– महाराज जी, मेरा पतिले कसैकी श्रीमती अपहरण गरेर ल्याएका छन्। मलाई असह्य भइ रहेछ। तिनलाई छोडेर आउन उनी कुनै पनि हालतमा मानि रहेका छैनन्। हजुरले दया गर्नु होस्। आजसम्म मैले जीवनमा यस्तो दुःख देखेको थिइन।

परमेश्वर मुनिन्द्रले भन्नु भयो,– छोरी मन्दोदरी, यी कुनै साधारण नारी होइनन्। श्रापवस श्री विष्णु जीले पृथ्वीमा आउनु परेको छ, उनी अयोध्यावासी राजा दशरथका छोरा रामचन्द्र हुन्। यिनले १४ वर्षको वनवास पाएका छन्। लक्ष्मी जी स्वयं सीताको स्वरूपमा यिनको पत्नीका रूपमा वनवासमा थिइन्। उनलाई साधुको भेष बनाएर रावणले छल गरी ल्याएका हुन्। स्वयं लक्ष्मी नै सीता हुन्। यिनलाई चाँडै फर्काएर क्षमा याचना गरी आफ्नो जीवनको भिक्षा याचना रावणले गरून्, यसैमा उनको शुभ (भलाइ) छ।

भक्तमती मन्दोदरीले अनेकौं पटक प्रार्थना गरे पनि रावण मानेनन् र भने,– ती दुई जङ्गलमा घुम्ने सन्यासीले मेरो के बिगार्न सक्छन् ? मसँग अनगिन्ती सेना छन्। मेरा एक लाख छोरा र सवा लाख नातिहरु छन्। मेरो छोरो मेघनादले त स्वर्गका राजा इन्द्रलाई पराजित गरेर उनको छोरीसँग विवाह गरेको छ। तेत्तीस करोड देवताहरूलाई मैले कैद गरी राखेको छु। तिमी मलाई ती दुई सहाराविहिन भएर घुमि रहेका वनवासीलाई भगवान भनेर तर्साउन चाहन्छौ ? यस महिलालाई म फर्काउँदिन।

मन्दोदरीले आफ्नो पूज्य गुरूदेवबाट सुनेको भक्ति मार्गको ज्ञान रावणलाई धेरै सम्झाइन्। विभीषणले पनि आफ्नो ठूलो दाजुलाई सम्झाए। रावणले विभीषणलाई पिटेर तँ मेरो भन्दा बढी श्री रामचन्द्रको पक्षपात गरि रहेछस्, त्यसैसँग जा भने।

एकदिन, भक्तमती मन्दोदरीले आफ्ना पूज्य गुरूदेवसँग प्रार्थना गरिन्,– हे गुरूदेव, मेरो सिन्दुर (सौभाग्य) उजाडिँदै छ। एकपटक हजुरले मेरो पतिलाई सम्झाइ दिनु होस्। उनले हजुरको कुरा पनि मानेनन् भने मलाई विधवा हुनुमा कुनै दु:ख हुने छैन।

आफ्नी छोरी मन्दोदरीको अनुरोध स्वीकारेर राजा रावणको दरवार सामु उभिएर राजा रावणसँग भेट्नका लागि आएको कुरा पालेलाई बताउनु भयो। पालेहरूले भने,– ऋषि जी अहिले हाम्रा राजाको दरबारमा बैठक भइ रहेको छ। यसबेला न भित्रको सन्देश बाहिर आउन सक्छ न त बाहिरको सन्देश नै भित्र जान सक्छ। हामी विवश छौं। अनि प्रभु अन्तर्ध्यान भएर राजाको राजसभामा प्रकट हुनु भयो। रावणको दृष्टि ऋषिमा परेपछि यस ऋषिलाई मेरो आज्ञा बिना भित्र आउन दिनेलाई मेरो अगाडि ल्याएर मार् भनेर गर्जे। त्यसपछि परमेश्वरले राजन तपाईंका पालेहरूले त स्पष्ट रूपमा निषेध गरेका थिए। म कसरी भित्र आएँ भन्ने उनीहरूलाई थाहा छैन भन्नु भयो। रावणले तँ कसरी भित्र आइस्? भनेर सोधे। अनि पूर्ण प्रभु मुनिन्द्र भेषमा अदृश्य भएर पुनः प्रकट हुनु भयो र म यसरी नै आएँ भन्नु भयो। रावणले आउने कारण सोधे। अनि प्रभुले भन्नु भयो,– तपाईं योद्धा भएर एउटी अबलालाई अपहरण गरी ल्याउनु भएको छ। यो तपाईंको मान-मर्यादा र वीरताको विपरित हो। उनी कुनै सामान्य नारी होइनन्। उनी स्वयं लक्ष्मी जीको अवतार हुन्। यिनका पति श्री रामचन्द्र जी स्वयं विष्णु हुन्। यिनलाई फर्काएर आफ्नो जीवनको भिक्षा माग्नु होस्। यसैमा तपाईंको कल्याण छ। यति सुन्नासाथ तमोगुण (भगवान शिव) को उपासक रावण रिसाएर नाङ्गो तरवार लिएर सिंहासनबाट गर्जदै हाम फाले र ती अबोध प्राणीले ऋषिलाई मार्न तरवारले सत्तरी पटक अन्धाधुन्ध प्रहार गरे। परमेश्वर मुनिन्द्र जीले झाडुको एउटा सिन्का लिनु भएको थियो। त्यसैलाई ढाल बनाएर अघि सार्नु भयो। रावणको सत्तरीवटा प्रहार त्यो सिन्कामा लाग्दा फलामको खम्बामा तरवार ठोक्किए झैं आवाज आउँथ्यो। सिन्का अलिकति पनि हल्लिएन। रावणलाई पसिना आयो तर पनि अहंकारवश उनले ऋषिको कुरा मानेनन्। उनले यी कुनै सामान्य ऋषि होइनन् भन्ने बुझे र मलाई तपाईंको एउटा कुरा पनि सुन्नु छैन, तपाईं जान सक्नु हुन्छ भने। परमेश्वर अन्तर्ध्यान हुनु भयो तथा मन्दोदरीलाई सम्पूर्ण वृत्तान्त सुनाएर प्रस्थान गर्नु भयो। रानी मन्दोदरीले गुरूदेव! अब मलाई विधवा हुनुमा कुनै दु:ख हुने छैन भनिन्।

श्री रामचन्द्र र रावणको युद्ध भयो। रावणको हत्या भयो। तमोगुणी भगवान शिवको कठिन साधना गरी दशपटक शिर चढाएर रावणले पाएको लङ्काको राज्यको क्षणिक सुख पनि सकियो र उनी नरकमा परे। यसको विपरित, पूर्ण परमात्माको सत्यनाम साधक विभीषणले कठोर साधना नगरिकनै पूर्ण प्रभुको कृपाले लङ्काको राज्य पनि पाए। हजारौं वर्षसम्म विभीषणले लङ्काको राज्यको सुख भोग गरे र प्रभुको कृपाले राज्यमा पूर्ण शान्ति रह्यो। राक्षस वृत्ति (स्वभाव) का सबै मानिसहरु विनाश भइ सकेका थिए। भक्तमती मन्दोदरी र भक्त विभीषण तथा

परमभक्त चन्द्रविजयको परिवारका सबै सोऱ्हजना सदस्यहरु एवं पूर्ण परमेश्वरको उपदेश प्राप्त गरेर आजीवन मर्यादापूर्वक सत्यभक्ति गर्ने अन्य सबै साधकहरु यहाँ पृथ्वीमा पनि सुखी भए तथा अन्तिम समयमा परमेश्वरको विमानमा बसेर सत्यलोक (शाश्वतम् स्थानम्) गए। यसैले पवित्र गीता अध्याय ७ श्लोक १२ देखि १५ मा तीन गुणहरु (रजगुण-ब्रह्मा, सतगुण-विष्णु र तमगुण-शिव) को साधनाले पाएका क्षणिक सुविधाहरूले ज्ञान हराइ सकेका, राक्षस स्वभाव भएका, मनुष्यमा निच, दुष्कर्म गर्ने मूर्खले म (ब्रह्म/काल) लाई पनि भज्दैनन् भनिएको छ।

फेरि गीता अध्याय ७ श्लोक १८ मा गीता ज्ञानदाता (काल/ब्रह्म) प्रभु भन्छन्,– तत्त्वदर्शी सन्त नभेट्नाले उदार आत्माले मेरो (कालको) नै साधना गर्दछ। त्यस्ता असल आत्माहरु पनि मेरो (अनुत्तमाम्) अति निकृष्ट (गतिम्) मुक्तिको स्थितिमा नै आश्रित भए। तिनीहरु पनि पूर्ण मुक्त छैनन्। त्यसैले पवित्र गीता अध्याय १८ श्लोक ६२ मा उनले हे अर्जुन! तिमी सम्पूर्ण भावले ती परमेश्वर (पूर्ण परमात्मा तत् ब्रह्म) को शरणमा जाऊ। वहाँकै कृपाले तिमीले परमशान्ति र सत्यलोक वा सनातन परमधाम पाउने छौ भनेका छन्। त्यसैले, यस दासको पनि दाससँग पूर्ण परमात्मा प्राप्त गर्ने वास्तविक विधि छ, निःशुल्क उपदेश लिएर लाभ उठाउनु होस् भन्ने पुण्यात्माहरूसँग अनुरोध छ।

## द्वापर युगमा इन्द्रमतीलाई शरणमा लिनु

द्वापर युगमा चन्द्रविजय नाम गरेका एकजना राजा थिए। उनकी पत्नी इन्द्रमती धेरै धार्मिक प्रवृत्तिकी महिला थिइन्। सन्त महात्माहरूलाई अत्यन्त आदर गर्थिन्। उनले एकजना गुरूदेव पनि बनाएकी थिइन्। उनका गुरूदेवले साधु-सन्तको सेवा गर्नु पर्छ र सन्तलाई भोजन गराउनाले धेरै लाभ हुन्छ भनेका थिए। एकादशीको व्रत, मन्त्रहरूको जप आदि साधनाहरु पनि गर्न भनी गुरूदेवले बताएका थिए। रानी भगवत् भक्तिमा निकै दृढतापूर्वक लागेकी थिइन्। सन्तहरूलाई भोजन गरायौ भने पछि पनि रानी बन्ने छौ र स्वर्ग पनि प्राप्त हुने छ भनेर गुरूदेवले बताएको हुनाले रानीले प्रत्येक दिन एकजना सन्तलाई अवश्य भोजन गराउँछु भन्ने विचार गरिन्। सन्तलाई भोजन गराउने कुरा सँधै सम्झना गरि राख्नका लागि उनले पहिला सन्तलाई खुवाएपछि मात्र आफूले खाना खाने प्रतिज्ञा पनि मनमनै गरिन्। त्यसै अनुसार रानीले पहिला सन्तलाई खाना खुवाउँथिन् र पछि आफू खाना खान्थिन्। वर्षौंसम्म यो क्रम चलि रह्यो।

एक पटक हरिद्वारमा कुम्भ मेलाको संयोग भयो। सबै त्रिगुण मायाका उपासकहरु परभी (गंगा स्नान) गर्न गएकाले रानीले खाना खुवाउन कोही सन्त भेटिनन् र आफूले पनि खाना खाइनन्। चौथो दिन आफ्नी दासीलाई भनिन्,– बाहिर कुनै सन्त देखिन्छन् कि हेर त, नत्र आज तिम्री रानी बाँच्दिन। रानीले प्राण गएपनि खाना खान्न भन्ने अड्डी लिएकी थिइन्। दीनदयाल कबीर परमेश्वरले आफ्नो

पहिलाको भक्तलाई शरणमा लिन के के कारण बनाउनु हुन्छ, कसलाई थाहा ? दासीले महलको छतमा चढेर यताउता हेर्दा एकजना सन्त आइ रहेको देखिन्, वहाँले सेतो लुगा लगाउनु भएको थियो। कबीर परमेश्वर द्वापरयुगमा करूणामय नामबाट आउनु भएको थियो। दासी छतबाट ओर्लेर आइन् र रानीलाई एउटा मान्छे साधुजस्तो देखिन्छ भनेर बताइन्। रानीले छिटो बोलाएर ल्याऊ भनिन्। दासीले महल बाहिर गएर हजुरलाई हाम्री रानीले सम्झनु भएको छ' भनी करूणामय साहेबलाई बताइन्। करूणामय साहेबले सोध्नु भयो, "रानीले मलाई किन बोलाएको हो ? म र रानी बीच केको सम्बन्ध ? दासीले सम्पूर्ण वृत्तान्त सुनाइन्। करूणामय साहेब (कबीर) ले भन्नु भयो,– रानीलाई आवश्यकता परेको छ भने यहीँ आउन्, म यहीँ उभिइ रहन्छु। तिमी दासी र उनी रानी। म त्यहाँ गएपछि यदि उनले कसले बोलाएको थियो वा राजाले नै केही भनिदिए भने ? अनि नानी, सन्तको अनादर त धेरै पापदायक पो हुन्छ। दासी फर्केर आइन् र रानीलाई सबै कुरा बताइन्। सबै कुरा सुनिसकेपछि रानीले दासीलाई मेरो हात समातेर हिँड भनिन्। करूणामय नजिक पुगेपछि दण्डवत् प्रणाम गर्दै हे परमेश्वर! मेरो चाहना त हजुरलाई आफ्नै काधँमा बसाउने छ भनेर प्रार्थना गरिन्। करूणामय साहेबले छोरी! तिमीमा कुनै श्रद्धाभाव पनि छ वा त्यत्तिकै भोकै मरि रहेकी छौ भन्ने म हेर्न चाहन्थे भन्नु भयो। रानी आफैंले खाना बनाइन्। करूणामय रूपमा आउनु भएको कविर्देवले मैले खाना खाने गरेको छैन किनकि मेरो शरीर खाना खाने खालको होइन भन्नु भयो। अनि रानीले म पनि खाना खान्न भनिन्। करूणामय साहेबले भन्नु भयो, "ठीकै छ नानी, ल्याऊ खाना खान्छु किनकि जे चाह्यो त्यो गर्नेलाई नै समर्थ भनिन्छ।" करूणामय साहेबले खाना खानु भयो। अनि तिमीले गरि रहेको साधनाहरु तिमीलाई कसले सिकाएको हो भनेर रानीलाई सोध्नु भयो। रानीले मेरो गुरूदेवले आदेश दिएका हुन् भनिन्। कबीर साहेबले तिम्रा गुरूदेवले के आदेश दिएका छन् भनेर सोध्नु भयो। ब्रह्मा, विष्णु र महेशको पूजा, एकादशीको व्रत, तीर्थ यात्रा, देवी पूजा, श्राद्ध गर्नु, मन्दिर जानु, सन्तको सेवा गर्नु भनी इन्द्रमतीले बताइन्। करूणामय साहेबले भन्नु भयो– तिम्रो गुरूदेवले दिएका साधनाले जन्म-मृत्यु, स्वर्ग-नरक र चौरासी लाख योनीहरूको कष्टबाट मुक्त गराउन सक्दैन। रानीले भनिन्,– महाराज जी, सबै सन्तहरूले आ-आफ्नो प्रभुत्व आफैं बताउन आउँछन्। मेरो गुरूदेवका बारेमा केही पनि नभन्नु होस्, चाहे म मुक्त होऊँ वा नहोऊँ।

करूणामय (कबीर) साहेब सोच्नु हुन्छ– यस अबोध जीवलाई कसरी सम्झाऊँ? यिनले जुन पुच्छर समातेकी छिन्, त्यो छोड्दिनन्, बरू मर्न सक्छिन्। करूणामय साहेबले भन्नु भयो,– नानी, त्यसो त तिम्रो इच्छा हो, मैले निन्दा गरि रहेको छैन। के मैले तिम्रो गुरूदेवलाई गाली गरेको वा केही नराम्रो भनेको छु र ? मैले त भक्तिमार्ग बारे प्रष्ट्याउँदै तिम्रो भक्ति शास्त्र विरूद्ध छ भन्ने पो बताइ रहेको छु। यसले तिमीलाई न मुक्त गराउँछ न त यसबाट तिम्रो कुनै कर्मदण्ड कट्छ। सुन, पर्सी तिम्रो मृत्यु हुने छ। न तिम्रो गुरूले बचाउन सक्छन् न त तिम्रा यी नक्कली

साधनाले नै बचाउन सक्ने छ। (मर्ने समय आएपछि मात्र जीव डराउँछ, नभए त्यत्तिकै मान्दैन।) रानीले सोचिन्,– सन्तहरूले झुटो बोल्दैनन्। म पर्सी नै पो मरि हाल्छु कि ? यो डरले करूणामय साहेबसँग रानीले के म बाँच्न सक्छु भनेर सोधिन्। कबीर साहेबले तिमीले मसित उपदेश लियौ, मेरो शिष्य बन्यौ र पहिले गरेका पूजाहरु त्याग्यौ भने मात्र तिमी बाँच्न सक्छौ भन्नु भयो। इन्द्रमतीले गुरूदेव फेर्नु हुँदैन, पाप लाग्छ भन्ने मैले सुनेकी छु भनिन्। कबीर साहेब (करूणामय)ले भन्नु भयो,– छोरी, त्यस्तो होइन, यो पनि तिम्रो भ्रम हो। एउटा वैद्य (डाक्टर) को औषधीले काम गरेन भने के हामी अर्को कहाँ जादैनौं र ? पाँचौं कक्षामा एउटा शिक्षक हुन्छन् भने उच्च कक्षामा अर्को शिक्षक हुन्छन्। त्यसैले नानी, माथिल्लो कक्षामा जानु पर्छ। के सारा उमेर पाँच कक्षामा नै पढि रहन्छौ ? यसलाई छोड्नु पर्छ। तिमी अब अगाडिको पढाइ पढ, म पढाउन आएको छु। रानीले त्यसो त मान्ने थिइनन् तर मृत्युलाई देख्न थालिन्। सन्तले भनेका हुन्, कहीँ कुरो न बिग्रोस् भन्ने विचार गरेर इन्द्रमतीले हजुरले भनेजस्तै गर्छु भनिन्। करूणामय साहेबले उपदेश दिनु भयो र भन्नु भयो,– पर्सीको दिन मेरो रूपमा काल आउने छ, तिमी उसित नबोल्नु। मैले दिएको नाम दुई मिनेटसम्म जप्नु। दुई मिनेटपछि उसलाई हेर्नु, त्यसपछि सत्कार गर्नु। त्यसो त गुरूदेव आए भने तुरुन्तै गुरूको चरणमा दण्डवत् गर्नु पर्छ। यो यसपालीका लागि मात्र मेरो आदेश हो। रानीले हुन्छ भनिन्।

रानीलाई त चिन्ताले सताइ रहेको थियो। उनी श्रद्धापूर्वक जपि रहेकी थिइन्। कबीर (करूणामय) साहेबको रूप बनाएर गुरूदेवका रूपमा काल आयो र इन्द्रमती, इन्द्रमती भनेर बोलायो। उनलाई अघिदेखि नै डरले नाम स्मरण गर्दै थिइन् र काल आएतिर हेरिनन्। दुई मिनेटपछि हेर्दा त कालको स्वरूप नै बद्लियो र कालको वास्तविक अनुहार देखियो, करूणामय साहेबको स्वरूप रहेन। आफ्नो स्वरूप फेरिएको देखेपछि इन्द्रमतीसँग कुनै शक्तियुक्त मन्त्र छ भन्ने कुरा कालले थाहा पायो। ऊ अहिले तँ बचिस्, तँलाई फेरि हेरौंला भन्दै गयो। रानी धेरै खुसी भइन्, उनको खुसीको सीमा रहेन। मेरो मृत्यु हुनु पर्ने थियो तर मेरा गुरूदेवले बचाउनु भयो' भनी आफ्ना दासीहरूलाई सुनाउन थालिन्। रानी राजाका सामु गई आज मलाई लिन काल आएको थियो, मेरो मृत्यु हुनु पर्ने थियो तर मेरा गुरूदेवले रक्षा गर्नु भयो भनेर सुनाइन्। राजाले भने,– तिमी यत्तिकै नाटक गरि रहेकी छौ। काल आएको भए के तिमीलाई छोड्थ्यो? यी सन्तहरु पनि त्यत्तिकै उकास्छन्। यो कुरा रानीले कसरी मान्न सक्थिन्? खुसीले प्रफुल्ल भएर रानी सुतिन्। केही समयपछि सर्प बनेर काल पुनः आयो र रानीलाई डस्यो। सर्पले डस्नासाथ रानीले थाहा पाइन् र मलाई सर्पले डस्यो भन्दै जोडले चिच्याइन्। नोकरहरु दौडेर आए। हेर्दा हेर्दै पानीको निकास निम्ति बनाइएको सानो प्वालबाट सर्प बाहिर निस्क्यो। आफ्ना गुरूदेवलाई गुहारेर रानी बेहोस भइन्। करूणामय साहेब त्यहाँ प्रकट हुनु भयो। मानिसहरूलाई देखाउनका लागि मन्त्र उच्चारण गर्न थाल्नु भयो। (वहाँले मन्त्र बिना नै जिवित

बनाउन सक्नु हुन्थ्यो, तन्त्रमन्त्रको कुनै आवश्यकता थिएन।) इन्द्रमतीलाई जिवित तुल्याउनु भयो। रानीले हार्दिक कृतज्ञता प्रकट गरिन्,– हे बन्दी छोड! आज हजुरको शरणमा नभएको भए मेरो मृत्यु हुने थियो। कबीर साहेबले भन्नु भयो,– इन्द्रमती, यस काललाई तिम्रो घरमा पस्न पनि दिने थिइनँ र तिमीमाथि यो आक्रमण हुने थिएन तर तिमीलाई विश्वास पनि त हुने थिएन। तिमीमाथि कुनै आपत्ति आउने नै थिएन, गुरू जीले उकासेर मलाई नाम दिनु भयो भन्ने सोच्ने थियौ। यसैले तिमीलाई सानो झट्का मात्र देखाएको हुँ, नत्र तिमीलाई विश्वास हुने थिएन।

धर्मदास यहाँ घना अंधेरा, बिन परचय जीव जम का चेरा।।

कबीर साहेव (करूणामय) ले अब मैले चाहेको बेलामा मात्र तिम्रो मृत्यु हुने छ भन्नु भयो। गरीबदास जी भन्छन् :-

गरीब, काल डरै करतार से, जय जय जय जगदीश।
जौरा जौरी झाडती, पग रज डारे शीश।।

यो काल कबीर भगवान (कबीर परमेश्वर) सँग डराउँछ। यो मृत्युले त कबीर साहेबको जुत्ता सफा गर्छ अर्थात् नोकर तुल्य हो। अनि त्यो धुलो आफ्नो शिरमा लगाउँदै हजुर जसलाई मार्न आदेश दिनु हुन्छ, उसकहाँ मात्र जान्छु, नभए म जान्न।

गरीब, काल जो पीसै पीसना, जौरा है पनिहार।
ये दो असल मजूर हैं, मेरे साहेब के दरबार।।

काल (ब्रह्म) २१ ब्रह्माण्डका भगवान तथा ब्रह्मा, विष्णु र शिवका बुबा हुन्। यसले त मेरा कबीर साहेबको पीठो पिस्छ अर्थात् पक्का नोकर हो र जौरा (मृत्यु) ले चाहिँ मेरा कबीर साहेबको पानी भर्छ अर्थात् एउटा विशेष नोकर्नी हो। यी दुई मेरा साहेबको दरबारका असल मजदुर हुन्।

केही दिनपछि करूणामय साहेब आएर रानीलाई सत्यनाम प्रदान गर्नु भयो। रानी इन्द्रमतीको श्रद्धा देखेर फेरि केही समयपछि वहाँले सारनाम दिई शब्दको उपलब्धि गराउनु भयो। कबीर परमेश्वर रानी इन्द्रमतीलाई दर्शन दिन समय समयमा जानु हुँदा रानीले मालिक मेरा पति राजालाई पनि सम्झाउनु होस्। उनले पनि मानुन्। राजा हजुरको चरण कमलमा आए भने मेरो जीवन सफल हुने छ भनेर प्रार्थना गर्थिन्। कबीर साहेब (करूणामय) ले राजा चन्द्रविजयलाई तपाईं पनि नाम लिनु होस्। यो त दुई दिनको राज र रवाफ हो। प्राणी त फेरि चौरासी लाख योनीहरूमा जाने छ भन्दै सम्झाउनु भयो। चन्द्रविजयले भने,– भगवान् म त नाम लिन्न तर हजुरको शिष्यालाई मनाही पनि गर्दिनँ। उनले सबै ढुकुटी दान गरून् कि कुनै सत्सङ्ग गराऊन्, उनलाई म रोक्दिन। तपाईं किन नाम नलिने भनी कबीर साहेबले सोध्नु भयो। चन्द्रविजयले ठूला ठूला राजाहरूको भोज वा पार्टीमा जानु पर्छ भनेर जवाफ दिए। करूणामय (कबीर साहेब) ले भन्नु भयो,– पार्टीमा जानका लागि नामले के बाधा पुऱ्याउँछ र ? सभामा जाऊ, त्यहाँ काजु खाऊ, दूध र सरबत पिऊ तर रक्सी प्रयोग नगर किनकि रक्सी पिउनु महापाप हो। तर राजाले मानेनन्।

रानीले पुनः प्रार्थना गरेपछि करूणामय साहेबले नाम बिना यो जीवन व्यर्थै खेर जाने हुनाले नाम लिनु होस् भनी राजालाई फेरि सम्झाउनु भयो। राजाले पहिलाकै कुरा दोहोऱ्याए,– गुरू जी, मलाई नाम लिनका लागि नभन्नु होस्। हजुरको शिष्यालाई नलिनु भन्दिनँ। उनले जति नै दान वा सत्सङ्ग गरे पनि म रोक्दिन। कबीर साहेबले रानीलाई भन्नु भयो,– हेर छोरी, यो दुई दिनको सुखले राजाको बुद्धि भ्रष्ट बनाइ सकेको छ। तिमी प्रभुको चरणमा लागि राख। आफ्नो आत्मकल्याण गराऊ। यहाँ कोही कसैको पति, पत्नी होइनन्, यी सबै पूर्व जन्मका संस्कारले बनेको दुई दिनका सम्बन्ध हुन्। आफ्नो कर्मलाई बनाऊ। ४० वर्षको उमेरमा नै मर्नु पर्ने इन्द्रमती ८० वर्षकी भइन् र शरीर पनि कमजोरीले गर्दा धर्मराउन थालेपछि करूणामय साहेबले भन्नु भयो,– इन्द्रमती अब भन तिमी के चाहन्छौ ? सत्यलोक जान चाहन्छौ ? इन्द्रमतीले परमेश्वर म तयार छु, पूरै तयार छु दाता भनिन्। तिम्रो नाति-नातिनी प्रति कुनै ममता त छैन भनेर करूणामय साहेबले सोध्नु भयो। रानीले भनिन्,–पटक्कै छैन साहेब। हजुरले कति निर्मल ज्ञान दिनु भएको छ भने मलाई यस फोहोर लोकको केही इच्छा छैन ? कबीर परमेश्वरले ल जाऊँ, हिँड छोरी भन्नु भयो र रानीले प्राण त्याग गरिन्। परमेश्वर कबीर बन्दी छोडले रानीको आत्मालाई माथि लानु भयो। यही ब्रह्माण्डमा रहेको एउटा मानसरोवरमा गएर त्यस आत्माले नुहाउनु पर्छ। पूर्ण गुरूका स्वरूपमा प्रकट भई कबीर परमेश्वरले त्यस प्राणीलाई केही समयसम्म त्यहाँ राख्नु हुन्छ। परमेश्वर कबीरले इन्द्रमतीलाई फेरि भन्नु भयो,– तिम्रो केही इच्छा बाँकी भएमा त फेरि जन्म लिनु पर्छ। मनमा कुनै इच्छा छ भने सत्यलोक जान सक्दैनौ। इन्द्रमतीले भनिन्,– साहेब, हजुर त अर्न्तयामी हुनु हुन्छ। ममा कुनै इच्छा बाँकी छैन। हजुरको चरण कमलको चाहना मात्र छ। तर मेरो मनमा एउटा शंका रहिरहेको छ। मेरा पतिले मेरो कुनै पनि धार्मिक कार्यमा कहिल्यै मनाही गरेनन्। नत्र हिजो आजका पतिहरू त आफ्ना पत्नीहरूलाई बाधा उत्पन्न गरि दिन्छन्। यदि उनले मलाई मनाही गरेका भए म हजुरको चरणमा आउन पाउने थिइन। मेरो कल्याण हुने थिएन। यस शुभकार्यमा गरेको सहयोगका लागि उनले केही लाभ पाउने भए उनलाई पनि दया गर्नु होला, दाता। यो अबोध फेरि यसमै झुण्डिई भन्ने परमेश्वर कबीरले ठहर गर्नु भयो र ठीक छ छोरी, अझ दुई-चार वर्ष तिमी यहीँ बस भन्नु भयो।

दुई वर्षपछि राजा पनि मर्न लागे। उनले नाम नलिएका हुनाले यमका दूतहरु आए। फनफनी घुमेर राजा चोकमा ढले र यमका दूतहरूले उनको गर्धन थिचे। राजाको दिसा र पिसाब निस्कियो। करूणामय (कबीर) साहेबले रानीलाई हेर तिम्रो राजाको कस्तो हालत भइ रहेछ भनेर मानसरोवरबाट देखाउनु भयो। यो सबै कौतुक देखेर रानीले भनिन्,– हे दाता, मेरो भक्तिमा गरेको सहयोग निम्ति उनले केही मात्रामा भएपनि फल पाउने भए दया गर्नु होस्। रानीमा थोरै भए पनि अझै माया बाँकी थियो। करूणामयले यो फेरि कालको जालमा फस्ने छे भन्ने सोचेर साहेब

कबीर मानसरोवरबाट राजा अचेत भएको ठाउँमा पुग्नु भयो। यमदूतहरु राजाको प्राण झिकि रहेका थिए। कबीर साहेब आउनासाथ यमदूतहरु मुर्दाबाट गिद्ध उडे झैं आकाशमा उडे। राजा चन्द्रविजय होसमा फर्किए। सामुन्ने करूणामय साहेब हुनु हुन्थ्यो। करूणामय साहेबलाई चन्द्रविजयले मात्र देखे अरूले देखेनन्। आफ्नो जीवन समाप्त हुन लागेको देखी राजाले साहेबका चरणमा परेर माफ गर्नु होस् दाता, मेरो जीवन बचाउनु होस् भन्दै याचना गर्न थाले (काम बिग्रि सकेपछि यस जीवको आँखा खुल्दछ)। कबीर साहेबले भन्नु भयो,– राजा, हिजो जे कुरा थियो, आज पनि कुरा त्यही नै हो, नाम लिनु पर्छ। राजाले नाम लिन्छु, अहिनै नै लिन्छु हजुर भने। कबीर साहेबले नाम उपदेश दिएर अब म तिमीलाई दुई वर्ष आयु थपि दिन्छु। यसमा एक स्वाँस मात्र पनि खाली गयो भने फेरि कर्मदण्ड बाँकी रहने छ भन्नु भयो।

कबीर, जीवन तो थोडा भला, जै सत सुमरण हो। लाख वर्ष का जीवना, लेखे धरे ना को।।

शुभकर्मलाई सहयोग गरेको पछिल्लो कर्म र दुई वर्ष श्रद्धापूर्वक स्मरणले र तीनवटै नाम प्रदान गरी कबीर साहेबले चन्द्रविजयलाई पनि पार गराएर लैजानु भयो। बोलौं - सतगुरूदेवको जय। "जय बन्दी छोड"।

परमेश्वर कबीर साहेबले साँच्चो श्रद्धालुको आयु बढाइ दिनु हुन्छ तथा उसको परिवारको रक्षा पनि गर्नु हुन्छ भन्ने कुरा उपर्युक्त विवरणबाट सिद्ध हुन्छ। यो प्रमाण धेरै पहिलेको हो। वर्तमान समयमा साधारण व्यक्तिले विश्वास नगर्न सक्छन्। वर्तमानमा पूज्य कबीर परमेश्वरको शक्तिले म दासद्वारा गरिएका कष्ट निवारण र आयु वृद्धिका धेरै प्रमाणहरु जानकारीका लागि "परमेश्वरका सार सन्देश" पढ्नु होस्।

## पवित्र पुराणहरूको रहस्य

पुराणहरूलाई बुझ्न श्री ब्रह्मा पुराण, श्री विष्णु पुराण र श्री शिव पुराण ब्रह्मका लीलाबाटै प्रारम्भ हुन्छन् भन्ने कुरामा ध्यान दिनु पर्छ, जसलाई गीता अध्याय ७ श्लोक २५ मा पहिलो अव्यक्त भनिएको छ। गीता अध्याय ११ श्लोक ३२ मा उनी म नै काल हुँ भन्छन्। यिनैलाई क्षर पुरूष, ज्योति निरञ्जन, सदाशिव र कालरूपि ब्रह्म पनि भनिन्छ। यही ब्रह्माण्डमा एउटा ब्रह्मलोक रचना गरेर त्यसको माथिल्लो भागमा बस्छन्।

यिनैलाई महाविष्णु, महाब्रह्मा र महाशिव भनिन्छ र त्यस क्षेत्रलाई काशी पनि भनिन्छ। त्यसैमा रजगुण प्रधान, सतगुण प्रधान र तमगुण प्रधान तीनवटा स्थान बनाएर आफ्नी पत्नी दुर्गा (महालक्ष्मी) लाई साथमा राखी तीन छोरा रजगुण श्री ब्रह्मा, सतगुण श्री विष्णु र तमगुण श्री शिवलाई उत्पत्ति गरेर बेहोस पार्छन्। यिनीहरूको पालन पोषण अचेत अवस्थामै गरि रहन्छन्। जवान भएपछि श्री ब्रह्मा जीलाई कमलको फूलमा, श्री विष्णु जीलाई शेष नागमा तथा श्री शिव जीलाई कैलाश पर्वतमा लगी चेत गरि दिन्छन्। यी तीनै प्रभुहरूलाई आफ्नो उत्पत्ति कर्ता को

हुन् भन्ने थाहा छैन। यिनै कालरूपी ब्रह्मले विष्णुरूप धारण गरी आफ्नो नाभीबाट कमल उत्पन्न गरेर श्री ब्रह्मा जीलाई त्यसमा राखी होसमा ल्याए। यिनी आफूले चाहे अनुसार श्री ब्रह्मा, श्री विष्णु र श्री शिवरूप धारण गरेर दृष्टिगोचर (देखिने) हुन्छन्। कालले श्रीमद्भगवत गीता जीको ज्ञान दिँदा देखाएको आफ्नो वास्तविक रूपमा उनी कहिल्यै प्रकट हुँदैनन्। गीता अध्याय १० तथा ११ मा यसको प्रमाण छ। श्रीमद्भगवत गीता अध्याय ११ श्लोक ४७ र ४८ मा उनी भन्छन्,– हे अर्जुन, यो मेरो वास्तविक स्वरूप तिमीबाहेक न त पहिला कसैले देखेको थियो न त भविष्यमा कसैले देख्न सक्ने छ। यो त मैले तिमीलाई अनुग्रह गरेर देखाएको हुँ। हजार हात र आँखाहरु भएको म ब्रह्मको कालरूपलाई यज्ञ, ओ३म नामको जप, आदि जस्ता वेदहरूमा वर्णन गरिएका विधिहरूबाट कहिल्यै पनि देख्न सकिँदैन। अर्थात् वेदहरूमा वर्णित विधिले प्रभु पाइँदैन। त्यसैले, वेदहरूमा भएको "ओम्" नामले प्रभु प्राप्ति हुन्छ भन्ठानेर ऋषि महर्षिहरूले प्रभु प्राप्तिका लागि यज्ञ र ओ३म् नामको जपको घोर साधना गरे तर "ब्रह्म" को दर्शन भएन। कसैले कमलहरूको प्रकाश देखे त कसैले शरीरमा ज्योति देखे र धुन सुने तर ती काल (ब्रह्म) का छल थिए। कसै कसैले त सहस्र कमलका हजार ज्योतिबाट निस्केको प्रकाश देखे र त्यसैलाई प्रभु प्राप्ति माने। जस्तै एक-अर्कासित जोडेर गोलो बनाएर बाली राखेको एउटै रङ्का हजारवटा बल्ब (चिम) लाई परबाट हेर्नेले एउटै प्रकाश समुह देख्छ तर त्यस्को छेउमा गएर हेर्दा मात्र चिमहरूको प्रकाश हो भन्ने थाहा हुन्छ।

यसरी नै केही साधकहरु हठयोग गरेर शरीरमा अन्तर्मुख भएपछि केही आतिशबाजी (फूलझडी, पटका आदि) देख्छन् र त्यसैलाई प्रभु प्राप्ति मान्छन्। त्यस कालको जाललाई आनन्द मानेर आफ्नो अनमोल जीवन नष्ट गर्छन्। वेदमा स्पष्टसँग परमेश्वर सशरीर छन् भनेर लेखिएको छ। यर्जुवेद अध्याय १ मन्त्र १५ र अध्याय ५ मन्त्र १ मा प्रमाण छ :-

अग्ने तनूर् असि। विष्णवे त्वा सोमस्य तनूर् असि।

भावार्थ : परमेश्वर सशरीर छन्। सबैको पालनकर्ता अमर पुरूष (सत्यपुरूष) को शरीर छ अर्थात् परमेश्वर आकारमा छन्। अतः ऋषिहरूले प्रभु दर्शनका लागि घोर साधनाहरु गरे। तर वेदमा वर्णित विधिबाट प्रभु प्राप्ति हुन सक्दैन। त्यसैले आजसम्मका सबै साधक, ऋषि आदिले आफ्नो अनुभव समावेश गरी वेदका ज्ञान विरूद्धका पुस्तकहरु रचना गरेका छन्। अहिले भक्त समाज पवित्र वेदको सट्टा अन्य महर्षि वा सन्तहरूको अनुभवबाट बनेका पुस्तकहरूको ज्ञानमा आधारित भइ सकेका छन्।

पवित्र वेदहरु र श्रीमद्भगवत गीता जीका ज्ञानदाता ब्रह्म भनि रहेका छन्,– यी तीनै गुण (रजगुण ब्रह्मा जी, सतगुण विष्णु जी र तमगुण शिव जी) इष्ट देवताका रूपमा पूजा गर्न योग्य छैनन्। किनकि यिनीहरु पनि नाशवान छन्। यिनले कर्मको फल जस्ताको त्यस्तै रूपमा दिन्छन् र पाप क्षमा (नाश) गर्न सक्दैनन्।

यिनका पूजारी भक्तहरूले प्रारब्धमा लेखिएको कष्ट भोग्नै पर्छ। यी तीनवटै प्रभुको साधनाले क्षणिक सांसारिक सुख प्राप्त भए पनि मोक्ष भने हुँदैन। यी तीन प्रभुहरूबाट प्राप्त हुने क्षणिक लाभप्रति आस्थावान राक्षस स्वभाव धारण गरेका, मनुष्यमा नीच, दुष्कर्म गर्ने मूर्खहरु त म (ब्रह्म/काल) लाई पनि भज्दैनन्। (प्रमाण श्रीमद्भगवत गीता अध्याय ७ श्लोक १२ देखि १५ सम्म) किनकि ब्रह्म साधक नाम र पुण्य कमाइको आधारमा लामो समयसम्म ब्रह्मलोकमा बनेको महास्वर्गमा रहन्छ। त्यसैले तीन प्रभुहरूभन्दा केही धेरै राहत म दिन सक्छु भनी काल भनि रहेछन् तर यो ब्रह्मलोक र काल (ब्रह्म) पनि नाशवान छन्। गीता अध्याय ८ श्लोक १६ मा ब्रह्मलोक सम्मका सबै लोकहरु नाशवान छन् भनिएको छ तथा गीता अध्याय २ श्लोक १२ र अध्याय ४ श्लोक ५ मा स्वयं गीता ज्ञानदाता ब्रह्मले मेरो पनि जन्म-मृत्यु हुन्छ अर्थात् म नाशवान हुँ भनेका छन्। त्यसैले, पवित्र गीता अध्याय ७ श्लोक १८ मा भनेका छन्,— चौथो प्रकारका मेरा (ब्रह्मका) साधक ज्ञानी हुनाले तिनीहरूले वेदहरूको ज्ञानका आधारमा एक पूर्ण परमात्मा मात्र इष्टदेवका रूपमा पूज्य तथा पापनाशक र पूर्ण मोक्षदायक हुन् एवं मानव शरीर प्रभु प्राप्तिका लागि नै प्राप्त भएको हो भन्ने कुरा बुझेका छन्। उनीहरु आफैंले 'ओ३म्' नै वेदमा वर्णित प्रभु प्राप्तिको एकमात्र मन्त्र हो भन्ने निष्कर्ष निकाले। उनीहरूले यही 'ओ३म्' (ॐ) मन्त्रको जपले हजारौं वर्ष साधना गरेर आफ्नो शरीरलाई समेत होमीदिए तर पनि प्रभुदर्शन भएन तर अन्य उपलब्धिहरु प्राप्त भए। उनीहरूले केही सिद्धिहरु पाए तथा स्वर्ग र महास्वर्ग आदिमा उच्च पद प्राप्त गरे, अनि भजन तथा पुण्यको कमाई सकिएपछि पुनः जन्म, मृत्यु र चौरासी लाख प्राणीको शरीरमा घोर कष्ट तथा नरकमा पाप कर्मको फलको भोग पनि गरि रहनु पर्‍यो।

पवित्र यर्जुवेद अध्याय ४० मन्त्र १० र पवित्र गीता अध्याय ४ श्लोक ३४ मा उपरोक्त दुवै शास्त्रका ज्ञानदाता ब्रह्म भन्छन्,— वहाँ पूर्ण परमात्माको विषयमा त म (काल रूपी ब्रह्म) पनि केही जान्दिन। वहाँको बारेमा पूर्ण जानकारी वा तत्त्वज्ञान र वहाँलाई प्राप्त गर्ने विधि अर्थात् पूर्ण मोक्षको मार्गको जानकारीका लागि तत्त्वदर्शी सन्तको खोजी गर। अनि वहाँले बताउनु भए अनुसार साधना गर। त्यसपछि परमपद परमेश्वरको खोजी गर्नु पर्छ जहाँ गएपछि साधक पुनः फर्केर संसारमा आउँदैनन् अर्थात् पूर्ण मोक्ष प्राप्त गरेर सदाका लागि जन्म, मृत्यु र चौरासी लाख योनीहरूको कष्ट र नरकका पीडाको कष्टबाट मुक्त हुन्छन् वा पूर्ण शान्ति पाएर (शास्वतम् स्थानम्) अविनाशी लोक (सत्यलोक) मा पुग्छन्। (प्रमाण गीता अध्याय १५ श्लोक १ देखि ४ र अध्याय १८ श्लोक ६२ तथा ऋग्वेद मण्डल १ सुक्त २४ मन्त्र १ र २)

तत्त्वदर्शी सन्त प्राप्त नहुनाले सबै ऋषिहरु वेद अनुसार साधना गरे पनि महाकष्टमै रहन्छन्। यसैले गीता अध्याय ७ श्लोक १८ मा भनेका छन्,— प्रभु प्राप्तिका लागि तन, मन र धनले वेद अनुसार साधना गर्ने ज्ञानी आत्माहरु उदार त छन् तर ती पनि मेरै (ब्रह्म/कालको) अति निकृष्ठ (अनुत्तमाम्) गति वा साधनाबाट प्राप्त हुने लाभमा मात्र आश्रित हुनाले तिनीहरूको पूर्ण मोक्ष हुन सक्दैन। जन्म-मृत्यु

तथा कर्माधारले गर्दा विभिन्न प्राणीका शरीर र नरकमा पाउने दुःख-कष्ट कहिले पनि समाप्त हुँदैन।

ज्योति निरञ्जन (कालरूपी ब्रह्म) ले म कहिले पनि कुनै पनि साधना गरे बापत् कसैलाई आफ्नो पनि वास्तविक कालरूपमा दर्शन दिन्न भनेर प्रतिज्ञा गरेका छन्। त्यसैले यी कालरूपी ब्रह्म नै आफ्ना छोराहरू (ब्रह्मा, विष्णु र शिव) का रूपमा देखिएर विभिन्न खालका चरित्र (भूमिका) निर्वाह गर्छन्। त्यसैले मानिसहरू यो लीला भगवान विष्णुको, कहिले श्री ब्रह्मा र कहिले श्री शिव जीको भन्ने सोच्छन्। सामान्य व्यक्तिहरू ब्रह्मा जीको उत्पत्ति श्री विष्णु जीको नाभीबाट निस्केको कमलमा भएको हो भन्छन् तर त्यस बेला विष्णु जीका रूपमा कालले आफ्नो नाभीबाट कमल प्रकट गरेका थिए।

ब्रह्मा पुराण (सृष्टिको वर्णन नामक अध्याय) मा श्री लोमहर्षण ऋषि (जसलाई सूत जी पनि भनिन्छ) ले आफ्ना गुरूदेव श्री व्यास ऋषिबाट सुनेका ज्ञान भनेका हुन्। श्री व्यास जीले श्री नारद जीबाट सुने तथा श्री नारद जीले उनका बुबा श्री ब्रह्मा जीबाट जानकारी पाएका थिए। श्री ब्रह्मा जी आफैंलाई आफू कहाँबाट उत्पन्न भएको थाहा छैन (श्री देवीमहापुराण तेस्रो स्कन्ध)। यसको अर्थ पुराणका ज्ञान गलत छन् भन्ने होइन। श्री ब्रह्मा जीले होसमा आएपछि भनेको ज्ञान त्यही स्तरसम्म सही छ। तर उनी चेत हुनुभन्दा अघिको ज्ञान चाहिँ दन्त्यकथा (लोकवेद) हो। पहिलो सत्ययुगमा सत् सुकृत नामबाट पूर्ण परमेश्वर प्रकट हुनु भई तत्त्वदर्शी सन्तका रूपमा तत्त्वज्ञान र वास्तविक सृष्टि रचनाको ज्ञान श्री ब्रह्मा जी र श्री मनुजीलाई दिनु भएको थियो। यिनीहरूले सुनेर पनि नसुनेझैं गरेका थिए। पछि, श्री ब्रह्मा जीलाई उनका वशंजहरूले सोध्न थालेपछि सुनेको ज्ञानका आधारमा केही मिसावट गरी उनी चेत हुनु अगाडिको ज्ञान भनेका हुन्। अतः कुनै पनि पुराण निर्णायक ज्ञानयुक्त छैनन्। कुनै पुराणको आधारमा श्री विष्णु जीको उत्पत्ति श्री ब्रह्मा जीबाट भएको सिद्ध हुन्छ भने अर्कोमा श्री ब्रह्मा जीको उत्पत्ति श्री विष्णु जीबाट भएको सिद्ध हुन्छ आदि आदि। यसैकारणले सम्पूर्ण ऋषिगण तथा श्री ब्रह्मा, श्री विष्णु र श्री शिव जी पनि संशयमा नै छन्।

## श्री ब्रह्मा जी र श्री विष्णु जीको युद्ध

श्री शिव पुराण (विद्येश्वर संहिता अध्याय ६, अनुवादक दीन दयाल शर्मा, प्रकाशक रामायण प्रेस, मुम्बई, पृष्ठ ६७ तथा सम्पादक पण्डित रामलग्न पाण्डेय 'विशारद', प्रकाशक सावित्र ठाकुर, प्रकाशन रथयात्रा वाराणसी, नाटी इमली शाखा, वाराणसीको विद्येश्वर संहिता अध्याय ६, पृष्ठ ५४ तथा टीकाकार डा. ब्रह्मानन्द त्रिपाठी साहित्य आयुर्वेद ज्योतिष आचार्य, एम.ए., पी.एच.डी., डी.एस., सी.ए., प्रकाशक चौखम्बा संस्कृत प्रतिष्ठान ३८ यू.ए. जवाहर नगर, बंगलो रोड, दिल्ली, संस्कृत सहित शिव पुराणको विद्येश्वर संहिता अध्याय ६ पृष्ठ ४५ मा) का अनुसार :

श्री ब्रह्मा जी श्री विष्णु जीका समक्ष आए। त्यसबेला श्री विष्णु जी लक्ष्मीसहित शेष शैयामा सुतेका थिए। साथमा सेवक पनि बसेका थिए। श्री ब्रह्मा जीले श्री विष्णुलाई भने,– ए छोरा! उठ, हेर तिम्रो बुबा आएको छु। म तिम्रो प्रभु हुँ। यो सुनेपछि विष्णु जीले भने,– आऊ बस, म तिम्रो बुबा हुँ। किन तिम्रो मुख बाङ्गो भयो ? ब्रह्मा जीले छोरा! अब तिमीमा अभिमान भरिएछ, म तिम्रो संरक्षक मात्र होइन, समस्त जगतको पिता हुँ भने। श्री विष्णुले ए चोर! तिमी आफ्नो के बडप्पन देखाउँछौ ? सम्पूर्ण जगत त ममा निहित छ। तिमी मेरो नाभी कमलबाट उत्पन्न भयौ र मसँग नै यस्तो कुरा गर्छौ ? यति भनेर दुवै प्रभुले एक अर्कालाई हातहतियारले प्रहार गर्दै एक अर्काको छातीमा आघात पुऱ्याए। यो देखेर सदाशिव (कालरूपी ब्रह्म) ले एउटा तेजपूर्ण लिङ्ग उनीहरूको बीचमा राखि दिए अनि उनीहरूको युद्ध समाप्त भयो। (यो विवरण गीता प्रेस गोरखपुरको शिव पुराणबाट निकालिएको हो। तर माथि उल्लेखित मूल संस्कृत सहितको र अन्य दुई सम्पादकहरु तथा प्रकाशकहरूको शिव पुराणमा सही छ।)

विचार गरौं : श्री शिव पुराण, श्री विष्णु पुराण, श्री ब्रह्मा पुराण तथा श्री देवी महापुराणमा तीनै प्रभुहरु तथा सदाशिव (कालरूपी ब्रह्म) र देवी (शिवा/प्रकृति) का जीवन लीला छन्। यिनैका आधारमा सबै ऋषि र गुरूहरूले ज्ञान सुनाउने गर्दथे। कसैले पवित्र पुराणहरूभन्दा भिन्न ज्ञान भनेमा त्यो पाठ्यक्रम विरूद्धको ज्ञान हुनाले व्यर्थ छ।

उपरोक्त युद्धको विवरण पवित्र शिव पुराणमा छ, जसमा दुई प्रभुहरु पाँच वर्षको बालक झैं लडाईं गरि रहेछन्। तिनीहरु तिमी मेरो छोरो र म तिम्रो बुबा हुँ भन्ने गर्छन्। अनि एक-अर्काको कठालो समातेर मुड्की तथा लात्तले हिर्काउँदै कुटाकुट गर्छन्। त्रिलोक नाथहरूको चरित्र यस्तो छ।

माथिका तीनै पुराणहरु (श्री ब्रह्मा पुराण, श्री विष्णु पुराण र श्री शिव पुराण) को प्रारम्भ त कालरूपी ब्रह्म वा ज्योति निरञ्जनबाटै हुन्छ, उनी ब्रह्मलोकमा महाब्रह्मा, महाविष्णु र महाशिव रूप धारण गरेर बस्छन् तथा आफ्नो लीला पनि उपरोक्त रूपमा नै गर्छन्। तर आफ्नो वास्तविक कालरूपलाई लुकाएर राख्छन्। पछिका विवरण चाहिँ रजगुण-ब्रह्मा जी, सतगुण-विष्णु जी र तमगुण-शिव जीका लीलाहरु नै हुन्। उपरोक्त ज्ञानको आधारमा पवित्र पुराणहरूलाई बुझ्न अति सजिलो हुने छ।

## श्री विष्णु पुराण

(अनुवादक : श्री मुनिलाल गुप्त, प्रकाशक-गोविन्द भवन कार्यालय, गीता प्रेस गोरखपुर)

श्री विष्णु पुराणको ज्ञान श्री परासर ऋषिले आफ्ना शिष्य श्री मैत्रेय ऋषिलाई भनेका हुन्।

श्री परासर ऋषि जीले विवाह हुनासाथ गृह त्याग गरेर वनमा गई साधना गर्ने दृढ संकल्प गरे। उनकी धर्मपत्नीले भनिन्,– हाम्रो भर्खरै मात्र विवाह भएको छ। हजुर घर त्याग गरेर जाँदै हुनु हुन्छ ? सन्तान उत्पत्ति गरेर साधनाका लागि जानु होला। परासर ऋषिले साधना गरेपछि सन्तान उत्पन्न गर्दा राम्रो संस्कारको सन्तान उत्पन्न हुन्छ। म केही समय पछि तिम्रा लागि कुनै पक्षीसित आफ्नो शक्ति (वीर्य) पठाइ दिन्छु, त्यसलाई ग्रहण गर्नु भने। अनि घर त्यागी उनी वनतिर गए। एक वर्षको साधना पछि आफ्नो वीर्य निकालेर एउटा रूखको पातमा राखी बन्द गरेर आफ्नो मन्त्र शक्तिले शुक्राणु रक्षा गरी एउटा कागलाई यो पत्र मेरी पत्नीलाई दिनु भनेर पठाए। काग त्यो पत्र लिएर नदी माथिबाट उडि रहेको बेला त्यसको चुच्चोबाट त्यो पत्र नदीमा झर्‍यो। त्यो एउटा माछाले खायो। केही महिनापछि एउटा माझीले त्यो माछा समातेर काट्यो र त्यस माछाबाट एउटी केटी निस्की । माझीले त्यस केटीको नाम सत्यवती राखे। त्यही केटी (माछाको पेटबाट उत्पन्न भएकाले) मछोदरी नामले पनि चिनिन्थिन्। माझीले सत्यवतीलाई आफ्नी छोरी बनाएर पाल्यो।

काग फर्केर गई परासर ऋषिलाई वृत्तान्त सुनायो। सोन्ह वर्षसम्मको साधना सकेर परासर ऋषि फर्कँदै थिए। बाटोमा नदी थियो। परासर ऋषिले माझीलाई मलाई चाँडै नदी पार गराऊ, मेरी पत्नीले मेरो प्रतीक्षा गरि रहेकी छिन् भने। त्यसबेला माझी खाना खाइ रहेका थिए र श्री परासर ऋषिको वीर्यले माछाबाट उत्पन्न चौध वर्षीय कन्या आफ्नो बुबालाई खाना लिएर त्यहीँ आएकी थिइन्। साधना तपस्या गरेर आएका ऋषि सिद्धियुक्त हुन्छन् र आज्ञा पालन नगर्दा तत्कालै श्राप दिन्छन् भन्ने कुरा माझीलाई थाहा थियो। त्यसैले माझीले ऋषिवर, म खाना खाँदै छु, अधुरो खाना छोड्नु अन्न देवको अपमान हुनाले मलाई पाप लाग्छ भने। तर परासर ऋषिले माझीको कुनै पनि कुरा सुन्न चाहेनन्। ऋषि साह्रै हतारिएका छन् भन्ने बुझेर ऋषिलाई नदी पारि लगि देऊ भनी माझीले किशोर अवस्थाको छोरीलाई भने। बुबाको आदेश पाएर छोरीले ऋषिलाई डुङ्गामा राखेर चलाउन थालिन्। नदीको बीचमा पुगेपछि परासर ऋषिले आफ्नै वीज शक्तिले माछाबाट उत्पन्न कन्या अर्थात् आफ्नै छोरीसँग दुष्कर्म गर्ने इच्छा व्यक्त गरे। ती कन्याले पनि आफ्नो धर्म बुबा माझीबाट ऋषिहरूको क्रोधले दिएका श्रापबाट दुःखी भएका मानिसहरूको कथा सुनेकी हुनाले श्रापको डरले काम्दै ऋषि जी हजुर ब्राह्मण हुनु हुन्छ र म त शुद्रको छोरी हुँ भनिन्। ऋषिले केही फरक पर्दैन, चिन्ता नलेऊ भने। कन्याले आफ्नो इज्जत रक्षाका लागि ऋषिवर मेरो शरीरबाट माछाको दुर्गन्ध निस्कि रहेछ भनेर बहाना बनाइन्। ऋषि परासरले आफ्नो सिद्धीले दुर्गन्ध हटाइ दिए। फेरि कन्याले नदीका दुवै किनारका मानिसहरूले हेरि रहेका छन् भनिन्। परासर ऋषिले गंगा नदीको पानी हातमा लिएर आकाशतिर फ्याँके र आफ्नो सिद्धि शक्तिले कुहिरो उत्पन्न गराइ दिए। त्यसपछि आफ्नो इच्छा पूरा गरे। ती कन्याले घटनाको सबै जानकारी आफ्नी धर्मआमालाई गराइन् र उनले धर्मबुबालाई बताइन्। ऋषिले आफ्नो

नाम परासर तथा ऋषि वशिष्ठ जीका नाति भनेको कुरा पनि बताइन्। समयसँगै कुमारी युवतीको गर्भबाट श्री व्यास ऋषि उत्पन्न भए।

उनै परासर ऋषिले श्री विष्णु पुराण रचना गरेका हुन्। श्री परासर जीले भने,– हे मैत्रेय, जुन ज्ञान तिमीलाई सुनाउन लागि रहेछु, यही प्रसङ्ग दक्षादि मुनिहरूले नर्मदा नदीको तटमा राजा पुरूकुत्सलाई सुनाएका थिए। पुरूकुत्सले सारस्वतलाई र सारस्वतले मलाई भनेका थिए। श्री परासर जीले श्री विष्णु पुराणको अध्याय १ श्लोक ३१ पृष्ठ ३ मा भनेका छन्,– यो जगत विष्णु जीबाट उत्पन्न भएको हो र उनैमा स्थित छ। उनी नै यसको स्थिति र लयको कर्ता हुन्। अध्याय २ श्लोक १५ र १६ पृष्ठ ४ मा भनेका छन्,– हे द्विज (ब्राह्मण) ! परब्रम्हको प्रथम रूप पुरूष अथवा भगवान जस्तो देखिन्छ तर व्यक्त (महाविष्णुरूपमा प्रकट हुने) र अव्यक्त (अदृश्यरूपमा वास्तविक काल रूपमा एक्काईसौं ब्रह्माण्डमा रहने) उनका अन्य रूप हुन् तथा 'काल' उनको परमरूप हो। काल रूपमा तथा व्यक्त र अव्यक्त रूपमा स्थित रहने भगवान विष्णुको बालवत (बालकको झैं) लीला हो।

अध्याय २ श्लोक २७ पृष्ठ ५ मा हे मैत्रेय ! प्रलय कालमा प्रधान वा प्रकृतिको साम्य अवस्थामा स्थित भएपछि वा पुरूष प्रकृतिबाट अलग स्थित भएपछि विष्णु भगवानको कालरूप प्रवृत्त (सक्रिय) हुन्छ भनेका छन्।

अध्याय २ श्लोक २८ देखि ३० पृष्ठ ५ मा 'तदन्तर (सर्गकाल उपस्थित भएपछि) परब्रह्म परमात्मा विश्वरूप सर्वव्यापी सर्वभूतेश्वर सर्वात्मा परमेश्वरले आफ्नो इच्छाले विकारी प्रधान र अविकारी पुरूषमा प्रविष्ट भएर उनलाई क्षोभित तुल्याए।।२८-२९।। जसरी क्रियाशील नहुँदा पनि गन्धले आफ्नो सन्निधि (निकटता) मात्रले नै प्रधान (प्रकृति) र पुरूषलाई प्रेरित गर्दछ।

विशेषः श्लोक २८ देखि ३० मा प्रकृति (दुर्गा) र पुरूष (काल प्रभु) लाई पुनः सृष्टि रचनाका लागि प्रेरित गर्ने कुनै अर्को परमेश्वर हुनु हुन्छ भन्ने स्पष्ट गरिएको छ।

अध्याय २ श्लोक ६६ पृष्ठ ८ मा उनै प्रभु विष्णु स्रष्टा (ब्रह्मा) बनेर आफ्नै सृष्टि गर्छन् भनेर लेखिएको छ। त्यसरी नै श्लोक ७० मा भगवान विष्णु नै ब्रह्मा आदि अवस्थाहरूबाट रचना गर्ने हुन्। उनैले रचना गर्छन् र स्वयं संहृत पनि हुन्छन् वा मर्छन् लेखिएको छ। अध्याय ४ श्लोक ४ पृष्ठ ११ मा कुनै अर्कै परमेश्वर छन्, जो ब्रह्मा, शिव आदि ईश्वरका पनि ईश्वर हुन् भनेर लेखिएको छ। अध्याय ४ श्लोक १४, १५, १७ र २२ पृष्ठ ११ र १२ मा लेखिएको छ- पृथ्वी बोलिन्,– हे काल स्वरूप! तपाईंलाई नमस्कार छ। हे प्रभु! जगतको सृष्टि आदिका लागि ब्रह्मा, विष्णु र रूद्ररूप धारण गर्ने तपाईं नै हुनु हुन्छ। तपाईंको जुन रूप अवतारका रूपमा प्रकट हुन्छ देवताहरूले त्यसैलाई पूजा गर्छन्। तपाईं नै ओम्कार हुनु हुन्छ। अध्याय ४ श्लोक ५० पृष्ठ १४ मा फेरि ती भगवान हरिले रजोगुणयुक्त भई चतुर्मुखी ब्रह्मारूप धारण गरेर सृष्टि रचना गरे लेखिएको छ।

उपरोक्त विवरणबाट ऋषि परासर जीले सुनाएका ज्ञान अर्थात् लोकवेदको आधारमा श्री विष्णु पुराणको रचना गरेका हुन् भन्ने सिद्ध हुन्छ। वास्तविक ज्ञान त प्रथम सत्ययुगमा स्वयं प्रकट भएर पूर्ण परमात्माले श्री ब्रह्मा जीलाई दिनु भएको थियो। श्री ब्रह्मा जीले केही वास्तविक ज्ञान र केही स्वनिर्मित काल्पनिक ज्ञान मिसाएर आफ्ना वंशजहरूलाई बताए। एउटाले अर्कोलाई सुनाउँदै आएको लोकवेद परासर ऋषिले पाए। श्री परासर जीले विष्णुलाई काल र परब्रह्म पनि भनेका छन्। माथिको विवरणबाट विष्णु अथवा ब्रह्म स्वरूप कालले ब्रह्मा, विष्णु र शिवको रूपमा आफ्नो उत्पत्ति गरेर सृष्टि गर्छन् भन्ने सिद्ध हुन्छ। ब्रह्म (काल) ले नै ब्रह्मलोकमा तीन रूपमा प्रकट भएर लीला गर्दै छल गर्छन्। त्यहाँ आफू पनि मर्छन्। (विशेष जानकारीका लागि कृपया 'गहरी नजर गीता में' पुस्तकको "प्रलयको जानकारी" अध्याय ८ श्लोक १७ को व्याख्या पढ्नु होस्।) त्यही ब्रह्मलोकमा उनले तीन स्थान बनाएका छन्। एउटा रजोगुण प्रधान छ, जसमा यिनै कालरूपी ब्रह्मले ब्रह्मारूप धारण गरेर बस्छन् तथा आफ्नी पत्नी दुर्गालाई साथमा राखेर एउटा रजोगुण प्रधान छोरा उत्पन्न गरी त्यसको नाम ब्रह्मा राख्छन् र उसैबाट एउटा ब्रह्माण्डमा उत्पत्ति गराउँछन्। यसैगरी त्यही ब्रह्मलोकमा अर्को सतगुण प्रधान स्थान बनाएर उनी विष्णुरूप धारण गरेर बस्छन् तथा आफ्नी पत्नी दुर्गालाई पत्नी रूपमा राखेर एउटा सतगुणयुक्त छोरा उत्पन्न गरी त्यसको नाम विष्णु राख्छन् र त्यसैबाट एउटा ब्रह्माण्डमा तीन लोकहरु (पृथ्वी, पाताल र स्वर्ग) स्थिति बनाएर राख्ने काम गराउँछन्। (प्रमाणः शिवपुराण, प्रकाशक गीता प्रेस गोरखपुर, अनुवाद हनुमान प्रसाद पौद्दार र चिमनलाल गोस्वामी, रूद्र संहिता अध्याय ६ र ७ पृष्ठ १०२ र १०३)

ब्रह्मलोकमा नै तेस्रो तमोगुण प्रधान स्थान रचना गरी स्वयं शिवरूप धारण गरी विराजमान हुन्छन् तथा आफ्नी पत्नी दुर्गा (प्रकृति) लाई साथमा राखेर पति पत्नीको व्यवहारबाट तमोगुणयुक्त तेस्रो छोरा उत्पन्न गरी उसको नाम शङ्कर (शिव) राख्छन् र यसै छोराबाट तीनै लोकका प्राणीहरूको सङ्हार गराउँछन्।

विष्णु पुराणमा अध्याय ४ सम्मको ज्ञान कालरूपी ब्रह्म अर्थात् ज्योति निरञ्जनको हो। अध्याय ५ पछिको मिश्रित ज्ञान चाहिँ कालका छोरा सतगुणी विष्णुका लीलाहरु र उनैका अवतार श्री राम, श्री कृष्ण आदिका ज्ञान हुन्।

विशेष विचारणीय कुरा : श्री विष्णु पुराणका वक्ता श्री परासर ऋषि हुन्। यो ज्ञान दक्षादि ऋषिहरूबाट पुरूकुत्सुले, पुरूकुत्सुबाट सारस्वतले र सारस्वतबाट श्री परासर ऋषिले सुनेका हुन्। त्यो ज्ञान श्री विष्णु पुराणमा लिपिबद्ध गरियो जुन आज हाम्रो हातमा छ। यसमा त केवल एउटा ब्रह्माण्डको ज्ञान पनि अपूरो छ। श्री देवी पुराण, श्री शिव पुराण आदि पुराणहरूको ज्ञानहरु पनि ब्रह्मा जीले नै दिएका हुन्। श्री परासरको ज्ञान श्री ब्रह्मा जीको ज्ञान समान हुन सक्दैन। यसैले विष्णु पुराणलाई बुझ्न देवी पुराण र शिव पुराणको सहयोग लिइने छ किनकि यी ज्ञान

दक्षादि ऋषिहरूका बुबा श्री ब्रह्मा जीले दिएका हुन्। श्री देवी पुराण र श्री शिव पुराणलाई बुझ्नका लागि श्रीमद् भगवद् गीता तथा चारै वेदको सहयोग लिइने छ किनकि यो ज्ञान स्वयं भगवान कालरूपी ब्रह्मले दिएका हुन्। उनी ब्रह्मा, विष्णु र शिव जीका उत्पन्नकर्ता अर्थात् बुबा हुन्। पवित्र वेदहरु र पवित्र श्रीमद्भगवद् गीता जीको ज्ञान बुझ्नका लागि कालरूपी ब्रह्मको उत्पत्तिकर्ता अर्थात् पिता परम अक्षर ब्रह्म (कविर्देव) ले दिनु भएको स्वसम वेद वा सुक्ष्म वेदको सहयोग लिनु पर्छ। यसलाई स्वयं सत्यपुरूष प्रकट भएर नै (कविर्गीभि) कविर्वाणी मार्फत् भन्नु भएको थियो। (यसको प्रमाण ऋग्वेद मण्डल ९ सुक्त ९६ मन्त्र १६ देखि २० मा छ।)

## श्री ब्रह्मा पुराण

यस पुराणका वक्ता श्री व्यासजीका शिष्य श्री लोमहर्षण ऋषि हुन् जसलाई सूत जी पनि भनिन्छ। श्री लोमहर्षण जी (सूत जी) ले पहिले श्री ब्रह्मा जीले दक्ष आदि श्रेष्ठ मुनिहरूलाई सुनाउनु भएको ज्ञान नै म सुनाउन गइ रहेको छु भने। यस पुराणको सृष्टिको वर्णन नामक अध्याय (पृष्ठ २७७ देखि २७९ सम्म) मा श्री विष्णु जी सम्पूर्ण विश्वको आधार हुन्, उनैले ब्रह्मा, विष्णु र शिवरूप मार्फत् जगतको उत्पत्ति, पालन र संहार गर्छन्, उनै भगवान विष्णुलाई मेरो नमस्कार छ भनिएको छ।

नित्य सद्सत स्वरूप र कारणभूत अव्यक्त प्रकृतिलाई नै प्रधान भनिन्छ। त्यसैबाट पुरूषले यस विश्वको निर्माण गरेका हुन्। अमित तेजस्वी ब्रह्मा जीलाई नै पुरूष भनेर चिन। उनी सबै प्राणीहरूलाई सृष्टि गर्ने हुन् र भगवान नारायणमा आश्रित छन्।

स्वयम्भू भगवान नारायणले पानीको सृष्टि गरेकाले पानीलाई नार भन्न थालियो। भगवानले सबैभन्दा पहिला पानीमा विश्राम गरे। त्यसैले भगवानलाई नारायण भनिन्छ। भगवानले पानीमा आफ्नो शक्ति छोडे र त्यसबाट एउटा सुनको अण्ड प्रकट भयो। त्यसैबाट स्वयम्भू ब्रह्मा जीको उत्पत्ति भयो भन्ने सुनिन्छ। त्यो अण्डमा एक वर्ष बसेपछि श्री ब्रह्मा जीले त्यसलाई दुई टुक्रा पारि दिए। त्यसको एउटा टुक्राले धूलोक र अर्कोले भूलोक बन्यो। त्यसपछि ब्रह्मा जीले आफ्नो क्रोधले रूद्रलाई प्रकट गरे।

उक्त ज्ञान ऋषि लोमहर्षणले भनेका हुन्, जुन सुनी-सुनाएको (लोकवेद) हुनाले पूर्ण छैन किनकि वक्ताले नै 'यस्तो सुनेको छु' भनेका छन्। त्यसैले पूर्ण जानकारीका लागि श्री देवी महापुराण, श्री शिव महापुराण, श्रीमद् भगवद् गीता र चारै वेदहरु तथा स्वसमवेद अर्थात् पूर्ण परमात्माले कविर्वाणी (कबीर वाणी) मार्फत् दिनु भएको तत्वज्ञानलाई हेर्नु आवश्यक छ। यसका लागि कृपया "गहरी नजर गीता में", 'परमेश्वर का सार सन्देश', 'परिभाषा प्रभु की' तथा पुस्तक 'यथार्थ ज्ञान प्रकाश' पढ्नु होस्।

वास्तविक ज्ञान त कलियुगमा स्वयं प्रकट भएर कविर्देव (कबीर परमेश्वर) ले आफ्नो खास सेवक श्री धर्मदास साहेब जी (बाँधवगढ) लाई पुनः सही रूपमा बताउनु भयो। (जुन यसै पुस्तकको सृष्टि रचनामा वर्णित छ, कृपया पढ्नु होस्।)

श्री परासर जीले काल ब्रह्मलाई परब्रह्म, ब्रह्म र विष्णु पनि भनेका छन्। यिनैलाई अनादि वा अमर अर्थात् यी ब्रह्म अर्थात् कालको जन्म मृत्यु हुँदैन पनि भनेका छन्। यसैबाट ऋषिको बालबुद्धि सिद्ध हुन्छ।

विचार गरौं : विष्णु पुराणको ज्ञान एकजना ऋषिले लोकवेद (दन्त्यकथा) को आधारमा भनेका हुन्। ब्रह्मा पुराणको ज्ञान दक्ष आदि ऋषिहरूबाट सुनेको आधारमा श्री लोमहर्षण ऋषिले लेखेका थिए। यसैले उपरोक्त दुवै (विष्णु पुराण र ब्रह्मा पुराण) बुझ्नका लागि श्री देवी पुराण र श्री शिव पुराणको सहयोग लिइने छ किनकि स्वयं ब्रह्मा जीले आफ्नो छोरा नारद जीलाई यी दुवै सुनाएका थिए र श्री व्यास जीले ग्रहण गरी लेखेका थिए। अन्य पुराणहरूको ज्ञान श्री ब्रह्मा जीको ज्ञान समान हुन सक्दैन। यसैले अन्य पुराण बुझ्नका लागि देवी पुराण र श्री शिव पुराणको सहयोग लिइनु पर्छ किनकि यो ज्ञान दक्ष आदि ऋषिहरूका बुबा श्री ब्रह्मा जीले दिएका हुन्। श्री देवी पुराण र श्री शिव पुराण बुझ्नका लागि श्रीमद् भगवद् गीता र चारै वेदहरूको सहयोग लिइनु पर्छ किनकि यो ज्ञान ब्रह्मा, विष्णु र शिव जीका उत्पन्नकर्ता वा बुबाले दिएका हुन्, जो भगवान कालरूपी ब्रह्म हुन्। पवित्र वेदहरु र पवित्र श्रीमद् भगवद् गीता जीको ज्ञान बुझ्नका लागि कालरूपी ब्रह्मका उत्पन्नकर्ता अर्थात् पिता परम अक्षर ब्रह्म (कविर्देव) ले दिनु भएको स्वसम वेद अर्थात् सूक्ष्म वेदको सहयोग लिनु पर्छ। जुन स्वयं प्रकट भएर सत्यपुरूषले (कविर्गीभि) कविर्वाणी मार्फत् भन्नु भएको थियो। यसको प्रमाण ऋग्वेद मण्डल ९ सुक्त ९६ मन्त्र १६ देखि २० सम्ममा छ। तथा श्रीमद् भगवत गीतामा भगवान काल अर्थात् ब्रह्मले स्वयं आफ्नो स्थिति बताएका छन्, जुन सत्य हो ।

गीता अध्याय १५ श्लोक १८ मा भनिएको छ,– म (कालरूपी ब्रह्म) आफ्नो २१ ब्रह्माण्डमा भएका स्थूल शरीरका नाशवान र आत्मारूपका अविनाशी सबै प्राणीहरूमध्ये श्रेष्ठ हुँ। यसैले लोकवेद (सुनेको र सुनाएको ज्ञान) का आधारमा मलाई पुरूषोत्तम मान्दछन्। वास्तवमा म (क्षर पुरूष/काल) र अक्षर पुरूष (परब्रह्म) भन्दा पनि पुरूषोत्तम त अर्कै छन्। वास्तवमा परमात्मा अर्थात् भगवान भनेको उनी नै हुन्। उनले तीनै लोकमा प्रवेश गरेर सबैको भरण पोषण गर्छन् र उनी नै वास्तवमा अविनाशी परमेश्वर हुन्। गीता अध्याय ४ श्लोक ५ र अध्याय २ श्लोक १२ मा गीता ज्ञानदाता ब्रह्म भनि रहेछन्,– हे अर्जुन ! तिम्रो र मेरो थुप्रै जन्म भइ सकेको छ। तिमी जान्दैनौ, म जान्दछु। गीता अध्याय ७ श्लोक १८ मा उनले आफ्नो साधनालाई पनि अति निकृष्ट वा अश्रेष्ठ (अनुत्तमाम्) भनेका छन्। यसैले गीता अध्याय १८ श्लोक ६२ मा हे अर्जुन! सम्पूर्ण भावले ती परमेश्वरको शरणमा जाऊ, वहाँको कृपाले मात्र तिमीले परमशान्ति प्राप्त गर्ने छौ र कहिल्यै नष्ट नहुने लोक वा

सत्यलोक प्राप्त हुने छ भनेका छन्। अध्याय १५ श्लोक ४ मा भनेका छन्,– तिमीले तत्त्वदर्शी सन्त (गीता अध्याय ४ श्लोक ३४ र अध्याय १५ श्लोक १ मा वर्णित) लाई भेटेपछि ती परमपद परमेश्वरको खोजी गर्नु पर्छ जहाँ गएका साधक पुनः फर्केर संसारमा आउँदैनन् अर्थात् पूर्ण मोक्ष प्राप्त गर्छन्। उनै परमेश्वरबाटै यो सम्पूर्ण संसार उत्पन्न भयो र वहाँ नै सबैका भरण-पोषणकर्ता हुन्। म (गीता ज्ञानदाता ब्रह्म रूपी काल) पनि उनै आदि पुरूष परमेश्वरको शरणमा छु। पूर्ण विश्वासका साथ उनकै भक्ति साधना अर्थात् पूजा गर्नु पर्छ।

**श्री देवी महापुराणबाट ज्ञान ग्रहण गरौं**

श्री देवी महापुराणबाट आंशिक लेख तथा सार विचार

(संक्षिप्त श्रीमद्देवीभागवत, सचित्र, मोटो टाइप, हिन्दीमा मात्र, सम्पादक-हनुमान प्रसाद पोद्दार र चिम्मनलाल गोस्वामी, प्रकाशक-गोविन्दभवन-कार्यालय, गीताप्रेस, गोरखपुर)

।। श्री जगदम्बिकायै नमः।।

श्रीमद् देवीभागवत

तेस्रो स्कन्ध

राजा परीक्षितले श्री व्यास जीलाई ब्रह्माण्डको रचनाको विषयमा सोधे। श्री व्यास जीले भने,– राजन मैले ऋषिवर नारद जीलाई यही प्रश्न सोधेको थिएँ, त्यही कुराको बयान तपाईंलाई सुनाउँछु। मैले यस ब्रह्माण्डको रचयिता को हुन् भनेर श्री नारद जीलाई सोधेको थिएँ ? कसैले यसको रचयिता श्री शङ्कर भगवानलाई मान्छन् भने कोही श्री विष्णु जी त केहीले श्री ब्रह्मा जीलाई मान्छन्। धेरैजसो आचार्यहरूले भवानीलाई सबै मनोरथ पूर्ण गर्ने वाला भन्छन्। उनी आदि माया महाशक्ति हुन् र परमपुरूषका साथमा रही कार्य सम्पादन गर्ने प्रकृति हुन्। ब्रह्मका साथमा उनको अभेद सम्बन्ध छ। (पृष्ठ ११४)

नारद जीले भने,– व्यास जी! प्राचीन समयको कुरा हो यही सन्देह मेरो हृदयमा पनि उत्पन्न भएको थियो। मैले आफ्ना बुबा अमित तेजस्वी ब्रह्मा जीको लोकमा गएर अहिले तिमीले मलाई सोधेको विषयमा सोधें। मैले पिता जी ! यो सम्पूर्ण ब्रह्माण्ड कहाँबाट उत्पन्न भयो? यसको रचना हजुरले गर्नु भएको हो वा श्री विष्णु जीले कि श्री शङ्कर जीले? कृपया साँच्चो साँच्चो बताउनु होस् भनेर सोधेको थिएँ।

ब्रह्मा जीले भनेका थिए (पृष्ठ ११५ देखि १२० तथा १२३, १२५, १२८ र १२९),– छोरा! म यस प्रश्नको के उत्तर दिऊँ ? यो प्रश्न अत्यन्त जटिल छ। पूर्वकालमा सबैतिर पानी नै पानी थियो। त्यसबेला मेरो उत्पत्ति कमलमा भयो। म कमलको कर्णिका (फूल) मा बसेर विचार गर्न लागें 'यस अगाध जलमा म कसरी उत्पन्न भएँ ? मेरा रक्षक को हुन् ? अनि कमलको डाँठ पक्रेर तल ओर्लिएँ। त्यहाँ मलाई शेषशायी भगवान विष्णुको दर्शन भयो। तिनी योगनिद्राको अधीनमा रहेर गाढा

निन्द्रामा सुति रहेका थिए। यत्तिकैमा मैले भगवती योगनिद्रालाई सम्झिएँ र उनको स्तवन गरें। ती कल्याणमयी भगवती श्री विष्णुको विग्रहबाट निस्केर अचिन्त्य (अज्ञेय, जान्न नसकिने) रूप धारण गरी आकाशमा विराजमान भइन्। दिव्य आभुषणहरूले उनको छवि शोभायमान थियो। भगवान विष्णुको शरीरबाट योगनिद्रा निस्केर आकाशमा विराजमान भए पछि तत्कालै हरि उठेर बसे। त्यसपछि त्यहाँ म र भगवान विष्णु दुई मात्र थियौं। त्यहीँ रूद्र पनि प्रकट भए। हामी तीनैजनालाई देवीले भनिन्,– ब्रह्मा, विष्णु र महेश्वर! तिमीहरु राम्रोसँग सावधान भएर आ-आफ्नो काममा संलग्न होऊ। तिमीहरूको काम सृष्टि, स्थिति र सङ्हार हो। यत्तिकैमा एउटा सुन्दर विमान आकाशबाट ओर्लियो र ती देवीले हामीलाई आज्ञा दिइन्,– देवताहरु हो, निर्भिक भएर इच्छापूर्वक यस विमानमा प्रवेश गर। ब्रह्मा, विष्णु र रूद्र! आज म तिमीहरूलाई एउटा अद्‌भूत दृश्य देखाउने छु।

हामी तीनै देवताहरु त्यस विमानमा बसेको देखेपछि देवीले आफ्नो सामर्थ्यले विमानलाई आकाशमा उडाइन्। त्यत्तिकैमा हाम्रो विमान तीव्र गतिले उडेर दिव्यधाम वा ब्रह्मलोकमा पुग्यो। त्यहाँ विराजमान अर्का ब्रह्मा देखेर भगवान शङ्कर र विष्णु धेरै आश्चर्यचकित भए। भगवान शङ्कर र विष्णुले मलाई सोधे,– चतुरानन्! यी अविनाशी ब्रह्मा को हुन्? मैले मलाई केही थाहा छैन, सृष्टिको अधिष्ठाता यी को हुन्? म को हुँ र हाम्रो उद्देश्य के हो? यो अन्योलमा मेरो मन रूमल्लि रहेको छ भनेर उत्तर दिएँ।

यत्तिकैमा त्यो मन समान तीव्रगामी विमान त्यहाँबाट तुरून्तै उड्यो र कैलाशको सुरम्य शिखरमा पुग्यो। त्यहाँ विमान पुग्नासाथ एउटा भव्य भवनबाट अर्का त्रिनेत्रधारी भगवान शङ्कर निस्के। उनी नन्दी वृषभ माथि बसेका थिए।

क्षणभरमै त्यो विमान त्यस शिखरबाट पनि हावा समानको तीव्र गतिमा उड्यो र भगवती लक्ष्मीको विलास भवन भएको बैकुण्ठ लोकमा पुग्यो। छोरा नारद! त्यहाँ मैले जुन सम्पत्ति देखें, त्यसको वर्णन गर्नु मेरो लागि असम्भव छ। त्यो उत्तम पुरी देखेर विष्णुको मन आश्चर्यको समुद्रमा गोता खान थाल्यो। त्यहाँ अर्का कमललोचन श्री हरि विराजमान थिए र उनका पनि चार भूजा (हात) थिए।

यत्तिकैमा हावासँग कुरा गर्दै विमान तत्कालै उड्यो। त्यसपछि अमृत समान मीठो पानी भएको समुद्र भेटियो। त्यहाँ एउटा मनोहर द्वीप (टापु) थियो। त्यसै द्वीपमा एउटा मंगलमय मनोहर पलङ बिछ्याइएको थियो। त्यस उत्तम पलङ्मा एउटी दिव्य रमणी (सुन्दर स्त्री) बसेकी थिइन्। हामीले एक आपसमा भन्न थाल्यौं,– यी सुन्दरी को हुन्? यिनको नाम के हो? हामी यिनको विषयमा पूर्ण अनभिज्ञ छौं।

नारद! यसरी सन्देहग्रस्त भएर हामी त्यहाँ रोकियौं। अनि भगवान विष्णुले ती चारूसाहिनी भगवतीलाई हेरेपछि तिनी भगवती जगदम्बिका हुन् भनेर विवेकपूर्वक निश्चय गरे। उनले भने, 'यी भगवती हामी सबैका आदि कारण हुन्। यिनको नाम महाविद्या र महामाया पनि हो। यिनी पूर्ण प्रकृति हुन्। यिनलाई 'विश्वेश्वरी',

'वेदगर्भा' र 'शिवा' पनि भनिन्छ। यी उनै दिव्याङ्गना हुन्, जसलाई प्रलयार्णवमा मैले दर्शन पाएको थिएँ। त्यस बेला म बालक रूपमा थिएँ र यिनैले मलाई झोलुङ्गोमा हल्लाइ रहेकी थिइन्। वरको रूखको पत्रमा एउटा बलियो ओछ्यान लगाइएको थियो। त्यसमा सुतेर गोडाको औँठालाई आफ्नो कमलजस्तो मुखमा राखेर चुस्दै म खेलि रहेको थिएँ। यी देवीले गीत गाउँदै मलाई झुलाउँथिन्। यी उनै देवी हुन्। यसमा कुनै सन्देह नै छैन। यिनलाई देखेर मलाई पहिलाको कुरा सम्झना आयो। यिनी हामी सबैकी जननी हुन्।

श्री विष्णुले समयानुसार ती भगवती भुवनेश्वरीको स्तुति सुरू गर्दै भने,– प्रकृति देवी, नमस्कार छ। भगवती विधात्रीलाई निरन्तर नमस्कार छ। तपाईं शुद्ध स्वरूप हुनु हुन्छ, यो सारा संसार तपाईंबाटै उद्भासित भइ रहेको छ। म, ब्रह्मा र शङ्कर हामी सबै तपाईंकै कृपाले विद्यमान छौं। हाम्रो आविर्भाव र तिरोभाव (जन्म र मृत्यु) हुने गर्दछ तर तपाईं नै नित्य, जगत जननी, प्रकृति र सनातनी देवी हुनु हुन्छ।

भगवान शङ्करले भने,– देवी ! यदि महाभाग विष्णु तपाईंबाट नै प्रकट भएका हुन् भने उनीपछि उत्पन्न हुने ब्रह्मा पनि तपाईंकै छोरा हुन्। अनि तमोगुणी लीला गर्ने म शङ्कर के तिम्रो सन्तान होइन? अर्थात् मलाई पनि उत्पन्न गर्ने तपाईं नै हुनु हुन्छ। यस संसारको सृष्टि, स्थिति र संहारमा तपाईंको गुण सदा समर्थ छ। त्यही तीन गुणहरूबाट उत्पन्न भएका हामी ब्रह्मा, विष्णु र शङ्कर नियमानुसार कार्यमा तत्पर रहन्छौं । म, ब्रह्मा र शिव विमानमा बसेर गइ रहेका थियौं । बाटोमा नयाँ नयाँ जगत देख्यौं । भवानी ! भन्नु होस् त, ती सबै कसले बनाएका हुन् ?

संस्कृत सहित हिन्दी अनुवाद गरिएको श्रीमद्देवीभागवत् महापुराण सभाषटिकम् समहात्यम्, खेमराजजी श्रीकृष्ण दास प्रकाशन मुम्बई, मा यही प्रमाण हेरौं ।

तेस्रो स्कन्ध अध्याय ४ श्लोक ४२ पृष्ठ १०

ब्रह्मा - अहम् ईश्वरः फिल ते प्रभावात्सर्वे वयं जनि युता न यदा तू नित्याः, के अन्ये सुराः शतमख प्रमुखाः च नित्या नित्या त्वेमेव जननी प्रकृतिः पुराणा। (४२)

अनुवाद : हे माता! ब्रह्मा, म र शिव तपाईंकै प्रभावले जन्मवान छौं, नित्य छैनौं अर्थात् हामी त अविनाशी होइनौं भने अन्य इन्द्र आदि जस्ता देवता कसरी नित्य हुन सक्छन् ? तपाईं नै अविनाशी, प्रकृति र सनातनी देवी हुनु हुन्छ। (४२)

अध्याय ५ श्लोक ८ पृष्ठ ११ र १२

यदि दयार्द्रमना न सदांऽबिके कथमहं विहितः च तमोगुणः कमलजश्च रजोगुणसंभवः सुविहितः किमु सत्वगुणों हरिः। (८)

अनुवाद : भगवान शङ्करले भने,– हे माता! यदि हामीमाथि तपाईं दयायुक्त हुनु हुन्छ भने मलाई तमोगुणी, कमलबाट उत्पन्न ब्रह्मालाई रजोगुणी र विष्णुलाई सतोगुणी किन बनाउनु भयो ? अर्थात् जीवलाई जन्म-मृत्युरूपी दुष्कर्ममा किन लगाउनु भयो ?

**श्लोक १२** रमयसे स्वपतिं पुरूषं सदा तव गतिं न हि विह विद्म शिवे। (१२)

अनुवाद : आफ्ना पति पुरूष अर्थात् काल भगवानका साथ तपाईं सँधै भोग विलास गरि रहनु हुन्छ। तपाईंको गति कसैले पनि जान्दैन।

ब्रह्मा जीले म पनि महामाया जगदम्बिकाको चरणमा शरणागत भएँ र मैले भनें,–हे माता! वेदले 'एकमेवाद्वितीयं ब्रह्म' भन्छ। के त्यो आत्मा स्वरूपा तपाईं नै हुनु हुन्छ वा त्यो कुनै अर्को पुरुष हो भनेर सोधे।

देवीले भनिन्,–म र ब्रह्म एकै हौं । म र यी ब्रह्ममा कहिल्यै रत्तिभर मात्र पनि भेद छैन। गौरी, ब्राह्मी, रौद्री, वाराही, वैष्णवी, शिवा, वारूणी, कौबेरी, नारसिंही र वासबी - सबै मेरा रूप हुन्। ब्रह्मा जी! यस शक्तिलाई तिमी आफ्नो पत्नी बनाऊ। महा सरस्वती नामले विख्यात यी सुन्दरी अब सदा तिम्रो श्रीमती भएर रहने छिन्।

भगवती जगदम्बाले विष्णुलाई भनिन्,–विष्णो! मनलाई मुग्ध गर्ने यी महालक्ष्मीलाई लिएर तिमी पनि जाऊ। यी सदा तिम्रो वक्षस्थलमा विराजमान रहने छिन्। देवीले शङ्करलाई भनिन्,– मनलाई मुग्ध तुल्याउने श्री महाकाली गौरी नामले विख्यात छिन्। तिमी यिनलाई पत्नी रूपमा स्वीकार गर।

अनि देवीले भनिन्,– अब मेरा कार्यहरु सिद्ध गर्न विमानमा बसेर तिमीहरु चाँढै जाओ। कुनै कठिन कार्य आइ परेमा मेरो स्मरण गर्नेसाथ म तिमीहरूका सामु आउने छु। देवताहरु ! मेरो र सनातन परमात्माको सँधै ध्यान गरि रहनु पर्छ। हामी दुईको स्मरण गरि रह्यौ भने तिमीहरूका कार्य सफल हुन रत्तिभर पनि सन्देह रहने छैन।

ब्रह्मा जी भन्छन्,– यति भनेर भगवती जगदम्बिकाले हामीलाई विदा गरि दिनु भयो। वहाँले शुद्ध आचार भएका शक्तिहरूबाट भगवान विष्णुका लागि महालक्ष्मी, शङ्करका लागि महाकाली र मेरा लागि महासरस्वतीलाई पत्नी बन्ने आज्ञा दिनु भयो। अनि हामी त्यस स्थानबाट हिँड्यौं ।

सार विचार : एउटा ब्रह्माण्डको वास्तविक स्थितिबारे महर्षि व्यास जी, महर्षी नारद जी तथा श्री ब्रह्मा, श्री विष्णु र श्री शङ्कर जी पनि अनभिज्ञ छन्। श्री दुर्गालाई प्रकृति पनि भनिन्छ तथा दुर्गा र ब्रह्म (ज्योति निरञ्जन/काल) का बीच पति पत्नीको सम्बन्ध पनि छ भन्ने यसबाट स्पष्ट हुन्छ। त्यसैले ब्रह्मसँग प्रकृतिको अभेद सम्बन्ध छभनी लेखिएको छ, जस्तो पत्नीलाई अर्धाङ्गिनी पनि भनिन्छ। उनी कहाँबाट उत्पन्न भएका हुन् भन्ने कुरा श्री ब्रह्मा जी आफैंलाई थाहा छैन। उनले हजार वर्षसम्म पानीमा पृथ्वी खोजी हिँडे तर पाएनन्। अनि आकाशवाणीको आधारमा हजार वर्षसम्म तप गरे। कमलको डाँठ समातेर तल झर्दा भगवान विष्णुलाई शेष नागको शैय्यामा बेहोस पाए। श्री विष्णुको शरीरबाट सुन्दर आभुषण लगाएकी एउटी देवी (प्रेतनी जस्तै) निस्किइन् र आकाशमा विराजमान भइन्। अनि श्री विष्णु जी होसमा आए र यत्तिकैमा शङ्कर जी पनि त्यहीँ आए।

उपरोक्त विवरणले के सिद्ध हुन्छ भने तीनैजना भगवानलाई बेहोस पारेर राखिएको थियो र फेरि सचेत गराइयो। आकाशबाट एउटा विमान आयो। देवीले

तीनैजना प्रभुहरूलाई विमानमा बस्ने आदेश दिइन् र विमानलाई आकाशमा उडाइन्। उनीहरूले माथि ब्रह्मलोकमा अर्को ब्रह्मा, शिव र विष्णुलाई देखे।

विचार गरौं, ब्रह्मलोकमा अर्का ब्रह्मा, विष्णु र शिव देखिए। त्यो ज्योति निरञ्जन (ब्रह्म) को कलाबाजी नै थियो, उनी नै अन्य तीनरूप धारण गरेर ब्रह्मलोकमा तीनवटा गुप्त स्थान (एक-एकवटा रजोगुण प्रधान, सतोगुण प्रधान क्षेत्र र तमोगुण प्रधान क्षेत्र) बनाएर बस्छन् तथा प्रकृति (दुर्गा/अष्टंगी) लाई आफ्नो पत्नीका रूपमा राख्छन्। यी दुई रजोगुण प्रधान क्षेत्रमा रहँदा यिनलाई महाब्रह्मा र महासावित्री भनिन्छ। यी दुईका संयोगबाट यस रजोगुण प्रधान क्षेत्रमा जन्मिने छोरो पनि रजोगुण प्रधान हुन्छ, र उसको नाम ब्रह्मा राखी जवान नभएसम्म उसलाई अचेत बनाएर पालन-पोषण गरि रहन्छन्। अनि कमलको फूलमा राखेर सचेत गरि दिन्छन्। यी दुई महाविष्णु र महालक्ष्मीका रूपमा (काल ब्रह्म र दुर्गा) सतोगुण प्रधान क्षेत्रमा रहन्छन् र दुवैको पति-पत्नी व्यवहारले उत्पन्न हुने सतोगुण प्रधान छोरोको नाम विष्णु राख्छन्। केही दिनपछि बालकलाई अचेत बनाएर पालनपोषण गर्दै शेष नागको शैय्यामा सुताउँछन्। अनि जवान भएपछि सचेत पार्छन्। त्यसैगरी यी दुईजना तमोगुण प्रधान क्षेत्रमा रहँदा शिवा (दुर्गा) र महाशिव (सदाशिव) का रूपमा पतिपत्नीको व्यवहारबाट उत्पन्न हुने छोरो तमोगुण प्रधान हुन्छ र उसको नाम शिव राखी जवान नभएसम्म अचेत बनाउँछन्। अनि जवान भएपछि सचेत पार्छन्। फेरि, यिनीहरूले आफैंलाई सर्वेसर्वा नठानून् भनेर तीनैजनालाई भेला गरी विमानमा बसाएर माथिका लोकहरूको दृश्य देखाउँछन्। गुण प्रधान क्षेत्र बुझ्नका लागि एउटा उदाहरण हेरौं- कुनै महलमा तीन कोठा छन्। एउटा कोठामा देशभक्त शहीदका चित्रहरु राखिएका छन् र कुनै मानिस त्यस कोठामा जाँदा उसको विचार पनि देश भक्तको जस्तो हुन्छ। साधु-सन्त, ऋषि आदिका चित्र राखिएको दोस्रो कोठामा प्रवेश गर्नासाथ मन शान्त हुन्छ र प्रभु भक्तितर्फ लाग्दछ। तेस्रो कोठामा अश्लील, अर्धनग्न स्त्री-पुरूषहरूको चित्र राखिएको छ भने मनमा स्वतः गलत विचारहरु उत्पन्न हुन्छन्। यसरी नै माथि ब्रह्मलोकमा कालरूपी ब्रह्मले एक-एकवटा गुण प्रधान भएको तीन ठाउँ बनाएका छन्। तीनै प्रभुले (रजगुण-ब्रह्मा, सतगुण-विष्णु र तमगुण-शिव जी) आफ्ना गुणका प्रभावहरु कसरी पार्छन् ? उदाहरण- भान्सा कोठामा खुर्सानीले दाल तरकारी झान्दा खुर्सानीको गुण वा रागले कोठाका सबैलाई खार लागी हाछ्यूँ हाछ्यूँ आउँछ। साकार वस्तु वा खुर्सानी त भान्साघरमा थियो, तर त्यसको निराकार शक्ति अर्थात् गुणले टाढा बसेका मानिसहरूलाई पनि प्रभावित पार्छ। ठीक यसरी नै तीनैजना प्रभु (श्री ब्रह्मा-रजगुण, श्री विष्णु-सतगुण र श्री शिव जी-तमगुण) ले आ-आफ्नो लोकमा बसेर तीनैलोक (पृथ्वी, पाताल र स्वर्ग लोक) का प्राणीहरूलाई प्रभावित गरी राख्छन्। मोबाइल फोनको रेन्जबाट फोनले काम गरे झैं तीनवटै देवताहरूले अदृश्य शक्तिरूपी गुणहरूद्वारा आफ्ना पिता कालको सृष्टिलाई उनकै

आहारका लागि चलाइ रहेका छन्। दुर्गा आफ्नो छुट्टै लोकमा आफ्नो वास्तविक रूपमा दर्शन दिन्छिन्। अनि यिनको विमान दुर्गाको द्विपमा पुगेपछि ज्योति निरञ्जन अर्थात् कालरूपी ब्रह्मले विष्णु जीलाई बाल्यावस्थाको स्मरण प्रदान गरे। अनि श्री विष्णु जीले दुर्गा त हामी तीनैकी आमा हुनु हुन्छ र उनी बालक रूपमा झोलुङ्गोमा सुतेको बेला वहाँले नै गीत सुनाएर हल्लाइ रहनु भएको थियो भन्ने कुरा बताए। अनि विष्णु जीले भने,– हे दुर्गा तपाईं हाम्री आमा हुनु हुन्छ। म (विष्णु), ब्रह्मा र शङ्कर त जन्मवान हौं । हाम्रो त आविर्भाव (जन्म) र तिरोभाव (मृत्यु) हुन्छ। हामी अविनाशी होइनौं । तपाईं प्रकृति देवी हुनु हुन्छ। यो कुरा श्री शङ्कर जीले पनि स्वीकार गर्दै म तमोगुणी लीला गर्ने शङ्कर पनि तपाईंकै छोरा हुँ र श्री विष्णु जी तथा ब्रह्मा जी पनि तपाईंबाटै उत्पन्न भएका हुन् भने।

अनि दुर्गाले यी तीन देवताहरूको विवाह गरि दिइन्। प्रकृति देवी (दुर्गा) ले आफ्नो शब्द शक्तिले आफ्नै अन्य तीनरूप धारण गरिन्। श्री ब्रह्मा जीको सावित्रीसँग, श्री विष्णु जीको लक्ष्मीसँग र श्री शिव जीको उमा वा कालीसँग विवाह गराएर विमानमा राखी अलग अलग द्वीपहरूमा (लोकहरु) मा पठाइ दिइन्।

ज्योति निरञ्जन (काल/ब्रह्म) ले समुद्रमा चारवेदलाई आफ्नो श्वासले लुकाए र पहिलो सागर मन्थन गर्दा बाहिर ल्याए। ज्योति निरञ्जन (काल) को आदेशले दुर्गाले चारै वेद श्री ब्रह्मा जीलाई दिइन्। ब्रह्माले दुर्गा (आफ्नी आमा) लाई सोधे,– वेदमा भनिएको ब्रह्म (प्रभु) तपाईं नै हुनु हुन्छ कि कोही अन्य पुरूष हुन् ? दुर्गाले कालको डरले वास्तविकता लुकाउने चेष्टा गर्दै म तथा ब्रह्म एकै हौं, कुनै भेद छैन भनिन्। तर पनि वास्तविकता नलुकेकोले दुर्गाले फेरि तिमीहरु तीनैजना मेरो र ब्रह्मको स्मरण गरि रहनु, हामी दुईको स्मरण गरि रह्यौ भने कुनै कठिन कार्य पर्दा म तिमीहरूका सामुन्नेमा आउने छु भनिन्।

विशेष : कालले दुर्गालाई मेरो रहस्य कसैलाई नभन्नु भनेका छन्। यही डरले दुर्गाले सम्पूर्ण जगतलाई वास्तविकताबाट अपरिचित गराएर राख्छिन्। यिनी आफ्ना छोराहरूलाई पनि अँध्यारैमा राख्छिन् किनकि काललाई एक लाख मानव शरीरधारी प्राणीहरूको नित्य आहार गर्ने श्राप लागेकोले तीन छोराहरूबाटै आफ्नो आहार तयार गराउँछन्। श्री ब्रह्मा जीलाई रजगुणले प्रभावित गराई सम्पूर्ण प्राणीहरूबाट सन्तान उत्पत्ति गराउँछन्। श्री विष्णु जीको सतगुणले एक आपसमा मोह उत्पन्न गराएर स्थिति अर्थात् कालको जालमा रोकि राख्छन्। श्री शङ्कर जीको तमोगुणले संहार गराई आफ्नो आहार तयार पार्छन्।

अनि तीनै प्रभुहरूलाई पनि मारेर खान्छन् र नयाँ पुण्यकर्मी प्राणीहरूमध्येबाट तीन छोरा उत्पन्न गरेर आफ्नो कार्य जारी राख्छन् तथा पहिलेका ब्रह्मा, विष्णु र शिव कर्मका आधारमा चौरासी लाख योनीहरु र स्वर्ग-नरकमा घुमि रहन्छन्। यही

प्रमाण शिव महापुराण रूद्र संहिता, प्रथम (सृष्टि) खण्ड, अध्याय ६, ७, ८ र ९ मा पनि छ।

## श्री शिव महापुराणको सार विचार

### शिव महापुराण

श्री शिव महापुराण, अनुवादक : श्री हनुमानप्रसाद पोद्दार, प्रकाशक : गोविन्द भवन कार्यालय, गीता प्रेस गोरखपुर, मोटा टाइप, अध्याय ६, रूद्रसंहिता, प्रथम खण्ड (सृष्टि) बाट निष्कर्ष

आफ्ना पुत्र नारद जीले श्री शिव र श्री शिवाको विषयमा सोधेपछि श्री ब्रह्मा जीले भने (पृष्ठ १०० देखि १०२),– जुन परब्रह्मको विषयमा ज्ञान र अज्ञानले भरिएका युक्तिहरूद्वारा यसरी विकल्प (तर्क) दिइन्छ, जो निराकार परब्रह्म हुन्, उनी नै साकार रूपमा सदाशिव रूप धारण गरेर मनुष्य रूपमा प्रकट भए। सदाशिवले आफ्नो शरीरबाट उत्पन्न गरेको आठ हात भएकी स्त्रीलाई प्रधान, प्रकृति, अम्बिका, त्रिदेवजननी (ब्रह्मा, विष्णु र शिवकी आमा) भनिन्छ।

### श्री विष्णुको उत्पत्ति

सदाशिवलाई नै परमपुरूष, ईश्वर, शिव, शम्भु र महेश्वर भनिन्छ। उनले आफ्नो पूरै अंगमा भस्म (खरानी) दलेर बस्छन्। कालरूपी ब्रह्मले एउटा शिवलोक (ब्रह्मलोकमा तमोगुण प्रधान क्षेत्र) नामक धाम बनाए। त्यसलाई काशी भनिन्छ। शिव र शिवाले पति पत्नीको व्यवहारबाट एउटा छोरो उत्पत्ति गरे र उसको नाम विष्णु राखे। अध्याय ७, रूद्र संहिता, शिव महापुराण (पृष्ठ १०३ र १०४)।

### श्री ब्रह्मा र शिवको उत्पत्ति

अध्याय ७, ८ र ९ (पृष्ठ १०५ देखि ११० मा) श्री ब्रह्मा जीले भने,– श्री शिव र शिवा (कालरूपी ब्रह्म र प्रकृति/दुर्गा/अष्टंगी) ले पति-पत्नीको व्यवहारबाट मेरो पनि उत्पत्ति गरे र मलाई अचेत गराई कमलमाथि राखि दिए। कालले नै महाविष्णु रूप धारण गरेर आफ्नो नाभी (नाइटो) बाट एउटा कमल उत्पन्न गरेका थिए। अनि म होसमा आएपछि कमलको मूल खोज्न चाहैँ तर असफल भएँ। अनि तपस्या गर्नु भनेर आकाशवाणी भएकोले तपस्या गरैँ। त्यस पछि विष्णुसित एउटा कुरामा मेरो झगडा भयो (विवरण यसै पुस्तकको पृष्ठ ५४९ मा हेर्नु होस्)। त्यसबेला हामी बीच एउटा तेजोमय लिङ्ग र ओ३म्, ओ३म् को नाद (ध्वनि) प्रकट भयो। त्यस लिङ्गमा अ-उ-म तीन अक्षर पनि लेखिएका थिए। अनि रूद्ररूप धारण गरी पाँच मुख भएको मानवरूपमा सदाशिव प्रकट भए, उनीसँग शिवा (दुर्गा) पनि थिइन्।

फेरि अचानक शङ्करलाई प्रकट गरे (यी पहिले अचेत भएकाले सचेत बनाएर तीनैजनालाई एक ठाउँमा भेला गरे) तथा तिमीहरू तीनैजनाले सृष्टि, स्थिति र संहारको कार्य सम्हाल भने।

रजगुण प्रधान-ब्रह्मा, सतगुण प्रधान-विष्णु र तमगुण प्रधान-शिव जी हुन् । यसरी तीनै देवताहरूमा गुण छ, तर शिव (कालरूपी ब्रह्म) लाई गुणातीत मानिन्छ (पृष्ठ ११० मा) ।

सार विचार : उपरोक्त विवरणबाट के स्पष्ट हुन्छ भने कालरूपी ब्रह्म वा सदाशिव तथा प्रकृति (दुर्गा) श्री ब्रह्मा, श्री विष्णु तथा श्री शिवका बुबा र आमा हुन्। दुर्गालाई प्रकृति र प्रधान पनि भनिन्छ, यिनका आठवटा हातहरू छन्। यिनी सदाशिव अर्थात् ज्योति निरञ्जन कालको शरीर अर्थात् पेटबाट निक्लेकी हुन्। ब्रहम वा काल र प्रकृतिले (दुर्गा) सबै प्राणीहरूलाई भ्रमित तुल्याएर राख्छन्। आफ्ना छोराहरूलाई पनि वास्तविकता बताउँदैनन्। यसको कारण काल (ब्रह्म) को २१ ब्रह्माण्डका प्राणीहरु (हामी) लाई कालले तप्तशीला (तातो ढुङ्गा) मा भुटेर खान्छन् भन्ने कुरा कसैलाई थाहा नहोस् भन्ने नै हो। यसैले उनले प्राणीहरूलाई जन्म-मृत्यु र अन्य दुःखद योनीमा पीडित गराइराख्छन् अनि आफ्ना तीनैजना छोराहरु रजगुण-ब्रह्मा जी, सतगुण-विष्णु जी र तमोगुण-शिव जीबाट उत्पत्ति, स्थिति र संहार गराएर आफ्नो आहार तयार गराउँछन् किनकि काललाई एक लाख मानव शरीरधारी प्राणीहरु आहार गर्ने श्राप लागेको छ। कृपया काल (ब्रह्म) र प्रकृति (दुर्गा) को पति-पत्नीको कर्मले रजगुण-ब्रह्मा, सतगुण-विष्णु र तमगुण-शिवको उत्पत्ति बारे श्री मद् भगवत गीता जीमा पनि हेर्नु होस्।

## तीन गुणहरू भनेका के हुन् ? प्रमाण सहित

तीन गुणहरु भनेको रजगुण-ब्रह्मा जी, सतगुण-विष्णु जी र तमगुण-शिव जी हुन्। यी तीनै ब्रह्म (काल) र प्रकृति (दुर्गा) बाट उत्पन्न भएका हुन् र नाशवान छन्।

प्रमाण : श्री शिव महापुराण (प्रकाशक गीता प्रेस गोखरपुर र सम्पादक श्री हनुमानप्रसाद पोद्दार) को पृष्ठ सङ्ख्या ११० अध्याय ९ रूद्र संहितामा ब्रह्मा, विष्णु र शिव तीनै देवताहरूमा गुण छ तर शिव (ब्रह्म/काल) लाई गुणातीत भनिएको छ।

दोस्रो प्रमाण : श्रीमद् देवीभागवत पुराण (प्रकाशक गीता प्रेस गोरखपुर र सम्पादक श्री हनुमानप्रसाद पोद्दार तथा चिमनलाल गोस्वामी) को तेस्रो स्कन्ध अध्याय ५ पृष्ठ सङ्ख्या १२३ मा लेखिएको छ- भगवान विष्णुले दुर्गाको स्तुति गर्दै भने,– म (विष्णु), ब्रह्मा र शङ्कर त तपाईंको कृपाले नै विद्यमान छौं। हाम्रो त आविर्भाव (जन्म) र तिरोभाव (मृत्यु) हुन्छ। हामी नित्य (अविनाशी) छैनौं। तपाईं नै नित्य, जगत जननी, प्रकृति र सनातनी देवी हुनु हुन्छ। भगवान शङ्करले भने,– यदि भगवान ब्रह्मा र भगवान विष्णु तपाईंबाटै उत्पन्न भएका हुन् भने उनीहरु पछि जन्मेको म तमोगुणी लीला गर्ने शङ्कर के तपाईंको सन्तान होइन ? अर्थात् मलाई उत्पन्न गर्ने पनि तपाईं नै हो। यस संसारको सृष्टि, स्थिति र संहारमा तपाईंको गुण

सदा सर्वदा रहेको छ। यिनै तीन गुणहरूबाट उत्पन्न हामी ब्रह्मा, विष्णु र शङ्कर नियमानुसार कार्यमा तत्पर रहन्छौं।

उपरोक्त विवरण हिन्दीमा मात्र अनुवादित श्री देवीमहापुराणबाट लिइएको हो, जसमा केही तथ्यहरु लुकाइएका छन्। त्यसैले श्रीमद्देवीभागवत महापुराण सभाषटिकम् समहात्यम्, खेमराज श्रीकृष्णदास प्रकाशन मुम्बईको प्रमाण हेरौं, जसमा संस्कृत सहित हिन्दीमा अनुवाद गरिएको छ :

**तेस्रो स्कन्ध अध्याय ४ श्लोक ४२ पृष्ठ १०**

**ब्रह्मा** : अहम् ईश्वरः फिल ते प्रभावात्सर्वे वयं जनि युता न यदा तू नित्याः, के अन्ये सुराः शतमख प्रमुखाः च नित्या नित्या त्वमेव जननी प्रकृतिः पुराणा (४२)।

**नेपाली अनुवाद : विष्णु जीले भने,–हे माता ! ब्रह्मा, म तथा शिव तपाईंकै प्रभावबाट जन्मवान छौं। हामी त नित्य अर्थात् अविनाशी छैनौं भने अन्य इन्द्र आदि देवताहरु कसरी नित्य हुन सक्छन् ? तपाईं नै अविनाशी हुनु हुन्छ, प्रकृति तथा सनातनी देवी हुनु हुन्छ।**

**अध्याय ५ श्लोक ८ पृष्ठ ११-१२**

यदि दयार्द्रमना न सदांऽबिके कथमहं विहितः च तमोगुणः कमलजश्च रजोगुणसंभवः सुविहितः किमु सत्वगुणों हरिः। (८)

**अनुवाद : भगवान शङ्करले भने,– हे माता ! यदि तपाईं हामीलाई दया गर्नु हुन्छ भने मलाई तमोगुणी, कमलबाट उत्पन्न ब्रह्मालाई रजोगुणी र विष्णुलाई सतोगुणी किन बनाउनु भयो ? अर्थात् जीवहरूलाई जन्म-मृत्युरूपी दुष्कर्ममा किन लगाउनु भयो ?**

**श्लोक १२** रमयसे स्वपतिं पुरुषं सदा तव गतिं न हि विह विद्म शिवे। (१२)

**अनुवाद : आफ्ना पति पुरूष अर्थात् काल भगवानसँग तपाईं सँधै भोगविलास गरि रहनु हुन्छ, तपाईंको गति (रहस्य) कसैले जान्दैनन्।**

## निष्कर्ष

**श्रीमद्भगवत गीताको ज्ञान पनि यिनै कालरूपी ब्रह्मले श्री कृष्ण जीको शरीरमा प्रेत रूपमा प्रवेश गरेर बोलेका हुन्। उपरोक्त पवित्र पुराणले के प्रमाणित गरेको छ भने दुर्गालाई नै प्रकृति भनिन्छ र सदाशिव वा कालरूपी ब्रह्म तथा प्रकृतिको पति-पत्नीको व्यहारबाट रजगुण-ब्रह्मा जी, सतगुण-विष्णु जी र तमगुण-शिव जीको उत्पत्ति भएको हो। यसको साक्षी श्रीमद्भगवत गीता जी पनि हो। श्री गीता जी सम्पूर्ण शास्त्रहरूको सार हुनाले यसमा संक्षिप्त विवरण साङ्केतिक शब्दहरु (कोड वर्डस) मा छन्। तिनीहरूलाई तत्त्वदर्शी सन्तले मात्र बुझ्न सक्छन्। अब कृपया "पवित्र श्रीमद्भगवत गीता जी" मा प्रवेश गरौं।**

अध्याय १४ श्लोक ३ देखि ५ मा पवित्र श्रीमद्भगवत गीता भन्ने काल ब्रह्मले श्री कृष्ण जीको शरीरमा प्रेतरूपमा प्रवेश गरेर भनेका छन्,– प्रकृति (दुर्गा) त मेरी पत्नी हुन्। म ब्रह्मले यिनको योनीमा स्थापना गरेको बीजबाट सम्पूर्ण प्राणीहरूको उत्पत्ति हुन्छ। म सबैका बुबा हुँ र प्रकृति (दुर्गा) सबैका आमा हुन्। प्रकृतिबाट उत्पन्न तीनै गुणहरु (रजगुण-ब्रह्मा, सतगुण-विष्णु र तमगुण-शिव) ले जीवात्मालाई कर्मका आधारमा शरीरमा बाँध्छन् अथवा यी तीनैजनाले सम्पूर्ण प्राणीहरूलाई संस्कारको आधारले उत्पत्ति, स्थिति र सङ्हार गर्दै फसाएर राख्छन्।

अध्याय ११ श्लोक ३२ मा उनले म सबैलाई खानका लागि प्रकट भएको काल हुँ भनेका छन्। अध्याय ११ श्लोक २१ मा अर्जुन भन्छन्,– तपाईं त ऋषिहरूलाई पनि खाइ रहनु भएको छ। देवताहरु र सिद्धहरु तपाईंसित मङ्गल वा रक्षाको याचना र वेदहरूका स्त्रोतहरूले तपाईंको स्तुति गरि रहेछन् । तर पनि तपाईं सबैलाई खाइ रहनु भएको छ। केही तपाईंको दाह्रीमा झुण्डि रहेका छन् भने केही तपाईंका मुखमा पसि रहेछन्।

## त्रिदेव वा रजगुण श्री ब्रह्मा जी, सतगुण श्री विष्णु जी र तमगुण श्री शिव जीको पूजालाई व्यर्थ भनिएको छ

यिनै गीता ज्ञानदाता प्रभु (श्रीमद्भगवत गीता अध्याय ७ श्लोक १२ देखि १५ सम्ममा) भन्छन्,– तीनै गुणहरु (रजगुण-ब्रह्मा, सतगुण-विष्णु र तमगुण-शिव) को पूजा गर्नेहरूको ज्ञान हराइ सकेको छ, उनीहरु त यिनीहरूको भन्दा उच्च स्तरको मेरो भक्ति पूजा पनि गर्दैनन्। तीनै प्रभुहरु (ब्रह्मा, विष्णु र शिव) सम्मको साधना गर्ने राक्षस स्वभाव धारण गरेका, मानिसहरूमध्ये नीच, दुष्कर्म गर्ने मूर्खहरु त यी तीनजनाभन्दा माथि रहेको म ब्रह्मको पूजा पनि गर्दैनन्।

श्रीमद्भगवत गीताको ज्ञानदाता प्रभुले अध्याय ७ श्लोक १८ मा आफ्नो भक्तिलाई पनि अनुत्तम (निकृष्ठ वा अश्रेष्ठ) भनेका छन्। त्यसैले अध्याय १५ श्लोक ४ र अध्याय १८ श्लोक ६२ तथा ६६ मा कुनै अर्कै परमेश्वरको शरणमा जानका लागि भनेका छन्।

गीता जीको ज्ञान भनिएको समयभन्दा पहिला न अठार पुराण थिए, न त एघार उपनिषद वा छ शास्त्र नै थिए। ती पुराण, उपनिषद र शास्त्रहरु त पछि ऋषिहरूले आ-आफ्नो अनुभवका आधारमा रचना गरेका हुन्। त्यस बेला त चारवटा वेदहरु मात्र शास्त्रका रूपमा प्रमाणित थिए र ती पवित्र चारै वेदहरूको सारांश नै पवित्र गीता जीमा वर्णित छ।

# शास्त्रार्थ विषय

## शास्त्रार्थले परमेश्वरको तत्त्वज्ञानलाई अल्झायो

**शास्त्रार्थ कसरी हुन्थ्यो?**

**दुई विद्वान् प्रश्नोत्तर गर्दथे तथा श्रोतावर्ग पनि बहुसङ्ख्यामा शास्त्रार्थ (प्रश्नोत्तर) सुन्नका लागि उपस्थित हुन्थे। हार जितको फैसला शास्त्रार्थ के हो भन्ने विषयमा ज्ञान नभएका श्रोताहरूको हातमा हुन्थ्यो। जसले बढी मात्रामा संस्कृतका श्लोकहरू निरन्तर उच्चारण गर्थे उसैलाई श्रोतावर्ग ताली बजाएर विजयी भएको घोषणा गर्थे। यसरी विद्वान्हरूका हारजितको फैसला वा निर्णय अविद्वान्हरूको हातमा थियो।**

प्रमाण : पुस्तक, "श्रीमद् दयानन्द प्रकाश" लेखक सत्यानन्द जी महाराज, प्रकाशक सार्वदेशिक आर्य प्रतिनिधि सभा ३/५ महर्षि दयानन्द भवन, रामलीला मैदान, नई दिल्ली - २, गंगा काण्ड आठौं सर्ग पृष्ठ ८९ बाट जस्ताको त्यस्तै लेख- (नेपाली अनुवाद) लेख : तीन दिनसम्म प्रत्येक साँझ कृष्णानन्द जी र स्वामी जीको शास्त्रार्थ भइ रह्यो। एक दिन शास्त्रार्थको समयमा कसैले कृष्णानन्दसँग साकारवादको अवलम्बन गर्‍यो र यसै विषयमा शास्त्रार्थ चल्यो। स्वामी जीको त यो मनले चाहेको विषय थियो। उनले धारा प्रवाह संस्कृत बोल्दै निराकार सिद्धान्तमा वेद तथा उपनिषदहरूका प्रमाणहरूको एक लडी (माला) प्रस्तुत गरे र कृष्णानन्दलाई ती अर्थ मान्नका लागि बाध्य तुल्याए। कृष्णानन्दले कुनै प्रमाण दिन सकेनन्। केवल गीताको यो श्लोक "यदा यदा हि धर्मस्य ग्लानिर्भवति भारत" दर्शकतिर फर्केर पढ्न थाले। स्वामी जीले गर्जदै भने- तपाईं वाद (शास्त्रार्थ) मसँग गरिरहनु भएको छ, यसैले मलाई सम्मुख (अभिमुख) बनाउनुस्। तर उनको विचार भङ्ग भएको थियो, उनले श्लोक पनि भुलि सकेका थिए। मुखमा फिंज आयो। गलामा आज अवरूद्ध भयो। अनुहार मलिन भयो। कसैगरी लाज रहोस् भनेर उनले तर्कशास्त्रको शरण लिएर स्वामी जीलाई सोधे- ठीक छ, लक्षणको लक्षण भन्नु होस्? स्वामी जीले उत्तर दिए- जस्तो कारणको कारण हुँदैन त्यस्तै लक्षणको लक्षण पनि हुँदैन। मानिसहरूले आफ्नो हाँसोले कृष्णानन्दको हार प्रकाशित गरि दिए र उनी हड्बडाएर भएर त्यहाँबाट हिंडे।

**उपरोक्त लेखमा विद्वान्हरूको हारजितको निर्णय अविद्वान्हरूले गर्दथे भन्ने कुरा स्पष्ट छ। स्वामी दयानन्दले लगातार संस्कृतमा बोले। श्रोताहरू कृष्णानन्दलाई हाँसोमा उडाए र महिर्ष दयानन्द जीलाई विजेता घोषित गरि दिए र परमात्मा निराकार छन् भन्ने माने। जब कि युजर्वेद अध्याय १ मन्त्र १५ तथा यजुर्वेद अध्याय ५ मन्त्र १ मा परामात्मा सशरीर छन् तथा साकार छन् भन्ने कुरा स्पष्ट छ।**

**स्वामी दयानन्द संस्कृत भाषामा प्रवचन दिन्थे। प्रमाण रूपमा "सत्यार्थ प्रकाश" को भूमिका पृष्ठ ८ मा स्वामी दयानन्द जीले भनेका छन्- पहिलो पटक सत्यार्थ**

प्रकाश छापिएको थियो। त्यस समयमा मलाई हिन्दी राम्ररी आउँदैनथ्यो किनकि बच्चादेखि नै सन् १८८२ (संवत् १९३९) सम्म संस्कृतमा भाषण गर्दथेँ। यसबाट स्वामी दयानन्द जी संस्कृत भाषामा शास्त्रार्थ गर्दथे भन्ने सिद्ध हुन्छ। संवत् १९३९ (१८८२) मा सत्यार्थ प्रकाश दोस्रो पटक छापेको एक वर्ष पछि सन् १८८३ मा स्वामी जीको निधन भयो। यहाँनेर स्वामी दयानन्द जीले मृत्यु हुनु एक वर्ष अगाडि मात्र हिन्दी भाषा सिकेको स्पष्ट हुन्छ। यस अगाडि संस्कृतमा प्रवचन (व्याख्यान) गर्दथे। श्रोतागण संस्कृत भाषासँग परिचित थिएनन् तर उनीहरूले विद्वान्हरूको हारजितको फैसला गर्दथे।

अब यी दासका पनि दास (रामपाल दास) सम्पूर्ण पवित्र धर्मका प्रभु प्राप्त गर्न चाहने पुण्य आत्माहरू तत्त्वज्ञानसँग परिचित होऊन् अनि स्वयम् लाल (माणिक्य) तथा लालडी (रातो रङ्को पत्थर) को परख (पहिचान) गर्न सक्ने छन् भन्ने चाहन्छ।

कथा : एक जना सेठका दुई छोरा थिए। एउटा सोह्र वर्षको अर्को अठार वर्षको। बाबुको मृत्यु भयो। बालककी आमाले एउटा कपडामा बेरेको लाल (माणिक्य) आफ्ना छोराको हातमा राखि दिइन् र यो लैजाऊ र ठूलो बुबालाई हामीसँग पैसा छैन, यो माणिक्य हजुरसँग राख्नु होस् र हामीलाई पनि व्यापारमा सहभागी बनाउनु होस्, हामी बालक व्यावसाय गर्न सक्दैनौँ भन्नु भनेर सिकाइन्। दुवै बच्चा माणिक्य लिएर ठूलो बुबाकहाँ पुगे र आमाले सिकाए जस्तै गरी अनुरोध गरे। ती सेठ (ठूलो बुबा) ले माणिक्य हेरे तथा बच्चाहरूको अनुरोध स्वीकारेर भने छोराहरू यो माणिक्य आमालाई दिएर आऊ, उनले सम्हालेर राख्ने छिन्। तिमीहरू मसँग अर्को शहरमा हिँड, मैले थुप्रै उधारोमा मालसामान पाउँछु, पछि फर्केर आएपछि यी माणिक्य प्रयोग गरौँला।

दुवै बालक ठूला बुबासँग अर्को शहरमा गए। एक दिन ठूला बुबाले एउटा लाल (माणिक्य) दिएर पुत्रहरूलाई यो माणिक्य हो, यो ती सेठलाई दिएर आऊ, जोसँग हिजो ५० हजारको सामान उधारोमा लिएका थियौँ र उनलाई अहिले यो माणिक्य राख्नु होस् पछि आएर ऋण चुक्ता गरी माणिक्य फिर्ता लिने छौँ भन्नु भनेर सिकाए।

दुवै बच्चाले सेठलाई उपरोक्त विवरण बताएपछि सेठले एक जोहरीलाई बोलाए। जोहरीले माणिक्य परख गरी यो लाल नभएर सय रूपियाँ मोल पनि नहुने लालडी (एक प्रकारको रातो पत्थर) हो माणिक्यको मूल्य त नौ लाख हुन्छ भनेर बतायो। सेठले अपशब्द बोल्दै लालडी (रातो पत्थर) फ्यालि दियो। बच्चाहरू त्यो लालडी टिपेर ठूला बुबा सामु आए। आँखाभरि आँसु पार्दै वृतान्त सुनाए।

ठूला बुबाले त्यो व्यक्ति जोहरी हो, उसले सही भनेको हो, यो यथार्थमा लालडी (रातो पत्थर) नै हो, यसको मूल्य त सय रूपियाँ पनि हुन्न, मबाट भुल भयो, लाल (माणिक्य) त यो हो, गल्तीवश मैले नै तिमीहरूलाई लालडी दिएँ। फेरि

जाऊ र सेठ जीलाई मेरो ठूला बुबा धोखेबाज होइनन्, भुलवश लाल सम्झेर लालडी दिनु भएछ भनी सम्झाऊ। दुवै दाजुभाइ फेरि गए। उनीहरूले सेठ जीसँग हाम्रा ठूला बुबा धोकेबाज होइनन् भुलवश लालको सट्टा लालडी दिनु भएको थियो। असली लाल लिनु होस् भनी लाल दिए। जोहोरीले परख गरेर यो साँच्चैको लाल हो र त्यो लालडी थियो भने।

सामान लिएर आफ्नो शहर फर्केपछि ठूला बुबाले उधारो धेरै भएको छ जाऊ आमासँग लाल मागेर (माणिक्य) ल्याऊ भने। दुवै बच्चाले आमासँग लाल (माणिक्य) मागेर हेरे त्यो लालडी (रातो पत्थर) थियो, लाल (माणिक्य) एउटा पनि थिएन। ठूला बुबाले बच्चाहरूलाई लाल (माणिक्य) तथा लालडी (रातो पत्थर) बीचको जानकारी गराइ दिएका थिए। दुवै छोराहरूले आमासँग यो लाल होइन, लालडी हो भने। दुवैजना पुनः फर्केर ठूला बुबाका सामु आएर भने– हाम्री आमा सान्है नै सोझी हुनु हुन्छ। उहाँलाई लाल र लालडीको ज्ञान छैन। त्यो लाल नभएर लालडी थियो। सेठले छोराहरू तिमीले मलाई देखाउन ल्याएको दिन पनि यो लालडी नै थियो। यदि मैले त्यस दिन यो लालडी हो भनेको भए तिम्री आमाले मेरा पति नभएकाले मेरो काललाई लालडी भने भन्ने थिइन्। आज मैले तिमीहरूलाई नै माणिक्य (लाल) तथा लालडी (रातो पत्थर) परख (पहिचान) गर्ने योग्य बनाइ दिएँ। तिमीहरू आफैले निर्णय गऱ्यौ।

विशेष : यसरी नै आज यो दास यही चाहन्छ कि तत्वज्ञान जन-जनसम्म पुऱ्याऊँ तथा शास्त्रहरूको प्रमाण हेरी बुझी तपाईंहरू स्वयम् परख (पहिचान) गर्न योग्य भई सन्त-असन्तको पहिचान गर्न सक्नु होस्।

शास्त्रार्थ विद्वान्हरू गर्ने गर्दथे तथा हारजितको फैसला अविद्वान्हरूको हातमा थियो। यो दास चाहन्छ- पहिले प्रभुप्रेमी पुण्य आत्माहरूले शास्त्र सम्झून् अनि फेरि स्वयम्ले बुझ्ने छन् यी सन्त तथा महन्तहरूले के कस्ता पाठ पढाइ रहेछन्।

## महर्षि सर्वानन्द तथा परमेश्वर कबीर (कविर्देव) बीच शास्त्रार्थ

एउटा सर्वानन्द नामका महर्षि थिए। उनकी पूज्य माता श्रीमती शारदा देवी पाप कर्मको फलले पीडित थिइन्। उनले वर्षौंसम्म कष्ट निवारणका लागि सबै खालका पूजा तथा जन्त्र-मन्त्र गरिन्। शारीरिक पीडा निवारणका लागि वैद्यको औषधी खाए पनि कुनै राहत मिलेन। त्यस समयका महर्षिबाट उपदेश पनि लिइन् तर सबैले भने- पुत्री शारदा यो तिम्रो पाप कर्मको दण्ड प्रारब्धको कर्मको हो, यो क्षमा हुन सक्दैन, यो भोग्नै पर्छ। भगवान् श्रीरामले बालीको बध गरेको पाप कर्मको दण्ड श्रीराम (विष्णु) भएको आत्माले श्री कृष्ण जी भएर भोगे। श्री बालीको आत्मा शिकारी बनेर श्री कृष्ण जीको गोडामा विषाक्त तिर हानी बध गरे। यसरी गुरू जी, महन्त, सन्तहरू तथा ऋषिहरूको विचार सुनेर भक्तमती शारदा आफ्नो प्रारब्धको पापकर्मको कष्ट दुःखी मनले रोई कराई भोगि रहेकी थिइन्। एक दिन कुनै आफन्तले भनेपछि काशीमा स्वयम् सशरीर रूपमा प्रकट भएका स्वयम्भू (कविर्देव)

कबीर परमेश्वर अर्थात् कबीर प्रभुबाट उपदेश प्राप्त गरिन् तथा त्यही दिन कष्ट मुक्त भइन् किनकि पवित्र यजुर्वेद अध्याय ५ मन्त्र ३२ मा लेखिएको छ "कबीरंघारिरसि" अर्थात् (कविर्) कबीर (अंघारि) पापको शत्रु (असि) हुन्। फेरि यसै पवित्र यजुर्वेद अध्याय ८ मन्त्र १३ मा लेखिएको छ परमात्माले (एनसः एनसः) अधर्मको अधर्म अर्थात् पापको पनि पाप घोर पापलाई पनि समाप्त गरि दिनु हुन्छ। प्रभु कविर्देव (कबीर परमेश्वर) ले आफू पाप विनाशक भएको प्रमाण दिदै भन्नु भयो– पुत्री शारदा यो सुख तिम्रो भाग्यमा थिएन, मैले आफ्नो कोषबाट प्रदान गरेको छु। तिम्रो पुत्र महर्षि सर्वानन्द प्रभुले पाप क्षमा (विनाश) गर्न सक्दैनन् भन्ने गर्छन्। तिमी मबाट उपदेश प्राप्त गरेर आत्मकल्याण गराऊ। भक्तमती शारदा जीले स्वयम् आएका परमेश्वर कबीर प्रभु (कर्विर्देव) बाट उपदेश लिएर आफ्नो कल्याण गराइन्। भक्तमती शारदाको पुत्र महर्षि सर्वानन्दलाई शास्त्रार्थको धेरै सौख भएकाले आफ्ना समकालीन सम्पूर्ण विद्वान्हरूलाई शास्त्रार्थ गरेर हराइ सकेका थिए। आफूले सम्पूर्ण विद्वान्हरूलाई हराएर विजय प्राप्त गरेको कुरा जनजनलाई सुनाउनु पर्छ र आफ्नो आमाबाट आफ्नो नाम सर्वाजित राख्ने कुरा विचार गरी आफ्नी आमा श्रीमती शारदादेवी सामु गएर आमा मेरो नाम परिवर्तन गरेर सर्वाजित राखि दिन अनुरोध गरे। आमाले सर्वानन्द नाम नराम्रो छ र भनेर सोधिन्। महर्षि सर्वानन्दले मैले सम्पूर्ण विद्वान्हरूलाई शास्त्रार्थमा हराइ सकेकोले मेरो नाम सर्वाजित राखि दिनु होस् भने। आमाले छोरा एउटा विद्वान् मेरा गुरू महाराज कविर्देव (कबीर प्रभु) लाई पराजित गर अनि तिमी विजयी भएको सुन्नासाथ सर्वाजित राखि दिन्छु भनिन्। माताको यो वचन सुनेर पहिले त सर्वानन्दले हाँसे र भने आमा तपाईं पनि सोझी हुनु हुन्छ। त्यो जुलाह (धाणक, कपडा बुन्ने कारिगर) कबीर त अशिक्षित छ। उसलाई के पराजित गर्नु? अहिले गएँ, अहिले आएँ।

महर्षि सर्वानन्द जी सम्पूर्ण शास्त्रहरू एउटा गोरूमाथि राखेर कविर्देव (कबीर परमेश्वर) को झुपडीको सामुन्नेमा गए। कबीर परमेश्वरकी धर्म पुत्री कमाली पहिले कुँवामा भेटिइन्, अनि द्वारमा आएर भनिन् आउनु होस् महर्षि जी यही हो परमपिता कबीरको घर। श्री सर्वानन्द जीले कमालीद्वारा आफ्नो लोटा टिलपिल हुने गरी पानी भर्न लगाए र कमालीलाई पुत्री यो लोटा विस्तारै लगी कबीरलाई देऊ र जे उत्तर उनले दिन्छन्, त्यो मलाई बताऊ भने। कमालीले ल्याएको लोटामा परमेश्वर कबीर (कविर्देव) जीले कपडा सिउने एउटा ठूलो सियो हालि दिए, केही जल लोटाबाट पृथ्वीमा खस्यो र कमालीलाई पुत्री यो लोटा श्री सर्वानन्द जीलाई फर्काइ देऊ भन्नु भयो। लोटो फिर्ता लिएर आएकी कमालीसँग सर्वानन्द जीले कबीरले के उत्तर दिए भनी सोधे। कमालीले प्रभुद्वारा सियो हालिएको वृतान्त सुनाइन्। तब महर्षि सर्वानन्द जीले परमपूज्य कबीर परमेश्वर (कविर्देव) सँग तपाईंले मेरो प्रश्नको के जवाफ दिनु भयो भनेर सोधे। प्रभु कबीर जीले तपाईंको प्रश्न के थियो भनेर सोध्नु भयो?

श्री सर्वानन्द महर्षिले भने- मैले सम्पूर्ण विद्वान्हरूलाई शास्त्रार्थमा पराजित गरि सकेको छु। मैले मेरी आमासँग मेरो नाम सर्वाजित राख्न अनुरोध गरेको थिएँ। माता जीले तपाईंलाई पराजित गरे पश्चात् मेरो नाम परिवर्तन गर्ने भन्नु भएको छ। तपाईं सामु लोटालाई पूर्ण रूपमा भरेर पठाउनुको तात्पर्य म लोटा पानीले भरिए जस्तै ज्ञानले परिपूर्ण छु भन्ने हो। यस लोटामा अरु पानी अट्दैन, हाल्न खोजे त्यो पोखिन्छ अर्थात् मसँग ज्ञानचर्चा गर्नाले कुनै लाभ हुँदैन। तपाईंको ज्ञान ममा समायोजन हुँदैन, व्यर्थमा दुःख पाउनु पर्ने छ। यसैले हार स्वीकारी लेखि दिनु होस्, यसैमा तपाईंको हित छ।

पूज्य कबीर परमेश्वर (कविर्देव) ले भन्नु भयो- तपाईंको पानीले भरिपूर्ण लोटामा फलामको सियो हाल्नुको अभिप्राय मेरो ज्ञान (तत्त्वज्ञान) सियोले पानीलाई बाहिर निकालेर तल पुगेर बसे जत्तिकै गन्हौं छ भन्ने हो। यसरी नै मेरो तत्त्वज्ञान तपाईंको असत्य ज्ञान (लोकवेद) लाई बाहिर निकाली तपाईंको हृदयमा समाहित हुने छ।

महर्षि सर्वानन्दले प्रश्न गर्न भने। एक बहुचर्चित विद्वान् जुलाहा (कपडा बुन्ने कारीगर) को मोहल्ला (कलोनी) मा आएको देखेर छेउछाउका सोझा-सोझा अशिक्षित जुलाहाहरू शास्त्रार्थ सुन्नका लागि एकत्रित भए।

पूज्य कविर्देवले प्रश्न गर्नु भयो -

कौन ब्रह्मा का पिता है, कौन विष्णु की माँ।
शंकर का दादा कौन है, सर्वानन्द दे बताए।।

महर्षि सर्वानन्दको उत्तर : श्री ब्रह्म जी रजगुण हुन्, श्री विष्णु जी सतगुण हुन् तथा श्री शिव जी तमोगुण युक्त छन्। यी तीन अजर-अमर अर्थात् अविनाशी छन्, सर्वेश्वर-महेश्वर मृत्युञ्जय हुन्। यिनका माता पिता कोही छैनन्। तपाईं अज्ञानी हुनु हुन्छ। तपाईंलाई शास्त्रहरूको ज्ञान छैन। त्यत्तिकै उट्पट्याङ प्रश्न गर्नु हुन्छ। सम्पूर्ण उपस्थित श्रोताहरूले ताली बजाएर महर्षि सर्वानन्दको समर्थन गरे।

पूज्य कबीर प्रभु (कर्विर्देव) जीले भन्नु भयो- महर्षि जी तपाईं श्रीमद्देवी भागवत् पुराणको तेस्रो स्कन्द तथा श्री शिव पुराणको छैठौं तथा सातौं रूद्र संहिता अध्याय प्रभुलाई साक्षी राखेर गीता जी माथि हात राखेर पढ्नु र अनुवाद सुनाउनु होस्। महर्षि सर्वानन्दले पवित्र गीता जी माथि हात राखेर सही-सही अनुवाद सुनाउने सपथ लिए।

प्रभु कबीर जी (कविर्देव) ले भने पश्चात् पवित्र पुराणहरू सर्वानन्दले ध्यानपूर्वक पढे। गीता प्रेस गोरखपुरबाट प्रकाशित र श्री हनुमानप्रसाद पोद्दारबाट अनुवादित श्री शिव पुराणको पृष्ठ १०० देखि १०३ मा लेखिएको छ। सदा शिव अर्थात् कालरूपी ब्रह्म तथा प्रकृति (दुर्गा) को संयोग (पति-पत्नीको व्यवहार) बाट सतगुण श्री विष्णु जी, रजगुण श्री ब्रह्मा जी तथा तमगुण श्री शिव जीको जन्म भयो। यिनै प्रकृति (दुर्गा) जसलाई अष्टङ्गी भन्दछन्, त्रिदेव जननी (ब्रह्मा, विष्णु शिवकी माता) पनि भन्दछन्।

पवित्र श्रीमद्देवी पुराण (गीता प्रेस गोरखपुरबाट प्रकाशित, अनुवादक श्री हनुमानप्रसाद पोद्दार तथा चिमनलाल गोस्वामी) तेस्रो स्कन्ध पृष्ठ नं. ११४ देखि १२३ सम्ममा स्पष्ट वर्णन छ- भगवान् विष्णु जी भन्नु हुन्छ, यी प्रकृति (दुर्गा) हामी तिनै जनाकी जननी हुन्। मैले यिनलाई म सानो बच्चा हुँदा देखेको थिएँ । माताको स्तुति गर्दै श्री विष्णु जीले भने हे माता! म (विष्णु), ब्रह्मा तथा शिव त नाशवान् छौं। हाम्रो त अविर्भाव (जन्म) तथा तिरोभाव (मृत्यु) हुन्छ। हजुर प्रकृति देवी हुनु हुन्छ। भगवान् शङ्करले हे माता! यदि ब्रह्मा तथा विष्णु हजुरबाट उत्पन्न भएका हुन् भने त म शङ्कर पनि हजुरबाट नै उत्पन्न भएको हूँ अर्थात् हजुर मेरो पनि माता हुनु हुन्छ।

महर्षि सर्वानन्द जी पहिले सुने सुनाएका अधुरो शास्त्र विरूद्ध ज्ञान (लोकवेद) को आधारमा तीनै (ब्रह्मा, विष्णु, शिव) लाई अविनाशी तथा अजन्मा भन्थे। पुराण पढेर पनि अज्ञानी थिए किनकि ब्रह्म (काल) पवित्र गीता जीमा भन्छन् म सम्पूर्ण प्राणीहरू (जो एक्काईस ब्रह्माण्डमा मेरो अधीनमा छन्) को बुद्धि हूँ। जब चाहन्छु ज्ञान प्रदान गर्छु, जब चाहूँ अज्ञान भरि दिन्छु। त्यस समय पूर्ण परमात्माले भन्नु भएपछि काल (ब्रह्म) को दबाब हट्यो। वास्तवमा यस्तै नै लेखेको छ भन्ने कुराको स्पष्ट ज्ञान सर्वानन्दलाई भयो। तर मानहानीको भयले मैले सबै पढैं तर यस्तो कहीँ लेखिएको छैन भने। कविर्देव (कबीर परमेश्वर) लाई तिमी झूठा हौ भने। तिमी शास्त्रको विषयमा के जान्दछौ? म नित्य पढ्छु। अनि सर्वानन्द जीले धारा प्रवाह रूपमा संस्कृत बोल्न थाले। बिस मिनेटसम्म कण्ठस्थ गरिएका वेदका अन्य वाणी बोलि रहे, पुराण सुनाएनन्।

सम्पूर्ण उपस्थित सिधा-साधा श्रोतागण जो संस्कृत बुझि रहेका थिएनन्, प्रभावित भएर सर्वानन्द महर्षिको समर्थनमा वाह-वाह महाज्ञानी भन्न थाले।

भावार्थः परमेश्वर कबीर (कर्विर्देव) जीलाई पराजित तथा महर्षि सर्वानन्द जीलाई विजयी घोषित गरि दिए। परमपूज्य कबीर परमेश्वर (कविर्देव) जीले भन्नु भयो सर्वानन्द जी तपाईंले पवित्र गीता जीको कसम खानु भएको थियो, त्यो पनि भुल्नु भयो। जब तपाईं सामुन्नेमा लेखिएको सच्चाइलाई स्वीकार्नु हुन्न भने मैले हारें तपाईंले जित्नु भयो।

एउटा जमिन्दारको पुत्र कक्षा सातमा पढ्थ्यो। उसले केही अङ्ग्रेजी भाषा सिकेको थियो। एक दिन दुवै पिता-पुत्र खेतमा गोरू गाडा लिएर गइ रहेका थिए। सामुन्नेबाट एउटा अङ्ग्रेज आयो। उसले गोरू गाडाको मानिससँग अङ्ग्रेजी भाषामा बाटो जान्न चाह्यो। पिताले पुत्रसँग भने छोरा यो अङ्ग्रेज आफूले आफूलाई ज्यादा नै शिक्षित सिद्ध गर्न चाहन्छ। तिमी पनि त अङ्ग्रेजी भाषा जान्दछौ। यसको सेखी झारिदेऊ। अङ्ग्रेजी बोलेर सुनाइ देऊ। किसानको छोराले अङ्ग्रेजी भाषामा विरामी विदाका लागि लेखिएको चिठी पूरा सुनायो। अङ्ग्रेज त्यस नादानी बच्चाको नादानी (मूर्खता) प्रति खिन्न भएर म बाटो सोधि रहेछु ऊ विरामीबिदाको निवेदन सुनाइ

रहेछ भनेर सोच्न थाल्यो र टाउकोमा हात ठोकेर कार लिइ हिड्यो। किसानले आफ्नो विजेता पुत्रको ढाड थथ्थपायो र भन्यो- स्याबास छोरा तिमीले त मेरो जीवन सफल गरि दियौ। आज तिमीले अङ्ग्रेजलाई अङ्ग्रेजी भाषामा पराजित गरि दियौ र तब पुत्रले भन्यो पिता जी माइ बेस्ट फ्रेण्ड (मेरो असल मित्र) नामक प्राक्कथन (लेख) पनि याद छ। त्यो सुनाइ दिएको भए अङ्ग्रेज कार छोडेर भाग्ने थियो। ठिक यस्तै कविर्देव जी के सोधि रहनु भएको छ र सर्वानन्द जी अर्को जवाफ दिइ रहेका छन्। यो शास्त्रार्थले कुललाई कलङ्कित गरि रहेछ।

परम पूज्य कबीर परमेश्वर (कविर्देव) ले भन्नु भयो– सर्वानन्द जी तपाईंले जित्नु भयो, म हारेँ। महर्षि सर्वानन्दले मलाई लेखेर दिनु होस्, म कच्चा कार्य गर्दिनँ भने। परमात्मा कबीर (कविर्देव) जीले यो कृपा पनि आफै गरी मन लागेको लेख्नु होस् म औँठा छाप लगाइ दिन्छु भने। महर्षि जीले शास्त्रार्थमा सर्वानन्द विजयी भए तथा कबीर साहेब पराजित भए भनेर लेखे कबीर परमेश्वरबाट अंगुठा छाप लगाए। आफ्नी आमा सामु गएर सर्वानन्द जीले आमासँग तपाईंको गुरूदेव हारेको प्रमाण लिनु होस् भनेर दिए। भक्तमती शारदा जीले सर्वानन्दलाई पढेर सुनाउन भनिन्। जब सर्वानन्द जीले पढे त्यसमा सर्वानन्द पराजित भए तथा कबीर परमेश्वर (कविर्देव) विजयी भए भनेर लेखिएको थियो। सर्वानन्द जीकी माताले भनिन्,– पुत्र तिमीले त म विजय भएँ भनेका थियौ, तर तिमी त हारेर आएछौ। महर्षि सर्वानन्द जीले भने माता जी कैयौं दिनदेखि लगातार शास्त्रार्थमा व्यस्त भएकाले निद्रावस लेख्नमा गल्ती भयो। फेरि जान्छु र सही लेखेर ल्याउँछु। माता जीले विजयी भएको लिखित प्रमाण भए मात्र म मान्छु मौखिक होइन भन्ने शर्त राखेकी थिइन्। सर्वानन्द जीले पुनः गएर कबीर साहेब मेरो लेख्नमा केही त्रुटि भयो फेरि लेख्नु पर्छ भने। साहेब कबीर जीले फेरि लेख भन्नु भयो। सर्वानन्द जीले फेरि लेखेर अंगुठा छाप गराई माता जी सामु आए तर फेरि विपरीत भयो। आमा म फेरि जान्छु भने। तेस्रो पटक लेखेर ल्याए र घरभित्र पस्नु अघि पढे ठिक लेखिएको थियो। सर्वानन्दले त्यस लेखबाट नजर नहटाई घरमा प्रवेश गरेर आमालाई म पढेर सुनाउँछु भनेर पढ्न थाले, आँखाको सामुन्ने अक्षर परिवर्तन भयो। तेस्रो पटक पनि शास्त्रार्थमा सर्वानन्द पराजित भए र कबीर साहेब विजयी भए भन्ने प्रमाण नै लेखियो। सर्वानन्द बोल्न सकेनन्। तब आमाले पुत्र किन केही बोल्दैनौ भनेर सोधिन्। पढेर सुनाऊ के लेखेको छ। मातालाई थाहा थियो कि नादान पुत्र पहाडसँग जोडी खोज्न गइ रहेको थियो। माताले सर्वानन्द जीसँग भनिन्– पुत्र परमेश्वर आएका छन्, गएर चरणमा शरणागत भई आफ्नो गल्तीको क्षमायाचना गर तथा उपदेश लिएर जीवन सफल बनाऊ। सर्वानन्द आमाको चरणमा लडेर रून थाल्यो र भन्न थाल्यो। आमा! स्वयम् प्रभु आउनु भएको छ। हजुर मसँगै हिँड्नु होस्, मलाई लाज लागि रहेछ। सर्वानन्दकी माता पुत्रलाई साथमा लिएर प्रभु कबीरको शरणमा गई सर्वानन्द जीलाई पनि कबीर परमेश्वरबाट उपदेश दिलाइन्। तब त्यो महर्षि भनाउँदा नादान प्राणीको पूर्ण परमात्माको चरणमा आउनाले नै उद्धार भयो। पूर्ण ब्रह्म कबीर

परमेश्वर (कविर्देव) ले भन्नु भयो– सर्वानन्द तिमीले अक्षर ज्ञानको आधारमा पनि शास्त्रहरू सम्झेनौ किनकि मेरो शरणमा नआएसम्म ब्रह्म (काल) ले कसैको बुद्धि पूर्ण विकसित हुन दिदैन। अब फेरि यिनै पवित्र वेदहरू पवित्र गीता तथा पवित्र पुराणहरू फेरि पढ। अब तिमी ब्राह्मण भयौ। "ब्राह्मण सोई ब्रह्म पहचाने" विद्वान् उही हो जसले पूर्ण परमात्मालाई चिन्दछ। अनि आफ्नो कल्याण गराउँछ।

विशेषः आजभन्दा ५५० वर्ष पहिले यिनै पवित्र वेदहरू, पवित्र गीता तथा पवित्र पुराणहरूमा लेखिएको ज्ञान कबीर परमेश्वर (कविर्देव) जीले आफ्नो साधारण वाणीमा दिनु भएको थियो। जुन त्यस समयदेखि आजसम्मका महर्षिहरूले व्याकरणात्मक त्रुटियुक्त भाषा भनी पढ्न आवश्यक ठानेनन् र भने- कबीर अज्ञानी हुन्, यिनलाई अक्षरको ज्ञान नै छैन। यिनलाई संस्कृत भाषामा लेखिएका शास्त्रहरूमा लुकेको गुढ रहस्य के थाहा? हामी विद्वान् हौं जे हामी भन्छौं ती सब शास्त्रमा लेखिएका छन् तथा श्री विष्णु जी, श्री ब्रह्मा जी, श्री शिव जीका माता पिता छैनन्। यी त अजन्मा, अजर-अमर-अविनाशी तथा सर्वेश्वर, महेश्वर, मृत्युञ्जय हुन्। सम्पूर्ण सृष्टिका रचयिता हुन्, तिनै गुणले युक्त छन्। आदि व्याख्या गरेर अहिलेसम्म पनि भन्दै छन्। आज तिनै शास्त्र आफैसँग छ। जसमा तीनै प्रभुहरू (श्री ब्रह्मा-रजगुण, श्री विष्णु-सतगुण, श्री शिव-तमोगुण) का माता पिताको स्पष्ट विवरण छ। त्यस समयमा हाम्रा पूर्वजहरू अशिक्षित थिए। शिक्षित वर्गलाई पनि शास्त्रहरूको पूर्ण ज्ञान थिएन। फेरि पनि कबीर परमेश्वर (कविर्देव) द्वारा बताइएको सत्यज्ञान जानी बुझी कबीर झुटो कुरा भन्दै छन् भनी झुटो सावित गरि दिए। कुनै शास्त्रमा श्री ब्रह्मा, श्री विष्णु तथा श्री शिवका माता पिता छन् भनेर लेखिएको छैन। जब कि श्री ब्रह्मा जी, श्री विष्णु जी तथा श्री शिव जीको जन्म मृत्यु हुन्छ भन्ने तथ्यको साक्षी पवित्र पुराण छन्। यी अविनाशी होइनन् तथा यी तीनै देवताहरूका माता प्रकृति (दुर्गा) तथा पिता ज्योति निरञ्जन कालरूपी ब्रह्म हुन्। आज सम्पूर्ण मानव समाज दाजु-भाइ, दिदी–बहिनी, बच्चा, जवान तथा बुद्धिजीवि, छोराछोरी, शिक्षित छन्। आज कसैले शास्त्रमा यस्तो लेखेको छैन जस्तो कबीर परमेश्वर (कविर्देव) साहेबको अमृत वाणीमा लेखिएको छ भनेर बहकाउन सक्दैन।

**पूज्य कबीर परमेश्वर (कविर्देव) को अमृत वाणी**

धर्मदास यह जग बौराना। कोइ न जाने पद निरवाना।।
अब मैं तुमसे कहों चिताई । त्रियदेवन की उत्पति भाई ।।
ज्ञानी सुने सो हिरदै लगाई। मूर्ख सुने सो गम्य ना पाई।।
माँ अष्टंगी पिता निरंजन। वे जम दारूण वंशन अंजन।।
पहिले कीन्ह निरंजन राई। पीछेसे माया उपजाई।।
धर्मराय किन्हाँ भोग विलासा। मायाको रही तब आसा।।
तीन पुत्र अष्टंगी जाये। ब्रह्मा विष्णु शिव नाम धराये।।
तीन देव विस्तार चलाये । इनमें यह जग धोखा खाये ।।
तीन लोक अपने सुत दीन्हा। सुन्न निरंजन बासा लीन्हा।।

अलख निरंजन सुन्न ठिकाना। ब्रह्मा विष्णु शिव भेद न जाना।।
अलख निरंजन बडा बटपारा। तीन लोक जीव कीन्ह अहारा।।
ब्रह्मा विष्णु शिव नहीं बचाये। सकल खाय पुन धूर उडाये।।
तिनके सुत हैं तीनों देवा। आंधर जीव करत हैं सेवा।।
तीनों देव और औतारा। ताको भजे सकल संसारा।।
तीनों गुणका यह विस्तारा। धर्मदास मैं कहों पुकारा।।
गुण तीनों की भक्ति में, भूल परो संसार।
कहै कबीर निज नाम बिन, कैसे उतरें पार।।

उपरोक्त अमृतवाणीमा परमेश्वर कबीर साहेब जीले आफ्ना निजी सेवक श्री धर्मदास साहेब जीलाई भन्नु हुन्छ- धर्मदास यो सम्पूर्ण संसार तत्त्वज्ञानको अभावले विचलित छ। कसैलाई पूर्ण मोक्षको मार्ग तथा पूर्ण सृष्टि रचनाको ज्ञान छैन। यसैले म तिमीलाई मद्वारा रचिएको सृष्टिको कथा सुनाउँछु। बुद्धिमान् व्यक्तिले त तुरून्त सम्झन्छ। तर सम्पूर्ण प्रमाण थाहा पाएर पनि नस्वीकार्ने कालको प्रभावबाट प्रभावित नादान प्राणी भक्ति योग्य छैनन्। अब यी तीन भगवानहरू (ब्रह्मा, विष्णु, शिव) को उत्पत्ति कसरी भयो? भन्छु। यिनकी माता जी अष्टङ्गी (दुर्गा) तथा पिता ज्योति निरञ्जन (ब्रह्म काल) हुन्। पहिले ब्रह्मको उत्पत्ति अण्डाबाट भयो। अनि दुर्गाको उत्पत्ति भयो। दुर्गाको रूपमा आकर्षित भएर काल (ब्रह्म) ले अशिष्ट व्यवहार गऱ्यो। तब दुर्गा (प्रकृति) ले यिनकै पेटमा शरण लिइन्। म ज्योति निरञ्जन काल भएको ठाउँमा गएँ। तब भवानीलाई ब्रह्मको पेटबाट निकालेर एक्काईस ब्रह्माण्ड समेत १६ शंख कोशको दुरीमा पठाइ दिएँ। ज्योति निरञ्जनले प्रकृति देवी (दुर्गा) सँग भोगविलास गऱ्यो। यी दुई संयोगबाट तीनै गुणहरू (ब्रह्मा, विष्णु, शिव) को उत्पत्ति भयो। यिनै तीन गुणहरू (रजगुण-ब्रह्मा, सतगुण-विष्णु, तमोगुण-शिव) को नै साधना गरेर सम्पूर्ण प्राणी कालको जालमा फँसेका छन्। जबसम्म वास्तविक मन्त्र प्राप्त हुँदैन, पूर्ण मोक्ष कसरी हुन्छ?

# बाटो बिराएकाहरूलाई सतमार्ग

## बहिनी ईशवंतीको पीडायुक्त आत्मकथा

म भक्तमती ईश्वंती देवी श्री प्रताप सिंह अहलावतका पुत्र श्री भक्त सुरेश दास अहलावतकी पत्नी पाना गंजा, डीघल-गाउँ, झज्जर जिल्ला निवासी हूँ। हे बन्दी छोड रसतगुरू ामपाल जी! म र मेरा परिवार हजुरका चरणका धुलो हौं। हजुरले हामीलाई त्यो सुख दिनु भयो जुन हामी यस जीवनमा कल्पना पनि गर्न सक्दैनथ्यौं। आज म आफूमा बितेका कुराहरू लेखि रहेछु जुन हजुरबाट हामी माथि कृपा (दया) प्राप्त भएको थियो किनकि हाम्रो यो दुःखले भरिपूर्ण कथा पढेर हाम्रो जस्तै दुःखी परिवारले हजुरको आशिर्वाद प्राप्त गरेर कल्याण गराउन सकून्। हाम्रो जीवन पूर्ण रूपमा अन्धकारमय थियो। यदि हजुरको चरणमा नआएको भए आज हामी जीवित रहने थिएनौं।

म असाध्य (कहिल्यै निको नहुने) रोगद्वारा पीडित थिएँ। मेरो भाइ भापडौदा निवासी श्री दयानन्द राठीको पुत्र ओमप्रकाश जो हरियाणा पुलिसमा नोकरी गर्दथ्यो। उसको पनि यही रोगले मृत्यु भएको थियो। म पनि यसै अवस्थामा पुगेको थिएँ। म यस अवस्थामा पुगिसकेको थिएँ कि मेरो हात तथा खुट्टा पक्षघातले ग्रस्त जस्तो भइ सकेको थियो। आवाज निकाल्न पनि नसक्ने भइ सकेको थिएँ। ठाउँठाउँमा डाक्टरहरू तथा धामीहरूलाई देखाइयो तर सबै ठाउँमा निराशा मात्र प्राप्त भयो। मेरा पति यति रक्सी पिउँथे कि घरमा आउँदा बच्चाहरू डरले खाटमुनि लुक्थे। घरका भाँडाकुँडासम्म रक्सीका लागि बेच्थे र ऋणमा चुर्लुम्म डुबेका थिए। छिमेकीहरू पनि आजित थिए। एक दिन नसाको सुरमा मलाई उठाएर डालाण पान्नेको कुवाँमा खसाल्न लगे। महापाप ओपरी हावा (प्रेत) ले म यस घरलाई बर्बाद गरेर छाड्छु हेरौं कसको के जोड चल्छ भनेको थियो। मेरा दाजु भाइहरूले मेरा लागि डाक्टर र धामीहरूको चक्करमा धेरै पैसा खर्च गरे तर मलाई कुनै फाइदा भएन। मेरा पति रक्सी पिउँथे र छोराहरू स-साना थिए। घरमा कुनै सहारा थिएनन्। मेरो भाइ सुखबीर जो डी.टी.सी. मा चालक छ, उसले परम पूज्य सतगुरू रामपाल जी महाराजबाट नाम उपदेश लिएका थिए। उनले बहिनीलाई सन्त रामपाल जी महाराजबाट नाम उपदेश दिलाउ भन्यो। यसले मर्नु त छँदै छ, यो आखिरी उपाय पनि गरौं। यो सुनेर मेरा पिताजी श्री दयानन्द राठीले के कुनै नाम उपदेशले ठीक हुन्छ? भनेर प्रश्न गर्नु भयो। यसप्रति मेरो भाइले यी सबैलाई नाम उपदेशको बारेमा सम्झायो। यसपछि सबैले हेरौं न त भने। यति भनेर मलाई सन्त रामपाल जी महाराजको चरणमा लिएर गए। त्यस समय सतगुरूदेव गाउँ पन्जाब खोड दिल्लीमा सत्सङ्ग गरि रहनु भएको थियो। यो कुरा २५ डिसेम्बर १९९६ को हो। मेरो भाइले पूज्य रामपाल जी महाराजलाई मेरो दुःख कथा सुनायो। गुरूजीले राति १० बजे सत्सङ्गमा नै नाम उपदेशको दया बक्स गर्नु भयो। त्यसभन्दा पहिले मेरो आवाज बन्द भइ सकेको थियो, जिब्रो पनि उठ्दैनथ्यो। जब २६ डिसेम्बर बिहान म उठैं मैले आफूलाई राम्रो अवस्थामा बोल्दै गरेको पाएँ अनि मैले भाइलाई म धेरै वर्षपछि म आफ्नो

शरीरमा छु जस्तो लागि रहेछ, मेरो शरीरबाट कुनै भार हटेको जस्तो छ भनेर सुनाएँ। म बोल्दै गरेको देखेर मेरो भाइ छक्क पऱ्यो र महाराज रामपाल जी त साक्षात् कबीर परमेश्वर आउनु भएको छ भन्यो। म बिंडी पिउँथेँ त्यसै दिन छोडि दिएँ। घर आएपछि मेरा पति भक्त सुरेशले तिमीले के नाम लिएर आयौ तिम्रो नाममा कति शक्ति छ म हेरौँला भने। आफ्नी आमासँग भन्यो यिनले राम्रो नाम लिएर आएकी छिन्। बच्चाहरू बिहान गुड मर्निङको सट्टा सत साहेब भनि रहेछन्। भक्त सुरेशले एक वर्षसम्म यसरी नै रक्सी पिइ रह्यो तथा घरमा झगडा गरि रह्यो।

एकदिन मेरा पति बन्दी छोड कबीर साहेब, गरिबदास जी साहेब तथा सतगुरूदेव सन्त रामपाल जी महाराजाको तस्बीर फुटाउन तयार भए। तब मैले हात जोडेर बन्दी छोडसँग हजुरले नै यिनको मति नियन्त्रण गर्न सक्नु हुन्छ भन्दै प्रार्थना गरेँ। तब बन्दी छोडले नै यिनलाई यस्तो चमत्कार देखाउनु भयो कि मेरा पति सुरेशले पूजा स्थलमा ल्याएर फोटो राखि दिए तथा दण्डवत प्रणाम गरे। त्यस दिनदेखि आजसम्म उनले रक्सी, बिडी आदि सब कुलत त्यागि दिए। यी सबको साक्षी पाना गंजा तथा डीघल गाउँ छ। मैले पुनर्जन्म पाएको देखेर मेरो दुःखमा दुःखी मेरो भाइ राजेन्द्र सिंह राठी डी.एस.पी. (हरियाणा) तथा भाइ प्रेम प्रकाश राठी एडभोकेट (दिल्ली) सहित पूरा परिवारले पनि नामदान लिए। नाम उपदेश लिएपछि कबीर परमेश्वरले यस्तो यस्तो सुख दिनु भयो जसको कल्पनासम्म गर्न सकिन्नँ। हाम्रो भैंसीले सर्प खाएकोले भैंसीको हालत अत्यन्त खराब थियो। डाक्टरलाई देखाउँदा यसले कुनै विषालु वस्तु खाएको छ भन्दै १० वटा इन्जेक्सन लगाए। त्यसको भोलिपल्ट देखि भैंसीको आँखाबाट नीलो पानी बग्न सुरू भयो र भैंसी अन्धो भयो। डाक्टरले पनि हार माने। तब राती सपनामा सत गुरूदेव रामपाल जी महाराजको दर्शन भयो, उहाँले भैंसीको शरीरमा हात सहलाउनु भयो। बिहान उठ्दा त हामी तथा छिमेकीहरूले आफ्नै आँखाले भैंसीको मुखमा सर्प देख्यौ र त्यसलाई निकाल्यौं। भैंसी स्वस्थ भयो तथा राम्ररी दूध दिन लाग्यो। यस्ता कति कति सुख हामीलाई दिनु भयो। हिजोसम्म हामीसँग १० रूपियाँसम्म थिएन तर आज तिनै खेतमा धन उब्जिन्छ तथा कसैका सामु हात फैलाउनु पर्दैन। छिमेकीहरू तिम्रा गुरू नै तिम्रा लागि राम हुन् भन्छन्। अज्ञानीहरूद्वारा बहकाएको सिधासाधा समाजले हजुरको महिमा के जानून्? सन्त रामपाल जी महाराजका विरोधीहरू बदनाम तथा निन्दा गर्न मात्र जान्दछन्। जसले भोगेको हुन्छ उसले बताउन सक्छ हजुरबाट के कति प्राप्त भएको छ। म हजुरसँग यही प्रार्थना गर्छु कि हामीलाई आफ्नो चरणमा राख्नु होला तथा हजारौं वर्षसम्म यसरी नै दुःखीहरूको सहाराका रूपमा रहनु होला। सतगुरू रामपाल जी महाराज पूर्ण परमात्माको अवतार आउनु भएको हो।

हजुरबाट नाम लिएपछि हाम्रो घरमा यति सुख प्राप्त भयो कि हे परमेश्वर म वर्णन गर्न सक्दिन। फेरि पनि वर्णन गर्ने कोसिस गर्दैछु। मैले हजुरबाट सन् १९९६ मा नाम उपदेश लिएँ। त्यसको करिब डेढ वर्षपछि एउटा घटना घट्यो। जुन यस प्रकार छः

एक रात मैले गाउँमा शमसान कहाँ छ भनेर सोधि रहेको देखेँ। मलाई बताइयो तथा देखाइयो कि तिमी भोलि यहाँ आउनु पर्छ। त्यो मुण्डाण पानेको शमशान घाट

थियो। जब बिहान भयो तब मलाई हैजा लाग्यो। मलाई टाउको ठोकेर मरूँ जस्तो गरी टाउको दुख्यो। मृत्युका सबै कारण पूरा भयो। डाक्टरले इन्जेक्सन लगायो। त्यसपछि डाक्टरले यो त मरिसकी भन्यो, त्यसपछि चारवटा दूत देखिए। अनि तिनीहरूले मलाई दुवैतर्फ समाते र हामीलाई भगवान्ले पठाएका हुन्, तिम्रो समय पूरा भइसक्यो, हामी तिमीलाई लिएर जान्छौँ भने। मैले भनेँ मेरो गुरू जीले लान दिनु हुन्न। अनि उनीहरूले तिम्रो गुरू जीले के गर्नु हुन्छ? भने। तिम्रो समय पूरा भइसक्यो। हामी तिम्रो हातले नै तिम्रो मृत्यु गरि दिन्छौं। त्यसपछि मेरा दुवै हातले घाँटी कस्सेर थिचे जसले गर्दा मेरो प्राण आँखामा आयो। म कसैसँग बोल्न सकिनँ। बन्दी छोड भन्नु हुन्छ - "आ जम तेरे घट ने घेरै, तू राम कहन नही पावेगा" यस्तै स्थिति मेरो भयो। त्यसपछि कबीर साहेब कमलको फूलमा मेरा सामु प्रकट हुनु भयो। त्यसपछि मेरो भित्रबाट पूज्य सद्गुरू रामपाल जी महाराजको आवाज आयो कि यस केटीलाई तिमीहरू कसरी लैजान्छौ? यिनलाई म लान दिन्न, यिनलाई त जब म चाहन्छु तब लैजान्छु। यदि यसको खुट्टा काटि दियौ भने पनि म त्यसलाई जोडि दिन्छु। साथै गुरू जीले धेरै कुराहरू भन्नु भयो जुन सबै वर्णन गर्न सकि रहेकी छैन। त्यसपछि यमका दूतहरू भागे। त्यसपछि गुरू जीले मलाई छोरी अब नडराऊ, तिम्रो मृत्यु मैले टारि दिएको छु, अब म जहिले चाहन्छु तहिले लैजान्छु भन्नु भयो।

हाम्रो एउटा भैंसी थियो जसको ब्याउने समय नजिक थियो, एक दिन त्यो भैंसी मूर्ति जस्तो (अचल) भयो। डाक्टर बोलाएर ल्याइयो। डाक्टरले समय नपुग्दै हातले बच्चा निकाल्यो। त्यसपछि भैंसीले अम्रो खसालेन। कसैले भनेको आधारमा अलिकति बाहिर आएको अम्रोमा ईंटा बाँधि दियौं, अम्रो चुडियो र भैंसीको अवस्था झन खराब भयो। सबैले अब भैंसी मर्नबाट जोगिदैन भन्न थाले। हामी अतालिएर राति नै पाँचवटा डाक्टर कहाँ गयौं तर एउटै डाक्टर आएनन्। सबैले यो विरामी निको पार्नु हाम्रो क्षमताको कुरो होइन, अब परमात्माले नै बचाउन सक्छन् भने। त्यसपछि दुःखी भएर अब कसैले भैंसी बचाउन सक्दैन भनेर आशा मारैं। अनि मैले भने भक्तजी आशा नतोड, हाम्रा बन्दी छोडले सब ठीक गर्नु हुने छ। त्यसपछि बन्दी छोडको सामुन्नेमा गएर दण्डवत प्रणाम तथा प्रार्थना गरें। त्यसपछि बिहान एक डाक्टर बोलाएँ। उसले आएर हेऱ्यो र यो भैंसी बाँच्दैन, यस्तै मेरो भैंसीलाई पनि भएको थियो, ठूलो डाक्टरले पूर्णरूपमा कोसिस गरेपछि पनि बचेन भनेर डाक्टरले भन्यो। अनि परमेश्वरको दयाले यो भैंसी बच्यो भने पनि दूध दिँदैन। त्यसको सात दिनपछि भैंसीको अम्रो निकाल्दै गरेको अवस्थामा गुरू जी देखिनु भयो। बिहान भैंसीले अम्रो खसाल्यो। भैंसी स्वस्थ भयो र १५ लिटर दुध दिन थाल्यो। यो हाम्रो बन्दी छोडको कृपा (दया) हो। जबकि चार पाँच छिमेकीहरूको भैंसी यही बिमारीले मरि सकेका थिए।

मेरो कान्छो छोरो नवनित १४ वर्षको छ। यसलाई ६ महिनाको हुँदा निमोनिया भएको थियो र ५ वर्षसम्म बिरामी निको भएन। मेरो हरसम्भवको प्रयास तथा डाक्टरले

मनाही गरे पनि मेलै हिम्मत हारिनँ। एक दिन मैले उसलाई सतगुरूदेव रामपाल जी महाराजबाट नाम दान दिलाएँ, त्यसै दिनबाट मेरो बच्चालाई कुनै बिरामी नै छैन जस्तो भो। अहिले त्यो केटो आफ्ना उमेरका साथीहरूमध्ये तन्दुरूस्त छ। यी सबै चमत्कार हाम्रा सतगुरूदेव रामपाल जी महाराजको असीम कृपाबाट भएको हो।

एक दिन पूर्णिमाको सत्सङ्गको समय २००४ मा वर्षात् नभएर हाम्रो धान सुकि रहेको थियो। नहरमा पानी आएर गइ सकेको थियो फेरि पानी आउने पालो एक महिना पछि थियो। त्यहाँ ट्युबेलबाट सिचाइ गर्ने साधन थिएन, हामी नहरमा मात्र आश्रित थियौं। तर पूर्णिमाको दिन हामी आश्रमको सत्सङ्ग समापन पश्चात् जब खेत हेर्न जाँदा त हाम्रो अढाई एकड जमिन (धान भएको) घुँडा-घुँडा पानी थियो। यो कहिल्यै सपनामा पनि नहुने कार्य हाम्रा सतगुरूदेवको कृपाले नै सम्भव भयो र सबै खेतका छिमेकीहरूले यो नहर तिम्रा सतगुरूदेवले मात्र तिम्रा लागि बोलाएका हुन् भनेर अपशोच गर्न थाले। सबै मानिसका अन्नबाली बढीमा १० मन धान भयो जबकि सतगुरूदेव जीको दयाले हाम्रो प्रति एकड ४० मन धान फल्यो।

अनेकौं सुख हाम्रा बन्दी छोड सतगुरू रामपाल जीले हामीलाई दिनु भएको छ। मेरो दुवै छोराले (भक्त अमित र नवनीत) मे २०१० मा दिल्ली पुलिसमा जागिर पाए। मेरो तथा मेरो परिवारको तर्फबाट सम्पूर्ण पाठकहरूसँग प्रार्थना छ– तपाईंहरू चाडो सतलोक आश्रम करौंथामा आएर सन्त रामपाल जी महाराजबाट निःशुल्क नाम प्राप्त गर्नु होस्। मनुष्य जीवन व्यर्थ खेर नफालौं। कबीर परमेश्वर भन्नु हुन्छ :

कल करे सो आज कर, आज करे सो अब। पल में प्रलय होएगी, बहूर करोगे कब।।

सत साहेब। जय बन्दी छोड! सतगुरू रामपाल जी महाराज की जय।

## विस्थापित परिवार पुनःस्थापित भयो

म श्री उमेद सिंहका पुत्र भक्त रमेश पेटवाड-गाउँ, त हाँसी, हिसार जिल्ला निवासी हूँ। हाल एम्पलाइज कलोनी जेलको सामुन्ने जिन्दमा सपरिवार बस्छौं। नाम लिनु पूर्व हामी भूतको पूजा गर्थ्यौं। हाम्रो गाउँमा बाबा सरियाको मान्यता थियो। जहाँ हामी प्रत्येक महिनाको पूर्णिमामा दीप बाल्न जान्थ्यौं। हामी शुक्रबार जन्माष्टमी, शिवरात्रीको व्रत पनि राख्थ्यौं। पितृलाई पिण्ड दिने र श्राद्ध पनि गर्ने गर्थ्यौं। तर पनि हाम्रो घर उजाड भइ सकेको थियो। म बाह्र वर्षको हुँदा मेरा पिता जीको मृत्यु भएको थियो। घरमा भएका तीन सदस्यबीच आपसमा झगडा हुन्थ्यो। तिनै जनालाई भूत-प्रेतले धेरै दुःख दिन्थ्यो र तिनैजना सधैंजसो विमारी भइ रहन्थ्यौं। पहिले डाक्टरलाई देखायौं तर आराम नभएपछि साधु कहाँ गयौं, कसैले ५००० देऊ म पूर्ण रूपमा ठीक गरि दिन्छु, कसैले १०,००० देऊ भन्थे।

हामी पूर्ण रूपमा विस्थापित जस्तै भएका थियौं। मेरा कौंथ कला गाउँको आफन्त भक्त रघुबीर सिंहले पटक पटक भनेपछि मेरी आमाले सन् १९९६ मा सन्त रामपाल जी महाराजबाट नाम उपदेश लिनु भयो। मेरी पत्नीको ५ वर्षसम्म कुनै सन्तान भएन। मेरी

आमाले भन्नु भएपछि मेरी श्रीमतीले सन्त रामपाल जी महाराजबाट नाम लिइन्। नाम दान लिनासाथ वर्ष दिनमा नै मेरी पत्नीले छोरो जन्माइन्। मेरो भगवान्बाट विश्वास हटि सकेकोले मैले नाम लिइनँ र आमा र श्रीमतीलाई सन्त जी कहाँ नजान भन्थेँ। मेरो १५ दिनको छोरा धेरै बिमारी भयो। डाक्टरले यो बिहानसम्म मर्ने छ भनेर फर्कायो। साँझ एउटा भक्तले बन्दी छोड सतगुरू रामपाल जी महाराज पूर्ण सन्त हुनु हुन्छ भनेर सम्झायो। अहिले जिन्द आश्रममा आउनु भएको छ, उहाँले नै यस बच्चालाई बचाउन सक्नु हुन्छ भन्यो। हामी डाक्टर र धामीकहाँ गएर थाकि सकेका थियौं। भगवान्मा विश्वास नरहेकाले मैले ती भक्तको कुरा मानिनँ। उसले पुनः मलाई सम्झाउँदै स्वयम् बन्दी छोड भगवान् धरतीमा आउनु भएको छ भनी अनुरोध गरे। यदि उहाँले दया गरि दिनु भयो भने बच्चा बच्न सक्छ। त्यस भक्तले दृढ विश्वासका साथ भनेको देखेर मैले आमालाई बच्चा सन्त रामपाल जी महाराजकहाँ लैजान अनुमति दिएँ। मेरी आमाले बच्चालाई लगेर सन्त रामपाल जी महाराजको चरणमा राखि दिनु भयो र रूँदै यो बच्चा मरि सकेको छ, हजुरले नै बचाउन सक्नु हुन्छ भन्दै प्रार्थना गर्नु भयो। तब बन्दी छोड सत गुरू रामपाल जी महाराजले कबीर परमेश्वरको (मर्जी) आज्ञाले यो बच्चा ठीक हुन्छ भन्नु भयो। अघिल्लो दिन मर्छ भनेर डाक्टरले समय दिएको थियो तर बच्चा ठिक भयो। सबैले भनौं: बन्दी छोड सतगुरू रामपाल जी महाराज की जय!

हाम्रो उजाडिएको घर बन्दी छोड सतगुरू रामपाल जी महाराजको दयाले पुनः हराभरा भयो। यति धेरै चमत्कार देखि सकेपछि पनि पाप कर्मको कारणले मैले नाम उपदेश नलिई पहिलेको जस्तै भूतको पूजा गर्दै रहेँ। हाम्रो घरमा बन्दी छोड गरीबदास जी महराजका वाणीको पाठ सन्त रामपाल जी महाराजले गर्नु हुन्थ्यो र म घरबाहिर गएर रक्सी पिउँथें। एक वर्षपछि एकदिन हाम्रो घरमा पाठ हुदै थियो र साँझ बन्दी छोड सतगुरू रामपाल जी महाराजले सत्सङ्ग गर्नु भयो। अनि मैले सत्सङ्ग सुनैं र नाम लिएँ। त्यसपछि हाम्रो घरमा दुःख भन्ने कुराको नाम नै रहेन। मेरी आमाले कसैको बहकावमा आएर नाम खण्डित गर्नु भयो। केही समय पश्चात् सन् २००० मा मेरी आमालाई गोडामा जलन हुन थाल्यो। डाक्टरलाई देखाउँदा ब्लड क्यान्सर भन्यो र १०-१५ दिनसम्म मात्र जीवित रहने बतायो। पी.जी. आई. चण्डीगढ लैजाऊ त्यहाँ डेढ लाख खर्च गर्‍यौ भने बढीमा एक वर्ष सम्म जीवित रहने छिन् तर दुःखाइ कम हुदैन भन्यो। बन्दी छोड सतगुरू रामपाल जी महाराजले तिम्री आमाले नाम खण्डित गरेकी छिन्। जसरी बत्तीको बिल नतिर्दा कनेक्सन काटिनाले प्राप्त सुविधा समाप्त हुन्छ। फेरि त्यसलाई पुनः सुचारू गराउनु पर्छ भनेर सम्झाउनु भयो। मेरी आमाले आफ्नो गल्तीको क्षमायाचना गर्नु भयो। महाराज जीले पुनः नाम दिनु भयो र शिरमा हात राख्नु भयो। शिरमा हात राख्ना साथ गोडाको जलन तथा दुखाई समाप्त भयो। अनि लगभग २ वर्ष पछि बङ्गारा फुटेको कारणले बङ्गाराबाट रगत निस्कन थाल्यो। डाक्टरले औषधी दिएर टाँका लगाइ दिए। तर रगत आउन रोकिएन। डाक्टरले पुनः परीक्षण गरेपछि यो ब्लड क्यान्सर हो र फुटि सकेको छ अब यो ठीक हुन सक्दैन। बिरामीलाई घर लैजाऊ। रगत

निस्कनाले दुई दिनमा मृत्यु हुन्छ भनेर डाक्टरले भने। अनि अर्को दिनबाट दिशा र पिसाबमा रगत आउन सुरू भयो। तब मैले सतगुरू रामपाल जी महाराजलाई फोन गरेर डाक्टरले दुई दिनमा मर्छ भनेको कुरा बताएँ। रामपाल जी महाराजले बन्दी छोडले जे गर्नु हुन्छ राम्रै गर्नु हुन्छ भन्नु भयो। अर्को रात दुई बजे यमदूत उसलाई लिन आयो। मेरी आमाले तिम्रो बुबा (जसको १० वर्ष पहिले निधन भएको थियो) मलाई लिन आउनु भएको छ भनेर सुनाउनु भयो। यति भन्दाभन्दै यमदूत आमाको शरीरमा प्रवेश गऱ्यो। र यसको समय पूरा भइ सकेको छ, यसलाई लिएर जान्छु भन्न थाल्यो। मलाई चिया पियाऊ। जब म चिया बनाउन थालेको मात्र थिएँ तब यमदूतले तेरो घरमा कति ठूलो शक्ति छ जसले मलाई कुटि रहेछ म यहाँ अझ बस्न सक्दिन, छिटो चिया देऊ, म गइ रहेछु, भन्दै तातो चिया पियो। जाँदाजाँदै तिम्रो घरमा पूर्ण परमात्मा खडा हुनु हुन्छ भन्यो। म यसलाई लान सक्दिन भन्दै गयो। एक मिनेटपछि रगत रोकियो। कालो भएको जिभ्रो र दाँत सफा भए। बन्दी छोड सतगुरू रामपाल जी महाराजको कृपाले उहाँ पूर्ण रूपमा ठीक हुनु भयो। परमात्मा कबीर साहेब ज्यूले मेरी आमाको आयु ५ वर्ष बढाइ दिनु भयो। २४ जुलाई २००५ मा सतभक्ति गरेर सतलोक प्रस्थान गर्नु भयो।

बोलौः बन्दी छोड सतगुरू रामपाल जी महाराज जीको जय, सत साहेब

## किडनी ठिक पार्नु तथा सैतानलाई इन्सान बनाउनु

म भक्त जगदीश पुत्र श्री प्रभुराम, पन्जाब खौड गाउँ, दिल्ली ८१ डी. टी. सी. (दिल्ली ट्रान्सपोर्ट कर्पोरेसन) मा मेकानिक छु। मलाई रक्सीले राक्षस मनोवृत्तिको मान्छे बनाएको थियो। रक्सी पिउनु कुखुरा खानु, चुरोट पिउनु, हुक्का पिउन मेरो बानी नै भएको थियो। म कामबाट साँझ लगभग ७-८ बजे आउँथें। कैयौं पटक ज्यादा रक्सी पिउनाले घर आउँदा ९-१० बज्दथ्यो। रक्सीको नसामा पागल भएर यताउता लडखडाउँदै घरमा आउँथैं। आउनासाथ पत्नी तथा छोराछोरीहरूलाई कुट्न थाल्थें। सधैं घरमा झगडा - मारपिट हुन्थ्यो। जुन बच्चाहरूलाई ममतापूर्वक अङ्गालो हाल्नु पर्थ्यो ती बच्चाहरू मलाई देख्नासाथ डराएर खाटमुनि लुक्थे। बच्चाहरू बुबा कतिखेर घर आउनु हुन्छ, हाम्रा लागि के के खाने कुराहरू ल्याइदिनु हुन्छ भनेर बाटो हेर्छन् तर म खाने कुराहरूको सट्टा रक्सीले मातेर बहुलाको जस्तो आँखा राता राता पारी आउँथैं र उनीहरूलाई कुट्न थाल्थैं।

अर्कोतिर मेरी धर्मपत्नी सुमित्रा देवी पनि आफ्नो दुःखी जीवनका साथ साथै खतरनाक बिमारीसँग जुझ्दै आफ्नो श्वास पूरा गरिरहेकी थिइन्। उनका दुवै किडनी खराब भइ सकेको थियो। डाक्टरले औषधी सेवन गरी राख तर ६ महिना भन्दा बढी यिनी बाँच्दिनन् भनेको थियो। अल इण्डिया मेडिकल र डा. राम मनोहर लोहिया अस्पताल दिल्लीबाट पनि किडनी खराब भइ सकेको तथा ६ महिनाभन्दा बढी बाँच्दिनन् र औषधी अन्तिम समयसम्म खाइ रहनु पर्छ भन्ने रिपोर्ट आयो। ती बच्चाको कस्तो अवस्था भयो होला जसका पिता जँड्याहा र आमा मृत्यु शैय्यामा थिइन्। आमाले कुनै गऱ्हौं भारी उठाउने काम गर्न पनि सक्दैन थिइन्। जब ती बच्चाहरूले आमा ६ महिना पनि नकट्ने कुरा थाहा पाए त्यसपछि आँखाबाट आँसु झारि रहन्थे। एकातिर बुबा

रक्स्याहा र अर्कातिर आमा ज्यानै लिने बिमारीबाट पीडित, हाम्रो के गति हुन्छ? तिन छोरा र एक छोरी आमासामु गएर हे भगवान् हामीलाई पनि हाम्री आमासँगै तिमीकहाँ बोलाउनु भन्दै रून थाले। यहाँ कसको सहारामा बाँच्ने? ती बच्चाहरूको पुकार परमात्माले सुन्नु भयो। हाम्रो पनि सौभाग्यको उदय भयो। हाम्रो छिमेकी भक्तमती निहाली देवी आफ्ना गुरूदेव सन्त रामपाल जी महाराजको आज्ञा अनुसार ३०-३१-१ जनवरी १९९७ मा सतगुरू गरीबदास जी महाराजको अमृतमयी वाणी तीन दिनसम्म अखण्ड पाठ आफ्नो घरमा गराइन्। जहाँ सन्त रामपाल जी महाराजले ३१ डिसेम्बर १९९६ को राति ९ देखि ११ बजेसम्म सत्सङ्ग गर्नु भयो। मेरी धर्मपत्नी सुमित्रादेवी पनि छिमेकमा सत्सङ्ग सुन्न गइन्। केही समय पश्चात् म (जगदिश) पनि जागिरबाट घर आएँ। बच्चाहरूबाट श्रीमती छिमेकमा सत्सङ्ग सुन्न गएको थाहा पाएँ। मलाई सान्है रिस उठ्यो र किन पाखण्डीहरू कहाँ गई भनैं। म अहिले नै यसलाई पिट्दै ल्याउँछु भन्ने सोचेर भक्तमती निहाली देवीको घरमा गएँ। मैले रक्सी पिएको थिएँ। म निहाली देवीको घरमा पुग्दा सन्त रामपाल जी महाराज सत्सङ्ग गरि रहनु भएको थियो। धेरै सङ्ख्यामा भक्तजनहरू सत्सङ्ग सुनि रहेका थिए। ती सबलाई देखेपछि म केही नबोली चुपचाप सबैभन्दा पछाडि बसे। मैले सत्सङ्ग सुनें। सत्सङ्गमा महाराज जीले भन्नु भयोः

शराब पिवैं कडवा पानी, सत्तर जन्म स्वान के जानी।
गरीब, सो नारी जारी करैं, सुरापान सो बार।
एक चिलम हुक्का भरैं, डूबैं काली धार।।
कबीर, मानुष जन्म पाय कर, नहीं भजैं हरि नाम।
जैसे कुआ जल बिना, खुदवाया किस काम।

महाराज जीले सत्सङ्गमा जुन छोराछोरीलाई बुवाले छातीमा टाँसेर माया गर्नु पर्ने हो ती रक्स्याहा मानिसलाई देखेर खाटमुनि लुक्छन् भन्नु भयो। रक्स्याहा व्यक्ति आफैं पनि दुःखी हुन्छ र धन विनाश गर्छ, समाजमा इज्जत समाप्त गर्छ। परिवार, छिमेक तथा नातेदार समेतलाई दिक्क तुल्याएर अभिशाप प्राप्त गर्दछ। रक्स्याहाको पत्नी तथा छोरा छोरीहरू कलहको शिकार त हुन्छन् नै साथै पत्नीका माता-पिता, दाजुभाइ, दिदी-बहिनी आदि पनि रात दिन चिन्तित रहन्छन्। सम्पूर्ण पापको भार त्यस अज्ञानी मूर्ख रक्स्याहाको शिरमा पर्छ। प्रभुले मनुष्य जन्म भक्ति गरेर कल्याण गर्नका लागि दिएका हुन्, यसलाई रक्सी आदिमा नष्ट गर्नु हुन्न। जस्तो बच्चाले विद्यालयमा शिक्षा ग्रहण नगरी आवारा भई घुम्दा शिक्षाबाट बन्चित हुन्छ। अनि सारा जीवन मजदुरी गरेर जीवन निर्वाह गर्छ। अनि आवारागर्दी नगरी पढेको भए अरू साथीहरू जस्तो ठूलो हाकिम हुन्थैं भन्ने सम्झना आउँछ। तर अब के हुनु? यो त त्यही समयमा सोच्नु पर्ने थियो।कबीर साहेब भन्नु हुन्छ -

अच्छे दिन पीछे गये, गुरू से किया न हेत। अब पछतावा क्या करे, जब चिडियां चुग गई खेत।

यसरी नै मनुष्य जन्ममा जसले भक्ति गर्दैन त्यसले पशु-पक्षीको योनी प्राप्त गर्छ। जसले रक्सी पिउँछ, उसले रक्सीको मातमा खानाले भरिएको थाललाई, लात्तले हान्छ।

भक्ति नगर्नाले फरक-फरक प्राणीको योनीमा परेर कष्ट उठाउँछ। कहिल्यै कुकुरको योनी धारण गर्छ। कुकुर रातभर चिसोमा गल्लीमा रहन्छ। त्यसमा पनि अझ वर्षामा र चिसा रातमा महाकष्टको सामना गर्छ। बिहान भोकले सताउँछ। कसैको भान्सामा पस्ने चेष्टा गर्छ। घरका मानिसले लठ्ठी तथा ढुङ्गाले हिर्काउँछन्। कुकुर निकै समयसम्म कराइ रहन्छ। फेरि अन्य घरमा पस्छ। त्यहाँ के थाहा उसले रोटी पनि पाउन सक्छ या लठ्ठी पनि। यदि त्यहाँ पनि लठ्ठी पाएमा त्यो रक्स्याहा जो कुकुर बनेको छ, गाउँबाट बाहिर जान्छ। भोकले व्याकुल भएर मानिसको मल खान्छ। यदि त्यस नादान (अज्ञानी) प्राणीले मानिस हुँदा सत्सङ्गमा आएको भए, राम्रा विचारहरू सुनेको भए, दुष्टता त्यागेर आफ्नो कल्याण गराएको भए, छोराछोरीलाई असल शिक्षा तथा प्रभुको दीक्षा प्रदान गराएको भए सदा सुखी हुन्थ्यो। रक्सीको मात केही समयसम्म रहन्छ तर परमात्माको नाम भजनबाट प्राप्त सुखको आनन्द सदा साथ रहन्छ।

उपरोक्त सत्सङ्ग आदरणीय सन्त रामपाल जी महाराजबाट सुनेपछि मेरो रक्सीको मात हरायो। आँखाबाट आँसु झर्न थाले। म घर गएँ, सुतेँ तर निन्द्रा लागेन। १ जनवरी १९९७ दिउँसो १:३० बजे पत्नीसँगै सन्त रामपाल जी महाराज सामु गएँ। उहाँबाट आत्म कल्याणका लागि नाम उपदेश लिएँ। त्यसपछि आज (२००५) सम्म रक्सी, सूर्ति, तथा मासु छोएको सम्म छैन। मेरी पत्नीले पनि सतगुरू रामपाल जीबाट उपदेश लिइन्। त्यस दिनपछि उनी स्वस्थ छिन्। डाक्टरको उपचार तथा बिमारीको एक्सरे आदि रिपोर्टहरू आज पनि घरमा राखेको छु। सबैलाई देखाउँछौँ।

मेरो प्रार्थना छ– तपाईंहरू पनि प्रभुको चरणमा आउनु होस्। सन्त रूपमा आएका परमेश्वरका सन्देश वाहक सन्त रामपाल जीलाई चिनौँ। निःशुल्क नाम उपदेश प्राप्त गरेर कृपया आफ्नो कल्याण गराउनु होस्। सत साहेब,

भक्त जगदीश

## भूत तथा रोगहरूबाट पीडित परिवारलाई सुखी सम्पन्न तुल्याउनु

श्री माँगेरामका पुत्र श्री रामेहरकी पत्नी भक्तमती अपलेश देवी मिरच गाउँ, तहसील चरखी दादरी जिल्ला भिवानी (हरियाणा) निवासी हूँ। म अपलेश देवी आफ्ना दुखित जीवनको एक झलक भनि रहेकी छु। म र मेरा बच्चाहरू (रालुल र ज्योति) बितेका दयनीय अवस्था सम्झदा अहिले पनि कम्पन छुट्छ। जसको वर्णन गर्दा हृदय फाट्छ।

६ डिसेम्बर १९९५ को रात बदमासहरूले मेरा पतिलाई ड्यूटीको समय हत्या गरि दिए तर यी पूर्ण परमात्मा (कबीर साहेब) ले हाम्रो रक्षा गरी मेरा पतिलाई जीवनदान दिनु भयो। आज मेरो परिवारसहित बन्दी छोड सतगुरू रामपाल जी महाराजको दयाले पूर्ण परमात्माको चरणमा स्थान प्राप्त भएको छ। मेरा पतिलाई सफा कपडा लगाएको केही समय पश्चात् कट्टुको इजाँर भएको ठाउँ रगत आउन थाल्थ्यो र कपडा भिज्थ्यो, बच्चाहरूको पनि कफसँगै रगत आउँथ्यो र म पनि एक वर्षदेखि मुटुको रोगले धेरै आजित थिएँ। जसका लागि वर्षौंदेखि औषधी खाइ रहेको थिएँ। मेरा श्रीमान् दिल्ली

पुलिसमा हुनु हुन्छ। मेरा सम्पूर्ण शरीरमा घाउ-खटिरा हुन्थ्यो। घरमा भएको दुःखहरूका कारण मेरा पति रामेहरको दिमागी सन्तुलन पनि बिग्रियो।

हामीले यी दुःखका लागि सन् १९९५ देखि जुलाई २००० सम्म एक दर्जनभन्दा बढी लङ्गडा, लोभी तथा लालची गुरूहरूको ढोका ढक्ढकायौं तथा भारतवर्षमा भएका जमुना, गंगा, हरिद्वारा, ज्वाला जी, चामुण्डा, चिन्तपुरनी, नगरकोट, बालाजी, मेहन्दी पुर, गुडगाउँको माई तथा गौरख टिला राजस्थान जस्ता तीर्थ स्थलहरूको बच्चासहित धेरै पटक चक्कर काट्यौं तर केही लाभ भएन। हाम्रो परिवारको अवस्था यति नाजुक भइ सकेको थियो कि होली, दिपावलीमा हामी कुनै मस्जिदमा बसेर बिताउँथ्यौं। हामी धेरै सौभाग्यशाली छौं किनकि हामीलाई सन्त रामपाल जी महाराजद्वारा परम पुज्य कबीर परमेश्वरको शरण प्राप्त भयो। अहिले कहाँ गए ती कालका दूत तथा अल इण्डिया हस्पिटलमा उपचार चलि रहेको बिमारी? यी सब सत गुरूदेवको चरणका धुलोको अगाडि टिकेन।

२५ फेब्रुअरी २००१ मा एउटा कालको पूजा गर्ने धामीले फोन गरेर अपलेश तिम्रो नाम हो भनेर सोध्यो। मैले मेरो नाम अपलेश हो भनें र तपाईंको नाम के हो भनेर सोधेँ। तब त्यस धामीले बलवान भन्ने को हो? उससँग तपाईंको सम्बन्ध छ भनेर सोध्यो। मैले तपाईं को हो? नाम के हो? र यी सब किन सोध्नु हुन्छ? भनेर सोधेँ। तब त्यस धामी (झाँक्री) ले छोरी तिमी मेरो नाम नसोध, म बताउन चाहन्न म हाँसीबाट बोलि रहेछु भन्यो। यहाँ बलवान र उसँग एउटा व्यक्ति आएको थियो। दुवैले तिमीलाई जादू (टुनामुना) गर्न भनेर ३७००।- रूपिया दिए। मैले तिम्रो दुर्गति भयो कि भएन भनेर सोध्न तिम्रो फो नं. बलवान्‌बाट लिएको थिएँ। मसँग तिम्रो फोन नं. थिएन, उसै बलवानबाट लिएको हूँ। मैले यो घृणित कार्य रातमा गरेँ। त्यसपछि जब म सुत्न गएँ तब मैले तिमीले पूजा गर्ने गुरूलाई सेतो कपडामा देखेँ, उहाँले मलाई तैंले गरेको कामको परिणाम तँ स्वयम्‌ले भोग्नु पर्ने छ भनेर बताउनु भयो। यो परिवार सर्व शक्तिमान सम्पूर्ण कष्ट हरणकर्ता परम पूज्य कबीर परमेश्वरको शरणमा छ, तिम्रो औकात नै के छ? यहाँका धर्मराजले पनि अब यस परिवारको केही बिगार्न सक्दैन।

गरिब, जम जौरा जासै डरै, मिटे कर्म के लेख। अदली अदल कबीर है,कुल के सद्‌गुरू एक।।

परम पूज्य कबीर परमेश्वर जीसँग यम (काल अर्थात् कालका दूत) तथा मृत्यु पनि डराउँछन्। ती पूर्ण प्रभुले पाप कर्मको दण्डको लेखलाई पनि समाप्त गरि दिनु हुन्छ। त्यसपछि त्यस धामीले छोरी जुन देव पुरूषोत्तमको तिमी पूजा गर्छौ, उहाँ प्रबल शक्तिशाली हुनु हुन्छ भनेर बतायो। म २५ वर्षदेखि यो तन्त्रमन्त्र गरी विनाश तथा दुःख दिने काम गरिरहेछु। मैले कयौं परिवार उजाडि सकेको छु। तर आज पहिलो पटक हार खाएँ। पुत्री यस शक्तिलाई नछोड्नू नत्र धेरै दुर्गति भोग्नु पर्ने छ। तिम्रो विनाशका लागि बलवान आदि घुमि रहेछन्। मैले भनेँ हामी पूर्ण परमात्माको पूजा गर्छौं। बलवान मेरा पतिका ठूलो दाजु हुन्। हाम्रो ज्यानको शत्रु बनेका छन्।

आज हामी सौभाग्यवान् छौँ। हामीलाई कुनै वस्तु या कार्यको आवश्यक्ता परेमा यिनै सतगुरूदेव, सत कबीर साहिबले पूर्ण गरि दिनु हुन्छ। आज गुरू गोविन्द दुवै सामुन्नेमा खडा छन्। कसको पाउमा चरणमा शरणागत हुने? हामी सतगुरूदेव रामपाल जीको चरणमा समर्पित छौँ जुन परमेश्वरको बताउनु भएको हो।

दाजु-भाइ तथा दिदी-बहिनीहरू! हामी सम्पूर्ण परिवार यदि तपाईं सतलोकको मार्ग, पूर्ण मोक्ष तथा सम्पूर्ण सुख प्राप्त गर्न र सांसारिक दु:खहरूबाट छुट्कारा चाहनु हुन्छ भने बन्दी छोड सन्त रामपाल जी महाराजबाट सतनाम प्राप्त गर्नु होस् र आफ्नो अनमोल मानव जन्म सफल तुल्याउनु होस् भन्ने सन्देश दिन चाहन्छौँ। सतसाहेब।
भक्तमती अपलेश देवी

## भक्त सतीशको आत्मकथा

म भक्त सतीश दास १९३ सेक्टर ७, आर. के. पुरम दिल्लीमा बस्छु। उपर्युक्त पङ्क्तिहरू हाम्रो जीवनमा चरितार्थ हुन्छ किनकि सतगुरू बन्दी छोड रामपाल जी महाराजको डिसेम्बर सन् १९९७ को प्रितमपुरा दिल्लीमा सत्सङ्ग भएको थियो। म एक जना साथीले भनेपछि सत्सङ्ग सुन्न गएँ तर पारम्परिक पूजाहरू छोड्नु पर्ने कुरा सुनेपछि सत्सङ्ग सुन्न मन लागेन। सतगुरूले शास्त्रहरू पढेर हामीलाई सम्झाइ रहनु भएको थियो। त्यो देखेर मेरो मनमा किताब त हामी घरमा पनि पढ्न सक्छौं भन्ने विचार जाग्यो। यसरी ज्योति निरञ्जनले मेरो बुद्धि स्थिर गरि दिए र मेरो भक्तिको च्यानल बन्द गरि दिए। सतगुरू हामीलाई सम्झाउनु हुन्छ :

गुरू बिन किन्हें न पाया ज्ञाना, ज्यों थोथा भूस छडे किसाना।
गुरू बिन भरम ना छूटें भाई, कोटि उपाय करो चतुराई।।

यसरी मेरो बुद्धि स्थिर हुनाले म यताउताको कुरा गर्दै घर फर्कें। सन् १९९९ मा मेरी पत्नी श्रीमती मन्जुलाई ब्रेन ट्यूमर (दिमागी क्यान्सर) भयो। जुन हामीले सफदरगञ्ज अस्पतालमा निरीक्षण तथा उपचार गराउँदा थाहा भयो। यसपछि मैले उनलाई पंत अस्पताल तथा A.I.I.M.S. नयाँ दिल्ली र अपोलो अस्पताल नयाँ दिल्लीको डाक्टरलाई देखाएँ। सबै डाक्टरले तत्कालै अप्रेसन गर्ने सल्लाह दिँदै अप्रेसन गर्दा यिनको एउटा हात पक्षाघात हुन सक्छ भने। अपोलो अस्पतालका डाक्टरले त रिपोर्ट हेरेर यहाँसम्म भने कि अहिलेसम्म यिनको आँखा कसरी ठिक छन्? र तत्काल आँखा विशेषज्ञबाट आँखा परीक्षण गराउन भने। मैले तत्काल परीक्षण गराएँ। तब आँखा विशेषज्ञ तथा न्युरो सर्जनले हरेक पन्ध्र दिनमा यिनको आँखा परीक्षण गराउँदै रहनु, ब्रेन ट्युमर यस्तो ठाउँमा छ कि जसको कारणले कुनै पनि समय आँखा बन्द हुन सक्छ भने। मेरी पत्नीको त मेरो दुवै खुट्टा विकलाङ्ग छ र हात र आँखा खत्तम भयो भने जीवन बर्बाद नै हुन सक्छ भन्ने सोचेर श्वास नै रोकियो। अन्तमा कुनै उपाय नदेखेर पंत अस्पताल नयाँ दिल्लीमा अप्रेसन गराउने सोच बनायौं र डाक्टरको भनाइ अनुसार INMAS अस्पताल तिमारपुर दिल्लीमा M.R.I र अन्य परीक्षण पनि गरायौं। मात्र

अप्रेसनका लागि मिति लिन बाँकी थियो। मलाई पूर्ण परमात्मा तत्त्वदर्शी सन्त रामपाल जी महाराजको पहिले सुनेको सत्सङ्गको दुई पङ्क्ति याद आयो :

जिन मिलते सुख उपजे, मिटें कोटि उपाध। भुवन चतुर्दश ढूँढियो, परम स्नेही साध।।

र हाम्रो भक्तिको च्यानल परमेश्वरले अन गरि दिनु भयो र मनमा अप्रेसन गर्नु पहिले नाम लिएर हेरौं भन्ने भावना आयो। अनि साथीसँग प्रितमपुरा दिल्लीमा गएर ४ फेब्रुअरी, २००१ मा पूर्ण परमात्मा तत्त्वदर्शी सन्त रामपाल जी महाराजबाट नामदान लियौं। पहिलेका सम्पूर्ण कुरा छोड्यौं। सतगुरू ज्यूले अखण्ड पाठ गराउने सल्लाह दिनु हुँदै परमात्माले चाहनु भएमा अप्रेसन टर्छ र सब ठिक हुन्छ भन्नु भयो। हामीले सतगुरूको आज्ञा अनुसार घरमा तिन दिनको अखण्ड पाठ लगायौं र पछि अप्रेसनको मिति लिनका लागि पंत अस्पताल गयौं। जुन डाक्टरले पहिले अप्रेसन गर्न सल्लाह दिएका थिए तिनैले दोसौ M.R.I को रिपोर्ट हेरेर अहिले अप्रेसनको कुनै आवश्यकता छैन भन्न थाले। तब सतगुरूको वाणी याद आयो :

सतगुरू दाता हैं कलि माहिं, प्राण उधारण उतरे सांई।<br>
सतगुरू दाता दीन दयालं, जम किंकर के तोडें जालं।।

हामी सतगुरूलाई याद गर्दै हे परमेश्वर हामी हजुरको महिमा कुन शब्दले व्याख्यान गरौं भन्दै रून थाल्यौं। यसरी पूर्ण परमेश्वर कबीर साहेबका अवतार तत्त्वदर्शी सन्त रामपाल जी महाराजको दयाले मेरी पत्नीको अप्रेसन टऱ्यो र त्यसपछि एक पैसाको औषधी पनि खाएनौं। अहिले सुखमय जीवन बाँचि रहेका छौं। २० नोभेम्बर २००४ को रात कालको झम्टाइका कारण मेरी पत्नी मृत तुल्य हुँदा परमेश्वरको अमृत जल पिलाउनाले होसमा आइन्। हामीले उनलाई सतगुरू जीकहाँ लिएर गएपछि सतगुरू जीले आज यिनको मृत्यु हुनु पर्ने थियो, कबीर साहेबले उमेर बढाइ दिनु भयो, अब भक्ति गर्नु पर्छ भन्नु भयो। फेरि २२ नोभेम्बर २००४ मा मेरी पत्नीलाई सोनिपतमा भएको सतसङ्गमा पक्षाघात भयो जसले गर्दा उनको हातको शक्ति समाप्त हुन थाल्यो। त्यसै समय सतगुरू जीको हात आफ्नो हातमा देखिन थाल्यो र लगभग पाँच मिनेटसम्म देखियो। जब पक्षाघातको असर समाप्त भयो तब मात्र सतगुरू जीको हात अदृश्य भयो र आजसम्म उनी ठिक छिन्। कबीर परमेश्वरको साक्षात् स्वरूपमा अवतार लिएर सतगुरू तत्त्वदर्शी सन्त रामपाल जी महाराज आउनु भएको छ। उहाँले सिद्ध गर्नु भयो

गरीब, जम जौरा जासे डरें, मिटें कर्म के अंक। कागज कीरें दरगह दई, चौदह कोटि न चंप।

भक्त सतीश मेहरा, RLF-907/17, राज नगर-II,<br>
पालम कालोनी, नयाँ दिल्ली मो +९१-९७१८१८४७०४

## भक्त रामस्वरूप दासको आत्म कथा

बन्दी छोड कबीर साहेबकी जय

म मंगत रामको पुत्र भक्त राम स्वरूप बडौली गाउँ, अम्बाला जिल्ला निवासी हूँ। मैले १३ वर्षदेखि धन-धन गुरूबाट नाम लिएको थिएँ। ६ वर्ष पहिले मेरा हात र खुट्टाले

काम गर्न छोडेको थियो। कमर तलको भाग मृत जस्तै थियो। मेरा दुई पुत्रले मलाई अम्बालाको सरकारी अस्पतालमा लगे अनि प्राइभेट डाक्टरलाई पनि देखाए। २ वर्षसम्म उपचारका लागि यताउता लगि सके पछि P.G.I चण्डीगढ लगे। त्यहाँ एक वर्षमा दुई पटक परीक्षण गरियो किनकि जुन मेसिनमा मेरो परीक्षण गरिन्थ्यो। त्यसमा मेरो पालो महिनामा एक पटक आउँथ्यो। त्यसको परीक्षण शुल्क ६ हजार थियो। त्यहाँ दुवै पटकको परीक्षणमा बिमारीको कारण पत्ता लागेन र दुवै पटक मेरो शिरको अप्रेसन गर्नु पर्दछ भने। जसमा मेरो ज्यानलाई खतरा हुन सक्छ भनेर बताइयो र पूर्ण रूपमा ठिक हुने कुनै ग्यारेन्टी नभएको कुरा पनि भने। त्यसपछि घरका मानिसहरूले मलाई रामदेवको योग आश्रममा पनि लगे त्यहाँ केही समयसम्म उपचार भयो तर कुनै आराम नभएको देखेपछि घर ल्याए। त्यसपछि झारफुक गर्नेहरू कहाँ हरियाणा-पंजाब आदि ठाउँमा लगे तर त्यहाँ पनि मलाई सञ्चो भएन। मैले अब जीवन थोरै दिन मात्रा बाँकी छ भन्ने सोचें। जब मैले सबैतिरबाट हरेश खाएँ त्यही समयमा शाहपुर (अम्बाला)मा विवाह भएकी मेरी छोरीले मलाई त्यहाँ बोलाइन्। मेरो ज्वाइँ सन्जुले कुकुभक्तको बारेमा सुनाए। जसले मलाई १५ अगस्त २००८ मा सतगुरू बन्दी छोड रामपाल जी महराजको बरवाला आश्रममा ल्याए र १६ अगस्त २००८ मा नामदान लिएँ। त्यसपछि मलाई आराम हुन थाल्यो। गुरू जीको कृपाले मैले आफैले ट्याक्टर चलाएर सारा खेतमा बिउ छर्ने काम गरेँ। महाराजको आशिर्वादले मैले पुनः जीवन दान पाएँ। महाराज बन्दी छोडले जुन कृपा ममाथि गर्नु भयो त्यसको बयान मुखले गर्न सक्दिन। गुरूजी हजुर मलाई जीवनदान दिनका लागि सतलोकबाट आउनु भएको हो। हजुरलाई कोटीकोटी दण्डवत् प्रणाम छ। जय बन्दी छोड!

हजुरको दास, भक्त रामस्वरूप दास, गाउँ - बडोली, जिल्ला, अम्बाला

## भक्त बहीद खाँको आत्मकथा

बन्दी छोड कबीर साहेबको जय

बन्दी छोड सतगुरू रामपाल जी महाराजको चरणमा म मुन्सी खाँको पुत्र बहीद् खाँ गाउँ तथा तहसील-मेहगाउँ भिण्ड जिल्ला (मध्य प्रदेश) निवासी कोटीकोटी दण्डवत् प्रणाम गर्दछु। म तिन वर्षदेखि सार्है बिमारी थिएँ। मेरा दुवै किड्नी खराब भएका थिए। मैले दुई वर्ष ग्वालिएरमा ठूला ठूला M.B.B.S डाक्टरहरूबाट उपचार गराएँ तर कुनै राहत मिलेन। त्यसपछि ग्वालियरका डाक्टरहरूले मलाई दिल्ली AIMS को लागि रिफर गरे। त्यहाँ डाक्टरहरूले सबै परीक्षण गरेपछि पहिले रगत फिल्टर गर्न ३ बोतल रगत चाहिन्छ र तपाईंको परिवारको कुनै सदस्यको किड्नी निकालेर अप्रेसनद्वारा लगाइने छ जसका लागि ४ लाख लाग्छ भनेर बताए। म रूपियाँ दिन असमर्थ थिएँ। त्यसैले दिल्लीबाट घर फर्के र असहाय भएर मृत्युको पर्खाइमा रहन थालेँ किनकि खान-पिउन, हिँड्न- डुल्न, तथा बसउठ गर्न नसक्ने भइ सकेको थिएँ।

फेरि कुनै व्यक्तिद्वारा हरियाणा जिल्ला बरवाला हिसारमा परमात्मा आउनु भएको छ जसले असाध्य रोग पनि परमात्माको भक्तिले निको पार्नु हुन्छ भन्ने कुरा थाहा पाएँ।

यी शब्द सुनेर २४-७-०९ मा उहाँको चरणमा पुगेर नाम दान लिएँ। नामदान लिएपछि मलाई आराम हुन थाल्यो र विस्तार विस्तार निको हुन एक महिना पनि लागेन। म उहाँको कृपाले पूर्ण स्वस्थ भएँ। मेरा सतगुरू! प्रमाणका लागि मेरो बिमारीका सबै परीक्षण तथा कागजात मसँग सुरक्षित छ। हे परम पिता परमेश्वर! हजुरले जुन जीवन मलाई प्रदान गर्नु भयो। यो उपकारको ऋण म कहिल्यै तिर्न सक्दिनँ। मेरो सतगुरू" आफ्नो दासलाई कृपा गरेर यसरी नै आफ्नो चरणमा राख्नु होला।"

हजुरको दास, भक्त बहीद् खाँ पुत्र मुन्सी खाँ
गाउँ तथा तहसील-मेहगाउँ, भिण्ड जिल्ला (मध्य प्रदेश)

## गुरू कृपाको महिमा

म त्रिलोक दास बैरागी ढिमरखेडा गाउँ, कटनी जिल्ला, मध्यप्रदेश निवासी हूँ। मैले २७-०६-१० मा नामदान लिएको थिएँ। मैले नामदान लिँदा यो नाम दान नभएर अमृत लिइ रहेछु भन्ने कुरा मलाई थाहा थिएन। मेरो कुरा तपाईंहरूलाई अतिशयोक्ति लाग्न सक्छ। तर कसम गुरूदेवको चरणको। यसमा मैले समावेश गरेका अनु भव तथा प्रमाणहरू मेरा सामुन्नेमा भएका हुन् जुन मैले कल्पनासम्म पनि गरेको थिइनँ। नामदान लिएको ६ महिना पश्चात पाँच छोरी पछि जन्मेको मेरो छोरो बिमारी भयो। मैले छोराको उपचार एक महिनासम्म एम.बी.बी.एस. डाक्टरहरूबाट गराएँ तर छोरो ठीक भएन। अचानक मेरो छोरोले एकदिन बिहान ९:०० बजे आँखा बन्द गऱ्यो अर्थात् बेहोस भयो। मैले उसलाई उमरियापान लिएर गएँ। त्यहाँ सबै डाक्टरहरूले उपचार गर्न मानेनन्। त्यसपछि उसलाई सिहोरा लगेँ। सबै डाक्टरहरू एम.बी.बी.एस. थिए तर मेरो छोरोको अवस्था देखेर उपचार गर्न मानेनन्। सायद उनीहरू मलाई तिम्रो छोरोको मृत्यु भइ सकेको छ भन्न चाहन्थे। छोरोको उमेर एक वर्ष मात्र थियो। हिम्मत गरेर एउटा डाक्टरले अक्सिजन दिएमा केही हुन सक्छ भन्यो। मैले तत्काल एउटा फोर व्हीलर गाडी रिजर्व गरेँ र जबलपुर गएँ जहाँ बच्चाहरूको रिसर्च सेन्टर छ। त्यहाँको डाक्टरले बच्चाको अवस्था देखेर बच्चाको कुनै शारीरिक हलचल नभएको तथा सुई लगाउँदा यस बच्चालाई केही थाहै हुँदैन त्यसैले यसलाई भर्ती गर्नु मेरा लागि रिस्कको कुरा हो भन्यो। मैले डाक्टरलाई भर्ती गर्न तथा उपचार सुरू गर्नु होस् अरू सब परमात्मा माथि छोडि दिनु होस् भने। डाक्टरले यदि यसको ६ घण्टामा होस् आयो भने सायद बच्न सक्छ नत्र मुस्किल छ भने। बिहान नौ बजे देखि रातिको नौ बजि सकेको थियो तर बालक होसमा आएको थिएन। म र मेरी पत्नी रून थाल्यौं। मेरो ध्यान एक्कासि "ज्ञान गंगा र "भक्ति सौदागरको सन्देश" मा लेखिएका चमत्कारमा गयो जुन भक्तहरूको जीवनमा घटेका थिए। मैले आफूलाई सम्हालेँ र आफूलाई गुरूको चरणमा समर्पित गर्दै गुरू जी मेरो छोरोको रक्षा गर्नु होस् र गुरूको महिमाप्रति मेरो विश्वासको लाज राखि दिनु होस् भनेँ। लगभग १२ बजे आउँदा बच्चाको अवस्थामा केही सुधार छ कि छैन भनेर सोधे। मैले बिहानको जस्तै छ भने। डाक्टरले इन्जेक्सन मगाएर तिघ्रामा लगाउनासाथ बच्चा रून

थाल्यो। मानौ त्यो इन्जेक्सन स्वयम् गुरू जीले लगाउनु भएको होस्। कोठाभरि खुसी छायो। डाक्टरले मेरो शिरमा हात राखेर अब तिम्रो छोरोको होस आयो। यस्तो बिमारी भएको बालक धेरै कम होसमा आउँछन्। यहा विचारणीय कुरो त इन्जेक्सनको असर त दस या बिस मिनेटपछि हुन्छ। बच्चा इन्जेक्सनको सुईको पीडाले नै रून थाल्यो। यसबाट यी सब चमत्कार परमेश्वर कबीर जीको हो भन्ने स्पष्ट हुन्छ।

सतगुरू, शरण में आने से आई टलै बला। जै भाग्य में मृत्यु हो कांटे में टल जा।

गुरू जी भन्नु हुन्छ– पूर्ण अभिलाषाका साथ वा समर्पण भावले मन्त्र जाप गर्नाले चमत्कार हुन्छ। जुन चमत्कार देखेर मै दङ्ग भएँ। अस्पतालमा नै मैले गुरू जीको चरणको बन्दना गरेँ र धन्यवाद दिएर रून थालेँ। डाक्टरले ८ दिनसम्म बच्चाको उपचार गर्नु पर्ने आवश्यकता भएको बताए। एक दिनको शुल्क ५ हजार थियो। मैले डाक्टरलाई बिहानै डिस्चार्ज गर्न भनेँ। डाक्टरले घर लगेमा बच्चा मर्न सक्छ किनकि भर्खर मात्र होसमा आएको छ भन्यो। मैले जे हुन्छ होस् भन्दै डिस्चार्ज गर्नु होस् भने। आज छोरोलाई ६ महिनाभन्दा बढी भइ सकेको छ ज्वरोसम्म आएको छैन। यस्तो महिमा देखेर म कृतज्ञ भएको छु। मेरो पारिवारिक स्थिति कमजोर भएकाले साइकल चढ्ने हिम्मत थिएन। अचानक स्टेट बैंकका म्यानेजरले तपाईं बैंकबाट ऋण लिन चाहनु हुन्छ भनेर सोधे। मैले यदि पाएँ भने लिन्छु भने किनकि पारिवारिक स्थिति पनि सुधार्नु थियो। मैले डेढ लाख ऋण पाएँ। साइकल किन्न नसक्ने मान्छे अचानक ५५००० हजारको हिरो होण्डा मोटरसाइकल ल्याएँ। आज म सानका साथ मोटरसाइकलमा घुम्छु। म शासकीय स्कुलमा पिउन पदमा कार्यरत थिएँ। जागिर गरेर १६ वर्ष बिताइ सकेको थिएँ। तर पनि पारिवारिक स्थितिमा सुधार भएन। जबलपुर सम्भागबाट प्रमोसन भयो र मेरो सिंगल प्रमोसन भयो। म पिउनबाट साहेब भएँ। जमानामा कुर्सी उठाउने मान्छे स्वयम् साहेब बनेर कुर्सीमा बसें। मेरो तलब सोचेभन्दा बढी भयो। मेरो सानो भाइ बी.एड. को आशा त्यागेर निराश थियो। एक दिन अचानक उसलाई काउन्सिलिङ चिठी आयो। उसलाई विश्वास नै भएन किनकि उसले २९ अङ्क प्राप्त भएको थियो र बी.एड. गर्न ३३ अङ्कभन्दा माथि चाहिन्थ्यो तर यस पटक २८ अङ्क भएकालाई पनि लिएको थियो। उसले पनि २९ अङ्क भएकोले उसले अवसर प्राप्त गऱ्यो। र आज ऊ बी.एड. गरिरहेको छ। यी चार चमत्कार यसरी भयो कि जसका बारेमा मैले कहिल्यै सोचेकै थिइनँ। मलाई रामायणको दुई पङ्क्तिको सम्झना भयो। "माता-पिता गुरू की वाणी, बिनाविचार करो शुभ जानी"

यी सब चमत्कार एक वर्ष भित्र भएका हुन्। प्रमाणका लागि :

१. भारत अस्पताल सेन्टरको सम्पूर्ण कागजात, २. गाडीका सबै कागजात, ३. प्रमोसनको आदेश, ४. बी.एड. को काउन्सिलिङ चिठी

यी सब चमत्कार नामदान लिएको ६ महिना पछि भएका हुन्। तर नामदान लिनाले मात्र फाइदा हुन्न। गुरूले बताए अनुसारको मार्गमा अगाडि बढ्नु पर्छ।

हरि रूठै गुरू ठौर है, गुरू रूठै नहीं ठौर

गुरूदेव जीका चरणमा शिष्यको अनु भव सादर समर्पित छ।

भक्त त्रिलोक दास बैरागी , सहा. ग्रेड - ३, शास. उच्च. माध्यमिक विद्यालय, मुरवारी, तह - ढीमरखेडा, कटनी जिल्ला (म.प्र.)

## सतगुरू रामपाल जी महाराजको कृपा

म भक्त हरिगोबिन्द दास सिराहा जिल्ला, मिर्चैया, गा.वि.स. वार्ड नं. ३ थाना चोक नेपाल निबासी हूँ। मेरो जीवनमा बन्दी छोड सतगुरू रामपाल जी महारजको आशीर्वादले भएको चमत्कार केही शब्दमा व्यक्त गर्ने कोसिस गर्दै छु। म वि.सं. २०६७ ज्येष्ठ २१ गते (तदनुसार ई. २०१०-६-०७) आफ्नो आँपको बगैंचामा रूखबाट आँप टिपेर ओर्लदै थिएँ। करिब सात फिटमाथि रूखको जुन हाँगामा म उभिएको थिएँ, एक्कासि त्यो हाँगा भाँच्चियो र म जमिनमा पछारिएँ। हुन त खेतको माटो बलौटे थियो र म धेरै माथिबाट पनि खसेको त थिइनँ, तर मेरो हड्डी भाँचियो। मलाई उठाएर स्थानीय हाड-जोर्नीका डाक्टर कहाँ लगियो। एक्सरेपछि मेरो ढाड (मेरूदण्ड) को हाड भाँच्चिएको कुरा थाहा भयो। तत्काल मलाई स्ट्रेचरमा सुताइयो। डाक्टरले यस्तो अवस्थामा तत्काल पक्षघात हुन सक्छ तर आश्चर्यको  कुरा तिम्रो खुट्टाले काम गर्दै छ भने। मलाई रातरात एम्बुलेन्सद्वारा काठमाडौं पुऱ्याइयो। काठमाडौंको वीर अस्पतालमा मेरो कान्छो सालो डाक्टर थियो। बाटोमा आउँदा ऊ खुट्टा चल्छ कि चल्दैन भनेर सोध्ने गर्थ्यो? मेरो दुवै खुट्टा चल्दथे। काठमाडौं पुगेपछि पुनः एक्सरे गरियो। त्यहाँ पनि मेरूदण्ड (रिढ) को हाड भाँचिए पनि दुवै खुट्टा कसरी चलि रहेको देखेर डाक्टरहरू आश्चर्यमा परेका थिए। सामान्यतया ढाडको हाड भाँचिएपछि दुवै खुट्टामा पक्षघात हुन्छ। तर मेरा खुट्टा भने ठिक थिए। डाक्टरहरूलाई शङ्का भयो कि हाडमै कुनै खराबी छ होइन भने यति कम उचाईबाट खस्दा ढाडको हाड नभाँचिनु पर्ने हो। यसैले मेरो हाडको विशेष जाँच गराइयो तर मेरो हाडमा कुनै खराबी भेटिएन। डाक्टरले तिन महिनासम्म (वेड रेस्ट) सुति रहने सल्लाह दिए। मैले ओछ्यानमै खाना खानु, नुहाउनु र दिशापिसाब गर्नु पर्थ्यो। यस्तो स्थितिमा म आफूलाई घोर नरकमा परेको अनुभव गर्थें। मलाई फेरि एम्बुलेन्समा राखी घर ल्याइयो।

मेरो एउटा सुखी परिवार थियो। म स्थानीय राजनीतिसँगै सानोतिनो व्यापार गर्दथेँ। मेरो हजुरबा धार्मिक प्रवृत्तिका मानिस हुनु हुन्थ्यो। सात बिघा जग्गा दान दिएर पैतृक गाउँ मनहवीमा रामजानकी मन्दिर निर्माणसमेत गराउनु भएको थियो। मेरो बुबा पनि वैष्णव थिए। पूजा पाठमा विश्वास गर्दथे। म पनि वैष्णव थिएँ तर राजनीतिमा लागेर केही वर्षदेखि माछा मासु खान थालेँ जसमा पत्नीले पनि साथ दिन्थिन्। मैले आफूलाई आनन्दित ठानेको थिएँ। मेरो आदरणीय ससुरा जी (भक्त रामचरित्र दास मो. ९७७-९८४१६८४०६१,९८०९४३२८८८) सन् २००८ अगस्तमा नै सतगुरू रामपाल जी महाराजको शिष्य भै सक्नु भएको थियो। उनको प्रेरणाले नै मेरी पत्नीले पनि सतगुरूबाट नाम दान

(उपदेश) लिइसकेकी थिइन् तर मलाई त्यो मन परेको थिएन। मेरो घरमा कलह सुरू हुन लागेको थियो। घरमा स्थानीय पर्व तिहार, देवी देवताहरूको पूजा बन्द भइ सकेको थियो। मलाई माछा मासु खान पनि अप्ठ्यारो महसुस हुन्थ्यो। विभिन्न कारणले रामपाल महाराजको घोर विरोधी भएँ। मेरा ससुराले मलाई उहाँको (रामपाल महाराजको) सी.डी. हेर्न तथा "भक्ति सौदागरको सन्देश" पुस्तक पढ्न दिनु भएको सल्लाह ठिक लाग्दैनथ्यो। प्रस्तुत घटनापछि म यो निष्कर्षमा पुगेँ कि मेरो यो दुर्गति मेरो ससुरा जी र मेरी पत्नीको कारणबाट भएको हो किनकि मेरो घरमा गृह देवता र अन्य देवताहरूको पूजा बन्द भएको कारणले नै यस्तो घटनाहरू भएका हुन्। म अलि उग्र स्वभावको भएकाले म ससुरा जी तथा सतगुरू रामपाल जीको सम्बन्धमा हाकाहाकी नराम्रा कुराहरू बोल्न थालेँ।

म जीवनदेखि निराश भइ सकेको थिएँ। मलाई लाग्दथ्यो कि अब म जीवनमा कहिल्यै पनि हिँड्डुल गर्न सक्दिन होला। मेरा तिन छोराहरू पढ्दै छन्। पत्नी पनि मेरै सेवामा लाग्नु परेको छ र पसल पनि बन्द छ। फेरि यो नरकमा जस्तो बाँच्नु भन्दा मर्नु नै जाति। मैले निराशावश बिस्तारै खानेकुरा कम गर्न थालेँ। वास्तवमा केही खाने चाहना नै मरिसकेको थियो तर परमात्माको लीला अरु नै रहेछ।

यसै बीच एक दिन मेरो ससुरा जी आउनु भयो। उनले मेरी पत्नीलाई कुनै किसिमले उनलाई (मलाई) भक्ति सौदागरको सन्देश" पुस्तकको "भट्कोंको मार्ग विषय" आफै सुन्ने बहाना बनाएर पढ्न लगाऊ भनेर सम्झाए। उनले त्यस्तै गरिन्। "भट्कोको मार्ग विषय" पढेपछि यस्तो लाग्यो कि यदि परमात्माको कृपा भयो भने म पनि ठिक हुन सक्छु। मेरो जीवनमा बाँच्ने आकाङ्क्षा फर्केर आयो। मैले पूरै किताब पढेँ। मेरो ससुरा जी जब सतगुरू दर्शनको लागि सतलोक आश्रम बरवाला जान लाग्दा छोरी (मेरी पत्नी) लाई फोन गर्नु भयो। हुन त मैले धेरै अगाडि देखि नै ससुरासित फोनमा कुरा गर्न छोडि सकेको थिएँ। तर मैले आफै उनलाई फोन गरी अब मलाई सबै कुरा थाहा भइ सकेको छ, म गलत थिएँ, मलाई क्षमा गरि दिनुहोस् र पूज्य गुरूदेवसित मेरो लागि क्षमा माग्नु होला। म पनि उहाँको शरणमा जाने छु भनेँ। उहाँ फर्केर आएपछि म यस्तै हालतमा सद्गुरूको दर्शनका लागि मलाई लैजाने भनें। तर उहाँले ३ महिनाभन्दा पहिला लैजान मनाही गर्नु भयो। पहिला म पलङ्गमा कोल्टे फेर्न पनि सक्दैन्थे तर अहिले कोल्टो फेर्न सक्छु। तिन महिना पछि म उठेर बस्न थालेँ। दुई जनाको सहरा लिएर उभिन पनि सक्ने भएँ। तर मेरा दुवै खुट्टा सुन्निन थाले र पूरै शरीरमा असह्य पीडा हुन्थ्यो। डाक्टरहरूले सुरूमा यस्तै हुन्छ, एक हप्ता जतिमा ठिक हुन सक्छ भने। स्थानीय डाक्टरले भने अब तिमी एक वर्षसम्म वेल्ट लगाई राख, ज्यादा हिँड्डुल गर्न हुँदैन। कुनै किसिमको वजन उठाउन हुँदैन। मोटरसाइकल त चलाउनै हुँदैन।

मेरो ससुरा जीले मलाई बरवाला लैजानको लागि आउनु भयो तर सबैले नजाने सल्लाह दिए। काठमाडौँको डाक्टर र स्थानीय डाक्टरहरूले पनि नजानका लागि निर्देशन दिँदै मेरूदण्डको हाड अहिलेसम्म राम्ररी सेट भइ सकेको छैन भने। यसको यात्रा जोखिमपूर्ण हुन्छ। यदि बाटोमा केही भयो भने जीवनभरि आफैलाई माफ गर्न सक्दैनौ।

मेरा ससुराले सतगुरूदेवले भाँच्चिएको पनि जोड्नु हुन्छ भने यति धेरै चिन्ता किन? भन्नु भयो। फेरि लिएर आउनु भन्ने गुरूदेवको आदेश पनि छ। दुई जनाको सहाराले म बसमा चढें फेरि ट्रेन र बसद्वारा म बरवाला पुगैं। बाटोमा कुनै समस्या परेन। सतलोक आश्रममा आएर मैले नाम दान प्राप्त गरैं। आश्रममा आएपछि पूज्य सतगुरूदेवको प्रथम पटक दर्शन प्राप्त भयो र उहाँले आर्शिवाद दिने बित्तिकै पीडा समाप्त भयो। म रोएर आफूले गरेका कर्मको लागि क्षमा माग्न थाले। पूज्य गुरूदेव जीले भन्नु भयो कि मैले त तिमीलाई पहिले नै क्षमा दिइसकेको छु, छोरा ! ठिक भइहाल्यौ, अब भक्ति गर। रातमा म आफै दिशा पिशाब गर्न ट्वाइलेट गएँ। जबकी बाटोमा आउँदा ट्रेनमा मैले उभिएरै ट्वाइलेट गरेको थिएँ। प्यान्ट लाउन पनि सक्दिनथैं। आश्रममा मेरो सुन्निएका गोडाहरू ठिक भयो र आफै प्यान्ट लगाउन सक्ने भएँ।

आश्रमबाट प्रस्थानपूर्व मैले पूज्य गुरूदेवसित मोटरसाइकल चलाउन आज्ञा मागैं। पूज्य गुरुदेव ज्यूले भन्नु भयो कि जाऊ बाबु, गजबले चलाऊ अब तिमी पूर्ण रूपले ठिक छौ। र फर्केको पाँचौ दिनदेखि म मोटरसाइकल चलाउन थालैं। गाउँका सबै मानिस आश्चर्य चकित भए। म पूर्ण रूपले ठिक भइ सकेको थिएँ। मलाई पक्षघात नहुनुको कारण अब थाहा भयो। मेरी पत्नी पहिलादेखि नै सद्गुरूबाट नाम लिएर जप गर्दै थिइन्, जसको प्रभावले मेरो मृत्यु पनि टऱ्यो र पक्षघात पनि भएन।

अहिले म पूर्ण रूपले स्वस्थ छु। ३५-४० किलो वजन उठाउँदा पनि कुनै समस्या हुँदैन। अब मेरो पूरै परिवार सद्गुरूदेवबाट नाम उपदेश लिएर आनन्दित छन्। पसल पनि पहिले भन्दा गजब चलेको छ। मेरो सुख देखेर मिर्चैया क्षेत्रका धेरै दुःखी व्यक्तिहरू सद्गुरूदेवबाट नाम दान लिएर सुखी भइ रहेका छन्। प्रेमी पाठकहरू। सतगुरू रामपाल जी महाराजलाई मात्र रामपाल जी नठान्नु होला। उहाँ त साक्षात् पूर्ण ब्रह्म कबीर परमेश्वर नै हुनु हुन्छ। कबीर साहेब जीको वाणी छः

कबीर, पाँच सहंस अरू पाँच सौ, जब कलियुग बित जाय ।<br>
महापुरूष फरमन तब, जगत तरन को आय ।।

**कबीर सागर कबीर पृष्ठ नं. १३६-१३७ मा बाणी लेखिएको छ कि -**

द्वादश पंथ काल फुरमाना। भूले जीव न जाये ठिकाना।<br>
बारहवै पंथ प्रगट होवै वानी। शब्द हमारे की निर्णय ठानी।।<br>
बारहें पंथ हमही चलि आवैं। सब पंथ मिटा एक ही पंथ चलावै।।

अन्ततः प्रेमी पाठकहरू। वर्तमानमा श्री सतलोक आश्रम, चण्डीगढ रोड बरवाला हिसारमा बन्दीछोड सतगुरू रामपाल जी महाराजबाट सित्तैमा नाम दान प्राप्त गरी आफ्नो जीवन सफल तुल्याउनु होस्। आनन्दमय जीवन बाँच्नु होस् र जीवन मरण रूपी चक्र मोक्ष प्राप्त गर्नु होस्। सतगुरूदेव जीको जय।

भक्त हरिगोविन्द दास, मिर्चैया - ३, सिरहा, नेपाल,<br>
फोन नं. ००९७७-९८०४७६६७५५, ००९७७- ९८४२८३६८७७

## "जय होस् ! बन्दी छोडको"

म भक्त ब्रजकिशोर (विजय) सुपुत्र श्री विल्टू साह, गाउँ करून्याही जिल्ला सिरहा, गा.वि.स.कल्याणपुर, नेपाल निवासी हूँ। फेब्रुअरी २०११ मा मेरो जीवनमा एउटा घटना भयो। बाबा रामदेवले बताए अनुरूप बबासीर (पायल्स) रोगको औषधी केरा र कपूर मिसाएर खाएको थिएँ, जसको रियाक्सनले म बेहोस भएँ। स्टार अस्पताल, सानेपा काठमाडौं नेपालको इमर्जेन्सीमा भर्ना गराइयो। ६ घण्टा पश्चात मात्र मेरो होस आयो। त्यस अवस्थामा म अर्ध पागलझैं भट्भटाउँथें। मलाई यस्तो लाग्दथ्यो कि अब म सायद बाँच्दिनँ। त्यसपछि मलाई निन्द्रा लाग्न छोड्यो, डर लाग्दथ्यो कि अब म सायद बाँच्दिनँ। कमजोर भएर सधैं मुटु कामि रहन्थ्यो किनकि मेरो जन्मजात नै हृदयमा प्वाल थियो। सानातिना घटनाले पनि मेरो हृदयको धड्कन बढ्थ्यो। केही दिनपछि कम्मरदेखि घाँटीसम्मका पछाडिका हाडहरू नचल्ने भए र हाडहरूबाट मेसिनको पूर्जाहरूको जस्तो खटखट आवाज निस्कन थाल्यो। पूरै शरीर असन्तुलित हुन लाग्यो। म आफ्नो शारीरिक कष्टबाट निकै निराश हुन थालैं। यस्तो कष्ठ भोगेर बाँच्नु भन्दा मर्नु नै जाति जस्तो लाग्न थाल्यो। फेरि मैले कीर्तिपुर, काठमाडौंका आयुर्वेद डाक्टरसित उपचार गराउन थालैं। योग अभ्यास एवम् मेडिटेसन समेत गरैं तर कुनै फाइदा भएन। त्यसपछि भारतको सिलिगुडीमा डा. च्यांग (न्यूरोलोजिष्ट) बाट उपचार गराएँ। एम. आर. गराएँ तर पनि रोगको पहिचान भएन। त्यसपछि फेरि हाडजोर्नी विशेषज्ञ डा. लखनलाल साह सित टिचिङ अस्पताल, महाराजगञ्ज, काठमाडौं र डा. रामकेवल साहसँग नेपाल मेडिकल कलेज, जोरपाटी, काठमाडौंमा उपचार गराएँ। कुनै पनि डाक्टरले न त रोग पत्ता लगाए न त रोग निदान गर्न सके। म साह्रै निराश भएँ। एउटा प्रोजेक्टमा काम गर्दै थिएँ। त्यो पनि विरामीका कारण छुट्यो, पैसा पनि मनग्गै खर्च भयो। म आर्थिक र मानसिक रूपमा पूरै विक्षिप्त भइ सकेको थिएँ। झारफुक गराएँ र देवीदेवता लाग्यो कि भनेर पनि देखाएँ तैपनि कुनै लाभ हात लागेन। त्यसैबला पारिवारिक कलहले गर्दा सबै दाजु भाइ छुट्टी अलग भए। चारै तिरबाट दुःखै दुःख आइ लाग्यो। त्यसपछि मैले सोचैं कि अब भगवान्ले नै यो रोग ठिक गर्न सक्छन्, डाक्टर वा झारफुक, ओखतीबाट ठिक हुनेवाला छैन। मसँग एउटा श्रीमद् भागवत् गीता पुस्तक थियो। ओशोको पुस्तक पनि थियो। ती पुस्तकहरू अध्ययन गर्न थालैं। मेरो दशा देखेर मेरो परिवार, मित्र, गाउँ समाजका सबै मानिसहरू धेरै दुःखित थिए। त्यसैबेला गाउँको एक भक्त ललन कर्णले "ज्ञान गंगा" किताबमा लेखिएको भगवान्को अद्भूत चमत्कारहरूको कहानी सुनायो र केही कुराहरू सम्झाउँदै ज्ञान गंगा पुस्तक पढ्नका लागि दियो। "ज्ञान गंगा" पुस्तक पूरै पढेपछि सबै कुराले मेरो हृदयलाई आशावादी बनाइ दियो। सतलोक आश्रम बरवाला हरियाणामा जानको लागि र पूज्य गुरूदेव सित नाम उपदेश लिनको लागि मेरो मन व्याकुल भयो। फेरि एक पटक काठमाडौं गएँ। त्यहाँको धार्मिक पुस्तक पसल रत्न पुस्तक भण्डार माइतीघरबाट ज्ञान गंगा पुस्तक रू ५० मा किनें। फेरि दोस्रो पटक ज्ञान गंगा र श्रीमद्भगवत गीता सँगसँगै पढैं अनि मलाई पक्का विश्वास भयो कि ज्ञान गंगामा

लेखिएको सबै कुरा सत्य हुन्। स्वयम् विश्वस्त भएँ, शास्त्रअनुकूल साधनाबाट नै प्रभुको प्राप्ति हुन सक्छ। त्यो साधन प्रदान गर्ने शक्ति यस पृथ्वीमा मात्र पूज्य गुरूदेव सन्त रामपाल जी महाराजमा नै छ। मलाई पूरा विश्वास भयो कि कबीर साहेब नै भगवान् हुन्, बाँकी सब कालका साधनासम्म हुन्।

त्यसपछि मैले योग, मेडिटेसन गर्न छाडेँ। त्यहाँबाट म र भक्त ललन दास दुवैले सतलोक आश्रम बरवाला, हिसार, हरियाणामा फोन गर्‍यौं र यथासक्य छिटो पूज्य गुरूदेव रामपाल जी महाराजबाट नाम उपदेश लिन प्रस्थान गर्‍यौं। म ६ मार्च २०११ मा नाम उपदेश प्राप्त गरी पूर्ण विश्वासका साथ भक्ति गर्दै छु। नामदान लिएर भक्ति गर्नाले मेरो सम्पूर्ण दुःखकष्ट नाश हुन गयो र आज म पूर्णरूपले स्वस्थ छु। म एम.ए. पास गरी नोकरीको लागि भौंतारिइ रहेको थिएँ। नाम दान लिए पछि गुरू जीको कृपाले मलाई गाउँकै कलेजमा सरकारी नोकरी पनि मिल्यो। यी सबै सतगुरू रामपाल जी महाराजको असीम कृपाले भएको हो। अतः अन्य भक्ति मार्गमा लागेका भक्तजनसित अनुरोध छ– परमेश्वर कबीर साहेबको भक्ति सद्‌गुरू रामपाल जी महाराजबाट नाम उपदेश लिएर गर्‍यो भने जन्ममरण रूपी भयंकर रोगबाट मुक्ति प्राप्त हुन्छ र सांसारिक सुख सम्पत्ति र दुःखको स्वतः नाश हुन जान्छ। जय बन्दी छोड कि! सत साहेब!

भक्त ब्रजकिशोर(विजय)

## 'भक्त दीपक दासको परिवारको आत्मकथा'

॥ बन्दी छोड सतगुरू रामपाल जी महाराजको दया ॥

म बलजित सिंहको पुत्र दिपक दास महलाना गाउँ सोनीपत जिल्लाको निवासी हूँ। हामीले तीन पुस्तादेखि राधास्वामी पन्थ डेरा बाबा जैमल सिंहबाट नाम उपदेश प्राप्त गरेका थियौं। सबभन्दा पहिले मेरा बुबाको मामा तिरकी हजुरआमाले राधास्वामी पन्थबाट नाम उपदेश लिनु भएको थियो। त्यसपछि हजुरबुबा-हजुरआमाले र पछि मेरा आमा-बुबाले पनि राधास्वामी पन्थका सन्त गुरविन्द्र सिंह जीबाट नाम लिनु भएको थियो। म पनि गुरविन्द्र जी महाराजलाई पूर्ण पुरूष मान्थेँ तथा यो पन्थ नै संसारमा प्रभु प्राप्त गर्ने उत्तम (श्रेष्ठ) पन्थ हो भनेर पूर्ण श्रद्धा राख्थेँ। उनको विशाल डेरा र विशाल सङ्गत समूह देखेर विशेष आकर्षित भएँ। सेवा गर्नका लागि डेरा बाबा जैमल सिंह व्यास (पंजाब) मा तथा छत्तरपुर पूसा रोड दिल्ली पनि जाने गर्दथेँ। तर यस पन्थमा उमेर विशेषको आधारमा नाम दिइन्छ त्यसैले अहिले म यस पात्रताका लागि अयोग्य थिएँ।

मेरा माता पिता जुन दिन छत्तर पुरबाट नाम लिन जानु भएको थियो त्यही दिन मेरो कान्छो भाइ (उमेर ५ वर्ष) को हातबाट छिमेकको एउटा बच्चाको आँखामा अन्जानमा कुनै वस्तुले लाग्यो। साँझ नाम उपदेश लिएर मातापिता घर आउनु भयो र त्यही दिनबाट हामी र हाम्रो छिमेकी बीच शत्रुता बढ्यो। छिमेकीले तपाईंको छोराले जानीबुझी मेरो छोरोको आँखामा हानेको हो भनेर आरोप लगायो। त्यसै दिनदेखि हामी माथि दुःखको पहाड नै खस्यो।

यसै क्रममा मेरा हजुरबुबाको विमारीका कारण देहान्त भयो। मेरी हजुरआमाको भने १२ वर्ष अघि नै देहान्त भइ सकेको थियो। मेरी हजुरआमाले राधास्वामी पन्थबाट प्राप्त पाँच नामको धेरै साधना गर्नु भएको थियो। वहाँ नियमित रूपमा तीन बजे तथा दिउँसो पनि भजन तथा स्मरण गर्नका लागि बस्ने गर्नु हुन्थ्यो र घण्टौंसम्म राधास्वामी पन्थले बताएको नामहरूको जाप तथा अभ्यास गर्ने गर्नु हुन्थ्यो। देहान्त पश्चात् हजुरबुबाको पार्थिव शरीर अर्को कोठामा राखिएको थियो। त्यही समय मेरी हजुरआमा प्रेतवत् रूपमा मेरी फुपू प्रेमवतीको शरीरमा प्रवेश भयो र आज तिम्रो हजुरबुबाको जीवन संस्कार समाप्त भयो त्यसैले तिमीलाई संहाल्न म आएको हूँ भन्न थाल्नु भयो। मेरी हजुरआमा जीवित हुँदा श्वास सम्बन्धी विरामी थियो जसका कारणले खोकि रहनु हुन्थ्यो। १२ वर्षपछि पनि त्यसरी नै खोकि रहनु हुन्थ्यो। तब मैले सोधैं- हजुरआमा तपाईं त धेरै दुःखी देखिनु हुन्छ। तपाईं सतलोक जानु भएन ? तब मेरी हजुरआमाले भन्नु भयो पुत्र मैले गलत साधनाका कारण आफ्नो अनमोल मानव जीवन व्यर्थमा गुमाएँ र अहिले मृत्यु पश्चात् भूत योनीमा परेर अनेक दुःख झेलि रहेछु, म कुनै सतलोकमा गएको छैन। अनि मेरी आमाले बडो आश्चर्यका साथ सोध्नु भयो– आमा हजुरलाई हजुरका गुरू चरण सिंह जीले सम्हाल्नु भएन ? अति दुःखका हजुरआमाले भन्नु भयो– उनले मेरो कुनै ख्याल राखेनन् र आज पनि म दुःखी नै छु।

उक्त घट्ना भएको २ वर्षपछि एक दिन मेरी अर्की फुपू कमला देवीमा मेरा हजुरबुबा प्रेतवत् प्रवेश गरेर म धेरै दुःखी छु, मेरो कुनै गति भएको छैन, म नुहाउन चाहन्छु भन्नु भयो। तब मेरी आमाले दुःख र आश्चर्य मिश्रित भावले भन्नु भयो– तपाईं त सतलोक जानु भएको थियो, के त्यहाँ नुहाउनका लागि पानी छैन? हजुरबुवा केही बोल्नु भएन। अनि मेरी आमाले फुपूमा प्रेतवत् प्रवेश गरेका हजुरबुबालाई नुहाउन लैजाँदा हजुरबुबाले छोरी म आफैं नुहाउँछु भन्नु भयो। मेरी आमाले फेर्नका लागि फुपूको कपडा ल्याएर लगाइ दिनु भयो तब मेरो हजुरबुबाले आफ्नो धोती माग्नु भयो मेरी आमाले एउटा ओढ्ने दिनु भयो। उहाँले आमाले दिनु भएको ओढ्ने लुगा माथि नै बेर्नु भयो। अनि मेरो लागि चिया बनाऊ भन्नु भयो र छिटो-छिटो चिया पिउनु भयो। मैले हजुरबुबा तपाईं सतलोक जानु भएन भनी प्रश्न गर्दा उहाँले छोरा म बडो कष्टमा छु भन्नु भयो। मेरी आमाले हजुरले त राधास्वामी हजुर चरण सिंहबाट नाम उपदेश लिनु भएको थियो, भक्ति पनि गर्नु हुन्थ्यो। के उहाँले हजुरलाई सम्हाल्नु भएन भनी प्रश्न गर्नु भयो। प्रेतवत् रूपमा फुपूमा प्रवेश गर्नु भएको हजुरबुबाले भन्नु भयो– उनले मलाई सम्हालेनन् र म यसरी नै धक्का खाँदै घुमि रहेछु।

त्यसै क्रममा मेरो आँखा अति कमजोर भएर अलिअलि मात्र देख्न थालें। बारम्बार चस्मा फेर्नु पर्‍यो। म पढ्नका लागि एक जना साथी कहाँ जान्थें। त्यहाँ भक्त सन्तराम जी ले मलाई पूर्ण ब्रह्मका अवतार सतगुरू रामपाल जी महाराजको महिमा सुनाए र तपाईं सतगुरू रामपाल जी महाराजबाट नाम उपदेश लिनु होस् तपाईंको आँखा ठिक हुन्छ भने साथै यस्तै दुःख कष्टबाट हामी जीवहरूलाई निकाल्नका लागि परमेश्वर कबीर

साहेब सन्त रूप धारण गरेर आउनु हुन्छ भनेर सम्झाए। मैले मेरा आमाबुबाले त राधास्वामी पन्थबाट नाम उपदेश लिनु भएको छ भने। भक्त सन्तरामले त्यो पन्थ अपूर्ण छ भने। उनको भक्ति साधनाले न सतलोक प्राप्त हुन्छ न त जीवनमा कहिल्यै कर्मको मार नै टार्न सक्छ। त्यो कर्मको मार त मात्र कबीर साहेबका प्रतिनिधि पूर्णसन्तले पन्छाउन सक्नु हुन्छ।

मेरा पिताजीलाई स्वासको विमारी थियो। दस पाइला हिड्ना साथ अवस्था नाजुक हुन्थ्यो। श्वासको विरामीका कारण दम फुल्न थाल्थ्यो। हाई तथा लो ब्लडप्रेसरको विमारी पनि थियो। मेरा पिता जीलाई चुनावमा ड्युटी गर्दा हृदयघात भएको थियो, तर कर्म संस्कारले गर्दा वहाँ बच्नु भयो। तैपनि हामी राधास्वामी पन्थी सन्त गुरविन्द्र सिंह जी महाराजले हृदयघातबाट पनि बचाउनु भयो, ठूलो उपकार गर्नु भयो भन्ने सोच्थ्यौं तर मैले जाडो का एक एक रातमा आफ्ना पिता जीलाई एक एक श्वास कहर (कष्टपूर्ण) भएको देखेको छु, बिल्कुल मृत प्रायः हुनु हुन्थ्यो र बसेर रूनु सिवाय हामी केही गर्न सक्दैनथ्यौं किनकि औषधिको मात्राको पनि आखिरी अवस्था भइ सकेको थियो, डाक्टरले पनि सक्ने जति औषधिको मात्रा बढाइ सकेका थिए, अझ बढाउने सक्ने अवस्था थिएन। मेरी आमा डेरे बाबा जैमल सिंहबाट ल्याएको प्रसाद खुवाउनु हुन्थ्यो र राधास्वामी पन्थी गुरविन्द्र सिंह जीको मूर्तिसामु बसेर प्रार्थना गर्नु हुन्थ्यो र रूनु हुन्थ्यो। त्यसै समय मेरो सानो भाइलाई प्रेत प्रकोपको दोष देखिन थाल्यो। ऊ रातमा जुरूक्क उठ्थ्यो अनि कसैले मेरो गोडा समातेर तान्दै छ, सुत्न दिदैन भन्थ्यो। ऊ पनि धेरै बिमारी हुन थाल्यो। पूर्ण परमात्मा कबीर परमेश्वरका दयाले मलाई सन् १९९८ अक्तुबर ८ मा सतगुरू रामपाल जी महाराजबाट नाम उपदेश प्राप्त भयो। २० दिन भित्र नै पूर्ण सन्त रामपाल जी महाराजको दयाले मैले चश्मा प्रयोग गर्न र औषधि खान पूर्ण रूपमा छाडि दिएँ। मलाई सतगुरू रामपाल जी महाराजप्रति पूर्ण विश्वास भयो। भक्त सन्तराम जीले मेरो घरमा आएर मेरा मातापितालाई तपाईंहरू पनि कबीर साहेबका प्रतिनिधि पूर्ण सन्त रामपाल जी महाराजबाट नाम लिनु होस्, तपाईंहरूका सम्पूर्ण कष्ट निवारण हुने छ भनेर सम्झाए।

त्यसपछि मैले पनि मातापितालाई सम्झाएँ। उहाँहरूले पहिले हामी राधास्वामी थियौं। हामीले सन्त रामपाल जी महाराजबाट नाम उपदेश लियौं भने दुनियाँले के भन्छन् भन्नु भयो। मैले एउटा डाक्टरबाट सही उपचार भएन भने के अर्को डाक्टर कहाँ जाँदैनौं? भनेर सम्झाएँ। धेरै दुःखी भएका कारण केही समय पश्चात् परमेश्वरको शरणमा आउनु भयो र राधास्वामी पन्थको पाँचै नाम त्यागेर पूर्ण सन्त रामपाल जी महाराजबाट नाम उपदेश लिनु भयो।

सतगुरू कबीर साहेब भन्नु हुन्छ - "शरण पडे को गुरू संभाले जान के बालक भोला रे।" सम्पूर्ण परिवारले नाम उपदेश लिना साथ हाम्रो दिन फिऱ्यो। मेरो भाइको प्रेत दोष पनि ठिक भयो, पिता जीको स्वास्थ्य एक दम ठिक भयो। पहिले दस पाइला हिड्न सक्नु हुन्नथ्यो। अहिले एक जनासँग मिलेर चिनीको बोरा उठाउनु हुन्छ। अहिले हाम्रो

परिवार पूर्ण परमात्माका अवतार सतगुरू रामपाल जी महाराजको शरणमा उहाँको दयाले पूर्ण सुखी छ तर मेरा हजुरबुबा-हजुरआमा तथा पिताजीका मावली हजुरआमाको मनुष्य जीवनको जुन क्षती भयो त्यसको पूर्ति कसैगरी पनि हुन सक्दैन। यदि कुनै व्यक्ति जीवन बचाउनका लागि लाखौँ-करोडौँ रूपियाँ खर्च गर्दा उसको जीवन बच्छ भने पैसाको कुनै मोल हुन्न किनकि जीवन त बच्छ। तर आज जत्ति मूल्य चुकाए पनि मेरा हजुरबुबा-हजुरआमाको जीवन शास्त्र विरूद्ध साधना (राधास्वामी पन्थद्वारा बताएको पाँच नामहरूको साधना) गर्नाले पूर्ण रूपमा व्यर्थ भयो (वहाँहरू भूत तथा पितृ योनीमा कष्ट भोगि रहनु भएको छ) फर्केर आउन सक्दैन। यी नक्कली सन्त तथा पन्थहरू सम्पूर्ण समाजका साथ घृणित मजाक गरेर चौरासी लाख योनीहरू भोगे पश्चात् प्राप्त हुने मानव जीवन तथा पूर्ण परमात्मा प्राप्त गर्ने एक मात्र साधन बर्बाद गरि रहेछन्। यो महाक्षतिका परिपूर्ति कुनै पनि मूल्यले गर्न सकिदैन।

हे बन्दी छोड सतगुरू रामपाल जी महाराज हामी तुच्छ जीवहरूप्रति ठूलो दया गर्नु भयो र आफ्नो सत्य ज्ञान दिएर आफ्नो शरणमा बोलाउनु भयो। अन्यथा हामी पुस्तौं पुस्तादेखि प्राप्त यस शास्त्र विरूद्ध साधनामा आफ्नो मानव जीवन समाप्त गरी भूत र पितृहरूको योनीमा गई यस शास्त्र विधियुक्त सतभक्तिबाट बञ्चित रहने थियौं।

सम्पूर्ण बुद्धिजीवि समाजसँग मेरो प्रार्थना छ। अहिले पनि समय छ। यस सत्यज्ञानलाई सम्झनु होस् तथा निष्पक्ष भएर निर्णय गर्नु होस्। बन्दी छोड सतगुरू रामपाल जी महाराजको चरणमा आएर सत्भक्ति प्राप्त गरी आफ्नो मनुष्य जीवनको कल्याण गराउनु होस्। "सतसाहेब"

सत्गुरूको चरणका दास भक्त दीपक दास, मो. नं.- +91-९९९२६००८५३

## सत कबीर साहेब जीको असीम कृपा

बन्दी छोड् सतगुरू रामपाल जी महाराज को जय !

यजुर्वेद अध्याय ८ मन्त्र १३ मा प्रमाण छ,-पूर्ण परमात्माले पापी भन्दा पनि पापी व्यक्तिको सम्पूर्ण पाप नाश गरी भयङ्कर रोगबाट पनि मुक्त गरि दिनु हुन्छ। यसको म जिउँदो उदाहरण हूँ।

म श्री इन्द्रप्रसाद मैनालीको पुत्र केशवप्रसाद मैनाली हरिऔन नगरपालिका - ११, जिल्ला सर्लाही निवासी हूँ। हाल म भक्तपुर ठिमीमा बस्छु। म "चुरेभावर नेपाल" नामको राजनैतिक पार्टीको अध्यक्ष एवम् पूर्व सभासद हूँ। ममाथि सतगुरू रामपाल जी महाराजले चमत्कारी कृपा गर्नु भयो अनि म र मेरो परिवारको सम्पूर्ण दुःख नाश गरी सुखी तुल्याउनु भयो।

संसारको नजरमा म सुखी र सम्मानित जीवन बाँचि रहे पनि आफ्नो बिमारीको कारण म ज्यादै दुःखी थिएँ। २० वर्षदेखि बबासिर (पायल्स) बाट पीडित थिएँ। शौच गर्दा अत्यन्त पीडा सहनु पर्थ्यो। आठ वर्षदेखि क्रोनिक ब्रोंकाइटिसबाट पीडित थिएँ। राजनैतिक व्यक्ति हुनाले थुप्रै मानिससँग भेट्नु पर्थ्यो र हरबखत मुखमा कपडा वा हात राखेर बोल्नु पर्थ्यो। मैले थुप्रै नाम चलेका डाक्टरबाट उपचार गराएँ तर कुनै लाभ भएन।

लाभ पनि कसरी होस् किनकि मैले जीवन ६२ वर्ष धर्मको नाममा अज्ञानी सन्तहरूको चक्करमा बर्बाद गरें। यो कुरा सतगुरू रामपाल जी महाराजबाट नाम उपदेश लिएपछि मात्र थाहा पाएँ।

नेपालको संसदको सभासद भएकाले सरकारी खर्चमा म संसारका कुनै पनि डाक्टरबाट उपाचार गराउन सक्थें तर नेपाल मेडिकल बोर्डले यसका लागि सिफारिश दिएन किनकि यो मेरो असाध्य रोग थियो, जसको उपचार कुनै पनि डाक्टरबाट सम्भव थिएन। जीवर्नपर्यन्त दुख भोग्नु र औषधी खानुनै एक मात्र विकल्प हो भन्ने लाग्थ्यो। एक किसिमले जीवन निराश, पीडा र कष्टमा व्यतित हुने सम्भावना बढ्दै गएकाले म सधैं तनावमा रहन थालें । मलाई अब जीवनमा मृत्यु कुर्नु सिवाय केही बाकी छैन जस्तो लाग्न थालेको थियो ।

एक दिन आफ्नै पीडामा छट्पटिएर शोकमग्न भई बसि रहेको थिएँ। मेरा नजिकका व्यक्ति भक्त भोलादास मकहाँ आए जो वर्षौंदेखि सतगुरू रामपाल जी महाराजका शिष्य थिए। उनले मेरो दुःख सुनेपछि सतगुरू रामपाल जी महाराजबाट नाम उपदेश लिए तपाईको दुःख अवश्य समाप्त हुन्छ भनेर सम्झाउन र विश्वास दिलाउन थाले। म संसारबाट हार खाइ सकेको थिएँ। तथाकथित ठूला भनाउँदा सन्तहरूको सङ्गत पनि गरेको थिएँ। सबै निष्फल भइ सकेको थियो। उनको वाणी अँध्यारोमा दीप जसरी मेरो मनमा प्रज्वलित भयो। म तेस्रो दिन नै सतलोक आश्रम चण्डीगढ रोड, बरवाला, हिसार, हरियाणाको लागि हिंडें साथमा घुँडाको हड्डी खिएर दुखाइबाट आहत तथा जलविन्दु जस्तो असाध्य रोगबाट पीडित मेरी पत्नी र कान्छी बुहारी पनि थिए। बाटोमा नेपालका थुप्रै भक्तहरू भेटिए। हामी कुनै बाधा व्यवधानबिना नै सतलोक आश्रम पुग्यौं।

त्यसो त म सन्त महन्तका स्वार्थसँग परिचित थिएँ। मैले सतगुरू रामपाल जी महाराजका न कुनै पुस्तक पढेको थिएँ, न त कुनै प्रवचन नै सुनेको थिएँ। कसैले भनेको भरमा नै आश्रम गएँ। अतः आउनासाथ नाम उपदेश लिन तयार थिइनँ। सौभाग्यले सतसङ्गको समय थियो। वहाँको सतसङ्ग सुनेपछि संसारका सबै धर्म गुरू, पंडित, पुरोहित आदि धर्मका नाममा मानिसहरूलाई कालको जलमा फसाउँछन् र सोझासाझा आत्माहरूलाई नर्क पठाउने प्रपञ्च रच्छन्। उनीहरूले न परमेश्रलाई भेटेका छन् न त परमेश्वरको सत्यभक्तिको ज्ञान नै छ। यी कार्य तिनीहरू पैसा कमाउन तथा समाजमा सम्मान पाउन गर्छन् भन्ने थाहा पाएँ। तर पनि नाम दानको लागि तयार भइनँ। मेरी पत्नी तत्काल नाम लिन तयार थिइन्। नाम दान नलिएसम्म गुरू दर्शन तथा गुरू आर्शीवाद सम्भव थिएन। सायद ममा कसैको विश्वास नगर्ने राजनीतिको धङ्धडी बाँकी नै थियो। आपसमा सल्लाह गरेर हामीले सन् २०१२ मे २ मा नामदान लियौं र गुरू दर्शनका लागि गयौं। त्यहाँ दयासागर मानौं हामीमाथि कृपादृष्टिका लागि तयार तथा खडा हुनु हुन्छ जस्तो महसुस भयो। मैले मेरो रोगबारे भन्नासाथ सतगुरूदेव जीले "सब

ठिक हो जाएगा" भनेर शीरमा हात राखी आर्शीवाद दिनु भयो अनि त मेरो जीवनमा चमत्कार नै भयो। भोलिपल्ट शौच जाँदा थोरै रगत झऱ्यो र त्यससँगै मानौ पायल्स ठिक भयो। दुई दिन आश्रममा बसेपछि क्रोनिक ब्रोंकाइटिस ८० प्रतिशत आशीर्वाद लिना साथ ठिक भयो, जुन अहिले पूर्ण रूपमा निको भइ सकेको छ। अहिले महिना दुई महिनामा कहिलेकाहीँ सामान्य खोकी लाग्छ।

मेरी पत्नी भक्तमति शुभद्रा मैनाली थुप्रै रोगहरूबाट ग्रसित थिइन् । उनको दुबै घुँडाको हड्डी खिइएको थयो। घरमा भित्र बाहिर गर्न पनि सान्है कठीन थियो। बी. एण्ड बी. अस्पतालमा देखाउँदा डाक्टरले १० देखि १२ लाख लाग्छ भनेका थिए । ढाडको ५ वटा नशाहरू च्यापिएका थिए । दिर्घायु अस्पतालमा देखाउँदा शल्यक्रिया गरि हाल्नु पर्ने भनेको थियो । दमको कारणले थोरै समय हिड्दा पनि मुटु फुट्ला जस्तो हुन्थ्यो। उनलाई थाइराइडको समस्या पनि थियो । उनी आँखा पनि धमिलो देख्ने गर्थिन्। नेपालकै प्रख्यात आँखा अस्पताल तिल गङ्गामा देखाउँदा डाक्टरले जलविन्दुको दोष देखायो तर सतलोक आश्रम बरबाला, हरियाणाबाट नामदीक्षा लिएर काठमाडौं आएपछि पहिलेकै अस्पतालमा आँखाको पुनः परीक्षण गराउँदा डाक्टर पनि छक्क परे। आँखामा जलबिन्दुको कुनै पनि लक्षण थिएन। आँखा पूर्णरूपमा ठिक भयो। अहिले उनी पूर्ण रूपमा स्वस्थ छिन् । घण्टौं उभिएर तथा हिंडेर सेवा एवं सत्कार्य निरन्तर गरि रहन्छिन् । कुनै औषधि खानु परेको छैन । यी सब सन्त रामपाल जी महाराजको कृपाबाट नै सम्भव भएको हो । उपरोक्त विवरण उनलाई नै ९८५११२३५७८ फोन गरी सोध्न तथा प्रत्यक्ष प्रमाण हेर्न सक्नु हुन्छ ।

सबैजना ममाथि भएको गुरू जीको कृपाले प्रभावित भए। तबसम्म म आश्रमका नियमहरू तथा भक्तिभावसँग केही परिचित भइ सकेको थिएँ। मैले सबैलाई ज्ञान गंगा राम्रोसँग पढ्न प्रेरित गरें। त्यसपछि आश्रम आउँदा सबैलाई लिएर आएँ उनीहरूमा कुनै द्विविधा थिएन। सबैजना नाम उपदेश लिएर विश्वासका साथ भक्ति गर्दै छन् र रोगमुक्त भएर सुखी जीवन बाँचि रहेका छन्।

सत गुरू रामपाल जी महाराज पूर्ण परमात्माको प्रतिरूप नभएर पूर्ण परमात्मा नै हुनु हुन्छ। जसले आफ्नो वास्तविकता लुकाएर राख्नु भएको छ र आफूलाई "पूर्ण परमात्माको दास" भन्नु हुन्छ। उहाँ धरतिमा फँसेका जीवहरूलाई बन्धनबाट मुक्त गरेर सतलोक लैजान आउनु भएको हो। हाम्रो सदग्रन्थमा यसको प्रमाण छ। जसमा जब कलियुग पाँच हजार पाँचसय पाँच वर्ष बित्ने छ तब तारणहार (मोक्षदायक) सन्त जगतलाई तार्न (मुक्त गर्न) धरतिमा आउने छन् भनेर लेखिएको छ।

कबीर, पाँच हजार अरू पाँच सौ पाँच जब कलयुग बीत जाए।
महापुरूष फरमान तब जग तारण को आए।।

सम्पूर्ण प्रेमी भक्तहरू! सही समय र पूर्ण सन्त पनि आइ सक्नु भएको छ। ज्ञानामृतको वर्षा गरि रहनु भएको छ। अहिलेका अन्य सब नक्कली सन्त महन्त रूपी

ठगहरूबाट बच्नु होस् र सिघ्र सतगुरूको चरणमा आई निःशुल्क नाम उपदेश लिएर आफ्नो कल्याण गराउनु होस् र पूर्ण मोक्ष प्राप्त गर्नु होस्। ।।सत साहेब।।

केशवप्रसाद मैनाली (दास) काठमाण्डौ, नेपाल

फोन. नं. +९७७-९८४१८९२५८३

## सत गुरूदेव जीको अमृतमय दयाको वृष्टि

बन्दी छोड् सतगुरू रामपाल महाराज को जय !

म भक्त श्याम दास (सापकोटा) मधवलिया-४ कोटिहवा, रूपन्देही, नेपाल निवासी हूँ। पेशाले नेपाल सरकारको उपसचिव (**under secretary**) पदमा भू तथा जलाधार संरक्षण विभाग बबरमहल काठमाण्डौमा कार्यरत छु। वि. सं. २०६०/८/१२ सम्म मेरो कार्यकाल छ। म कैयौं रोगबाट ग्रसित थिएँ। यसका साथै ॐ जाप तथा ध्यान पनि गर्ने गर्थे। ॐ शान्ति (ब्रह्म कुमारी राजयोग) को सात दिने तालिम पनि लिएको थिएँ तर पनि अस्पताल जाने क्रम रोकिएन। ध्यानमा बस्दा कहिले काहिं श्री गणेश जी, ब्रह्मा सावित्री जी, विष्णु लक्ष्मी जी, शिव पार्वती जी; विभिन्न मानव, जनावर र वनजङ्गल, नदिनाला आदि देखिन्थे। तर पनि रोग सङ्ख्या दिनानु दिन बढ्दै गयो। जुन रोगहरूको विवरण यस प्रकार छ :

१) मेनिया : म साइकेटिक भएर दुईपटक अस्पतालमा भर्ना भएँ। दुबै पटक धेरै औषधी दिइयो। जुन दिनमा तीनपटक औषधी खानु पर्दथ्यो।

२) हात काम्नु : मेरा दुबै हातहरू जोडसँग काम्थे। जसकारणले राम्रोसँग हस्ताक्षर गर्न पनि सक्दिन थें।

३) आँखा कमजोर : म -२.५ (माइनस २.५) पावरको चस्मा लगाउँथें।

४) पायल्स : म दुई तीन वर्षदेखि यस रोगबाट ग्रसित थिएँ। आयुर्वैदिक तथा होमियोपैथिक औषधि खान्थें। केही समय ठीक हुन्थ्यो अनि फेरि **Bleeding** शुरू हुन्थ्यो।

५) यूरिक एसिड : मेरा दुबै घुँडा र जोर्नीहरूमा ज्यादै पीडा हुन्थ्यो। मैले एलोपैथिक र आयुर्वैदिक औषधि प्रयोग गरें तर खासै प्रगति भएन।

६) ग्याष्ट्रिक : धेरै अघिदेखि छाति र पेटमा ज्यादै जलन हुन्थ्यो। ड्राइफुड, चिल्ला खाने कुरा, चिया, चिसो खानेकुरा जस्ता खानेकुरा खाँदा तत्काल जलन हुन्थ्यो। म बडो हैरान थिएँ। एलोपैथिक औषधि त खाइ नै रहन्थें।

७) ठूलो पेट : पेट ठूलो भएको कारणले पैदल हिंड्दा चाँडै थाक्थें। उकालो चढ्दा त ५ मिनेट हिंड्न पनि सान्है कठीन हुन्थ्यो।

उल्लेखित रोग तथा घरायसी विविध समस्याहरूले निकै आजित भएको थिएँ। एकदिन म ससुराली (उपरहवा-४ वाँणगंगा, कपिलवस्तु) बाट घर फर्कि रहेको थिएँ। हाइवे नम्बर -४ वाँणगंगा, कपिलवस्तु मा "ज्ञान गंगा" को प्रचार भइ रहेको थियो। मेरी

श्रीमतीले एउटा पुस्तक किनिन्। मैले पुस्तक ध्यानपूर्वक दुई तीन पटक पढें र पुस्तकमा लेखिएका संस्कृतका वाणीहरूका भाव सम्बन्धित वेदहरू तथा गीतामा खोजेर परीक्षण गर्ने प्रयत्न गरें। साच्चै ज्ञान गंगाको ज्ञान राम्रो लाग्यो। त्यसैले मैले सतलोक आश्रम चण्डिगढ रोड, बरवाला गएर तत्वदर्शी सन्त जगतगुरू रामपाल जी महाराजबाट प्रथम नाम मन्त्र २०१२ अप्रिल ४ मा र सन् २०१२ नोभेम्बर २ मा सत्यनाम लिएँ।

अहिले म मेनिया रोगको एउटा मात्र औषधि (एलोपैथिक **lithium 400 mg**) साँझ मात्र खान्छु। परमेश्वरको कृपाले अहिले ममा साइकेटिकको कुनै लक्षण छैन। हात काम्न बन्द भयो। राम्रोसँग लेख्न सक्छु। पत्र पत्रिका पढ्नलाई चस्मा चाहिदैन। पायल्स ५-६ महिनादेखि देखिएको छैन। यूरिक एसिडको औषधि खान र पथ परहेज छोडि सकेको छु। सन् २०१३ जनवरी २९ को रात मेरो छाति तथा पेटमा ज्यादै जलन भयो र जगतगुरू तत्वदर्शी सन्त रामपाल जी महाराजको स्मरण गर्न थालें। मैले गुरू जीको श्रीचरण मेरो छाति र पेटमा हिडेको देखें। केही समय पश्चात् छाति र पेटको जलन समाप्त भयो। त्यसका लागि मैले कुनै औषधि खाइनँ।

सम्पूर्ण भक्तात्माहरूलाई मेरो विनम्र अनुरोध– ज्ञान गंगा र धरतिमा अवतार पुस्तक खोजेर पूर्ण श्रद्धापूर्वक पढ्नु होस्। परमात्माको तत्वज्ञान बुझी सतलोक आश्रम चण्डिगढ रोड, बरवाला, हिसार (हरियाणा) गएर जगतगुरू तत्वदर्शी सन्त रामपाल जी महाराजबाट नाम दान लिएर आत्मकल्याण गराउनु होस् तथा रोग, शोक एवं चिन्ता नाश गराएर यसै जन्ममा सुस्वास्थ्य र सुखसमृद्धि प्राप्त गरी आफ्नो सत्यभक्ति पूर्ण गरेर आफ्नो निज धाम सतलोक (जहाँबाट हामी आएका हौँ) पुनः प्राप्त गर्नु होस्। ।।सत साहेब।। भक्त श्याम दास

## सत कबीरको दया

बन्दी छोड् सतगुरू रामपाल जी महाराज को जय !

म श्यामकुमार दास लोटन यादवको पुत्र कचुडी–५ धनुषा निवासी हूँ। म पेशाले इलेक्ट्रिकल इन्जिनियर नेपाल विद्युत प्रधिकरण विभाग काठमाण्डौमा उप-प्रबन्धकको पदमा कार्यरत छु। आफ्नो पहिलेका दुःखद जीवनका झलकहरू बताउँदै छु। अहिले मलाई मेरो बितेका ती दिनहरू सम्झँदा आङ् सिरिङ्ग हुन्छ जसको वर्णन गर्दा भक्कानो छुटेर आउँछ।

म विज्ञान विषयको विद्यार्थी भएकोले नास्तिक प्रवृत्तिको थिएँ। इन्जिनियर बनि सकेपछि पनि त्यही सिलसिला जारी थियो। मोज मस्ती गर्नु जिन्दगी हो भन्ने सम्झन्थें। ३४ वर्षको उमेरमा नै म डायबेटिज (चिनीरोग) को बिरामी भएँ जसले गर्दा मेरो दिमागले कम काम गर्न थाल्यो र म चिन्तित जीवन जिउन थालें। तर एक समय मेरा सामुन्नेमा यस्तो घटना घट्यो जसले मलाई आध्यात्मिकता प्रति झुकाव बढायो। म दाङ जिल्लामा सेवारत थिएँ। त्यतिखेर एउटा अजीव घटना घट्यो। एउटा बसमा माओवादी लडाकु र सशस्त्र प्रहरीबीच गोली हानाहान भयो। त्यसै समय मेरो एउटा साथीको टाउकोमा गाली लाग्यो र पछिल्तिरबाट निस्कियो र थुप्रै अरू मानिसलाई पनि गोली

लाग्यो र मरे। टाउकोमा गोली लागेको मेरो साथीलाई लखनउमा लगेर उपचार गराइयो र ऊ बांच्यो। लखनउबाट फर्केपछि थाहा भयो हात र खुट्टामा गोली लागेको अर्को व्यक्तिको चाहिं मृत्यु भयो। त्यसै दिनबाट मलाई यो जगत चलाउने कुनै अर्को अदृश्य शक्ति छ या भगवान छन् भन्ने महसुस तथा विश्वास भयो तर कसरी र कहाँ प्राप्त हुन्छ भन्ने थाहा थिएन।

यसै सिलसिलामा ॐ शान्तिबाट सुरू गरेर योगी विकासानन्द जी, स्वाति जी, रामदेव महाराजबाट ज्ञान लिएर दुई वर्षसम्म योग साधना गरें एवम् दिल्लीका कुमार स्वामीको नियम अनुसार पैसा तिरेर विशेष कृपा प्राप्त गर्ने प्रयत्न पनि गरें तर डायबेटिजमा कुनै लाभ भएन। कसैगरी पनि परमात्मा प्राप्त गर्ने कुनै उपाय प्राप्त भएन।

यसै सिलसिलामा "भक्ति के सौदागरको सन्देश" नामक पुस्तक मैले पाएँ। त्यो पुस्तक पढ्न सुरू गरें र मैले ब्रह्माका पिता, विष्णुकी माता एवम् शङ्करका हजुरबुबा को हुन् ? भन्ने प्रश्नको उत्तर पाएँ। म यो देखेर स्तब्ध भएँ। त्यसपछि "भक्ति के सौदागरके सन्देश" एक दिनमा कैयौं पटक पढें। पुस्तक पढ्दा पढ्दै वेब साइड हेर्ने उत्सुकता जाग्यो। मलाई ज्ञानको भोक झन् झन् बढ्दै गयो र मैले अन्य पुस्तकहरू पनि पढें। गहरी नजर गीता मे, आध्यात्मिक ज्ञान गंगा, करौंथा काण्डका सहस्य लगायत सम्पूर्ण हिन्दी पुस्तकहरू २ वर्ष सम्म पढें। जब प्रमाणको रूपमा श्रीदेवी पुराण, महाभारत, रामायण, शिव पुराण, गरूड पुराण, तथा गीता जस्ता ग्रन्थ पढेपछि जस्ताको त्यस्तै रूपमा प्रमाण पाएँ। त्यसपछि मलाई सतलोक आश्रम जाने इच्छा भयो। मलाई शास्त्रविरूद्ध साधना गरि रहेका सबै धर्मगुरूहरू ढोंगी लाग्न थाले। त्यसैले मैले सबै खालका आन उपासना छोडि दिएँ।

कवीर्देव (कबीर साहेब) को कृपाले कार्यालयको कामले पंजाब प्रान्तको भटिण्डा जाने अवसर मिल्यो। म अमृतसरबाट चण्डिगढ जाँदा जिंदबाट हिसार आउन चाहें तर किसान आन्दोलनका कारण भटिण्डा नै फर्कें। फेरि अमृतसरबाट फर्कंदा आश्रममा म कसरी आऊँ भनेर फोन गरें। अम्बालाबाट बसमा बरवाला (सतलोक आश्रम) आउने सल्लाह पाएँ। किनकि त्यो बाटो खुला थियो। तर म अम्बालाभन्दा निकै अगाडि आइ सकेको थिएँ। अनि कुरूक्षेत्र हुँदै आफ्ना तीन जाना साथीहरूलाई त्यहीं छोडें र भाडाको ट्याक्सी लिएँ। म साँझ सतलोक आश्रम पुगें। आश्रममा नामदान (दीक्षा), खानपिनको प्रबन्ध तथा बस्ने व्यवस्था निःशुल्क भएको थाहा पाएँ। म सन्त रामपाल जी महाराजबाट नाम दान तथा उपदेश लिएर दिल्ली हुँदै काठमाण्डौ फर्कें। त्यसपछि मैले परमात्मा (पूर्ण ब्रह्म)को चमत्कार देखें। परीक्षण गराउँदा मेरो डायबिटिज सामान्य पाएँ। त्यसै दिनबाट मलाई कबीर साहेब जी सन्त रामपाल जी महाराज को स्वरूपमा सतलोक आश्रम चण्डीगढ रोड, बरवाला, हिसार जिल्ला, हरियाणा (भारत) मा विराजमान हुनु हुन्छ भन्ने दृढ विश्वास भयो। त्यस दिनबाट म डायबिटिजको उपचार सतगुरू रामपाल जी महाराजको कृपाले भक्ति रूपी औषधिले गर्न थालें। एक महिना पछि पूरै परिवारले सतलोक आश्रम बरवाला गएर नाम दीक्षा लियौं। त्यसपछि मेरो जीवनमा एक अद्भुत

चमत्कार भयो। मेरो सरूवा काठमाण्डौमा भयो अनि नेपालमा हुने ज्ञान गंगा पुस्तक सेवामा सरिक हुन थालें। बिस्तार बिस्तार समाजमा सदगुरूको अमृत दया वर्षन थाल्यो र नेपालमा सतगुरूदेवको ज्ञान प्रचार प्रसार जोड तोडका साथ हुन थाल्यो। थुप्रै भक्तजनहरू सतलोक आश्रम पुगेर उपदेश प्राप्त गर्न थाले।

म सबै दाजुभाइ, दिदी बहिनी एवं भक्त समाजसँग हात जोडेर प्रार्थना गर्न चाहन्छु तपाईंहरू नक्कली गुरू तथा महामण्डलेश्वर स्वामी आदिका चक्करमा नपरी विवेकपूर्ण निर्णय लिदैं पूर्ण परमात्माको भक्तिका लागि सतलोक आश्रम चण्डीगढ रोड, बरवाला, हिसार जिल्ला, हरियाणा (भारत) जानु होस् र बहुमूल्य समय खेर नफाली छिटो भन्दा छिटो नाम दीक्षा लिएर आफ्नो कल्याण गराउनु होस्। ज्ञान गंगा, धरतिमा अवतार पुस्तक पढ्नु होस् एवं सी. डी./डी. भी. डी. र साधना च्यानलमा साँझ ७ : ५५ मा सत्सङ्ग हेर्नु होस् अनि निष्पक्ष तरिकाले मनन् गर्नु होस्। सद्ग्रन्थहरूको आधारमा ज्ञान बताउने सन्त नै तत्वदर्शी सन्त हुन सक्छन् भन्ने कुराको प्रमाण शास्त्रहरूमा पढ्नु होस्। ती तत्वदर्शी सन्त रामपाल जी महाराज सतलोक आश्रम चण्डीगढ रोड, बरवाला, हिसार जिल्ला, हरियाणा (भारत) मा हुनु हुन्छ। उहाँबाट नाम दान लिएर आफ्नो र परिवारको उद्धार तथा कल्याण गराउनु होस्।

"कबीर, समझा है तो सिर धर पांव, बहुर नहीं रें ऐसा दावं"

आजका दिनमा २१ ब्रह्माण्डमा एक मात्र तत्वदर्शी सन्त रामपाल जी महाराज नै मोक्षमन्त्र प्रदान गर्ने अधिकारी हुनु हुन्छ, जसले शास्त्रविधि अनुसारको साधना बताउनु हुन्छ। ।।सत साहेब।।

भक्त श्याम दास काठमाण्डौ, नेपाल
मो. नं. ९८५१००९०९९

## ढाड दुखाइ निको हुनु

म पूर्णब्रह्म कबीर परमात्माका भक्त कुमार दास (डंगोल) काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका– १५, स्वयम्भ डल्लु आवास निवासी हुँ। चार बर्ष पहिले नेपाली सेनाबाट सेवा निवृत्त (Retirement) हुनुपूर्व सूचना प्रविधि महाशाखाको महाशाखा प्रमखका रूपमा कार्यरत थिएँ। हाल समाजसेवामा संलग्न रहनुका साथै एक निजी माध्यमिक विद्यालयको सञ्चालकको रूपमा पनि कार्यरत छु। ज्योतिष शास्त्रमा रूचि रहेकोले नोकरीमा रहेको बेलामा केही ज्ञान सिकेको थिएँ। वि. सं. २०४५ सालमा कम्प्युटरमा प्रोग्राम बनाएर नेपाली क्यालेण्डर निकाल्ने र गणितका माध्यमबाट फलादेश गर्ने सफ्टवयरका निर्माणको काम पनि शुरू गरेको थिएँ तर यसबाट आफनो नोकरीमा वृत्ति बिकासमा खासै सहयोग नहुने भएकोले त्यतातिर लागिनँ। साइबाबाको चमत्कार सुनेर केही महिना भजन किर्तनतिर पनि लागें तर यसबाट पनि आत्मिक सन्तुष्टि प्राप्त भएन। मनमा विभिन्न खालका भ्रान्तिहरू मात्र चलि रहन्थ्यो। जीवनमा केही कुराको अपुग छ भन्ने लागि रहन्थ्यो।

वि.सं. २०७१ सालमा गुरू जी जेल जानुपूर्व एकजना भगत जीले ज्ञान गंगा पुस्तक पढनुस् भनेर दिनु भएको थियो। त्यसबेला आफू निकै व्यस्त भएकोले केही पाना

मात्र सर्सती पढैं र पछि पढ्नु पर्ला भनेर दराजमा राखें। मलाई सन्त रामपाल जीको विषयमा जान्ने जिज्ञासा चाहिं बढ्न थालेको थियो, जसकारण सगरमाथा, साधना टी. भी. मा आउने सत्सङ्ग कहिले काँही हेर्ने गर्थें। ज्ञान गंगाको थोरै अध्ययनले पनि ममा केही हलचल चाहिं मच्चाएको थियो । केही महिनापछि म, मेरी भक्तमति र एक जना चिनीया मूलकी ताओइष्ट (चाइनीज बुद्ध धर्म मान्ने) मलेशियन चाइनिज महिला (जसले मलाई चाइनिज भाषा पनि पढाउनु हुन्थ्यो) एक दिन बिहान नागार्जुन नगरपालिकाको गैह्री गाउँ घुम्न गएका थियौं । फर्कने क्रममा ठूलो भन्याङ्गमा एकजना भगतले सञ्चालन गरेको होटेलमा चिया पिउन गयौं। मैले वहाँसँग गुरू जीले दिनु भएको ज्ञानको बारेमा के हुँदै छ नि भनेर सोधें। वहाँले गुरू जीले दिनु भएको ज्ञान राम्रो छ, यसमा मुक्तिको मार्ग छ र यो दिनानुदिन फैलदै गएको छ भनी सुनाउनु भयो । सत्य साधना प्राप्त गर्न र जन्म-मरणको चक्रबाट छुटकारा पाउन चाहनु हुन्छ भने शास्त्रसम्मत तत्वज्ञान बुझी नामदीक्षा लिनु होस् र आफ्नो कल्याण गराउनु होस् भनेर ती भक्त जीले भन्नु भएपछि मेरो मनमा यस ज्ञानमा केही त छ भन्ने लाग्यो। मैले अब ज्ञान गंगाको राम्रो अध्ययन गर्ने संकल्प गरैं।

मैले बुद्ध धर्मसँग सम्बन्धित ताओको मार्ग पनि राम्रै छ भनें। यदि अहिलेसम्मको जत्ति पनि देवी देवता तथा ताओको मार्गभन्दा गुरू जीको मार्ग उत्तम छ भने म पनि अध्ययन गरेर यसै मार्ग अनुशरण गर्छु तर राम्रो लागेन भने तपाईं पनि ताओमा आउनु पर्छ नि भन्ने जवाफ दिएँ। मैले यसो भन्दा ताओइष्ट महिलाले अलि असजिलो मान्नु भयो। त्यस उप्रान्त दैनिक बिहान सगरमाथा टी. भी. च्यानलबाट प्रशारण भैरहेको गुरू जीको सतसङ्ग हर्न थालें। दुई चोटी ज्ञान गंगा पुस्तक पनि पढैं। संस्कृतका श्लोकहरू बाहेक प्रायः सबै कुरा बुझें। जिज्ञासा बढ्दै गयो। परमात्माको खोजी पनि बढेदै गयो । मेरा पहिलेका ज्ञान तथा अनुभवहरू सामान्य लाग्न थाल्यो। मलाई सानो जलाशयबाट निस्केर वृहद् जलाशय भेटेको अनुभव हुन थाल्यो अनि **Youtube** बाट पनि गुरू जीले दिनु भएको सतसङ्ग लगायत जेलधाम जानुका रहस्यका बारेमा पनि अध्ययन गर्न थालैं । मलाई शास्त्रमा रहेका तत्वज्ञान र प्रमाणिक तथ्यहरू प्रष्ट भएपछि संसारका मुख्य-मुख्य धर्म मार्गहरू सम्बन्धी **Slides** बनाएर २९ जना बुद्धिजीवीहरूको बीच प्रस्तुत गरें। उपस्थित अधिकांश बुद्धिजीवीहरूबाट सकारात्मक प्रतिक्रिया पाएँ, जुन मेरा लागि यस मार्गमा लाग्ने थप प्रेरणाको श्रोत बन्यो । म झनझन उत्साहित भएर खोज कार्यमा लागें।

गुरू जीले दिनु भएको ज्ञान वैदिक सनातनमा आधारित एवं सर्वश्रेष्ठ रहेछ भनेर थाहा पाउँदा पाउँदै पनि तत्काले मैले मन्त्रदीक्षा (नामदान) लिन सकि रहेको थिइनँ। यसको मूल कारण म **World Light Foundation** को अध्यक्ष थिएँ। म अध्यक्ष हुनु भन्दा अगाडि नै उक्त **Foundation** को लागि खरिद भएको घरजग्गा अंश मुद्दामा परेकोले मुद्दाको टुङ्गो नलगाइकन आफूले छोड्न नैतिकताले दिएन र एक बर्षसम्म मुद्दा लडेर जितेपछि सो **Foundation** बाट बिदा भएँ र मैले स्वतन्त्र रूपमा गुरू जीको ज्ञानमा डुब्ने मौका पाएँ।

मेरौ अधिकांश समय कम्प्युटरमा बित्ने गर्दथ्यो, जसले गर्दा ढाड दुख्ने गरेको धेरै समय नै भईसकेको थियो। डाक्टरलाई देखाउँदा शल्यक्रिया गर्नु पर्ने सल्लाह मात्र दिन्थे। मलाई शल्यक्रिया जोखिमपूर्ण हुन्छ भन्ने थाहा थियो। म विकल्पको खोजीमा थिएँ। दुःखाइ समाधान कसरी गर्ने भन्ने मलाइ चिन्ता लागि रहन्थ्यो। ममा महत्वाकांक्षी र सधैं जसो असन्तोष खालका भावना भैरहने हुनाले मनमा अशान्ति हुन्थ्यो। बिस्तारै बिस्तारै काममा पनि बाधा पर्न थाल्यो, जसकारण मानसिक तनाव पनि बढ्दै गयो। यसै क्रममा मैले सन्त रामपाल जी महाराजका थुप्रै भक्तहरूको अनुभव सुनैं र केही त प्रत्यक्ष रूपमा भेटेर छलफल पनि गरैं। नामदीक्षा लिएँ। मन्त्रदीक्षा प्राप्त भएपछि नियमित रूपमा मर्यादामा रहेर मन्त्रजप गर्न थालैं। करीव ३ महिनामा मेरा ढाड दुःखाइ कसरी हराएर गए पत्तै भएन। मलाई त मेरो ढाड कहिल्यै दुखेकै थिएन जस्तो अनुभव भयो। पहिले भक्त भक्तमतिहरूले आफ्नो अनुभव सुनाउँदा जुन अचम्म लाग्थ्यो त्यो सत्य रहेछ भन्ने आफैले महशुस गरैं । यसको साथसाथै सधैं अशान्त भैरहने मन पनि शान्त भएकोले आफूलाई ज्यादै आनन्द लाग्यो। यी सब बन्दी छोड जगतगुरू तत्वदर्शी सन्त रामपाल जी महाराजको अपार कृपाबाट सम्भव भएको हो।

सम्पूर्ण महानुभावहरूमा मेरा विनम्र अनुरोध छ– "ज्ञान गंगा" वा "जिउने मार्ग" आदि पुस्तक खोजेर वा निःशुल्क मगाएर श्रद्धापूर्वक पढ्नु होस्। मनुष्य जन्म अनमोल छ, असङ्ख्य ब्रह्माण्डका मालिक पूर्णब्रह्म कबीर परमात्माका भक्ति बिना मुक्ति असम्भव रहेछ। विभिन्न किसिमका दुःख एवं रोगहरूबाट छुटकारा पाउन र सुखी जीवन जिउन तथा मृत्यु पश्चात् ८४ लाख योनीहरूको कष्ट र जन्म-मृत्युको चक्रबाट मुक्त हुन जगतगुरू तत्वदर्शी सन्त रामपाल जी महाराजको शरणमा गई निःशुल्क नामदीक्षा लिएर आफ्नो कल्याण गराउन सबैमा दश औंला जोडी हृदयदेखि नै प्रार्थना गर्दछु । सत साहेब । जय बन्दी छोड कि ।

भक्त कुमार दास (डंगोल)
पूर्व महा-सेनानी
सम्पर्क: 00977-01-4301680, 00977-9851096438

## मोक्षदायक भक्ति साधना

म भक्त प्रमोद कुमार दास लोहारपट्टी नगरपालिका– ५, जिल्ला महोत्तरीको स्थायी निवासी हूँ। विगत ४३ वर्ष देखि काठमाडौ उपत्यकामा बस्दै आइ रहेको छु। बिगत ४० वर्षदेखि म शिक्षा क्षेत्रमा आबद्ध भई बुढानिलकण्ठ स्कुल, काठमाडौमा **Schools Programme Co-ordinator, Save The Children -UK,** तथा **UNICEF** मा **Consultant** पदमा रहेर काम गरें। त्यस्तै नेपाल सरकारको शिक्षा मन्त्रालय अन्तर्गतका विभिन्न जिल्ला, क्षेत्र तथा केन्द्रिय कार्यालयहरूमा माध्यमिक विद्यालय निर्देशक, अङ्ग्रेजी विशेषज्ञ, उपनिर्देशक, जि. शि. अ. तथा क्षेत्रीय शिक्षा निर्देशक रूपमा कार्य गर्ने मौका पाएँ। बेलायत, डेन्मार्क, जापान, थाइल्यान्ड, हङ्गेरी, साउथ कोरिया, भारत, बङ्गलादेश,

भुटान आदि देशहरूमा उच्च शिक्षा (PG in TESOL, M.Phil.) तथा तालिम लिने सुअवसर पनि मिल्यो। यसो हेर्दा भौतिक रूपमा म सुखी र सम्पन्न देखिन्थें। आफन्त, घरपरिवार, छरछिमेकबाट मान सम्मान पनि पाइ रहे कै थिएँ तर मलाई आत्मिक सुख भइ रहेको थिएन।

आफ्नो शरीरमा भएका कष्ट र मानसिक वेदनाको छट्पटीहरू अरूलाई के थाहा? आत्मिक सुखका लागि म थुप्रै ठाउँ पुगेँ, थुप्रै पण्डित, महात्मा तथा गुरुहरूकहाँ पनि पुगेँ तर सन्तोषजनक जवाफ कतैबाट प्राप्त भएन। ममा परमात्मा प्राप्तिको जिज्ञासा झनझन बढ्दै गयो। परमात्माको खोजीमा म देश-विदेश पुगेँ। हरियाणाको कुरूक्षेत्र, काशी, लगायत विभिन्न ठाउँहरूमा गई घाटघाटको पानी पिएँ अर्थात् प्रवचन, ज्ञानचर्चा आदि गरेँ तर चित्तबुझ्दो ज्ञान भेटिएन। सबैको उही मनगढन्ते तथा सतही ज्ञान नै हुन्थ्यो। केही समय मीठो स्वर र धुनमा लट्ठ परिन्थ्यो, फेरि उस्तै। म कैयौं पटक कुमार स्वामी जीको शिविरमा पनि गएँ तर कुनै लाभ भएन। जहाँ गए पनि निराशा नै हात लाग्यो। न शारीरिक कष्टको निवारण हुन्थ्यो न त मनभित्रका परमात्माप्रतिका जिज्ञासा नै मेटिन्थ्यो। कैयौं गुरूहरूको चक्करमा परेर समय र पैसा नाश गरियो तर मनले चिताएको सही भक्ति साधना कतै पाइएन।

मनमा परमात्मा प्राप्तिको व्याकुलता र अशान्ति बढ्न थाल्यो। शरीरलाई ब्लडप्रेशर, दम, हाइटस हर्निया, पायल्स जस्ता रोगहरूले आक्रान्त पार्न थाल्यो। दमका कारण कतै हिंडडुल गर्न, घरमै तल माथि गर्न सकस थियो। मुख्यतयाः हाइटस हर्नियाले म साह्रै ग्रसित थिएँ। काठमाण्डौको KMC अस्पतालमा देखाउँदा शल्यक्रियाको विकल्प दिएको थियो तर उमेरका कारण शल्यक्रिया खतरापूर्ण रहेकाले सम्भव भएन, यसको बदलामा सधैं औषधि खानु पर्ने भयो। मेरो मन र मस्तिष्कमा अशान्ति बढ्दै जान थाल्यो तर परमात्माको खोजी भने जारी नै थियो।

हुन त मैले ज्ञान गङ्गा पुस्तक करिब ६ वर्ष अगाडि सुर्खेतमा डाइरेक्टर पदमा रहँदा नै पाएको थिएँ। बेला बेलामा सन्त रामपाल जी महाराजका सत्सङ्ग पनि टेलिभिजनमा झ्यलाक झुलुक्क हेर्ने गर्थें तर किन हो किन हेर्ने बेलामा निद्रा लाग्थ्यो। अनि तत्काल टी. भी. को च्यानल चेन्ज गरि हाल्थें।

सन् २०१७ मा म र मेरी श्रीमती छोरा बुहारीलाइ भेट्न तथा नयाँ ठाउँ घुम्ने उद्देश्यले करिब एक वर्षका लागि अष्ट्रेलिया गएका थियौं। त्यहाँ गएको २ महिना नबित्दै मनमा उकुसमुकुस हुन थाल्यो। मलाई बस्नै मन लागेन र म आफ्नी श्रीमतीलाई अष्ट्रेलियामै छोरा बुहारीसँग छोडेर नेपाल फर्कें।

नेपाल फर्केको केही दिनमै परमात्माले ममाथि ठूलो कृपा गर्नु भयो। एकदिन टी. भी. को च्यानल चेन्ज गर्ने क्रममा सन्त रामपाल जी महाराजका बारेमा कुनै भक्तले दिदै गरेको अन्तर्वाता हेर्ने मौका मिल्यो । उक्त अन्तर्वाता हेरेपछि मनमा फेरि व्यग्रता बढ्न थाल्यो। त्यसपछि एक पछि अर्को अन्तर्वाता Youtube मा हेर्न थालें। सत्सङ्गहरू पनि हेर्दै गएँ। वहाँका सद्वचन तथा सद्ज्ञानले मलाई आकर्षित गर्न थाल्यो। वहाँका ज्ञान

शास्त्रसम्मत हुन्थे। वहाँ चारै वेद, पवित्र शास्त्र गीता, कुरान, बाईबल तथा अन्य थुप्रै पुराण आदि शास्त्रहरूका आधारमा प्रत्यक्ष प्रमाण देखाएर तत्वज्ञान सम्झाउनु हुन्थ्यो। विस्तार मेरो मनमा भएका जिज्ञासाहरू मेटिदै गयो र परमात्मा प्राप्तिको तडप बढ्दै जान थाल्यो। नाम दीक्षा लिन मनमा छटपटी बढ्न थाल्यो र एक हप्ता भित्रै मैले सन् २०१७ मा अगस्त २५ तारीखमा परमात्माको नाम दीक्षा लिएर भक्ती साधना गर्न थालें।

जगत गुरू सन्त रामपाल जी महाराजबाट नामदीक्षा लिएर पूर्ण मर्यादामा रही विश्वासका साथ भक्ति साधना र मन्त्र जाप गर्न थालेपछि आत्मिक आनन्दको अनुभव गर्न थालें। मनमा ठूलो शान्ति महशुस हुन थाल्यो। मुख्य रूपमा त ८४ लाख योनीहरूबाट मुक्त भई पूर्ण मोक्षको मार्ग प्राप्त भएकोमा म पूर्ण सन्तुष्ट भएँ। यसका साथै सारा शारीरिक कष्टहरूको निवारण भयो। अहिले ममा हाइटस हर्नियाको कुनै लक्षण छैन। डाक्टरलाई फेरि गएर देखाउँदा डाक्टर आफै अचम्ममा परे किनकि ममा हाइटस हर्निया रोगको कुनै सङ्केत नै थिएन। यस बाहेक अन्यरोग पनि हराएर गए, पायल्स ८०% ठीक भइ सकेको छ। ब्लडप्रेशर सामान्य छ। जीवन बडो आनन्दपूर्वक व्यतित भइ रहेको छ। मनमा आइ रहने ससाना कुराहरूको डर र त्रास पनि हराउन थाल्यो। एक किसिमले ममा कुनै पनि अवस्थामा ढुक्क भएर बस्न सक्ने क्षमता वृद्धि भयो। परमात्मा पाएपछि कुनै कुराको चिन्ता नै लाग्न छोड्यो, सिवाय सतलोक प्राप्ति र जन्म-मृत्युको चक्रबाट मुक्ति। न शारीरिक कष्ट न मानसिक तनाव, सबै हराए। मेरो वर्षौंदेखिको परमात्मा प्राप्तिको सपना पूरा भएको मलाई आभास हुन्छ। यो सुअवसर प्रदान गर्नु भएकोमा सद्गुरू तत्वदर्शी सन्त रामपाल जी महाराजप्रति कोटी कोटी दण्दवत् प्रणाम।

वास्तवमा विश्व ब्रह्माण्डमा नै तत्वदर्शी सन्त रामपाल जी महाराज जस्ता दयावान एवं ज्ञानी सन्त र कबीर साहेब जस्ता दया र करूणाका सागर परमात्मा पाउनु हाम्रो अहोभाग्य हो। त्यसैले म सम्पूर्ण दिदीबहिनी तथा दाजुभाइहरूलाई जगतगुरू तत्वदर्शी सन्त रामपाल जीको शरणमा आई यस अनमोल तथा पूर्ण मोक्षदायक भक्ति मार्ग अविलम्ब प्राप्त गरी आफ्नो तथा आफ्नो परिवारको कल्याण गराउनु होस् भनी विनम्र अनुरोध गर्न चाहन्छु। सत साहेब !

भक्त प्रमोद कुमार दास
मोबाइल नं ९८५११९१६६५

## परमात्माको दयाले जीवको कल्याण सम्भव

म रमेश दास वर्ष ६१ जन्मस्थान सिन्धुलीगढी, खनियाखर्क हाल महाराजगञ्ज- ३ काठमाडौं नेपालको स्थायी बासिन्दा हूँ। पेशाले म सिभिल इन्जिनियर हूँ। सोभियत संघबाट सिभिल इन्जिनयरिङ विद्यामा सन् १९८८ मा मास्टर डिग्री गरेपछि सुरू का ४/५ वर्ष सरकारी सेवामा कार्यरत रहें। त्यसपछि सरकारी सेवा छोडेर प्राइभेट कम्पनी खोली रिपेयर, रेट्रोफिटिंग तथा कन्स्ट्रकसन इन्जिनियरिङको कार्य गर्न थालैं, जुन हालसम्म नै कायम छ। विगतको विद्यार्थी काल र पेसागत सेवाको सुरूको आठ दश वर्षले मेरो

जीवनलाई कट्टर नास्तिकताबाट कट्टर आस्तिकताको १८० डिग्रीको मोड दिलायो। यहीबाट मेरो जीवनमा परमात्मा प्राप्तिको तीव्र अभिलाषा प्रकट भयो। ओशोधारा का सुरूमा ९/९ दिनका र पछि ६/६ दिनका २१ वटा समाधि कार्यक्रमहरू मध्ये १४ वर्षमा १४ तलका साधना सम्पन्न गरी ध्यान धारण र समाधिका माध्यमबाट परमात्मा प्राप्त गर्ने निरन्तर खोजीमा लागि नै रहें। यस बीचमा साक्षी भावको माध्यमबाट शून्यतामा प्रवेश गरी अन्तर नाद (सुरती) र अन्तर नुर (निरती) को विचार शून्य जागरणमा स्थिर हुने निरन्तर अभ्यासबाट थुप्रै अनुभवहरू नभएको भने होइन। ओशोलाई अत्यन्त सम्मानका साथ आदर्श पुरूष (परम गुरू) मान्थेँ।

यसैबीचमा अन्तर यात्राको गतिलाई तीव्रता मिल्ने विश्वासमा डाक्टर नारायण दत्त श्रीमाली (निखिलेश्वरानन्द) जीको तान्त्रिक मार्ग (तन्त्र, मन्त्र र यन्त्रको माध्यमबाट) सिद्धाश्रम साधक परिवारमा पनि दीक्षित हुन पुगेँ। यस भक्ति मार्ग अन्तर्गत पूर्ण परमात्मा प्राप्त नहुञ्जेलको अन्तिम चार वर्ष बडो कसकका साथ तान्त्रिक, मान्त्रिक र यान्त्रिक भक्ति विधिअनुसार सम्भव भएसम्म पूर्ण परमात्माको प्राप्ति हेतु आयोजित कुनै पनि कार्यक्रमबाट आफूलाई वञ्चित राखिनँ। परमात्मा प्राप्त नहुञ्जेल अन्तिम चार वर्ष मैले ओशोको साक्षी भावको होसयुक्त ध्यानको भक्ति मार्ग र निखिलेश्वरको तान्त्रिक भक्ति मार्ग यी दुवैलाई बहुत कसकका साथ समानान्तर रूपले अवलम्बन गरी नै रहें। त्यसबेला मेरो जीवनको अन्तिम लक्ष्य परमात्मा प्राप्त गर्नु बाहेक अरू केही पनि थिएन। जब कुनै बेला आफूलाई एकान्त प्राप्त हुन्थ्यो मेरो अन्तरआत्मामा पुकार छुट्थ्यो "हे एक मात्र परमात्मा ! तिमी को हौ ? के हौ ? कहाँ छौ ? मलाई केही पनि थाहा छैन। मलाई यति मात्र थाहा छ कि तिमी जे हौ, जहाँ छौ, अनन्त छौ। यस मानेमा तिमी मेरो लागि अनन्तेश्वर हौ। हे अनन्तेश्वर ! भो मलाई पुग्यो यो जीवन र जगतको कहिले नसकिने अनन्त यात्रा"। म फर्कन चाहन्छु आफ्नै परमात्माको संसारमा जहाँबाट यो चोलाले यस जगतमा फेरि कहिल्यै आउनु नपरोस। हे अनन्तेश्वर ! मलाई आफैमा एकाकार गर !! यस्तो भाव दासमा बलिन्द्र रोदनका साथ अन्तरआत्माबाट चिच्याहट छुट्थ्यो। आफ्नो अगाडि जसको प्रतिमा भएपनि म मात्र अनन्तका अनन्तेश्वरको रूपमा देख्दथेँ।

यसरी १४ साल पूर्ण कसकका साथ भक्ति गर्दागर्दै पनि म भित्र गुन्जि रहेका केही बुनियादी प्रश्नहरू थिए, जसको उत्तर कतैबाट पनि पाइ रहेको थिइनँ। यसबाट भित्रभित्र असाध्यै दुःखी र खिन्न पनि थिएँ। ती प्रश्नहरू थिएः- यदि परमात्मा एक मात्र छन् भने फेरि हिन्दू, मुस्लिम, सिख, ईसाई आदिमा बटवारा किन ? उनीहरूमा बिल्कुल फरक फरक धार्मिक मान्यता किन ? हिन्दूहरू बिचै पनि कहीँ ब्रह्मा ठूला, कहीँ विष्णु त ठूला कहीँ शिव जी किन ? उहाँहरू बारे फरक फरक शास्त्रमा परस्पर विरोधाभासपूर्ण शास्त्रीय वर्णन किन ?

यसै बीच सन् २०१३ को सेप्टेम्बर महिना तिरको कुरा हो मेरो नजर एक्कासी भक्तिदर्शन टी. भी. च्यानलको रामपाल जी महाराजको सत्सङ्गको कार्यक्रममा पऱ्यो, जसमा महाराज जी ब्रह्मा विष्णु शिव अजर अमर नभएको र उहाँहरूको माता दुर्गा र

पिता काल ब्रह्म (ज्योति निरञ्जन) भएको जिकिर गरि रहनु भएको थियो। मलाई पहिलो पटक उहाँको प्रवचनले बिल्कुलै अचम्भित तुल्यायो। त्यसपछि मैले उहाँलाई निरन्तर कार्यक्रमहरूमा पछ्याई रहैँ र बिस्तारै मेरो पुरानो आध्यात्मिक विश्वासको मान्यताको धरोहर भताभुङ्ग हुँदै गयो। मभित्र समाधान नभएका बुनियादी प्रश्नको जवाफ पनि महाराज जी को सत्सङ्गमा फेला पारि सकेको थिएँ, जसबाट म खुसीले गदगद हुँदै गएँ। फेरि काठमाडौ को सम्पर्क नं बाट ज्ञान गंगा पुस्तक मगाएर अध्ययन गरैँ। अब मलाई विगतको १४ वर्ष व्यर्थको आन उपासनामा बर्बाद भएको महसुश भयो र बिना उपदेश त्यसै रहन एक एक दिन असाध्यै भारी लाग्न थाल्यो। यही व्याकुलताको बीच सन् २०१३ डिसेम्बर २१ का दिन भारतको हरियाणा राज्य स्थित बरबाला गएर बन्दि छोड़ सद्गुरु रामपाल जी महाराज जीबाट नामदीक्षा ग्रहण गरैँ। त्यस पश्चात् शुरूका दिनहरु लगायत पूरै साल मेरो काल प्रभावमा पारिवारिक विद्रोहमा निकै मुश्किलका साथ व्यतित भए। तर शास्त्र अनुकुलको परमात्माको मर्यादित भक्ति साधना अविचलित रुपमा गर्दै जाँदा परमात्माको असीम दया प्राप्त रह्यो र सबै अवरोधहरूलाई मालिकको दयाले सहजताका साथ पार गर्न सफल भएँ।

सद्भक्ति प्राप्त गरेपछिका फाइदाहरू :- सबैभन्दा ठूलो फाइदा त अनन्तकाल देखि भड्किएको मेरो आत्माले पूर्ण शान्ति पाएको छ। जन्म र मरणको निरन्तर दुष्चक्रबाट छुटकारा पाई पूर्ण मोक्ष सुनिश्चित भएको छ। यसबाट अन्तरआत्मा देखि नै खुसीले गदगद छु। यसका अलावा १४ साल काल भक्तिमा रहँदा मेरो स्वास्थ्य साह्रै खराब थियो। विगत २५ वर्षदेखि नै हाई ब्लडप्रेसरको रोगी थिएँ। खानपिनमा असाध्यै कन्ट्रोल गर्नु पर्थ्यो। जब शास्त्रसम्मत तत्वज्ञानमा आधारित भक्ति मार्गमा जोडिएपछि यी सबै शारीरिक व्याधीहरूबाट बिल्कुलै मुक्त छु। खानपिनमा पनि कुनै परहेज गरेको छैन। स्वस्थ र तन्दुरूस्त छु। यो बाहेक आफ्नो व्यवसायिक कार्यमा पहिले सधैं तनाव रहनु पर्थ्यो। भनेजस्तो कमाइ पनि थिएन। अहिले कुनै पनि तनाव छैन। व्यवसायिक लाभहरू दिनानुदिन स्वयं अभिवृद्धि भइ रहेको छ। बन्दी छोडको कृपाले नसोचेको आय आर्जनका ढोकाहरु दिनानुदिन खुल्दै गइ रहेका छन्।

अन्तमा पाठक वर्गहरूमा मेरो निवेदन यो छ कि वर्तमानमा यस संसारमा शास्त्रसम्मत भक्ति ज्ञान केवल सदगुरू रामपाल जी महाराजसँग मात्र छ। यसका अलावा संसारमा अन्य जत्ति पनि गुरूहरु छन् ती सबै शास्त्र प्रतिकूल ज्ञानहरू मात्र पस्कि रहेका छन्, जसबाट जीवको उन्नति सुस्वास्थ्य र पूर्ण मोक्ष बिल्कुल असम्भव छ। तसर्थ सम्पूर्ण पाठक वृन्द यहाँहरूलाई यो दासको करबद्ध प्रार्थना छ– आउनु होस् आन उपसनालाई त्यागेर बन्दी छोड सदगुरू रामपाल जी माहाराजको तत्वज्ञानमा आधारित भक्ति साधनामा आवद्ध भई आफ्नो आत्मकल्याण गराउनु होस्। सत् साहेब।

रमेश दास (सापकोटा) +९७७- ९८५१०२६२१५

**ओ३म्**

**सच्चिदानन्दायेश्वराय नमो नमः**

# भूमिका

सत्यार्थप्रकाश को दूसरी बार शुद्ध करके छपवाया है क्योंकि जिस समय मैंने यह ग्रन्थ '**सत्यार्थप्रकाश**' बनाया था, उस समय और उससे पूर्व संस्कृतभाषण करना, पठन–पाठन में संस्कृत ही बोलने और जन्मभूमि की भाषा गुजराती थी, इत्यादि कारणों से मुझ को इस भाषा का विशेष परिज्ञान न था। अब इसको अच्छे प्रकार भाषा के व्याकरणानुसार जानकर अभ्यास भी कर लिया है, इस समय इसकी भाषा पूर्व से उत्तम हुई है। कहीं–कहीं शब्द वाक्य रचना का भेद हुआ है, वह करना उचित था, क्योंकि उसके भेद किए बिना भाषा की परिपाटी सुधरनी कठिन थी, परन्तु अर्थ का भेद नहीं किया गया है, प्रत्युत विशेष तो लिखा गया है। हाँ, जो प्रथम छपने में कहीं–कहीं भूल रही थी, वह वह निकाल शोधकर ठीक–ठीक करदी गई है।

यह ग्रन्थ १४ समुल्लास अर्थात् चौदह विभागों में रचित हुआ है। इसमें १० दश समुल्लास पूर्वार्द्ध और चार उत्तरार्द्ध में बने हैं, परन्तु अन्त्य के दो समुल्लास और पश्चात् स्वसिद्धान्त किसी कारण से प्रथम नहीं छप सके थे, अब वे भी छपवा दिये हैं।

१२ **सत्यार्थप्रकाशः**

यद्यपि इस ग्रन्थ को देखकर अविद्वान् लोग अन्यथा ही विचारेंगे, तथापि बुद्धिमान् लोग यथायोग्य इसका अभिप्राय समझेंगे, इसलिए मैं अपने परिश्रम को सफल समझता हूं और अपना अभिप्राय सब सज्जनों के सामने धरता हूं। इसको देख दिखला के मेरे श्रम को सफल करें और इसी प्रकार पक्षपात न करके सत्यार्थ का प्रकाश करना मुझ वा सब महाशयों का मुख्य कर्त्तव्य कर्म है।

सर्वात्मा सर्वान्तर्यामी सच्चिदानन्द परमात्मा अपनी कृपा से इस आशय को विस्तृत और चिरस्थायी करे।

**।। अलमतिविस्तरेण बुद्धिमद्वरशिरोमणिषु ।।**

**।। इति भूमिका ।।**

स्थान महाराणाजी का उदयपुर **(स्वामी) दयानन्द सरस्वती**

**भाद्रपद सम्वत् १९३९**

यो फोटोकपी सत्यार्थ प्रकाशको भूमिका सम्बन्धी विवरण हो।

शङ्का समाधान १.

केही विरोधी व्यक्तिहरु जो महर्षि दयानन्दको सारहिन महिमा सुनाएर तथा उनीद्वारा रचिएको पुस्तक "सत्यार्थ प्रकाश" बेचेर जीवन निर्वाह गर्थे। उनीहरु ज्ञान गंगा पुस्तकको शास्त्रार्थ विषय नामक अध्यायमा लेखिएको महर्षि दयानन्द सन् १८८२ (संवत् १९३९) सम्म संस्कृतमा भाषण दिन्थे भन्ने कुरा उचित होइन भन्छन् किनकि पहिलो पटक सन् १८७४ (संवत् १९३१) मा लेखिएको 'सत्यार्थ प्रकाश' को भूमिकामा महर्षि दयानन्द स्वयम्ले यस अघि संस्कृतमा भाषण दिन्थे पछि हिन्दी भाषा पनि जाने भनेर स्पष्ट रूपमा लेखिएको छ।

शङ्का समाधान

माथिको फोटोकपी सत्यार्थ प्रकाशसँग सन्बन्धित विवरणको हो। जसमा महर्षि दयानन्दद्वारा जतिखेर सत्यार्थ प्रकाश लेखियो त्यस समयमा मलाई हिन्दी भाषाको विशेष ज्ञान थिएन भनेर स्पष्ट पारेका छन्। अर्थात् संवत् १९३९ (सन् १८८२) मा उदयपुरमा (स्थान महाराणा जीको दयपुर) भाद्र महिना (संवत् १९३९, सन् १८८२) मा दोस्रो पटक छापियो, तबसम्म महर्षि जीमा हिन्दी भाषाको विशेष ज्ञान थिएन। सन् १८८२ मा विशेष ज्ञान भएपछि 'सत्यार्थ प्रकाश' लाई शुद्ध गरेर प्रकाशन गरे। यसबाट पनि महर्षि दयानन्द जी सन् १८८२ (संवत् १९३९) सम्म संस्कृत भाषामा शास्त्रार्थ गर्थे भन्ने तथ्य सिद्ध हुन्छ।

दोस्रो कारण

दुई विद्वान आपसमा शास्त्रार्थ गर्दा संस्कृत भाषामा गर्दथे किनकि सम्पूर्ण शास्त्र संस्कृत भाषामा लेखिएका थिए। तिनको अनुवाद हिन्दी भाषामा महर्षि दयानन्दले गर्नै सक्दैनथे। यो तथ्य उनी स्वयम्ले सन् १८८२ (संवत् १९३९) सम्म मलाई हिन्दी भाषाको विशेष ज्ञान थिएन भनेर स्वीकारेका छन्। सन् १८८३ (संवत् १९४०) मा महर्षि जीको मृत्यु भयो। यसबाट महर्षि दयानन्द सन् १८८२ (संवत १९३९) सम्म संस्कृत भाषामा नै शास्त्र गर्दथे तर उनीहरूको हारजितको निर्णय संस्कृत भाषासँग अपरिचित श्रोताहरूले गर्ने गर्थे, जसले गर्दा दयानन्द जस्ता व्यक्ति महर्षिको रूपमा चिनिंदै गए भन्ने तथ्य सिद्ध हुन्छ।

महर्षि दयानन्द तथा कृष्णानन्दको शास्त्रार्थमा कृष्णानन्द जीको पक्ष दृढ अर्थात् बलियो थियो। जसमा कृष्णानन्दले श्रीमद्भगवत गीता अध्याय ४ श्लोक ७ को प्रमाण दिएर परमात्मा साकार छन् भन्ने कुरा सिद्ध गरेका थिए। "यदा, यदा, हि, धर्मस्य, ग्लानिः भवति, भारतः ........" यसको अर्थ गीताप्रेस गोरखपुरबाट प्रकाशित श्रीमद्भगवत गीतामा यस प्रकार लेखिएको छ- हे भारत ! जब-जब धर्मको हानी र अधर्मको वृद्धि हुन्छ तब-तब म आफ्नो रूपको रचना गर्छु अर्थात् साकार रूपले जनसामु प्रकट हुन्छु।

ध्यान रहोस् महर्षि दयानन्दद्वारा विषय बदलेर संस्कृत बोलेकाले संस्कृत भाषासँग अपरिचित श्रोताहरूले आफ्नो हाँसोले वेद ज्ञानहीन दयानन्दलाई विजयी घोषित गरि दिए। महर्षि दयानन्द यसरी विजेता भए जसरी एक जमिन्दारको पुत्र सात कक्षामा पढ्थ्यो .............. बाँकी वर्णन कृपया यसै पुस्तकको पृष्ठ सङ्ख्या २६३ पढ्नु होस्।